# महालेखापरीक्षकको पचपन्नौं वार्षिक प्रतिवेदनसँग सम्बन्धित

# स्थानीय तह लेखापरीक्षण प्रतिवेदन, २०७४

# प्रदेश नं.४




महालेखा परीक्षकको कार्यालय
बबरमहल, काठमाडौं
नेपाल

# प्राक्कथन

नेपालको संविधान, २०७२ को धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । साविकमा स्थानीय निकायको लेखापरीक्षण स्थानीय निकायबाटै नियुक्त दर्तावाल लेखापरीक्षकबाट हुँदै आएको थियो । स्थानीय निकाय स्थानीय तहमा रुपान्तरण भएपश्चात उक्त तहको आर्थिक वर्ष २०७३।७४ को आर्थिक कारोबारको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट सम्पन्न गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षणको मुख्य आधार नेपालको संविधान, लेखापरीक्षण ऐन, लेखापरीक्षण नीति, मानदण्ड, लेखापरीक्षण निर्देशिका तथा लेखापरीक्षण मार्ग निर्देशन आदि रहेका छन् । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको प्रभावकारीता मूल्याङ्कन गर्नु रहेको छ । लेखापरीक्षणबाट मुख्यतः स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको मूल उद्देश्य हो ।

स्थानीय निकाय लामो समयसम्म जनप्रतिनिधि बिहिन रहेकोमा हाल जनप्रतिनिधिहरुबाट स्थानीय तह सञ्चालन भएपश्चात स्थानीय तहबाटै सबै अधिकार उपयोग गर्न पाउने अवसर सिर्जना भएको छ । स्थानीय तहमा शिक्षा, स्वास्थ्य, खानेपानी लगायत विकास निर्माणको क्षेत्रमा रहेका असिमित आवश्यकताहरु सीमित स्रोत र साधनको मितव्ययी एवं कुशलतापूर्वक उपयोग गरी पुरा गर्नुपर्ने चुनौति रहेको छ । लेखापरीक्षणबाट जिम्मेवारी, जवाफदेहिता र पारदर्शीता कायम गर्न सहयोग गर्ने छ भन्ने विश्वास लिइएको छ ।

आर्थिक कारोबारको स्वतन्त्र लेखापरीक्षणले स्रोत प्राप्ती र उपयोगको सम्बन्धमा भएका कमी कमजोरी आफ्नो प्रतिवेदन मार्फत उजागर गर्दछ । उक्त प्रतिवेदन सबै सरोकारवालाहरु समक्ष सहज पहुँचलाई ध्यानमा राखी यो प्रकाशन गरिएको छ । महालेखा परीक्षकबाट स्थानीय तहको लेखापरीक्षण पहिलो पटक शुरु गरिंदा स्रोत साधनको सीमितता, सूचना एवं तथ्याङ्कको न्यून उपलब्धता, समयको सीमितता आदिको बावजुद २०७४ आषाढ मसान्तमा कायम ८५ स्थानीय तहको लेखापरीक्षण सम्पन्न भएको छ ।

स्थानीय तहको लेखापरीक्षण व्यवस्थापन सम्बन्धमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका पदाधिकारीहरुसँग पटक पटक छलफल गरिएको, स्थानीय तह लेखापरीक्षण निर्देशिका स्वीकृत गरी लागू गरिएको, थप जनशक्तिको रुपमा चाटर्डएकाउण्टेण्ट र दर्तावाल लेखापरीक्षक नियुक्त गरिएको, कर्मचारीहरुलाई प्रशिक्षण समेत दिइएको थियो । सीमित समय र जनशक्तिबाट सबै स्थानीय तहको लेखापरीक्षण सम्पन्न गर्न जोखिममा आधारित लेखापरीक्षण योजना बमोजिम लेखापरीक्षण सम्पन्न गरिएको थियो । प्रारम्भिक प्रतिवेदन सबै स्थानीय तहलाई उपलब्ध गराइएकोमा सो उपर ३५ दिनभित्र जवाफ, प्रतिक्रिया प्राप्त भएकोमा सो आधारमा मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी हरेक स्थानीय तहलाई राय सहितको प्रतिवेदन समेत उपलब्ध गराइएको छ ।

स्थानीय तहको लेखापरीक्षण सम्पन्न गर्न सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । त्यस्तै लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु पनि धन्यवादका पात्र रहेका छन् । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गरिएको छ ।

(टंकमणि शर्मा दंगाल)
महालेखा परीक्षक

# स्थानीय तहको लेखापरीक्षण

## प्रदेश नं.४

१. **स्थानीय तह** - यस प्रदेशमा महानगरपालिका १, नगरपालिका २६, गाउँपालिका ५८ रहेका छन् । सबै स्थानीय तहको लेखापरीक्षण सम्पन्न भएको छ ।

२. **लेखापरीक्षण** - प्राप्त आर्थिक विवरण अनुसार यस प्रदेशका स्थानीय तहको रु.१७ अर्ब ६४ करोड ४५ लाख ८६ हजारको लेखापरीक्षण गरिएको छ । विस्तृत विवरण अनुसूची-१ मा उल्लेख गरिएको छ ।

३. **जिम्मेवारी र जवाफदेहिता** - वित्तीय विवरण उपरको जिम्मेवारी र जवाफदेहिता सम्बन्धित स्थानीय तहको हो भने सो वित्तीय विवरण उपर राय सहितको प्रतिवेदन जारी गर्ने जिम्मेवारी लेखापरीक्षकको हो ।

४. **बेरुजू** - प्रदेश स्थित ८५ स्थानीय तहको लेखापरीक्षणबाट रु.९० करोड ४५ लाख ९० बेरुजू देखिएको मध्ये ३५ दिनभित्र प्राप्त जवाफ तथा प्रमाणको आधारमा रु.१ करोड ४९ लाख १० हजार फछ्र्यौट भई रु.८८ करोड ९६ लाख ८० हजार बाँकी रहेको छ । बाँकी बेरुजूमध्ये असुल उपर गर्नुपर्ने रु.८ करोड ४१ लाख ८३ हजार, अनियमित/प्रमाण पेश गर्नुपर्ने रु.४० करोड ४८ लाख ९ हजार र पेश्की रु.४० करोड ६ लाख ८८ हजार रहेको छ । उक्त बेरुजू लेखापरीक्षण अङ्कको (औषतमा ५.०४ प्रतिशत) रहेको छ । विस्तृत विवरण अनुसूची-२ मा छ ।

५. **लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरु** - लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरुमा जिम्मेवारी नसारेको, सम्पत्ति हस्तान्तरण नगरेको, अभिलेख नराखेको, पेश्की फछ्र्यौट नगरेको, बढी भुक्तानी गरेको, बिल भरपाई संलग्न नगरेको, परिषद्को स्वीकृत बेगर योजना सञ्चालन गरेको, अग्रिम कर कट्टा नगरेको, प्रतिवेदन पेश नगरेको, उपभोक्ता समितिबाट कार्य गराउँदा नियमको पालना नगरेको, अनुगमन मूल्याङ्कन कमजोर रहेको, सेवा प्रवाह प्रभावकारी नरहेको, योजना अधुरो रहेको, प्राथमिकता निर्धारण नगरेको, लक्षित समूह कार्यक्रम सञ्चालन नगरेको, फ्रिज गर्नुपर्ने रकम फ्रिज नगरेको आदि रहेका छन् ।

६. **बेरुजू फछ्र्यौट विधि** - लेखापरीक्षण प्रतिवेदन प्राप्त हुनासाथ स्थानीय तहका कार्यालयले बेरुजूको व्यहोराको लगत खडा गर्नुपर्दछ । यस्तो लगतमा परेका बेरुजूमध्ये असुल उपर गर्नुपर्ने रकम असुल गरी स्थानीय सञ्चित कोष वा बेरुजू खातामा दाखिला गर्नुपर्ने, नियमित गर्नुपर्ने बेरुजूहरु नियमित गर्ने अधिकार प्राप्त अधिकारी वा स्थानीय तहको परिषद्बाट नियमित गर्नुपर्ने, प्रमाण पेश गर्नुपर्ने बेरुजू आवश्यक प्रमाण राखी फछ्र्यौट गर्नुपर्ने र पेश्की बाँकी बेरुजूको फाँटवारी लिई बेरुजू फछ्र्यौट गर्ने जिम्मेवारी स्थानीय तहको कार्यपालिकाको हुनेछ । बेरुजूको लगत अद्यावधिक गरी बेरुजू फछ्र्यौट पश्चात कानूनबमोजिम सम्परीक्षण गराउनु पर्नेछ ।

७. **सुझाव** - स्रोत प्राप्ती तथा उपयोग सम्बन्धमा प्रचलित ऐन, कानूनको पालना गरी बेरुजू नै आउन नदिनु कार्यालयले पहिलो कर्तव्य हो । लेखापरीक्षणको समयमा कुनै कागजात प्रस्तुत गर्न नसकेको कारणबाट बेरुजू देखिएमा ३५ दिनभित्र जवाफ/प्रमाण पेश गरी बेरुजू फछ्र्यौट गराउनु पर्दछ । उक्त अवधिमा समेत फछ्र्यौट हुन नसकेको बेरुजू एक वर्षभित्र असुल उपर वा नियमित वा प्रमाण पेश गरी वा पेश्की फछ्र्यौट गरी बेरुजू राफसाफ गर्ने कार्य सम्बन्धित स्थानीय तहले गर्नुपर्ने देखिन्छ ।

| | विषय सूची | |
|---|---|---|
| **१.** | **गोरखा जिल्ला** | **पेज नं.** |


| | | |
|---|---|---|
| १.१. | गोरखा नगरपालिका | १ |
| १.२. | पालुङटार नगरपालिका | ३ |
| १.३. | सुलीकोट गाउँपालिका | ६ |
| १.४. | सिरानचोक गाउँपालिका | ८ |
| १.५. | अजिरकोट गाउँपालिका | ९ |
| १.६. | आरूघाट गाउँपालिका | १० |
| १.७. | गण्डकी गाउँपालिका | ११ |
| १.८. | चुमनुव्री गाउँपालिका | १२ |
| १.९. | धार्चे गाउँपालिका | १३ |
| १.१०. | भिमसेन गाउँपालिका | १५ |
| १.११. | शहिद लखन गाउँपालिका | १७ |
| **२.** | **लमजुङ जिल्ला** | |
| २.१. | बेशिशहर नगरपालिका | १८ |
| २.२. | मध्यनेपाल नगरपालिका | २० |
| २.३. | राईनास नगरपालिका | २२ |
| २.४. | सुन्दर बजार नगरपालिका | २३ |
| २.५. | क्व्होलासोथार गाउँपालिका | २५ |
| २.६. | दुध पोखरी गाउँपालिका | २६ |
| २.७. | दोर्दी गाउँपालिका | २७ |
| २.८. | मर्स्याङ्गदी गाउँपालिका | ३० |
| **३.** | **तनहुँ जिल्ला** | |
| ३.१. | भानु नगरपालिका | ३१ |
| ३.२. | भिमाद नगरपालिका | ३३ |
| ३.३. | व्यास नगरपालिका | ३५ |
| ३.४. | शुक्ला गण्डकी नगरपालिका | ३८ |
| ३.५. | आँबु खैरेनी गाउँपालिका | ४० |
| ३.६. | ऋृसिङ्ग गाउँपालिका | ४२ |

| | | |
|---|---|---|
| ३.७. | घिरिङ्ग गाउँपालिका | ४४ |
| ३.८. | देवघाट गाउँपालिका | ४६ |
| ३.९. | म्याग्दे गाउँपालिका | ४८ |
| ३.१०. | बन्दिपुर गा.पा | ४९ |
| **४.** | **स्याङ्गजा जिल्ला** | |
| ४.१. | गल्याङ नगरपालिका | ५२ |
| ४.२ | चापाकोट नगरपालिका | ५६ |
| ४.३ | पुतलीबजार नगरपालिका | ६२ |
| ४.४ | भीरकोट नगरपालिका | ६५ |
| ४.५ | वालिङ नगरपालिका | ६८ |
| ४.६ | अर्जुनचौपारी गाउँपालिका | ७२ |
| ४.७ | आँधिखोला गाउँपालिका | ७६ |
| ४.८ | कालीगण्डकी गाउँपालिका | ८१ |
| ४.९ | फेदीखोला गाउँपालिका | ८३ |
| ४.१ | बिरुवा गाउँपालिका | ८६ |
| ४.११ | हरिनास गाउँपालिका | ८९ |
| **५.** | **कास्की जिल्ला** | |
| ५.१. | पोखरा लेखनाथ महानगरपालिका | ९१ |
| ५.२. | अन्नपूर्ण गाउँपालिका | १०८ |
| ५.३. | माछापुछ्रे गाउँपालिका | ११० |
| ५.४. | मादी गाउँपालिका | ११४ |
| ५.५. | रूपा गाउँपालिका | ११६ |
| **६.** | **मनाङ्ग जिल्ला** | |
| ६.१. | चामे गाउँपालिका | ११९ |
| ६.२. | नारफु गाउँपालिका | १२१ |
| ६.३. | नाशोङ गाउँपालिका | १२३ |
| ६.४. | नेश्याङ गाउँपालिका | १२४ |
| **७.** | **मुस्ताङ्ग जिल्ला** | |
| ७.१. | घरपजोङ. गाउपालिका | १२६ |

| | | |
|---|---|---|
| ७.२. | थासाङ  गाउपालिका | १२९ |
| ७.३. | दालोमे  गाउपालिका | १३२ |
| ७.४. | लोमान्थाङ  गाउपालिका | १३४ |
| ७.५. | बाह्रगाउ मुक्तिक्षेत्र गाउपालिका | १३६ |
| **८.** | **म्याग्दी जिल्ला** | |
| ८.१. | बेनी नगरपालिका | १३८ |
| ८.२. | अन्नपूर्ण गाउँपालिका | १३९ |
| ८.३. | धवलागिरी गाउँपालिका | १४१ |
| ८.४. | मंगला गाउँपालिका | १४२ |
| ८.५. | मालिका गाउँपालिका | १४३ |
| ८.६. | रघुगंगा गाउँपालिका | १४५ |
| **९.** | **पर्वत जिल्ला** | |
| ९.१. | कुश्मा नगरपालिका | १४६ |
| ९.२ | फलेवास नगरपालिका | १४९ |
| ९.३. | जलजला गाउँपालिका | १५१ |
| ९.४. | पैयु गाउँपालिका | १५३ |
| ९.५. | महाशिला गाउँपालिका | १५५ |
| ९.६. | मोदि गाउँपालिका | १५६ |
| ९.७. | बिहादी गाउँपालिका | १५८ |
| १० | **बाग्लुङ्ग जिल्ला** | |
| १०.१ | बाग्लुङ  नगरपालिका | १६० |
| १०.२ | गलकोट  नगरपालिका | १६९ |
| १०.३ | जैमिनि  नगरपालिका | १७० |
| १०.४ | ढोरपाटन  नगरपालिका | १७२ |
| १०.५ | बरेङ  गाउंपालिका | १७३ |
| १०.६ | काठेखोला  गाउंपालिका | १७४ |
| १०.७ | तमानखोला  गाउंपालिका | १७५ |
| १०.८ | ताराखोला  गाउंपालिका | १७६ |
| १०.९ | निसिखोला  गाउंपालिका | १७७ |

| | | |
|---|---|---|
| १०.१ | बडिगाउ गाउंपालिका | १७८ |
| ११ | **नवलपरासी जिल्ला** | |
| ११.१ | काबासोती नगरपालिका | १७९ |
| ११.२ | गैडाकोट नगरपालिका | १८२ |
| ११.३ | देवचुली नगरपालिका | १८५ |
| ११.४ | मध्यविन्दु नगरपालिका | १८८ |
| ११.५ | बुङदीकाली गाउंपालिका | १९२ |
| ११.६ | बुलिङटार गाउंपालिका | १९४ |
| ११.७ | विनयी त्रिवेणी गाउंपालिका | १९६ |
| ११.८ | हुप्सेकोट गााउपालिका | १९८ |

# गोरखा नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.४ करोड १ लाख ३४ हजार र यो वर्षको आय रु.२२ करोड ९६ लाख ६५ हजार समेत रु.२६ करोड ९७ लाख ९९ हजार आम्दानी भएकोमा रु.२१ करोड ३९ लाख ४१ हजार खर्च भई रु.५ करोड ५८ लाख ५८ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **आर्थिक प्रतिवेदन:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६० मा गाँउपालिका, नगरपालिका तथा जिल्ला समन्वय समितिले प्रचलित आर्थिक कार्याविधी कानून बमोजिम स्थानीय तह गठन मिति सम्मको प्रचलित ढाँचा बमोजिम आर्थिक प्रतिवेदन तयार गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। नगरपालिकामा गाभिएका साविकका दुई गाँउ विकास समितिले आर्थिक प्रतिवेदन पेश नगरी गाविसका नाममा वैंकमा रहेको मौज्दातको आधारमा रु.७४ लाख ४३ हजार जिल्ला समन्वय समितिमा पठाएको छ। आर्थिक विवरण सहित मौज्दात विवरण पठाउने कार्य गर्नुपर्दछ।

२. **आन्तरिक लेखापरीक्षण:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६१ मा स्थानीय तहको आन्तरिक लेखापरीक्षण आफ्नै आन्तरिक लेखापरीक्षकवाट गराउनुपर्ने व्यवस्था छ। नगरपालिकाले आफ्नो लेखापरीक्षक नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकवाट गराउन सक्ने उल्लेख छ। साविक गोरखा नगरपालिकाले स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेशको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण गराएको छैन। आन्तरिक लेखापरीक्षण नगराउनाले नगरपालिकाको आन्तरिक नियन्त्रण फितलो हुन गई सम्पादित आर्थिक क्रियाकलाप प्रभावकारी हुन नसकेको देखियो। आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्दछ।

३. **सवारी साधन खरिद:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ७० मा नेपाल सरकारवाट स्थानीय तहलाई उपलब्ध गराएको वजेट तथा स्रोतवाट कार्यालयको प्रयोजनको लागि सवारी साधन खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ। यस नगरपालिकाले नेपाल सरकारबाट प्राप्त अनुदान र आन्तरिक आय मिलाएर रु. ५९,९४,०००।- मूल्यको गाडी खरिद गरेको देखिएकोले निर्देशिका प्रतिकूल गरेको खर्च अनियमित देखिएको छ।

४. **वढी भूक्तानी :**स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम ४६ मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। नगरपालिकाले सवारी साधन खरिद गर्न वोलपत्र माग गर्दा वतास ब्रदर्स प्रा.लि.को एकमात्र रु.५९,९४,०००।- मुल्य रहेको वोलपत्र स्वीकृत गरी खरिद सम्झौता गरेको पाइयो। खरिद सम्झौता अनुसार रु.५९,९४,०००।- सो फर्मलाई भूक्तानी गरेकोमा यातायात व्यवस्था कार्यालयमा रहेको सो सवारी साधनको विजकको प्रतिलिपि अनुसार रु.५२,९४,०००।० मात्र मूल्य रहेको देखिएकोले विजक भन्दा वढी भूक्तानी देखिएको रु.७,००,०००।० असुल गर्नुपर्दछ।

५. **प्रशासनिक खर्च:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को दफा ३४ मा नगरपालिकाले स्वीकृत बजेटको परिधिभित्र रही ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल एक करोड रुपैयाँ भन्दा बढी आम्दानी हुने नगरपालिकाको पच्चीस प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्न पाइने छैन भन्ने व्यवस्था छ। नगरपालिकाले कुल आम्दानी रु १ करोड ६५ लाख ९५ हजारको २५ प्रतिशत रु. ४१ लाख ४८ हजार सम्म प्रशासनिक खर्च गर्नु पर्नेमा रु. १ करोड ४६ लाख २ हजार खर्च गरी रु. १ करोड ४ लाख ५४ हजार बढि खर्च गरेको देखियो। आन्तरिक आम्दानीवाट सिमा भन्दा बढी खर्च गरेको नियमित देखिएन

६. **वैक मौज्दात:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६५ मा चालु आर्थिक वर्षको अन्तमा वडाको खर्च खातामा रहेको वांकी रकम सम्वन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले ४ वटा वडालाई उपलब्ध गराएको रकममा खर्च हुन बाँकी रकम रु.६ हजार नगरपालिकाको संचित कोष खातामा दाखिला गरेको छैन। बाँकी रकम फिर्ता प्राप्त गरी संचित कोषमा दाखिला गर्नुपर्दछ।

७. **साविक गाविसको मौज्दातः** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुदा समाहित भएका गाँउ विकास समिति वा नगरपालिका वा त्यसको कनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ। साविक देउराली र ताप्ले गाविसको बैंक खातामा रहेको मौज्दात रु. १ लाख ४१ हजार लेखापरीक्षण अवधी सम्म नगरपालिकाको संचित कोष खातामा दाखिला गरेको देखिएन । निर्देशिकाको व्यवस्था अनुसार साविक गाँउपालिकाको नाममा रहेको मौज्दात नगरपालिकाको खातामा दाखिला गर्नुपर्दछ।

८. **बिल भरपाईः** मुल्य अभिवृद्धि कर निमावली २०५३ को नियम १७ मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा अनुसूची-५ र ५क. बमोजिमको ढाँचामा कर विजक दिनु पर्ने व्यवस्था छ। नगरपालिकाले मुल्य अभिवृद्धि करमा दर्ता भएका फर्मवाट मर्मत तथा सूचना प्रकाशन गर्दा सात आपूर्तीकर्तालाई विजक नलिइ रु.४६ हजार भुक्तानी गरेकोमा नियमावलीको व्यवस्था अनुसार तोकिएको विजक वेगर भएको खर्च अनियमित देखिन्छ।

९. **अधिक बजेट विनियोजनः** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ९६ मा नगरपरिषदले आवश्यकता अनुसार वजेट स्वीकृति दिने व्यवस्था छ। नगरपालिकामा आर्थिक वर्ष २०७३/७४ को अनुमानित बजेट स्वीकृत गर्दा मर्मत संभार खर्च, परामर्श तथा अन्य सेवा शुल्क, फर्निचर र सार्वजनिक निर्माण शिर्षकमा अधिक बजेट विनियोजन गरेको कारण प्रस्तावित वजेटको क्रमश ४७.२५, ३३.०३, १८.९४ र ३१.६९ प्रतिशत सम्म घटी खर्च भएको पाइयो। गतविगत वर्षको वजेट खर्चलाई आधार वनाई बजेट विनियोजन गर्नु पर्दछ।

१०. **अग्रिम कर दाखिलाः** आर्थिक कार्यविधि ऐन २०५५को दफा १३ (४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्ने व्यवस्था छ। नगरपालिकाले भूक्तानीमा कट्टी गरेको अग्रिम आयकर रु.१५,७९३।०० वर्षान्तसम्म दाखिला गरेको नदेखिएकोले राजस्व खातामा दाखिला गर्नुपर्दछ।

११. **बैठक भत्ताः** श्री रामकुमार श्रेष्ठले बैठक सन्चालन गर्न लिएको पेश्की फछ्र्योटको भत्ता वितरण फाटवारीमा उपस्थित मध्ये ३ जनाले रु.३८२५।० बुझेको नदेखिएकोले रकम असुल गर्नुपर्दछ।

१२. **सम्पत्ति हस्तान्तरणः** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ७९ र दफा ८१ मा गाउँपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडामा रहेका चल अचल सम्पत्ति तथा गाँउपालिकाको क्षेत्र भित्र परेका सरकारी निकायवाट सञ्चालन भइ आएका स्थानीय स्तरका योजना, संरचना, विकास निर्माण आयोजना गाँउपलिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था रहेकोमा लेखापरीक्षण अवधी २०७४ कार्तिक भित्र साविकका देउराली र ताप्ले गाँउ विकास समितिमा रहेका यस्ता सम्पत्ति गाउँपालिकाको नाममा हस्तान्तरण भएको पाइएन।

१३. **वैक मौज्दात :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६५ मा चालु आर्थिक वर्षको अन्तमा वडाको खर्च खातामा रहेको वांकी सवै रकम सम्वन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। साविक ताप्ले गाँउ विकास समितिको बैंक खातामा रहेको रु.१५ हजार नगरपालिकाको संचित कोष खातामा दाखिला नगरेकोले दाखिला गर्नुपर्दछ।

१४. **आन्तरिक आयः** आर्थिक कार्यविधि ऐन २०५५को दफा १३ (४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्ने व्यवस्था रहेकोमा देउराली गाँउविकास समितिले नगद मौज्दात रु.२१,९०८।०० हाल सम्म बैंक दाखिला गरेको नदेखिएकोले असुल गरी संचित कोष दाखिला गर्नुपर्दछ।

१५. **पेश्कीः** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त विवरण अनुसार साविक देउराली गाउँ विकास समितिबाट ६ जनालाई विगतका वर्षहरुमा दिएको रु. ५८ हजार र ताप्ले गाँउ विकास समितिबाट १३ जनालाई विगतका वर्षमा दिएको रु.१ लाख १४ हजार समेत रु.१ लाख ७२ हजार पेश्की बाँकी देखिएकोले नियमनुसार पेश्की फछ्र्यौट गर्नुपर्दछ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.१ करोड ७५ लाख ७२ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.१ करोड ७५ लाख ७२ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ। सो मध्ये असुल गर्नुपर्ने रु.७ लाख २८ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ६६ लाख ९६ हजार र पेश्की रु.१ लाख ७२ हजार रहेको छ।

# पालुङटार नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.२ करोड ७० लाख ८२ हजार र यो वर्षको आय रु.२३ करोड ९३ लाख २६ हजार समेत रु.२६ करोड ६४ लाख ८ हजार आम्दानी भएकोमा रु.२० करोड ६७ लाख ३९ हजार खर्च भई रु.५ करोड ९६ लाख ६९ हजार मौज्दात रहेको छ। आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **आर्थिक प्रतिवेदन:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६० मा गाँउपालिका, नगरपालिका तथा जिल्ला समन्वय समितिले प्रचलित आर्थिक कार्याविधी कानून वमोजिम स्थानीय तह गठन मिति सम्मको प्रचलित ढाँचा बमोजिम आर्थिक प्रतिवेदन तयार गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। नगरपालिकामा गाभिएका साविकका दुई गाँउ विकास समितिले आर्थिक प्रतिवेदन पेश नगरी गाविसका नाममा वैंकमा रहेको मौज्दातको आधारमा रु.२३ लाख ८४ हजार जिल्ला समन्वय समितिमा पठाएको छ। आर्थिक विवरण सहित मौज्दात विवरण पठाउने कार्य गर्नुपर्दछ।

२ **आन्तरिक नियन्त्रण:** पालुङ्टार नगरपालिकामा स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ३६ अन्तरगत आन्तरिक लेखापरीक्षण शाखाको व्यवस्था नभएको, भ्रमण अभिलेख नराखेको, भ्रमण प्रतिवेदन संलग्न नरेहेको, मौजुदा सूची तयार नगरेको, योजनाहरु सम्पन्न भएपछि सामाजिक र सार्वजनिक लेखापरिक्षण गराई उपभोक्तालाई हस्तान्तरण नगरेकोले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्दछ।

३ **वढी भूक्तानी:** स्थानीय निकाय आर्थिक प्रसाशन सम्बन्धी नियमावली २०६४ को नियम ४६ मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। नगरपालिकाको वडा नं. ८ मा समाज सेवी महिला समुहको फर्निचर खरिद योजनाको वील रु.४६ हजारको अग्रिम आयकर कट्टि गरि रु.४५ हजार भुक्तानी गर्नुपर्नेमा रु.४७ हजार तीन सय भुक्तानी गरेकोले बढी भूक्तानी भएको रु.२,३००।० असुल गर्नुपर्दछ।

४. **प्रशासनिक खर्च:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को दफा ३४ मा नगरपालिकाले स्वीकृत बजेटको परिधिभित्र रही ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल एक करोड रुपैयाँ भन्दा बढी आम्दानी हुने नगरपालिकाको पच्चीस प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्न नपाइने व्यवस्था छ। नगरपालिकाले कुल आम्दानी रु २३ लाख ९२ हजारको २५ प्रतिशत रु. ५ लाख ९८ हजार सम्म प्रशासनिक खर्च गर्नु पर्नेमा रु.१२ लाख ४ हजार खर्च गरी सिमा भन्दा रु.६ लाख ६ हजार बढि खर्च गरेको देखियो । आन्तरिक आम्दानीवाट सिमा भन्दा बढी खर्च गरेको नियमित देखिएन।

५ **संचित कोष:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६५ मा चालु आर्थिक वर्षको अन्तमा वडाको खर्च खातामा रहेको वांकी सवै रकम सम्वन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले धुवाकोट, खोप्लाङ वडाहरुलाई उपलव्ध गराएको रकम मध्ये वर्षान्त सम्म खर्च नभई वाकी रहेको रु.६ लाख ५६ हजार फिर्ता भई नगरपालिकाको संचित कोष खातामा दाखिला भएको नदेखिएकोले दाखिला गर्नुपर्दछ।

६. **गाविस मौज्दात:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था छ। निर्देशिकाको व्यवस्था अनुसार साविक गाउँपालिकाका नाममा वैक खातामा रहेको रु.२ लाख १८ हजार नगरपालिका संचित कोष खातामा दाखिला गर्नुपर्दछ।

७ **अग्रिम कर दाखिला:** आर्थिक कार्यविधि ऐन २०५५को दफा १३ (४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्ने व्यवस्था रहेकोमा नगरपालिका र नगरपालिका अन्तरगतका वडाहरुले भूक्तानीमा कट्टी गरेको अग्रिम आयकर रु.२३ हजार दाखिला गरेको नदेखिएकोले राजस्व खातामा दाखिला गर्नुपर्दछ।

८ **अग्रिम कर कट्टि:** आयकर ऐन, २०५८ ले विभिन्न भुक्तानीहरुमा अग्रिम कर कट्टी गर्ने व्यवस्था रहेकोमा विभिन्न विजकको भुक्तानी गर्दा १.५ % अग्रिम आयकर रु.१५ हजार कट्टी नगरेकोले सम्वन्धितबाट असुल गर्नुपर्दछ।

९ **पेश्की जिम्मेवारि:** २०७१ मंसिर १७ बाट चार वटा गाउँ विकास समिती, गाइखुर, पालुङ्टार, आँपपिपल र च्याडली मिसिएर नगरपालिका बनेकोमा हालसम्म साविकका गाउँ विकास समितीहरुको पेश्की जिम्मेवारि सारेको पाइएन।

१० **अनुपातिक भुक्तानी:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ मा स्थानीय निकायले उपभोक्ता समितिसंग कामको सम्झौता गर्दा उपभोक्ता समितिले गर्ने योगदानको रकम खुलाउनु पर्ने र सोही बमोजिम कायम भएको उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भै रनिङ बील र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएमा सोही अनुरूप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गरिने व्यवस्था रहेकोमा २ कार्यक्रमको भुक्तानी गर्दा अनुपातिक कट्टी नगरी रु. ५९ हजार बढी भूक्तानी दिएको पाइयो। नियमानुसार अनुपातिक कट्टी नगरी वढी भूक्तनी भएको रकम असुल गर्नुपर्दछ।

११ **पेश्की बाँकी:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्न गरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयले एक जनप्रतिनिधिलाई महिला लक्षियत कार्यक्रम सञ्चालन गर्न दिएको पेश्की रु.४ लाख आ.वको अन्त सम्म बांकी रहेकोले नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्दछ।

१२ **कर कट्टी:** आयकर ऐन, २०५८ को दफा ८७ मा रोजगारदाताबाट पारिश्रमिक भुक्तानीमा कर कट्टी सम्बन्धमा ब्यबस्था गरिएको छ। नगरपालिकाले एक इन्जिनियरको वार्षिक पारिश्रमिक रु.३,५०,०००।०० भन्दा बढिमा नियमानुसार कर वापत रु.११ हजार कम कट्टा गरी भुक्तानी गरेकोले नियमानुसार लाग्ने पारिश्रमिक कर असुल गर्नुपर्दछ।

१३ **सम्पत्ति हस्तान्तरण:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ७९ र दफा ८१ मा गाउँपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडामा रहेका चल अचल सम्पत्ति तथा गाँउपालिकाको क्षेत्र भित्र परेका सरकारी निकायवाट सञ्चालन भइ आएका स्थानीय स्तरका योजना, संरचना, विकास निर्माण आयोजना गाँउपलिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था रहेकोमा लेखापरीक्षण अवधी २०७४ कार्तिक भित्र साविकका देउराली र ताप्ले गाँउ विकास समितिमा रहेका यस्ता सम्पत्ति गाउँपालिकाको नाममा हस्तान्तरण भएको पाइएन।

१५ **वीमा:** स्थानीय निकाय आर्थिक प्रसाशन सम्बन्धी नियमावली २०६४ को नियम १२० मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक दश लाख रूपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले वीमा गराउनु पर्ने व्यवस्था छ। कार्यलयले ३ वटा खरिद सम्झौता गर्दा वील अफ क्वान्टिटीमा वीमाको व्यवस्था गरेको भएता पनि निर्माण व्यवसायीवाट काम शुरु गर्नुपूर्व वीमा गराएको पाइएन। सम्भावित दुर्घटना वापत क्षतिपूति प्राप्त हुन सक्ने व्यवस्थाको पालना गरी निर्माण शुरु गर्नुपर्दछ।

१६ **घटी कार्यसम्पादन जमानत:** सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (४) मा बोलपत्रदाताले कार्य सम्पादन जमानत दाखिला गरी खरिद सम्झौता र सोका शर्तहरु बमोजिमको खरिद सम्झौता गर्नु पर्नेछ। राधाकृष्ण वारपिर्खे नमुना सडकको लागत अनुमान रु.७८ लाख ८२ हजार (मुअक वाहेक) को काम वोलपत्रको माध्यमवाट गराउदा एक निर्माण व्यवसायीले रु.६१ लाख ४ हजार ( मुअक वाहेक) कवोल गरी सम्झौता गर्दा रु.५ लाख ९९ हजार वरावरको जमानत लिनुपर्नेमा कृषि विकास वैकवाट जारी भएको रु.३ लाख ७९ हजार वरावरको जमानत लिई सम्झौता गरेकोले रु.२,२०,०५१।० थप कार्यसम्पादन जमानत पेश हुनुपर्ने देखिन्छ।

१८ **नापी किताब:** स्थानीय निकाय आर्थिक प्रसाशन सम्बन्धी नियमावली २०६४ को नियम १३१ प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्ने व्यवस्था रहेकोमा २ निर्माण व्यवसायिले सम्पन्न गरेका कामको डिटेल नापी गरेको नापी अभिलेख खडा नै नगरी ठेक्का वील खडा गरेको पाइयो। नापी(मेजरमेन्ट वुक) नगरी वास्तविक खर्च यकिन नहुने हुदा भूक्तानी रु.४०,९६,५४५।० नियमित देखिएन।

१९ **रिटेन्सन मनी:** स्थानीय निकाय आर्थिक प्रसाशन सम्बन्धी नियमावली २०६४ को नियम १३१ (४) मा स्थानीय निकायले विल विजकको भुक्तानी गर्दा रिटेन्सन मनी वापत रनिङ बीलमा उल्लिखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नु पर्ने व्यवस्था छ। २ निर्माण व्यवसायीलाई वील भूक्तानी गर्दा रिटेण्सन मनी कट्टा गरी राखेको पाइएन। खरिद सम्झौताका शर्त अनुसार १३ महिना त्रुटी सच्याउने दायित्व रहेको यस ठेक्कामा रिटण्सन मनी रु.२ लाख १६ हजार नराखी गरेको भूक्तानी नियममित देखिएन।

२० **पेश्की जमानत:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम १२१ मा खरिद सम्झौता रकमको वीस प्रतिशत भन्दा वढी नहुने गरी बैङ्क जमानत लिई पेश्की दिने व्यवस्था रहेकोमा निर्माण व्यवसायी जेचुम्वा निर्माण सेवालाई खरिद सम्झौता अनुसार मोविलाइजेशन पेश्की रु.६ लाख १९ हजार दिदा वैक जमानत लिएको पाइएन। जमानतवापत दिएको पेश्की असुरक्षित हुने भएकोले सो रकम निर्माण व्यवसायीवाट असुल गर्नुपर्दछ।

२१ **पूर्व स्वीकृति:** राधाकृष्ण वाहपिर्खे सडक निर्माण गर्न निर्माण व्यवसायीसंग भएको खरिद सम्झौतामा निर्माण कार्यमा लाइन आइटममा नपरेको तर नगरी नहुने काम गर्नुपरेमा प्रोभिजनल सममा रहेको रकमवाट प्रोजेक्ट मेनेजरको पूर्व स्वीकृति लिई खर्च गर्ने व्यवस्था छ। खरिद सम्झौतामा डे वर्क्समा ज्यामी राखी काम गराउने कार्य रु.५६ हजार र एक्साभेटर ५ घण्टा रु.१३ हजार तथा लोडर ५ घण्टा रु.१५ हजार समेत रु.३३ हजार लाग्ना सक्ने प्रोभिजन गरेकोमा ति कार्य आवश्यक भएकोले निर्माण व्यवसायीवाट गराउन नगरपलिकाले पूर्व स्वीकृति नदिएको र काम गरेको पुष्टी हुने मष्टरोल एक्साभेटर तथा लोडरको लग शिट समेत रहेको छैन। नगरपालिकाको स्वीकृति वेगर तथा काम गरेको पुष्टी हुने आधार वेगर भूक्तानी गरेको रकम रु.३ लाख ३१ हजार असुल गरी राजस्व दाखिला गर्नुपर्छ।

२२ **कर कट्टी:** आयकर ऐन २०५८ को दफा ८९ मा ठेक्का वा करार बापत पचास हजार रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिंदा भुक्तानीको कुल रकममा १.५ प्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ। राधाकृष्ण वाहपिर्खे सडक निर्माण गर्न खरिद सम्फौता भएका निर्माण व्यवसायीलाई प्रथम वीलको रु.१०,८८,९२५।० (मुअक वाहेक) भूक्तानी गर्दा कर कट्टा नगरेकोले अग्रिम कर रु.१६ हजार असुल गरी राजस्वमा दाखिला गर्नुपर्दछ।

२३ **रकम जम्मा:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ४५ वमोजिम गाउँ विकास समितिले आन्तरिक आयवाट प्राप्त गरेका जुनसुकै रकम संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। साविकको धुवाकोट, खोप्लाङ र मिरकोट गाविसले आन्तरिक आयवाट संकलन गरेको क्रमश: रु.१३,५००।०, रु.१६,०००।०, रु.८३,०००।० समेत रु.१,१२,५००।० संचित कोषमा दाखिला नगरी विविध खर्च गरेको पाइयो। कानून वमोजिम संचित कोषवाट खर्च गर्न नमिल्ने रकम खर्च गरेकोले यस्तो खर्च असुल गरी नगरपालिकाको संचित कोष दाखिला गर्नुपर्दछ।

२६ **पेश्की:** स्थानीय निकाय आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले विभिन्न कार्यक्रममा दिएको पेश्की रु. ५ लाख १४ हजार र मिरकोट गाविसको २०७३।७४ भन्दा अगाडीको पेश्की रु. २ लाख ५ हजार वांकी रहेकोले नियमनुसार पेश्की फछ्र्यौट गर्नुपर्दछ।

२७ **आर्थिक सहायता:** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को प्रकरण १३ मा राजनैतिक दल तथा तिनका भातृ वा भगिनी संगठन, संघ संस्था वा व्यक्ति आदीलाई कुनै पनि किसिमको आर्थिक सहायता चन्दा, पुरस्कार प्रदान गर्न वा संस्थागत वा कार्यक्रमिक सहयोग उपलब्ध गराउन निषेध गरेको छ। साबिक मिरकोट गाविसले रु.५,०००।०० राजनैतिक पार्टीको कार्यक्रममा खर्च गरेकोले कार्यविधि प्रतिकूल लेखिएको खर्च नियमित देखिएन।

२८ **कर वीजक:** जेचुन्मा निर्माण सेवालाई राधाकृष्ण बाह्र पर्के मोडल निर्माण कार्यको लागि निर्माण व्यवसायीलाई पहिलो रनिङ्ग वील भुक्तानी गर्दा कर विजक वेगर भुक्तानी गरेकोले मु.अ.कर समायोजन भएको प्रमाण सहित मू.अ. कर वीजक रु. १७,८०,७६९। पेश गर्नुपर्दछ।

३० **कर दाखीला:** कार्यालयले विभिन्न मतिमा कट्टी गरेको अग्रिम कर, पारिश्रमिक कर, सामाजिक सुरीक्षा कर समेत रु. १ लाख ३३ हजार बैंक दाखिला गरेको नदेखिएनकोले नियमानुसार कर दाखिला गर्नुपर्दछ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.१ करोड ३३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.१ करोड ३३ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ। सो मध्ये असुल गर्नुपर्ने रु.११ लाख ६५ हजार, नियमित गर्नुपर्ने रु.७९ लाख ५४ हजार र पेश्की रु.९ लाख १४ हजार रहेको छ।

# सुलीकोट गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.६२ लाख ५५ हजार र यो वर्षको आय रु.९ करोड ८९ लाख ६१ हजार समेत रु.१० करोड ५२ लाख १६ हजार आम्दानी भएकोमा रु.९ करोड १६ लाख २६ हजार खर्च भई रु.१ करोड ३५ लाख ९० हजार मौज्दात रहेको छ। आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आर्थिक प्रतिवेदनः** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६० मा गाँउपालिका, नगरपालिका तथा जिल्ला समन्वय समितिले प्रचलित आर्थिक कार्याविधी कानून वमोजिम स्थानीय तह गठन मिति सम्मको प्रचलित ढाँचा बमोजिम आर्थिक प्रतिवेदन तयार गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। नगरपालिकामा गाभिएका साविकका दुई गाँउ विकास समितिले आर्थिक प्रतिवेदन पेश नगरी गाविसका नाममा वैंकमा रहेको मौज्दातको आधारमा रु.१० लाख ४२ हजार जिल्ला समन्वय समितिमा पठाएको छ। आर्थिक विवरण सहित मौज्दात विवरण पठाउने कार्य गर्नुपर्दछ ।

२ **सोझै खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) अनुसार सार्वजनिक निकायले एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेकाबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने, नियम ७१(ङ) मा एक आर्थिक वर्षमा एक प्राकृतिक व्यक्ति वा फर्मबाट एकलाख रूपैयाँ भन्दा बढि भाडा तिर्ने गरी सवारी साधन, उपकरण वा मालसामान भाडामा लिनु पर्दा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र भएकासँग खरिद गर्नु पर्नेल व्यवस्था रहेकोमा सुलिकोट गाउँपालिकाले २ आपूर्तीकर्ताबाट रु. २ लाख ८० हजार बराबरको सवारी भाडा लिदा उक्त नियमको पालना गरेको पाइएन । कानुनको परिपालना गरि खरिद कार्य गर्नुपर्दछ ।

३ **अनुपातिक भुक्तानीः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ कोदफा १५५ मा स्थानीय निकायले उपभोक्ता समितिसंग कामको सम्झौता गर्दा उपभोक्ता समितिले गर्ने योगदानको रकम खुलाउनु पर्ने र सोही बमोजिम कायम भएको उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भै रनिङ बील र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएमा सोही अनुरूप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गरिने व्यवस्था रहेकोमा गाउँपालिकाले रु.४ लाख ५५ हजार लागत अनुमान भएका ४ योजना उपभोक्ता समितिवाट कार्य गराएकोमा रु.४ लाख १५ हजार बराबरको कार्य सम्पन्नको हुन आउने अनुपात रु.२ लाख ८० हजार भुक्तानी गर्नुपर्नेमा रु.२५ हजार बढि भुक्तानी गरेकोले नियमको व्यस्था वमोजिम उपभोक्ताको योगदान कम भइ भूक्तानी भएको रु.२५ हजार नियमित देखिएन ।

४. **सवारी साधन खरिदः** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ७० मा नेपाल सरकारवाट स्थानीय तहलाई उपलब्ध गराएको वजेट तथा स्रोतवाट कार्यालयको प्रयोजनको लागि सवारी साधन खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ । यस गाँउपालिकाले नेपाल सरकारबाट प्राप्त अनुदानबाट रु.२ लाख ४४ हजार मूल्यको मोटरसाइकल खरिद गरेको देखियो । निर्देशिका प्रतिकूल गरेको खर्च अनियमित देखिन्छ ।

५. **वैक मौज्दातः** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६५ मा चालु आर्थिक वर्षको अन्तमा वडाको खर्च खातामा रहेको वांकी सवै रकम सम्वन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। यस गाँउपालिकाले ७ वटा वडालाई उपलब्ध गराएको रकममा खर्च हुन बाँकी रकम रु.६५ हजार गाँउपालिकाको संचित कोष खातामा दाखिला गरेको छैन । बाँकी रकम फिर्ता प्राप्त गरी संचित कोषमा दाखिला गर्नुपर्दछ ।

६. **गाविसको मौज्दातः** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था छ । साविकका सात गाँउ विकास समितिको मौज्दात रु.४ लाख १४ हजार लेखापरीक्षण अवधी सम्म पनि फिर्ता गरी नगरपालिकाको संचित कोष खातामा दाखिला गरेको नदेखिएकोले संचित कोष दाखिला गर्नुपर्दछ ।

७. **विल भरपाईः** मुल्य अभिवृद्धि कर निमावली, २०५३ को नियम १७ मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा असूची-५ र ५क.बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले

मुल्य अभिवृद्धि करमा दर्ता भएका फर्मवाट मर्मत तथा अन्य खर्च गर्दा ६ आपूर्तीकर्ताबाट कर विजक नलिई रु.१,९१,४२०।– भुक्तानी गरेकोले विल भरपाई पेश हुनुपर्दछ ।

८. **कर कट्टी:** आयकर ऐन २०५८ को दफा ८९ अनुसार अग्रिम कर कट्टी गर्ने व्यवस्था रहेकोमा व्यवस्था वारपाक वडाले उपभोक्ता समितीले पेस गरेको भरपाइमा आपुर्तिकताबाट अग्रिम आयकर कट्टी गर्नु पर्ने रु.१,१००।० र तामालाबोट गाविसले भूक्तानीमा कट्टी गरेको अग्रिम आयकर रु.१,७००।० हजार सात सय वर्षान्त सम्म पनि दाखिला गरेको नदेखिएकोले रु.२,८००।० राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

९. **सम्पत्ति हस्तान्तरण:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ७९ र दफा ८१ मा गाउँपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडामा रहेका चल अचल सम्पत्ति तथा गाँउपालिकाको क्षेत्र भित्र परेका सरकारी निकायवाट सञ्चालन भइ आएका स्थानीय स्तरका योजना, संरचना, विकास निर्माण आयोजना गाँउपलिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था रहेकोमा लेखापरीक्षण अवधी २०७४ कार्तिक भित्र साविकका देउराली र ताप्ले गाँउ विकास समितिमा रहेका यस्ता सम्पत्ति गाउँपालिकाको नाममा हस्तान्तरण भएको पाइएन ।

१०. **संचित कोष:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ४५ वमोजिम गाउँ विकास समितिले आन्तरिक आयवाट प्राप्त गरेका जुनसुकै रकम संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा साविक ताकुकोट गाविसले संकलन गरेको आन्तरिक आय रु.५ गाउँपालिकको संचित कोष दाखिला भएको नदेखिएकोले संचितकोषमा दाखिला गर्नुपर्दछ ।

११. **नगदबाट खर्च:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ४५ वमोजिम गाउँ विकास समितिले आन्तरिक आयवाट प्राप्त गरेका जुनसुकै रकम संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । वारपाक गाविसले आन्तरिक आयवाट संकलन गरेको रु.४५ हजार संचित कोषमा दाखिला नगरी विविध खर्च गरेको पाइयो । कानून वमोजिम संचित कोषवाट खर्च गर्न नमिल्ने रकम खर्च गरेको रकम नियमसंगत देखिदैन ।

१२. **नगद मौज्दात:** आर्थिक कार्यविधि ऐन २०५५को दफा १३ (४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्ने व्यवस्था रहेकोमा आ.व.२०७२/७३ मा वारपाकका तत्कालिन सचिब ऋषिराम ढकालको नाममा रहेको नगद मौज्दात रु.१६ हजार हालसम्म दाखिला भएको नदेखिएकोले असुल गरी संचित कोषमा दाखिला गर्नुपर्दछ ।

१३. **असम्वन्धित खर्च:** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविघि २०६९ को १३ (च) मा राजनैतिक दल संघ संस्था वा व्यक्तिलाई कुनै पनि किसिमको कार्यक्रम सहयोग उपलव्ध गराउन निषेध गरेकोमा राजनितिक दलहरुको सर्वदलिय बैठकको डेलिगेसन खर्च रु.३९ हजार गाउँ विकास समितीले व्यहोरेको पाइएकोले कार्यविधि विरित लेखेको खर्च नियमसंगत देखिएन ।

१४. **उपलब्धि हासिल:** ताकुकोट गाँउविकास समितिले एक उपभोक्ता समितिसंग सम्झौता गरि मिल मर्मत र अदुवा खेतीको लागिरु.४० हजार भुक्तानी दिई वडाकै खातामा जम्मा गरेको देखिएकोले कार्यक्रम परिचालन भएको देखिएन । कार्यक्रम सञ्चालन नगरी उपभोक्तासंग सम्झौता गरी गर्ने कार्यले लक्षित उपलव्धी हासिल हुने देखिएन ।

१५. **पेश्की वाकी:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेकोमा साविक वारपाक गाविसले गत विगमा १ व्यक्तिलाई दिएको रु. १ लाख २० हजार र सोरपानी गाविसले गत विगतमा १ व्यक्तिलाई दिएको रु. २२ हजार  समेत रु.१,४२,०००।० बाँकि देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.११ लाख ९२ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.११ लाख ९२ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.१९ हजार, नियमित गर्नुपर्ने रु.१० लाख ३१ हजार र पेश्की रु.१ लाख ४२ हजार रहेको छ ।

# सिरानचोक गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.६३ लाख ५६ हजार र यो वर्षको आय रु.१० करोड ९५ लाख ८१ हजार समेत रु.११ करोड ५९ लाख ३७ हजार आम्दानी भएकोमा रु.१० करोड ३० लाख ३८ हजार खर्च भई रु.१ करोड २८ लाख ९९ हजार मौज्दात रहेको छ। आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आर्थिक प्रतिवेदनः** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६० मा गाँउपालिका, नगरपालिका तथा जिल्ला समन्वय समितिले प्रचलित आर्थिक कार्याविधी कानून वमोजिम स्थानीय तह गठन मिति सम्मको प्रचलित ढाँचा बमोजिम आर्थिक प्रतिवेदन तयार गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। नगरपालिकामा गाभिएका साविकका दुई गाँउ विकास समितिले आर्थिक प्रतिवेदन पेश नगरी गाविसका नाममा वैंकमा रहेको मौज्दातको आधारमा रु.६६ लाख ६८ हजार जिल्ला समन्वय समितिमा पठाएको छ। आर्थिक विवरण सहित मौज्दात विवरण पठाउने कार्य गर्नुपर्दछ।

२. **सम्पत्ति हस्तान्तरणः** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ७९ र दफा ८१ मा गाउँपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडामा रहेका चल अचल सम्पत्ति तथा गाँउपालिकाको क्षेत्र भित्र परेका सरकारी निकायवाट सञ्चालन भइ आएका स्थानीय स्तरका योजना, संरचना, विकास निर्माण आयोजना गाँउपलिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था रहेकोमा लेखापरीक्षण अवधी २०७४ कार्तिकभित्र साविकका देउराली र ताप्ले गाँउ विकास समितिमा रहेका यस्ता सम्पत्ति गाउँपालिकाको नाममा हस्तान्तरण भएको पाइएन।

३. **वैक मौज्दातः** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६५ मा चालु आर्थिक वर्षको अन्तमा वडाको खर्च खातामा रहेको वांकी सवै रकम सम्वन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। गाँउपालिकाले ८ वटा वडालाई उपलब्ध गराएको रकममा खर्च हुन बाँकी रकम रु.२४ हजार गाँउपालिकाको संचित कोष खातामा दाखिला नगरेकोले संचित कोषमा दाखिला गर्नुपर्दछ।

४. **सवारी साधन खरिदः** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ७० मा नेपाल सरकारवाट स्थानीय तहलाई उपलब्ध गराएको वजेट तथा स्रोतवाट कार्यालयको प्रयोजनको लागि सवारी साधन खरिद गर्न सकिने छैन भन्ने व्यवस्था भएतापनि गाउँपालिकाले नेपाल सरकारवाट प्राप्त अनुदानवाट रु.७ लाख ७९ हजार मूल्यको तीनवटा मोटरसाइकल खरिद गरेको छ। निर्देशिका प्रतिकूल गरेको खर्च अनियमित देखिएको छ।.

५. **संचित कोषः** नेपालको संविधानको धारा २२९ मा गांउपालिका तथा नगरपालिकामा संचित कोषको व्यवस्था गर्नुपर्ने व्यवस्था छ। यो कोषमा गाउँपालिका वा नगरपालिकाको कार्यक्षेत्र भित्र पर्ने सवै साविकमा गाउँ विकास समिति तथा नगरपालिकाले आफ्नो आन्तरिक आयवाट प्राप्त गरेको रकम जम्मा गर्नुपर्ने व्यवस्था छ। साविक आठ गाँउविकास समितिको खातामा रहेको रकम रु.१ लाख ९० हजार गाँउपालिकाको संचितकोषमा दाखिला नभएकोले संचित कोषमा दाखिला गर्नुपर्दछ।

६. **नगदबाट खर्चः** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ४५ वमोजिम गाउँ विकास समितिले आन्तरिक आयवाट प्राप्त गरेका जुनसुकै रकम संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। केरावारी गाविसले आन्तरिक आयवाट संकलन गरेको रु.६७ हजार संचित कोषमा दाखिला नगरी गाविस भवन मर्मत गरी खर्च गरेकोले उक्त खर्च नियमसंगत देखिएन।

७. **अनुपातिक भुक्तानीः** केरावारी गाँउविकास समितिको नेपाने मावि देखि गाविस भवन हुदै हेल्थपोष्ट चेपे जोडने सडक स्काभेटरद्धारा गर्ने निर्माण कार्यको कटिङ भोलुम ३२८२.९० घ.मी मध्ये ९५ प्रतिशत मेशीन र ५ प्रतिशत मानिस प्रयोग गर्ने गरी उपभोक्ता समुहसंग सम्झौता भएको छ। सो सम्झौता अनुसार कूल माटोको परिमाण मध्ये मानिसद्धारा १६४.१४५ घ.मि र मेशीनवाट ३११८।७५५ घ.मि भूक्तानी दिनुपर्नेमा मानिसद्धारा ५५४ घ.मि र मेशीनद्धारा २७२८.९७ घ.मि गरेको देखाई भूक्तानी गरेको छ। उपभोक्तासँगको लागत सहभागिता अनुपात १७:८३ बमोजिम बढी भएको भुक्तानी रु.८० हजार नियमित सम्मत देखिएन।

८. **पेश्की बाँकीः** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त विवरण अनुसार साविक केरावारी गाविसले ३ व्यक्तिलाई रु.२८ हजार, हर्मी गाविसले १८ व्यक्तिलाई रु.४ लाख ५८ हजार, छोप्राक गाविसले १९ व्यक्तिलाई रु.३ लाख ८४ हजार र जौवारी गाविसले ४ व्यक्तिलाई रु.१ लाख ८० हजार समेत रु.१०,५०,०००।० पेश्की बाँकि देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

### बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.२१ लाख ९० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.२१ लाख ९० हजार फछ्र्यौट गर्न बाँकी रहेको छ। सो मध्ये नियमित गर्नुपर्ने रु.११ लाख ४० हजार र पेश्की रु.१० लाख ५० हजार रहेको छ।

# अजिरकोट गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.११ लाख ८३ हजार र यो वर्षको आय रु.७ करोड ७९ लाख २५ हजार समेत रु.७ करोड ९१ लाख ८ हजार आम्दानी भएकोमा रु.५ करोड ३४ लाख ५६ हजार खर्च भई रु.२ करोड ५६ लाख ५२ हजार मौज्दात रहेको छ। आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आर्थिक प्रतिवेदन पेश :**स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६० मा गाउँपालिका, नगरपालिका तथा जिल्ला समन्वय समितिले आर्थिक कार्यविधी ऐन वमोजिम स्थानीय तह गठन मिति २०७३।११।२७ अगाडिको आर्थिक प्रतिवेदन तयार गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । यस गाउँपालिकामा रहेकासाविकका पाँच गाँउ विकास समितिले आर्थिक प्रतिवेदन पेश गरेको देखिएन । गाविसको बैंक खातामा रहेको मौज्दातको आधारमा जिल्ला समन्वय समितिबाट गाँउपलिकालाई मौज्दात रकम खातामा फिर्ता गरेको छ। आर्थिक प्रतिवेदनको आधार लिएर मात्र रकम फिर्ता गर्ने व्यवस्था गर्नुपर्दछ।

२. **आन्तरिक लेखापरीक्षण:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६१ मा स्थानीय तहको आन्तरिक लेखापरीक्षण आफ्नै आन्तरिक लेखापरीक्षकवाट गराउनुपर्ने छ। गाँउपालिकाले आफ्नो लेखापरीक्षक नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकवाट गराउन सक्ने उल्लेख छ। साविक गाउँपालिका हंसपुर हाल वडा नं.३ र मुच्चोक हाल वडा नं. ५ का गाविस तथा वडा सचिव फरार रहेको जनाई आर्थिक विवरण लगायतका स्रेस्ता पेशनभएकोले स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेशको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ।

३. **सम्पत्ति हस्तान्तरण:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ७९ र दफा ८१ मा गाउँपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिकामासञ्चालन भइ आएका स्थानीय स्तरका कार्यालय संरचना, चल अचल सम्पत्ति, सम्पन्न खानेपानी सिचाई जस्ता विकास निर्माण आयोजना स्वत: हस्तान्तरण हुने र हस्तान्तरण भएका सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेकोमा सो गरेको देखिएन। गठन आदेश बमोजिम गाँउपालिकाले यस्ता सम्पत्तिको लगत अध्यावधिक गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ।

४. **संचितकोष:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६५ मा चालु आर्थिक वर्षको अन्तमा वडाको खर्च खातामा रहेको बाँकी सवै रकम सम्वन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। गाँउपालिकाका क्रमश वडा नं. १, २ र ३ को आर्थिक वर्षमा खर्च हुन नभएको रकम रु १ लाख १४ हजार, साविकका घ्याच्चोक, खरिबोट र सिम्जुङ गाविसको आन्तरिक आयबाट प्राप्त रकम रु.३३ हजार बैंक खातामा रहेकोले संचित कोषमा दाखिला गर्नुपर्दछ।

५. **अग्रिम कर:** आयकर ऐन, २०५८ अनुसार भाडा भूक्तानीमा १० प्रतिशत कर लाग्ने व्यवस्था छ। कार्यालयले ट्याक्टर भाडामा लिई रु.१५,०००।– भूक्तानी गरेकोमा कानून बमोजिम कट्टा गर्नुपर्ने १० प्रतिशत कर रकम रु.१,५००।– असुल गर्नुपर्दछ।

६. **पेश्की:** स्थानीय निकाय आर्थिक प्रशासनसम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट विभिन्न मितिमा गत विगत देखि नै पाँच जना ब्यक्तिलाई दिएको पेश्की रु.६ लाख ७५ हजार फछ्र्यौट गर्न बाँकी देखिएकोले फछ्र्यौट गर्नुपर्दछ।

७. **स्रेस्ता पेश नभएको :** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १६(२) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्ययको तोकिए बमोजिमको लेखा र आर्थिक विवरण पेश गरी महालेखा परीक्षकको विभागबाट अन्तिम लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ। अजिरकोट गाउँपालिका अन्तरगत साविक हंसपुर गाविसलाई स्थानीय तह गठन मिति २०७३/११/२७ सम्मको निकासा रकम रु.४१ लाख ५१, असार मसान्त सम्मको निकासा रु.५० लाख ६ हजार, आर्थिक वर्ष २०७२/७३ को जिम्मेवारी रु.२९ हजार समेत रु.९२ लाख २६ हजार १ सय ४४ तथा साविकको मुच्चोक गाविसले स्थानीय तह गठन मिति २०७३/११/२७ सम्मको निकासा रु.४८ लाख २८ हजार, असार मसान्त सम्मको निकासा रु.५८ लाख ९५ हजार, आर्थिक वर्ष २०७२/७३ को जिम्मेवारी रु.२९ हजार समेत रु. १ करोड ८ लाख ६४ हजार तथा यस अवधिमा गरेको आय सहितको आर्थिक विवरण तयार गरी श्रेस्ता पेश भएको छैन। यस सम्बन्धमा उक्त गाविसका सचिव तथा हाल वडा सचिव दिपक वहादुर दर्जीको जिम्मामा स्रेस्ता रहेको र हाल निज फरार रहेकोले लेखापरीक्षणको लागि आर्थिक विवरण र श्रेस्ता पेश गर्न नसकिएको जानकारी गाउँपालिकाले दिएको छ। यस सम्बन्धमा आवश्यक कानुनी प्रक्रिया अपनाई साविकका मुच्चोक र हंसपुर गाविसको आर्थिक विवरण तयार गरी रु.२ करोड ९० हजारको लेखापरीक्षणका लागि पेश गनुपर्दछ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.२ करोड ८ लाख बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.२ करोड ८ लाख फछ्र्यौट गर्न बाँकी रहेको छ। सो मध्ये असुल गर्नुपर्ने रु.२ हजार, नियमित गर्नुपर्ने रु.२ करोड १ लाख २३ हजार र पेश्की रु.६ लाख ७५ हजार रहेको छ।

# आरुघाट गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.३ लाख ५३ हजार र यो वर्षको आय रु.९ करोड १६ लाख ४७ हजार समेत रु.९ करोड २० लाख आम्दानी भएकोमा रु.८ करोड ४५ लाख १५ हजार खर्च भई रु.७८ लाख ४५ हजार मौज्दात रहेको छ। आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१ **आर्थिक प्रतिवेदन:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६० मा गाँउपालिका, नगरपालिका तथा जिल्ला समन्वय समितिले प्रचलित आर्थिक कार्याविधी कानून वमोजिम स्थानीय तह गठन मिति सम्मको प्रचलित ढाँचा वमोजिम आर्थिक प्रतिवेदन तयार गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। गाउँपालिकामा गाभिएका साविकका पाँच गाउँ विकास समितिले आर्थिक प्रतिवेदन पेश नगरी गाविसका नाममा वैंकमा रहेको मौज्दातको आधारमा रु. ३५ लाख ८९ हजार जिल्ला समन्वय समितिमा पठाएको छ। आर्थिक विवरण सहित मौज्दात विवरण पठाउने कार्य गर्नुपर्दछ।

२ **सम्पत्ति हस्तान्तरण:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ७९ र दफा ८१ मा गाउँपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिकामासञ्चालन भइ आएका स्थानीय स्तरका कार्यालय संरचना, चल अचल सम्पत्ति, सम्पन्न खानेपानी सिचाई जस्ता विकास निर्माण आयोजना स्वत: हस्तान्तरण हुने र हस्तान्तरण भएका सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेकोमा सो गरेको देखिएन। गठन आदेश बमोजिम गाँउपालिकाले यस्ता सम्पत्तिको लगत अध्यावधिक गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ।

३ **संचित कोष:** नेपालको संविधानको धारा २२९ मा गांउपालिका तथा नगरपालिकामा संचित कोषको व्यवस्था गर्नुपर्ने व्यवस्था छ। यो कोषमा गाउँ वा नगरपालिकाको कार्यक्षेत्र भित्र पर्ने सवै साविकमा गाउँ विकास समिति तथा नगरपालिकाले आफ्नो आन्तरिक आयवाट प्राप्त गरेको रकम जम्मा गर्नुपर्ने व्यवस्था छ। साविकका पाँच गाँउ विकास समितिलको खातामा रहेको रकम रु.२९ हजार गाँउपालिकाको संचितकोषमा दाखिला नभएकोले संचित कोषमा दाखिला गर्नुपर्दछ।

४ **वैक मौज्दात:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६५ मा चालु आर्थिक वर्षको अन्तमा वडाको खर्च खातामा रहेको वांकी सवै रकम सम्वन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकाले ९ वटा वडालाई उपलब्ध गराएको रकममा खर्च हुन बाँकी रकम रु.९ लाख ८३ हजार गाँउपालिकाको संचित कोष खातामा दाखिला नभएकोले संचित कोषमा दाखिला गर्नुपर्दछ।

५ **सवारी साधन खरिद:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ७० मा नेपाल सरकारवाट स्थानीय तहलाई उपलब्ध गराएको वजेट तथा स्रोतवाट कार्यालयको प्रयोजनको लागि सवारी साधन खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ। यस गाउँपालिकाले नेपाल सरकारवाट प्राप्त अनुदानवाट रु.२,३७,५००।०० मूल्यको मोटरसाइकल खरिद गरेको देखिएकोले निर्देशिका प्रतिकूल गरेको खर्च अनियमित देखिएको छ।

६ **पेश्की वाकी:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त विवरण अनुसार साविक आरुपोखरी गाँउ विकास समितिको विगतको रु.१ लाख ९६ हजार तथा यो वर्षमा दिएको रु.७३ हजार तथा साविकको आरुचनौटे गाँउ विकास समितिको विगतको रु.३ लाख १४ हजार समेत रु.५ लाख ८३ हजार पेश्की बाँकी रहेकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

### बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.१८ लाख ३२ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.१८ लाख ३२ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ। सो मध्ये नियमित गर्नुपर्ने रु.१२ लाख ४९ हजार र पेश्की रु.५ लाख ८३ हजार रहेको छ।

# गण्डकी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.१० लाख ४९ हजार र यो वर्षको आय रु.९ करोड ६४ लाख ७९ हजार समेत रु.९ करोड ७५ लाख २८ हजार आम्दानी भएकोमा रु.९ करोड २० लाख ६४ हजार खर्च भई रु.५४ लाख ६४ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१ **आर्थिक प्रतिवेदनः** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६० मा गाउँपालिका, नगरपालिका तथा जिल्ला समन्वय समितिले प्रचलित आर्थिक कार्याविधी कानून वमोजिम स्थानीय तह गठन हुनु अघि२०७३।११।२७ सम्मको छुट्टै रुपमा प्रचलित ढाचा वमोजिम आर्थिक प्रतिवेदन तयार गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । यस गाउँपालिकामा साविकका ५गाँउ विकास समितिहरु समावेश भई स्थानीय तह कायम भएकोमा सोको आर्थिक प्रतिवेदन पेश नगरी वैंकमा भएको मौज्दात रु. ३३ लाख ८४ हजारको मात्र विवरण पठाएको आधारमा जिल्ला समन्वय समितिमा गाविसका नाममा निकासा भएको रकम फिर्ता भएको छ । आर्थिक विवरण वेगर मौज्दात विवरण मात्र पठाउने कार्य नियमसंगत देखिएन ।

२ **सम्पत्ति हस्तान्तरणः** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ७९ र दफा ८१ मा गाउँपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिकामासञ्चालन भइ आएका स्थानीय स्तरका कार्यालय संरचना, चल अचल सम्पत्ति, सम्पन्न खानेपानी सिचाई जस्ता विकास निर्माण आयोजना स्वतः हस्तान्तरण हुने र हस्तान्तरण भएका सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेकोमा सो गरेको देखिएन । गठन आदेश बमोजिम गाँउपालिकाले यस्ता सम्पत्तिको लगत अध्यावधिक गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।

३. **वैक मौज्दातः** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६५ मा चालु आर्थिक वर्षको अन्तमा वडाको खर्च खातामा रहेको वांकी सवै रकम सम्वन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकाले ७ वटा वडालाई उपलब्ध गराएको रकममा खर्च हुन बाँकी रकम रु.१ लाख ९१ हजार गाँउपालिकाको संचित कोष खातामा दाखिला गरेको छैन । बाँकी रकम फिर्ता प्राप्त गरी संचित कोषमा दाखिला गर्नुपर्दछ ।

४. **पेश्की वाकीः** स्थानीय निकाय आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट प्राप्त विवरण अनुसार गाँउपालिकाले वडा सचिवहरुलाई विभिन्न शिर्षकमा दिएको पेश्की रु.३ करोड ५८ लाख ३८ हजार, साविक ताङ्लीचोक गाविसको रु.३१ हजार र दरबुङ गाविसको रु.६ लाख ६८ समेत रु.३ करोड ६५ लाख ३७ हजार पेश्की बाँकि रहेकोले कानुनी व्यवस्था बमोजिम असुल फछ्र्यौट गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.३ करोड ६७ लाख २८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.३ करोड ६७ लाख २८ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये नियमित गर्नुपर्ने रु.१ लाख २९ हजार र पेश्की रु.३ करोड ६५ लाख ३७ हजार रहेको छ ।

# चुमनुब्री गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.३ लाख २८ हजार र यो वर्षको आय रु.६ करोड १७ लाख ८० हजार समेत रु.६ करोड २१ लाख ०८ हजार आम्दानी भएकोमा रु.५ करोड २५ लाख २५ हजार खर्च भई रु. ९५ लाख ८३ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आर्थिक प्रतिवेदनः** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६० मा गाँउपालिका, नगरपालिका तथा जिल्ला समन्वय समितिले प्रचलित आर्थिक कार्याविधी कानून वमोजिम स्थानीय तह गठन मिति सम्मको प्रचलित ढाँचा बमोजिम आर्थिक प्रतिवेदन तयार गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। गाउँपालिकामा गाभिएका साविकका सात गाँउ विकास समितिले आर्थिक प्रतिवेदन पेश नगरी गाविसका नाममा वैंकमा रहेको मौज्दातको आधारमा रु. ३७ लाख २८ हजार जिल्ला समन्वय समितिमा पठाएको छ। आर्थिक विवरण सहित मौज्दात विवरण पठाउने कार्य गर्नुपर्दछ ।

२. **सम्पत्ति हस्तान्तरणः** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेश २०७४ को दफा ७९ र दफा ८१ मा गाउँपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिकामासञ्चालन भइ आएका स्थानीयस्तरका कार्यालय संरचना, चल अचल सम्पत्ति, सम्पन्न खानेपानी सिचाई जस्ता विकास निर्माण आयोजना स्वतः हस्तान्तरण हुने र हस्तान्तरण भएका सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेकोमा सो गरेको देखिएन । गठन आदेश बमोजिम गाँउपालिकाले यस्ता सम्पत्तिको लगत अध्यावधिक गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।

३. **वैक मौज्दातः** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेश २०७४ को दफा ६५ मा चालु आर्थिक वर्षको अन्तमा वडाको खर्च खातामा रहेको वांकी सवै रकम सम्वन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले ७ वटा वडालाई उपलब्ध गराएको मध्ये खर्च हुन बाँकी रु.३६ हजार गाँउपालिकाको संचित कोष खातामा दाखिला गरेको छैन । बाँकी रकम फिर्ता प्राप्त गरी संचित कोषमा दाखिला गर्नुपर्दछ ।

४. **सवारी साधन खरिदः** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेश, २०७४ को दफा ७० मा नेपाल सरकारवाट स्थानीय तहलाई उपलव्ध गराएको वजेट तथा स्रोतवाट कार्यालयको प्रयोजनको लागि सवारी साधन खरिद गर्न सकिने छैन भन्ने व्यवस्था भएतापनि गाउँपालिका र साविक गाविस कार्यालयले नेपाल सरकारवाट प्राप्त अनुदानवाट रु.९,८३,६००।० मूल्यको चारवटा मोटरसाइकल खरिद गरेको छ । साविक गा.वि.स.कायम रहँदा गाविस सचिवको लागी मोटरसाइकल खरिद गर्न पाउने भनि अर्थ मन्त्रालयको सहमति र स्थानीय विकास मन्त्रालयको परिपत्र अनुसार गाँउ परिषदबाट बजेट विनियोजन भएकोमा सविक वजेटको अधिनमा रहि खरिद गरेको देखिएन ।

५. **संचित कोषः** नेपालको संविधानको धारा २२९ मा गाउँपालिका तथा नगरपालिकामा संचित कोषको व्यवस्था गर्नुपर्ने व्यवस्था छ । यो कोषमा गाउँपालिका वा नगरपालिकाको कार्यक्षेत्र भित्र पर्ने सवै साविकमा गाउँ विकास समिति तथा नगरपालिकाले आफ्नो आन्तरिक आयवाट प्राप्त गरेको रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । साविक ७ गाँउविकास समितिको खातामा रहेको रु.३३ हजार गाँउपालिकाको संचितकोषमा दाखिला भएको नदेखिएकोले संचित कोषमा दाखिला गर्नुपर्दछ ।

### बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.१० लाख ५३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.१० लाख ५३ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये नियमित गर्नुपर्ने रु.१० लाख ५३ हजार रहेको छ ।

# धार्चे गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.५ लाख ९४ हजार र यो वर्षको आय रु.६ करोड ८६ लाख ६२ हजार समेत रु.६ करोड ९२ लाख ५६ हजार आम्दानी भएकोमा रु.६ करोड १६ लाख ७३ हजार खर्च भई रु.७५ लाख ८३ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आर्थिक विवरणको सुद्धता:** धार्चे गाउँपालिकाको आयव्यय विवरणमा रु.२,५३०।– र वडानं. लापुको रु.४,०००।– समेत रु.६,५३०।– समोवश नगरको उल्लेख गरी आन्तरिक लेखापरीक्षणवाट औल्याइएको छ । आर्थिक वर्षभित्र भएका सवै कारोवारको लेखा तथा आर्थिक विवरणमा समावेश नगरेकावाट आर्थिक विवरण यर्थाथ नरहेको देखिन्छ । स्थानीय तह सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश २०७४ वमोजिम यर्थाथपरक वित्तीय विवरणहरु तयार गर्नुपर्दछ ।

२. **आर्थिक प्रतिवेदन पेश :**स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६० मा गाउँपालिका, नगरपालिका तथा जिल्ला समन्वय समितिले आर्थिक कार्याविधी ऐन वमोजिम स्थानीय तह गठन मिति २०७३।११।२७अगाडिको आर्थिक प्रतिवेदन तयार गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । यस गाँउपालिकामा रहेका साविकका सात गाँउ विकास समितिले आर्थिक प्रतिवेदन पेश नगरी बैंकमा भएको मौज्दातको आधारमा जिल्ला समन्वय समितिमा निकासा भएको रकम फिर्ता गरेको छ । आर्थिक विवरण सहित रकम फिर्ता गर्ने व्यवस्था गर्नुपर्दछ ।

३. **सम्पत्ति हस्तान्तरण :**स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेश, २०७४ को दफा ७९ र दफा ८१ मा गाउँपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिकामासञ्चालन भइ आएका स्थानीय स्तरका कार्यालय संरचना, चल अचल सम्पत्ति, सम्पन्न खानेपानी सिचाई जस्ता विकास निर्माण आयोजना स्वतः हस्तान्तरण हुने व्यवस्था छ । सोही दफामा हस्तान्तरण भएका सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेकोमा गाँउपालिकाले साविकका ६ गाँउ विकास समितिमा सो गरेको देखिएन । गठन आदेश बमोजिम गाँउपालिकाले यस्ता सम्पत्तिको लगत अध्यावधिक गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।

४. **वैक मौज्दात :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६५ मा चालु आर्थिक वर्षको अन्तमा वडाको खर्च खातामा रहेको वांकी सवै रकम सम्वन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले वडाहरुलाई मिति २०७३।११।२८ देखि उपलव्ध गराएको रकम मध्ये वर्षान्त सम्म खर्च नभई वाकी रहेको रु.३ लाख ५३ हजार बैंक खातामा रहेकोले गाँउपालिकाको संचित कोषमा दाखिला गर्नुपर्दछ ।

५. **आन्तरिक आम्दानी:** स्थानीय निकाय आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६४ को नियम ६ कोष सञ्चालन सम्बन्धी व्यवस्थामा सवै प्रकारको आम्दानी गाँउ विकास समितिको कोषमा जम्मा गर्नुपर्ने र कोषवाट सिधै कार्यसञ्चालन स्तरको कारोवार गर्न नपाइने व्यवस्था छ । गाँउपालिकाका ३, ४, ५, ६ र ७ नं. वडाले आन्तरिक आम्दानी कोषमा जम्मा नगरी रु.२५ हजार सिधै खर्च गरेको पाइयो । नियमको पालना गरी आन्तरिक आम्दानी सिधै खर्च गर्ने व्यवस्थाको अन्त्य गरिनु पर्दछ ।

६. **संचितकोषः** नेपालको संविधानको धारा २२९ मा गांउपालिका तथा नगरपालिकामा संचित कोषको व्यवस्था गर्नुपर्ने व्यवस्था छ । यो कोषमा गाँउपालिका वा नगरपालिकाको कार्यक्षेत्र भित्र पर्ने सवै साविकमा गाँउ विकास समिति तथा नगरपालिकाले आफ्नो आन्तरिक आयवाट प्राप्त गरेको रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । साविक केरौजा, उहीया, लाप्राक र लापु गाँउविकास समितिको रु.७९ हजार गाँउपालिकाको संचितकोषमा दाखिला भएको देखिएन ।

७. **सवारी साधन खरिद :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेश, २०७४

को दफा ७० मा नेपाल सरकारवाट स्थानीय तहलाई उपलव्ध गराएको वजेट तथा स्रोतवाट कार्यालयको प्रयोजनको लागि सवारी साधन खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ । गाँउपालिकाले नेपाल सरकारवाट प्राप्त अनुदानवाट रु.१४ लाख ७५ हजार मूल्य बरावरका ६ वटा मोटरसाइकल खरिद गरेको छ । निर्देशिका प्रतिकूल हुने खरिद कार्यको अन्त्य गर्नुपर्दछ ।

८. **विल भरपाई:** स्थानीय निकाय आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६४ को नियम ९ मा बजेट र कार्यक्रमको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने र खर्च गर्दा खर्चको बीलभरपाई राख्नुपर्ने उल्लेख छ । साविकको गुम्दा गाँउविकास समितिले दैनिक भ्रमण भत्ता, औषधि ढुवानी र विद्यालय पोषाक शिर्षकमा खर्च गरेको रु.२ लाख २० हजार को खर्च प्रमाणित गर्ने वील भरपाई संलग्न रहेको पाइएन ।

९. **पेश्की वांकी:** स्थानीय निकाय आर्थिक प्रसाशनसम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा कार्यालयको आवश्यक कार्यको लागि दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । साविकको उहिया गाँउविकास समितिको रु.५० हजार, साविक काशि गाँउ विकास समितिको रु.२ लाख ४० हजार समेत रु.२ लाख ९० हजार पेश्की बाँकी रहेकोले फछ्र्यौट गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.२४ लाख १७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.२४ लाख १७ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये नियमित गर्नुपर्ने रु.२१ लाख २७ हजार र पेश्की रु.२ लाख ९० हजार रहेको छ ।

# भीमसेन गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.३ लाख ८२ हजार र यो वर्षको आय रु.९ करोड १८ लाख ५६ हजार समेत रु.९ करोड २२ लाख ३८ हजार आम्दानी भएकोमा रु.७ करोड ७९ लाख ७६ हजार खर्च भई रु.१ करोड ४२ लाख ६२ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आर्थिक प्रतिवेदन पेश :**स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेश, २०७४ को दफा ६० मा गाउँपालिका, नगरपालिका तथा जिल्ला समन्वय समितिले आर्थिक कार्याविधी ऐन वमोजिम स्थानीय तह गठन मिति २०७३।११।२७ अगाडिको आर्थिक प्रतिवेदन तयार गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । यस गाँउपालिकामा रहेका साविकका ६ गाँउ विकास समितिले आर्थिक प्रतिवेदन पेश नगरी बैंकमा भएको मौज्दातको आधारमा रु.५२ लाख १० हजार जिल्ला समन्वय समितिमा गाँउविकास समितिका नाममा निकासा भएको रकम फिर्ता गरेको छ । आर्थिक विवरण वेगर मौज्दात विवरण मात्र पठाउने कार्य नियमसंगत देखिएन ।

२. **सम्पत्ति हस्तान्तरण :**स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेश, २०७४ को दफा ७९ र दफा ८१ मा गाउँपालिका वा नगरपालिका गठन हुदा सोभित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिकामा सञ्चालन भई आएका स्थानीयस्तरका कार्यालय संरचना, चल अचल सम्पत्ति, सम्पन्न खानेपानी सिचाई जस्ता विकास निर्माण आयोजना स्वतः हस्तान्तरण हुने व्यवस्था छ । सोही दफामा हस्तान्तरण भएका सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेकोमा गाँउपालिकाले साविकका ६ गाँउ विकास समितिमा सो गरेको देखिएन । गठन आदेश बमोजिम गाँउपालिकाले यस्ता सम्पत्तिको लगत अध्यावधिक गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।

३. **वैक मौज्दातः** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६५ मा चालु आर्थिक वर्षको अन्तमा वडाको खर्च खातामा रहेको वांकी सवै रकम सम्वन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले वडाहरुलाई मिति २०७३।११।२८ देखि उपलव्ध गराएको रकम मध्ये वर्षान्त सम्म खर्च नभई वाकी रहेको रु.४ लाख ७५ हजार गाँउपालिकाको संचित कोषमा दाखिला गर्नुपर्दछ ।

४. **सवारी साधन खरिदः** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेश, २०७४ को दफा ७० मा नेपाल सरकारवाट स्थानीय तहलाई उपलब्ध गराएको वजेट तथा स्रोतवाट कार्यालयको प्रयोजनको लागि सवारी साधन खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ । गाउँपालिकालाई नेपाल सरकारवाट प्राप्त अनुदानवाट वडा नं. ७, ८ बोर्लाङले रु.२ लाख ५० हजार मूल्यको मोटरसाइकल खरिद गरेको छ । निर्देशिका प्रतिकूल हुने खरिद कार्यको अन्त्य गरिनु पर्दछ ।

५. **संचितकोषः** नेपालको संविधानको धारा, २२९ मा गांउपालिका तथा नगरपालिकामा संचित कोषको व्यवस्था गर्नुपर्ने व्यवस्था छ । यो कोषमा गाँउपालिका वा नगरपालिकाको कार्यक्षेत्र भित्र पर्ने सवै साविकमा गाँउ विकास समिति तथा नगरपालिकाले आफ्नो आन्तरिक आयवाट प्राप्त गरेको रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । साविकका ६ गाँउविकास समितिको खातामा रहेको रु.४ लाख ८ हजार गाँउपालिकाको संचित कोषमा दाखिला भएको नदेखिएकोले दाखिला गर्नुपर्दछ ।

६. **लागत अनुमानः** स्थानीय निकाय आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६४ को नियम ११ माखरिद कार्यका लागि तयार भएको लागत अनुमान तोकिए वमोजिमका अधिकारीबाट स्वीकृत गरी गाउँ विकास समितिको बैठकमा पेश गर्नु पर्ने व्यवस्था छ । बोर्लाङ गाविसले सरस्वती मा.वि. मर्मत र होइलाङ खानेपान आयोजना कार्यको लागत अनुमान रु.२ लाख ५० हजार स्वीकृत गरी गाँउ विकास समितिको वैठकमा पेश नगरेको र उपभोक्ता समितिसंग योजना कार्यान्वयन गर्न सम्झौता समेत गरेको पाइएन । नियमको व्यवस्था अनुसारका प्रक्रिया पुरा नगरी गरेको खर्च नियमसंगत देखिएन ।

७. **जग्गा धनीपुर्जा:** स्थानीय निकाय आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९ मा नगद वा जिन्सीमा कुनै किसिमको हिनामिना, हानी नोक्सानी वा लापरवाही समेत हुन नपाउने गरी नगद वा जिन्सी सुरक्षित राख्न उचित प्रबन्ध गर्नुपर्ने र खर्च भूक्तानी गर्दा रीत पुगे वा नपुगेको जांच गर्ने व्यवस्था छ। साविकको धावा गाँउविकास समितिले धावा स्वास्थ्यचौकी पुर्वाधार निर्माणका लागि जमिन खरिद गर्न रु.१,७५,०००।– भूक्तानी दिएकोमा उक्त जमिन स्वास्थ्य चौकीको स्वामित्वमा भएको जग्गा धनी प्रमाण पुर्जा लिएको पाइएन । खरिद भएको जमिन स्वास्थ्य चौकीको नाममा कायम भएको लालपुर्जा प्राप्त गर्नुपर्दछ।

८. **बिल भरपाई:** स्थानीय निकाय आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९ मा भूक्तानी गर्दा रीत पुगे वा नपुगेको जांच गर्ने व्यवस्था छ । धावा गाँउविकास समितिले उत्पादनमुखी कृषक समुहलाई वाग्मती गोट्स सिड्स केबलपुर धादिङबाट वोयर जातको ४६ गोटा बोका खरिद गरी वितरण गर्न रु.१ लाख ७३ हजार भूक्तानी भएकोमा कृषकलाई वोका वितरण गरेको भरपाई सहितको प्रतिवेदन संलग्न रहेको पाइएन ।

९. **वढी भूक्तानी:** स्थानीय निकाय आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९ मा विल भरपाई सहितको लेखा राख्ने र बील वमोजिमको रकम दिनुपर्ने व्यवस्था छ । वगुवा गाँउ विकास समितिले विविध खर्च रु.७९ हजार खर्च लेखेकोमा रु.६७ हजारको विल भरपाई मात्र रहेकोले विल भरपाई भन्दा वढी भूक्तानी रु.१२ हजार असुल गर्नुपर्दछ।

१०. **आम्दानी दाखिला:** स्थानीय निकाय आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६४ को नियम गाउँ विकास समितिको नाममा प्राप्त हुने सवै प्रकारको आम्दानी गाउँ विकास समिति कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ । अश्राङ गाँउ विकास समितिले मालपोत तथा सिफारिस वापत आम्दानी गरेको रु.१०,५००।० नगदी रसिद अभिलेख तथा कोषमा दाखिला गरेको देखिएन । नियमको व्यवस्था अनुसार समितिलाई प्राप्त हुने सवै रकमको नगदी रसिदको अधकट्टी सहित आम्दानी रकम यकिन गरी कोष दाखिला गर्नुपर्दछ।

११. **पेश्की वांकी:** स्थानीय निकाय आर्थिक प्रसाशनसम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा कार्यालयको आवश्यक कार्यको लागि दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । साविकको मसेल गाविसको रु.१ लाख ५० हजार, तान्द्रक गाविसको रु.४ लाख ४२ हजार, धावा गाविसको रु. १७ लाख ५९ हजार, वगुवा गाविसको रु. १ लाख २० हजार र बोर्लाङ गाविसको रु.११ लाख ४७ हजार समेत रु.३६ लाख १८ हजार पेश्की बाँकी रहेकोले नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्दछ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.५१ लाख ६९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.५१ लाख ६९ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ। सो मध्ये असुल गर्नुपर्ने रु.२३ हजार, नियमित गर्नुपर्ने रु.१५ लाख २८ हजार र पेश्की रु.३६ लाख १८ हजार रहेको छ।

# शहिद लखन गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.१९ लाख ८० हजार र यो वर्षको आय रु.१३ करोड ७७ लाख २५ हजार समेत रु.१३ करोड ९७ लाख ५ हजार आम्दानी भएकोमा रु.१२ करोड १६ लाख ७८ हजार खर्च भई रु.१ करोड ८० लाख २७ हजार मौज्दात रहेको छ। आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आर्थिक प्रतिवेदन:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेश, २०७४ को दफा ६० मा गाउँपालिका, नगरपालिका तथा जिल्ला समन्वय समितिले प्रचलित आर्थिक कार्याविधी कानून वमोजिम स्थानीय तह गठन हुनु अघि २०७३।११।२७ सम्मको छुट्टै रुपमा प्रचलित ढाचा वमोजिम आर्थिक प्रतिवेदन तयार गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। यस गाउँपालिकामा साविकका ६ गाँउ विकास समितिहरु समावेश भई स्थानीय तह कायम भएकोमा सोको आर्थिक प्रतिवेदन पेश नगरी बैंकमा भएको मौज्दात मात्र पठाएको आधारमा जिल्ला समन्वय समितिमा गाविसका नाममा निकासा भएको रकम फिर्ता भएको छ। आर्थिक विवरण वेगर मौज्दात विवरण मात्र पठाउने कार्य नियमसंगत देखिएन।

२. **संचित कोष:** नेपालको संविधानको धारा २२९ मा गांउपालिका तथा नगरपालिकामा संचित कोषको व्यवस्था गर्नुपर्ने व्यवस्था छ। यो कोषमा गाँउपालिकाको कार्यक्षेत्रभित्र पर्ने सवै साविकमा गाउँ विकास समितिले आफ्नो आन्तरिक आयवाट प्राप्त गरेको रकम जम्मा गर्नुपर्ने व्यवस्था छ। साविक ४ गाँउ विकास समितिले मौज्दात रु.६८ हजार गाउँपालिकाको संचित कोषमा दाखिला गरेको नदेखिएकोले दाखिला गर्नुपर्दछ।

३. **सम्पत्ति हस्तान्तरण :**स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेश, २०७४ को दफा ७९ र दफा ८१ मा गाउँपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिकामासञ्चालन भइ आएका स्थानीय स्तरका कार्यालय संरचना, चल अचल सम्पत्ति, सम्पन्न खानेपानी सिचाई जस्ता विकास निर्माण आयोजना स्वतः हस्तान्तरण हुने व्यवस्था छ। सोही दफामा हस्तान्तरण भएका सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेकोमा गाँउपालिकाले साविकका ६ गाँउ विकास समितिमा सो गरेको देखिएन। गठन आदेश बमोजिम गाँउपालिकाले यस्ता सम्पत्तिको लगत अध्यावधिक गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ।

४. **मौज्दात:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेश, २०७४ को दफा ६५ मा चालु आर्थिक वर्षको अन्तमा वडाको खर्च खातामा रहेको वांकी रकम सम्वन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। वडालाई उपलव्ध गराएको रकम मध्ये वर्षान्त सम्म खर्च नभई वाकी रहेको रु.२ लाख ३६ हजार गाउँपालिकको संचित कोषमा दाखिला भएको नदेखिएकोले संचित कोष दाखिला गर्नुपर्दछ।

५. **जिन्सी निरीक्षण:** स्थानीय निकाय आर्थिक प्रसाशनसम्बन्धी नियमावली, २०६४ को नियम २१४ मा जिन्सी निरीक्षण सम्बन्धी व्यवस्था रहेको छ। वक्राङ गाउँविकास समितिले जिन्सी निरीक्षण गरेको पाइएन। जिन्सी निरीक्षण नहुदा मालसामान हिनामिना हुनसक्ने भएकोले नियमको व्यवस्था अनुसार निरीक्षण गर्ने प्रतिवेदन लिने र प्रतिवेदनमाथी कारवाही गर्ने व्यवस्था हुनुपर्दछ।

६. **कर दाखिला:** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ माजिम्मेवार व्यक्तिले आफनो जिम्मामा आएको सरकरी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। विभिन्न भुक्तानीमा कट्टी गरेको अग्रिम कर मध्ये वक्राङ गाविसले रु.४८ हजार, मनकामना गाविसले रु.३३ हजार ताक्लुङ गाविसले रु.५ हजार समेत रु.८६ हजार दाखिला गरेको नदेखिएकोले दाखिला हुनुपर्दछ।

७. **आन्तरिक आम्दानी:** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ माजिम्मेवार व्यक्तिले आफनो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। साबिक मनकामना गा.वि.स.ले आन्तरिक आयबाट रु.३,५४,४३४।१५ आम्दानी गरेकोमा दाखिला नगरी नगद मोज्दात राखेकोले जरिवाना समेत गणना गरी असुल गर्नुपर्दछ।

८. **प्रमाण कागजात:** स्थानीय निकाय आर्थिक प्रसाशनसम्बन्धी नियमावली, २०६४ को नियम ९ मा आफूले जिम्मा लिएको नगद रकम र त्यसको हिसाब किताब, बील भरपाई वा प्रमाण राख्ने वा राख्न लगाउँने उत्तरदायित्व सचिवको हुने उल्लेख छ। साविक मनकामना गाँउविकास समिति हालको वडा नं.२ र ३ वाट मिति २०७३।३।१० मा बाल स्वास्थ्य अनुदान वापत वील भपाई वेगर रु.४२ हजार खर्च लेखेकोले उक्त खर्चको विल पेश गर्नुपर्दछ।

९. **पेश्की बाँकी:** स्थानीय निकाय आर्थिक प्रसाशनसम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा कार्यालयको आवश्यक कार्यको लागि दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ। साविक धैरुङ गाविसको रु.१ लाख ६० हजार, नामजुङ गाविसको रु.३ लाख ९८ हजार समेत रु.५ लाख ५८ हजार पेश्की वांकी रहेकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.१३ लाख ४४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.१३ लाख ४४ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ। सो मध्ये असुल गर्नुपर्ने रु.३ लाख ५४ हजार, नियमित गर्नुपर्ने रु.४ लाख ३२ हजार र पेश्की रु.५ लाख ५८ हजार रहेको छ।

# बेशी शहर नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.९७ लाख ५० हजार र यो वर्षको आय रु.२६ करोड ४८ लाख ८२ हजार समेत रु.२७ करोड ४६ लाख ३२ हजार आम्दानी भएकोमा रु.१९ करोड १८ लाख ३८ हजार खर्च भई रु.८ करोड २७ लाख ९४ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आन्तरिक नियन्त्रणको व्यवस्थाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकायले आ–आफ्नो कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा समयमै पेश्की फछ्र्यौट नगरेको अवस्थामा फिर्ता दाखिला रकममा ब्याज नलिएको, दैनिक तथा भ्रमण भत्ता खर्चको विल भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न नगरेको, खर्च भएको सबै विल भरपाईमा अधिकार प्राप्त अधिकारी बाट प्रमाणित भइसकेपछि भुक्तानी भएको जनाउने छाप लगाई नराखेको, जिन्सी निरीक्षण उपर कारबाही नगरेको, कन्टिन्जेन्सी खाता नराखेको, स्थानीय स्वायत्त शाशन ऐन, २०५५ को दफा १५०, १५५, र १५६ अनुसार नगरपालिका क्षेत्रमा भवन निर्माण गर्न चाहने ब्यक्ति वा सरकारी कार्यालयलाई अनुमति दिने कार्य गरेको देखिएन।

२. **सामाजिक सुरक्षा भत्ता :** सामाजिक सुरक्षा कार्यविधि, २०६९ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण गरेको विल, भरपाईमा अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरे तापनि भुक्तानी भएको छाप लगाएको पाइएन। सामाजिक सुरक्षा भत्ता रकम (बेसीशहर न.पा.वडा नं.७, ८ र ९ बाहेक) बैंक टाढा रहेको भनी लाभग्राहीको खातामा जम्मा गरेको पाईएन। वडा सचिव मार्फत ठुलो रकम पेश्की दिई वितरण गरेको पाईएकोले बैंक मार्फत नै लाभग्राहीको खातामा सा.सु. भत्ता रकम जम्मा गर्ने व्यवस्था गरी पेश्की दिई भत्ता वितरण गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ।

३. **नक्सा पास :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १५० मा नगरपालिका क्षेत्रमा भवन निर्माण गर्न चाहने व्यक्ति वा सरकारी कार्यलयले भवन निर्माण गर्ने अनुमतिको लागि भवनको नक्सा सहितिको तोकिएको ढाचामा नगरपालिका समक्ष दरखस्त दिनुपर्ने, दफा १५३ मा नगरपालिकाले जाँचवुझ गर्ने तथा दफा १५६ मा भवन निर्माण गर्न नक्सा पास गर्ने पर्ने उल्लेख भएकोमा यस नगरपालिकाको क्षेत्रमा भवन निर्माण गर्ने सरकारी कार्यालयले भवन निर्माणको अनुमति लिने गरेको देखिएन। यसबाट व्यवस्थित भवन निर्माणमा असर परेको छ भने नरपालिकाको आयश्रोतमा पनि प्रभाव पारेकोले सरकारी कार्यालयका भवन निर्माण गर्दा नक्सा पास गर्ने व्यस्था अवलम्वन गर्नु पर्ने देखिन्छ।

४. **लागत अनुमान** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था गर्न भएकोमा लागत अनुमान तयार गरको पाइएन।

५. **बाटो पीचः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ (१) (ङ) मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा सम्झौता कार्यान्वयन गर्दा सम्झौता अनुसार प्रगति अनुगमन गर्ने गुणस्तर पक्षको निरीक्षण परीक्षण गर्नुपर्ने उल्लेख छ। नियम १ र २ मा निर्माण व्यवसायीको ढिलाई को कारणबाट खरिद सम्झौता बमोजिमको काम सो स्म्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा सम्झौता रकमको १० प्रतिशतमा नवढने गरी साधारण तया प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पुर्वानिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष निम्न बाटोको कालोपत्रे गर्नका लागि निर्माण व्यवसायी संग ठेक्का सम्झौता गरेकोमा कालोपत्रे गरेको छैन सम्झौताको ५० प्रतिशत मात्र काम भएको मा अन्तिम वील उल्लेख गरि भुक्तानी गरेको पाइयो। कार्यालयले सम्झौता अनुसार प्रगति अनुगमन गुणस्तर निरीक्षण परीक्षण गरेको पाइएन सम्झौता बमोजिम काम सम्पन्न नगरेकोमा म्याद थप गर्ने कार्य र पूर्व निर्धारित क्षतिपूर्ति लिएको छैन। उक्त निर्माण कार्य अधुरो रहेको देखियो सो सम्बन्धमा कार्यालयको ध्यान दिनुपर्दछ।

६. **विरुवा खरिदः** देशभर हरियाली बढाई वातावरण मैत्री नगर तथा गाउँको प्रवधर्न गर्न,अभियानको रुपमा सच्चालन गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०७३।२।२८ को पत्र अनुसार २०७३।२।२७ मा सचिवस्तरीय निर्णय भएको पाइयो सो का लागी उपभोक्ता समिति ,टोलविकास संस्था विद्यार्थी परिचालन गरि कम्तीमा एक धर २ फलपुलको, बिरुवा गलाउने खाली ठाँउमा लागाउने र संरक्षण को व्यवस्था मिलाउने उल्लेख छ।कार्यालयले नागेन्द्र फलफुल नर्सरी वागवानी फर्मबाट २०७४।३।१५ मा लिची २४००, अनार २४००,प्रतिगोटा रु ६२। ले हुन आउने रु.२,९६,६००।– मा खरिद गरेको छ। त्यस्तै फलफुल नर्सरी वागवानी फर्म रौतहटको मिति २०७४।३।१८ को विरुवा खरिद बिल

अनुसार आँप २४००, रु.९०।७२ का दरले र अम्बा २४०० गोटा रु.३३।४७ का दरले रु.२,९८,०५६।– मा खरिद गरेको पाइयो । उक्त विरुवा वडा सदस्य, समाजसेवी, वडा अध्यक्षले बुझेको भरपाई पेश भएता पनि विरुवा बुझेको मिति खुलेको छैन । ड्राइभरले समेत हस्ते बुझेको छ । भरपाईमा केरमेट छ र खरिद गरेकोमध्ये आप लिची, अनार अम्बा १००, १०० गोटा गरी ४०० गोटाको बुझेको भरपाई नभएकोले सोको मूल्य रु २४८१९ असुल हुनुपर्छ, बाँकी भरपाई भएको अन्य विरुवा काहा वृक्षारोपण भयो र सोको व्यवस्थापन र संरक्षण को प्रभावकारी कार्यन्वयन भएको आधार प्रमाण पेश हुन आएन । अतः खर्चको सुनिश्चितता हुन सक्ने अवस्था रहेन असुल गर्नुपर्ने रु

७. **सार्वजनिक परीक्षण**: स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६ (प) मा उपभोक्ता समितिले गरेका कामको लागत मूल्य, कार्यस्थल, लागेको रकम उपभोक्ता समितिका पदाधिकारीको नामनामेसी, कार्य शुरु गर्ने, सम्पन्न गर्ने मिति समेत खुल्ने गरी सम्बन्धित कार्य स्थलमा होडिङ बोर्ड तथा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्बन्धित स्थानीय निकायमा प्रस्तुत गर्नुपर्ने व्यवस्था छ । रु.५ लाखभन्दा ठूला आयोजनाहरुमा मात्र सो विवरणको होडिङ बोर्ड राख्ने गरेको पाईयो । सम्पूर्ण आयोजनाहरुमा उक्त विवरण सहितको होडिङ बोर्ड राख्नुपर्दछ । अधिकांश आयोजनाहरु उपभोक्ता समितिबाट सञ्चालित भएका, साना आयोजनाहरु सञ्चालन भएका, योजनाको फरफारक गर्दा प्राविधिक नापजाँच गरेको, खर्च सार्वजनिकीकरण तथा सार्वजनिक परीक्षण गरेको देखिएतापनि आयोजनाहरुमा कार्यालयबाट नियमित अनुगमन गर्ने व्यवस्थाको पूर्ण रुपमा पालना गराउनुपर्दछ ।

८. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था छ । कार्यालयले जिन्सी निरीक्षण प्रतिवेदन तोकिएको ढाँचामा जिन्सी खाता अध्यावधिक गरी राख्नुपर्ने र नियमानुसार जिन्सी निरीक्षण गराई आवश्यक कारबाही गर्नुपर्दछ ।

९. **मौज्दात रकम :** आर्थिक वर्षको अन्तमा आन्तरिक आय समेतको नगरपालिका संचित कोषमा देखिएको रु.१,९२,६९,२५९।–, मध्ये सामाजिक सुरक्षा भत्ता रु.५,३४,३००।– बेरुजूमा जम्मा गरी बाँकी रहेको रु.१,८७,३४,९५९।–, धरौटी खाताको जम्मा रु.१३,४५,६७३।–, कर्मचारी कल्याण कोष खाताको रु.४६८२०९।–, विपद व्यवस्थापन कोष खाताको रकम रु.२,००,०००।– आ.व.२०७४/७५ मा अ.ल्या.गरी आम्दानी बाँध्नुपर्ने देखिन्छ । साथै साविकका चिती गा.वि.स.भई हाल बेसीशहर नगरपालिका वडा नं.११ को आर्थिक वर्षको अन्तमा बैंक मौज्दात देखिएको रु.३,०५६।– र साविकको बाझाखेत गा.वि.स.भई हाल बेसीशहर नगरपालिका वडा नं. १० को आर्थिक वर्षको अन्तमा बैंक मौज्दात देखिएको रु.३,२७,३२६।– नगरपालिकाको कोषमा दाखिला गर्नु पर्ने देखिन्छ ।

१०. **फ्रिज रकम** : अर्थ मन्त्रालयको २०७३।७४ को वजेट बाँडफाँड तथा खर्च गर्ने अख्तियारी माा चालू आ.व.मा खर्च नभई बाँकी रकमा फिर्ता गर्नुपर्ने उल्लेख छ । सामाजिक सुरक्षा भत्ता वितरण गर्न प्राप्त निकासामध्ये मौज्दात रहको रु.५,३४,३००।– कोष तथा लेखा नियन्त्रक कार्यालय मा फिर्ता गर्नुपर्नेमा नगरपालिकाको खातामा रहेको पाइएकोले उक्त रकम बेरुजू खातामा दाखिला गर्नुपर्ने आन्तरिक लेखापरीक्षणबाट समेत औल्याएकोमा लेखापरीक्षण अवधिसम्म पनि बेरुजू खातामा दाखिला गरेको प्रमाण पेश भएन ।

११. **कर दाखिला** : आयकर ऐन, २०५८ को दफा ९० अनुसार कर दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा कर दाखिला गर्न बाँकी रु.१,९४७– राजस्व दाखिला गर्नुपर्ने देखिएको छ ।

१२. **घटी आम्दानी** : आन्तरिक आय खाताको वार्षिक आर्थिक विवरण अनुसार अ.ल्या रु.१८,६०,६०१।– र यस वर्षको आम्दानी रु.६८,९२,२८६।– समेत जम्मा आम्दानी रु.८७,५२,८८८।– भएकोमा नगरपालिकाको २०७३।४।१ देखि २०७३।११। सम्मको एकीकृत आयव्ययमा रु.८७,२४,०८२।– मात्र आम्दानी देखाएकोले रु.२८,८०५।– घटी आम्दानी आयव्यय देखाएको छ । उक्त घटी आम्दानी को वैक मौज्दात प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.९ लाख १६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.९ लाख १६ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.२७ हजार र पेश्कि रु.८ लाख ८९ हजार रहेको छ ।

# मध्यनेपाल नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.२ करोड २० लाख ६१ हजार  र यो वर्षको आय रु. १२करोड ८० लाख ७४ हजार  समेत रु.१५ करोड १ लाख ३५ हजार आम्दानी भएकोमा रु.१२ करोड ६० लाख ३९ हजार खर्च भई रु.२ करोड ४० लाख ९६ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **जिन्सी सामान दाखिला:** आार्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ४७ (१) मा कार्यालयमा रहेको खरिद गरी वा नगरी वा कुनै प्रकारलले हस्तान्तरण भै वा बस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त जिन्सी सामानको बिबरण र मूल्य समेत खुलाइ जिन्सी कितावमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अध्याबधिक राख्नु पर्ने ब्यबस्था भएकोमा तपशिल बमोजिमका गोश्वार भौचर र मितिबाट खर्च लेखी खरिद भएका मालसामानको स्पेशिफिकेशन सहित आम्दानी बाँधेको कागज प्रमाण नदेखिएको हुँदा जिन्सी खाताका आम्दानी बाँध्नु पर्दछ।

२. **पेश्की फछ्र्यौट नभएको**: आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ७६ अनुसार पेश्की फछ्र्यौट गर्नुपर्नेमा रु ३०००।–कार्यालय संचालनको लागि उपलब्ध गराएको  पेश्की फछ्र्यौट भएको देखिएन ।

३. **करचुक्ता प्रमाण:**बोर्डिङ्ग चोक देखि चर्दी सम्मको २.२२२ किमी र रिस्ती बगैंचा देखि पुष्पलता क्याम्पस हुदै शिशाघाट तिलहार जोड्ने २.२५४ किमी मोटर बाटोको सर्भेक्षण कार्यको न्यू पलान्ट इन्जीनियरिङ संग रु ३,४८,५९३।- संझौता भइ खर्च लेखिएकोमा संझौता अनुसार प्राप्त भएका सर्भेक्षणका अन्तिम प्रतिबेदनहरु खर्च नहुने जिन्सी खातामा आम्दानी नबाँधेको आर्थिक तथा प्राबिधिक प्रस्ताव मागिएका तीन वटा परामर्शदातृ फर्महरुको प्रस्तावमा आ.ब. २०७१।०७२ को कर चुक्ता प्रमाण संलग्न भएकोमा आ.ब. २०७२।०७३ को कर चुक्ता वा संबन्धित आन्तरिक राजस्व कार्यालयमा आय बिबरण पेश गरेको प्रमाण संलग्न  भएको नदेखिएकाले करचुक्ता प्रमाण पेश हुनुपर्दछ ।

४. **जिन्सी आम्दानी:** कार्यालयको मिति २०७३।०८।२४ को बिज्ञापन अनुसार वतास प्रा.लि. पोखराबाट रु ३५,८४,५५०।-मा गाडी खरिद भएकोमा पुजिगत तर्फ बिनियोजन भएको रु ३० लाख र बाकी रु ५,८४,५५०।- आन्तरिक आयबाट खर्च लेखेको देखिन्छ । गाडी खरिद संबन्धमा मिति २०७३।९।२६ को मूल्यांकन अनुसार "सारभूत रुपमा प्रभावग्रही" उल्लेख गरेता पनि आर्थिक कार्यबिधि नियमाबली,२०६४ को नियम ३५ अनुसार अधिकार प्राप्त अधिकारीबाट गाडी खरिद गर्न स्वीकृत भएको निर्णय  र गाडीको पूरा मूल्य र स्पेशिफिकेन खोली खर्च नहुने जिन्सी खातामा आम्दानी बाँधेको कागज प्रमाण लेखापरीक्षणको समयमा उपलब्ध हुन आएन ।

५. **पेश्की अभिलेख र फछ्र्यौट:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्चका बिल भरपाई पे गर्ने व्यवस्था रहेकोमा आर्जन तथा बायो ग्यास ब्यबस्थापन तान्द्राङटकसारको नाममा रु२,९१,०००।-,समिभञ्याङ आय आर्जन समितको नाममारु २,९१,०००।- ओमवीर गुरुङ्गको नाममा रु ५,०६,०००।-सिखा सचेतना केन्द्रको भवन निर्माणको उपभोक्ता समितिको नाममा रु २,०५,५५०।- पे.फ गरी भुक्तानी गर्दा बिगत बर्षको बाँकी पेश्की अभिलेख, लागत इष्टिमेट, संझौता कार्यालय भवनको ड्इङ्ग डिजाइइन, मूल्यांकन र कार्य सम्पन्न प्रतिबेदन लेखापरीक्षणको समयमा उपलब्ध नभएकोले खर्च पुक्ष्ट्याई हुने प्रमाण कागजात पेश हुनु पर्दछ ।

६. **आन्तरिक आय:** आन्तरिक आय रु.३,५८,८४७।- देखिएकोमारु ३,५०,०००।- मात्र आम्दानी बाधेकोमा बाकी रु.८,८४७।- सम्बन्धित कर्मचारीबाट असुल गरी आम्दानी बाँधेको प्रमाण पेश हुनुपर्दछ ।

७. **जिन्सी दाखिला:** आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ४७ (१) अनुसार जिन्सी दाखिला गर्ने व्यवस्था रहेकोमा विभिन्न विद्यालयहरुमा मेशीनरी औजार एवं खेलकुद सामाग्री खरिद गरेको भनी रु.२,९१,८९०।- भुक्तानी दिइएकोमा जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश हुनु पर्दछ ।

८. **कर दाखिला:** उपभोक्ता समिति मार्फत कार्य गराइ गुम्वा निर्माणमा रु.१,९०,०००।- भुक्तानी भएकोमा देखिदा  डोर हाजिरी मार्फत भूक्तानी भएको पारिश्रमिक रु १,९०,०००।- को नियमानुसार कट्टि हुने सामाजिक सुरक्षा कर रु १९००।- असूल गरी संबन्धित राजस्व शिर्षकमा दाखिला हुनु पर्दछ ।

९. **प्रमाण कागजात:** नेटा मोटरबाटो मर्मतको कार्यमा संलग्न संबन्धितले रकम बुझिलिएको हस्ताक्षर बिनाको डोरहाजिर फारम र खर्च सार्बजनिक परिक्षण गरेको कागजात संलग्न नगरी खर्च लेखेको रु २,२०,०००।-को प्रमाण कागजात पेश हुनु पर्ने देखिन्छ ।

१०. **खरिद इकाईः** खरिद संबन्धी सबै प्रकारका काम नियमानुसार गर्न सार्वजनिक खरिद ऐन ,२०६३ को दफा ७ (३) अनुसार खरिद इकाई स्थापना गरी कार्यसंपादन गनुपर्ने देखिन्छ ।

११. **अनुगमनः**सामुहिक तथा ब्यक्तिगत आयआर्जन गरी जीवन स्तर उकास्ने उद्देश्यले जंगल कृषि फर्म गौवासे समिभञ्याङ्गबाट कृषि उपभोक्ता समिति सोतिपसललाई प्रति गोटा रु २०।- ले २४००० कागतीको बिरुवाको ढुवानी सहित रु २,५०,०००।- भुक्तानी भएकोमा कागती बिरुवाको संरक्षण र उपयोग संबन्धमा कार्यालयबाट अनुगमन हुनु पर्दछ ।

१२. **जिन्सी आम्दानीः** मध्यबिन्दु आय आर्जन तथा सचेतना केन्द्र लमजुङ्गलाई हाते ब्याग बनाउने तालिम संचालन गर्न रु २,३५,०००।- भुक्तानी लेखी उषा टेलर्स नेपालको इन्भ्वास नं. ५८८ मिति २०७४।३।३ बाट स्ट्याण्ड सहितको १५ थान सिलाई मेशिन खरिद गरी उपलब्ध गराइएकोमा तालिम समाप्त पछि ती सिलाई मेशीनहरु कहाँ कस्को जिम्मामा छन खोजी गरी आम्दानी बाँध्नु पर्ने देखिन्छ ।

१३. **बढी भुक्तानीः** भौचर नं.३६ मिति २०७४।०३।३० बाट : १) सार्वजनिक खरिद नियमावली २०६४ को नियमा १२३ (१) मा खरिद सम्झैता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजको भुक्तानी गर्दा कारोबारको सर्त बमोजिम प्राविधिक नाप जाच गरि नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । सोतीपसल बोडिङ्ग चोक बालोपत्रे गर्ने कामको निर्माण व्यवसायी हरिशान्ति निर्माण सेवालाई कामको मूल्याङ्कन तथा अन्तिम विल अनुसार खुद भएको काम रु ३७४८६९२।- भुक्तानी गर्नुपर्ने रु.३७५२४१३।- भुक्तानी गरेकाले बढी भुक्तानी भएको रु ३७२१।- को मूल्य अभिवृद्धि कर थप समेत ४२०४।– असुल गर्नुपर्दछ ।

१४. **बिल भरपाईः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा यस नियमावली बमोजिम खर्च गर्दा खर्चको विल भरपाई समेत लेखा राख्नुपर्ने उल्लेख छ । ठेक्का नं. MNM02/073/074 को रिस्ती बगैचा सिसा घाट कालोपत्रे कामको निर्माण व्यवसायी हरिशान्ति कन्सट्रक्सन लाई विल अफ क्वान्टिटिमा उल्लेखित विमा बापतको रु.२०००० ।- र सोही निर्माण व्यवसायी लाई ठेक्का नं. MNM)03/073/074 सोतीपसल बोडिङ्गचोक कालोपत्र कामको विल अफ क्वाटिटिमा उल्लेखित विमा बापतको रकम समेत गरि दुवै ठेक्काको गरी रु. ४००००।- भुक्तानी दिएकोमा विमाको प्रमाण पेश नभएकाले प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने देखिन्छ ।

१५. **उपभोक्ता समिति मार्फतको कामः** स्थानीय निकाय आर्थिक प्रशासन नियमाबली,२०६४ नियम ११५ मा उपभोक्ता समिति मार्फत काम गराउने ब्यबस्था छ । सो ब्यबस्था अनुसार उपभोक्ता समितिलाई जटिल प्राबिधिक पक्ष समाबेस भएको मेशिनरी बढि प्रयोग हुने काम दिन नहुनेमा उपभोक्ता समिति मार्फत भएको सबै काममा हेबी मेशिन प्रयोग गरेको पाइयो । उपभोक्ता समिति मार्फत कार्य गराउदा बढि जनश्रमदान उपयोग हुने र सो को मर्मत सुधारको जिम्मा समेत समितिले नै लिने हुदा उपभोक्ता समितिलाई जटिल प्राबिधिक पक्ष समाबेस भएको कार्य दिन नहुने नियममा ब्यबस्था भएकोले सो ब्यबस्था बिपरित उपभोक्ता समितिले डोजर आदि हेवी मेशिन प्रयोग गरेको छ । सो संबन्धमा संबन्धित निकायको ध्यान जानु पर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.२६ लाख ९६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.२६ लाख ९६ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.६ हजार, नियमित गर्नुपर्ने रु.१३ लाख ९४ हजार र पेश्कि रु.१२ लाख ९६ हजार रहेको छ ।

# राइनास नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.४१ लाख ७ हजार र यो वर्षको आय रु.१० करोड ९ लाख १३ हजार समेत रु.१० करोड ५० लाख २० हजार आम्दानी भएकोमा रु.८ करोड ९२ लाख ४१ हजार खर्च भई रु. १ करोड ५७ लाख ७९ हजार मौज्दात रहेको छ। आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्।

१. **आन्तरिक नियन्त्रण व्यवस्था**: आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकायले आ–आफ्नो कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा समयमै पेश्की फछ्र्यौट नगरेको अवस्थामा फिर्ता दाखिला रकममा व्याज लिने नगरेको, दैनिक तथा भ्रमण भत्ता खर्चको विल भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न नगरेको, कार्यालयको उदेश्य प्राप्तीमा आई पर्ने संभावित जोखिमहरु पहिचान नगरेको, खर्च भएको सबै विल भरपाईमा अधिकार प्राप्त अधिकारी बाट प्रमाणित भई सकेपछि भुक्तानी भएको जनाउने छाप लगाई नराखेको, जिन्सी निरीक्षण उपर कारबाही नगरेको, कन्टेन्जेन्सी खाता नराखेको, स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १५०, १५५ र १५६ अनुसार नगरपालिका क्षेत्रमाभवन-निर्माण गर्न चाहने व्यक्ति वा सरकारी कार्यालयलाई अनुमति दिने कार्य गरेको देखिएन।

२. **सामाजिक सुरक्षा भत्ताको अभिलेख:** सामाजिक सुरक्षा कार्यबिधि,२०६६ अनुसार सामाजिक सुरक्षा बितरणको मुचुल्का गर्नु पर्ने, सामाजिक सुरक्षा जिल्ला समन्वय समिति गठन गर्नु पर्ने ,बालबालिकाको जन्म मिति लगत राख्नु पर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ब्यक्तिहरुको नामनामेसी, नागरिकताको प्रमाण पत्र नं. खुलेको स्पष्ट बिबरण सहितको अभिलेख राख्नु पर्छ। सो बमोजिमको अध्यबधिक खाता नराखेकोले संबन्धित निकायको ध्यान जानुपर्दछ।

३. **लागत आनुमान संबन्धमा:**स्थानीय निकाय आर्थिक प्रशासन नियमाबली,२०६४ को नियम ६३ ले जुनसुकै निर्माण कार्य,मालसामान,परामर्श सेवा वा अन्य सेवा खरिदका लागि लागत अनुमान तयार गर्नु पर्ने ब्यबस्था गरेकोमा न.पा.अनुदान कार्यक्रम खर्च तर्फ संचालन भएका तालिम, परामर्श सेवा,आयबृद्धि कार्यक्रम, क्षमता अभिबृद्धि जस्ता कार्यक्रम संचालन गर्दा यस्ता कार्यक्रमको प्रस्तावना समेत लिई नियमानुसार लागत अनुमान तयार गरी स्वीकृत गर्न र कार्य संपन्नताको प्रतिबेदन लिई खर्च लेख्नु पर्ने देखिन आएको छ।

४. **बजेट कार्यन्वयन तथा खर्च**: न.पा.अनुदान कार्यक्रम तर्फ रु.३ करोड ५ लाख खर्च भएको मा२०७४ असार महिनामा रु.२ करोड ४९ हजार खर्च लेखी ८१ प्रतिशत खर्च भएकोमा वजेट कार्यन्वयन तथा खर्च संबन्धमा नेपाल सरकार, अर्थ मन्त्रालयबाट सालबसाली जारी हुने खर्च प्रतिशत अनुसार कार्यन्वयन गर्न ध्यानआकृष्ट गरिन्छ।

**५. श्रोत नखुलेको आम्दानी:**नगरपालिकाको रा.बा.बैक स्थित खाता नं. ३०४०३०१८१०३ मा मिति २०७४ जेष्ठमा रु.७,००,०००।- जम्मा भएको बैक स्टेटमेन्ट अनुसार देखिन आएकोमा कुन कार्यक्रम संचालनार्थ कहाँबाट जम्मा भएको हो एकिन गरी आम्दानी बाध्नु पर्ने देखिन्छ।

६. **जिन्सी तथा सम्पत्ती हस्तान्तरण र आम्दानी**: नगरपालिकामा समाहित भएका साविक नगरपालिका र गा.बि.स.हरुको नगद, बाकी पेश्कीको अभिलेख, फछ्यौट हुन बाकी बेरुजूको लागत, खर्च हुने तथा नहुने जिन्सी ,जिन्सी खाता र सम्पती, घर जग्गा र जग्गा धनि प्रमाण पूर्जा आदि बरबुझारथ गरी नगरपालिकामा आम्दानी बाधेको अभिलेख देखिएन। पूर्नसंरचना हुदा यस नगरपालिकामा गाभिएका साबिक नगरपालिका र गाउँ बिकास समितिमा रहेको नगद, जिन्सी तथा सम्पती,सवारी साधान,घर जग्गा र सो का प्रमाणहरु, अभिलेख, बहिखाता, कागजात आदि संबन्धित कर्मचारी वा पदाधिकारीबाट बरबुझारथ गरी आार्थिक कार्यबिधि नियमाबली,२०६४ को नियम ४७ र स्थानीय निकाय आर्थिक प्रशासन नियमाली, २०६४ को नियम २१२(१) अनुसार आम्दानी बाँधी र मूल्य नखुलेका मालसामानहरुको स्थानीय निकाय आर्थिक प्रशासन नियमाली, २०६४ को नियम २१२(४) अनुसार मूल्य कायम गरी अभिलेखहरु अध्यबधिकगर्नुपर्ने देखिन्छ।

७. **जिन्सी मालसामान:**गत आ.ब. २०७२।७३ को अन्तिम लेखापरीक्षण प्रतिबेदनमा उल्लेखित साबिक गाँउ बिकास समितिको जिन्सी मौज्दात बिबरण अनुसार र सो प्रतिबेदनमा समाबेश हुन छुट भएका मालसामान र घर जग्गा र अन्य संम्पत्तीहरु आम्दानी बाध्नु पर्दछ।

८. **राजस्व/कर**: आय कर ऐन २०५८ को दफ ९०(४) अनुसार अग्रिम आयकर कट्टि रकम महिना भुक्तानी भएको २५ दिनभित्र जम्मा गर्नुपर्नेमा करकट्टी रकम संबन्धित राजस्व शिर्षकमा २०७४ श्रावण २६ गते मात्र जम्मा गरेको पाइयो।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट लगती बेरुजू देखिएन।

# सुन्दरबजार नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.४२ लाख ९ हजार र यो वर्षको आय रु.१३ करोड २५ लाख ४८ हजार समेत रु.१३ करोड ६७ लाख ५७ हजार आम्दानी भएकोमा रु.१२ करोड १६ लाख १३ हजार खर्च भई रु.१ करोड ५१ लाख ४४ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **आन्तरिक नियन्त्रणको व्यवस्था**: आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकायले आ–आफ्नो कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागू गर्नु पर्ने व्यवस्था छ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा समयमै पेश्की फछ्र्योट नगरेको अवस्थामा फिर्ता दाखिला रकममा व्याज लिने नगरेको, दैनिक तथा भ्रमण भत्ता खर्चको विल भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न नगरेको, कार्यालयको उदेश्य प्राप्तीमा आई पर्ने संभावित जोखिमहरु पहिचान नगरेको, खर्च भएको सबै विल भरपाईमा अधिकार प्राप्त अधिकारी बाट प्रमाणित भई सकेपछि भुक्तानी भएको जनाउने छाप लगाई नराखेको, जिन्सी निरीक्षण उपर कारबाही नगरेको, आन्तरिक आय आर्जन (नगदी तथा एकिकृत सम्पत्ति कर) को कम्प्युटर सफ्टवयर प्रणालीमा अभिलेख राखिएको भए तापनि राजश्व आम्दानीको दैनिक बैंक दाखिला खाता नराखेको अवस्था रहेको छ ।

२. **उपभोक्ता समिति मार्फत काम:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ मा उपभोक्ता समिति मार्फत काम गराउने व्यवस्था छ । सो व्यवस्था अनूसार उपभोक्ता समितिलाई जटिल प्राविधिक पक्ष समावेश भएको मेसीनरी बढी प्रयोग हूने काम दिन नहूनेमा उपभोक्ता समिति मार्फत भएको केही काममा हेवी मेशीन प्रयोग गरेको पाइयो । उपभोक्ता समिति मार्फत कार्य गराउंदा जन श्रमदान उपयोग हूने र सो को मर्मत सूधारको जिम्मा समेत समितिले लिनू पर्ने हूंदा उपभोक्ता समितिलाई जटिल प्राविधिक पक्ष समावेश भएको कार्य दिन नहूने नियमको व्यवस्था प्रति सम्बन्धीत निकायको ध्यान जान जरुरी छ ।

३. **नक्सा पास:**स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १५० मा नगरपालिका क्षेत्रमा भवन निर्माण गर्न चाहने व्यक्ति वा सरकारी कार्यलयले भवन निर्माण गर्ने अनुमतिको लागि भवनको नक्सा सहितिको तोकिएको ढाचामा नगरपालिका समक्ष दरखस्त दिनुपर्ने, दफा १५३ मा नगरपालिकाले जाँचबुझ गर्ने तथा दफा १५६ मा भवन निर्माण गर्न नक्सा पास गर्ने पर्ने उल्लेख भएकोमा यस नगरपालिकाको क्षेत्रमा भवन निर्माण गर्ने सरकारी कार्यालयले भवन निर्माणको अनुमति लिने गरेको देखिएन । यसबाट व्यवस्थित भवन निर्माणमा असर परेको छ भने नरपालिकाको आयश्रोतमा पनि प्रभाव पारेकोले सरकारी कार्यालयका भवन निर्माण गर्दा नक्सा पास गर्ने व्यस्था अवलम्वन गर्नु पर्ने देखिन्छ ।

४. **कन्टिजेन्सी खाता:**नेपाल सरकार अर्थ मन्त्रालयको च.नं. ९६२, मिति २०७०/१/२४ गतेको परिपत्र अनुसार कार्यालयले निर्माण कार्यमा खर्च गर्ने रकमको ५ प्रतिशत रकम कन्टिजेन्सी खर्च गर्न पाउने व्यवस्था भएकोमा यस नगरपालिका कार्यालयले ३ प्रतिशत मात्र कन्टीजेन्सी रकम कट्टी गरी नगरपरिषद्बाट कार्यक्रम स्वीकृत गराई सो खर्च गरी सो को अभिलेख राखेको पाईयो । २ प्रतिशत पुँजी निर्माणमा खर्च गर्न मिल्नेमा सो गरेको पाईएन ।

५. **आम्दानी सम्बन्धमा:** साविक गाउँमा विकास समितिहरु चन्द्रेश्वर र सिंदुरेले नगरपालिका गठन भए पश्चात नगदी रसिदबाट प्राप्त भएको आन्तरिक आम्दानी नगरपालिकाको आन्तरिक आय खातामा जम्मा गरेको पाईयो । तर साविकको दुराडांडा र धुसेनी गा.वि.स.ले प्राप्त रकम गाउं परिषद्बाट स्वीकृत कार्यक्रममा खर्च गरेको पाईयो । साथै नगरपालिका कार्यालयमा कम्प्युटर सफ्टवयर प्रणालीबाट कर, दस्तुर असुल गरेको र सो सेवा वडा कार्यालयहरुमा समेत विस्तार गर्नु पर्ने देखिन्छ ।

६. **सार्वजनिक परीक्षण:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६ (प) मा उपभोक्ता समितिले गरेका कामको लागत मूल्य, कार्यस्थल, लागेको रकम उपभोक्ता समितिका पदाधिकारीको नाम नामेसी, कार्य शुरु गर्ने, सम्पन्न गर्ने मिति समेत खुल्ने गरी सम्बन्धित कार्य स्थलमा होडिङ बोर्ड तथा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्बन्धित स्थानीय निकायमा प्रस्तुत गर्नु पर्ने व्यवस्था छ । रु. ५ लाख भन्दा ठुला आयोजनाहरुमा मात्र सो विवरणको होडिङ बोर्ड राख्ने गरेको पाईयो। सम्पुर्ण आयोजनाहरुमा उक्त विवरण सहितको होडिङ बोर्ड राख्नु पर्दछ । अधिकांश आयोजनाहरु उपभोक्ता समितिबाट संचालित भएका, साना आयोजनाहरु सञ्चालन भएका, योजनाको फरफारक गर्दा प्राविधिक नापजाँच गरेको, खर्च सार्वजानिकीकरण तथा सार्वजानिक परीक्षण गरेको देखिए तापनि

आयोजनाहरुमा कार्यालयबाट नियमित अनुगमन गर्ने व्यवस्थाको पूर्ण रुपमा पालना गराउनु पर्दछ ।

७. **बुरबुझारथः**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं.२०७३/७४ च.नं. १।१।३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोवार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको नगरपालिकामा बरबुझारथ गरी नियमानुसार पेश्की फछ्यौट तथा बेरुजू सम्परिक्षण कार्य गर्नुपर्दछ ।

८. **जिन्सी निरीक्षण**ः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था छ । कार्यालयले जिन्सी निरीक्षण प्रतिवेदन तोकिएको ढाँचामा जिन्सी खाता अध्यावधिक गरी राख्नुपर्ने र नियमानुसार जिन्सी निरीक्षण गराई आवश्यक कारबाही गर्नुपर्दछ ।

९. **मौज्दात रकमः** आर्थिक वर्षको अन्तमा आन्तरिक आय समेतको नगरपालिका संचित कोषमा संचित देखिएको रु.१,६१,११,९४१।१२, मध्ये सामाजिक सुरक्षा भत्ता रु.२५,२९,५७७। बेरुजूमा जम्मा गरी बांकी रहेको रु.१,३५,८२,३६४।१२, धरौटी खाताको जम्मा रु.५,२७,५५१।, कर्मचारी कल्याण कोष खाताको रु.२,८१,४४८। आ.व. २०७४/०७५ मा अ.ल्या. गरि आम्दानी बांध्नु पर्ने देखिन्छ । साथै आ.व. २०७३/०७४ मा मौज्दात देखिएको साविकको चन्द्रेश्वर गा.वि.स.हाल सुन्दरबजार नगरपालिका वडा नं.३ को रु..२,९९०।, वडा नं. ४ कायम भएको दुराडांडाको रु.५८२४।, वडा नं.१० कायम भएको धुसेनीको रु.३०००। र वडा नं. ११ कायम भएको सिंदुरेको रु.३०००।– नगरपालिकाको संचित कोषमा दाखिला गर्नु पर्ने देखिन्छ ।

१०. **कर कट्टीः** आयकर ऐन २०५८ को दफा ८९ मा कर कट्टी सम्बन्धी व्यवस्था छ । कार्यालयले वैठक भत्ता रु.१८,०००।– भुक्तानी गर्दा अग्रिम कर रु.२५२०।– कट्टी गरेको नदेखिएकोले असुल गर्नु पर्ने देखिन्छ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.१ करोड ४४ लाख २७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्यौट नगरेकोले रु.१ करोड ४४ लाख २७ हजार फछ्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.२ हजार र पेश्कि रु.१ करोड ४४ लाख ६ हजार रहेको छ ।

# कव्होलासोथार गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.५ लाख ३५ हजार र यो वर्षको आय रु.३ करोड ९५ लाख ५४ हजार समेत रु.४ करोड ८९ हजार आम्दानी भएकोमा रु.३ करोड ३८ लाख १६ हजार खर्च भई रु.६२ लाख ७३ हजार मौज्दात रहेको छ। आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्।

१. **साबिक गा.वि.स.को मौजदात:** फाल्गुण २७ पछि साविक गा.वि.स.को चालू, संचालन, पूंजीगत र आन्तरिक आय खातामा रहेको मौज्दात रकम गाउँपालिकाको खातामा फिर्ता गरी गाउँपालिकाले खर्च गर्नुपर्ने वा पेश्की स्वरुप वडाहरुलाई खर्च गर्न दिनुपर्नेमा वडाहरुलाई नै सिधै खर्च गर्न दिइएको देखियो।

२. **आन्तरिक नियन्त्रण व्यवस्था:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकायले आ–आफ्नो कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागू गर्नु पर्ने व्यवस्था छ। कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा दैनिक तथा भ्रमण भत्ता खर्चको विल भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न नगरेको, खर्च भएको सबै विल भरपाईमा अधिकार प्राप्त अधिकारी बाट प्रमाणित भई सकेपछि भुक्तानी भएको जनाउने छाप लगाई नराखेको, साविकका वडाहरुमा रहेका जिन्सी सामानहरु गाउँपालिकाबाट निरीक्षण गरी प्रतिवेदन नलिएको र गाउँपालिकाको खातामा आम्दानी नबाँधिएको, जटिल प्राविधिक पक्ष समावेश भएको मेशिनरीको बढी प्रयोग हुने काम उपभोक्ता समिति मार्फत गरेको अवस्था रहेको छ।

३. **कर दाखिला:** आयकर ऐन २०५८ को दफा ९० मा दफा ८८ र ८९ बमोजिम कट्टी गरिएको कर दाखिला गर्ने व्यवस्था रहेको छ। साबिक गिलुङ गा.वि.स. को रु.५,०७०।००, साबिक भिजुङ गा.वि.स. को रु.२७३६।०, साबिक भोजे गा.वि.स.को रु.३०००।०र साबिक मालिङ गा.वि.स. को रु.५४।० समेत रु.१०,८६०।० कर कट्टी दाखिला भएको नदेखिएकोले राजस्व दाखिला हुनुपर्दछ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.११ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.११ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ।

# दुधपोखरीगाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.६ लाख २८ हजार र यो वर्षको आय रु.३ करोड ११ लाख ६० हजार समेत रु.३ करोड १७ लाख ८८ हजार आम्दानी भएकोमा रु.२ करोड ४६ लाख २६ हजार खर्च भई रु.७१ लाख २६ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **बरबुझारथ र पेश्कि बाँकी:** संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयको प.स. २०७३।०७४ च.नं.११३/४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोवार तथा खाता संचालन संबन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साबिक गाउँ बिकास समितिको नाममा रहेको निम्न पेश्की तथा जिन्सी सामान समायोजन भएको गाउँपालिका कायम गरी नियमानुसार पेश्की फछ्यौट तथा बेरुजूको संपरीक्षण कार्य गर्नु पर्ने र संपत्तिको बरबुझारथ गर्नुपर्नेमा बरबुझारथ गरेको नदेखिएको तथा साबिक दुधपोखरी गा.वि.स.को रु.२५,०००।०, साबिक विचौर गा.वि.स.को रु.५६,९४१।५८, इलमपोखरी गा.वि.स.को रु.७,७८,६५०।०, कोल्की गा.वि.स.को रु.२,४८,५०००।०, गौंडा गा.वि.स.को रु.३९,०००।०,समेत रु.१०,९७,०९१।५८ पेश्कि बाँकी देखिएकोले फछ्र्यौट गर्नुपर्दछ ।

२. **जिन्सी दाखिला:** आार्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ४७ (१) मा कार्यालयमा रहेको खरिद गरी वा नगरी वा कुनै प्रकारलले हस्तान्तरण भै वा बस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त जिन्सी सामानको बिबरण र मूल्य समेत खुलाइ जिन्सी कितावमा सात दिन भित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अध्याबधिक राख्नु पर्ने ब्यबस्था भएकोमा साबिक दुधपोखरी गा.वि.स.ले मोटरसाइकल समेतका रु.३,८६,६८७।०, साबिक विचौर गा.वि.स.ले रु.३,१३,१६७।०, इलमपोखरी गा.वि.स.ले रु.४,११,३५७।०, साबिक कोल्की गा.वि.स.ले रु.५,८७,४९३।०, गौंडा गा.वि.स.को रु.१,५८,६००।३५, दुधपोखरी गाउँपालिका वडा नं.१ ले रु.३,७१,९११।०,दुधपोखरी गाउँपालिका वडा नं.३ र ४ ले रु.३,८३,८६७।०, गाउँपालिका वडा नं.५ ले रु.१,१५,४००।० समेत रु.२७,२८,४८२।३५ मूल्यका जिन्सी सामान स्पेसिफिकेशन समेत खोली आम्दानी बाँधेको देखिएन ।

**३.** **कर दाखिला:** प्रबिधिक सहायक श्री आश्विन कुमार सुबेदीलाई कन्टेन्जेन्सीबाट रु ५०,०००।- खर्च लेखि पारिश्रमिक भुक्तानी दिइएकोमा सामाजिक सुरक्षा कर रु.५००।- कट्टि गरी संबन्धित राजस्व शिर्षकमा जम्मा गरेको नदेखिएको हुँदा सो कर रकम असुल हुनुपर्दछ ।

४. **आन्तरिक आम्दानी:** आन्तरिक आम्दानी नगद तहबिलमा आम्दानी बाँधी सोझै नगदबाट खर्च लेख्ने गरेकोमा आम्दानीलाई बैक जम्मा नगरी सिधै नगदबाट खर्च लेख्ने पद्दति अन्त्य गर्नु पर्छ ।

**५.** **लागत अनुमान:** स्थानीय निकाय आर्थिक प्रशासन नियमाबली, २०६४ को नियम ६३ ले जुनसुकै निर्माण कार्य,मालसामान,परामर्श सेवा वा अन्य सेवा खरिदका लागि लागत अनुमान तयार गर्नु पर्ने ब्यबस्था गरेकोमा तालिम, परामर्श सेवा, आयबृध्दि कार्यक्रम क्षमता अभिबृध्दि जस्ता कार्यक्रम संचालन गर्दा कार्यक्रमको प्रस्तावना, लागत अनुमान स्वीकृत नगरेकोले लागत अनुमान स्वीकृत गर्ने र कार्य संपन्नताको प्रतिबेदन लिई खर्च लेख्नुपर्ने देखिन्छ ।

६. **खरिद इकाई:** खरिद संबन्धी सबै प्रकारका काम नियमानुसार गर्न सार्बजनिक खरिद ऐन, २०६३ को दफा ७(३) अनुसार खरिद इकाई स्थापना गरी कार्यसंपादन गर्नुपर्ने देखिन्छ ।

### बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.३८ लाख ७५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.३८ लाख ७५ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.५० हजार, नियमित गर्नुपर्ने रु.२७ लाख २८ हजार र पेश्की रु.१० लाख ९७ हजार रहेको छ ।

# दोर्दी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.७ लाख ९५ हजार र यो वर्षको आय रु.४ करोड ८८ लाख ८३ हजार समेत रु.४ करोड ९६ लाख ७८ हजार आम्दानी भएकोमा रु.४ करोड ४३ लाख ७८ हजार खर्च भई रु.५३ लाख मौज्दात रहेको छ। आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्।

१. **बरबुझारथ र पेश्कि बाँकी:** संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयको प.स. २०७३।०७४ च.नं.११३/४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोवार तथा खाता संचालन संबन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साबिक गाउँ बिकास समितिको नाममा रहेको निम्न पेश्की तथा जिन्सी सामान समायोजन भएको गाउँपालिका कायम गरी नियमानुसार पेश्की फछ्यौट तथा बेरुजूको संपरीक्षण कार्य गर्नु पर्ने रसंपत्तिको बरबुझारथ गर्नुपर्नेमा बरबुझारथ गरेको नदेखिएको तथा साबिक भारते गा.वि.स.को रु.२७,०००।०, अर्चलबोट गा.वि.स.को रु.११,०००।०, श्रीभन्ज्यांग गा.वि.स.को रु.८,०००।०, नौथर गा.वि.स.को रु.३८,०००।०, ढोडेनी गा.वि.स.को रु.२,४४,६५९।३०, फालेनी गा.वि.स.को रु.५१,४१६।०, बन्सार गा.वि.स.को रु.४५,६४०।०, हिलेटक्शार गा.वि.स.को रु.३,३०,९५३।०, समेत रु.७,५६,६६८।३० पेश्कि बाँकी देखिएकोले फछ्यौंट गर्नुपर्दछ।

२. **जिन्सी दाखिला:**आार्थिक कार्यबिधि नियमाबली,२०६४ को नियम ४७ (१) मा कार्यालयमा रहेको खरिद गरी वा नगरी वा कुनै प्रकारलले हस्तान्तरण भै वा बस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त जिन्सी सामानको बिबरण र मूल्य समेत खुलाइ जिन्सी कितावमा सात दिन भित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अध्याबधिक राख्नु पर्ने ब्यबस्था भएकोमा साबिक श्रीभन्ज्यांग गा.वि.स.ले मोटरसाइकल समेतका रु.५,३९,००३।-, साबिक पाचोक गा.वि.स.ले रु.२,३४,९००।०, साबिक ढोडेनी गा.वि.स.ले रु.२,३७,६१७।०, साबिक फलेनी गा.वि.स.ले रु.३,४८,२१७।०, दोर्दी गाउँपालिकाले रु.१,००,२५०।०, दोर्दी गाउँपालिका वडा नं.६ ले रु.५०,०००।०,मूल्यका जिन्सी सामान स्पेसिफिकेशन समेत खोली आम्दानी बाँधेको देखिएन।

३. **असम्बन्धित खर्च**: साबिक श्रीभन्ज्यांग गा.वि.स.ले इन्टरनेट जडान कार्यको संलग्न बिल तथा कागजात अनुसार TP Link Pointer, Rauter जडान समेत रु.३९२००।- खर्च लेख्नु पर्नेमा रु.१०,८००।- अन्य खर्च लेखेको देखिदा उक्त रकम असूल हुनु पर्ने देखिन्छ

४. **प्रोफाइल तयार नभएको**: साबिक श्रीभन्ज्यांग गा.वि.स.ले भिलेज प्रोफाइल तयार गर्न रु ४९,२५०।-खर्च लेखेकोमा खर्च भौचर साथ टर्म्स अफ रिफेरेन्स, खर्चको फाटबारी, भिलेज प्रोफाइल पेश भएको नदेखिएकोले उक्त रकम असूल हुनु पर्दछ।

५. **आम्दानी बाधेको प्रमाण बेगर खर्च:**मन्ज्याङ बाल संरक्षण तथा संम्बर्धन समिति मार्फत ४ सेट प्रोजेक्टर खरिद गरी बिद्यालयहरुमा बितरण गर्न रु.२,४०,०००।- खर्च लेखेकोमा ती प्रोजेक्टरहरु कुन कुन बिद्यालयमा बितरण गरी आम्दानी बाँधिएको प्रमाण नदेखिएकाले आम्दानी बाधेको प्रमाण पेश हुनुपर्दछ।

६. **कर दाखिला**: प्राबिधिक श्री आश्वीन सुबेदीलाई पारिश्रमि रु.८०,०००।- खर्च लेखि भुक्तानी दिएकोमा सा.सु.कर रु.८००।- संबन्धित राजस्व खातामा दाखिला भएको नदेखिएकोले उक्त कर रकम असुल गर्नुपदृछ।

७. **आन्तरिक लेखापरीक्षण:** साकि पाचोक गा.वि.स.को आन्तरिक लेखा परीक्षणबाट कायम भएको कर दाखिला नभएको रु.७३,३२२।- कर दाखिला भएको प्रमाण पेश हुनुपर्दछ। १)

८. **अनुदान खर्च**: साबिक ढोडेनी गा.वि.स.ले बिद्युत बिस्तार कार्य गर्न मेमोपोखरी सहकारी संस्थाको रा.बा.बैक ,बेसीशहर शाखामा रहेको हि.नं.३१८३ मा रु.५,६०,०००।- जम्मा गरेकोमा गाँउ परिषदबाट रकम बिनियोजन गरेको प्रमाण, स्वीकृत लागत अनुमान, कार्यको संस्थागत संझौता, खर्चका प्रमाणित कागजात, मूल्यांकन, नापी किताव र कार्यसंपन्न प्रतिबेदन पेश नभएकोले प्रमाण कागजात पेश हुनुपर्दछ।

९. **अनुदान खर्च**: साबिक फलेनी गा.वि.स.ले बिद्युत बिस्तार कार्य गर्न मेमोपोखरी सहकारी संस्थाको रा.बा.बैक, बेसीशहर शाखामा रहेको हि.नं.३१८३ मा रु.८,१२,१८०।- जम्मा गरेकोमा गाँउ परिषदबाट रकम बिनियोजन गरेको प्रमाण, स्वीकृत लागत अनुमान, कार्यको संस्थागत संझौता, खर्चका प्रमाणित कागजात, मूल्यांकन, नापी किताव र कार्यसंपन्न प्रतिबेदन पेश नभएकोले प्रमाण कागजात पेश हुनुपर्दछ।

१०. **अनुदान खर्च**: साबिक बन्सार गा.वि.स.ले बिद्युत बिस्तार कार्य गर्न मेमोपोखरी सहकारी संस्थाको

रा.बा.बैक,बेसीशहर शाखामा रहेको हि.नं.३१८३ मा रु.५०,०००।- जम्मा गरेकोमा गाँउ परिषदबाट रकम बिनियोजन गरेको प्रमाण,स्वीकृत लागत अनुमान, कार्यको संस्थागत संझौता, खर्चका प्रमाणित कागजात, मूल्यांकन, नापी किताव र कार्यसंपन्न प्रतिबेदन पेश नभएकोले प्रमाण कागजात पेश हुनुपर्दछ ।

११. **कर दाखिलाः** आयकर एुन,२०५८ को दफा ९०(४) अनुसार कट्टि भएको अग्रिम आय कर रकम महिना भुक्तान भएको २५ दिन भित्र दाखिला गर्नु पर्ने ब्यबस्था भएकोमा साबिक दोर्दी गा.वि.स.ले रु.७२५२।- अग्रीम कर कट्टी भएकोमा रु.२२४०।- मात्र दाखिला भएको देखिएकाले रु.५०१२।- को कर दाखिला प्रमाण पेश गर्नुपर्ने देखिन्छ ।

१२. **लागत अनुमानः** दोर्दी गाउँपालिकाले बेलघारी लाकुरी भञ्ज्याङ्ग सम्मको मोटरबाटोको रु.३८३१५२।- उपभोक्ता समितिलाई भुक्तानी भएकोमा उक्त कार्यको लागत अनुमान र संझौता पत्र लेखापरिक्षण समयमा उपलब्ध नभएकोले उक्त खर्चको प्रमाण कागज पेश गर्नु पर्ने देखिन्छ ।

१३. **अग्रिम कर दाखिलाः** दोर्दी गाउँपालिकाले जेष्ठ नागरीक अवलोकन भ्रमण अर्न्तगत ना.४ ख १७१९ नं को बस भाडामा लिई ५० जना जेष्ठ नागरीकलाई तनहु देवघाट धामको अबलोकन गराएको सवारी भाडा रु.३८,०००।- खर्च लेखेकोमा भाडा कर रु ३,८००।- अग्रिम कट्टि गर्नु पर्नेमा रु.९७५।- कट्टि गरेको देखिदा बाकी रु.२,८२५।- संबन्धित राजस्व खातामा जम्मा गरेको प्रमाण पेश हुनुपर्दछ ।

१४. **पेश्की बाँकीः** दोर्दी गाउँपालिकाले एम्बुलेन्स खरिद गर्न दोर्दी गाउपालिका वडा नं. २ का अध्यक्ष तथा अर्चलबोट स्वास्थ्य चौकी एम्वुलेन्स खरिद तथा संचालन उप समितिका सदस्य श्री गोबिन्द अधिकारीलाई रु.१४,४०,०००।- पेश्की दिइएकोमा आ.व.को अन्त्यसम्ममा पेश्कि फछ्र्यौट नभएकोले आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ७४ अनुसार पेश्की फछ्र्यौट गर्नु पर्ने देखिन्छ ।

१५. **नगदबाट खर्चः** आन्तरीक स्रोत तर्फ आम्दानी भएको नगद रकम बैक जम्मा नगरी नगद बाट खर्च लेख्ने गरेकोले बैक मार्फत खर्च लेख्ने ब्यबस्था मिलाउनु पर्ने देखिन्छ ।

१६. **जिन्सी आम्दानी**ः दोर्दी गाउँपालिका वडा नं.७ ले अमर आधारभुत बिद्यालयलाई प्रोजेक्टर र साउण्ड सिस्टम वापत रु.९०,०००।-,४ बिद्यालयलाई १/१ थान ल्यापटप र डाटा हार्डडिक्स वापत रु.३,४६,९९५।-, दोर्दी गाउँपालिका वडा नं.८ ले ६ बिद्यालयलाई कम्प्युटर समेतका सामाग्री वापत रु.२,४५,०००।-, खर्च लेखेकोमा सामाग्रीहरु बिद्यालयमा आम्दानी बाधेको पुष्टि हुने कागज प्रमाणहरु नदेखिएकाले आम्दानी बाधेको प्रमाण पेश गर्नु पर्ने देखिन्छ

१७. मोटरसाइकल खरिद समेतको लागि रु.२,५०,०००।- खर्च लेखेकोमा देखिएका व्यहोरा निम्नानुसार छन् :

१७.१. **जिन्सी दाखिलाः** आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ४७ अनुसार जिन्सी आम्दानी गर्नुपर्ने व्यवस्था छ ।अटो वर्क प्रा.लि. बेसीशहरबाट रु.२,०१,९००।- मूल्यकोमोटरसाइकल खरिद गरेकोमा स्पेशिफिकेशन खोलि आम्दानी बाधेको कागज प्रमाण पेश नभएकोले आम्दानी बाधेको प्रमाण पेश गर्नु पर्दछ ।

१७.२. **भ्रमण आदेश स्वीकृतः** भ्रमण खर्च नियमाबली, २०६४ को नियम ३ अनुसार भ्रमण आदेश स्वीकृत नगराइ वडा सचिव श्री गोबिन्द बहादुर राउत मोटर साइकल खरिद गर्ने उद्देश्य राखि २०७४।३।१५ देखि २०७४।३।२१ र २०७४।३।२३ देखि २०७४।३।२९ सम्म बेसीशहर काज देखाइ रु.१६,४००।- भुक्तानी लिएकोमाभ्रमण अवधिमा निज कार्यालयमा नै बसी काम गरेको गोश्वार भौचरबाट देखिन आएको हुदा उक्त खर्च असुल गरी बेरुजू खातामा जम्मा गरेको प्रमाण पेश गर्नुपर्दछ ।

१७.३. **बिल बेगर खर्चः** आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भर्पाइ सहित लेखा राख्नु पर्ने ब्यबस्था छ । बिल भपाई बेगर रु ९३२०।- खर्च लेखेको देखिएकोले उक्त रकम असुल हुनुपर्दछ ।

१८. कर्मचारी कल्याण कोषमा जम्मा गर्नुपर्ने रु.५२,२१४। वडा सचिव श्री गोविन्द बहादुर राउतको जिम्मामा रहेकोले उक्त रकम सम्बन्धित खातामा दाखिला हुनुपर्दछ ।

१९. **धरौटी खाताः** गाँउ पालिकाको प्रयोजनको लागि कृषि कार्यालय लमजुङले उपलब्ध गराएको नौ थर शेराको भवन मर्मत संभार कार्यको रु.४,९८,०००।- भुक्तानी गर्दा रु.२१,९६६।- धरौटी कट्टी गरी ग-४-२ पूजिगत खातामा रहेकोल छुट्टै धरौटी खाता खोली रकम जम्मा गर्नु पर्दछ ।

२०. **लागत अनुमानः** स्थानीय निकाय आर्थिक प्रशासन नियमाबली, २०६४ को नियम ६३ ले जुनसुकै निर्माण कार्य,मालसामान,परामर्श सेवा वा अन्य सेवा खरिदका लागि लागत अनुमान तयार गर्नु पर्ने ब्यबस्था गरेकोमा तालिम, परामर्श सेवा, आयबृध्दि कार्यक्रम क्षमता अभिबृध्दि जस्ता कार्यक्रम संचालन गर्दा कार्यक्रमको प्रस्तावना,लागत अनुमान स्वीकृत र कार्य संपन्नताको प्रतिबेदन लिई खर्च लेख्न ध्यान दिनुपर्ने देखिन्छ ।

२१. **संस्थाहरुलाई उपलब्ध गराएको सामाग्रीको आम्दानीः**स्वीकृत कार्यक्रम अनुसार शैक्षिक तथा अन्य संस्थाहरुमा फर्निचर, पाठ्यपुस्तक,खेलकुद सामाग्री, बिज्ञानका सामाग्री, सबै प्रकारका बिद्युतीय तथा मेशीनरी औजारहरु खर्च लेख्दा संबन्धित जिन्सी खातामा आार्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ४७(१) अनुसार आम्दानी बाधेको प्रमाण तथा नियमानुसार खरिद प्रकृया पुगेको कागजात प्राप्त भए पछि मात्र खर्च लेख्नु पर्दछ ।

२२. **सम्झौताः** नेपाल सरकारका कार्यालय एवं अन्य संस्थागत संस्थाहरु मार्फत कार्य संपादन गर्दा संस्थागत रुपमा संझौता गरी कार्य संपन्न पश्चात संस्थाकै नाममा एकाउन्ट पेइ चेकबाट खर्च लेख्नु पर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.५९ लाख ४९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.५९ लाख ४९ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.८५ हजार, नियमित गर्नुपर्ने रु.३६ लाख ६७ हजार र पेश्कि रु.२१ लाख ९७ हजार रहेको छ ।

# मर्स्याङदी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.५ लाख १२ हजार र यो वर्षको आय रु.८ करोड ३९ लाख ३६ हजार समेत रु.८ करोड ४४ लाख ८ हजार आम्दानी भएकोमा रु.७ करोड ८७ लाख ३८ हजार खर्च भई रु. ५७ लाख ३० हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **आन्तरिक नियन्त्रणको व्यवस्था:**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकायले आ–आफ्नो कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागू गर्नु पर्ने व्यवस्था छ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा समयमै पेश्की फछ्र्यौट नगरेको अवस्थामा फिर्ता दाखिला रकममा ब्याज नलिएको,दैनिक तथा भ्रमण भत्ता खर्चको विल भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न नगरेको, खर्च भएको सबै विल भरपाईमा अधिकार प्राप्त अधिकारी बाट प्रमाणित भई सकेपछि भुक्तानी भएको जनाउने छाप लगाई नराखेको, कार्यालयको उद्देश्य प्राप्तीमा आई पर्ने जोखिमहरु पहिचान नगरेको, आन्तरिक आयको रसिद नियन्त्रण खाता नराखेको र राजश्व आम्दानीको दैनिक बैंक दाखिला खाता राखेको पाइएन ।

२. **उपभोक्ता समिति मार्फत काम:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ मा उपभोक्ता समिति मार्फत काम गराउने व्यवस्था छ । सो व्यवस्था अनूसार उपभोक्ता समितिलाई जटिल प्राविधिक पक्ष समावेश भएको मेसीनरी बढी प्रयोग हूने काम दिन नहूनेमा उपभोक्ता समिति मार्फत भएको केही काममा हेवी मेशीन प्रयोग गरेको पाइयो । उपभोक्ता समिति मार्फत कार्य गराउंदा जन श्रमदान उपयोग हूने र सो को मर्मत सूधारको जिम्मा समेत समितिले लिनू पर्ने हूंदा उपभोक्ता समितिलाई जटिल प्राविधिक पक्ष समावेश भएको कार्य दिन नहूने नियमको व्यवस्था प्रति सम्बन्धीत निकायको ध्यान जान जरुरी छ ।

३. **जिन्सी सामान सम्बन्धमा:** साविक गा. वि. स. हरुले गाउंपालिका भए पश्चात वडा कार्यालयको सामानहरु हाल वडा कार्यालयमा नै रहेको र सरुवा भई जाने र सरुवा भई आउने वडा सचिवहरुले बरबूझाथ गरेको छैन भने आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिइराख्नूपर्ने व्यवस्था अनुसार जिन्सी निरीक्षण गरी गराई आवश्यक कार्यवाही गर्नपर्दछ ।

४. **अग्रिम कर दाखिला:**आयकर ऐन २०५८ को दफा ९० मा दफा ८८ र ८९ अनुसार कट्टी गरेको कर दाखिला गर्ने व्यवस्था छ । कर कट्टी गरी दाखिला गर्न बाँकी रहेको साबिक घनपोखरा गा.वि.स.को रु.१७८०४/-, खुदी गा.वि.स.को रु.१०७०।०, बाहुनडांडा गा.वि.स.को रु.१०९।०, भूलभूले गा.वि.स को रु.१५३०।० समेत रु.२०,५१३।० दाखिला गर्न बांकी रहेकोले कर दाखिला गर्नुपर्ने देखिन्छ ।

५. **पेशिक बाँकी:** गत विगत वर्ष देखि जिम्मेवारी सर्दै आएको पेशिक मध्ये साबिक बाहूनडांडा गा.वि.स.को रु.९००००/- साबिक भूलभूले गा.वि.स.को रु.१६०००/-र साबिक सिम्पानी गा.वि.स.को रु.४७,६१०।० समेत रु.१,५३,६१०।० पेश्की फछ्र्यौट गर्नुपर्ने देखिन्छ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.१ लाख ७५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.१ लाख ७५ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.४५ हजार र पेश्कि रु.१ लाख ५४ हजार रहेको छ ।

# भानु नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.३९ लाख ४९ हजार र यो वर्षको आय रु.२५ करोड ९ लाख ७७ हजार समेत रु.२५ करोड ४९ लाख २६ हजार आम्दानी भएकोमा रु.२१ करोड ९ लाख ४५ हजार खर्च भई रु.४करोड ३९ लाख ८१ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **आन्तरिक नियन्त्रण र वित्तीय जवाफदेहिताः-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ अनुसार प्रत्येक कार्यालयले सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वितीय प्रतिवेदन प्रणाली लाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नु पर्ने र त्यसमा नियन्त्रणको वातावरण, जोखिम क्षेत्रको पहिचान, सूचनाको आदान प्रदान, अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई समेत समेटिनु पर्ने व्यवस्था छ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको, जिन्सी सामानको मूल्य खुलाई अभिलेख नराखेको, जिन्सी लिलाम बिक्रि नगरेको, सम्भाबित जोखिमहरु पहिचान गरी रजिष्टर खडा नगरेको, प्रत्येक पदको कार्य विवरण बनाइ लागु नगरेको, मर्मत अभिलेख खाता नराखेको,कार्यक्रम वाइज खर्च खाता नराखेको, सार्वजनिक खरिद ऐन, नियम अनुसार लागत अनुमान/खरिद योजनातयार नगरेको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ अनुसार भौतिक सम्पत्तिको अभिलेख नराखेको, नापी किताब, ठेक्का बील, कार्य सम्पन्न प्रतिवेदनमा ठेक्का नं., कार्य सम्पन्न हुनुपर्ने मिति, कार्य सम्पन्न मिति लगायत उल्लेख नगरेको, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(२) अनुसार उपभोक्ता समितिको वर्गिकरण र सूचिकृत नगरेको, नियम १५५(३) अनुसारको प्रक्रिया अवलम्वन नगरेको, नियम १५५ अनुसार सार्वजनीक परीक्षण नभएको, नियम १५५(५) अनुसार म्याद थप गर्ने नगरेको, सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९(१) अनुसार मूल्य अभिवृद्धि कर दर्ता नभएकासंग खरिद गरेको अवस्था रहेको छ ।

२. **निर्णय कार्यान्वयनः-** नगरपरिषद्बाट पारित वार्षिक नगरयोजना २०७२।७३ को निर्णय नं.३३ मा नगरपालिका क्षेत्र भित्रको फोहोर मैला व्यवस्थापनका लागि दीर्घकालीन रुपमा प्रयोगमा आउन सक्ने ल्याण्डफिल्ड साइट निर्माण गरी सञ्चालन गर्ने निर्णय भएकोमा नगरपरिषद्को निर्णय कार्यान्वयन भएको देखिएन । उक्त निर्णय कार्यान्वयन गरी फोहोर मैला व्यवस्थापन गर्नुपर्दछ ।

३. **दरबन्दी पदपूर्ति-** कार्यालयले पेश गरेको दरवन्दी र पदपूर्तिको विवरण अनुसार स्वीकृत दरवन्दी २३ मध्ये १७ पदपूर्ति भई ६ रिक्त रहेको देखिन्छ । रिक्त ६ पदमध्ये सिभिल इन्जिनियर-१, सव-इन्जिनियर पाँचौं तह-१, सर्भेयर सहायक स्तर पाँचौं-१ समेतका पदहरु रिक्त रहेकोले प्राविधिक पदहरु पूर्ति नहुँदा सेवा प्रवाहमा असर पर्न जाने हुँदा दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ ।

४. **स्वीकृत बजेटबाट खर्च गर्ने**:- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ मा रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा भई र रकम कुनै योजनाको भए योजना स्वीकृत भइसकेको छ भने खर्च गर्न र खर्च गर्ने निकासा दिनुपर्ने व्यवस्था छ । कार्यालयले पूँजीगत बजेटबाट प्रशासनिक कार्यमा रु.१०,८९,६५६।० खर्च गरेको देखिन्छ । नियममा व्यवस्था भएबमोजिम यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ

५. **सम्पत्तिः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४६ मा सरकारी सम्पत्तिको संरक्षण सम्वन्धी व्यवस्था रहेको छ । साबिक ५ गाबिसको चल अचल सम्पत्ति के कस्तो अवस्थामा रहेको छ सो को अभिलेख राखेको नदेखिएकोले नगरपालिकाको सम्पूर्ण सम्पत्तिको अभिलेख व्यवस्थित गनुपर्ने देखिन्छ ।

६. **मेशिनको प्रयोगः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नपाइने व्यवस्था रहेको छ । यो वर्ष उपभोक्ता समिति मार्फत गरिएका निम्न कार्यहरुमा एक्साभेटर, जे.सी.बी. जस्ता मेशीनरी उपकरण प्रयोग गरी निर्माण कार्य गराएको देखिएकोले कानूनी व्यवस्था बमोजिम कार्य गराउनुपर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७. **उपभोक्ता समितिको योगदानः** कार्यालय र उपभोक्ता समितिविच भएको सम्झौता अनुसार निश्चित रकम उपभोक्ता समितिले व्यहोर्ने गरी सम्झौता भएकोमा निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदनमा उपभोक्ता समितिले सम्झौतामा उल्लेख भएभन्दा घटी रकमको योगदान गरेको देखिन्छ । सम्झौता

बमोजिम उपभोक्ता समितिले योगदान नगर्दा निर्माण कार्यको अपनत्वपना नहुने, संरक्षण नहुन सक्ने हुँदा सम्झौता बमोजिम उपभोक्ता समितिको योगदान अनिवार्य गराउनेतर्फ ध्यान दिनुपर्ने देखिएको छ ।

८. **प्रमाण कागजातः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) र (७) मा खर्चका वील भर्पाइ र प्रमाण कागजातहरु सहितको लेखा राख्ने र राख्न लगाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले कम्पोष्ट मल बनाउने तालिम र फाहोरमैला व्यवस्थापन तालिमको लागि अभियन्ता सोलुसन प्रा.लि. काठमाडौंलाई ४,७३,६९६।० रकम भुक्तानी गरेकोमा तालिम लिने सहभागीको नामावली, तालिमको उपस्थिति र तालिमको प्रतिवेदन पेश नभएकोले सो सम्वन्धी प्रमाण कागजात पेश हुनुपर्ने देखिएको छ ।

९. **कर कट्टीः** आयकर ऐन २०५८ को दफा ८८ बमोजिम अग्रिम कर कट्टी गनुपर्ने व्यवस्था रहेकोमा कार्यालयले आर्थिक वर्ष २०७३।७४ को शंकर रानाभाटको नामको पेश्कि फछ्र्यौट गर्दा अग्रिम कर कट्टी रु.१८९००।० दाखिला गरेको नदेखिएकोले असुल गर्नुपर्ने देखिएको छ ।

१०. **भाडा करः** कार्यालयले आशिष भट्ट को ईलाम जिल्ला अवलोकन भ्रमण रु.२,००,००० पेश्कि फछ्र्यौट गरेकोमा ना ५ ख ५१८२ को गाडी धनी सुरेन्द्र कुँवर को गाडी भाडा बापत रु.९६,८००।० भूक्तानी गर्दा नियमानुसार १० प्रतिशतले हुन आउने भाडाकर रकम रु.९,६८०।० को दाखीला प्रमाण पेश गर्नुपर्ने देखीन्छ ।

११. **फछ्र्यौट हुन बाँकी पेश्कीः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) उपनियम (२) बमोजिम दिइएको पेश्की तोकिएको म्याद भित्र नियमावलीको कार्यविधि अपनाई फर्छौट गर्नु गराउनु पेश्की लिने दिने दुबै थरीको कर्तव्य हुने र कार्यालयमा पेश्की रकमको बिल भरपाई सहितको विवरण प्राप्त भएपछि एक्काईस दिन भित्र कार्यालयले फछ्र्यौट गरिसक्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले पेश गरेको पेश्किको विवरण अनुसार भानु नगरपालिकाको रु.३,५०,०००।०, साबिक चोक चिसापानी गाउँ विकास समितिको रु.२,८३,५००।० साबिक रुपाकोट गाउँ विकास समितिको रु.२,२५,८००।०, साबिक पुर्कोट गाउँ विकास समितिको रु.९३,०००।०, साबिक सतीस्वाँरा गाउँ विकास समितिको रु.५,४७,२००।० र साबिक बसन्तपुर गाउँ विकास समितिको रु.२,५९,०००।० समेत रु.१७,५८,५००।० पेश्की वाँकी देखिन्छ। कानूनी व्यवस्था बमोजिम पेश्कि फछ्र्यौट गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१२. **अग्रिम कर कट्टीः** आयकर ऐन २०५८ को दफा ८८ र ८९ मा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । साबिक रुपाकोट गाउँ विकास समितिले रु.११,९७०।०।-, साविक सतीस्वाँरा गाउँ विकास समितिले रु.७,५००।- समेत रु.१९,४७०।० कट्टा गरेको नदेखिएकोले उक्त रकम असुल गर्नुपर्ने देखिएको छ ।

१३. **नगद बाँकिः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २० मा प्राप्त रकम गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधि त्यस्तो नगद प्राप्त भएको भोलीपल्ट बैंक दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आन्तरिक आयबाट प्राप्त रकम बैंक जम्मा गरि बैंक मार्फत स्वीकृत कार्यक्रममा खर्च गर्नु पर्नेमा प्राप्त आय बैंक जम्मा नगरि सिधै नगदबाट खर्च लेखिएकोले कानूनी व्यवस्था बमोजिम आम्दानी खर्च गर्नुपर्ने देखिएको छ ।

१४. **प्रोत्साहन भत्ताः** गा.वि.स.सचिवहरुलाई विभिन्न सूचकका आधारमा प्रोत्साहन भत्ता उपलव्ध गराएकोमा साबिक पुर्कोट गा.वि.स.बाट गाविस सचिवलाई विशेष सुविधा भत्ता रु.१२०००।० भुक्तानी गरेकोले उक्त रकम अनियमित देखिएको छ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.२२ लाख ९२ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.२२ लाख ९२ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.४८ हजार, नियमित गर्नुपर्ने रु.४ लाख ८६ हजार र पेश्कि रु.१७ लाख ५८ हजार रहेको छ ।

# भिमाद नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.३७ लाख ७६ हजार र यो वर्षको आय रु. १० करोड ३७ लाख ३३ हजार समेत रु.१० करोड७५ लाख ९ हजार आम्दानी भएकोमा रु.७ करोड ११ लाख ८४ हजार खर्च भई रु.३ करोड ६३ लाख २५ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **सम्पत्तिः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४६ मा सरकारी सम्पत्तिको संरक्षण सम्वन्धी व्यवस्था रहेको छ । साबिक ५ गाबिसको चल अचल सम्पत्ति के कस्तो अवस्थामा रहेको छ सो को अभिलेख राखेको नदेखिएकोले नगरपालिकाको सम्पूर्ण सम्पत्तिको अभिलेख व्यवस्थित गनुपर्ने देखिन्छ ।

२. **नगद बाँकिः** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ अनुसारजिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा रहेको नगद आम्दानी सोही दिन वा त्यसको भोलीपल्ट दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले यो वर्ष प्राप्त आम्दानी मध्ये रु.८३४८४१।४८ आर्थिक वर्षको अन्त्यमा नगद बाँकि देखाई २०७४।०४।०४ मा बैंक दाखिला गरेको छ । कार्यालयले प्राप्त गर्ने सबै किसिमका आम्दानीहरु कानूनी व्यवस्था बमोजिम दाखिला गर्नेतर्फ जिम्मेवार कर्मचारीले ध्यान दिनुपर्ने देखिन्छ ।

३. **आन्तरिक नियन्त्रण र वित्तीय जवाफदेहिताः-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ अनुसार प्रत्येक कार्यालयले सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वितीय प्रतिवेदन प्रणाली लाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नु पर्ने र त्यसमा नियन्त्रणको वातावरण, जोखिम क्षेत्रको पहिचान, सूचनाको आदान प्रदान, अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई समेत समेटिनु पर्ने व्यवस्था छ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको, जिन्सी सामानको मूल्य खुलाई अभिलेख नराखेको, जिन्सी लिलाम बिकि नगरेको, सम्भाबित जोखिमहरु पहिचान गरी रजिष्टर खडा नगरेको, प्रत्येक पदको कार्य विवरण बनाइ लागु नगरेको, मर्मत अभिलेख खाता नराखेको,कार्यक्रम वाइज खर्च खाता नराखेको, सार्वजनिक खरिद ऐन, नियम अनुसार लागत अनुमान/खरिद योजनातयार नगरेको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ अनुसार भौतिक सम्पत्तिको अभिलेख नराखेको, नापी किताब, ठेक्का बील, कार्य सम्पन्न प्रतिवेदनमा ठेक्का नं., कार्य सम्पन्न हुनुपर्ने मिति, कार्य सम्पन्न मिति लगायत उल्लेख नगरेको, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(२) अनुसार उपभोक्ता समितिको वर्गिकरण र सूचिकृत नगरेको, नियम १५५(३) अनुसारको प्रक्रिया अवलम्वन नगरेको, नियम १५५ अनुसार सार्वजनीक परीक्षण नभएको अवस्था रहेको छ ।

४. **लागत अनुमानः** सार्वजनिक खरिद ऐन २०६३ को दफा (५) अनुसार एक लाख रुपैयाँभन्दा माथिको निर्माण कार्य गराउँदा लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले लागत अनुमान तयार नगरी विस्तृत नापजाँच एवं मूल्यांकनका आधारमा उपभोक्ता समिति मार्फत ४ कार्य गराएको देखिएकोले कानूनी व्यवस्था बमोजिम लागत अनुमान तयार गरी निर्माण कार्य गराउनुपर्ने देखिन्छ ।

५. **उपभोक्ताको योगदानः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेतकूल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने र सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराएका ४ निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदनमा उपभोक्ता समितिको योगदानको अंश उल्लेख गरेको गरेको नदेखिएकोले उपभोक्ता समिति मार्फत गराएका कार्यहरुमा जनसहभागिताको अंश देखिने गरी लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

६. **मेशिनको प्रयोगः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नपाइने व्यवस्था रहेको छ । यो वर्ष उपभोक्ता समिति मार्फत गरिएका कार्यहरुमा एक्साभेटर, जे.सी.बी. जस्ता मेशीनरी उपकरण प्रयोग गरी निर्माण कार्य गराएको देखिएकोले कानूनी व्यवस्था बमोजिम कार्य गराउनुपर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७. **कर बिजक :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) र (७) मा खर्चका वील भर्पाइ र

प्रमाण कागजातहरु सहितको लेखा राख्ने र राख्न लगाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले निर्माण कार्यको प्राविधिक कार्यका लागि एन.एल.इन्जिनियरिंग कन्सल्टेन्सीलाई रु.१,३५,८२५।० भुक्तानी गरेकोमा कर बिजक संलग्न गरेको नदेखिएकोले कानूनी व्यवस्था बमोजिम कर बिजक पेश हुनुपर्ने देखिएको छ ।

८. **अग्रिम कर कट्टी:** आयकर ऐन २०५८ को दफा ८८ र ८९ मा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । भिमाद नगरपालिकाले रु.१५००।-, साविक किहुँ गाउँ विकास समितिले रु.६,८२०।- साविक माझकोट गाउँ विकास समितिले रु.८,९४३।०, साविक भानुमती गाउँ विकास समितिले समेत रु.८,३००।० समेत रु.२५,५६३।० कट्टा गरेको नदेखिएकोले उक्त रकम असुल गर्नुपर्ने देखिएको छ ।

९. **फछ्र्यौट हुन बाँकी पेश्की:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) उपनियम (२) बमोजिम दिइएको पेश्की तोकिएको म्याद भित्र नियमावलीको कार्यविधि अपनाई फर्छौट गर्नु गराउनु पेश्की लिने दिने दुबै थरीको कर्तव्य हुने र कार्यालयमा पेश्की रकमको बिल भरपाई सहितको विवरण प्राप्त भएपछि एक्काईस दिन भित्र कार्यालयले फछ्र्यौट गरिसक्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले पेश गरेको पेश्किको विवरण अनुसार रु.१,७०,०००।० पेश्की बाँकी रहेको देखिन्छ । कानूनी व्यवस्था बमोजिम पेश्कि फछ्र्यौट गर्नुपर्ने देखिएको छ ।

१०. **बढी खर्च:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३५ मा खर्च गर्ने अधिकार प्राप्त अधिकारीले खर्च गर्न बाँकि रकम छ भने खर्च गर्ने व्यवस्था रहेको छ । साबिक किहुँ गा.वि.स.को सामाजिक सुरक्षा कार्यक्रमको लागि रु.२९,२५,६००।० निकाशा भएकोमा रु.३१,००,८००।० भुक्तानी दिएकोले निकाशा भन्दा बढी खर्च गरेको रु.१,७५,२००।० अनियमित देखिएको छ ।

११. **प्रमाण वेगर खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) र (७) मा खर्चका वील भर्पाइ र प्रमाण कागजातहरु सहितको लेखा राख्ने र राख्न लगाउनु पर्ने व्यवस्था रहेकोमा साबिक किहुँ गा.वि.स.ले खेलकुद खर्च भनी रु.२५०००।० भुक्तानी गरेकोमा खर्च पुष्ट्याई हुने प्रमाण कागजात संलग्न राखेको देखिएन ।

१२. **प्रोत्साहन भत्ता:** गा.वि.स.सचिवहरुलाई विभिन्न सूचकका आधारमा प्रोत्साहन भत्ता उपलव्ध गराएकोमा साबिक किहुँ गा.वि.स.बाट विशेष सुविधा भत्ता रु.१२०००।० भुक्तानी गरेकोले उक्त रकम असुल हुनुपर्दछ ।

१३. **गाउँ परिषदको योजना:** अरुणोदय धुरमही कुर्लुंग खहरे विद्यालय खानेपानी तथा सरसफाई योजनालाई रु.१०००००।० अनुदान दिएकोमा उक्त कार्य गाउँ परिषदको योजनामा समावेश नभएकोले अनियमित देखिएको छ ।

१४. **लागत अनुमान र कार्य सम्पन्न:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६३ अनुसार लागत अनुमान तयार गरी प्राविधिक नाप जाँच र कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गर्नुपर्नेमा स्वास्थ्य चौकि निर्माण गरेको भनी रु.२५००००।० भुक्तानी गरेकोमा लागत अनुमान, नापी किताब र कार्यसम्पन्न प्रतिवेदन पेश नभएको अवस्थामा पनि भुक्तानी दिएको देखिएकोले उक्त खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात पेश हुनुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.८ लाख ९४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.८ लाख ९४ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो माध्ये असुल गर्नुपर्ने रु.३८ हजार, नियमित गर्नुपर्ने रु.६ लाख ८६ हजार र पेश्कि रु.१ लाख ७० हजार रहेको छ ।

# व्यास नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.८ करोड ७५ लाख ८५ हजार र यो वर्षको आय रु. ४३ करोड ४७ लाख ३७ हजार समेत रु.५२ करोड २३ लाख २२ हजार आम्दानी भएकोमा रु.३७करोड ४६ लाख ६१ हजारखर्च भई रु.१४ करोड ७६ लाख ६१ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **आन्तरिक नियन्त्रण र वित्तीय जवाफदेहिता :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार प्रत्येक कार्यालयले सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वितीय प्रतिवेदन प्रणाली लाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्ने र त्यसमा नियन्त्रणको वातावरण, जोखिम क्षेत्रको पहिचान, सूचनाको आदान प्रदान, अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई समेत समेटिनु पर्ने व्यवस्था छ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको, जिन्सी सामानको मूल्य खुलाई अभिलेख नराखेको, जिन्सी लिलाम बिकि नगरेको, सम्भाबित जोखिमहरु पहिचान गरी रजिष्टर खडा नगरेको, प्रत्येक पदको कार्य विवरण बनाइ लागु नगरेको, मर्मत अभिलेख खाता नराखेको,कार्यक्रम वाइज खर्च खाता नराखेको, सार्वजनिक खरिद ऐन, नियम अनुसार लागत अनुमान/खरिद योजनातयार नगरेको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ अनुसार भौतिक सम्पत्तिको अभिलेख नराखेको, नापी किताब, ठेक्का बील, कार्य सम्पन्न प्रतिवेदनमा ठेक्का नं., कार्य सम्पन्न हुनुपर्ने मिति, कार्य सम्पन्न मिति लगायत उल्लेख नगरेको, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(२) अनुसार उपभोक्ता समितिको वर्गिकरण र सूचिकृत नगरेको, नियम १५५(३) अनुसारको प्रक्रिया अवलम्बन नगरेको, नियम १५५ अनुसार सार्वजनीक परीक्षण नभएको, नियम १५५(५) अनुसार म्याद थप गर्ने नगरेको, सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९(१) अनुसार मूल्य अभिवृद्धि कर दर्ता नभएकासंग खरिद गरेको अवस्था रहेको छ ।

२. **साबिक गा.वि.स.को मौज्दात :** कार्यालयले पेश गरेको साविक ६ गा.वि.स.को आय व्यय विवरण अनुसार बैंक मौज्दात रु.४९,५८,४६९।० हालको नगरपालिकाको आय व्यय विवरणमा लेखांकन गरेको नदेखिएकोले उक्त रकम नगरपालिकाको आय व्यय विवरणमा लेखांकन गरी हिसाब समायोजन गर्नुपर्ने देखिएको छ ।

३. **ल्याण्डफिल्ड साइटः** नगरपालिकाको आर्थिक वर्ष २०७३।७४ को नीति तथा कार्यक्रममा ल्याण्डफिल्ड साइटको लागि वडा नं.८ र ५ मा रहेका सामुदायिक वन भित्रको जग्गाको वातावरणीय प्रभाव मूल्याङ्कन गर्नका लागि सम्बन्धित सामुदायिक वन उपभोक्ता समितिहरुबाट सिफारिस भई जिल्ला वन कार्यालय तनहुँबाट EIA गर्ने कार्यको लागि सहमती हुन आएकोले चालु आर्थिक वर्षभित्रै यो कार्यसम्पन्न गरी अन्य प्रक्रियाहरु अगाडि बढाइने उल्लेख भई रु.१२,००,०००।- बजेट विनियोजन गरेकोमा कार्यक्रम कार्यान्वयन भएको देखिएन । नगरपालिकाको वातावरणीय पक्षको लागि ल्याण्डफिल्ड साइटको समयमै व्यवस्था हुनुपर्दछ ।

४. **आन्तरिक आय ठेक्काः** मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १५(३) मा स्थानीय निकाय वा नेपाल सरकारले कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुलउपर गर्नु पर्ने व्यवस्था रहेको छ भने आयकर ऐन २०५८ को दफा ८९ मा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष सन्चालनमा रहेका ६ आन्तरिक आय ठेक्काको कबोल अंक रु.१,१७,१७,६६०।– को मूल्य अभिवृद्धि कर रु.१५,२३,२९६।० र अग्रिम कर रु.१,७५,७६५।- समेत रु.१६,९९,०६१।- असुल नगरेकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

५. **वातावरणीय परीक्षण :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(ग) मा जलस्रोत वातावरण र सरसफाईसम्बन्धी नगरपालिकाको काम, कर्तव्य र अधिकार तोकेको छ । नगरपालिकाले मादी नदी समेतमा आन्तरिक आय ठेक्का बन्दोवस्त गरी आय–आर्जन गरेको छ। ऐनमा तोकिएबमोजिम प्रारम्भिक वातावरणीय परीक्षण गराएको देखिएन । ठेक्का बन्दोवस्त गरी गिटी बालुवा आदिको परिक्षण तोकिए पनि तोकिएको भन्दा बढी परिमाण उठाए नउठाएको सम्बन्धमा नियन्त्रण संयन्त्र बनाएको देखिएन । यसबाट तोकिएको परिणाम भन्दा बढी उत्खनन् वा संकलन हुने हुँदा यसमा नियन्त्रण गर्ने संयन्त्रको विकास गर्नुपर्ने देखिन्छ ।

६. **प्रशासनिक खर्चको सीमा**: स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४ मा एक करोड रुपैंया वढी भन्दा आम्दानी हुने नगरपालिकाले पच्चीस प्रतिशत भन्दा बढी रकम प्रशासनिक कामको लागि खर्च गर्न नपाइने व्यवस्था छ । कार्यालयले पेश गरेको विवरण अनुसार यो वर्ष आन्तरिक आयबाट रु.४,३८,४२,५७६/0 प्राप्त गरेकोमा २५ प्रतिशतले हुने रु.१,०९,६०,६४४।० सम्म प्रशासनिक कार्यमा खर्च गर्न सकिनेमा रु.३,०३,८७,८७२/० खर्च गरी तोकिएको सीमाभन्दा रु.१,९४,२७,३२८।० बढी खर्च छ ।

७. **बहुउद्देश्यीय भवन निर्माणः-** कार्यालयको बहुउद्देश्यीय भवन निर्माणको लागि स्वीकृत लागत अनुमान रु.११,३७,८६,०००।- (मू.अ.कर समेत) रहेकोमा सिनर्जी विल्डर्स प्रा.लि.कुलेश्वर काडमाडौंसंग २०७३/०७/२२ मा १५ महिनामा कार्य सम्पन्न गर्नुपर्ने गरी रु.९,१५,०२,८११।- मा सम्झौता भई प्रथम रनिङ बिलबाट रु.१,५६,००,०००।- र दोस्रो रनिङ बिलबाट रु.४०,८५,२०३।- भूक्तानी भएको छ । बहुउद्देश्यीय भवनको लागि निर्माण पूर्व सम्पूर्ण पक्षको विचार गरी लागत अनुमान तयार गर्नुपर्नेमा हाल आएर ल्याबटेष्ट, इन्सुरेस र लिफ्टको थप लागत अनुमान तयार गरेको देखिएकोले लागत अनुमान तयार गर्ने प्राविधिकलाई जिम्मेवार बनाउनु पर्दछ ।

८. **धरौटी आम्दानी :** थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०७४ को नियम १७९ मा स्थानीय निकायले धरौटी खातामा जम्मा भएको रकमको कारोबारको लेखा अध्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । कार्यालयमा प्राप्त धरौटीको बैंक भौचर अनुसार रु.६,५७,५९५।- धरौटी जम्मा भएकोमा स्रेस्तामा रु.५,८९,८५७।० मात्र लेखांकन गरेकोले घटी आम्दानी देखाएको रु.६७,७३७।० आम्दानी बाध्नुपर्ने देखिन्छ ।

९. **थप सुविधा :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६३ मा स्थानीय निकायमा कर्मचारीले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाउने चाडपर्व खर्चको लागि आफूले खाइपाई आएको एक महिनाको तलव बरावर प्रत्येक बर्ष चाडपर्व खर्च लिन पाउने व्यवस्था छ । सोही व्यवस्था अनुसार नगरापालिकाका आन्तरिकतर्फ, र निजामतीतर्फ सबै कर्मचारीलाई थप सुविधा वापत रु.२०,३९,१८२।– खर्च लेखेकोले उक्त खर्च कानूनसम्मत देखिएन ।

१०. **वैशाख पछिको सम्झौता** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ३९(१४) अनुसार जिल्ला विकास समितिले बैशाख मसान्तपछि कुनैपनि नयाँ कार्यक्रम आयोजनामा रकम बाँडफाँड गर्न, रकम निकासा दिन, कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि सम्झौता गर्न, पेश्की दिन वा अख्तियारी दिन नपाउने व्यवस्था छ । कार्यालयले यो वर्ष ६ योजनाहरु बैशाख मसान्तपछि सम्झौता गरी रु.६९,८०,०००/० भुक्तानी दिएको पाइयो । आर्थिक वर्षको अन्त्यमा मौसमी वदलाव भई वर्षातको सिजन शुरु हुने र यस्तो सिजनमा गरेको निर्माण कार्य भरपर्दो, टिकाउ र गुणस्तरीय नहुन सक्ने हुँदा यस्तो कार्यमा नियन्त्रण हुनुपर्ने देखिन्छ ।

११. **कर कट्टी :** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा बमोजिम स्रोतमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न कार्य गर्दा कानूनी व्यवस्था बमोजिम रु.४५,००३।० अग्रिम कर कट्टी गरेको नदेखिएकोले असुल गर्नुपर्ने देखिएको छ ।

१२. **विल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्दा खर्चको बिल, भरपाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ । खानीगैरा वालि आमा समूहलाई ११० थान डस्टविन वितरण गरेको भनी रु.५५,०००।– भुक्तानी गरेकोमा ३६ थानको मात्र वितरण भरपाई पेश भएकोले बाँकि ७४ थानको रु.३७,०००।– को वितरण भरपाई पेश हुनुपर्ने देखिएको छ ।

१३. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ४ सँग सम्बन्धित अनुसूची १ अनुसार पारिश्रमिक कर कट्टी गर्नुपर्नेमा आई.सि.टि.भोलेन्टियर शंकर सुवेदीलाई मासिक रु.३५,०००।– का दरले १३ महिनाको पारिश्रमिक रु.४,५५,०००।– भुक्तानी गर्दा पारिश्रमिक कर कट्टी नगरेकोले रु.५५,०००।– को १५ प्रतिशतले रु.८,२५०।– असुल गर्नुपर्ने देखिएको छ ।

१४. **आलेप बेरुजू :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०२(१) मा प्रत्येक स्थानीय निकायको आय व्यय लगायत त्यस्तो निकायको मातहतका कार्यालयको लेखा अद्यावधिक गरी आन्तरिक लेखापरीक्षण गराई आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजू वा त्रुटी अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडि नै नियमित गराउनुपर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुलउपर गरी त्यसको प्रमाण सम्बन्धित लेखासँग संलग्न गरी लेखा अद्यावधिक गराई राख्नु अधिकार प्राप्त अधिकारी र आर्थिक प्रशासन शाखा प्रमुखको दायित्व हुने व्यवस्था रहेकोमा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका निम्नानुसारका बेरुजूहरु फछ्र्यौट गरेको देखिएन ।

१४.१. **बिल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्दा खर्चको बिल,

भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न कार्यको लागि रु.१६,१५,१०२।२८ खर्च गरेकोमा खर्चलाई पुष्ट्याई गर्ने कागजात पेश नभएकोले खर्चलाई पुष्ट्याई गर्ने कागज प्रमाण राखेर मात्र खर्च गर्नुपर्दछ ।

१४.२. **कर कट्टी** : आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम स्रोतमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न भुक्तानीमा रु.१५,७६०।- कर कट्टी नगरेकोले असुल हुनुपर्दछ ।

१४.३. **बढी भुक्तानी**:- विभिन्न भौचरबाट भुक्तानी गर्दा दिनु पर्नेभन्दा रु.८२,६९३।– बढी भुक्तानी भएकोले बढी भुक्तानी असुल गर्नुपर्दछः

१४.४. **अनियमित खर्च** : विभिन्न भौचरबाट भुक्तानी गर्दा प्रचलित कानूनी व्यवस्था विपरित रु.५,५७,०००।– भुक्तानी गरेकोले उक्त खर्च अनियमित देखिएको छ ।

१४.५. **सक्कल बिजक वेगर भुक्तानी** : लक्षित वर्गको लागि कार्यक्रम सञ्चालन गर्दा प्रतिव्यक्ति रु.२१,०००।- देखि रु.४९,०००।- सम्मका रकम वितरणको छायाँप्रति बिलबाट भुक्तानी भएकोले सक्कल बिल पेश हुनुपर्दछ ।

१४.६. **बैङ्क हिसाब**:- बैङ्क नगदी किताबमा भन्दा बैङ्कमा रु.५,०२,९१०।० बढी देखिएकोले उक्त रकम आम्दानी बाँधी हिसाब मिलान गर्नुपर्दछ ।

१५. **पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयको पेश्की अभिलेख अनुसार व्यास नगरपालिकाको रु.१,२३,३५,८७५।०, साविक स्याम्घा गाउँ विकास समितिको रु.१७०५००।०, साविक क्यामिन गाउँ विकास समितिको रु.१,३०,०००।-, साविक रिस्ती गाउँ विकास समितिको रु.१,२४,०००।- साविक तनहुँसुर गाउँ विकास समितिको रु.९६,५००।-, साविक घाँसीकुवा गाउँ विकास समितिको रु.६०,०००।-, साविक केशवटार गाउँ विकास समितिकाे रु.३,९८,५०८।- समेत रु.१,३३,१५,३८३।० पेश्कि बाँकि रहेकोले कानूनी व्यवस्था अनुसार फछ्र्यौट गर्नपर्ने देखिन्छ ।

१६. **अग्रिम कर कट्टी** : आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । साबिक स्याम्घा गाउँ विकास समितिले रु.१०,८७५।-, साविक तनहुँसुर गाउँ विकास समितिले रु.७२००।-, साविक घाँसीकुवा गाउँ विकास समितिले रु.१९८१।–, साविक केशवटार गाउँ विकास समितिले रु.१०,२७५।- समेत रु.३०,३३१।० कट्टा गरेको नदेखिएकोले उक्त रकम असुल गर्नुपर्ने देखिएको छ ।

१७. **अन्य निकायको खर्च** : सहजिवन प्रा.वि.को जग्गा खरिदका लागि साविक रिस्ती गा.वि.स.बाट रु.२,००,०००।- खर्च लेखिएकोमा अन्य निकायको जग्गा खरिदका लागि रकम भुक्तानी गर्न नमिल्ने हुँदा उक्त खर्च अनियमित देखिएको छ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.४ करोड ४६ लाख ५० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.४ करोड ४६ लाख ५० हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.१८ लाख ८१ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ९४ लाख ५३ हजार र पेश्कि रु.१ करोड ३३ लाख १५ हजार रहेको छ ।

# शुक्लागण्डकी नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.३करोड ६० लाख ९५ हजार र यो वर्षको आय रु.२७ करोड २५ लाख ८२ हजार समेत रु.३०करोड ८६ लाख ७७ हजार आम्दानी भएकोमा रु.२३ करोड १६ लाख १४ हजार खर्च भई रु.७ करोड ७० लाख ६३ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **आन्तरिक नियन्त्रण र वित्तीय जवाफदेहिता :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार प्रत्येक कार्यालयले सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वितीय प्रतिवेदन प्रणाली लाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्ने र त्यसमा नियन्त्रणको वातावरण, जोखिम क्षेत्रको पहिचान, सूचनाको आदान प्रदान, अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई समेत समेटिनुपर्ने व्यवस्था छ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको, जिन्सी सामानको मूल्य खुलाई अभिलेख नराखेको, जिन्सी लिलाम बिक्रि नगरेको, सम्भाबित जोखिमहरु पहिचान गरी रजिष्टर खडा नगरेको, प्रत्येक पदको कार्य विवरण बनाइ लागु नगरेको, मर्मत अभिलेख खाता नराखेको,कार्यक्रम वाइज खर्च खाता नराखेको, सार्वजनिक खरिद ऐन, नियम अनुसार लागत अनुमान/खरिद योजनातयार नगरेको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ अनुसार भौतिक सम्पत्तिको अभिलेख नराखेको, नापी किताब, ठेक्का बील, कार्य सम्पन्न प्रतिवेदनमा ठेक्का नं., कार्य सम्पन्न हुनुपर्ने मिति, कार्य सम्पन्न मिति लगायत उल्लेख नगरेको, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(२) अनुसार उपभोक्ता समितिको वर्गिकरण र सूचिकृत नगरेको, नियम १५५(३) अनुसारको प्रक्रिया अवलम्वन नगरेको, नियम १५५ अनुसार सार्वजनीक परीक्षण नभएको, नियम १५५(५) अनुसार म्याद थप गर्ने नगरेको, सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९(१) अनुसार मूल्य अभिवृद्धि कर दर्ता नभएकासंग खरिद गरेको अवस्था रहेको छ ।

२. **भाडा कर :** आयकर ऐन, २०५८ को दफा ८८ मा प्राकृतिक व्यक्तिले उठाएको भाडामा १० प्रतिशत कर असुल गर्नु पर्ने व्यवस्था छ । कार्यलयले पेश गरेको आय संकलन विवरणमा हल भाडा रु.१,९६,२०२।- र घर भाडा रु.३०,०६,४९९।८२ समेत रु.३२,०२,७०१।८२ असुल गरेकोमा ऐन बमोजिम भाडामा करकट्टी गरेको नदेखिएकोले बहाल कर रु.३,२०,२७०।१८ असुल गर्नुपर्ने देखिएको छ ।

३. **सडक बोर्डतर्फ :** ठेक्का नं.४/०७२/०७३ बाट शुक्ला मार्ग ग्राभेलिङ्गको कार्य गर्दा बिल अफ क्वान्टिटीमा भएको सव ग्रेड निर्माणको परिमाण ७७० को दर प्रति वर्ग मिटरको रु.६४।८६ ले रु.४९,९४२।२० र ग्राभेलिङ्ग कार्यको १२२५ को प्रतिवर्ग मिटर रु.३४९।४३ ले रु.४,२८,०५१।७५ समेत रु.४,७७,९९३।९५ मा मूल्य अभिबृद्धि कर रु.६२,१३९।२१ समेत रु.५,४०,१३३।१६ भुक्तानी दिनुपर्नेमा रु.५,५३,४३०।०० खर्च लेखेकोले बढी खर्च रु.१३,२९६।८४ असुल गर्नुपर्दछ ।

४. **टोल विकास संस्था** : कार्यालयले आर्थिक वर्ष २०७३/०७४ मा साविका १७ वडाका १४९ टोल विकास संस्थालाई मन्दिर पुल जस्ता योजना संचालन गर्न प्रति टोल विकास संख्यालाई रु.२०,०००।०० का दरले रु.२९,८०,०००।०० बजेट विनियोजन गरेको देखियो । पूँजीगत बजेटलाई सानो टुक्रामा विभाजन गरी योजना संचालन गर्न बजेट विनियोजन गर्दा टोल विकासमा उल्लेखनीय विकास हुन नसक्ने, बजेट मात्र छरिने, प्रशासनिक कार्य सम्पादन झन्झटिलो हुने र खर्चको प्रभावकारीता समेत नहुने हुँदा यसमा सुधार हुनु पर्दछ ।

५. **सहकारी संस्थालाई अनुदान-** सहकारी ऐन २०४८ अनुसार नाफामूलक संस्थाको रुपमा दर्ता भएका ३ सहकारी संस्थालाई क्षमता अभिवृद्धि लगायतका कार्यका लागि पूँजीगत खर्च शीर्षकबाट रु.२,६२,१४०।० अनुदान उपलब्ध गराएको देखियो ।

६. **ल्याण्ड फिल्ड साइट-** शुक्लागण्डकी नगरपालिकाको तेश्रो नगर परिषदबाट आर्थिक वर्ष २०७३/०७४ को निति, योजना, कार्यक्रम तथा बजेट सार्वजनिक कार्यक्रमको निर्णय नं. १८ मा यस नगरपालिका क्षेत्र भित्रको फोहोर मैलाको दीर्घकालीन व्यवस्थापनका लागि आवश्यक ल्याण्डफिल्ड साईटको जग्गा पहिचान गरी सार्वजनिक निजि साजेदारीबाट फोहोर व्यवस्थापन गर्न आवश्यक कार्य अगाडी बढाउने निर्णय गरेको देखियो । नगरपालिका क्षेत्रभित्रको फोहोर मैलाको दीर्घकालीन व्यवस्थापनका लागि उक्त निर्णय कार्यन्वयन हुनु पर्दछ ।

७. **सम्पत्तिः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४६ मा सरकारी सम्पत्तिको संरक्षण सम्वन्धी

व्यवस्था रहेको छ । साबिक ३ गाबिसको चल अचल सम्पत्ति के कस्तो अवस्थामा रहेको छ सो को अभिलेख राखेको नदेखिएकोले नगरपालिकाको सम्पूर्ण सम्पत्तिको अभिलेख व्यवस्थित गनुपर्ने देखिन्छ ।

८. **वैशाख पछिको सम्झौता**: स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ३९(१४) अनुसार जिल्ला विकास समितिले बैशाख मसान्तपछि कुनैपनि नयाँ कार्यक्रम आयोजनामा रकम बाँडफाँड गर्न, रकम निकासा दिन, कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि सम्झौता गर्न, पेश्की दिन वा अख्तियारी दिन नपाउने व्यवस्था छ । कार्यालयले यो वर्ष ७ योजनाहरु बैशाख मसान्तपछि सम्झौता गरी रु.२१,८४,३३७० भुक्तानी दिएको पाइयो । आर्थिक वर्षको अन्त्यमा मौसमी वदलाव भई वर्षातको सिजन शुरु हुने र यस्तो सिजनमा गरेको निर्माण कार्य भरपर्दो, टिकाउ र गुणस्तरीय नहुन सक्ने हुँदा यस्तो कार्यमा नियन्त्रण हुनुपर्ने देखिन्छ ।

९. **मेशिनको प्रयोग**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नपाइने व्यवस्था रहेको छ । यो वर्ष उपभोक्ता समिति मार्फत गरिएका निम्न कार्यहरुमा एक्साभेटर, जे.सी.बी.जस्ता मेशीनरी उपकरण प्रयोग गरी निर्माण कार्य गराएको देखिएकोले कानूनी व्यवस्था बमोजिम कार्य गराउनुपर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१०. **उपभोक्ता समितिको योगदान**: कार्यालय र उपभोक्ता समितिविच भएको सम्झौता अनुसार निश्चित रकम उपभोक्ता समितिले व्यहोर्ने गरी सम्झौता भएकोमा २ निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदनमा उपभोक्ता समितिले व्यहोरेको योगदान रकम उल्लेख गरेको देखिएन । सम्झौता बमोजिम उपभोक्ता समितिले योगदान नगर्दा निर्माण कार्यको अपनत्वपना नहुने, संरक्षण नहुन सक्ने हुँदा सम्झौता बमोजिम उपभोक्ता समितिको योगदान अनिवार्य गराउनेतर्फ ध्यान दिनुपर्ने देखिएको छ ।

११. **फछ्र्यौट हुन बाँकी पेश्की**: आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) उपनियम (२) बमोजिम दिइएको पेश्की तोकिएको म्याद भित्र नियमावलीको कार्यविधि अपनाई फर्छौट गर्नु गराउनु पेश्की लिने दिने दुबै थरीको कर्तव्य हुने र कार्यालयमा पेश्की रकमको बिल भरपाई सहितको विवरण प्राप्त भएपछि एक्काईस दिन भित्र कार्यालयले फछ्र्यौट गरिसक्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले पेश गरेको पेश्किको विवरण अनुसार रु.१२,११,७९१।– पेश्की बाँकी रहेको देखिन्छ । कानूनी व्यवस्था बमोजिम पेश्कि फछ्र्यौट गर्नुपर्ने देखिएको छ ।

१२. **बोलपत्र जमानत** : नगरपालिका वरिपरी सडक पिच गर्ने कार्यको लागि ई बिडिंग मार्फत बोलपत्र पेश गर्ने बोलपत्रदाता बिनु कन्स्ट्रक्सनले मूल्याङ्कनको लागि सक्कल कागजात पेश नगरेकोले निजको बोलपत्र जमानत रु.१,३०,०००।– जफत गर्ने भनी पत्राचार गरेकोमा जमानत जफत भएको देखिएन ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.१ करोड ७१ लाख ५६ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.१ करोड ३८ लाख १२ हजार फछ्र्यौट भई रु.३३ लाख ४४ हजार बाँकि देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु.६ लाख ८३ हजार, नियमित गर्नुपर्ने रु.१४ लाख ४९ हजार र पेश्कि बाँकि रु.१२ लाख १२ हजार फछ्र्यौट गर्न बाँकि रहेको छ ।

# आँबुखैरेनी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु. ५२ लाख ८ हजार र यो वर्षको आय रु.११ करोड ६५ लाख १९ हजार समेत रु.१२करोड १७लाख २७हजार आम्दानी भएकोमा रु. १०करोड ३० लाख ७२ हजार खर्च भई रु.१ करोड ८६ लाख ५५ हजार मौज्दात रहेको छ। आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्।

१. **आन्तरिक नियन्त्रण र वित्तीय जवाफदेहिता:-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ अनुसार प्रत्येक कार्यालयले सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वितीय प्रतिवेदन प्रणाली लाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्ने र त्यसमा नियन्त्रणको वातावरण, जोखिम क्षेत्रको पहिचान, सूचनाको आदान प्रदान, अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई समेत समेटिनु पर्ने व्यवस्था छ। कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको, जिन्सी सामानको मूल्य खुलाई अभिलेख नराखेको, जिन्सी लिलाम बिक्रि नगरेको, सम्भावित जोखिमहरु पहिचान गरी रजिष्टर खडा नगरेको, प्रत्येक पदको कार्य विवरण बनाइ लागु नगरेको, मर्मत अभिलेख खाता नराखेको, कार्यक्रम वाइज खर्च खाता नराखेको, नापी किताब, ठेक्का बील, कार्य सम्पन्न प्रतिवेदनमा ठेक्का नं., कार्य सम्पन्न हुनुपर्ने मिति, कार्य सम्पन्न मिति लगायत उल्लेख नगरेको, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(२) अनुसार उपभोक्ता समितिको वर्गिकरण र सूचिकृत नगरेको, नियम १५५(३) अनुसारको प्रक्रिया अवलम्वन नगरेको, नियम १५५ अनुसार सार्वजनीक परीक्षण नभएको अवस्था रहेको छ।

२. **विवरण फरक:** कार्यालयले पेश गरेको साविक गा.वि.स.को आय व्यय विवरण र एकिकृत आय व्यय विवरण अनुसार साबिक छिम्केश्वरी गा.वि.स.र देउराली गा.वि.स.को विवरणमा क्रमश रु.६५ लाख २१ हजार र रु.६४ लाख ८९ हजार समेत रु.१ करोड ३० लाख नौ हजार फरक देखिएकोले फरक रकम सम्वन्धमा स्पष्ट हुनुपर्ने देखिन्छ।

३. **नगद मौज्दात:-** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेमा जरिवाना गरी विभागीय कारबाही समेत गर्न सक्ने व्यवस्था रहेको छ। कार्यालयको श्रावण देखि फाल्गुण २७ सम्मको आन्तरिक आय रु.२७ लाख ८९ हजार र फाल्गुण २८ देखि आषाढ मशान्तसम्मको आन्तरिक आय रु.२१ लाख २३ हजार समेत रु.४९ लाख १२ हजार नगद बाँकि रहेकोमा लेखापरीक्षणको क्रममा २०७४।८।३ मा रु.९ लाख ५० हजार, २०७४।८।४ मा रु.१३ लाख २१ हजार समेत रु.२२ लाख ७१ हजार बैंक दाखिला भएको छ। बाँकि रु.२६,४१,०९०।१७ दाखिला भएको नदेखिएकोले ढिलो दाखिला भएको हकमा कानूनी व्यवस्था बमोजिम जरिवाना समेत गणना गरी दाखिला गराउने तथा कार्यालयको आन्तरिक आम्दानी र नगद मौज्दात राख्नुपर्ने सम्वन्धमा आवश्यक छानविन र कारवाही गर्नेतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ।

४. **पारिश्रमिक कर:** आय कर ऐन २०५८ को दफा ८ मा प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलब, भत्ता, दशै खर्च तिहार खर्च ,लुगा भत्ता, संचित विदा बापतको रकम लगायतका आयमा नियमानुसार कट्टी गर्न पाउने रकम कट्टी गरि बाकी रकममा दफा ८७ बमोजिम स्रोतमा कर कट्टी गर्नु पर्ने व्यवस्था छ। कार्यकारी अधिकृत दुर्गा थापाको वार्षिक करयोग्य आय रु.२ लाख ४५ हजारको पारिश्रमिक कर रु.५१ हजार असुल गरि संचित कोष दाखिला गर्नुपर्ने देखिन्छ।

५. **कर कट्टी:** आय कर ऐन २०५८ अनुसार सामाजिक सुरक्षा कर कट्टी गरि भूक्तानी गर्नुपर्ने व्यवस्था रहेकोमा चाडपर्व भत्ता बापत विभीन्न ९ जना कर्मचारीको सामाजिक सुरक्षा कर रु.२,१०,९९७० को १ प्रतिशतले हुन आउने रु.२१०९।९७ कट्टी गरेको नदेखिएकोले उक्त रकम असुल हुनुपर्दछ।

६. **गाडी भाडा:** कार्यालयले यस आर्थिक वर्षमा श्रावण, भाद्र महिनाको लागी भाडामा गाडी लिन अरविन थापालाई रु.६४,००० भूक्तानी दिइएकोमा सो को सम्झौतापत्र पेश नभएकोले सम्झौतापत्र पेश हुनुपर्दछ।

७. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा हस्तान्तरण भई प्राप्त हुन आएका जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई लगत खडा गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष पूँजीगत बजेटबाट कम्प्युटर, ल्यापटप लगायतका रु.३८ लाख ६२ हजार मूल्यका जिन्सी सामान खरिद गरेकोमा जिन्सी दाखिला भएको देखिएन।

८. **सोभ्कै खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ पाँच लाख रूपैयाँसम्म लागत अनुमान भएको परामर्श सेवा सोभ्कै खरिद गर्न सकिने, नियम ८४ मा बीस लाख रूपैयाँसम्म लागत अनुमान भएको जुनसुकै सेवा सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले रु.७ लाख ९८ हजारको मास्टर प्लान तयार गर्ने कार्य नेक्स्ट कन्सल्टेन्सीबाट सोभ्कै खरिद गरेकोले उक्त कार्य अनियमित देखिएको छ ।

९. **प्रयोजन वेगर पेश्किः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(१) मा सरकारी वा अन्य कुनै व्यक्तिले सरकारी काम काजको निमित्त पेश्की लिनु पर्दा कुन कामको निमित्त के कति रकम चाहिने हो त्यसको विवरण पेश गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालय प्रमुख दुर्गा थापा लाई २०७३।११।२६ मा सामाजिक सुरक्षा भत्ता रु.७० लाख ५० हजार पेश्कि दिएको छ । सामाजिक सुरक्षा भत्ता वितरण बैंकिंग प्रणाली मार्फत गर्ने र सो हुन नसकेमा सम्बन्धित वडा सचिवले सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको अभिलेख विवरणको आधारमा पेश्कि लिई सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था रहेकोमा कार्यालय प्रमुख स्वयंले सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विवरण वेगर सामाजिक सुरक्षा भत्ता पेश्कि लिने कार्य प्रचलित कानूनी व्यवस्था विपरित रहेको छ ।

१०. **स्वीकृत बजेटबाट खर्च गर्नेः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले रकम स्वीकृत बजेटभित्र र सम्बन्धित शीर्षकमा पर्छ तथा स्वीकृत योजना छ भने सो समेत विचा गरी खर्च गर्न र खर्च गर्ने निकासा दिनुपर्ने व्यवस्था छ । साविक नगरपालिकाले पूँजीगत बजेटबाट विभिन्न किसिमका तालिम सन्चालन, अध्ययन भ्रमण लगायतका कार्यहरुमा रु.१७ लाख १६ हजार खर्च गरेको नियमित देखिएन ।

११. **सम्पत्ति हस्तान्तरण-** साविक नगरपालिकामा रहेका जिन्सी तथा भौतिक सामग्रीहरु के कति र के कस्तो अवस्थामा छन् तीनको विवरण प्राप्त भएको छैन । साविक नगरपालिकामा रहेका जिन्सी तथा भौतिक सम्पत्ति हाल गठन भएको गाउँपालिकामा जे जस्तो अवस्थामा छन् सोही अवस्थामा हस्तान्तरण हुनुपर्दछ र मूल्य नखुलेको कार्यालय भवन, क्षेत्रफल नखुलेको जग्गा समेतमा भौतिक सम्पत्तिको अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

१२. **पेश्की फछ्र्यौट-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा पेश्की फछ्र्यौट सम्वन्धी व्यवस्था छ । कार्यालयले पेश गरेको पेश्किको विवरण अनुसार आँबुखैरेनी गाउँपालिकाको रु.१,७९,०००।०, साबिक देउराली गाउँ विकास समितिको रु.१,७९,०००।० साबिक छिम्केश्वरी गाउँ विकास समितिको रु.१५,०००।० समेत रु.३,७३,०००।० पेश्की बाँकी देखिन्छ । कानूनी व्यवस्था बमोजिम पेश्कि फछ्र्यौट गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१३. **अग्रिम कर कट्टीः** आयकर ऐन २०५८ को दफा ८९ अनुसार कर कट्टी गर्नुपर्ने व्यवस्था रहेकोमा साबिक देउराली गा.वि.स.ले मोटरसाइकल खरिदमा अग्रीम कर रु.३१३१।० कट्टी गरी दाखीला गरेको नदेखिएकोले उक्त रकम असुल गर्नुपर्ने देखिएको छ ।

१४. **फरक शिर्षकबाट बजेट खर्चः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ मा रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा भई र रकम कुनै योजनाको भए योजना स्वीकृत भइसकेको छ भने खर्च गर्न र खर्च गर्ने निकासा दिनुपर्ने व्यवस्था छ । चालु खर्च शिर्षकबाट पूजीगत प्रकृतीका खर्च गरेकोले चालु खर्चमा रु.१,०८,५००।० बढी खर्च गरेको देखिएकोले उक्त खर्च अनियमित देखिएको छ ।

### बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.२ करोड १८ लाख २१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.२ करोड १८ लाख २१ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.२६ लाख ९८ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ८७ लाख ५० हजार र पेश्कि रु.३ लाख ७३ हजार रहेको छ ।

# ऋषिंग गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.५८ लाख ४९ हजार र यो वर्षको आय रु. ९करोड ६ लाख ७१ हजारसमेत रु.९ करोड ६५ लाख २० हजारआम्दानी भएकोमा रु.७ करोड ७० लाख ३१ हजारखर्च भई रु.१ करोड ९४ लाख ८९ हजारमौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **खाता सन्चालनः** गाउपालिका स्थापना भएपछि पनि वडा सचिव (पूर्व गा.वि.स.सचिव) हरुले खाता सञ्चालन गरि खर्च भएको रकमको हिसाब आषाढ मसान्तमा गाउपालिकामा बुझाएको आधारमा गाउपालिकाले ०७३ चैत्र २८ देखि आषाढ मसान्तसम्मको चालु खर्चसंग सम्बन्धित खर्चको उपशिर्षक नखुलाई चालु खर्च र पूजी खर्चसंग सम्बन्धित खर्चको उप शिर्षक नखुलाई पूजीगत खर्च उल्लेख गरि एउटै भौचर तयार गरिखर्च लेखेको हुद्दा आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नदेखिनुका साथैबजेट खर्च उप शिर्षक नखुलेको हुनाले कुन शिर्षकमा कति खर्च हुन गयो भनि एकिन गर्न सकिएन ।

२. **सम्पत्तिः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४६ मा सरकारी सम्पत्तिको संरक्षण सम्वन्धी व्यवस्था रहेको छ । साबिक ५ गाबिसको चल अचल सम्पत्ति के कस्तो अवस्थामा रहेको छ सो को अभिलेख राखेको नदेखिएकोले गाउपालिकाको सम्पूर्ण सम्पत्तिको अभिलेख व्यवस्थित गनुपर्ने देखिन्छ ।

३. **नापी किताब र कार्यसम्पन्न फारामः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५) (ध) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्याङ्कन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न फाराम र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था रहेको छ । कार्यालयले टोड्केदी खा.पा.योजनाको लागि रु.६,८१,०००।- भुक्तानी गरेकोमा कानूनी व्यवस्था बमोजिम सम्झौता, लागत अनुमान, प्राविधिक मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले प्रमाण कागजात पेश हुनुपर्ने देखिएको छ ।

४. **थप सुविधाः** नेपाल सरकारले विभिन्न निकायमा कार्यरत कर्मचारीहरुलाई कार्यसम्पादन सूचक निर्धारण गरी सोही सूचक र कार्यसम्पादनको आधारमा थप प्रोत्साहन भत्ता दिने व्यवस्था रहेको छ । कार्यालयको लागि थप प्रोत्साहन भत्ता स्वीकृत नभएको र गाउँ परिषदले थप सुविधि दिने निर्णय नगरेको अवस्थामा पनि कार्यकारी अधिकृतलाइृ मासिक रु.१२०००।० र लेखापाललाई मासिक रु.७०००।० का दरले ४ महिनाको थप सुविधा रु.७६०००।० भुक्तानी गरेकोले कानून विपरित दिएको थप सुविधा अनियमित देखिएको छ ।

५. **नगद बाँकिः** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ अनुसारजिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा रहेको नगद आम्दानी सोही दिन वा त्यसको भोलीपल्ट दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले यो वर्ष प्राप्त आम्दानी मध्ये रु.१,०६,०६१।२०आर्थिक वर्षको अन्त्यमा नगद बाँकि देखाएकोमा कार्यालयले प्राप्त गर्ने सबै किसिमका आम्दानीहरु कानूनी व्यवस्था बमोजिम दाखिला गर्नेतर्फ जिम्मेवार कर्मचारीले ध्यान दिनुपर्ने देखिन्छ ।

६. **कर बिजकः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) र (७) मा खर्चका वील भर्पाइ र प्रमाण कागजातहरु सहितको लेखा राख्ने र राख्न लगाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले निर्माण कार्यको प्राविधिक कार्यका लागि मोडेल ईञ्जिनियरिङ्ग कन्सल्टेन्सीलाई रु.२,००,०००।०० भुक्तानी गरेकोमा कर बिजक संलग्न गरेको देखिएन ।

७. **फछ्र्यौट हुन बाँकी पेश्कीः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) उपनियम (२) बमोजिम दिइएको पेश्की तोकिएको म्याद भित्र नियमावलीको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबै थरीको कर्तव्य हुने र कार्यालयमा पेश्की रकमको बिल भरपाई सहितको विवरण प्राप्त भएपछि एक्काईस दिन भित्र कार्यालयले फछ्र्यौट गरिसक्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले पेश गरेको पेश्कीको विवरण अनुसार निम्नानुसारको रु.४४,२८,६७१।५० पेश्की बाक्री कानूनी व्यवस्था बमोजिम पेश्की पछ्र्यौट गर्नुपर्ने देखिएको छ ।

८. **अग्रिम करः** आयकर ऐन २०५८ को दफा ८८ अनुसार अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था रहेकोमा साबिक कोटदरवार गा.वि.स.कार्यालयले मोडल ईञ्जिनियरिङ्ग कन्सल्टेन्सीलाई प्राविधिक परामर्श सेवा वापत रु.७८,०००।-भुक्तानी गर्दा कानूनी व्यवस्था बमोजिम कर कट्टी रु.१०,२६१।२५ गरेको नदेखिएकोले असुल गर्नुपर्ने देखिएको छ ।

९. **जिन्सी दाखिलाः** कार्यालय प्रयोजनको लागि साबिक राम्जाकोट गा.वि.स.सचिव अमृत सिग्देलले Samsung Brand को मोबाईल सेट रु.३४,८००।- मा खरिद गरेकोमा उक्त मोवाईल सेट जिन्सी दाखिला भएको नदेखिएकोले जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने देखिएको छ ।

१०. **अन्य निकायको खर्चः** साबिक ऋषिङ्ग रानीपोखरी गा.वि.स.ले उपस्वास्थ चौकी ऋषिङ्ग रानीपोखरीको जग्गा खरिदको लागि रु.८०,०००।- गा.वि.स.बाट खर्च लेखिएकोमा अन्य निकायको जग्गा खरिदका लागि रकम भुक्तानी गर्न नमिल्ने हुँदा उक्त खर्च अनियमित देखिएको छ ।

११. **पेश्कि माथि पेश्किः** साबिक ऋषिङ्ग रानीपोखरी गा.वि.स.ले गा.वि.स.भवन निर्माण गर्न उपभोक्ता समितिसंग रु.२,५०,०००।- को सम्झौता भएकोमा सो कार्यको लागि भौ.नं.१०।०७३।९।२८ बाट निर कुमार श्रेष्ठलाईरु.१,००,०००।-.पेश्की दिएकोमा सो फछ्र्यौट नगरी पुनः भौ.नं.१६।०७३।११।१२ थप रु.१,८०,०००।- पेश्की दिईएको पाईयो । विना कुनै औचित्य पेश्की माथिपेश्की दिने कार्यलाई नियन्त्रण गरी सम्झौताभन्दा बढी पेश्कि दिएको रु.३००००।० अनियमित देखिएको छ ।

१२. **अग्रिम करः** आयकर ऐन २०५८ को दफा ८८ अनुसार अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था रहेकोमा साबिक ऋषिङ्ग रानीपोखरी गा.वि.स.कार्यालयले सनराईज ईञ्जिनियरिङ्ग कन्सल्टेन्सीलाई घरधुरी सर्भेक्षण फाराम समाविष्ट गरेवापत रु.१,४१,६००।- भुक्तानीमा कानूनी व्यवस्था बमोजिम कर कट्टी रु.२१२४०।० गरेको नदेखिएकोले असुल गर्नुपर्ने देखिएको छ ।

१३. **अग्रिम करः** आयकर ऐन २०५८ को दफा ८८ अनुसार अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था रहेकोमा काहुँ शिवपुर गा.वि.स.कार्यालयले मोडल ईञ्जिनियरिङ्ग कन्सल्टेन्सीलाई प्राविधिक परामर्श सेवा वापत रु.१००,०००।-भुक्तानी गर्दा कानूनी व्यवस्था बमोजिम कर कट्टी रु.१५०००।– गरेको नदेखिएकोले असुल गर्नुपर्ने देखिएको छ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.५६ लाख ८३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.५६ लाख ८३ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.४७ हजार, नियमित गर्नुपर्ने रु.१२ लाख ८ हजार र पेश्कि रु.४४ लाख २९ हजार रहेको छ ।

# घिरिङ गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.७२ लाख ४५ हजार र यो वर्षको आय रु. ६करोड ९३लाख २७हजारसमेत रु.७ करोड ६५ लाख ७२ हजारआम्दानी भएकोमा रु.५ करोड १८ लाख ४९ हजार खर्च भई रु.२ करोड ४७लाख २३ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **विवरणमा फरक:** चालु र पूजीगतको विस्तृत अनुदान र खर्चको विवरण उपलब्ध नहुनुको साथै आय र व्यय तर्फ रु.२१,७०,२७८।८६ फरक देखिएकोले फरक रकम सम्वन्धमा स्पष्ट हुनुपर्ने देखिएको छ ।

२. **सम्पत्ति:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४६ मा सरकारी सम्पत्तिको संरक्षण सम्वन्धी व्यवस्था रहेको छ । साबिक गाबिसको चल अचल सम्पत्ति के कस्तो अवस्थामा रहेको छ सो को अभिलेख राखेको नदेखिएकोले गाउपालिकाको सम्पूर्ण सम्पत्तिको अभिलेख व्यवस्थित गनुपर्ने देखिन्छ ।

३. **फछ्र्यौट हुन बाँकी पेश्की:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) उपनियम (२) बमोजिम दिइएको पेश्की तोकिएको म्याद भित्र नियमावलीको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबै थरीको कर्तव्य हुने र कार्यालयमा पेश्की रकमको बिल भरपाई सहितको विवरण प्राप्त भएपछि एक्काईस दिन भित्र कार्यालयले फछ्र्यौट गरिसक्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले पेश गरेको पेश्कीको विवरण अनुसार रु.३,५९,६९५।० पेश्की बाकी कानूनी ब्यवस्था बमोजिम पेश्की पछ्र्यौट गर्नुपर्ने देखिएको छ ।

४. **मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन (भौ.नं.२४।०७४।३।२०):** उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउदा लागत अनुमान, मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिनुपर्नेमा छेरपादी खा.पा.यो. को मोटर पम्प खरिदको अन्तिम रकम रु.१,००,०००।- भुक्तानी गर्दा कानूनी व्यवस्था बमोजिम उपभोक्ता समितिसंगको सम्झौता, प्राविधिकले तयार गरेको लागत अनुमान, मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले प्रमाण कागाजात पेश हुनुपर्ने देखिएको छ ।

५. **कर बिजक:** आर्थिक कार्यविधि नियममावली २०६४ को नियम ३६(३) र (७) मा खर्चका बिल भरपाई र प्रमाण कागजातहरु सहितको लेखा राख्ने र राख्न लगाउनु पर्ने व्यवस्था रहेको छ । साकिब साबुंग भगवतीपुर गा.वि.स.कार्यालयले निर्माण कार्यको प्राविधिक कार्यका लागि एन्.एल्. ईञ्जिनियरिङ्ग कन्सल्टेनसीलाई प्राविधिक परामर्श सेवा वापत रु.४०,०००।- भुक्तानी गर्दा कर बिजक संलग्न गरेको नदेखिएकाले कानूनी व्यवस्था बमोजिम कर बिजक पेश हुनुपर्ने देखिएको छ ।

६. **अग्रिम कर:** आयकर ऐन २०५८ को दफा ८८ अनुसार अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था रहेकोमा साकिब साबुंग भगवतीपुर गा.वि.स.कार्यालयले निम्नानुसार भुक्तानी गर्दा कानूनी व्यवस्था बमोजिम कर कट्टी रु.१०२६१।२५ गरेको नदेखिएकोले असुल गर्नुपर्ने देखिएको छ ।

७. **कर बिजक:** आर्थिक कार्यविधि नियममावली २०६४ को नियम ३६(३) र (७) मा खर्चका बिल भरपाई र प्रमाण कागजातहरु सहितको लेखा राख्ने र राख्न लगाउनु पर्ने व्यवस्था रहेको छ । साबिक गजरकोट गा.वि.स.कार्यालयले निर्माण कार्यको प्राविधिक कार्यका लागि एन्.एल्. ईञ्जिनियरिङ्ग कन्सल्टेनसीलाई प्राविधिक परामर्श सेवा वापत भुक्तानरु.७०,०००।- गरेकोमा कर बिजक संलग्न गरेको नदेखिएकाले कानूनी व्यवस्था बमोजिम कर बिजक पेश हुनुपर्ने देखिएको छ ।

८. **अग्रिम कर:** आयकर ऐन २०५८ को दफा ८८ अनुसार अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था रहेकोमा साबिक गजरकोट गा.वि.स.कार्यालयले निम्नानुसार भुक्तानी गर्दा कानूनी व्यवस्था बमोजिम कर कट्टी रु.१२९००।० गरेको नदेखिएकोले असुल गर्नुपर्ने देखिएको छ ।

९. **मोटरसाईकल खरिद:** साबिक गजरकोट गा.वि.स.कार्यालयले प्रहरी चौकी गजरकोटको लागि रु.२,१२,९००।-को मोटरसाइकल खरिद गर्दा आधा खर्च यस गा.वि.स.ले र आधा खर्च धिरिङ्ग सुन्धाराले ब्यहोरेको भनि भुक्तानी गरेकोले अन्य सरकारी निकायको लागि गरेको खर्च अनियमित देखिएको छ ।

१०. **बिल भरपाई बेगर खर्च:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) र (७) मा खर्चका बिल भरपाई र प्रमाण कागजातहरु सहितको लेखा राख्ने र राख्न लगाउनु पर्ने व्यवस्था रहेकोमा साबिक घिरिङ्ग गा.वि.स.कार्यालयले दलित महिला सशक्तिकरण कार्यक्रमको लागि रु.१,००,०००।- मध्ये रु.६८,४००।- को मात्र बिल संलग्न भएको हुदा रु.३१,६००।- को पुष्ट्याई हुने प्रमाण कागजात पेश

हुपर्ने देखिएको छ ।

११. **कर बिजकः** आर्थिक कार्यविधि नियममावली २०६४ को नियम ३६(३) र (७) मा खर्चका बिल भरपाई र प्रमाण कागजातहरु सहितको लेखा राख्ने र राख्न लगाउनु पर्ने व्यवस्था रहेको छ । साबिक साबिक घिरिङ्ग गा.वि.स.कार्यालयले निर्माण कार्यको प्राविधिक कार्यका लागि एन्.एल्. ईञ्जिनियरिङ्ग कन्सल्टेनसीलाई प्राविधिक परामर्श सेवा वापत रु.८०,०००।- भुक्तानी गरेकोमा कर बिजक संलग्न गरेको नदेखिएकाले कानूनी व्यवस्था बमोजिम कर बिजक पेश हुनुपर्ने देखिएको छ ।

१२. **अग्रिम करः** आयकर ऐन २०५८ को दफा ८८ अनुसार अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था रहेकोमा साबिक घिरिङ्ग गा.वि.स. कार्यालयले एन्.एल्. ईञ्जिनियरिङ्ग कन्सल्टेन्सीलाई परामर्श सेवो वापत रु.८००००।० भुक्तानी गर्दा कानूनी व्यवस्था बमोजिम कर कट्टी रु.१२०००।० गरेको नदेखिएकोले असुल गर्नुपर्ने देखिएको छ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.३१ लाख बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.३१ लाख फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.३५ हजार, नियमित गर्नुपर्ने रु.२७ लाख ५ हजार र पेश्कि रु.३ लाख ६० हजार रहेको छ ।

# देवघाट गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.७५ लाख ७२ हजार र यो वर्षको आय रु.६ करोड ६९ लाख ५ हजार समेत रु.७ करोड ४४ लाख ७७ हजार आम्दानी भएकोमा रु. ५करोड ८२ लाख ७४ हजार खर्च भई रु.१ करोड ६२ लाख ३ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **आन्तरिक नियन्त्रण र वित्तीय जवाफदेहिता:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ अनुसार प्रत्येक कार्यालयले सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वितीय प्रतिवेदन प्रणाली लाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नु पर्ने र त्यसमा नियन्त्रणको वातावरण, जोखिम क्षेत्रको पहिचान, सूचनाको आदान प्रदान, अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई समेत समेटिनु पर्ने व्यवस्था छ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको, जिन्सी सामानको मूल्य खुलाई अभिलेख नराखेको, जिन्सी लिलाम बिक्रि नगरेको, सम्भाबित जोखिमहरु पहिचान गरी रजिष्टर खडा नगरेको, प्रत्येक पदको कार्य विवरण बनाइ लागु नगरेको, नापी किताब, ठेक्का बील, कार्य सम्पन्न प्रतिवेदनमा ठेक्का नं., कार्य सम्पन्न हुनुपर्ने मिति, कार्य सम्पन्न मिति लगायत उल्लेख नगरेको, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(२) अनुसार उपभोक्ता समितिको वर्गिकरण र सूचिकृत नगरेको, नियम १५५ अनुसार सार्वजनीक परीक्षण नभएको अवस्था रहेको छ ।

२. **सम्पत्ति:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४६ मा सरकारी सम्पत्तिको संरक्षण सम्वन्धी व्यवस्था रहेको छ । साबिक ३ गाबिसको चल अचल सम्पत्ति के कस्तो अवस्थामा रहेको छ सो को अभिलेख राखेको नदेखिएकोले गाउँपालिकाको सम्पूर्ण सम्पत्तिको अभिलेख व्यवस्थित गनुपर्ने देखिएको छ

३. **मेशिनको प्रयोग:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नपाइने व्यवस्था रहेको छ । यो वर्ष उपभोक्ता समिति मार्फत गरिएका अधिकांश कार्यहरुमा एक्साभेटर, जे.सी.बी. जस्ता मेशीनरी उपकरण प्रयोग गरी निर्माण कार्य गराएको देखिएकोले कानूनी व्यवस्था बमोजिम कार्य गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४. **निर्माण कार्यको चेनेज:** शान्ति ग्रामिण कृषि मोटर मार्ग निर्माणको लागि चेनेज ०+००० देखि ०+५०० सम्मको लागत अनुमान उपभोक्ता समितिको योगदान समेत रु.११२५६२९।७२ रहेकोमा जिल्ला प्राविधिक कार्यालयको प्राविधिक नाप जाँच तथा कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.२४२९९२५।७६ को निर्माण कार्य भएको देखिन्छ । जिल्ला प्राविधिक कार्यालयले पनि चेनेज ०+००० देखि ०+४+००० सम्म निर्माण कार्य गराएको देखिन्छ । गाउँपालिका र जिल्ला प्राविधिक कार्यालयले निर्माण कार्य गराएको चेनेज स्पष्ट रुपमा नखुलाउँदा एउटै चेनेजमा दोहोरो कार्य गरे नगरेको एकिन गर्न नसकिएकोले यस सम्वन्धमा सम्बन्धित निकायले स्पष्ट रुपमा चेनेज खुलाई निर्माण कार्य गराउनुपर्ने देखिएको छ ।

५. **फरक शिर्षकबाट खर्च:** नेपाल सरकारको खर्च शिर्षक वर्गिकरण अनुसार चालु प्रकतिका खर्चहरु चालु खर्च शिर्षकबाट र पूँजीगत प्रकृतिका खर्चहरु पूँजीगत खर्च शिर्षकबाट खर्च लेख्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले चालु खर्च शिर्षकबाट लेख्नुपर्ने खर्च पूँजीगतबाट शिर्षकबाट खर्च लेखेकोले यसरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्ने देखिएको छ । यसका केहि उदाहरण यसप्रकार रहेका छन्

६. **फछ्र्यौट हुन बाँकी पेश्की:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) उपनियम (२) बमोजिम दिइएको पेश्की तोकिएको म्याद भित्र नियमावलीको कार्यविधि अपनाई फर्छौट गर्नु गराउनु पेश्की लिने दिने दुबै थरीको कर्तव्य हुने र कार्यालयमा पेश्की रकमको बिल भरपाई सहितको विवरण प्राप्त भएपछि एक्काईस दिन भित्र कार्यालयले फछ्र्यौट गरिसक्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले पेश गरेको पेश्किको विवरण अनुसार रु.१८७८७७४।०४ पेश्की बाँकी रहेको देखिन्छ । कानूनी व्यवस्था बमोजिम पेश्कि फछ्र्यौट गर्नुपर्ने देखिएको छ ।

७. **बढी भुक्तानी:** महिला नेतृत्व विकास सम्वन्धी तालिम कार्यक्रम सन्चालनका लागि दिगो विकासका लागि बहुउद्देश्यीय प्रतिष्ठानसंग सम्झौता गरिएकोमा अर्थ मन्त्रालयको स्वीकृत नर्म्सभन्दा बढी दरमा प्रशिक्षण तथा कार्यपत्र वापतको रकम भुक्तानी गरेकोले बढी भुक्तानी रु.३०००।० असुल गर्नुपर्ने देखिएको छ ।

८. **सम्झौताभन्दा बढी भुक्तानी:** सडक मर्मत सम्भार कार्यको लागि गाउँ विकास समिति र उपभोक्ता समूह विच भएको सम्झौतामा उल्लेखित रकमभन्दा बढी हुने गरी उपभोक्ता समितिलाई भुक्तानी गरेको देखिएकोले सम्झौताभन्दा बढी भुक्तानी गरेको रु.४००००।० अनियमित देखिएको छ ।

९. **प्रमाण कागजात:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) र (७) मा खर्चका वील भर्पाइ र प्रमाण कागजातहरु सहितको लेखा राख्ने र राख्न लगाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष पशु स्वास्थ्य कार्यक्रमको लागि विभिन्न औषधि खरिद वापत रु.५०००० र स्वास्थ्य चौकीको लागि औषधि खरिद वापत रु.९००००।० भुक्तानी गरेकोमा सम्बन्धित पशु सेवा केन्द्र र स्वास्थ्य चौकिले औषधि प्राप्त गरेको प्रमाण पेश नभएकोले आवश्यक प्रमाण कागजात पेश हुनुपर्ने देखिएको छ ।

१०. **प्रोत्साहन भत्ता:** गा.वि.स.सचिवहरुलाई विभिन्न सूचकका आधारमा प्रोत्साहन भत्ता उपलव्ध गराएकोमा गा.वि.स.बाट विशेष सुविधा भत्ता रु.१२०००।० भुक्तानी गरेकोले उक्त रकम अनियमित देखिएको छ ।

११. **कर कट्टी:** आयकर ऐन २०५८ को दफा ८८ अग्रिम कर कट्टी गनुपर्ने व्यवस्था रहेकोमा मोडेल इन्जिनियरिंग कन्सल्टेन्सीलाई प्राविधिक परामर्श सेवा वापत रु.७५०००।० भुक्तानी गर्दा अग्रिम कर कट्टी नगरेकोले रु.११२५०।० असुल गर्नुपर्ने देखिएको छ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.२० लाख ८५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.२० लाख ८५ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.१४ हजार, नियमित गर्नुपर्ने रु.१ लाख ९२ हजार र पेश्कि रु.१८ लाख ७९ हजार रहेको छ ।

# म्याग्दे गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु. ३९ लाख ८८ हजार र यो वर्षको आय रु. ८करोड १२ लाख ९३ हजार समेत रु.८ करोड ५२ लाख ८१ हजार आम्दानी भएकोमा रु.७करोड २० लाख ९० हजार खर्च भई रु.१ करोड ३१ लाख ९१ हजार मौज्दात रहेको छ। आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्।

१. **सम्पत्तिः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४६ मा सरकारी सम्पत्तिको संरक्षण सम्वन्धी व्यवस्था रहेको छ। साबिक ३ गाबिसको चल अचल सम्पत्ति के कस्तो अवस्थामा रहेको छ सो को अभिलेख राखेको नदेखिएकोले गाउँपालिकाको सम्पूर्ण सम्पत्तिको अभिलेख व्यवस्थित गनुपर्ने देखिएको छ।

२. **आन्तरिक नियन्त्रण र वित्तीय जवाफदेहिताः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ अनुसार प्रत्येक कार्यालयले सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वितीय प्रतिवेदन प्रणाली लाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नु पर्ने र त्यसमा नियन्त्रणको वातावरण, जोखिम क्षेत्रको पहिचान, सूचनाको आदान प्रदान, अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई समेत समेटिनु पर्ने व्यवस्था छ। कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको, नापी किताब, ठेक्का बील, कार्य सम्पन्न प्रतिवेदनमा ठेक्का नं., कार्य सम्पन्न हुनुपर्ने मिति, कार्य सम्पन्न मिति लगायत उल्लेख नगरेको, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(२) अनुसार उपभोक्ता समितिको वर्गिकरण र सूचिकृत नगरेको, नियम १५५ अनुसार सार्वजनीक परीक्षण नभएको अवस्था रहेको छ।

३. **मेशिनको प्रयोगः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीब्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नपाइने व्यवस्था रहेको छ। यो वर्ष उपभोक्ता समिति मार्फत गरिएका अधिकांश कार्यहरुमा एक्साभेटर, जे.सी.बी. जस्ता मेशीनरी उपकरण प्रयोग गरी निर्माण कार्य गराएको देखिएकोले कानूनी व्यवस्था बमोजिम कार्य गराउनुपर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

४. **बजेट फ्रिजः** संघीय संरचना पूर्वाधार विकास कार्यक्रम अन्तर्गतको चालु अनुदान बजेट फ्रिज गर्नुपर्नेमा यो वर्ष खर्च नभई बाँकि रहेको रु.१३५५३५।६० को.ले.नि.का.मा फिर्ता गरेको नदेखिएकोले उक्त रकम सरकारी राजस्व खातामा दाखिला गर्नुपर्ने देखिएको छ।

५. **फछ्र्यौट हुन बाँकी पेश्कीः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) उपनियम (२) बमोजिम दिइएको पेश्की तोकिएको म्याद भित्र नियमावलीको कार्यविधि अपनाई फर्छौट गर्नु गराउनु पेश्की लिने दिने दुबै थरीको कर्तव्य हुने र कार्यालयमा पेश्की रकमको बिल भरपाई सहितको विवरण प्राप्त भएपछि एक्काईस दिन भित्र कार्यालयले फछ्र्यौट गरिसक्नु पर्ने व्यवस्था रहेको छ। कार्यालयले पेश गरेको पेश्किको विवरण अनुसार रु.७,४६,९००।० पेश्की वाँकी रहेको देखिन्छ। कानूनी व्यवस्था बमोजिम पेश्कि फछ्र्यौट गर्नुपर्ने देखिएको छ।

६. **फरक शिर्षकबाट खर्चः** नेपाल सरकारको खर्च शिर्षक वर्गिकरण अनुसार चालु प्रकतिका खर्चहरु चालु खर्च शिर्षकबाट र पूँजीगत प्रकृतिका खर्चहरु पूँजीगत खर्च शिर्षकबाट खर्च लेख्नुपर्ने व्यवस्था भएकोमा साबिक जामुने गा.वि.स.कार्यालयले आर्थिक सहयोग वापत रु.१५,०००।- पूजीगत शिर्षकबाट खर्च लेखिएकोले उक्त खर्च अनियमित देखिएको छ।

७. **फरक शिर्षकबाट खर्चः** नेपाल सरकारको खर्च शिर्षक वर्गिकरण अनुसार चालु प्रकतिका खर्चहरु चालु खर्च शिर्षकबाट र पूँजीगत प्रकृतिका खर्चहरु पूँजीगत खर्च शिर्षकबाट खर्च लेख्नुपर्ने व्यवस्था भएकोमा साबिक मनपाङ गा.वि.स.कार्यालयले स्वास्थ्यचौकी व्यवस्थापन खर्च रु.१२,०००।-पूजीगत शिर्षकबाट खर्च लेखिएकोले उक्त खर्च अनियमित देखिएको छ।

### बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.१० लाख ३४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ लाख २५ हजार बेरुजू फछ्र्यौट गरेकोले रु.९ लाख ९ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ। सो मध्ये नियमित गर्नुपर्ने रु.१ लाख ६२ हजार र पेश्कि रु.७ लाख ४७ हजार रहेको छ।

# बन्दीपुर गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.७२ लाख ६१ हजार र यो वर्षको आय रु.१४ करोड ५४ लाख १३ हजार समेत रु.१५ करोड २६ लाख ७४ हजार आम्दानी भएकोमा रु.८ करोड ७५ लाख ८५ हजार खर्च भई रु.६ करोड ५० लाख ८९ हजार मौज्दात रहेको छ। आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्।

१. **आन्तरिक नियन्त्रण र वित्तीय जवाफदेहिता:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ अनुसार प्रत्येक कार्यालयले सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वितीय प्रतिवेदन प्रणाली लाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नु पर्ने र त्यसमा नियन्त्रणको वातावरण, जोखिम क्षेत्रको पहिचान, सूचनाको आदान प्रदान, अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई समेत समेटिनु पर्ने व्यवस्था छ। कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको, जिन्सी सामानको मूल्य खुलाई अभिलेख नराखेको, जिन्सी लिलाम बिक्रि नगरेको, सम्भाबित जोखिमहरु पहिचान गरी रजिष्टर खडा नगरेको, प्रत्येक पदको कार्य विवरण बनाइ लागु नगरेको, मर्मत अभिलेख खाता नराखेको, कार्यक्रम वाइज खर्च खाता नराखेको, नापी किताब, ठेक्का बील, कार्य सम्पन्न प्रतिवेदनमा ठेक्का नं., कार्य सम्पन्न हुनुपर्ने मिति, कार्य सम्पन्न मिति लगायत उल्लेख नगरेको, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(२) अनुसार उपभोक्ता समितिको वर्गिकरण र सूचिकृत नगरेको, नियम १५५ अनुसार सार्वजनीक परीक्षण नभएको अवस्था रहेको छ।

२. **आय व्यय विवरण फरक:** कार्यालयले पेश गरेको आय व्यय विवरण अनुसार आय रु.९ करोड ८५ लाख ५५ हजार रहेकोमा व्यय (मौज्दात समेत) रु.९ करोड ६३ लाख ५० हजार मात्र देखिएकोले आय भन्दा व्यय रु.२२ लाख ३ हजार घटी देखिएकोले घटी रकम सम्वन्धमा छानविन गरी असुल गर्नुपर्दछ।

३. **घटी जिम्मेवारी:-** आर्थिक कार्यविधि नियमवाली, २०६४ को नियम ९२ मा कारोबारको लेखा राख्ने व्यवस्था छ। साविक नगरपालिकाबाट गाउँपालिकामा रु.३१ लाख ३९ हजार जिम्मेवारी सार्नुपर्नेमा रु.१८ लाख ४५ हजार मात्र जिम्मेवारी सारेकोले घटी जिम्मेवारी सारेको रु.१२ लाख ९४ हजार सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्दछ।

४. **नगद दाखिला:-** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा भएको सरकारी नगदी तोकिएको म्यादभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। कार्यालयले पेश गरेको विवरण अनुसार वर्षान्तमा नगद मौज्दात रु.४ लाख १३ हजार देखिएकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त रकम दाखिला गरेको नदेखिएकोले दाखिला गराई आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ अनुसार कारवाही गर्नुपर्ने देखिन्छ।

५. **पूँजीगत अनुदान:-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ मा स्वीकृत बजेट खर्च गर्दा रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने मात्र खर्च गर्न र खर्च गर्ने निकासा दिनु पर्ने व्यवस्था छ। पूँजीगत अनुदानबाट मैनवत्ती तालिमको लागि अनुदान दिएको रु.२,००,०००।- र विज्ञापन, सूचना प्रकाशन गर्न रु.२,५४,५८३।- समेत रु.४,५४,५८३।- खर्च गरेकोले उक्त खर्च अनियमित देखिएको छ

६. **सहकारी संस्थालाई अनुदान:-** कार्यालयले पूँजीगत अनुदानबाट सहकारी ऐन, २०४८ अनुसार नाफामूलक संस्थाको रुपमा दर्ता भएका ३ सहकारी संस्थाहरुलाई उपलब्ध गराएको रु.३,००,०००।- नियमित देखिएन।

७. **उपभोक्ता समिति:-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट सञ्चालित निर्माण कार्यमा लोडर एक्साभेटर डोजर समेत प्रयोग गर्न सकिने छैन भनी उल्लेख भएको छ भने उपनियम १० मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव-कन्ट्याक्टरबाट गराउन सकिने छैन भनी उल्लेख भएकोमा ३ उपभोक्ता समितिले रु.१४,८८,१५८।० को निर्माण व्यवसायी मार्फत डोजर प्रयोग गरी काय गराएको छ।

८. **अभिलेख व्यवस्थापन:-** गाउँपालिकाको एकीकृत सम्पत्ति कर रु.४,८०,११२।- समेत जम्मा आन्तरिक आम्दानी रु.२४,७०,०६७।- देखाएकोमा आम्दानीलाई पुष्टि गर्ने लगत एवं अभिलेख व्यवस्थित गरेको देखिएन। शीर्षकगत आम्दानीको लगत तथा अभिलेख व्यवस्थित गर्नुपर्ने देखिएको छ।।

९. **प्रोत्साहन भत्ता र खाजा खर्चः-** बन्दीपुर नगरपालिका र गाउँपालिकाबाट आ.ब.२०७३।७४ मा प्रोत्साहन लगायतमा परिसुचक निर्धारण तथा विस्तृत अध्ययन विना थप प्रोत्साहन भत्ता रु.४ लाख ६६ हजार र खाजा खर्च रु.३ लाख ७२ हजार समेत रु.८ लाख ३८ हजार खर्च गरेको देखिएकोले उक्त खर्च अनियमित देखिएको छ

१०. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा हस्तान्तरण भई प्राप्त हुन आएका जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई लगत खडा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष पूँजीगत बजेटबाट कम्प्युटर, प्रिन्टर लगायतका रु.५ लाख ७९ हजार मूल्यका जिन्सी सामान खरिद गरेकोमा जिन्सी दाखिला भएको देखिएन ।

११. **डी.पी.आर तयारीः-** भवन निर्माणको लागि रु.१२,००,०००।- को लागत अनुमानमा डी.पी.आर.तयार गर्न २०७४।३।१८ सम्ममा बोलपत्र खरिद, २०७४३।१८ मै दर्ता गर्ने गरी २०७४।३।३ मा हिमालय टाइम राष्ट्रिय दैनिकमा सूचना प्रकाशित भएको देखियो । कार्यालयले २०७४।३।१९ मा बोलपत्र खोली श्रीराज इन्जिनियरङ कन्सल्टेन्सीले मू.अ.कर समेत रु.९,८०,८४०।- कबोल गरेको देखियो । २०७४।३।२० मा सम्झौता भई निजले २०७३।३।२५ मा कार्य सम्पन्न गरेको देखियो । सम्झौता भएको ५ दिनभित्र रु.५०,००,०००।- को भवन निर्माणको डी.पी.आर.तयार गरेको देखियो । यसरी आर्थिक वर्षको अन्तमा छोटो समयमा डी.पी.आर.तयार गर्ने कार्यमा सुधार हुनुपर्दछ ।

१२. **बढी भुक्तानीः** ठूली कुवा संरक्षण समितिलाई कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.९७,०००।- भुक्तानी दिनुपर्नेमा रु.१,००,०००।- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.३,०००।- असुल गर्नुपर्दछ ।

१३. **माष्टर प्लानः-** कार्यालयले टुँडीखेल विस्तार उपभोक्ता समितिलाई पार्क निर्माण कार्यको लागि कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.१९,००,०००।- भुक्तानी गरेको देखियो । उक्त रकममध्ये समितिलाई माष्टरप्लान, ड्रइङ्ग, डिटेल इष्टिमेट बापत रु.२,५०,०००।- भुक्तानी दिएकोमा माष्टर प्लान ड्रइङ्ग र डिटेल इष्टिमेट पेश नभएकोले सो सम्वन्धी प्रमाण कागजात पेश हुनुपर्ने देखिएको छ ।

१४. **कार्यक्रम विपरित खर्चः-** वातावरण मैत्री स्थानीय शासन कार्यक्रम सञ्चालनको लागि प्राप्त अनुदान रकम सोही कार्यक्रमको लागि खर्च गर्नुपर्नेमा लक्षित कार्यक्रममा खर्च नगरी अनुगमन मूल्यांकन, मोबाईल खरिद, अन्य भत्ता लगायतमा गरिएको खर्च रु.४,१६,९०१।- अनियमित देखिएको छ ।

१५. **सामाजिक परिक्षणः** संघिय संरचना पुर्वाधार कार्यक्रम अन्तर्गत धरमपानी वडा कार्यालय निर्माण समितिलाई रु.५,५८,५८७० को कार्यसम्पन्न वापत भूक्तानी लेखीएकोमा सामाजिक परीक्षण गरेको नदेखिएकोले सामाजिक परीक्षण सम्वन्धी प्रमाण कागजात पेश हुनुपर्ने देखिएको छ ।

१६. **भाडा करः** आयकर ऐन २०५८ को दफा ८८ (१) भाडा कर कट्टी सम्वन्धी व्यवस्था छ । कार्यालयले रु.१९ लाख ५६ हजार मूल्यको विभिन्न सामाग्री ढुवानी गर्दा भाडा कर रु.१ लाख ९५ हजार कट्टी गरेको देखिएन ।

१७. **घटी जिम्मेवारीः** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा रहेको नगद आम्दानी सोही दिन वा त्यसको भोलीपल्ट दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । साबिक बन्दीपुर नगरपालिकातर्फ गत वर्षको जिम्मेवारी रु.४१,२१,७४८।५५ मध्ये बैंक मौज्दात रु.१२,६५,४५४।- र रु.२८,५६,२९।५५ नगद मौज्दात रहेकोमा २०७३।४।२४ मा रु.२६,१४,००५।१० नेपाल बैंक लि.मा दाखिला गरेको देखियो । नगद बाँकी रु.२,४२,२८९।३५ मध्ये २०७३।४।२४ मा पुजा श्रेष्ठले रु.१,५०,०००।- नगद दाखिला गरी रु.९२,९८५।३५ निजको जिम्मा रहेको छ । कानूनी व्यवस्था अनुसार सरकारी राजस्व दाखिला भएको नदेखिएकोले नगद बाँकि रु.९२,९८५।३५ दाखिला गराई आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ अनुसार कारवाही गर्नुपर्ने देखिन्छ ।

१८. **नगद दाखिला -** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा भएको सरकारी नगदी तोकिएको म्यादभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । साविक बन्दीपुर नगरपालिकाको आन्तरिक आम्दानीतर्फ नगरपालिकाबाट गाउँपालिकामा जिम्मेवारी सारेको रु.३१ लाख ३९ हजार मध्ये कार्यालय सहायकको नाममा नगद बाँकी रहेको रु.६ लाख ४७ हजार दाखिला भएको देखिएन ।

१९. **अभिलेख व्यवस्थापन-** नगरपालिकातर्फ देखाएको एकीकृत सम्पत्ति कर रु.६,०६,०८।०, विज्ञापन कर रु.३७,५१०।- र अन्य आम्दानी समेत जम्मा रु.३२,२५,७०७।७६ आन्तरिक आय देखाएकोमा शीर्षकगत आन्तरिक आयको लगत तथा अभिलेख व्यवस्थित नभएकोले आन्तरिक आम्दानीको छुट्टाछुट्टै लगत तथा अभिलेख राखी आन्तरिक आय व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

२०. **कर दाखिला:** आयकर ऐन २०५८ को दफा ८८ बमोजिम अग्रिम कर कट्टी गर्नुपर्नेमा वातावरण मैत्री सिप विकास तालीम सञ्चालनार्थ रु.२९६०००।० भूक्तानी गरेकोमा बहाल कर रु.४२००।०, पारिश्रमिक कर रु.९९००।० र अग्रीम आयकर रु.२६५५।० समेत रु.१६७५५।० दाखीला गरेको नदेखिएकोले असुल गर्नुपर्ने देखिएको छ ।

२१. **मौज्दात फिर्ता:** साविक बन्दीपुर नगरपालिकातर्फ बैंक नगदी किताब अनुसार निकासा प्राप्त रु.६५,००,०००।- मध्ये खर्च रु.५,९८,९८४।- खर्च भई रु.५९,०१,०१६।- कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्नेमा रु.५८,८४,२६१।- मात्र फिर्ता गरेकोले बाँकी रु.१६,७५५।- सन्चित कोष दाखिला गर्नुपर्ने देखिएको छ ।

२२. **बिल भरपाई:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) र (७) मा खर्चका वील भर्पाइ र प्रमाण कागजातहरु सहितको लेखा राख्ने र राख्न लगाउनु पर्ने व्यवस्था रहेकोमा राजनितिक परामर्श समितिमा बैठक भत्ता रु.२९७५। बुझेको भरपाइ पेश नभएकोले सो रकम असुल गर्नुपर्ने देखीएको छ ।

२३. **मूल्य अभिवृद्धि कर र सोको जानकारी:** मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क बमोजिम मुल्य अभिवृदि कर भुक्तानीको जानकारी आन्तरिक राजश्व कायांलयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा यस वर्ष भुक्तानी भएको रु.५३९६८८।० को मुल्य अभिवृदि कर रु.६२०८८।० को जानकारी आन्तरिक राजश्व कार्यालयमा पठाएको नदेखिएकोले मू.अ.कर समायोजन पत्र पेश हुनुपर्ने देखिएको छ ।

**बेरुजू स्थिति**

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.८३ लाख ४४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.८३ लाख ४४ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.२६ लाख ६५ हजार, नियमित गर्नुपर्ने रु.५६ लाख ७८ हजार रहेको छ ।

# गल्याङ नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.८४ लाख ३३ हजार र यो वर्षको आय रु.५ करोड ५१ लाख १ हजार समेत रु.६ करोड ३५ लाख ३४ हजार आम्दानी भएकोमा रु.५ करोड ७६ हजार खर्च भई रु.१ करोड ३४ लाख ५८ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन् ।

१. **आन्तरिक नियन्त्रण र वित्तीय जवाफदेहिता:-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार प्रत्येक कार्यालयले सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वितीय प्रतिवेदन प्रणाली लाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्ने व्यवस्था छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(२) अनुसार उपभोक्ता समितिको बर्गीकरण र सूचीकृत प्रकिया अवलम्वन नगरेको देखिएकोले आन्तरक नियन्त्रण प्रणालीको विवकास गर्नुपर्दछ ।

२. **कर बिजक** : प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरु मूल्य अभिवृद्धि कर बिलको प्रयोग गर्नुपर्दछ ।

३. **उपभोक्ता समिति** : प्रचलित कानूनमा विभिन्न योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने व्यवस्था अनुसार अधिकमांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराईएको छ । उपभोक्ता समितिलाई जिम्मेवारी तथा उत्तरदायित्व वहन गर्न लगाउन तथा योजनाको अपनत्व बनाउन उपभोक्ता समितिलाई संघ संस्था ऐन अनुसार दर्ता गराई निर्माण कार्यको जिम्मेवारी दिनुपर्दछ ।

३.१. उपभोक्ता समितिबाट गराईएका योजनाहरुमा जन सहभागीताको रकम र गा.वि.स.को अनुदान २०:८० को अनुपातमा नभएको । हाल गा.वि.स.को रकमलाई १०० मानी त्यसको २० प्रतितशतलाई जनसहभागीतमा निर्धारित गरिएकोमा योजनाको रकमलाई १०० मानी २० प्रतिशत जनसहभागीता निर्धारण गर्नुपर्दछ ।

४. **कर कट्टी** : निर्माण कार्य गराई पेश हुन आएका डोरहाजिर फारामको ज्याला भुक्तानी गर्दा सबै स्थानीय निकायहरुले सामाजिक सुरक्षा कर कट्टा गर्नुपर्दछ ।

५. **भारी मेशिनको प्रयोग** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीमा उल्लेख भए अनुसार स्थानीय तहमा श्रममूलक प्रविधि प्रयोग गर्नुपर्ने व्यवस्था भएकोमा सो नियमलाई उलंघन गरी मेशिन प्रयोग गरी काम गराईएको पाईयो । स्थानीय निर्माण कार्यमा डोजर प्रयोग गर्नका लागि परिषद्बाट स्वीकृत लिनुपर्दछ ।

६. **कर दाखिला** : अधिकांश वडाहरुले कट्टा गरेका कर रकमहरु प्रचलित नियम अनुसार समयमानै दाखिला गर्नुपर्नेमा गरेको पाईएन र सबै रकम बर्षको अन्तिममा जम्मा गरेको पाईयो ।

७. **लगबुक** : कार्यालयमा प्रयोग हुने सवारी साधनहरुमा ईन्धन खर्च हुने गरेकोमा लगबुक नभरी ईन्धन खर्च गर्ने गरेको देखियो । यसमा नियन्त्रण हुनुपर्दछ ।

८. **जिन्सी अभिलेख** : स्थानीय निकाय गठन पश्चात् साविक गा.वि.स.हरुमा रहेको जिन्सी सामानहरु नगरपालिकामा आम्दानी बाँधी वडाहरुलाई हस्तान्तरण गरी एकिकृत विवरण तयार गरी जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्दछ ।

९. **सोभैं खरिद** : यस नगरपालिकाको बार्षिक खरिद योजना प्रभावकारी नहुनाले विभिन्न मितिमा फर्निचर रु. ८,३५,२८६।- मा बोलपत्र आब्हान गरी खरिद गरिनुपर्नेमा सोझैं खरिद गरिएको देखियो । यसमा नियन्त्रण हुनुपर्दछ ।

१०. **कर दाखिला** : विभिन्न सामान रु.१,४९,९७५। पान विल मार्फत् खरिद गरिएको तर स्रोतमा अग्रिम कर कट्टी १५ प्रतिशत गर्नुपर्ने रु. २०,३५५। असुल गरी दाखिला गर्नुपर्दछ ।

१०.१. गराङ्गदी भञ्ज्याङ्ग ग्रा.स. स्तरोन्नती योजनाको विनियोजित अनुदान रु.२,००,०००।- रहेकोमा सो योजनाको लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.३,१९,३४४। को कार्यसम्पादन भएकोमा

योजनाको सार्वजनिकीकरण अनुसार खर्च रु.१,३२,०९४। देखियो । डोरहाजिरी मार्फत् खर्च दावी गरी पूरै योजना रु. ३,१९,३४४।- को सम्पादन देखाई रु. २,००,०००।- भुक्तानी दिएको छ । त्यसअनुसार रु.१,०५,६७५ मात्र भुक्तानी हुनुपर्नेमा रु. २,००,०००। भुक्तानी भएकोले रु. ९४,३२४। रकम सो उपभोक्ता समितिसँग असुल गरी दाखिला गर्नुपर्दछ ।

११. **उपभोक्ताको अंश :** तल्लो गल्याङ्ग कालो पत्रे योजना रु. ३५,००,०००। न.पा.को अनुदान रु.७,५०,०००। को कागजात पेश गरेको छ । वास्तविक योजना खर्च रु. ३५,००,०००। को यथार्थ विवरण पेश गरी जनसहभागिताको रकम भुक्तानी गर्नुपर्नेमा सो अनुसार श्रेस्ता पेश भएको देखिएन ।

१२. **खर्चको प्रमाण** : बल्पुक बस्ती ग्रा.स. अनुदान रु. २,००,०००। को खर्च सार्वजनिक गरेको प्रमाण पेश भएको छैन । प्रमाण कागजात पेश गर्नुपर्दछ ।

१३. **जिन्सी अभिलेख** : वडा नं. ६ मा विभिन्न विद्यालयहरुलाई फर्निचर खरिद गर्न भनी रु.१,००,०००। रकम उपलब्ध गराएकोमा विद्यालयको जिन्सी खातामा फर्निचर दाखिला गरी दाखिला प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश भएको छैन ।

१४. **लागत अनुमान** : पेलाकोट मन्दिरदेखि मान्थुम्कासम्म ग्रा.स. को बाटो निर्माण खर्च रु.२,९६,७६९।- मा लागत अनुमान तयार गरी भुक्तानी गरेको छ । स्वीकृत विभागीय नर्म्स र जिल्ला दररेट अनुसार लगट ईष्टिमेट तयार गर्दा रकम रु.३९,६१६।– गर्नुपर्नेमा रु.३,५६,१५५।- को तयार गरेको छ । फरक रकम रु.३,१६,५३८।- बढी मूल्यांकन गरेकोले उक्त रकम दाखिला गर्नुपर्ने देखियो ।

१४.१. बाटो निर्माण खर्च रु. २,००,०००।- मा लगत ईष्टिमेट गलत तयार गरी भुक्तानी गरेको पाईयो । स्वीकृत विभागीय नर्म्स र जिल्ला दररेट अनुसार लगट ईष्टिमेट तयार गर्दा रकम रु. १,५४,२००।– हुनुपर्नेमा बढी ल.ई. तयार गरी रु.२,२९,८००।- गरेको पाईयो । फरक रकम रु. ७५,६००।- बढी मूल्यांकन गरेकोले ठहर गर्दै उक्त रकम बेरुजु खातामा दाखिला गर्नुपर्ने देखियो ।

१४.२. बाटो निर्माण खर्च रकम रु. २,००,०००।- मा लगत तयार गरी भुक्तानी गरेको पाईयो । स्वीकृत विभागीय नर्म्स र जिल्ला दररेट अनुसार लगट ईष्टिमेट तयार गर्दा रकम रु. २६,११७।– हुनुपर्नेमा रु. २,४०,०००।- को लागत अनुमान तयार गरेको पाईयो । फरक रु. २,१३,८३३।- बढी मूल्यांकन गरेकोले दाखिला गर्नुपर्दछ ।

१५. **बिल भरपाई :** शैक्षिक गुणस्तर कार्यक्रमको लागि रु.४०,०००। खर्च भएको तर खर्च पुष्ट्याई हुने विल भरपाई पेश नभएकोले उक्त रकम असुल उपर गरी दाखिला गर्नुपर्दछ ।

१६. **पेश्की :** वडा सचिव लिएको पेश्की रु.१,५०,०००। फछ्र्यौट गर्नुपर्दछ ।

१७. वडा नं. ८ ले कट्टा गरेका कर २०७४ आषाढ मसान्तसम्म रु. २०,१३८।७२ दाखिला गर्न बाँकी रहेकोले सो रकम राज्यको दाखिला गर्नुपर्दछ ।

१८. **जिन्सी अभिलेख :** वडा नं.११ मोटरसाईकल खरिद गर्नेको लागि विनियोजित बजेट रु. १,७०,०००। खर्च भएको छ । मोटरसाईकल कार्यालयमा प्राप्त गरी जिन्सी खातामा दाखिला गर्नुपर्नेमा सो नभएकोले उक्त मोटरसाईकल अविलम्व दाखिला हुनुपर्दछ ।

१९. आ.ले.प. प्रतिवेदनमा औल्यांएका व्यहोरा निम्नानुसार छन्:

१९.१. कार्यालय संचालनको लागि मासिक रु.५००००। घर घाडामा लिदा नियमानुसार सूचना र प्रतिष्पर्धा गरेको पाइएन ।

१९.२. नगरपालिका प्रोफाइल निर्माणको लागि विज्ञ सर्भिस संग रु.४९०२९०। मा सम्झौता गरी रु.१०००००। पेश्की पवन पाण्डे मार्फत उपलव्ध गराइएको छ तर उक्त प्रोफाइल कहिले बुझाउने र कुन विधिवाट तयार गर्ने जस्ता विषयहरु प्रस्तावमा प्रष्ट भएको पाइएन ।

१९.३. स्काइ टेलिभिजनलाइ प्रथम निर्वाचन देखी गल्याङ नपाको पून निर्वाचन सम्मको कार्यक्रम र रिपोर्ट गरेको भनी रु.१००००। खर्च लेखेको पाइयो । उक्त कार्यक्रम र रिपार्टको विवरण समावेश छैन । उक्त खर्च दोहोरो हो होइन एकीन गर्नुपर्दछ ।

१९.४. डम्पीङ साइडको लागि वार्षिक २ लाख भाडा तिर्ने गरी रु.५००००। पेश्की उपलव्ध गराइएको छ तर उक्त जग्गा प्राविधिक र वातवरणीय हिसावले ठिक थियो या थिएन अध्ययन गरेको पाइएन ।

१९.५. सार्वजनिक खरीद नियमावली अनुसार रु.२००००। भन्दा बढीको सामान खरीद गर्दा मु.अ.कर दर्तावाला संग मात्र खरीद गर्नुपर्ने व्यवस्था भएकोमा रु.११६५००। बराबरको फर्निचर खरीद गरी भुक्तानी गर्दा

मु.अ.कर विजक समावेश भएको छैन ।

१९.६. सार्वजनिक खरीद नियमावली, तथा स्थानीय निकाय आर्थिक प्रशासन नियावली २०६४ अनुसार निर्माण सामाग्री खरीद तथा प्रयोग गरी भुक्तानी गर्दा रु.१३७५३५। भुक्तानी गर्दा ल.इ मुल्यांकन समावेश गरिएको छैन ।

१९.७. विपद् व्यवस्थापन कोषमा रु.१३००००। दाखिला गरिएको छ तर उक्त कोष संचालन सम्वन्धि कार्यविधि बनेको पाइएन ।

१९.८. वडा नं ६ मा नगरपालिकावाट रु.४३७०२६३। निकासा भइ रु.४३७२०६०। खर्च भएको देखाइएको छ र रु.१०००। वैंकमा वांकी रहेको देखिएको छ । सो मध्ये रु.२८०४। कर दाखिला वांकी रहेकोले दाखिला गर्नुपर्दछ ।

१९.९. साविक गाविसमा रहेको कर्मचारी कल्याण कोष लगायतका खाताहरु अझै पनि नगरपालिकावाट संचालन हुन नसकेको र उक्त कोषहरुमा के कति रकम वांकी छ सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

**पकवादी गा.वि.स.**

२०. **उपभोक्ता समिति :** प्रचलित कानूनमा विभिन्न योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने व्यवस्था अनुसार अधिकमांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराइएको छ । उपभोक्ता समितिलाई जिम्मेवारी तथा उत्तरदायित्व वहन गर्न लगाउन तथा योजनाको अपनत्व बनाउन उपभोक्ता समितिलाई संघ संस्था ऐन अनुसार दर्ता गराई निर्माण कार्यमा जिम्मेवार बनाउनु पर्दछ ।

**पिडिखोला गा.वि.स.**

२१. **कर दाखिला :** निवर्तमान गा.वि.स.उपाध्यक्ष भिम प्रसाद शर्माको जिम्मा रहेको नगद रु. ४७,६४५। असुल गरी दाखिला गर्नुपर्दछ ।

२२. **नगद मौज्दात :** आर्थिक बर्ष ०७२।०७३ को नगद बाँकी ४५२३। मध्ये रु. ३२५८। बैंक जम्मा गरी बाँकी रु. १२६५।० दाखिला गर्नुपर्दछ ।

२३. **दोहोरो सुविधा :** नेपाल सरकारले सबै गा.वि.स. सचिवहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराएता पनि यस गा.वि.स.मा अध्यक्ष प्रोत्साहन भत्ता रु.९,०००। खर्च गरिएको पाईयो । दोहोरो सुविधा लिएको रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

**निवुवाखर्क गा.बि.स**

२४. **मेशिनको प्रयोग** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीमा उल्लेख भए अनुसार स्थानीय तहमा श्रममूलक प्रविधि प्रयोग गर्नुपर्ने व्यवस्था भएकोमा सो नियमलाई उलंघन गरी मेशिन प्रयोग गरी काम गराईएको पाईयो । स्थानीय निर्माण कार्यमा डोजर प्रयोग गर्नका लागि परिषद्बाट स्वीकृत लिएको देखिएन ।

**पेलाकोट गा.बि.स**

२५. **खर्चको सीमा :** चालु खर्च खातामा खर्च सीमा भन्दा बढी रु. ९,६००।- भएकोले सो खर्च नियमानुसार नियमित गर्नुपर्दछ ।

२६. **परिवहन :** तत्कालिन गाविस सचिव डोलराज बस्यालले असोज १४ गतेको स्याङ्जा भ्रमणमा रु. ६,०००। ट्याक्सी खर्चको रकम दावी गरी भुक्तानी गरेको देखियो । तोकिएभन्दा बढी भाडा दाखिला गर्नुपर्दछ ।

**जगत्रादेबी गा.बि.स**

२७. **पेश्की :** गिरमान थापालाई दिइएको पेश्की रकम रु. ५०,०००।- योजना सम्बन्धी कुनै कागजात नदेखिएकोले साथै हालसम्म फछ्र्यौट समेत नभएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

२८. **विविध खर्च** : ईन्टरनेट जडान गर्न मूल्य अभिबृद्धि करमा पंजीकृत व्यवसायीबाट खरिद गरेको छैन । प्रचलित ऐन अनुसार १५ प्रतिशत कर कट्टी गरिनुपर्नेमा रु.३८१।० रुपैया मात्र कट्टा गरेकोले नपुग रु.११,०१९।० असुल गरी दाखिला गर्नुपर्दछ ।

२९. **विविध खर्च :** खाजा खर्च रु. १०,०००।- को श्रेस्ता परीक्षण गर्दा बैठकको माइन्यूटमा विना निर्णयको उपस्थित मात्र देखियो । खाजा खर्चलाई पुष्टि गर्ने श्रेस्ता पेश गरी नियमित गर्नुपर्दछ ।

३०. **कर दाखिला :** कर्मचारी तलव भुक्तानी गर्दा रु.१२,०००। दाखिला हुनुपर्नेमा रु. ६,०००। मात्र दाखिला

भएकोले घटी रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

३१. तत्कालिन गा.वि.स.सचिव श्री डोलराज बस्यालले यस गाविसबाट रु.१६,२००। र पेलाकोट गा.वि.स. सम्हालेकोमा रु.४०,६००।– समेत रु.५६,८००।– भ्रमण भत्ता लिएको पाईयो । तत्कालिन सचिवको सो भ्रमणको आवश्यकता खुल्ने गरी सबै प्रमाण खुलाउनु पर्दछ ।

**तिनदोवाटे गा.बि.स**

३२. **कर दाखिला :** यस गा.वि.स.ले २०७३ फाल्गुण २७ गते रु.८,१८९। दाखिला गर्न बाँकी रहेकोले अविलम्व दाखिला गर्नुपर्दछ ।

३३. **पेश्की :** नगरपालिका हुनुहुन्दा पहिले गा.वि.स. मार्फत् दिईएको पेश्की रु.३,२५,५००। नियमानुसार पछ्यौट गर्नुपर्दछ ।

**तुल्सीभञ्याङ्ग गा.बि.स**

३४. **मेशिनको प्रयोग** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीमा उल्लेख भए अनुसार स्थानीय तहमा श्रममूलक प्रविधि प्रयोग गर्नुपर्ने व्यवस्था भएकोमा सो नियमलाई उलंघन गरी मेशिन प्रयोग गरी काम गराईएको पाईयो । स्थानीय निर्माण कार्यमा डोजर प्रयोग गर्नका लागि परिषद्बाट स्वीकृत लिएको देखिएन ।

**मालुङ्गा गा.बि.स**

३५. नगरपालिका हुनुहुन्दा पहिले गा.वि.स. मार्फत् दिईएको पेश्की रु.३,७०,०००। जि.वि.स.मा पत्राचार गरी सूचना गर्नुपर्नेमा सो नभएको ।

३६. **कर दाखिला** : रु.१,८१५। कर कट्टी नगरिएको हुनाले सो निजसँग असुल उपर गरी राज्यको खातामा दाखिला गर्नुपर्ने ।

## बेरुजु स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.६१ लाख ८६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट रु.१ लाख २२ हजार फछ्र्यौट भई रु.६० लाख ६४ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.८ लाख ९ हजार, नियमित गर्नुपर्ने रु.४३ लाख ६० हजार र पेश्की रु.८ लाख ९५ हजार रहेको छ ।

# चापाकोट नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.८० लाख २३ हजार र यो वर्षको आय रु.१६ करोड ३ लाख ८६ हजार समेत रु.१६ करोड ८४ लाख ९ हजार आम्दानी भएकोमा रु.९ करोड ४१ लाख ९५ हजार खर्च भई रु.७ करोड ४२ लाख १४ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन् ।

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार प्रत्येक कार्यालयले सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वितीय प्रतिवेदन प्रणाली लाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्ने व्यवस्था छ। स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(२) अनुसार उपभोक्ता समितिको बर्गीकरण र सूचीकृत सार्वजनिक परीक्षण गर्नुपर्ने व्यवस्था रहेको छ । नियममा भएको व्यवस्था अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गर्नुपर्दछ।

२. **कर बीजक** : प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरु मूल्य अभिवृद्धि कर बिलको प्रयोग गर्नुपर्दछ ।

३. **उपभोक्ता समिति :** प्रचलित कानूनमा विभिन्न योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने व्यवस्था अनुसार अधिकमांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराईएको छ । उपभोक्ता समितिलाई जिम्मेवारी तथा उत्तरदायित्व वहन गर्न लगाउन तथा योजनाको अपनत्व बनाउन उपभोक्ता समितिलाई संघ संस्था ऐन अनुसार दर्ता गराई निर्माण कार्यको जिम्मेवारी दिनुपर्ने देखिन्छ ।

३.१. उपभोक्ता समितिबाट गराईएका योजनाहरुमा जन सहभागीताको रकम र गा.वि.स.को अनुदान २०:८० को अनुपातमा हुनुपर्दछ । हाल गा.वि.स.को रकमलाई शतप्रतिशत मानी त्यसको २० प्रतितशतलाई जनसहभागीतमा निर्धारित गरिएकोमा योजनाको रकमलाई १०० मानी २० प्रतिशत जनसहभागिता निर्धारण गर्नेपर्ने देखिन्छ ।

४. **कर कट्टी :** निर्माण कार्य गराई पेश हुन आएका डोर हाजिर फारामको ज्याला भुक्तानी गर्दा सबै स्थानीय निकायहरुले सामाजिक सुरक्षा कर कट्टा गर्नुपर्नेमा कर कट्टी गरेको देखिएन ।

५. **मेसिनको प्रयोग :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीमा उल्लेख भए अनुसार स्थानीय तहमा श्रममूलक प्रविधि प्रयोग गर्नुपर्ने व्यवस्था छ । सो नियमलाई उलंघन गरी मेशिन प्रयोग गरी काम गराईएको पाईयो । स्थानीय निर्माण कार्यमा डोजर प्रयोग गर्नका लागि परिषद्बाट स्वीकृत लिएको पाईएन ।

६. **साविकको पेश्की :** स्थानीय निकाय गठन पश्चात् साविक गा.वि.स.हरुलाई गएको पेश्की रकमको जिम्मेवारी वहन गरी समयमै फछ्र्यौट गरिनुपर्नेमा साविक गा.वि.स.को पेश्की फछ्र्यौट गरेको पाइएन ।

७. **लगबुक :** कार्यालयमा प्रयोग हुने सवारी साधनहरुमा ईन्धन खर्च हुने गरेकोमा लगबुक नराखी ईन्धन खर्च गर्ने गरेको देखिएकोले यसमा नियन्त्रण हुनुपर्दछ ।

८. **जिन्सी व्यवस्थापन :** स्थानीय निकाय गठन पश्चात् गा.वि.स.हरुमा रहेको जिन्सी सामानहरु नगरपालिकामा आम्दानी बाँधी वडाहरुलाई हस्तान्तरण गरी एकिकृत लगत खडा गरेको पाइएन । उक्त विवरण यथाशिघ्र तयार गर्नुपर्ने, जिन्सी निरिक्षण प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

९. खा.पा.यो. खर्च रकम रु. ४९,०१,४७०।०० मा देखीएका बेरुजुहरु यस प्रकार छन।

९.१. **बढी भुक्तानी**ः योजना सम्झौता अनुसार योजाना ७०;३० को अनुपातमा लेखिएता पनि सो नभई १०;३० को अनुपात मा भुक्तानि गरीएको देखिएकोले बढी भुक्तानी भएको रु.२,२०,३१४।– नियमित देखिएन ।

९.२. **कर असुल :** अग्रिम कर रु.१४,२७९।– असुल गरी दाखिला गर्नुपर्ने देखिन्छ ।

९.३. न्यु चापाकोट स्टोर्स बाट खरीद गरीएका विभिन्न सामाग्रीहरुको मूल्य जिल्ला दर रेट भन्दा बढी मूल्य अभिवृद्धि कर सहितको दरमा पुनः मूल्य अभिवृद्धि कर भुक्तानी भएको रकम रु. २,२३,११५।–असुल गरी दाखीला गर्नुपर्दछ

१०. क्याम्पस रोड सुधार कार्यमा भएको खर्च रकम रु.१५,३०,०००।– मा देखीएका व्यहोरा निम्न बमोजिम छन्:

१०.१. **कर कट्टी –** नियमअनुसार अग्रिम कर कट्टी नगरीएकोमा रु.२२,९५०।– असुल गरी दाखिला गर्नुपर्दछ ।

१०.२. **जमानत –** निर्माण व्यवसायीले समयमा काम सम्पन्न नहुनाले म्याद थप मागेको तर म्याद थप नभई सम्झौता रद्द गरीएको मा कार्य सम्पादन जमानत बापत राखिएको रु.३,८३०००।– असुल गरी दाखिला गर्नुपर्दछ ।

११. **बढी भुक्तानी** : कोटसम्म जाने मोटर बाटोको खर्च रु.५,००,०००।– मा पेश हुन आएका डोजर बिल अनुसार स्वीकृत जिल्ला दर रेट भन्दा रु. १,२००।०० प्रति घण्टा बढाई खर्च लेखी भुक्तनि गरेकोले ९३ घण्टा को हुना आऊने रकम रु.१,११,६००।०० निजसंग असुल ऊपर गरी अविलम्व दाखिला गर्नुपर्ने।

१२. **अभिलेख –** विभिन्न सेवा प्रदायक संस्थालाई प्रतिवेदन तयार गरेको भनी रु.५,४९,४५०।– भुक्तानी दिइएकोमा पेश भएका प्रतिवेदन जिन्सी खाताा आम्दानी बाँधी सम्पत्तिको रुपमा अभिलेख राखिएको पाइएन ।

१३. **अन्य निकायको खर्च –** स्थानीय आर्थीक प्रसासन नियमावलि विपरित एऊटा निकाऐको रकम अर्को निकाए को लागि रु.७०,०००।– खर्च लेखिएको पाईयो। यसमा नियन्त्रण हुनुपर्दछ ।

१४. **कार्य सम्पन्न –** विध्धुत पोल खरिद तथा जडान खर्च रु.४,२५,०००।– भुक्तानि लेखिएकोमा प्राविधिक मुल्यांकन तथा कार्य सम्पन्न प्रतिबेदन पेश हुन आएन ।

१५. **रसिद नियन्त्रण –** रसिद नियन्त्रण खाता नराखिएकोले राजस्व आम्दामि यकिन गर्न सकिएन।

१६. **लेखा व्यवस्थापन** – नगरपालिकाको लेखा शाखामा अफिस व्यवस्थापन प्रणाली व्यस्थित भएको दखिएन । लेखा प्रशासन शाखाले आन्तरिक नियन्त्रण प्रणाली र अफिस व्यवस्थापन व्रणाली अन्तर्गत बैंक नगदी किताब सम्फौताहरु श्रेस्ताहरु र विभिन्न कागजातहरु व्यवस्थित ढंगले मिलाएर राख्नुपर्ने देखिन्छ ।

१७. **बढी खर्च –** वजार खानेपानी आयोजनाको लागि उपभोक्ता समितिको रु.१,२७,५००।– खर्च भएको सार्वजनिक भएतापनि रु.१,५०,०००।– भुक्तानी भएको दखियो । फरक रकम रु.२२,५००।– असुल गरी दाखिला गर्नुपर्दछ ।

१८. **कर बीजक –** फर्निचर खरिदको लागी मूल्य अभिवृद्धि करमा दर्ता भएका विक्रेतावाट खरिद नगरी टुक्रे विलबाट रु.१,६५,५९०। खर्च गरेकोले नियमित देखिएन ।

१९. **कर दाखिला –** पिपरा चामगैह्रा देखि विरडांडा जोडने ग्रामिण मोटरवाटोको लागि एटि एण्ड ईन्जिनियरिङ्ग कन्सट्रक्सनलाई रु.४,६५,३८९।– भुक्तानी भएकोमा रु.६,९८०।– कर कट्टा गरी दाखिला गर्नुपर्ने र कन्टेन्जेन्सीको रु.२३,२६९।– नियमित गर्नुपर्ने देखिन्छ ।

२०. **भारी मेसिनको प्रयोग** : तिलकपुर पिपलछाप पाङ्लुङ्ग वरडांडा जालिमडांडा ग्रामिण मोटरवाटोमा पेश भएको निर्माण व्यवसायीको डोजरको विल रु.६२,१५०।– दर र परिणाम नखुलेकोले गोठादी कुसुम ग्रामिण सडक निर्माणको लागि रु.९८,३१०।– को डोजर विलमा दर र परिमाण नखुलेकोले स्थानीय शाासन आर्थिक प्रशासन नियमावली अनुसार उपभोक्ता समितिले कुनै पनि काम ठेक्का मार्फत गराउन मिल्ने देखिँदैन ।

२०.१. विभिन्न योजनामा उपभोक्ता समितिले डोजर प्रयोग गरी प्रति घण्टा रु २०००। देखि २५००। खर्चको भुक्तानी दावी गरिएको देखियो । तर नगरपालिकाको स्रोत साधन हुदा हुदै उपभोक्ता समितिले वाहीरी स्रोत प्रयोग गरेको मा नगरपालिकाको स्रोतले प्राथमिकता पाएको देखिएन । योजना सम्फौता गर्दा नगरपालिकाको स्रोत साधन यथेष्ट उपभोग हुने गरी सम्फौता गर्नुपर्दछ ।

२१. **आम्दानी :** यस अवधिमा नगरपलिकाकाको आन्तरिक आय रु.१५,६३,८५६।– भएको खातावाट देखिन्छ तर आयको शिर्षकगत अभिलेख नभएकोले आम्दानी एकीन भएको छैन । कार्यालयले खडा गरेको आम्दानी खाता अनुसार कुल आम्दानी रु.५,२५,८८,०४०।– देखिन्छ जसमा जम्मा जिम्मेवारी रु.६,५६,४८१।– देखाइएको छ तर बैक स्टेटमेन्ट र गत वर्षको कार्यालयले राखेको अप्रमाणीत विवरण अनुसार जिम्मेवारी रु.७७,६४,४७०।– देखिइ कुल आम्दानी ६०६०८२८९।– देखिएको छ । हिसाब फरक परेको रु.८०,२०,२४९।– हिसाब मिलान हुनु पर्दछ ।

२२. **बैङ्क हिसाब मिलान :** यस अवधिमा कार्यालयले पेश गरेको श्रेस्ता अनुसार कुल रु.२,०६,७०,४५६।– खर्च देखिएको छ भने श्रेस्ता अनुसार वांकी रु.३,७४,३१,४३१।– देखिन्छ तर साट्न वांकी चेकको विवरण प्राप्त

नभएकोले वैंक भिडान गर्न सकिएन । श्रेस्ता अनुसारको मात्र आम्दानी, खर्च र वांकी हिसाव गर्दा समेत रु.२५,०६,४०१।– फरक देखिन आउछ । कार्यालको तर्फवाट पेश हुनुपर्ने विवरणहरु पेश नभएका कारण हिसाव एकीन गर्न सकिएन ।

२३. **राजश्व वांडफाड :** घर जग्गा रजिष्ट्रेशनको रकम प्राप्त गर्दा जिल्लाभर उठेको रकमको विवरण प्राप्त नभएकोले प्राप्त रकम यकीन गर्न सकिएन । यस अवधिमा रु. १०८९७१०। आम्दानी भएको देखिएको छ।

२४. **पेश्की** : कर्मचारीहरुका नाममा अधिकतम पेश्की दिने र समयमा पर्छौट नगर्ने परिपाटी देखियो यर प्रकारको परिपाटीको अन्त्य गर्नुपर्दछ । पेश्कीको विवरण प्राप्त भएन

२५. **खरिद योजना –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ को प्रयोजनको लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ बमोजिम र स्थानीय निकाय आ.प्र. नियमावली २०६४ को नियम ६२ बमोजिम वार्षिक खरिद योजना तर्जुमा गरी स्वीकृति प्राप्ती पछि लागू गर्नु पर्ने प्रावधान रहेको छ । आ.व. २०७३।०७४ को लागि नगरपालिकाको वार्षिक खरिद योजना तयार गरेको पाइएन ।

२६. **आन्तरिक व्यवस्थापन –** नगरपालिकामा आन्तरिक व्यवस्थापन केही कमजोर देखिएको छ । कर दाखिला गरेको भौचरहरु सम्वन्धित गोश्वारा भौचरमा संलग्न नहुदा दाखिला एकीन भएको छैन । ग ४ खाताको वैक नगदी किताब तयार भएको भएता पनि शिर्षकगत निकासा अनुसार आम्दानी अभिलेख नभएको र शिर्षकगत आम्दानी वैंक वांकी अनुसार हिसाव गर्दा ग ४ खाताले देखाएको भन्दा खुद आम्दानी बढी देखिन्छ । नियमानुसारका आर्थिक प्रतिवेदनहरु तयारभएको पाइएन ।

२७. **जिन्सी अभिलेख –**सामानहरु खरीद गर्दा आदेश स्वीकृत गर्ने दाखिला गर्ने र जिन्सी किताबमा आम्दानी वाध्ने कार्य समयमानै सम्पन्न भएको पाइएन । साथै साविक गाविसहरुमा  रहेका जिन्सी सामानहरुको अभिलेख माग गरी एकीकृत विवरण तयार गरेको पाइएन ।

२८. **आम्दानी हिसाब –** २०७३ फाल्गुणदेखि २०७४ आषाढसम्ममा नगरपलिकाकाको आन्तरिक आय रु.१३०९९८८। भएको खातावाट देखिन्छ तर आयको शिर्षकगत अभिलेख नभएकोले आम्दानी एकीन भएको छैन । यस अवधिमा प्राप्त भएको रकम चालु आ.व.मा समेत दाखिला भएको छ । वडामा भएको आम्दानी समयमा माग गरी वैंक दाखिला गरेको देखिएन । आयको अभिलेख नहुंदा कति आय भयो र दाखिला भएको र वांकी कति हो एकीन गर्न सकिएन । कार्यालयले खडा गरेको आम्दानी ग खाता अनुसार आम्दानी रु.१०१०४२६३१।४१ देखिन्छ । शिर्षकको कति निकासा भएको हो विवरण तयार गर्नुपर्ने देखिन्छ । ग ४ खातावाट ट्रान्सफर गरेको रकम सम्वन्धित खातामा आम्दानी वांधेको नदेखाई ऋणीमा खर्च देखाइएको छ ।

२९. **बैङ्क हिसाब मिलान –** यस अवधिमा कार्यालयले पेश गरेको श्रेस्ता अनुसार रु.७१,९५,९०४।– खर्च र वांकी रु.३४७२२९१२।२१ देखिन्छ । साट्न वांकी  चेकको विवरण प्राप्त नभएकोले वैंक भिडान गर्न सकिएन । श्रेस्ता अनुसारको मात्र आम्दानी, खर्च र वांकी हिसाव गर्दा समेत रु.५६,३९,३२२।– फरक देखिन आउछ । कार्यालको तर्फवाट पेश हुनु पर्ने विवरणहरु पेश नभएका कारण हिसाव एकीन गर्न सकिएन ।

३०. **धरौटी :** यस अवधिमा जम्मा श्रेस्ता अनुसार धरौटी फागुनको जिम्मेवारी सहित रु. १९५१८८८।५० आम्दानी भएको र फिर्ता रु.३,१८,४१०।– भई वांकी रु.१६,३३,४७८।– मौज्दात देखिन्छ । वैंकको स्टेटमेन्ट अनुसार रु.१९,५१,८८८।५० वांकी देखिएको छ । धरौटी रु.३,१८,४१०।– खातामा जम्मा हुनु पर्ने रकम ग ४ खातामा जम्मा भएको तर कार्यालयले फिर्ता दिदा धरौटी खातावाट फिर्ता दिएको कारण वैक र श्रेस्तमा रु.३,१८,४१०।– फरक देखिएको छ । फरक हिसाब मिलान गर्नुपर्दछ ।

३१. **खरिद योजना –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ बमोजिम र स्थानीय निकाय आ.प्र. नियमावली २०६४ को नियम ६२ बमोजिम वार्षिक खरिद योजना तर्जुमा गरी स्वीकृति प्राप्ती पछि लागू गर्नु पर्ने प्रावधान रहेको छ । आ.व. २०७३।०७४ को लागि नगरपालिकाको वार्षिक खरिद योजना तयार गरेको पाइएन ।

३२. **बढी भुक्तानी –** दिसिडकोट खानेपानी योजनालाई रकम भुक्तानी गर्दा पेश भएको मुल्यांकनमा रु.१९४०००। भुक्तानी गर्नुपर्ने उल्लेख भएकोमा रु.२०००००। नै भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम रु ६०००। असुल गरी दाखिला गर्नुपर्दछ ।

३३. **कर समायोजन –** मोटरसाइकल खरीद गरी रु.२११९००। भुक्तानी गर्दा खरीद आदेश दाखिला रिपोर्ट तयार भएको पाइएन । पेश भएको कर विजक ३३२ हातले लेखेको बीजकबाट भुक्तानी भएकोले मु.अ.कर सामायोजन पत्र पेश हुनुपर्दछ ।

३४. **कर बीजक –** पिपरा चामगैरा विरडांडा सडक निर्माणको लागि ए.टी. इन्जिनियरिङ लाई रु.४६५३९८। भुक्तानी गर्दा पेश भएको कर विजक नं. हातले सच्याइएकोले सक्कल विल पेश गर्नुपर्ने र अग्रीम कर रु.६,१७८।– असुल गर्नुपर्दछ ।

३५. **बढी भुक्तानी –** वारमुनी, छाप लिफ्टीङ खानेपानी मुल जाने सडकको लागि रु.१,००,०००।– भुक्तानी गर्दा पेश भएको कार्य मुल्यांकन प्रतिवेदनमा रु.९७०००। भुक्तानी दिनुपर्ने उल्लेख भएको पाइएकोले मुल्यांकन भन्दा बढी भुक्तानी भएको रकम रु ३०००। असुल गर्नुपर्दछ ।

३५.१. **बढी भुक्तानी –** राधा दामोदर केलादीघाट ग्रा.स.को कार्यसम्पन्न र टिप्पणी आदेशमा रु.१,९४,०००।– भुक्तानी गर्नुपर्ने उल्लेख भएकोमा रु.२,००,०००।– भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.६,०००।– असुल गर्नुपर्दछ ।

३५.२. **बढी भुक्तानी –** क्वामी थर्फुटी मोटरवाटोलाई रु.१,००,०००।– भुक्तानी गर्दा पेश भएको मुल्यांकन, कार्यसम्पन्न प्रतिवेदन र टिप्पणी आदेशमा उक्त योजनालाई रु.७९,०२३।– भुक्तानी गर्नुपर्ने उल्लेख भएकोले बढी भुक्तानी भएको रकम रु.२०,९७७।– असुल गर्नुपर्दछ ।

३६. **प्रमाण –** चापाकोट अस्पताललाई रु.५,००,०००।– भुक्तानी गर्दा खर्चको सार्वजनिक परीक्षण र समितिको निर्णय पेश भएको छैन। खातामा जम्मा भएको बैंक भौचर समेत पेश नभएकोले पेश गर्नुपर्दछ।

३७. **कार्यक्रम खर्च –** स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम संचालनको लागि दियालो संस्थालाई रु.१,३९,०००।– भुक्तानी दिइएको छ । छुट्टै कार्यक्रम र छुट्टै निकासा भएको अवस्थामा यस शिर्षकवाट दिनु नियम संगत देखिएन ।

३८. **प्रतिवेदन –** सामुदायिक भवन निर्माण वापत रु.५००००। भुक्तानी गर्दा कार्यमुल्यांकन कार्यसम्पन्न प्रतिवेदन पेश नभएको  नियम संगत देखिएन ।

३९. **लगबुक –** गाडी भाडा रु.१,०२,०००।– भुक्तानी गर्दा सम्झौता र सवारी लगबुक पेश नभएको नियम संगत देखिएन ।

४०. **खरिद प्रमाण –** कुर्सी कम्प्युटर टेवल पलङ दराज, कार्पेट लगायतका सामान खरीद गरी कालीगण्डकी इन्टरप्राइजेज लाई रु.२४३३६०। भुक्तानी गर्दा खरीद आदेश दाखिला रिपोर्ट तयार भएको देखिएन । उक्त खच नियमित देखिएन ।

४१. **बढी भुक्तानी –** उदयराज देवकोटालाई विभिन्न योजनाहरुको रु.१०,५२,३२०।– उपलव्ध गराइएको छ । निजले कार्यालयमा रु.९,६५,००९।– बराबरको मात्र विल पेश गरकोले बांकी रु.८७,३११।– असुल गर्नुपर्दछ ।

४२. **बिल भरपाई –** कार्यालय सम्वन्धी खर्च रु.२,२८,८९९।– को खरिद आदेश इन्धनको रु.२५,२९९।– को लगबुक तथा मर्मत रु.५६,१३९।– को मर्मत आदेश नभएको, घर भाडा रु.७८,०००।– को रकम बुझिलिएको भरपाई पेश नभएकोले खर्च नियमित मान्न सकिएन ।

४३. **जनसहभागिता –** रैकर कुलो मर्मतको लागत रु.५०,७०,०००।– मध्ये सरकारले व्यहोर्ने रु.३९,००,०००।–, नगरपालिकाले रु.५,००,०००।– र वांकी रु.६,७०,०००।– जनसहभागिता हुने गरी कार्यक्रम संचालन भएको देखियो । जनसहभागिता वापत व्यहोर्नुपर्ने रकम समेत नगरपालिकाले व्यहोरी स्थानीय निकाय आर्थिक नियमावली स्थानीय निकाय श्रोत परिचालन निर्देशिका र जनसहभागितामा आधारीत कार्यक्रम निर्देशिका विपरित कार्य भएको देखियो छ ।

४३.१. **जनसहभागिता –** निरादी खानेपानी योजनाको कुल रु.५०,५०,३४८।– मध्ये नेपाल सरकाले व्यहोर्ने रु.३८,००,०००।– र उपभोक्ताले व्यहोर्ने रु.१२,५०,०००।– जनसहभागिता हुने गरी कार्यक्रम संचालन भएकोमा जनसहभागिता वापत व्यहोर्नुपर्ने रकम समेत नगरपालिकाले व्यहोरी स्थानीय निकाय आर्थिक नियमावली स्थानीय निकाय श्रोत परिचालन निर्देशिका र जनसहभागितामा आधारीत कार्यक्रम निर्देशिका विपरित कार्य भएको छ ।

४४. **ठेक्का व्यवस्थापन –** शिवमन्दिर क्यामपसरोड निर्माणको लागि जय नेपाल इश्वर निर्माण सेवासंग २०७४।१।२४ मा मोविलाइजेशन पेश्की रु.१५,३०,०००।– दिइएको र रु.१५,००,०००।– कृषि विकास वैंकको वैंक ग्यारेन्टी पेश गरेको देखिएको छ । उक्त रकम २०७३।३।३० मा पेश्की फर्छौट गर्दा धरौटी रु.४०,६२२।– कट्टी नभएको र अग्रमीम आयकर रु.२०,३१०।– समेत कट्टी नभएकोले असुल गर्नुपर्ने साथै उक्त कम्पनीले कार्य नगरेको भनी ठेक्का रद्द गर्ने २०७३।३।३० मा निर्णय भएको तर अन्य कारवाही नभएकोले नियमानुसार कारवाही गर्नुपर्दछ ।

४५. **म्याद थप –** शोभा निर्माण सेवालाई रु.२२,८४,७२६।– र रु.४७,७९,५७४।– भुक्तानी गर्दा म्याद थप नभएको, कार्यसम्पादन जमानतको समेत म्याद थप भएको देखिएन । साथै भेरिएशन आदेश स्वीकृत गर्दा नगरपालिकाको निर्णय समेत भएको पाइएन ।

४६. **फर्निचर खरिद –** लोयस कम्प्युटर्सलाई कम्प्युटर खरीदको लागि रु.१७,१८,२७८।– र मल्ल फर्निचर ल्याण्डलाई टेबुल कुर्सी खरीद रु.१४,७६,३४५।– भुक्तानी गर्दा दुवै कार्यको सिलवन्दी दरभाउपत्र स्वीकृत गरिएको छैन । BOQ मा कार्यसम्पादन जमानत पेश गर्नुपर्ने उल्लेख भएकोमा कार्यसम्पादन जमानत पेश नभएकोले नियमानुसार कार्य भएको देखिएन ।

४७. **प्रमाण कागजात –** विभिन्न भुक्तानी गर्दा रु.१,०१,२०२।– इन्धनको लगबुक पेश नभएको , रु.१०७४४३। मर्मत खर्चको मर्मत आदेश तयार नभएको, रु.१,०४,३९७।– को कार्यालय सामान खरीद आदेश र दाखिला रिपोर्ट तयार नभएको उक्त रकम अनियमित देखिएको छ ।

**साखर गा.बि.स.**

४८. **कर बीजक –** प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरु मूल्य अभिवृद्धि कर बिलको प्रयोग गरेको देखिएन।

४९. **उपभोक्ता समिति –** प्रचलित कानूनमा विभिन्न योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने व्यवस्था अनुसार अधिकमांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराईएको छ । उपभोक्ता समितिलाई जिम्मेवारी तथा उत्तरदायित्व वहन गर्न लगाउन तथा योजनाको अपनत्व बनाउन उपभोक्ता समितिलाई संघ संस्था ऐन अनुसार दर्ता गराई संगठित संख्याको रुपमा विकसित गर्ने निर्माण कार्यको संस्थागत जिम्मेवारी दिनुपर्ने देखिन्छ ।

४९.१. उपभोक्ता समितिबाट गराईएका योजनाहरुमा जन सहभागीताको रकम र गा.वि.स.को अनुदान २०:८० को अनुपातमा देखिएन । गा.वि.स.को रकमलाई १०० मानी त्यसको २० प्रतितशतलाई जनसहभागीतमा निर्धारित गरिएको तर वास्तविकमा जम्मा मूल्यांकन रकम/योजनाको रकमलाई १०० मानी २० प्रतिशत जनसहभागीता निर्धारण गर्नेपर्दछ ।

५०. **कर कट्टी –** निर्माण कार्य गराई पेश हुन आएका डोर हाजिर फारामको ज्याला भुक्तानी गर्दा सबै स्थानीय निकायहरुले सामाजिक सुरक्षा कर कट्टा गरेको पाइएन । सबै किसिमका भुक्तानीहरुलाई करको दायरामा ल्याउन पर्दछ ।

५१. **भारी मेसिन प्रयोग –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीमा उल्लेख भए अनुसार स्थानीय तहमा श्रममूलक प्रविधि प्रयोग गर्नुपर्ने व्यवस्था भएकोमा सो नियमलाई उलंघन गरी मेशिन प्रयोग गरी काम गराईएको पाईयो । स्थानीय निर्माण कार्यमा डोजर प्रयोग गर्नका लागि परिषद्बाट स्वीकृत लिएको छैन ।

५२. **रसिद नियन्त्रण खाता –** रसिद नियन्त्रण खाता प्रयोगमा ल्याइएको पाइएन ।

५३. **आर्थिक सहायता –** राजनैतिक भातृ संगठनलाई रु.२,०००।– दिएको रसिद पेश हुन आएको छ । राज्यको कोषबाट कुनै पनि राजनैतिक भातृ संगठनलाइ आर्थिक, चन्दा, दातव्य गर्न नजपाई हुनाले सो रकम असुल उपर गरी दाखिला गर्नुपर्दछ ।

५४. **कर दाखिला –** यस गा.वि.स.ले कट्टा गरेका कर रकमहरु प्रचलित नियम अनुसार समयमानै दाखिला गर्नुपर्नेमा सो भए गरेको पाईएन । २०७३ फाल्गुण २७ गते रु. १,६२४। – दाखिला गर्न बाँकी रहेकोले खातामा दाखिला गर्नुपर्दछ ।

५५. **स्रोतमा कर –** विभिन्न गोश्वरा भौचरमा सेवा प्रदायक व्यवसायीहरु तथा मालसामान खरिदमा विल प्राप्त गरी विल भुक्तानी गरेकोमा प्रचलित आयकर ऐन अनुसार स्रोतमा आयकर रु.११,३९१।– कट्टी गर्नुपर्नेमा सो नगरेकोले उक्त रकम असुल गर्नुपर्दछ ।

५६. **अनुगमन –** अनुगमन खर्च रु.१०,०००।– श्री उदयराज देवकोटा ले भुक्तानि लिएको पाईयो । अनुगमन गरेको कागजात पेश हुन आएन । सरकारबाट साबिक गा.बि.स. सचिब हरुले पाउने ईन्सेन्टिभ पनी लिएको हुंदा दोहोरो सुविदा लिएको देखियो। तसर्थ उक्त रकम निजसंग अशुल गरी बेरुजु दाखीला गर्नुपर्दछ ।

५७. गत वर्षको पेश्की रु.४,२९,०००.– फछ्र्योट गरीएको छैन ।

**मल्यांकोट गा.बि.स**

५८. **दोहोरो सुविधा –** नेपाल सरकारले सबै गा.वि.स. सचिवहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराएता पनि यस गा.वि.स.मा अध्यक्ष प्रोत्साहन भत्ताको नाममा रु. ४,५००।– खर्च गरिएको पाईयो । दोहोरो सुविधा लिनु औचित्य देखिएकोमा सो रकम सम्बन्धित व्यक्तिबाट असुल दाखिला गर्नुपर्दछ ।

५९. **प्रमाण कागजात –** दैनीक भ्रमण खर्च तथा मसलन्द खर्च मध्य रु. ३,६००।०० सेवा खर्च को नाममा भुक्तानी गरीएको पाइयो। तर ऊक्त खर्च पुष्टी गर्ने कुनैपनि कागजात ऊपलब्ध नभएको असुल गरी दाखिला गर्नुपर्दछ ।

६०. **कर दाखिला –** यस गा.वि.स.ले कट्टा गरेका कर रकमहरु प्रचलित नियम अनुसार समयमानै दाखिला गर्नुपर्नेमा सो भए गरेको पाईएन । दाखिला गर्न बाँकी रहेको रु.५,७४२।– दाखिला गर्नुपर्दछ ।

६१. **कर बीजक –** सडक निर्माणको लागि सक्सम मनकामना कन्सर्नलाई रु.७,५३,०००।- भुक्तानी गर्दा लागत अनुमान र कार्य मूल्यांङ्कन पेश भएको तर कार्यादेश, माग गरिएका दरभाऊपत्रहरु पेश नभएकोले पेश गर्नुपर्ने, फटोकपी कर बिजक पेश भएकोले सक्कल पेश गर्नुपर्ने, निर्माण अनुसार कर कट्टी नभएको रु.९९९५।- असुल गर्नु पर्दछ ।

६२. **कर कट्टी –** कार्यालय सामान तलब लगाएतका खर्च लेखी रु. ४०,३७०।०० भुक्तानि गर्दा रु. ६०५।०० कर कट्टी गर्नुपर्ने मा सो नभएकाले दाखिला गर्नुपर्दछ ।

**६३.** **पेश्की–** गत बर्षको पेश्कीहरु रु. ४,२९,०००।– फछ्र्योट गरीएको पाईएन । नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

**सेखाम गा.बि.स**

६४. **उपभोक्ता समिति –** प्रचलित कानूनमा विभिन्न योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने व्यवस्था अनुसार अधिकमांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराईएको छ । उपभोक्ता समितिलाई जिम्मेवारी तथा उत्तरदायित्व वहन गर्न लगाउन तथा योजनाको अपनत्व बनाउन उपभोक्ता समितिलाई संघ संस्था ऐन अनुसार दर्ता गराई संगठित संख्याको रुपमा विकसित गर्ने निर्माण कार्यको जिम्मेवारी दिनुपर्दछ ।

६४.१. उपभोक्ता समितिबाट गराईएका योजनाहरुमा जन सहभागीताको रकम र गा.वि.स.को अनुदान २०:८० को अनुपातमा हुने व्यवस्था छ । हाल गा.वि.स.को रकमलाई १०० मानी त्यसको २० प्रतितशतलाई जनसहभागीतमा निर्धारित गरिएको योजनाको रकमलाई शतप्रतिशत मानी २० प्रतिशत जनसहभागीता निर्धारण गर्नेपर्दछ ।

६५. **कर कट्टी –** निर्माण कार्य गराई पेश हुन आएका डोर हाजिर फारामको ज्याला भुक्तानी गर्दा सबै स्थानीय निकायहरुले सामाजिक सुरक्षा कर कट्टा गरेको देखिएन । सबै किसिमका भुक्तानीहरुलाई करको दायरामा ल्याउनुपर्दछ ।

६६. **मेसिनको प्रयोग –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीमा उल्लेख भए अनुसार स्थानीय तहमा श्रममूलक प्रविधि प्रयोग गर्नुपर्ने व्यवस्था भएकोमा सो नियमलाई उलंघन गरी मेशिन प्रयोग गरी काम गराईएको पाईयो । स्थानीय निर्माण कार्यमा डोजर प्रयोग गर्नका लागि परिषद्बाट स्वीकृत लिएको पाईएन ।

६७. **रसिद नियन्त्रण –** रसिद नियन्त्रण खाता प्रयोगमा ल्याएको देखिएन ।

६८. **कर दाखिला –** यस गा.वि.स.ले २०७३ फाल्गुण २७ गते रु.१५,०३७।– दाखिला गर्न बाँकी रहेकोले दाखिला गर्नुपर्दछ ।

६९. **पेश्की –** विगत वर्षको पेश्कीहरु रु.१,३१,०००।– यस वर्ष पनि फछ्र्यौट गरिएको पाइएन । नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.२ करोड १२ लाख २९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.२ करोड १२ लाख २९ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.९ लाख ९४ हजार, नियमित गर्नुपर्ने रु.२ करोड २ लाख ३५ हजार रहेकोछ।

# पुतलीबजार नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.१ करोड ५९ लाख ८ हजार र यो वर्षको आय रु.१२ करोड ५२ लाख ४८ हजार समेत रु.१४ करोड ११ लाख ५६ हजार आम्दानी भएकोमा रु.१० करोड ९४ लाख ६२ हजार खर्च भई रु.३ करोड १६ लाख ९४ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन् ।

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ अनुसार प्रत्येक कार्यालयले सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वितीय प्रतिवेदन प्रणाली लाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नु पर्ने व्यवस्था छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(२) अनुसार उपभोक्ता समितिको बर्गीकरण र सूचीकृत नगरेको, सार्वजनीक परीक्षण नभएको अवस्था रहेको छ। यसमा सुधार हुनुपर्दछ ।

२. **कर बिजक :** प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरु मू.अ.कर बिलको प्रयोग भएको देखिएन ।

३. **उपभोक्ता समिति :** प्रचलित कानूनमा विभिन्न योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने व्यवस्था अनुसार अधिकमांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराईएको छ । उपभोक्ता समितिलाई जिम्मेवारी तथा उत्तरदायित्व वहन गर्न लगाउन तथा योजनाको अपनत्व बनाउन उपभोक्ता समितिलाई संघ संस्था ऐन अनुसार दर्ता गराई निर्माण कार्यमा जिम्मेवार बनाइनुपर्दछ ।

३.१. उपभोक्ता समितिबाट गराईएका योजनाहरुमा जन सहभागीताको रकम र गा.वि.स.को अनुदान २०:८० को अनुपातमा भएको देखिएन । हाल गा.वि.स.को रकमलाई १०० मानी त्यसको २० प्रतितशतलाई जनसहभागीतमा निर्धारित गरिएको तर वास्तविकमा मूल्यांकन रकम/योजनाको रकमलाई १०० मानी २० प्रतिशत जनसहभागीता निर्धारण गर्नुपर्दछ ।

४. **मेशिनको प्रयोग :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीमा उल्लेख भए अनुसार स्थानीय तहमा श्रममूलक प्रविधि प्रयोग गर्नुपर्ने व्यवस्था भएकोमा सो नियमलाई उलंघन गरी मेशिन प्रयोग गरी काम गराईएको पाईयो । स्थानीय निर्माण कार्यमा डोजर प्रयोग गर्नका लागि परिषद्बाट स्वीकृत लिएको देखिएन ।

५. **लगबुक :** कार्यालयमा प्रयोग हुने सवारी साधनहरुमा ईन्धन खर्च हुने गरेकोमा लगबुक नभरी ईन्धन खर्च गर्ने गरेको छ । यसमा नियन्त्रण हुनुपर्दछ ।

६. **जिन्सी निरीक्षण :** स्थानीय निकाय गठन पश्चात् साविक गा.वि.स.हरुमा रहेको जिन्सी सामानहरु नगरपालिकामा आम्दानी बाँधी वडाहरुलाई हस्तान्तरण गरी एकिकृत लगत सहित जिन्सी विवरण हुनुपर्नेमा सो भएको पाईएन । उक्त विवरण यथाशिघ्र तयार गर्नुपर्ने साथसाथै जिन्सी सामानहरुलाई समय समयमा निरिक्षण गरि जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्दछ ।

७. **आन्तरिक आम्दानी :** नगरपालिकाको आन्तरिक आय संकल्नमा प्रशस्त ध्यान गएको देखिएन उदाहरणको लागि नगरपालिकाको डोजर वर्ष भरी मात्र ४५। घण्टा चली राजस्व रु.८५४००।०० मात्र उठेको देखियो। व्यावसय नविकरण दस्तर गर्त वषैको तुलनामा ४०% ले घटी भई रु ६०६,६८०।० मात्र संकल्न भएको देखियो । सरसफाई कार्यक्रम अर्न्तगत आयर सप्लायर्स संगको सम्फौता अनुरुप सो ठेकेदारले काम नगरेको र नगरपालिकाले सो प्रति यथेष्ट ध्यान पु-याएको देखिएन । साथै पाकिङ्गको दस्तुर पनि वर्षको शुरुको ४ महिना मात्र उठेको र तेस पछिको महिनामा उठाउन प्रयत्न गरेको देखिएन ।

८. **पेश्की :** बालपोषण भत्ता रु.१४,४६,०००।० वडा सचिवहरुलाई दिईएको पेश्की हालसम्म फछ्र्यौट नभएकोले यथाशिघ्र फछ्र्यौट गर्नुपर्दछ ।

९. **विवरण पेश नभएको** : विभिन्न संस्थाहरुलाई फर्निचर र बाखा तथा टनेल निर्माणको लागि रु.२,००,०००। रकम निकासा गरिएकोमा उक्त संघ संस्थावाट भएको योजना,कार्य प्रगति तथा खर्चको विवरण पेश हुन आएन । यसमा सुधार हुनुपर्दछ ।

१०. **बोर्डिङ्ग पास :** नगर परिषद उदद्याटन गर्न प्रमुख अतिथी तथा सुरक्षा गार्डलाई हवाई टिकट उपलब्ध गराएको भनी काठमाण्डौ - पोखरा, पोखरा- काठमाण्डौ हवाई भाडा जिरो प्वाईन्ट ट्राभल्स एण्ड टुर्सले

पेश गरेको विवरण अनुसार रु २२३३५। भुक्तानी गरेकोमा हवाई भाडाको पुष्टयाईको लागि वोर्डिङ्ग पास पेश भएन ।

११. **जिन्सी लेखा :** लेखापरीक्षणको क्रममा वारम्वार आग्रह गर्दा पनि जिन्सी खाता तथा जिन्सी विवरण उपलब्ध नगराइएको हुनाले कुनै पनि जिन्सी विवरणको सत्यता तथा पुष्टयाई औल्याउन सकिएन ।

१२. गाउ नगर साझेदारी कार्यक्रमको कोष संचालन सम्वन्धि कारोवार आर्थिक प्रशासन शाखावाट संचालन हुनुपर्नेमा अन्यत्र शाखावाट संचालन भए गरेको पाईयो । उक्त कोषको यस आ.व.को कारोवार सम्वन्धि कुनै पनि कागजात पेश हुन आएन । यद्यपी यस कोषमा रकम रु १०३६४९८। रहेको आवि वाट देखिन आयो । यस कोषको पारदर्शिताको लागि कोषको जिम्मा आर्थिक प्रशासन शाखाको जिम्मेवारीमा ल्याउनुपर्ने र प्रत्येक वर्षको कारोवारको विस्तृत विवरण लेखापरीक्षण गराउनुपर्ने देखिन्छ ।

१३. **मर्मत अभिलेख :** गाडी मर्मत गरी सिर्जना इन्जिनियरिङ् पोखरालाई रु.३,५०,०००। भुक्तानी भएकोमा मर्मत अभिलेख पेश हुन नआएकोले सो संलग्न राख्नुपर्दछ ।

१४. **कर दाखिला :** नगर परिषद संम्पन्न गरी पेश भएको विल अनुसार भुक्तानी हुदां नियमानुसार कट्टा गर्नुपर्ने अग्रिम करकट्टी रु ७५६०। कट्टा नभएकोमा असुल गरी दाखिला गर्नुपर्दछ ।

१५. **बढी भुक्तानी :** नुवार भञ्जयाङ् दलित वस्ती सडक निर्माण खर्च रु १३५,६००।०० मा पेश हुन आएका डोजर विल अनुसार डोजरको दररेट जिल्ला दररेट भन्दा वढी भएको हुनाले सो वढी रकम रु २५४४०। असुल गरी दाखिला गर्नुपर्दछ ।

१६. **परामर्श :** टिम ईन्जिनियर्स प्रा.ली मार्फत पुतलीखेत अजूनचौपारी सडक र हरीपाला स्वास्थ्य चौकी सडकको डिपिआर तयार को लागि आन्तरिक कर्मचारी /स्रोत हुदा हुदै वाहीरि परार्मश दाताको सेवा लिनुपर्ने आवश्यकता पहिचान हुन सकेन ।

१७. **भाडा :** पुतलीवजार न.पा.१ को रु.८४५७४८। उपभोगकर्ता श्री प्रकाश डोटेलले दाखिला नगरेकोले सो रकम असुल गर्नुपर्दछ ।

१८. **बढी भुक्तानी :** राङ्खोला कान्छी वजार नारायणगढ सडक उ.स.वाट मेशिन प्रयोग प्रतिघण्टा रु ५०००।० का दररेट मा जे.सि.भि प्रयोग गरिएकोमा सो दर जिल्ला दररेट मा प्रति घण्टा रु २२००।० मात्र तोकिएकोमा प्रतिघण्टा १०.६ घण्टाको रु २३३२०। मात्र वढी भुक्तानी भएकोले सो रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

१९. **जिल्ला दररेट :** कार्यालय परिसरमा शौचालय तथा वाथरुम र धाराहरु मर्मत तथा खरिद गर्दा विभिन्न सामानहरु जिविस दररेटभन्दा बढीमा भुक्तानी गरेको देखियो । विल नं १३, ३०२ र ५२२ वाट वास विक, सिपी विकग कक १/२, कन्सेल स्टक कक खरिद गर्दा जिविस दररेट भन्दा रु. ९५८७।०० बढी भुक्तानी गरिएकोमा सो रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

२०. **बिल भरपाई :** दमैगाउ नतेको चौतारा सडक खण्ड योजनाको संलग्न कागजात अनुसार रु ४२४२६। को विल भरपाई नपुगेकोले सो खर्चको प्रमाण पेश गर्नुपर्दछ ।

२१. **बढी भुक्तानी :** रिङ्गीखोला चैनपुर शिव मन्दिर २४१ घण्टा जे.सि.भि.चलेको विवरण पेश भएको तर स्थलगत अनुगमनमा उ.स.अ.अनुसार मात्र ११३।० घण्टा मात्र मेशिन चलेको व्यहोरा पेश भएकोले १२८।० घण्टाको रु २१००।०० का दरले रु २६८८००। असुल गरी दाखिला गर्नुपर्दछ ।

२२. **उपभोक्ता समिति :** उपभोक्ता समितिवाट गराइएका योजनाहरुमा चन्द्रखोला सडक योजना रु ५०,०००।० भुक्तानी भएकोमा सो को योजना सम्झौता संलग्न नभएको, तिवारी डांडा सडक योजना कार्य सम्पादन प्रतिवेदन संलग्न नभएको, विचारी डांडा सडक को लागि रु १०००००। भुक्तानी भएकोमा योजना सम्झौता संलग्न नभएको, समेरखोला पानीचौतारा को कार्य सम्पन्न प्रतिवेदनमा रु ६०,०००।०० भएपनि पेश भएको विल भरपाई अनुसार रु ५०,०००।०० देखिएकोले रु १०,०००।०० को प्रमाण संलग्न नभएकोले सो संलग्न राख्नुपर्ने, सुमरेखोला घिमिगांउ हुदै पेल्काचौर सडक योजनामा ल.ई र कार्यसम्पादन अनुसारको नाली सहित वाटो खन्ने काममा पेश भएका प्रमाण अनुसार नाली खन्ने काम भएको नदेखिएको ल.ई अनुसारको रु ८४,३०३। वरावरको नाली खन्ने कामको प्रमाण संलग्न गर्नुपर्ने देखिन्छ ।

**पेल्काचौर गा.वि.स.**

२३. **कर कट्टी :** विभिन्न श्रेस्ताहरुमा कर कट्टा गरे अनुसार दाखिला गर्नुपर्ने रकम रु ३७१५० मध्ये रु ३३५३५। दाखिला गरेकोले नपुग रकम रु ३६५० दाखिला गर्नुपर्दछ ।

२४. **जिम्मेवारी यकिन –** गत आ.व.को अन्तिम लेखापरीक्षण प्रतिवेदन संलग्न नभएको नभएकोले गत बर्षको जिम्मेवारी यकीन गर्न सकिएन । त्यसैगरी यस बर्षमा आन्तरिक आम्दानीको हिसाब देखिएन । उक्त आयको स्रेस्ता पेश हुनु पर्दछ ।

**वहाकोट गा.वि.स.**

२५. बिभिन्न आपूर्तकलाई सामान तथा सेवाको भुक्तानीमा नियमानुसार कट्टि गर्नुपर्ने आयकर रु. २५२४। असुल गर्नुपर्नेमा भए गरेको पाइएन । सो रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

२६. **पेश्की फछ्र्यौट –** नगरपालिका हुनुहुन्दा पहिले साविक गा.वि.स. मार्फत् महिला शसक्तिकरण को लागी दिईएको रु.२०,०००।– पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

**पौवैगौडे गा.बि.स.**

२७. **पेश्की** : विगत वर्षदेखिको पेश्की रु.४०००००।०० र यस वर्ष ११ जनालाई दिइएको पेश्की रु.५५८८५।०० समयमै नियमानुसार फछयौट हुनुपर्नेमा सो भएको पाइएन । नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

**कोल्मा गा.बि.स.**

२८. **कर कट्टी :** बिभिन्न आपूर्तकलाई सामान तथा सेवाको भुक्तानीमा नियमानुसार कट्टि गर्नुपर्ने आयकर रु. ४०२७। असुल गर्नुपर्नेमा भए गरेको पाइएन । उक्त रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

**ठुलाडिहि गा.बिस.**

२९. पूर्व गाविस सचिव श्री विजय दोरङ्गा जिम्मा रहेको नगद रकम रु ५१९। निज संग असुल उपर गरी दाखिला गर्नुपर्दछ । वडा नं ९ ले विभिन्न श्रेस्ताहरुमा गरिएको अग्रिम करकट्टी रकम रु ७७६६।०० दाखिला गर्नुपर्दछ ।

३०. **पेश्की फछ्र्यौट –** पेश्की नियन्त्रण प्रणाली प्रभावकारी नहुनाले विगत वष देखि अल्याएको पेश्की रु.१०,५००।०० नियमानुसार फछयौट हुनुपर्दछ ।

**टक्सार गा.बि.स.**

३१. **पेश्की :** पेश्की नियन्त्रण प्रणाली प्रभावकारी नहुनाले विगत वर्ष देखि अल्याएको पेश्की रु.६५०००।०० नियमानुसार फछयौट हुनुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.३१ लाख ५६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.३१ लाख ५६ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.९ लाख ३६ हजार, नियमित गर्नुपर्ने रु.६ लाख ९८ हजार र पेश्की रु.१५ लाख २२ हजार रहेको छ ।

# भिरकोट नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.२२ लाख ३३ हजार र यो वर्षको आय रु.१० करोड ५८ लाख ९५ हजार समेत रु.१० करोड ८१ लाख २८ हजार आम्दानी भएकोमा रु.७ करोड ३४ लाख ७२ हजार खर्च भई रु.३ करोड ४६ लाख ५६ हजार मौज्दात रहेको छ। आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्।

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ अनुसार प्रत्येक कार्यालयले सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वितीय प्रतिवेदन प्रणाली लाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नु पर्ने व्यवस्था छ। स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(२) अनुसार उपभोक्ता समितिको बर्गीकरण र सूचीकृत नगरेको, सार्वजनीक परीक्षण नभएको अवस्था रहेको छ। यसमा सुधार हुनुपर्दछ।

२. **कर बिजक** : प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरुमू.अ.कर बिलको प्रयोग भएको देखिएन।

३. **उपभोक्ता समिति :** प्रचलित कानूनमा विभिन्न योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने व्यवस्था अनुसार अधिकांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराईएको छ। उपभोक्ता समितिलाई जिम्मेवारी तथा उत्तरदायित्व वहन गर्न लगाउन तथा योजनाको अपनत्व बनाउन उपभोक्ता समितिलाई संघ संस्था ऐन अनुसार दर्ता गराई निर्माण कार्यमा जिम्मेवार बनाइनुपर्दछ।

३.१. उपभोक्ता समितिबाट गराइएका योजनाहरुमा जन सहभागीताको रकम र गा.वि.स.को अनुदान २०:८० को अनुपातमा हुनुपर्ने व्यवस्था छ। हाल गा.वि.स.को रकमलाई १०० मानी त्यसको २० प्रतिशतलाई जनसहभागीतमा निर्धारित गरिएको तर वास्तविकमा जम्मा मूल्यांकन रकम/योजनाको रकमलाई १०० मानी २० प्रतिशत जनसहभागीता निर्धारण गर्नुपर्दछ।

४. **करको दायरा –** निर्माण कार्य गराई पेश हुन आएका डोर हाजिर फारामको ज्याला भुक्तानी गर्दा सबै स्थानीय निकायहरुले सामाजिक सुरक्षा कर कट्टा गरेको पाइएन। सबै किसिमका भुक्तानीहरुलाई करको दायरामा ल्याउनुपर्ने देखिन्छ।

५. **मेसिनको प्रयोग –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीमा उल्लेख भए अनुसार स्थानीय तहमा श्रममूलक प्रविधि प्रयोग गर्नुपर्ने व्यवस्था भएकोमा सो नियमलाई उलंघन गरी मेशिन प्रयोग गरी काम गराईएको पाईयो। स्थानीय निर्माण कार्यमा डोजर प्रयोग गर्नका लागि परिषद्‌बाट स्वीकृत लिएको देखिएन।

६. **लगबुक –** कार्यालयमा प्रयोग हुने सवारी साधनहरुमा ईन्धन खर्च हुने गरेकोमा लगबुक नभरी ईन्धन खर्च गर्ने गरेको देखियो। यसमा सुधार हुनुपर्दछ।

७. **जिन्सी निरीक्षण –** स्थानीय निकाय गठन पश्चात् साविक गा.वि.स.हरुमा रहेको जिन्सी सामानहरु नगरपालिकामा आम्दानी बाँधी वडाहरुलाई हस्तान्तरण गरी एकिकृत लगत सहित जिन्सी विवरण हुनुपर्नेमा सो भएको पाईएन। उक्त विवरण तयार गर्नुपर्ने जिन्सी सामानहरुलाई समय समयमा निरिक्षण गरि जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्दछ।

८. **योजना –** दारेगौडा भवन ग्रामीण सडक योजनामा ल.ई. र कार्यसम्पादन प्रतिवेदन अनुसार बाटो खन्ने काम भएकोमा विल भरपाई र बैठक माईन्यूटस् अनुसार ग्राभेल र वालुवा विच्छाउने काम पनि भएको देखियो। योजना अनुसार काम भएको देखिएन।

९. **फरक काम –** योजना हुलकाङ्ग रातामाटा पैरा हुँदै ओडारे कृषि सडकको ल.ई र कार्यसम्पादन प्रतिवेदन अनुसार बाटो खन्ने काम मात्र भएकोमा बिल भरपाई र माइन्यूटस् अनुसार पाइप जाली पनि विच्छाउने काम गरेको देखियो। फरक विल पेश हुँदाहुँदै कार्यसम्पादन प्रतिवेदनमा ल.ई.अनुसारकै व्यहोरा देखाउँदा कार्यसम्पादन प्रतिवेदन बीजक डोजरको कर विजक रु.४०,०००।– को अनुसार विलमा दर र परिमाण खुलाएको छैन।

१०. देउराली कोलडाँडा दाजबारी ग्रा.स. योजना रु.३,२०,०००।- को काम गर्दा डिजेल खपत २५ लिटर प्रति घण्टा देखिएकोमा सो खपत असामान्य देखिएकोले यस्ता योजनामा डिजल खपत दावीको प्राविधिक पुनरावलोकन गरेर मात्र भुक्तानी दिनुपर्दछ। डोजरको दर रु.२,५००।– प्रति घण्टा देखिएकोमा यस्तै

डोजर अरु योजनाहरुमा रु.१,८५०।– प्रति घण्टा चलेको देखिएकोले यस्ता भुक्तानी दिँदा प्राविधिक पुनरावलोकन गरी भुक्तानी दिनुपर्दछ ।

११. **जन सहभागिता** : विभिन्न योजनाहरुमा जनसहभागिताको कमी देखिएकोले भुक्तानी दिनुअघि सो कुरालाई यथेष्ठ परीक्षण गरी स्थानीय निकाय नियमावलीको व्यवस्था जन सहभागीता अनुसार कार्यसम्पादनको/पेश भएको बिल रकममध्ये कम जनसहभागीता रकम कट्टी गरी भुक्तानी दिनुपर्दछ ।

१२. **परामर्श –** ठूला पूर्वाधार अन्तर्गत सिद्धार्थ राजमार्गदेखि पुलको मुखसम्मको कालोपत्रे र बडारे सडकको प्राविधिक कामको लागि बाहिरी परामर्शदाता ईन्जिनियर श्री रमेश पौडेलबाट रु.१,५०,०००।– सेवा लिइएको देखियो । नगरपालिकाको पूर्ण सेवाकालिन ईन्जिनियर हुँदाहुँदै सो परामर्शदाता खटाईकोमा उक्त सेवाको आवश्यकता पहिचान गर्न सकिएन ।

१३. **खर्चको सीमा –** चालू खर्च खातामा खर्च सीमाभन्दा रु.७,३९,३६७- बढी भएकोले सो खर्च नियमानुसार नियमित गर्नुपर्ने देखियो ।

१४. सामाजिक सुरक्षा कार्यक्रम अनुसार बालबालिका संरक्षण भत्ता वितरणको लागि वडा सचिव भवानी मल्ललाई पेश्की रकम रु.४,३२,०००।- दिईएकोमा जसमध्ये आंशिक रुपमा पेश्की फछ्र्यौट गरी बाँकी रहन गएको पेश्की रु.१,१९,६००।– मिति २०७४।६।२४ मा दाखिला गरिएको छ । समयमै रकम दाखिला गराउनुपर्दछ ।

१५. **विविध खर्च –** नगर परिषद् सम्पन्न गरी वयरघारी लज एण्ड रेष्टुरेन्टलाई खाना खाजाको रु.७०,७५०।– भुक्तानी गरिएको छ । प्रचलित ऐन अनुसार रु. ५,०००। भन्दा माथिको आर्थिक कारोबार गर्दा दर्ता भएका व्यवसायीबाट कारोवार गर्नुपर्दछ ।

१६. **जिन्सी अभिलेख –** दलित उत्थान उपभोक्ता समितिलाई सिलाई कटाई तालिम सम्पन्न गरी रु.६९,८३४।– खर्च लेखी भुक्तानी गरिएको छ । खर्चको विवरण अनुसार सिलाई मेशिन, सिलाई टेवुल, सिलाई स्टेड ६/६ वटा सामान नगरपालिकाको जिन्सी खातामा अभिलेख राखी संरक्षण हुनुपर्नेमा जिन्सी अभिलेख राखेको पाईएन ।

१७. **लगबुक –** ईन्धन खर्च रु.६५,५०७।– खर्च गरेकोमा नियमानुसारको सवारी लगबुक गोश्वरा भौचर साथ संलग्न हुनुपर्नेमा संलग्न गरेको छैन ।

१८. **जिन्सी व्यवस्थापन –** विभिन्न लक्षित कार्यक्रम सञ्चालन गर्दा खरिद भएका सामानहरुको जिन्सी अभिलेखमा चढाई आम्दानी बाँधिएको पाईएन । यस किसिमको कार्यले गर्दा भौतिक सम्पत्तिको संरक्षण तर्फ ध्यान गएको देखिएन ।

१८.१. सहिद शुक्र उच्च माध्यमिक विद्यालयद्वारा खेलकूद सामाग्री वापत रु.९३,५००।– बराबरको सामान खरिद गरिएकोमा विद्यालयमा आम्दानी बाँधिएको देखिएन ।

१८.२. दहथुम बहुमुखि क्याम्पसद्वारा बालक्लव तथा सूचना केन्द्र स्थापना गर्न रु.४०,०००।– लगेकोमा पुस्तक खरिदको बिल पेश भएकोमा सो पुस्तकको जिन्सी दाखिला प्रमाण पेश भएन ।

१९. **आषाढ मसान्तसम्ममा –** ना.सु.रामप्रसाद खनाललाई रु. ५०,०००। दिएको पेश्की नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

२०. **जिन्सी आम्दानी –** प्रबर्द्धनात्मक कार्यक्रम अन्तर्गत रु.३,०५,७००।– खर्च गरिएको छ । बानेथोक देउराली प्रसुती गृह सञ्चालन गर्न रु.९५,७००।– खर्च गरी प्रसुती सम्बन्धी सामान खरिद भएकोमा उक्त सामान प्रसुती गृहलाई हस्तान्तरण गरी प्रसुतीगृहको जिन्सी खातामा आम्दानी बाधेको पाइएन ।

२०.१. बालबालिका लक्षित कार्यक्रम अन्तर्गत रु.८०,०००।– खर्च भएको छ । सो कार्यक्रम अनुसार कालिकाका नि.मा.वि.ले खरिद गरी पेश गरेको सामानको विल अनुसार सामानहरु जिन्सी अभिलेखमा जनाई आम्दानी बाँधेको पाइएन ।

२१. **प्रतिवेदन –** हिमाल ईन्जिनियरिङ्ग कन्सल्टेन्सीलाई डिपिआर तयार गरेको भनी रु. ५०,०००।- भुक्तानी गरिएकोमा प्रतिवेदन पेश गरेको पाइएन ।

२२. **अनुपातिक कट्टी –** बाटो निर्माण खर्च रु.५,००,०००।– मध्येमा योजनाको लागत अनुसार रु.८,००,०००।– स्वीकत भएको छ । कार्य मूल्यांकन रु.५,००,०००।– को भएको र नगरपालिकाले रु.५,००,०००।– को ५:३ को समानुपातमा भुक्तानी गर्नुपर्नेमा पुरै रु.५,००,०००।– भुक्तानी गरिएकोले खर्च रु.१,८७,५००।– नियमित देखिएन ।

२३. **सोझै खरिद –** यस नगरपालिकाको बार्षिक खरिद योजना प्रभावकारी नहुनाले विभिन्न मितिमा कम्प्यूटर तथा प्रिन्टर्स रु.१०,२२,००३।- मा खरिद गरेकोमा बोलपत्र आब्हान गरी खरिद गरिनुपर्नेमा सोझै खरिद गरिएको देखियो । यसमा सुधार हुनुपर्दछ ।

२३.१. नगरपालिकाको बार्षिक खरिद योजना प्रभावकारी नहुनाले विभिन्न मितिमा फर्निचर सामाग्री रु.९,९७,७९०।- बोलपत्र आब्हान गरी खरिद गरिनुपर्नेमा सोझै खरिद गरिएको देखियो ।

**स्वरेक गा.वि.स.**

२४. **डोजर प्रयोगः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीमा उल्लेख भए अनुसार स्थानीय तहमा श्रममूलक प्रविधि प्रयोग गर्नुपर्ने व्यवस्था भएकोमा सो नियमलाई उलंघन गरी मेशिन प्रयोग गरी काम गराईएको पाईयो । स्थानीय निर्माण कार्यमा डोजर प्रयोग गर्नका लागि परिषद्बाट स्वीकृत लिएको पाइएन ।

२५. **बढी खर्चः** चालु खर्च खातामा खर्च सीमा भन्दा माथि रु.६७,५५५।- भएकोले सो खर्च नियमानुसार नियमित गर्नुपर्दछ ।

२६. **कर्मचारी संचयकोषः** र्मचारी संचयकोषमा दाखिला हुने गरि कट्टा गरिएको रु. ५४५६०।- दाखिला हुन पर्ने देखिन्छ ।

**कालिकाकोट गा.वि.स.**

२७. **डोजर प्रयोगः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीमा उल्लेख भए अनुसार स्थानीय तहमा श्रममूलक प्रविधि प्रयोग गर्नुपर्ने व्यवस्था भएकोमा सो नियमलाई उलंघन गरी मेशिन प्रयोग गरी काम गराईएको पाईयो । स्थानीय निर्माण कार्यमा डोजर प्रयोग गर्नका लागि परिषद्बाट स्वीकृत लिएको पाईएन ।

२८. **कर कट्टीः** मोटरसाईकल खरिद गर्दाको कर कट्टी रु.३२०९।० को सक्कल भौचर नभएको हुँदा सक्कल भौचर पेश हुनुपर्ने देखिन्छ ।

२९. **कर कट्टीः** सवारी एक्ससरिज खरिद रु.५९००। मा अग्रीम कर कट्टी नगरिएको हुनाले रु.८८५।० असुल उपर गर्नुपर्ने देखिन्छ ।

३०. **गा.वि.स.भवन प्रयोगः** गा.वि.स. भवनको ३ वटा भवन मध्ये २ वटा भवन केही फर्निचर सहित प्रहरी चौकीले प्रयोग गरेको र सो प्रयोग वापत गा.वि.स.ले कुनै पनि भाडा रकम लिइएको पाईएन । साथै भवनको विजुली खर्च पनि गा.वि.स.ले नै व्यहोरोकोले सो प्रति खर्चको दोहोरो दावी हुनसक्ने भएकाले त्यस प्रति ध्यानाकर्षण गराईन्छ ।

३१. **कर कट्टीः** विभिन्न मितिमा करकट्टी गरिएको रु.८४२।- दाखिला हुनु पर्ने देखिन्छ ।

**छाङ्छाङ्दी गा.वि.स.**

३२. **डोजर प्रयोगः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीमा उल्लेख भए अनुसार स्थानीय तहमा श्रममूलक प्रविधि प्रयोग गर्नुपर्ने व्यवस्था भएकोमा सो नियमलाई उलंघन गरी मेशिन प्रयोग गरी काम गराईएको पाईयो । स्थानीय निर्माण कार्यमा डोजर प्रयोग गर्नका लागि परिषद्बाट स्वीकृत लिएको पाईएन ।

३३. पेश्किः आर्थिक वर्षको अन्त्यमा बाँकि रहेको पेश्की रु.४,१५,०००।- पछ्र्योट हुनु पर्ने देखिन्छ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.२० लाख ५१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि प्रतिक्रियाबाट रु.३७ हजार फछ्र्यौट भई बाँकी बेरुजू रु.२० लाख १४ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.२ हजार, नियमित गर्नुपर्ने रु.१५ लाख ४७ हजार र पेश्की रु.४ लाख ६५ हजार रहेको छ ।

# वालिङ्ग नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.२ करोड ७४ लाख ५१ हजार र यो वर्षको आय रु.१९ करोड ३७ लाख ९२ हजार समेत रु.२२ करोड १२ लाख ४३ हजार आम्दानी भएकोमा रु.१७ करोड ७८ लाख ४८ हजार खर्च भई रु.४ करोड ३३ लाख ९५ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन् ।

१. **आन्तरिक नियन्त्रण र वित्तीय जवाफदेहिता:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ अनुसार प्रत्येक कार्यालयले सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वितीय प्रतिवेदन प्रणाली लाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्ने व्यवस्था छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(२) अनुसार उपभोक्ता समितिको बर्गीकरण र सूचीकृत नगरेको, सार्वजनिक परीक्षण नभएको अवस्था रहेको छ। यसमा सुधार हुनुपर्दछ।

२. **कर बीजक:** प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरु मूल्य अभिवृद्धि कर बिलको प्रयोग भएको छैन ।। साथै रु.५,०००।- भन्दा माथि भुक्तानी गर्दा १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा सो गरेको देखिएन ।

३. **उपभोक्ता समिति:** प्रचलित कानूनमा विभिन्न योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने व्यवस्था अनुसार अधिकमांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराईएको छ । उपभोक्ता समितिलाई जिम्मेवारी तथा उत्तरदायित्व वहन गर्न लगाउन तथा योजनाको अपनत्व बनाउन उपभोक्ता समितिलाई संघ संस्था ऐन अनुसार दर्ता गराई निर्माण कार्यको जिम्मेवारी दिनुपर्दछ।

३.१. उपभोक्ता समितिबाट गराईएका योजनाहरुमा जन सहभागीताको रकम र गा.वि.स.को अनुदान २०:८० को अनुपातमा नभएको । हाल गा.वि.स.को रकमलाई १०० मानी त्यसको २० % प्रतितशतलाई जनसहभागीतमा निर्धारित गरिएको तर वास्तविकमा जम्मा मूल्यांकन रकम/योजनाको रकमलाई १०० मानी २० प्रतिशत जनसहभागीता निर्धारण गर्नेपर्दछ।

४. **करको दायरा:** निर्माण कार्य गराई पेश हुन आएका डोर हाजिर फारामको ज्याला भुक्तानी गर्दा सबै स्थानीय निकायहरुले सामाजिक सुरक्षा कर कट्टा नगरेको पाईयो । सबै किसिमका भुक्तानीहरुलाई करको दायरामा ल्याउन जरुरी देखिन्छ।

५. **मेसिनको प्रयोग:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीमा उल्लेख भए अनुसार स्थानीय तहमा श्रममूलक प्रविधि प्रयोग गर्नुपर्ने व्यवस्था भएकोमा सो नियमलाई उलंघन गरी मेशिन प्रयोग गरी काम गराईएको पाईयो । स्थानीय निर्माण कार्यमा डोजर प्रयोग गर्नका लागि परिषद्बाट स्वीकृत लिएको देखिएन ।

६. **जिन्सी निरीक्षण:** स्थानीय निकाय गठन पश्चात् साविक गा.वि.स.हरुमा रहेको जिन्सी सामानहरु नगरपालिकामा आम्दानी बाँधी वडाहरुलाई हस्तान्तरण गरी एकिकृत लगत सहित जिन्सी विवरण हुनुपर्नेमा सो भएको पाईएन। उक्त विवरण तयार गर्नुपर्ने जिन्सी निरिक्षण गरि जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्दछ।

७. **खरिद:** अधिकांश स्थानीय तहहरुको खरिद योजना तयार पारी सो अनुसार मालसामान खरिद तथा सेवा प्राप्त गरेको पाईएन । बोलपत्र वा शिलबन्दी कोटेशनबाट हुनुपर्ने खरिद टुक्राटुक्रा पारी खरिद गरेको पाइयो ।

८. **कर दाखिला –** संघ संस्था वा उपभोक्ता समितिबाट विभिन्न सेवा प्रदायक व्यवसायीहरुबाट विल प्राप्त गरी विल भुक्तानी गरेकोमा प्रचलित ऐन अनुसार स्रोतमा रु.३३,९१०। आयकर कट्टी गरी दाखिला गर्नुपर्दछ।

९. **सार्वजनिक परीक्षण:** निर्माण कार्यलाई पारदर्शी र सेवाग्राहीको जानकारीको लागि सार्वजनिक परीक्षण कार्यलाई वाध्यात्मक रुपले अनुशरण गर्नुपवर्ने देखिन्छ।

१०. **बिल भरपाई:** उपभोक्ता समिति मार्फत् गराइएका कतिपय निर्माण कार्यका खर्चका विलहरु भुक्तानी अवधिमा पेश भएको देखिएन। खर्चका विल भरपाई पेश गर्न लगाउनु पर्ने देखिन्छ।

११. **कार्य सम्पन्न प्रतिवेदनः** सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण कार्यको लागि रु.१,८२,५६२।– निकासा दिईएकोमा निकासलाई नै खर्च मानी रकम विद्यालयको बैंक खातामा जम्मा गरेको पाईयो । निकासा दिईएको रकमको कार्यसम्पन्न प्रतिवेदन तथा लेखापरिक्षण प्रतिवेदन सम्बन्धित विद्यालयहरुले नगरपालिकाको कार्यालयमा पेश गर्नुपर्नेमा पेश गरेको पाईएन ।

१२. **अग्रिम कर**ः उपभोक्ता समितिलाई निर्माणकार्य पश्चात् भुक्तानीका लागि पेश भएका विल भरपाईको आधारमा खर्च लेखि भुक्तानी हुँदा कटाउनु पर्ने कर रु.९०,०८२।– गरेको पाइएन उक्त रकम दाखिला गर्नु पर्दछ ।

१३. **जिन्सी आम्दानी**ः बाँस पानी नि.मा.वि. लाई प्रोजेक्टर खरिदको लागि रु. ५०,०००।– निकासा दिईएकोमा विद्यालयले प्रोजेक्टर जिन्सी खातामा आम्दानी बाँधी सो को अभिलेख न.पा. कार्यालयमा पेश गर्नुपर्नेमा पेश भएको देखिएन ।

१४. **प्रशासनिक खर्चः** प्रशासनिक खर्चको सिमा रु. ६७,९९,९४४।– भन्दा बढी रु. २४,१४,४३०।– गरी कूल रु. ९२,१४,३७४।– खर्च गरिएको अनियमित देखिएको छ यसमा नियन्त्रण गर्नु पर्दछ ।

१५. **जन सहभागिताः** योजनाको बजेट खर्चमा नगरपालिकाको हिस्सा रु. १० लाख : कार्यसम्पादन रु. १३,६९,४६९।- भए पनि पेश गरिएको बिल भरपाई रु. ११,३२,०००।– मात्र देखियो । नगरपालिका र उपभोक्ता समितिको योजना सम्झौता अनुरुप खर्चमा नगरपालिकाको सहभागिता ७० प्रतिशले रु. ७,९२,४००।- हुनुपर्नेमा पुरै १०,००,०००।- रुपैया भुक्तानी गरिएको छ । सोखर्च नियमति गरीनु पर्ने देखिन्छ ।

**एलादी गाउँ विकास समिति**

१६. **कर विजकः** प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरु मु.अ.कर बिलको प्रयोग नभएको पाईयो । साथै ५,०००।- भन्दा माथि भुक्तानी गर्दा १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा सो गरेको देखिएन ।

१७. **उपभोक्ता समिति मार्फत निर्माण कायः** प्रचलित कानूनमा विभिन्न योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने व्यवस्था अनुसार अधिकमांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराईएको छ। उपभोक्ता समितिलाई जिम्मेवारी तथा उत्तरदायित्व वहन गर्न लगाउन तथा योजनाको अपनत्व बनाउन उपभोक्ता समितिलाई संघ संस्था ऐन अनुसार दर्ता गराई दिनुपर्ने देखिन्छ ।

१८. **करको दायराः** निर्माण कार्य गराई पेश हुन आएका डोर हाजिर फारामको ज्याला भुक्तानी गर्दा सबै स्थानीय निकायहरुले सामाजिक सुरक्षा कर कट्टा नगरेको पाईयो । सबै किसिमका भुक्तानीहरुलाई करको दायरामा ल्याउन जरुरी देखिन्छ ।

१९. **खरिद कार्यः** अधिकांश स्थानीय तहहरुको शिर्षक खरिद योजना तयार पारी सो अनुसार मालसामान खरिद तथा सेवा प्राप्त गरेको पाईएन । बोलपत्र वा शिलबन्दी कोटेशनबाट हुनुपर्ने खरिद टुक्राटुक्रा पारी खरिद गरेको पाईयो ।

२०. **लगवुकः** कार्यालयमा प्रयोग हुने सवारी साधनहरुमा ईन्धन खर्च हुने गरेकोमा लगबुक नभरी ईन्धन खर्च गर्ने गरेको देखियो यसमा नियन्त्रण हुनु पर्दछ ।

२१. **दाखिलाः** नगद मौजात रु.५,०००।– र दाखिला गर्नुपर्ने कर रु.२,६३५।– समेत रु.७,३६५।– यथाशीघ्र असुल गरी दाखिला गर्नुपर्दछ ।

**जगतभञ्ज्याङ्ग गाविस**

२२. **सोझै खरिदः** अधिकांश स्थानीय तहहरुको शिर्षक खरिद योजना तयार पारी सो अनुसार मालसामान खरिद तथा सेवा प्राप्त गरेको पाईएन । बोलपत्र वा शिलबन्दी कोटेशनबाट हुनुपर्ने खरिद टुक्राटुक्रा पारी खरिद गरेको पाईयो ।

२३. **गत वर्षको पेश्कीः** गत आ.व.को पेश्कीरु. ७७,२००।- साविकको गा.वि.स. सचिव वाट फछर्यौट गर्नु पर्दछ ।

**केवरेभञ्ज्याङ्ग गाउँ विकास समिति**

२४. **सामान खरिदः** प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा

प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरु मु.अ.कर बिलको प्रयोग नभएको पाईयो । साथै रु.५,०००।- भन्दा माथि भुक्तानी गर्दा १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा सो गरेको देखिएन ।

२५. **उपभोक्ता समितिः** प्रचलित कानूनमा विभिन्न योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने व्यवस्था अनुसार अधिकमांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराईएको छ । उपभोक्ता समितिलाई जिम्मेवारी तथा उत्तरदायित्व वहन गर्न लगाउन तथा योजनाको अपनत्व बनाउन उपभोक्ता समितिलाई संघ संस्था ऐन अनुसार दर्ता गराई गरेमा निर्माण कार्यको जिम्मेवारी दिनुपर्ने देखिन्छ ।

२६. **करको दायराः** निर्माण कार्य गराई पेश हुन आएका डोर हाजिर फारामको ज्याला भुक्तानी गर्दा सबै स्थानीय निकायहरुले सामाजिक सुरक्षा कर कट्टा नगरेको पाईयो । सबै किसिमका भुक्तानीहरुलाई करको दायरामा ल्याउन जरुरी देखिन्छ ।

२७. **खरिद कार्यः** अधिकांश स्थानीय तहहरुको खरिद योजना तयार पारी सो अनुसार मालसामान खरिद तथा सेवा प्राप्त गरेको पाईएन । बोलपत्र वा शिलबन्दी कोटेशनबाट हुनुपर्ने खरिद टुक्राटुक्रा पारी खरिद गरेको पाईयो ।

**माझकोट शिवालय गाविस**

२८. **मु.अ.कर विजकः** प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरु मु.अ.कर विजक बिलको प्रयोग नभएको पाईयो ।

२९. **वढी भुक्तानीः** फर्निचर खरिदमा प्रमाण भन्दा रु. ७४७– को बढी भुक्तानी भएको रकम असुल गर्नु पर्दछ।

३०. **कर दाखिलाः** टिमुरे गैरा सिँगारकोटमा लागेको डोजर खर्च रु. २०,०००।– मा १० प्रतिशले कर कट्टी गर्नुपर्ने रु. २,०००।- मध्ये रु. ५००।– मात्र करकट्टी गरिएको । बांकी रु .१५००।– असुल गरी दाखिला गर्नु पर्ने ।

३१. **दोहोरो सुविधाः** अध्यक्ष प्रोत्साहन रु. १५००।-का दरले ८ महिनाको लागि भुक्तानी लिईएको पाईयो । सो रकमको भुक्तानी नियम अनुरुप नभएकोले रु.१२,०००। फिर्ता गर्नुपर्ने ।

३२. **गत बर्षको पेश्कीः** गत वर्षको पेश्की रकम रु. २१,९५,२५०।– फछ्र्यौट गर्नुपर्दछ ।

३३. **कट्टी रकम दाखिलाः** कार्यालय सामान लगायतका खर्च गरी कट्टी गरीएको कर रकम चेक काटी बुझिलिएको रु ३००।– असुल गरी दाखिला गर्नुपर्दछ ।

३४. **संचार सुविधाः** गाविस सचिवले पटक पटक रिचार्ज कार्डको विल तथ भत्ता राखी रु.८०००।–रकम भुक्तानी लिएको देखिएको छ तर सचिवलाइ उक्त सुविधा दिने निर्णय भएको नदेखिएकोले उक्त खर्च नियमित देखिएन ।

३५. **फरक शिर्षकः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली तथा स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि ०६९ अनुसार चालु प्रकृतिका खर्च चालुमा र पूजिगत प्रकृतिका खर्च पूंजिगत शिर्षकमा नै खर्च गर्नुपर्ने र पूँजिगत खर्चवाट चालु खर्च गर्न नपाइने व्यवस्था भएकोमा उद्घाटन समारोह खर्चहरु पूँजिगत खातावाटरु १७०००।– भएकोले उक्त खर्च नियमित देखिएन ।

३६. **कर दाखिलाः** खेलकुद कार्यक्रमका लागि ६५०००। बराबरको सामान खरीद गरी वितरण गर्दा रु. ९७५।– दाखिला गर्नु पर्दछ ।

३७. **भरपाईः** विऊ विजन खरीद कार्यक्रम खरीद भनी रु.२००००। खर्च लेखिएको तर उक्त रकम बुझिलिने र विऊ वितरण समेत भएको भर्पाइ पेश नभएकोले रकम नियमित देखिएन ।

३८. **विल भरपाईः** छापा खानेपानी टंकी मर्मतको लागि रु.४००००। भुक्तानी गर्दा रु.४५६५२। बरावरको मुल्यांकन पेश भएको तर जम्मा रु.३२०००। को मात्र डोरहाजिर पेश भएकोले अन्य कामको विल पेश गर्नुपर्दछ ।

३९. **कन्टेन्जेन्सी खर्चः** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थपन कार्यविधि अनुसार पूँजिगत खर्चको अनुपातमा मात्र कन्टेन्जेन्सी खर्च गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयवाट पूँजिगत खर्च १०९२२९५।– खर्च गर्दा ३६०००।– बराबरको कन्टेन्जेन्सी खर्च गरेकोले नियमअनुसार खर्च गरेको देखिएन ।

**सिर्षेकोट गाविस**

४०. **कर विजकः** प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरु मु.अ कर बिलको प्रयोग नभएको पाईयो । साथै रु.५,०००।- भन्दा माथि भुक्तानी गर्दा १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा सो गरेको देखिएन ।

४१. **उपभोक्ता समितिः** प्रचलित कानूनमा विभिन्न योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने व्यवस्था अनुसार अधिकमांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराईएको छ । उपभोक्ता समितिलाई जिम्मेवारी तथा उत्तरदायित्व वहन गर्न लगाउन तथा योजनाको अपनत्व बनाउन उपभोक्ता समितिलाई संघ संस्था ऐन अनुसार दर्ता गराई निर्माण कार्यको जिम्मेवारी दिनुपर्ने देखिन्छ ।

४२. **गत वर्षको पेश्कीः** गत आ.व.को पेश्की रकम रु. ७७,२००।- अझै फछ्र्यौट नगरिएकोले साविकको गा.वि.स. सचिववाट पेश्की फछर्यैट गर्नु पर्दछ ।

४३. **कर कट्टीः** सार्वजनिक खरीद नियमावली तथा स्थानीय निकाय आर्थिक प्रशसन नियमावली अनुसार रु.२५०००। भन्दा बढीको सामान खरीद गर्दा लागत अनुमान तयार गर्नुपर्नेमा फाटोकपी मेशिन तथा मोटरसाइकल खरीद गर्दा लागत अनुमान तयार गरीएको छैन । फोटोकपी खरीदको अग्रीम आयकर कट्टी नभएकालेले रु ४३८।–कट्टी गर्नुपर्दछ ।

**थुमपोखरा गाविस**

४४. **कर विजकः** प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरु बिलको प्रयोग नभएको पाईयो। साथै ५,०००।- भन्दा माथि भुक्तानी गर्दा १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा सो गरेको देखिएन ।

४५. **निर्माण कार्यको जिम्मेवारीः** प्रचलित कानूनमा विभिन्न योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने व्यवस्था अनुसार अधिकमांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराईएको छ । उपभोक्ता समितिलाई जिम्मेवारी तथा उत्तरदायित्व वहन गर्न लगाउन तथा योजनाको अपनत्व बनाउन उपभोक्ता समितिलाई संघ संस्था ऐन अनुसार दर्ता गराई निर्माण कार्यको जिम्मेवारी दिनुपर्ने देखिन्छ ।

४६. **दोहोरो सुविधाः** साथै करारका कर्मचारीलाई करार सम्झौतामा उल्लेख भए अनुसार मात्र सुविधा दिनु पर्ने व्यवस्था छ । सामाजिक परिचालक श्री पवित्रा पौडेललाइ निजको तलव वाहेक गाविसवाट थप सुविधा दिदा नियमको पालना नगरी प्रोत्साहन भत्ता रु २०००।–उपलव्ध गराइएको र यसरी उपलव्ध गराउदा दशै खर्च समेत उपलव्ध गराएकोले असुल गर्नुपर्दछ ।

४७. **प्रमाण कागजातः** सामुदायिक विद्युतिकरण तथा वितरण सहकारी संस्था लि. लाई ३,५००००।– भुक्तानी गर्दा कार्यमुल्यांकन, कार्यसम्पन्न प्रतिवेदन तथा खर्च सार्वजनिकरण विवरण पेश नभएकोले आवश्यक प्रमाण पेश गरी नियमित गर्नुपर्दछ ।

४८. **कर दाखिलाः** नियमानुसार कट्टी भएको कर दाखिला गर्नुपर्नेमा दाखिला नगरी खर्च भएकोले दाखिला गर्न वांकी देखीएको रु.१०६५।– दाखिला गर्नुपर्ने ।

४९. **कर दाखिलाः** नियमानुसार भुक्तानी गर्दा कट्टी गरिएको कर दाखिला गरी हिसाव मिलान गर्नुपर्नेमा कट्टी गरिएको कर रु २५९०।– दाखिला दाखिला गर्नुपर्दछ ।

५०. **रकम फिर्ताः** यस खाता लगायत अन्य खातामा रहेको रकम नेपाल सरकारको निर्णय एवं आदेश अनुसार जिल्ला समन्वय समितिमा फिर्ता गर्नु पर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.१ करोड १० लाख ४० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.१ करोड १० लाख ४० हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.१ लाख ५४ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ८ लाख ८६ हजार रहेको छ ।

# अर्जुनचौपारी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.३ लाख ४७ हजार र यो वर्षको आय रु.३ करोड ४० लाख १० हजार समेत रु.३ करोड ४३ लाख ५७ हजार आम्दानी भएकोमा रु.२ करोड ७६ लाख २८ हजार खर्च भई रु.६७ लाख २९ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन् ।

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ अनुसार प्रत्येक कार्यालयले सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वितीय प्रतिवेदन प्रणाली लाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नु पर्ने व्यवस्था छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(२) अनुसार उपभोक्ता समितिको बर्गीकरण र सूचीकृत नगरेको, सार्वजनीक परीक्षण नभएको अवस्था रहेको छ । आन्तरिक प्रणालीको विकास गर्नुपर्दछ ।

२. **टुक्रे खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । यस गाउँपालिकाको बार्षिक खरिद योजना प्रभावकारी नहुनाले विभिन्न मितिमा फर्निचर समेत रु.५१,७७,१५८।- मा बोलपत्र आब्हान गरी खरिद गरिनुपर्नेमा टुक्रा टुक्रा गरी सोझै खरिद गरिएको देखियो । नियमको पालना गरी खरिद कार्य गर्नुपर्दछ ।

३. **कर कट्टी :** आयकर ऐन २०५८ को दफा ८९ अनुसार कर कट्टी गर्नुपर्ने व्यवस्था रहेकोमा बालसंजाल मसलन्द खर्च रु.३६,०००।– वडा नागरिक मन्च खर्च रु.६,०००।– समेत रु.४२,०००।– अग्रिम कर रु.६७५।– असुल गरी दाखिला गर्नुपर्दछ ।

४. **असुल गर्नुपर्ने :** केवेरेखेत पिपलडाडाँ हुदै माझपाटा ग्रामिण सडकमा डोजर प्रतिघण्टा रु.५,०००।– ले ४०.६ घण्टाको भुक्तानी दिइएको देखियो । उक्त दररेट बढी भएकोले रु.६४,४२८।– असुल गर्नुपर्ने देखिन्छ ।

५. **पारिश्रमिक कर :** प्रशिक्षक खर्च र विविध खर्चमा रु.१६,०००।– भुक्तानी दिएको देखिएकाले १५ प्रतिशत कर रु.२,४००।– असुल गर्नुपर्दछ ।

६. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ पाँच लाख रूपैयाँसम्म लागत अनुमान भएको परामर्श सेवा सोझै खरिद गर्न सकिने, नियम ८४ मा बीस लाख रूपैयाँसम्म लागत अनुमान भएको जुनसुकै सेवा सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कृषि उपज केन्द्र सहकारी भवन निर्माण सामग्री खरिद गर्दा ऐन अनुसार बोलपत्र आब्हानको प्रकृया अवलम्बन नगरी जयलक्ष्मी हार्डवेर एण्ड सप्लायर्सबाट रु.५,९१,८४४।– को खरिद गरिएकोमा अनियमित देखिएको छ ।

७. **भाडा कर :** निबुवाबोटमा पेश हुन आएका विल अनुसार डोजरको जिल्ला दररेट प्रतिघण्टा रु.३,९४०।– १५ लिटर डिजेल प्रतिघण्टा अनुमानित रु.७६।– का दरले हुन आउने तर विल अनुसार रु.४,४२५।– प्रतिघण्टा लगाइएको देखियो । प्रतिघण्टा रु.४८५।– को दरले हुन आउने बेरुजु रु.१९,४००।– असुल गरी दाखिला गर्नुपर्दछ ।

८. **कार्य सम्पन्न :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीन दिनभित्र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था भएकोमा सिचाई कुलो मर्मतमा रु.२६,०००।– खर्च गरेकोमा प्राविधिक मुल्यांकन र कार्यसम्पन्न प्रतिवेदन पेश भएको छैन।

९. **कर कट्टी :** निर्माण कार्य गराई पेश हुन आएका डोर हाजिर फारामको ज्याला रु.२,८४,५००।– को सामाजिक सुरक्षा कर कट्टा गरेको देखिएन । उक्त रकममा १.५ प्रतिशतले रु.२,८४५।– दाखिला गर्नुपर्ने देखियो ।

९.१. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार आरुचौर औषधालयलाई नाडीस्वेडन पंचकर्म सामग्री रु.७०,०००।– खर्च लेखिएकोमा खरिद गरिएका सामानहरु दाखिला भएको प्रमाण पेश हुन आएन। फोटो कपी मेसिन रु.३५,०००।– मा खरिद भएकोमा जिन्सी दाखिला प्रमाण पेश भएको छैन।

९.२. विभिन्न विद्यालय तथा संघ संस्थाहरुलाई सामान खरिद गर्न रु.१,७१,७७०।– खर्च लेखी भुक्तानी भएकोमा जिन्सी अभिलेख व्यवस्थित गरेको देखिएन ।

९.३. घण्टे मा.वि.ले २३ सेट फर्निचर खरिद गरी रु.८२,३८८।– खर्च लेखेको छ । खरिद गरिएका फर्निचर विद्यालयको जिन्सी खातामा आम्दानी बाँधेको अभिलेख पेश हुन आएन । जिन्सी अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

१०. **बजेट खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ मा रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा भई र रकम कुनै योजनाको भए योजना स्वीकृत भइसकेको छ भने खर्च गर्न र खर्च गर्ने निकासा दिनुपर्ने व्यवस्था छ । जन विकास आधारभुत विद्यालयको शिक्षक सुनिता के.सी.लाई तलबको लागि रु.१,०६,०००।– पूँजीगत खर्च खाताबाट भुक्तानी गरिएकोमा सो खर्च चालु खर्च खाताबाट गरी नियमित गर्नुपर्ने देखिन्छ ।

१०.१. **जिन्सी दाखिला –** दरौ मा.वि.को लागि ल्याप्टप/प्रोजेक्टर खरिद रु.२,००,०००।– बराबरको जिन्सी सो मा.वि.लाई हस्तान्तरण गरी दाखिला गरेको देखिने थथेष्ट प्रमाण नभेटिएको ।

१०.२. **उपभोक्ता समिति –** प्रचलित कानूनमा विभिन्न योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने व्यवस्था अनुसार अधिकांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराइएको छ । उपभोक्ता समितिलाई जिम्मेवारी तथा उत्तरदायित्व वहन गर्न लगाउन तथा योजनाको अपनत्व बनाउन उपभोक्ता समितिलाई संघ संस्था ऐन अनुसार दर्ता गराई संगठित संख्याको रुपमा विकसित गर्ने थालनी गरी निर्माण कार्यको संस्थागत जिम्मेवारी दिनुपर्ने देखिन्छ ।

१०.३. उपभोक्ता समितिबाट गराईएका योजनाहरुमा जन सहभागीताको गा.वि.स.को अनुदान २०:८० को अनुपातमा हुनुपर्ने व्यवस्था छ । योजनाको २०% जनसहभागीता निर्धारण गर्नेपर्ने देखिन्छ ।

१०.४. कृषि टनेल खरिद योजनामा रु.२,२०,०००।– खर्च भएकोमा जनसहभागिताको अंश शुन्य रहेको देखिएको छ । जनहसभागिता जुटाई कार्यसम्पादन गर्नुपर्दछ ।

१०.५. **भेरिएसन आदेश :** सार्वजनिक खरिद नियमावली, २०६४ नियम ११८ अनुसार बोडिखोला भोर्ले मुसुरावारी मोटर बाटो योजनामा लागत अनुमान रु.२,१०,०००।– भएकोमा कार्यसम्पादन प्रतिवेदन अनुसार सबै काम ज्यालाबाट गरिएकोले उक्त काम लागत अनुमान अनुसार भएको देखिएन । उक्त योजनाका लागि भेरियसन आदेश पनि पेश भएको छैन ।

१०.६. **कर बीजक :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली अनुसार मु.अ.कर दर्ता भएको फर्मसंग खरीद गरि समावेश गर्नुपर्नेमा जन विकास साना किसान सहकारी कृषी भवन निर्माण वापत रु.५५,०००।– भुक्तानी गर्दा रु.३१,५००।– को सिमेन्ट रड लगायतका निर्माण समग्रीहरुको विल काफ्ले भाँडा पसल अर्जुनचौपारीको सच्याइएको प्यान विल पेश गरेकोले मु.अ.कर विजग पेश गर्नुपर्ने देखिन्छ ।

११. **दोहोरो भुक्तानी :** रापाकोट गाविसवाट गाऊपालिकामा रु.३,०५९।– भएको भएको देखिन्छ । साविकको गाविसमा जिल्ला विकास समितिवाट वडा नगारिक मञ्च व्यवस्थापनको लागि निकासा भएको समेत खर्च भएको देख्छि तर गाविस सचिवले पून विल पेश गरी रु.४२,०००।– भुक्तानी लिएकोले दोहोरो भुक्तानी भएकोले असुल गर्नुपर्ने देखिन्छ ।

११.१. **बढी भुक्तानी :** जनजाती उत्थान कार्यक्रमको लागि रु.१,५०,०००।– बजेट विनियोजन भएकोा रु.१,००,०००।– पेश्की फर्छ्यौट गरी रु.१,००,०००।– भुक्तानी भएको छ । उक्त कार्यक्रमको लागि रु.१,००,०००।– पेश्की भुक्तानी भइसकेको हुँदा उक्त योजनाको लागि कुल रु.२,००,०००।– खर्च देखिएको छ । तर उक्त योजनाको लागि वार्षिक विनियोजन जम्मा रु.१,५०,०००।– भएको हुँदा विनियोजनभन्दा बढी भुक्तानी भएको ५०,०००।– असुल गरी दाखिला गर्नुपर्ने देखिन्छ ।

११.२. **बढी भुक्तानी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार उपभोक्ता मार्फत कार्य गर्दा परिषद्वाट विनियोजित रकम अनुसार सम्झौता गरी सो अनुसार आवश्यक कार्य सम्पन्न भएपछि सोही बमोजिम भुक्तानी गर्नुपर्नेमा जनविकास आधारभुत विद्यालय दरौ लाई परिषद्बाट रु.१,०४,०००।– विनियोजन भएकोमा रु.१,०६,०००।– भुक्तानी भई रु.२,०००।– बढी भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

११.३. **दाखिला :** वडा कार्यालय (दरौं) वाट खरीद भएको मोटरसाइकल हालसम्म पनि गाउँपालिकाको नाममा दर्ता भएको छैन । नियमानुसार गाउपालिकाको अभिलेखमा दाखिला गर्नुपर्दछ ।

**अर्जुन चौपारी गा.वि.स.**

१२. **मू.अ.कर बिजकः** प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि

करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरु बिलको प्रयोग नभएको पाईयो ।

१३. **कर दाखिला-** प्राविधिक खर्च भुक्तानी गर्दा कुल रु.७०,०००। मा कर रकम रु.१३,१०।३२ कट्टा गरी रु.६८,६९०।- को भर्पाइ संलग्न गरिएको तर भुक्तानी ८७,३५५।- भएकोले रु.१७,३५५।- बढी भुक्तानीमध्ये आषाढ मसान्तमा रु.१६,०९५।- दाखिला भएको थप वांकी रकम रु.१,२६०।- असुल गर्नु पर्दछ ।

१४. **पेश्की-** गाविसमा रहेको कुल पेश्की रकम रु.१०५१८१६। मा गाविस सचिवको जिम्मामा रु.६,०७,३१६। पेश्की वांकी देखिएकोले नियमानुसार फर्छ्यौट गर्नुपर्ने देखिएको छ ।

**रापाकोट गा.वि.स.**

१५. **आलेप बेरुजु-**गत वर्षको लेखापरिक्षण प्रतिवेदनमा औल्याईएको असुलउपर गर्नु पर्ने बेरुजु रकम  रु.१,८२५०।०० हाल सम्म पनि कार्यालयले कुनै कारबाहीको प्रकृया अवलम्वन गरेको नदेखिएकोले उक्त रकम अबिलम्ब असुलउपर गरी बेरुजु खातामा दाखिला गर्नु पर्ने देखिन्छ ।

१६. **बिल भरपाईः** विविध तथा दै.भ्र.खर्च रु.४२,०००।- मध्ये रु.१०,०००।०० को विल भरपाई नपुग भएकाले असुल उपर गरी दाखिला गर्नु पर्दछ ।

१७. **विल भरपाई-** तलब तथा विविध कार्यालय संचालन खर्च रु.५९,६९६।०० मध्ये रकम रु.४,०००।०० को मोवाईल खरिद गरिएको पाईयो तर सो मोवाईलको कागजात पेश हुन आएन जिन्सी खातामा दाखिला गरेको पाईएन ।

१८. **बिल भरपाई-** विविध तथा मसलन्द खर्च रकम रु.५४,४००।- मध्ये रु.४,०००।- को विल तथा भरपाई पेश नभएकाले सो रकम दाखिला गर्नुपर्ने ।

१९. **प्रमाण कागजातः** खर्च रकम रु. ६१६९६।०० मध्ये रु. ७०००।०० बैठक भत्ताको शिर्षकमा खर्च गरिएको पाईयो तर उक्त बैठकको कुनै पनि कागजात पेश हुन नआएकोले उक्त खर्च दाखिला गर्नु पर्दछ ।

२०. **दोहोरो सुविधा-** सरकारले सबै गा.वि.स. सचिवहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराएता पनि यस गा.वि.स.मा अध्यक्ष प्रोत्साहन भत्ताको नाममा रु.१५०० । खर्च गरिएको पाईयो । दोहोरो सुविधा दाखिला गर्नुपर्दछ ।

२१. **मर्मत-** मसलन्द खर्च रु.५०००।०० कम्प्युटर मर्मत गरिएको भेटियो तर गा.वि.स.को जिन्सी खातामा कुनै पनि कम्प्युटर नभएकोले उक्त रकम दाखिला गर्नु पर्दछ ।

२२. **मु.अ.कर दर्तासंग खरीद-** खर्च रु.३०,०००।०० मु.अ.कर दर्ता फर्मवाट नभएको हुनाले सो खर्च अनियमित देखियो ।

२३. **सवारी साधन खरीद-**मोटर साईकल खरिद रु.२,६२,९००।०० मा गरेकोमा नेपाल सरकारले साविकका गा.वि.स.हरुको लागि रु.२,५०,०००।०० सम्मको खरिद गर्ने निर्णय बिपरित खर्च गरेकोले सो खर्च नियमित गर्नुपर्दछ ।

२४. **पेशिक बाँकिः** गाउँपालिका हुनुहुन्दा पहिले साविक गा.वि.स. मार्फत ४ जनालाई दिईएको पेश्की रु.३,८०,०००।- नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

२५. **कर दाखिला-** यस गा.वि.स. कट्टा गरेका कर रकम रु.५,८५१।- दाखिला गर्न बाँकी रहेकोले राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

२६. **बैठक भत्ता-** वैठक भत्ता रु.७०००। भक्तानी गर्दा नियमानुसार कर कट्टी नभएकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

२७. **कर दाखिला-** विभिन्न शिर्षमा कट्टी भएको कर रु.५,८५१।- दाखिला गर्नुपर्दछ ।

**दरौ गा.वि.स.**

२८. **कर दाखिला-**कर दाखिला गर्न वाकी रकम रु.१०,०९४।०० दाखिला गर्नुपर्दछ ।

**आरुचौर गा.वि.स.**

२९. गाविसको पुजिगत खर्च शून्य देखिएकोमा संचालन खर्च रु.२,७१,१०६। को खर्च गरिएकोमा सो खर्च को औचित्य पुष्टि नभएकोले सो खर्च नियमानुसार नियमित गर्नुपर्दछ ।

३०. **पेश्की-** गत आ.वमा वांकी रहेको डहरे देउराली कृषी सहकारी भवन को रु.१७७०००। को पेश्की यस अवधिमा रु १००००० फर्छौट भएको वांकी पेश्की रु.७७,०००।-फछ्र्यौट गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.२५ लाख २५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.२५ लाख २५ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.२ लाख ३१ हजार, नियमित गर्नुपर्ने रु.१२ लाख ३० हजार र पेश्की रु.१० लाख ६४ हजार रहेको छ ।

# आँधिखोला गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.२९ लाख ९७ हजार र यो वर्षको आय रु.३ करोड ८८ लाख ५१ हजार समेत रु.४ करोड १८ लाख ४८ हजार आम्दानी भएकोमा रु.३ करोड २३ लाख ४८ हजार खर्च भई रु.९५ लाख मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार प्रत्येक कार्यालयले सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वितीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक परीक्षण गरेको देखिएन । नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

२. **उपभोक्ता समिति मार्फत कार्य** : प्रचलित कानूनमा विभिन्न योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने व्यवस्था अनुसार अधिकांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराइएको छ । उपभोक्ता समितिलाई जिम्मेवारी तथा उत्तरदायित्व बहन गर्न लगाउन तथा योजनाको अपनत्व बनाउन उपभोक्ता समितिलाई संघ संस्था ऐन अनुसार दर्ता गराई संगठित संख्याको रुपमा विकसित गर्ने तथा बार्षिक साधारण सभाको भेलाद्वारा पदाधिकारी चयन गर्ने व्यवस्थाका थालनी गरेमा निर्माण कार्यको संस्थागत जिम्मेवारी हुने देखिन्छ ।

३. **कर बीजक** : प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरुमा मूल्य अभिवृद्धि कर बेगर खरिद गरेको देखियो। यसमा नियन्त्रण हुनुपर्दछ ।

४. **स्वीकृति** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीमा उल्लेख भएअनुसार स्थानीय तहमा श्रममूलक प्रविधि प्रयोग गर्नुपर्ने व्यवस्था भएकोमा सो नियमलाई उल्लंघन गरी मेशिन प्रयोग गरी काम गराईएको पाइयो । स्थानीय निर्माण कार्यमा डोजर प्रयोग गर्नका लागि परिषद्‌बाट स्वीकृत लिएको पाइएन ।

५. **पेश्की जिम्मेवारी** - स्थानीय निकाय गठन पश्चात् गा.वि.स.हरुलाई गएको पेश्की रकमको जिम्मेवारी वहन गरी समयमै फछ्र्यौट गरिनुपर्नेमा कुनै गा.वि.स.को पेश्की फछ्र्यौट गरिएको पाइएन ।

६. **सोझै खरिद** - यस गाउँपालिकाको बार्षिक खरिद योजना प्रभावकारी नहुनाले विभिन्न मितिमा फर्निचर रु.९,४०,२००।- मा बोलपत्र आव्हान गरी खरिद गरिनुपर्नेमा टुक्रा टुक्रा गरी सोझै खरिद गरिएको देखियो ।

७. **कर कट्टी** - कम्प्यूटर तथा सर्भिसिङ्गको विलको भुक्तानीमा कर कट्टी नगरिएको रु.३,५२५।- निजसँग असुल गरी दाखिला गर्नुपर्दछ ।

८. **चौर निर्माण**- चिलाउने भाटी भुजेङ्गे पोखरा चौर निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन अनुसार रु. २,००,०००। को मेशिनबाट काम हुने भएको व्यहोरा जनाएकोमा मेशिन खर्च रु. १,००,०००। मात्र भएको छ । उक्त योजनामा ढुवानी गन पाँच (५) ट्रिप लागेको देखाइ ज्याला र २५० लिटर इन्धन खर्च असामान्य देखिएको छ ।

९. **असम्वन्धित खर्च** - पोखरा चौर खानेपानी योजनाको कार्यसम्पन्न प्रतिवेदनमा पर्खाल लगाउने काम मात्र देखाइएता पनि भरपाईमा टाइप खर्च रु. १०,०००। भुक्तानी गरेको छ । असम्वन्धित खर्चमा नियन्त्रण हुनुपर्दछ ।

१०. **प्रमाण** - भोट कुना गोरेटो बाटो योजनाको लागत अनुमान र कार्यसम्पादन प्रतिवेदन पेश नभएकोले सो योजनाको भुक्तानी नियमसम्मत देखिएन ।

११. **सक्कल प्रमाण** - लेखापरक्षिणमा सक्कल बिल पेश गर्नुपर्नेमा धन बहादुर स्मृति भवन निर्माणको रु.९५,२१७।१९ प्रतिलिपी विल भर्पाइ पेश गरिएकोले दोहोरो खर्च दावी रोक्न सक्कलै विल भर्पाई पेश हुनुपर्दछ ।

१२. **आन्तरिक खर्च** - आम्दानी रु.२२,६७९। गरेकोमा पूँजीगत र चालु खर्च खातामा ६०:४० को अनुपातमा खर्च गर्नुपर्नेमा चालु खर्च रु.१३,६०७– अधिक खर्च भएको नियमित गर्नुपर्दछ ।

१३. **दाखिला** - कार्यालयमा प्राप्त सामान दाखिला गर्नुपर्नेमा पशु कार्यालय, वाङ्गसिङ्गलाइ फर्निचर खरिद

गरेको रु.९०,०००।– सोधभर्ना दिएकोमा उक्त कार्यालयले ती सामान दाखिला गरेको पाईएन । यस्तै रु.५५,०००।– को बालबालिका सामान खरिद गरी सेपत सिरानचौर मा.वि.लाई उपलब्ध गराएकोमा उक्त विद्यालयले ती सामाग्री जिन्सी खातामा दाखिला गरेको पाइएन ।

१४. **कर दाखिला-** प्रशिक्षण खर्चमा आयकर ऐन अनुसार कर कट्टी गर्नुपर्नेमा श्री प्रधुन्न पनेरु माविको कार्यक्रम खर्चमा प्रशिक्षण खर्च रु.१२,०००।– मा १५ प्रतिशत कर कट्टी रु.१,८००।– असुल गरी राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

१५. **बढी भुक्तानी -** जिल्ला दररेट भन्दा रु १५०। वढी दरमा कृषि बेसी गोरेटो बाटो मर्मतको लागि १० वोरा सिमेन्ट खरिद गरेकोमा वढी रु.१,५००।– असुल गरी बेरुजु खातामा दाखिला गर्नुपर्दछ । यस्तै ज्योती आमा समूह भवन मर्मतमा सिमेन्ट प्रतिबोरा रु.८७५।– मा भुक्तानी भएकोले प्रतिबोरा रु.१२५।– अधिकले २०० बोराको रु.२५,०००।– असुल गरी बेरुजु खातामा दाखिला गर्नुपर्दछ ।

१६. **कर दाखिला -** कुची खरिद रु.३०,०००।– मा गर्दा अग्रिम कर १.५ प्रतिशतले कट्टी नगरेको रु.४५०।– असुल गरी दाखिला गर्नुपर्दछ ।

१७. प्रगति आमा समूहलाई १,३३,०००।– को भुक्तानी गर्दा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी नगरेको रु.१,९९५।– असुल गरी दाखिला गर्नुपर्दछ ।

१८. **जिन्सी दाखिला-** भगवती माविले फर्निचर खरिद गरी रु. १,५०,०००। को विल पेश गरेकोमा जिन्सी दाखिला गरी अभिलेखमा जनाईएको पाईएन । भौतिक सम्पत्तिको संरक्षण गर्न जिन्सी दाखिला गर्नुपर्दछ । यस्तै महिला समूहले सामाग्री खरिद गरी रु.५०,०००।– विल पेश गरेकोमा जिन्सी दाखिला गरी अभिलेखमा राखेको पाइएन । अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

१९. **पेश्की -** वालपोषण कार्यक्रमको लागि रु.३०,२२,६००।– वडा कार्यालयलाई पेश्की उपलव्ध गराएकोकामो हालसम्म फर्छौट भएको पाइएन । साविक गाविसमा रहेको पेश्की अभिलेख सारी मुल अभिलेख खडा गर्नुपर्ने देखिएको छ ।

२०. **अभिलेख-** साविक गाविसमा रहेका जिन्सी सामानहरु कार्यालयमा आम्दानी बाँधी मुल अभिलेख खडा गर्नुपर्नेमा तद्नुसार नगरेकोले अभिलेख राखी व्यवस्थित गर्नुपर्ने देखिएको छ

२१. **आन्तरिक लेखापरीक्षण्बाट देखिएका देहायका व्यहोराहरु नियमानुसार फछ्र्यौट गर्नुपर्दछ :**

२१.१. विभिन्न कार्यको रु.२,९३,२८७।– भुक्तानी गर्दा अग्रिम कर कट्टी नगरेकोले अग्रिम कर रु.४,३९९।– असुल गर्नुपर्दछ ।

२१.२. **उपभोक्ताको अङ्क –** कृषि कार्यालयको सहभागितामा सिचाइ कार्यक्रम अन्तर्गत लागत रु.८९,०२९।– भएको भैरवकुण्ड सिँचाइ योजनामा कृषि कार्यालयवाट रु.७०,०००।– भुक्तानी भएको र वांकी रकम उपभोक्ताले व्यहोर्नुपर्नेमा गाविसवाट भुक्तानी भएको पाइएकोले रु.१७,५००।– नियमित गर्नुपर्दछ ।

२१.३. **कर दाखिला –** अपाङ्ग कार्यक्रम, अर्याङदी सिँचाइ र कार्कीनेटा सडकलाइ भुक्तानी गर्दा कट्टी गरिएको कर रु.१,१८४।– दाखिला गर्नुपर्दछ ।

२१.४. **बिल भरपाई –** प्रगति आमा समुह भवन निर्माणको लागि रु.१,३३,०००।– भुक्तानी गर्दा रु.१,०९,९५६।– बराबरको विल पेश भएकोले रु.२३,०४४।– बिल भरपाई पेश भएको देखिएन ।

२१.५. **जिन्सी दाखिला –** पञ्चमुल गविसवाट रु.९५,३७२।– बराबरको फर्निचर खरीद गर्दा खरीद आदेश दाखिला रिपोर्ट तयार नभएकोले तयार गरी गाउपालिकामा आम्दानी जनाउनु पर्दछ ।

२१.६. **प्राविधिक मूल्याङ्कन –** दिपलाइट इनर्जी प्रा.लिलाई सोलार खरीद वापत रु.४,९९,५००।– भुक्तानी गर्दा पेश भएको मिति २०७४।१।२२ को टिप्पणीमा निजको बोल कबोल अंक रु.२,१२,५२५।– मात्र उल्लेख भएको र प्राविधिक प्रतिवेदन पनि पेश नभएकाले ल.इ तथा मुल्यांकन नगरी भुक्तानी गरेकोले ती प्रमाण पेश गर्नुपर्दछ ।

२१.७. **कर दाखिला –** विभिन्न भुक्तानी गर्दा रु.१,५४३।– कर छुट भएकोले असुल गर्नुपर्दछ ।

२१.८. **निकासा बाँकी –** साविक गाविस हालका वडाहरुमा दिइएको निकासामध्ये श्रेस्ता अनुसार रु.२१५४६३।१६ खर्च नभइ वांकी रहेको देखिएको छ उक्त रकम चालु आ.व.मा गाउपालिकाको खातामा जम्मा भएको भनाइ वडा सचिवको रहेकोले गाउपालिकामा रकम जम्मा भएको प्रमाण पेश गर्नुपर्दछ ।

## पञ्चमुल गाउँ विकास समिति

२२. **कर विजक -** प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरु कर बिजकको प्रयोग भएको पाइएन । साथै ५,०००।- भन्दा माथि भुक्तानी गर्दा १५% कर कट्टा गर्नुपर्नेमा सो गरेको देखिएन ।

२३. **दोहोरो सुविधा -** नेपाल सरकारले सबै गा.वि.स. सचिवहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराएको भए पनि थप अध्यक्ष भत्ताको नाममा रु.१२,०००।– खर्च गरेको पाईयो । दोहोरो सुविधा लिनु औचित्य नदेखिएकोले सो रकम सम्बन्धित व्यक्तिबाट असुलउपर गरी बेरुजु खातामा दाखिला गर्नुपर्दछ ।

२४. **पेश्की -** विगत बर्षदेखि जिम्मेवरी सारेको पेश्कीहरु रु.२,६१,४३९।- को हालसम्म पनि फछ्र्यौट नभएको हुँदा नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

२५. **आम्दानी छुट -** आयतर्फ कुल रु.५८,४८६।– आम्दानी भएको आय दाखिला किताबवाट देखिएको तर जम्मा रु.५५,७९३।– मात्र आम्दानी वांधी रु.२,६९३।– आम्दानी वांध्न छुट भएकोले लेखा अद्यावधिक गर्नुपर्दछ ।

२६. **लागत- स्**थानीय आर्थिक प्रशासन नियमावली अनुसार लागत अनुमान गरेर मात्र योजना सम्झौता कार्य संचालन गर्नुपर्नेमा अर्गौदी फुलवारी सडकलाई रु.३,००,०००।– भुक्तानी गर्दा लागत अनुमान तयार नगरी कार्य सम्पन्न गरेको प्रमाणको आधारमा भुक्तानी गरेको नियमित देखिएन ।

२७. **विल-** स्थानीय आर्थिक प्रशासन नियमावली अनुसार लागत अनुमान गरी योजना सम्झौता गरेर मात्र कार्य संचालन गर्नुपर्नेमा चन्द्रमा प्राविलाई रु.१,००,०००।– भुक्तानी गर्दा सम्झौताको निवेदन २०७३।१०।१७ भन्दा पहिलेको अर्थात २०७३।७।२८ को विल राखी भुक्तानी भएकोले नियमित मान्न सकिएन ।

२८. **बढी खर्च-** स्थानीय आर्थिक प्रशासन नियमावली अनुसार तथा स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि अनुसार पूंजिगत खर्च रु.१०,३२,२६३।– को अनुपातमा कन्टेन्जेन्सी रु.३०,९६७।– मात्र खर्च लेख्नुपर्नेमा रु.७३,१९८।– खर्च लेखी बढी खर्च लेखेको रु.४२,२३१।– नियमित गर्नुपर्दछ ।

## सेतिदोभान गाउँ विकास समिति

२९. **गत बर्षका बेरुजु -** तत्कालिन गाविस सचिव श्री ख्यामराज ढकालले लिएको पेश्की रु.२४,५००।– र बेरुजु रकम रु.१,९२,९४९।– हालसम्म नियमित नभएकोले यथाशिघ्र नियमित गर्नुपर्दछ ।

३०. **आलेप -** कार्यसन्चालनका लागि रु.८२,०००।- पेश्की लिइएकोमा सो रकम नियमित कार्यको लागि नियमले तोकिए भन्दा बढी पेश्की लिई जगेडा राख्नु नियम संगत देखिएन ।

३१. **कर कट्टी -** ले.प. शुल्क तथा विविध मशलन्द खर्च रु.२०,०००।– गरेको भए पनि विल भर्पाइ वेगरको मसलन्द खर्च
रु.१०,०००।– मा १५ प्रतिशतको कर कट्टी रु.१५००।– निजसँग असुल उपर गरी राजश्व खातामा जम्मा गर्नुपर्दछ ।

३२. **चन्दा-** राजनैतिक भातृ संगठनलाई रु.२,०००।– दिएको रसिद पेश हुन आएको छ । राजनैतिक भातृ संगठनलाइ आर्थिक र चन्दा दिन नपाइने हुनाले सो रकम असुल उपर गरी बेरुजु खातामा दाखिला गर्नुपर्दछ ।

३३. **कर -** प्राविधिक तथा तलव खर्च रु.९१,५००।– मा नियमानुसार १ प्रतिशतका दरले सामाजिक कर रु.९१५।– कट्टी गर्नुपर्नेमा कट्टी नगरेको हुँदा निजसँग असुल उपर गरी राजश्व खातामा जम्मा गर्नुपर्दछ ।

## बिचारी चौतारा गाउँ विकास समिति

३४. **कर विजक -** प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरुमा मूल्य अभिवृद्धि करमा दर्ता भएका विक्रेतासंग गरेको देखिएन । साथै ५,०००।- भन्दा माथि भुक्तानी गर्दा १५% कर कट्टा गर्नुपर्नेमा सो गरेको देखिएन ।

३५. **उपभोक्ताको अंश-** सामुदायिक विद्युतीकरण कार्यक्रम अन्तर्गत रु.३,६०,०००।– खर्च लेखेको पाइयो । नेपाल विद्युत प्राधिकरण र स्याङ्जाका साविकका ९ गा.वि.स.को ९०:१० साझेदारीमा योजना सञ्चालन भएको पाईयो । लागत रु.३,४०,००,०००।– मध्ये रु.३४,००,०००।- उपभोक्ताले व्यहोर्नुपर्ने देखिन्छ । पूँजीगत योजना बनाई आ-आफ्नो भागमा आएको रकम अनुदान रकमबाट व्यहोरोको पाईयो । शतप्रतिशत रकम राज्यको अनुदानबाट भुक्तानी भएकोले रु.३,६०,०००।– उपभोक्ताहरुबाट असुल गरी दाखिला गर्नुपर्ने देखिन्छ ।

३६. **भवन मर्मत -** कार्यसम्पन्न प्रतिवेदन अनुसार सामुदायिक भवन मर्मतमा रु.१,९९,८७२।– खर्च भए पनि पेश भएका प्रमाण अनुसार रु.१,७६,०५८।– को ८० प्रतिशत रु.१,४०,८४६।– मात्रै भुक्तानी हुनुपर्नेमा रु.१,६१,१८८।–

भुक्तानी भएकाले वढी रु.२०,२४१।– उपभोक्ता समितिसँग असुल गरी दाखिला गर्नुपर्दछ ।

३७. **पेश्की-** यस अवधिमा रु.५५,०००।– पेश्की वांकी देखिएकोले नियमानुसार फर्छ्यौट गर्नुपर्ने देखियो ।

३८. **दाखिला -** कट्टी गरेको रु.७,०४२।– कर दाखिला गर्न वांकी देखिएकोले दाखिला गर्नुपर्ने देखिन्छ ।

## चिलाउनेवास गाउँ विकास समिति

३९. **कर विजक -** प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धि कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरुमा मूल्य अभिवृद्धि करमा दर्ता भएका विक्रेतासंग गरेको देखिएन । साथै रु.५,०००।- भन्दा माथि भुक्तानी गर्दा १५% कर कट्टा गर्नुपर्नेमा सो गरेको देखिएन ।

४०. **उपभोक्ता समिति -** प्रचलित कानूनमा विभिन्न योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने व्यवस्था अनुसार अधिकांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराईएको छ । उपभोक्ता समितिलाई जिम्मेवारी तथा उत्तरदायित्व वहन गर्न लगाउन तथा योजनाको अपनत्व बनाउन उपभोक्ता समितिलाई संघ संस्था ऐन अनुसार दर्ता गराई निर्माण कार्य गराउदा संस्थागत जिम्मेवारी हुने देखिन्छ ।

४१. **दोहोरो सुविधा-** नेपाल सरकारले सबै गा.वि.स. सचिवहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराएता पनि अध्यक्ष भत्ताको नाममा रु.९,६५०।– थप खर्च लेखेको पाइयो । दोहोरो सुविधा लिनु औचित्य नदेखिएकोले सो रकम विष्णु प्रसाद शर्मावाट रु.५१५०।–, बालकृष्ण शर्मावाट रु.४,५००।– असुल गरी वेरुजु खातामा दाखिला गर्नुपर्दछ ।

४२. **असुल-** स्वास्थ्य चौकीमा कार्यरत अ.न.मि.श्री देवी पौडेललाई आदेश वेगर दैनिक भ्रमण भत्ता रु.१,२००।– भुक्तानी दिइएकोले तत्कालिन गाविस सचिव विष्णु प्रसाद शर्मावाट सो रकम दाखिला गर्नुपर्दछ ।

४३. **चालु खर्च-** सेवा कालिन परिक्षण खर्च रु.१२,०००।– चालु खाताबाट हुनुपर्नेमा पूँजीगत खाताबाट भुक्तानी गरिएको सो रकम नियमित गर्नुपर्दछ ।

४४. **उपभोक्ताको अंश -** सामुदायिक विद्युतीकरण कार्यक्रम अन्तर्गत रु.४,००,०००।– खर्च लेखिएको पाईयो । यो योजना नेपाल विद्युत प्राधिकरण र स्याङ्जाका साविकका ९ गा.वि.स. को ९०:१० साझेदारीमा सञ्चालन भएको पाईयो सो को अनुसार जम्मा लागत रु.३,४०,००,०००।– मध्ये रु.३४,००,०००।- उपभोक्ताले व्यहोर्नुपर्ने देखिन्छ। तर सो नभई सा.वि.क. गा.वि.स.को पूँजीगत योजना बनाई आ-आफ्नो भागमा आएको रकम गा.वि.स.अनुदान रकमबाट व्यहोरोको पाईयो । जन अनुसार ९०:१० को सहभागीता नभई सबै रकम १००% राज्यको अनुदानबाट भुक्तानी भएको ठहर गर्दै यस गा.वि.स.ले भुक्तानी गरेको रकम रु.४,००,०००।– उपभोक्ताहरुबाट असुल उपर गरी गा.वि.स.को खातामा जम्मा गर्नुपर्दछ ।

४५. **प्रमाण-** स्थानीय निकाय अर्थिक प्रशासन नियमावली ०६४ अनुसार लागत इष्टिमेट तयार गरी सम्झौता गरेर मात्र कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ तर प्रहरी चौकी भण्डार थुम्का मोटरवाटोको रु.१५००००। खर्च लेख्दा ल.ई,सम्झौता, कार्यमुल्यांकन र कार्यसम्पन्न प्रतिवेदन वेगर भुक्तानी भएकोले ती प्रमाण पेश गर्नुपर्दछ ।

४६. **कर-** स्वास्थ्य शिविर कार्यक्रममा बस भाडा वापत रु.२००००।– खर्च लेखेकोमा कर कट्टी रु.२,०००।– नभएको साथै सवारी साधनको लगबुक पेश नभएकोले ती प्रमाण पेश गर्नुपर्दछ ।

## फापरथुम गाउँ विकास समिति

४७. **कर विजक -** प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरुमा मूल्य अभिवृद्धि करमा दर्ता भएका विक्रेतासंग गरेको देखिएन । साथै ५,०००।- भन्दा माथि भुक्तानी गर्दा १५% कर कट्टा गर्नुपर्नेमा सो गरेको देखिएन ।

४८. **उपभोक्ता समिति-** प्रचलित कानूनमा विभिन्न योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने व्यवस्था अनुसार अधिकांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराईएको छ । उपभोक्ता समितिलाई जिम्मेवारी तथा उत्तरदायित्व वहन गर्न लगाउन तथा योजनाको अपनत्व बनाउन उपभोक्ता समितिलाई संघ संस्था ऐन अनुसार दर्ता गराई निर्माण कार्य गराउदा संस्थागत जिम्मेवारी हुने देखिन्छ ।

४९. **अन्यत्र खर्च-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली अनुसार एउटा निकायको रकम अर्को निकायलाई भुक्तानी दिन नमिल्नेमा प्रहरी चौकी सेतीदोभानलाई मौलो पूजा गर्न सहयोग रु.१०,०००।– खर्च लेखि भुक्तानी दिईएको नियमित देखिएन ।

५०. **जिन्सी अभिलेख -** प्रहरी चौकी सेतीदोभानले खरिद गरेको फर्निचरको बिल अनुसारको रकम सोधभर्ना भुक्तानी दिएकोमा ती सामान जिन्सी दाखिला भई हस्तान्तरण तथा जिन्सी अभिलेखमा आम्दानी बाधेको देखिएन ।

५१. **दाखिला -** कट्टी गरेको क.सं कोष तथा कर रकम दाखिला गर्न वांकी रु १५७८७। दाखिला गर्नुपर्दछ ।

५२. **पेश्की -** यस अवधिमा रु.१,९२,०००।– र विगत आ.व.देखिको फर्छौट गर्न वांकी पेश्की रु.१२,५००।– देखिएकोले नियमानुसार फर्छौट गर्नुपर्दछ ।

### बाङ्गसिङ्ग गाउँ विकास समिति

५३. **कर विजक -** प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरुमा मूल्य अभिवृद्धि करमा दर्ता भएका विकेतासंग गरेको देखिएन । साथै ५,०००।- भन्दा माथि भुक्तानी गर्दा १५% कर कट्टा गर्नुपर्नेमा सो गरेको देखिएन ।

५४. **उपभोक्ताको अंश -** सामुदायिक विद्युतीकरण कार्यक्रम अन्तर्गत रु.३,५०,०००।– खर्च लेखिएको पाइयो । यो योजना नेपाल विद्युत प्राधिकरण र स्याङ्जाका साविकका ९ गा.वि.स.को ९०:१० साझेदारीमा सञ्चालन भएको पाइयो सोको अनुसार जम्मा लागत रु.३,४०,००,०००।– मध्ये रु.३४,००,०००।- उपभोक्ताले व्यहोर्नुपर्ने देखिन्छ । तर सो नभई सा.वि.क. गा.वि.स.को पूँजीगत योजना बनाई आ-आफ्नो भागमा आएको रकम गा.वि.स.अनुदान रकमबाट व्यहोरोको पाईयो । जन अनुसार ९०:१० को सहभागीता नभई सबै रकम १००% राज्यको अनुदानबाट भुक्तानी भएको ठहर गर्दै यस गा.वि.स.ले भुक्तानी गरेको रकम रु.३,५०,०००।– उपभोक्ताहरुबाट असुल उपर गरी गा.वि.स.को खातामा जम्मा गर्नुपर्दछ ।

५५. **दोहोरो सुविधा -** स्थानीय निकाय आर्थिक प्रशासन नियामावली अनुसार स्थानीय निकायले स्थानीय निकायमा कार्यरत कर्मचारीलाई आन्तरिक आयको प्रशासनिक खर्चको सीमा भित्र रही सेवा सुविधा दिनसक्ने व्यवस्था छ । साथै करारका कर्मचारीलाई करार सम्झौतामा उल्लेख भए अनुसार मात्र सुविधा दिनु पर्ने व्यवस्था छ । सामाजिक परिचालक श्री पवित्रा पौडेललाइ निजको तलव वाहेक प्रोत्साहन भत्ता उपलव्ध गराइएको छ । दशै खर्च समेत उपलव्ध गराएकोले दोहोरो सुविधा असुल गर्नुपर्दछ । यसैगरी सञ्चार तथा विविध खर्च गर्दा गाऊ परिषदको निर्णय अनुसार सचिवले सुविधा लिंदा सो अनुसार मात्र लिनु पर्ने देखिन्छ ।

५६. **दाखिला -** नियमानुसार कट्टी भएको कर दाखिला गर्नुपर्नेमा दाखिला नगरी खर्च भएकोले दाखिला गर्न वांकी देखिएको रु.१,०६५।– दाखिला गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.६३ लाख २१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.६३ लाख २१ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.१२ लाख ९ हजार, नियमित गर्नुपर्ने रु.१५ लाख ८१ हजार र पेश्की रु.३५ लाख रहेको छ ।

# कालिगण्डकी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.४३ लाख ५३ हजार र यो वर्षको आय रु.३ करोड ३५ लाख ५२ हजार समेत रु.३ करोड ७९ लाख ५ हजार आम्दानी भएकोमा रु.२ करोड ७३ लाख ७० हजार खर्च भई रु.१ करोड ५ लाख ३५ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन् ।

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ अनुसार प्रत्येक कार्यालयले सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वितीय प्रतिवेदन प्रणाली लाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नु पर्ने व्यवस्था छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(२) अनुसार उपभोक्ता समितिको बर्गीकरण र सूचीकृत नगरेको, सार्वजनीक परीक्षण नभएको अवस्था रहेको छ । यसमा सुधार हुनुपर्दछ ।

२. **उपभोक्ता समिति :** प्रचलित कानूनमा विभिन्न योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने व्यवस्था अनुसार अधिकमांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराईएको छ । उपभोक्ता समितिलाई जिम्मेवारी तथा उत्तरदायित्व वहन गर्न लगाउन तथा योजनाको अपनत्व बनाउन उपभोक्ता समितिलाई संघ संस्था ऐन अनुसार दर्ता गराई निर्माण कार्यमा जिम्मेवार बनाइनुपर्दछ ।

३. **कर बिजक :** विलको प्रयोग नभएको : प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरु मू.अ.कर बिलको प्रयोग भएको देखिएन । यसमा सुधार हुनुपर्दछ ।

४. **स्वीकृति लिनुपर्ने :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीमा उल्लेख भए अनुसार स्थानीय तहमा श्रममूलक प्रविधि प्रयोग गर्नुपर्ने व्यवस्था भएकोमा सो नियमलाई उलंघन गरी मेशिन प्रयोग गरी काम गराईएको पाईयो । स्थानीय निर्माण कार्यमा डोजर प्रयोग गर्नका लागि परिषद्बाट स्वीकृत लिएको देखिएन ।

५. **सोझै खरिद :** स्थानीय तहहरुको बार्षिक खरिद योजना प्रभावकारी नहुनाले विभिन्न मितिमा कम्प्यूटर तथा इलोक्ट्रोनिक सामानको खरिद रु. १२,१६,४५६।- बोलपत्र आब्हान नगरी सोझै खरिद गरिएको देखियो ।

**कारीकोट चण्डीभञ्ज्याङ्ग गाउँ विकास समिति**

६. **कर बिजक** : प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरु मू.अ.कर बिलको प्रयोग नभएको पाईयो। साथै ५,०००।- भन्दा माथि भुक्तानी गर्दा १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा सो गरेको देखिएन । यसमा सुधार हुनुपर्दछ ।

**आलमदेवी गाउँ विकास समिति**

७. **उपभोक्ता समिति :** प्रचलित कानूनमा विभिन्न योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने व्यवस्था अनुसार अधिकमांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराईएको छ । उपभोक्ता समितिलाई जिम्मेवारी तथा उत्तरदायित्व वहन गर्न लगाउन तथा योजनाको अपनत्व बनाउन उपभोक्ता समितिलाई संघ संस्था ऐन अनुसार दर्ता गराई निर्माण कार्यमा जिम्मेवारी बनाइनुपर्दछ ।

**विर्घा अर्चले गाउँ विकास समिति**

८. **कर बिजक :** प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरुमू.अ.कर बिलको प्रयोग नभएको पाईयो। साथै ५,०००।- भन्दा माथि भुक्तानी गर्दा १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा सो गरेको देखिएन ।

९. **उपभोक्ता समिति :** प्रचलित कानूनमा विभिन्न योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने व्यवस्था अनुसार अधिकमांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराईएको छ। उपभोक्ता

समितिलाई जिम्मेवारी तथा उत्तरदायित्व वहन गर्न लगाउन तथा योजनाको अपनत्व बनाउन उपभोक्ता समितिलाई संघ संस्था ऐन अनुसार दर्ता गराई निर्माण कार्यमा जिम्मेवार बनाइनुपर्दछ ।

१०. **पेश्की :** गत आ.व.को पेश्की रु २७३०००।० बाकी देखिएकोले नियमानसार फछ्र्यौट गर्नुपर्दछ ।

**श्रीकृष्णगण्डकी गाउँ विकास समिति**

११. **कर बिजक :** प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरु मू.अ.कर बिलको प्रयोग नभएको पाईयो। साथै ५,०००।- भन्दा माथि भुक्तानी गर्दा १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा सो गरेको देखिएन ।

१२. प्रचलित कानूनमा विभिन्न योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने व्यवस्था अनुसार अधिकमांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराईएको छ । उपभोक्ता समितिलाई जिम्मेवारी तथा उत्तरदायित्व वहन गर्न लगाउन तथा योजनाको अपनत्व बनाउन उपभोक्ता समितिलाई संघ संस्था ऐन अनुसार दर्ता गराई निर्माण कार्यमा जिम्मेवार बनाइनुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट लगति बेरुजू देखिएन ।

# फेदीखोला गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.१ लाख ५५ हजार र यो वर्षको आय रु.३ करोड ११ लाख ८४ हजार समेत रु.३ करोड १३ लाख ३९ हजार आम्दानी भएकोमा रु.२ करोड ३५ लाख ५१ हजार खर्च भई रु.७७ लाख ८८ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन् ।

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ अनुसार प्रत्येक कार्यालयले सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वितीय प्रतिवेदन प्रणाली लाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नु पर्ने व्यवस्था छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(२) अनुसार उपभोक्ता समितिको बर्गीकरण र सूचीकृत नगरेको, सार्वजनीक परीक्षण नभएको अवस्था रहेको छ । यसमा सुधार हुनुपर्दछ ।

२. **उपभोक्ता समिति :** प्रचलित कानूनमा विभिन्न योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने व्यवस्था अनुसार अधिकमांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराईएको छ । उपभोक्ता समितिलाई जिम्मेवारी तथा उत्तरदायित्व वहन गर्न लगाउन तथा योजनाको अपनत्व बनाउन उपभोक्ता समितिलाई संघ संस्था ऐन अनुसार दर्ता गराई निर्माण कार्यमा जिम्मेवार बनाइनुपर्दछ ।

३. **कर बिजक** : प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरु मू.अ.कर बिलको प्रयोग नभएको पाईयो । यसमा सुधार हुनुपर्दछ ।

४. **स्वीकृति लिनुपर्ने :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीमा उल्लेख भए अनुसार स्थानीय तहमा श्रममूलक प्रविधि प्रयोग गर्नुपर्ने व्यवस्था भएकोमा सो नियमलाई उलंघन गरी मेशिन प्रयोग गरी काम गराईएको पाईयो । स्थानीय निर्माण कार्यमा डोजर प्रयोग गर्नका लागि परिषद्बाट स्वीकृत लिएको देखिएन ।

५. **दोहोरो सुविधा :** नेपाल सरकारले सबै गा.वि.स. सचिवहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराएता पनि यस गा.वि.स.मा अध्यक्ष प्रोत्साहन भत्ताको नाममा रु. १२,०००।०० खर्च गरिएको पाईयो । दोहोरो सुविधा लिनु औचित्य नदेखिएकोले उक्त रकम दाखिला गर्नुपर्दछ ।

६. **कर दाखिला :** एम्बुलेन्स मर्मत खर्च रु. ५०,०००। मा अग्रीम कर कट्टी न गरिएको हुनाले रु. ७,५००। असुल गरी दाखिला गर्नुपर्दछ ।

७. **सोझै खरिद :** यस गाउँपालिकाको बार्षिक खरिद योजना प्रभावकारी नहुनाले विभिन्न मितिमा फर्निचर सामाग्री खरिद रु. २६,१०,४००।- बोलपत्र आब्हान गरी खरिद गरिनुपर्नेमा टुक्रा टुक्रा गरी सोझै खरिद गरिएको देखियो । यसमा सुधार हुनुपर्दछ ।

८. स्थानीय निकाय तथा निजामती तहका कर्मचारीहरुको तलव भुक्तानी गरिएकोमा स्थानीय निकायको आलेप शाखाबाट तथा निजामती कर्मचारीहरुको कोलेनिकाबाट तलवी प्रतिवेदन पारित गर्नुपर्दछ ।

९. सामुदायिक विद्युतीकरण कार्यक्रम अन्तर्गत रु. ७,८०,०००। खर्च लेखिएको पाईयो । यो योजना नेपाल विद्युत प्राधिकरण र स्याङ्जाका साविकका ९ गा.वि.स. को ९०:१० साझेदारीमा सञ्चालन भएको पाईयो सो को अनुसार जम्मा लागत रु. ३,४०,००,०००। मध्ये रकम रु. ३४,००,०००।- उपभोक्ताले व्यहोर्नुपर्ने देखिन्छ । तर सो नभई सा.वि.क. गा.वि.स.को पूँजीगत योजना बनाई आ-आफ्नो भागमा आएको रकम गा.वि.स.अनुदान रकमबाट व्यहोरोको पाईयो । रकम रु. ७,८०,०००। उपभोक्ताहरुबाट असुल गरी दाखिला गर्नुपर्ने देखिन्छ ।

१०. **कर दाखिला :** सिद्धार्थ मा.वि. कम्पाउण्ड खर्चमा रकम रु. ५९९२।- बराबरको अग्रीम कर कट्टी कम गरिएकोले उक्त रकम दाखिला गर्नुपर्दछ ।

१०.१. मोटर साईकल खरिद गरी रु. १,८३,१११। भुक्तानी दिएकोमा १.५ प्रतिशत अग्रीम कर रकम रु. २,४६८। कट्टी नगरेको हुनाले कट्टी गरी दाखिला गर्नुपर्दछ ।

१०.२. प्राविधिक खर्च रु. ४५,०००।- मा सा.सु.कर रकम रु. ४५०।– कट्टी नगरेको कट्टी गरी दाखिला गर्नुपर्दछ ।

१०.३. विविध खर्च रु. १,३०,०००। मा कर कट्टी रु. १,९५०। नगरिएको हुनाले निजसँग असुल गरी दाखिला गर्नुपर्दछ ।

११. शिशु कक्षा सञ्चालन तथा व्यवस्थापन खर्च भनी ९ वटा विद्यालयहरुलाई रु. १,८०,०००। बराबरको सामाग्री खरिद गरी भुक्तानी गरिएकोमा विद्यालयको जिन्सी खातामा आम्दानी बाँधी अभिलेखमा जनाईएको पाईएन । नियानुसार आम्दानी बांध्नुपर्दछ ।

१२. **कर कट्टी** : दलित सचेतना कार्यक्रम सञ्चालन गरी रु.४,३५०। प्रशिक्षक भत्ता लिएकोमा पारिश्रमिक कर कट्टा नगरेकोले असुल गर्नुपर्दछ ।

१२.१. महिला शसक्तिकरण कार्यक्रममा प्रशिक्षण गरी प्रशिक्षक भत्ता वितरण गरिएकोमा पारिश्रमिक कर कट्टा नगरेको रु.१,३५०। असुल गर्नुपर्दछ ।

१३. विभिन्न संयुक्त सहभागी योजनाको लागि आफ्नो रकमको विल पेश गरिएको सो विलको यथार्थता खुल्न सकेन । योजनाहरुको लागि २० प्रतिशत सहभागिताको अलग विल पेश गरिएकोमा पुरा योजनाको पारदर्शिता र दोहोरो खर्च पेश हुन सक्ने संभावना देखिन्छ । यसमा सुधार हुनुपर्दछ ।

१४. **कर दाखिला :** बालबालिका खेलकूद कार्यक्रम खर्च रु. ९०,०००। मा अग्रीम कर कट्टी नगरिएको हुँदा रु. १३५०। असुल गरी दाखिला गर्नुपर्दछ ।

१५. विभिन्न मितिमा ६५ बोरा पिपिसी र ओपिसी सिमेन्ट जिल्ला दररेट भन्दा बढी रु.८,५५०। खरिद गरिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

**आरुखर्क गा.वि.स.**

१६. **कर बिजक :** प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरु मू.अ.कर बिलको प्रयोग भएको छैन । यसमा सुधार हुनुपर्दछ ।

१७. **अन्य निकायको खर्च :** प्रहरी चौकीलाई आर्थिक सहयोग रु. ६,०००। खर्च लेखिएको पाईयो । स्थानीयनिकायआर्थिक प्रशासननियमावलीअनुसार एउटा निकायको रकमअर्को निकायलाई सहयोग दिनु खर्च गर्न नमिल्ने सो खर्चलाई नियमितमान्न सकिएन ।

१८. **उपभोक्ताको अंश :** सामुदायिक विद्युतीकरण कार्यक्रम अन्तर्गत रु. ८,००,०००। खर्च लेखिएको पाईयो । यो योजना नेपाल विद्युत प्राधिकरण र स्याङ्जाका साविकका ९ गा.वि.स. को ९०:१० साझेदारीमा सञ्चालन भएको पाईयो सो अनुसार जम्मा लागत रु. ३,४०,००,०००। मध्ये रकम रु. ३४,००,०००।- उपभोक्ताले व्यहोर्नुपर्ने देखिन्छ । तर सो नभई सा.वि.क. गा.वि.स.को पूँजीगत योजनाबनाई आ-आफ्नो भागमाआएको रकमगा.वि.स.अनुदान रकमबाट व्यहोरोको पाईयो । गा.वि.स.ले भुक्तानी गरेको रु.८,००,०००। उपभोक्ताहरुबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

**बागेफडके गा.वि.स**

१९. **मेशिनको प्रयोग :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीमा उल्लेख भएअनुसार स्थानीय तहमा श्रममूलक प्रविधि प्रयोग गर्नुपर्ने व्यवस्था भएकोमा सो नियमलाई उलंघन गरी मेशिनप्रयोग गरी काम गराईएको पाईयो । स्थानीयनिर्माण कार्यमा डोजर प्रयोग गर्नका लागि परिषद्‌बाट स्वीकृत लिएको देखिएन ।

२०. सामुदायिक विद्युतीकरण कार्यक्रम अन्तर्गत रु.२,००,०००। खर्च लेखिएको पाईयो । यो योजना नेपालविद्युतप्राधिकरण र स्याङ्जाका साविकका ९ गा.वि.स. को ९०:१० साझेदारीमा सञ्चालनभएको पाईयो सो को अनुसार जम्मालागत रु. ३,४०,००,०००। मध्ये रकम रु. ३४,००,०००।- उपभोक्ताले व्यहोर्नुपर्ने देखिन्छ । गा.वि.स.ले भुक्तानी गरेको रु.२,००,०००। उपभोक्ताहरुबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

२१. **कर कट्टी :** गाडी भाडा खर्च रु. ३५००। माअग्रीम कर कट्टी १०% का दरले रकम रु. ३५०।- निजसँगअसुलउपर गरी दाखिलागर्नुपर्ने ।

२२. **फरक शीर्षक :** सेवाकालिन परिक्षण खर्च रकम रु. १२,०००। चालु खाताबाट हुनुपर्नेमा पूँजीगत खाताबाट भुक्तानी गरिएको सो रकम नियमित गर्नुपर्दछ ।

२३. **ज्यामी खर्च :** रेलिङ्ग कम्पाउण्डीङ्ग खर्च रु. १,००,०००। मध्ये रु.३५,०९१। मात्रफलामको खर्च विल पेश

भएको हुँदा र बाँकी ज्यामी खर्च पेश गरिएकोले सो ज्यामीखर्च योजनाको प्रकृतिअनुसार वास्तविक देखिएन । कूल लागतको २५ प्रतिशत ज्यामीखर्च मानी रु. ३५,०९१ लाई ७५ प्रतिशत मानी अधिक ज्यामी खर्च देखिने रु. ५३,२१२। असुल गरी दाखिला गरिनुपर्दछ ।

२४. **सार्वजनिक सुनुवाई :** सार्वजनिक सुनुवाई खर्च रु. २४,०००। चालु खर्च खाताबाट हुनुपर्नेमा पूँजीगत खर्च खाताबाट भएको देखिएकोमा सोमा नियन्त्रण गरिनुपर्दछ ।

२५. **दोहोरो सुविध :** नेपाल सरकारले सबै गा.वि.स. सचिवहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराएतापनि यस गा.वि.स.मा अध्यक्ष प्रोत्साहन भत्ताको नाममा रु. ७,५००।०० खर्च गरिएको पाईयो । दोहोरो सुविधा लिनु औचित्य नदेखिएकोमा सो रकम सम्बन्धित व्यक्तिबाट असुल उपर गरी अविलम्व दाखिला गर्नुपर्दछ ।

२६. **पेश्की :** नगरपालिका हुन भन्दा पहिले गा.वि.स. मार्फत् विभिन्न व्यक्तिलाई दिईएको पेश्की रकम रु.३,१८,०००। फछ्र्यौट गर्नुपर्दछ ।

**भाटखोलागा.वि.स.**

२७. **कर बिजक :** प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरु मू.अ.कर बिलको प्रयोग भएको देखिएन ।

२८. **दोहोरो सुविधा :** नेपाल सरकारले सबै गा.वि.स. सचिवहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराएतापनि यस गा.वि.स.मा अध्यक्ष प्रोत्साहन भत्ताको नाममा रु. ४,५००।०० खर्च गरिएको पाईयो । दोहोरो सुविधा लिनु औचित्य नदेखिएकोले असुल  गरी दाखिला गर्नुपर्दछ ।

२९. **उपभोक्ताको अंश :** सामुदायिक विद्युतीकरण कार्यक्रमअन्तर्गत रु. २,३५,०००। खर्च लेखिएको पाईयो । यो योजना नेपाल विद्युत प्राधिकरण र स्याङ्जाका ९ गा.वि.स. को ९०:१० साझेदारीमा सञ्चालन भएको पाईयो  सोको अनुसार जम्मा लागत रु. ३,४०,००,०००। मध्ये रकम रु. ३४,००,०००।- उपभोक्ताले व्यहोर्नुपर्ने देखिन्छ । गाविसले ९०:१० को सहभागीता नभई सबै रकम अनुदानबाट भुक्तानी भएकोले गा.वि.स.ले भुक्तानी गरेको रु. २,३५,०००। उपभोक्ताहरुबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

**फेदीखोला गा.वि.स.**

३०. **मेशिनको प्रयोग :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीमा उल्लेख भएअनुसार स्थानीय तहमा श्रममूलक प्रविधि प्रयोग गर्नुपर्ने व्यवस्था भएकोमा सो नियमलाई उलंघन गरी मेशिन प्रयोग गरी काम गराईएको पाईयो । स्थानीय निर्माण कार्यमा डोजर प्रयोग गर्नका लागि परिषद्‌बाट स्वीकृत लिएको देखिएन ।

३१. **दोहोरो सुविधा :** नेपाल सरकारले सबै गा.वि.स.सचिवहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराएतापनि यस गा.वि.स.मा अध्यक्ष प्रोत्साहन भत्ताको नाममा रु.१२,०००।– खर्च गरिएको पाईयो । दोहोरो सुविधा लिनु औचित्य नदेखिएकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

३२. **कर कट्टी :** एम्बुलेन्स मर्मत खर्च रु. ५०,०००। माअग्रीम कर कट्‌टी न गरिएको हुनाले रु.७,५००। असुल गरी दाखिला गर्नुपर्दछ ।

## बेरुजु स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.२६ लाख ६८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.२६ लाख ६८ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.२१ लाख ४४ हजार, नियमित गर्नुपर्ने रु.१ लाख ९८ हजार र पेश्कि रु.३ लाख १८ हजार रहेको छ ।

# बिरुवा गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.८ लाख ४ हजार र यो वर्षको आय रु.५ करोड ७४ लाख ४८ हजार समेत रु.५ करोड ८२ लाख ५२ हजार आम्दानी भएकोमा रु.३ करोड ९६ लाख ९३ हजार खर्च भई रु.१ करोड ८५ लाख ५८ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन् ।

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार प्रत्येक कार्यालयले सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वितीय प्रतिवेदन प्रणाली लाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्ने व्यवस्था छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(२) अनुसार उपभोक्ता समितिको बर्गीकरण र सूचीकृत सार्वजनिक परीक्षण गर्ने व्यवस्था छ । नियमावलीमा भएको व्यवस्था पालना गर्नुपर्दछ ।

२. **उपभोक्ता समिति :** प्रचलित कानूनमा विभिन्न योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने व्यवस्था अनुसार अधिकमांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराईएको छ । उपभोक्ता समितिलाई जिम्मेवारी तथा उत्तरदायित्व वहन गर्न लगाउन तथा योजनाको निर्माण कार्यको जिम्मेवारी दिनुपर्दछ ।

३. **कर बीजक :** विलको प्रयोग नभएको : प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरु मूल्य अभिवृद्धि कर बिलको प्रयोग भएको देखिएन ।

४. **स्वीकृति लिनुपर्ने :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीमा उल्लेख भए अनुसार स्थानीय तहमा श्रममूलक प्रविधि प्रयोग गर्नुपर्ने व्यवस्था भएकोमा सो नियमलाई उलंघन गरी मेशिन प्रयोग गरी काम गराइएको पाइयो । स्थानीय निर्माण कार्यमा डोजर प्रयोग गर्नका लागि परिषद्बाट स्वीकृत लिएको देखिएन ।

५. **टुक्रे खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा ५ लाखदेखि २० लाखसम्मको खरिद सिलवन्दी दरभाउपत्रवाट गर्नुपर्नेमा यस गाउँपालिकाले रु.५,९२,२००।– को कम्प्यूटर र रु.१३,९३,२००।– को फर्निचर सिलवन्दी दरभाउपत्रवाट खरिद नगरी टुक्रा टुक्रा गरी सोझै खरिद गरिएको देखियो । नियममा भएको व्यवस्था पालना गनुपर्दछ ।

६. **मेसिनको प्रयोग :** यादीपादी मनकामना जोड्ने सडक योजना मेशिनबाट काम गरिनने अनुमान गरिए पनि विल भर्पाई अनुसार ज्यामी खर्च भुक्तानी गरेका देखियो । साथै कार्य सम्पन्न प्रतिवेदन अनुसार मेशिनको काम भएको मुल्याङ्कन गरिएकोमा नियमित देखिएन ।

कार्य सम्पन्न प्रतिवेदन अनुसार मेसिन र श्रमको अनुपात १२:८८ भएको विल अनुसार शतप्रतिशत ज्यामी रु.१,५०,०००।– भुक्तानी भएकोले नियमित देखिएन ।

७. **बढी मूल्याङ्कन :** टोड्के स्याल डाँडा सडक योजनामा खर्च रु.२,०९,२७२।– मध्ये रु.१,८३,६५७।– को श्रमिकको दरमा मुल्याङ्कन भएको विल भर्पाई अनुसार रु.५७,४२४।– ज्यामी खर्च भएकोले सो योजनाको खर्चभन्दा बढी मुल्याङ्कन भइकको देखिन्छ । डोजरको विल दर र परिमाण नखुलाई एकमुष्ट रु.१,५१,०००।– माग गरेकोमा नियमावलिको नियम अनुसार उपभात्ता समितिबाट कुनै काममा ठेक्काबाट गर्न मिल्ने देखिँदैन ।

८. **साझेदारी :** सामुदायिक विद्युतीकरण कार्यक्रम अन्तर्गत रु.३,००,०००।– खर्च लेखिएको पाईयो । यो योजना नेपाल विद्युत प्राधिकरण र स्याङ्जाका साविकका ९ गा.वि.स. को ९०:१० साझेदारीमा सञ्चालन भएको पाईयो सोको अनुसार जम्मा लागत रु.३,४०,००,०००।– मध्ये रकम रु.३४,००,०००।- उपभोक्ताले व्यहोर्नुपर्ने देखिन्छ । यस गा.वि.स.ले भुक्तानी गरेको रकम रु.३,००,०००।– उपभोक्ताहरुबाट असुल उपर गरी दाखिला गर्नुपर्ने देखिन्छ ।

९. **नाली निर्माण :** काभ्रेघाट कुसुन्डाडा देउराली हरिनासमा रु.३,००,०००।– मा नाली खन्नको लागि सडक मर्मत योजना भएकोमा पेश बएका प्रमाण अनुसार नाली बनेको प्रमाण पेश हुन आएन ।

१०. **उपभोक्ता समिति –** थानपति कृषक समुहको गहुँ चुट्ने मेशिन १ थान खरीद गरे बापत रु ५२५००। भुक्तानी भएको छ । उक्त योजना ५० प्रतिशत कृषि विकास कार्यालयले र ५० प्रतिशत जनसहभागिताबाट गर्नुपर्नेमा जनसहभागिताको रकम सरकारी कोषबाट भुक्तानी भएकोले दोहोरो रकम रु.५२,५००।– असुल गरी दाखिला गर्नुपर्दछ ।

११. **कर कट्टी :** आयकर ऐन, २०५८ को दफा ८९ अनुसार कर कट्टी गर्नुपर्ने व्यवस्था रहेकोमा कट्टी गरिएको कर रु.२,०६५।– दाखिला गर्नुपर्दछ ।

१२. **पेश्की :** पेश्की साविक गाविस मार्फत दिईएको पेश्की स्वीकृत समयमै नियमानुसार फर्छौट गरी नियन्त्रण गर्नुपर्ने देखिन्छ । विभिन्न संस्था र व्यक्तिलाई दिएको पेश्की रु.५,२७,५००।– फछ्र्यौट गर्नुपर्ने देखिन्छ ।

**राङ्गभाङ्ग गाउँ विकास समिति**

१३. **कर असुली-** गाविस सचिव श्री कमल ढकालले लिएको प्रोत्साहन भत्ता रु.१२,०००।- नियम अनुरुप नभएकोले असुल गर्नुपर्दछ ।

१४. **सुविधा**-गाबिस सचिबले परिषद संचालनको लागि वापत १ महिनाको तलब रु.२२,१७०।-लिएको पाईयो । परिषद अनुमति र पर्याप्त आन्तरिक श्रोत हुनुपर्नेमा दुवै कुरा नदेखिइकोले सो रकम असुल गर्नुपर्दछ ।

१५. **भत्ता वितरण -** कृषि सेवा केन्द्रको करमचारी श्री महेन्द्र मान श्रेष्ठ लाई भत्ता रु.१०,०००।-भुक्तानी दिईएकोमा सो को प्रयोजन नखुलेकोले सो रकम असुल गर्नुपर्दछ।

१६. **कर असुली-** कर्मचारी क्षमता विकास तालिमको लागि दिईइको भुक्तानी रु ३५००० मा १५प्रतिशत रु.५२५०।- कर कट्टी नगरीइकोले सो रकम असुल गर्नु पर्दछ ।

१७. **पेश्की-** यो वर्षको रु.४,००,०००।- र गत विगतको रु.५०,४००।- वांकी देखिएकोले नियमानुसार पेश्की फछ्र्यौट गर्नु पर्दछ ।

**विरुवा अर्चले गाउँ विकास समिति**

१८. **कर विजक -** प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरु मु.अ.कर बिलको प्रयोग भएको पाइएन ।

१९. **प्रोत्साहन भत्ता-** गाविस सचिव श्री हरिपौडेलले लिएको प्रोत्साहन भत्ता रु.१२,०००।- नियम अनुरुप नभइकोले सो रकम असुल गर्नुपर्दछ ।

२०. **कर दाखिला-** कर दाखिला गर्न वाकी रकम रु.२,०४२।०० दाखिला गर्नुपर्दछ ।

२१. **पेश्की-** पूँजिगततर्फ रु.७८,५००। पेश्कि वांकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

**ओरष्टे गा.वि.स.**

२२. **जिन्सी दाखिला-** स्वास्थ्य तथा पशु विकास कार्यक्रम अन्तर्गत रु.८६०००। खर्च गरी सामान खरिद गरिएकोमा कार्यालयमा जिन्सि दाखिला गरी सम्वन्धित कार्यालयलाई हस्तान्तरण गर्नुपर्ने र प्राप्त गर्ने कार्यालयले जिन्सि खातामा आम्दानी बाधेको प्रमाण पेस गर्नुपर्ने पेस गरेको छैन ।

**चिन्नेवास गा.वि.स.**

२३. **नगद वांकी-** गत बर्षको ले प प्रतिवेदन अनुसार नगद बाँकी रु ३०४५।-मध्ये यस बर्षमा रु.३२० दाखिला गरिएकोमा बाकी रु.२,७२५।-दाखिला गरिनुपर्दछ।

२४. **कर दाखिला-** ज्याग्दी तरङ्ग पत्रिकालाई सुचना प्रकाशन गरेबापत भुक्तानीमा कर कट्टी नभएकोले रु १०,०००।- मा १५ प्रतिशत ले रु १,५००। असुल गरी दाखिला गर्नुपर्दछ ।

२५. **बढी भुक्तानीः** भुवन हरिनास मोटरबाटो निर्माणको लागी डोजरको बिलमा रु.५०००। जिल्ला दररेट भन्दा धेरै भएकोले १५ लिटर प्रति घण्टा ले हुन आउने प्रतिघण्टा रू.३९४०। भन्दा अधिक भएकोले ९ घण्टाको रु ९५४०। निजसग असुल गरी दाखिला गर्नु पर्ने देखिन्छ ।

२६. **बढी भुक्तानीः** साल्यानी भन्के आग्रीडाडा ग्रामिण सडक मर्मत खर्चमा डोजरको विल जिल्ला दररेट भन्दा प्रति घन्टा रु.५६०। बढी देखिएकोले २१ घण्टाको रु.११७६०। निजसँग असुल गरी दाखिला गर्नुपर्ने ।

२७. **बढी खर्चः** ग्रा स मर्मत मा पेश हुन आएको डोजर बिबरण अनुसार ४२ घण्टा चलेको डोजरले ११००।

लिटर डिजेल खपत गरेको पाईयो । अरुको तुलनामा प्रतिघण्टा ११।१९ लिटर प्रतिघण्टा बढी खपत भएको देखिएकोमा सो असमान्य खपतको लागी खर्च भएको रु.३५,७१८। निज सँग असुल गरी दाखिला गर्नुपर्ने ।

२८. **कर दाखिला:** कर कट्टी रकम रु २८९२। दाखिला गर्नुपर्ने देखिन्छ ।

२९. **पेश्की:** गत बर्षको पेश्की सहित यस बर्ष काभ्रेघाट कालिकोट ग्रा स र कालिछाया कृषि सहकारी भवन को लागी दिएको पेश्की क्रमश रु १०००००। र ८००००। समेत रु.१,८०,०००।० फर्छौट हुनपर्ने । विगत आ.व. देखिको फर्छौट गर्न वांकी पेश्की रकम रु.२१७१६९३। मा यस अवधिमा रु.२५०००। फर्छौट भइ रु.२१४६६९३। कुल रु.२३२६६९३। फछ्र्यौट गर्नुपर्ने देखिन्छ ।

**किचनासगाउँ विकास समिति**

३०. **मेशिनको प्रयोग:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीमा उल्लेख भए अनुसार स्थानीय तहमा श्रममूलक प्रविधि प्रयोग गर्नुपर्ने व्यवस्था भएकोमा सो नियमलाई उलंघन गरी मेशिन प्रयोग गरी काम गराईएको पाईयो । स्थानीय निर्माण कार्यमा डोजर प्रयोग गर्नका लागि परिषद्बाट स्वीकृत लिएको पाईएन ।

३१. **कर दाखिला:** कर कट्टी रकम रु २०६५। अविलम्ब दाखिला गर्नुपर्ने देखिन्छ ।

३२. **पेश्की:** साविक गाविस मार्फत दिईएको पेश्की विवरण गाउपालिकामा पत्राचार गरी सुचना गरीनुपर्नेमा सो नभएको र पेश्कि बाँकि रु.५,०९,५००।० नियमानुसार फर्छौट गरी गर्नुपर्ने देखिन्छ ।

३३. **दोहोरो भत्ता:** नेपाल सरकारले गाविस सचिवलाइ थप कार्यभार गरेवापत प्रोत्साहन भत्ताको व्यवस्था गरेको र उक्त व्यवस्था गर्दा अन्य कुनै पनि भत्ता लिन नपाइने समेत निर्णय भएकोमा गाविस सचिवले साविकको प्रोत्साहन भत्ता १५००। गाविस वाट प्रति महिना बुझिलिएको साथै जिल्ला समन्वय समितिवाट प्रोत्साहन भत्ता समेत बुझिसकेकोले दोहोरो पर्ने रकम रु.१२०००। असुल गर्नुपर्ने देखिन्छ ।

३४. **बैंक दाखिला:** कार्यालयले मिति २०७३।१२।१६ मा रु.२००४५।४० वैंक दाखिला गरेको भनी श्रेष्ता तयार गरी पेश भएको तर पेश भएको वैंक स्टेटमेन्टमा उक्त रकम जम्मा भएको नदेखिएकाले वैंक भिडान गरी श्रेष्ता दुरुस्त राख्नु पर्ने देखिएको छ ।

३५. **कर दाखिला:** विभिन्न शिर्षकमा कट्टी गरिएको रु २०६५।० दाखिला नभइ वांकी रहेको देखिएकोले वैंक दाखिला गर्नुपर्ने देखिन्छ ।

**मनकामनागाउँ विकास समिति**

३६. **कर कट्टी:** कम्प्युटर खरीद गरी ६६०००। भुक्तानी गर्दा नियमानुसारको अग्रीमकर कट्टी नभएकोले रु ९९०।० असुल गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.४८ लाख १९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.४८ लाख १९ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.१ लाख ९९ हजार, नियमित गर्नुपर्ने रु.७ लाख ७९ हजार र पेश्की रु.३८ लाख ४१ हजार रहेको छ ।

## हरिनास गाउँपालिका

### लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.३२ लाख ९६ हजार र यो वर्षको आय रु.२ करोड ५९ लाख ६८ हजार समेत रु.२ करोड ९२ लाख ६४ हजार आम्दानी भएकोमा रु.२ करोड ७ लाख ६६ हजार खर्च भई रु.८४ लाख ९८ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन् ।

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ अनुसार प्रत्येक कार्यालयले सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वितीय प्रतिवेदन प्रणाली लाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नु पर्ने व्यवस्था छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(२) अनुसार उपभोक्ता समितिको बर्गीकरण र सूचीकृतको सार्वजनीक परीक्षण नभएको अवस्था छ । आन्तरिक नियन्त्रणको व्यवस्था गर्नुपर्दछ ।

२. प्रचलित कानूनमा विभिन्न योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने व्यवस्था अनुसार अधिकमांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराईएको छ । उपभोक्ता समितिलाई जिम्मेवारी तथा उत्तरदायित्व वहन गर्न लगाउन तथा योजनाको अपनत्व बनाउन उपभोक्ता समितिलाई संघ संस्था ऐन अनुसार दर्ता गराई निर्माण कार्यमा जिम्मेवार बनाइनुपर्दछ ।

३. **कर बिजक :** विलको प्रयोग नभएको : प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरु मू.अ.कर बिलको प्रयोग नभएकोले कर बिजकको प्रयोग गर्नुपर्दछ ।

४. **स्वीकृति लिनुपर्ने :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीमा उल्लेख भए अनुसार स्थानीय तहमा श्रममूलक प्रविधि प्रयोग गर्नुपर्ने व्यवस्था भएकोमा सो नियमलाई उलंघन गरी मेशिन प्रयोग गरी काम गराईएको पाईयो । स्थानीय निर्माण कार्यमा डोजर प्रयोग गर्नका लागि परिषद्बाट स्वीकृत लिनुपर्ने देखिन्छ ।

५. **कर दाखिला :** मोटर बाटो निर्माण खर्च रु. ५,७८,०००।- को बिल भरपाई पान विल मार्फत् गरेको छ । यसमा करकट्टी १५ प्रतिशतको दरले गर्नुपर्नेमा १.५ प्रतिशतले मात्र गरिएको रु.७८,०३०।- असुल गरी दाखिला गर्नुपर्दछ ।

६. पेश्की : पेश्की नियन्त्रण प्रभावकारी नहुनाले विगत बर्षदेखि जिम्मेवारी सारिएको रु. २,८४,२०६।- र यस आ.व. मा दिएको पेश्की रु. ५०,०००।- समेत रु.३,३४,२०६।- नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

७. **दोहोरो सुविधा :** नेपाल सरकारले सबै गा.वि.स. सचिवहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराएता पनि यस गा.वि.स.मा अध्यक्ष प्रोत्साहन भत्ताको नाममा रु. रु. ४,५०० । खर्च गरिएको पाईयो । दोहोरो सुविधा लिएको रक असुल गरी दाखिला गर्नुपर्दछ ।

**चिसापानी गा.बि.स**

८. प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवारहरुमू.अ.कर बिलको प्रयोग भएको देखिएन । यसमा सुधार हुनुपर्दछ।

**चित्रेभञ्ज्याङ्ग गा.बि.स**

९. **उपभोक्ता समिति** : प्रचलित कानूनमा विभिन्न योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने व्यवस्था अनुसार अधिकमांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराईएको छ । उपभोक्ता समितिलाई जिम्मेवारी तथा उत्तरदायित्व वहन गर्न लगाउन तथा योजनाको अपनत्व बनाउन उपभोक्ता समितिलाई संघ संस्था ऐन अनुसार दर्ता गराई निर्माण कार्यमा जिम्मेवार बनाइनुपर्दछ ।

१०. **कर दाखिला :** यस गा.वि.स.ले कट्टा गरेका कर रु. ९,६२७।- दाखिला गर्न बाँकी रहेकोले दाखिला गर्नुपर्दछ ।

१०.१. क्षमता विकासका लागि नगर विकास प्रशिक्षण केन्द्रलाई दिएको भुक्तानी प्यान दर्ता भएको संस्थालाई

दिईएकोमा सो भुक्तानी सार्वजनिक खरिद ऐन अनुरुप छैन । सोमा १५ प्रतिशत अग्रीम कर कट्टी गर्नुपर्नेमा सो नगरिएकोले रु. ५,२५०।– असुल गरी दाखिला गर्नुपर्दछ ।

११. **दोहोरो सुविधा :** नेपाल सरकारले सबै गा.वि.स. सचिवहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराएता पनि यस गा.वि.स.मा अध्यक्ष प्रोत्साहन भत्ताको नाममा रु. रु. १२,००० । खर्च गरिएको पाईयो । दोहोरो सुविधा लिनु औचित्य नदेखिएकोले सो रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

१२. **कर दाखिला :** कार्यालयबाट खर्च सामाजिक सुरक्षा कर रु. २,२३३।- कट्टी गरिएता पनि उक्त रकम दाखिला नगरिएकाले दखिला गर्नुपर्दछ ।

**हरिनास गा.बि.स**

१३. **रकम दाखिला :** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत दलित बालवालिका पोषण कार्यक्रमको रकम वितरण गरी बाँकी रहेको १,६२,२००।- सर्वसंचित कोषमा दाखिला गर्नुपर्दछ ।

१३.१. विभिन्न गोश्वरा भौचरमा सेवा प्रदायक व्यवसायीहरु तथा मालसामान खरिदमा विल प्राप्त गरी विल भुक्तानी गरेकोमा प्रचलित आयकर ऐन अनुसार स्रोतमा आयकर रु.१५,२२४। कट्टी गरी दाखिला गर्नुपर्दछ।

१४. **बढी भुक्तानी –** नियम विपरित बढी भुक्तानी रु.२,०००।- असुल उपर गर्नुपर्ने देखिन्छ ।

१५. आ.ले.प.बाट औंल्याईएका व्यहोरा निम्न बमोजिम छन्:

१५.१. कार्यालयमा खरिद भएको मोटरसाईकल कार्यालयको नाममा दर्ता भई नसकेकोले विलबुक तयार गरी दर्ता गर्नुपर्दछ ।

१५.२. नेतृत्व विकास तथा बाखा पालन कार्यक्रम प्रशिक्षकहरुलाई वितरित भत्तामा कर कट्टा गर्नुपर्ने रकम रु. १५,६४५।- रहेकोमा ५,९२०।- मात्र कट्टी भएकोले बाँकी रु.१०,७२५।- असुल गर्नुपर्दछ ।

१५.३. कृषि कार्यक्रममा प्रशिक्षण भत्ता वापतको रु. ७९,२००।- को रु. ११,८८०।- कर कट्टी गर्नुपर्नेमा १,१८०।– मात्र भएकोले बाँकी कर रु. १०,६१२।- असुल गरी दाखिला गर्नुपर्दछ ।

१५.४. मौरी पालन कार्यक्रममा भत्ता वितरण रु. ४८,०००।– भएको र उक्त रकमको १५ प्रतिशत कर कट्टी गर्नुपर्नेमा १.५% मात्र भएकोले रु. ६,४८०।- असुल गर्नुपर्दछ ।

१५.५. प्राविधिक खर्च वापतको रकम रु. ५०,०००।- भुक्तानी गर्दा भरपाई पेश गर्नुपर्दछ ।

१५.६. नियमानुसार भुक्तानी हुनुपर्ने रु. २०,०००।- भएकोमा नियम विपपिरत बढी भुक्तानी भएको रु. १,०००।- असुल गर्नुपर्दछ ।

१५.७. नियम विपरित बढी भुक्तानी भएको रु. ५,०००।- असुल गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.७ लाख ५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.७ लाख ५ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.१ लाख ५९ हजार, नियमित गर्नुपर्ने रु.२ लाख १२ हजार र पेश्कि रु.३ लाख ३४ हजार रहेको छ।

# पोखरा लेखनाथ महानगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

महानगरपालिकाको गत वर्षको मौज्दात रु.५६ करोड ११ लाख ९५ हजार र यो वर्षको आय रु.१ अर्ब ५३ करोड ५ लाख ५६ हजार समेत रु.२ अर्ब ९ करोड १५ लाख ५१ हजार आम्दानी भएकोमा रु.१ अर्ब ४६ करोड २६ लाख ४२ हजार खर्च भई रु.६२ करोड ९१ लाख ९ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकायले आ–आफ्नो कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागूगर्नुपर्ने व्यवस्था छ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा दरबन्दी बमोजिम पदपूर्ति नभएको, कार्य विवरण तयार नगरेको, भुक्तानी भएको छाप नलगाएको, खरिद योजना तयार नगरेको, अनुगमन संयन्त्र तर्जुमा नगरेको, कतिपय जिन्सी सामानको मूल्य खुलाई अभिलेख नराखेको,भ्रमण खर्चको अभिलेख नराखेको र सवारी इन्धनको प्रयोगको लगबुक नभएको अवस्था रहेको पाइयो । नियममा भएको व्यवस्था अनुसार अभिलेख अद्यावधिक गरी आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी बनाउनुपर्दछ ।

२. **करार कर्मचारीः** स्थानीय निकायको कर्मचारीसम्बन्धी व्यवस्थाको परिच्छेद १ मा करारमा नियुक्ति गर्नसक्ने व्यवस्था अनुसार स्थानीय निकायले स्वीकृत दरबन्दीको प्राविधिक पदमा पदपुर्ति गर्नुपर्ने कारण समेत खुलाई खुल्ला प्रतियोगिताद्वारा करारमा नियुक्ति गर्न सक्ने व्यवस्था भएतापनि महानगरपालिकाले लामो समयदेखि८ कर्मचारीलाई नियुक्ति गर्नुपर्ने कारण नखुलाई करारमा सोभै नियुक्ति गरेकोले पदपूर्ति प्रकिया नियमसंगत भएको पाइएन ।

३. **मूल्य अभिवृद्धि करः** सार्वजनिक खरिद ऐन, २०६३ अनुसार पांच हजार रुपैया भन्दा बढी रकमको खर्च गर्नुपरेमा मू.अ.कर बिलसंलग्न हुनुपर्ने व्यवस्था भएकोमा महानगरपालिका कार्यालयले प्राय खर्च मूल्य अभिवृद्धि करबिल बेगर खरिद गर्ने गरेको पाइयो ।

४. **अग्रिम करः** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानी गर्दा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । महानगरपालिकाले अधिकांश भुक्तानीमा अग्रिम कर कट्टा नगरी भुक्तानी गरेकोले अग्रिम कर रु.१५,४६,७८५।–असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

५. **उपभोक्ता समितिको कार्य ठेकेदारबाटः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७उपभोक्ता समितिबाट गरिने कार्य गराउँदा श्रममूलक हुनुपर्ने, काम र सेवामा मितव्ययिता, गुणस्तरता दीगोपना अभिवृद्धि गर्ने तरिका प्रयोग गर्नुपर्ने, डोजर, एक्साभेटर प्रयोग गरी गरिने निर्माण कार्य गर्न नपाइने साथै ठेकेदारबाट त्यस्तो कार्य गराउन नपाइने व्यवस्था छ । पिच, ढलान जस्ता जटिल प्राविधिक कार्य गरेको योजनाको लागत रु.११,८०,०००।- रहेकोमा उपभोक्ता समितिले समेत नगदमै योगदान गरेको अवस्थामा निर्माण व्यवसायीलाई सम्झौता गरी कार्य गराएको अनियमित देखिन्छ ।

६. **सूचना प्रकाशन खर्चः** क्रमागत ईएफएलजि खर्च खाताबाट रु.२५,०००।- सूचना प्रकासन गर्न २०७३/०४/१३ मा स्वीकृति दिईएकोमा विजकको मिति २०७३/०३/२२ रहेकोलेसूचना स्वीकृति नगरी प्रकाशन गर्नु र रकम भुक्तनी गर्नु अनियमित देखिन्छ ।

७. **उपभोक्ता समुहः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ दफा १५५ मा उपभोक्ता समितिबाट काम गराउने व्यवस्था विपरीत भौतिक विकास तथा निर्माण अन्तर्गत उपभोक्ता समितिमार्फत योजना कार्यान्वयन पिच, ढलान जस्ता जटिल प्राविधिक कार्य उपभोक्ता समितिमार्फत गरेको,उपभोक्ता समितिलाई विषयगत रूपमा वर्गीकरण र सूचीकृत गरी उनीहरूको लगत अद्यावधिक नगरेको, योजनामा सम्बन्धित काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समितिले बेहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरू खुलाई निवेदन पेश नगरेको, लाभग्राही परिवारको सूची, लाभग्राही परिवारका उपभोक्ता समूहले योजनाको आवश्यकता र योजना सञ्चालनमा दिनसक्ने योगदानको विवरणसहित उपभोक्ता समूहको भेलाको माइन्युट खडा नगरेको,प्रत्येक सदस्यले बुझाउनुपर्ने कर बुझाएको रसिद प्रतिलिपि संलग्न नभएको, अन्तिम किस्ता भुक्तानी दिँदा योजनाको फोटो र सो अनुसार निर्माण कार्य सम्पन्न भएको हो भनी उपभोक्ता समितिको निर्णय पेश नगरेको अवस्था रहेको छ। अतः नियममा उल्लेखित व्यवस्थाको पालना गर्नुपर्दछ ।

८. **निर्माण कार्य सम्पन्न :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को दफा १३३ बमोजिम कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था भएतापनि विभिन्न निर्माण कार्य सम्पन्न भइसकेपछि उपभोक्ता समिति मार्फत गरिएका विकास निर्माणहरुको नापजाँच गरी प्राविधिकहरुले निर्माण सम्पन्न

प्रतिवेदन र योजना निर्माण भए पश्चात समुदायले पाउने फाइदा र लाभान्वित जनसंख्या समेत उल्लेख गरी प्रतिवेदन तयार गर्नुपर्नेमा प्रतिवेदन पेश भएको देखिएन ।

९. **विविध पेश्की फछ्र्यौटः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७६ मा पेश्की दिने र फछ्र्यौट गर्ने व्यवस्था छ । पेश्की फछ्र्यौट सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

९.१. **प्रगतिः** उपभोक्ता समितिका अध्यक्ष नारायण आचार्यको रु.१०,००,०००।-पेश्की फछ्र्यौट गरी पुनः रु.७,५३,०००।- पेश्की दिइएकोमा पेश्की फछ्र्यौट गर्दा प्राविधिक कार्य प्रगति विवरण तयार नगरेको, निर्माण सामग्री खरिदको भुक्तानीमा कर कट्टा नगरेकोले नियमानुसार लाग्ने कर असुल गर्नुपर्दछ । डोर हाजिरी फाराम स्वीकृति नगराई श्रमिकहरुको दस्तखतको आधारमा भुक्तानी गरेकोले रु.३,२४,०००।- यर्थाथता यकिन गर्नुपर्दछ ।

९.२. **व्यक्तिलाई पेश्कीः** आई.एन.एफ. नेपाललाई सोलार लाईट जडानकोलागि ढाकाराम बुढामगरसंग सम्झौता गरी रु.८००,०००।०पेश्की दिएकोमा सम्झौता अवधि समाप्त भइसक्दापनि पेश्की फछ्र्यौटगरेको देखिएन । अन्तर्राष्ट्रिय दातृनिकायको प्रांगणमा सोलार लाईट जडान गर्न एक व्यक्तिलाई पेश्की दिनुको औचित्य पुष्टीहुन नसकेकाले सो रकम तत्कालै असुल गरी कार्यालयमा दाखिला गर्नुपर्ने देखिन्छ ।

९.३. **कार्यसम्पन्न प्रतिवेदनः** आंखा अस्पताल मार्ग बाटो तथा ढल निर्माण उपभोक्ता समितिलाई नाला तथा गटर निर्माण गरेवापतरु.१२,००,०००।- पेश्की फछ्यौट गरिएकोमा कार्य सम्पन्न प्रतिवेदन, प्राविधिक मूल्याकंन तथा उपभोक्ता समितिलाई योजना हस्तान्तरण समेत गरेको नदेखिएकोले प्रमाण कागजात पेश हुनुपर्ने देखिएको छ ।

९.४. **पेश्कीबाँकी :** छममायां पुनको नामा मातृशिशु मितेरी अस्पताललाई दिएको पेश्की रु.१० लाख, पुष्पराज तिमल्सेनालाई दिएको पेश्की रु.१५ लाख ३० हजार समेत रु.२५ लाख ३० हजार फछ्र्यौट भएको देखिएन ।

९.५. **प्रमाण कागजातः** संगम मार्ग प्रगति मार्ग बाटो निर्माण समितिलाई गटर तथा नाला निर्माण वापत रु.३२,९९,८५३।-प`श्की फछ्यौट गरिएकोमा कार्य सम्पन्न प्रतिवेदन पेश नभएको, पेश्की फछ्यौट विवरणमा २०७३ बैशाख महिनाको डोर हाजिरी फाराम पेश गरेकोमा बैशाख महिना ३१ दिनको भएकोमा ३२ दिन काम लगाएको देखिन्छ । डोर हाजिरी अनुसार १ को दिन बढी भुक्तानी दिएको, खर्चका विल भरपाईले खर्च पुष्टीहुने आधार नदेखिएको, भुक्तानीमा करकट्टा नगरेको, योजना हस्तान्तरण नगरेको देखिन्छ । १ दिनको बढी भुक्तानी भएको रकम ५ जनाको रु.७५०।– दरले रु.३,७५०।– र १० जनाको रु.५५०।– का दरले जम्मा रु.५,५००।– समेतरु.९,२५०।– बढी भुक्तानी भएको भएकोले असुल उपर गरी र खर्च पुष्ट्याई हुने प्रमाण पेश हुनुपर्ने देखिन्छ ।

९.६. **लजिष्टिक भत्ता :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को दफा १८६ विपरीत कर्मचारीहरुको लागि २०७३ कार्तिक, मंसिर र पौष महिनाको लजिष्टिक भत्ता भुक्तानी गर्नबरिष्ठ अधिकृत ओमराज पौडेलको रु.१,०२,०००।- पेश्की दिईएकोमा पेश्की नदेखाई विभिन्न कर्मचारीहरुलाई भुक्तानी दिईएको पाइयो । खाईपाई आएको तलव भत्ता बाहेकको भुक्तानी मध्ये युनिसेफ लजिष्टीक सपोर्ट भत्ता रु.८६,७००।- वितरण गर्नुको औचित्य पुष्टी हुन नसकेकोले असुली गर्नुपर्ने देखिन्छ ।

९.७. **भरपाईः** सामाजिक परिचालकहरुलाई २०७३ श्रावणदेखि २०७४ आषाढसम्मको यातायात खर्च वापतको रकम रु.१४०,०००/-भुक्तानी गरेकोमा कर कट्टा नगरेको, रकम बुझेको भरपाई पेश हुन आएन ।

९.८. **जिन्सी दाखिलाः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को दफा १८३ विपरीत वर्षान्तमा खेलकुद सामान रु.५०,०००।-, कम्प्युटर रु.१,००,०००।-, शैक्षिक सामग्री रु.५५,०००।- समेत रु.२,०५,०००।– को खरिद गर्दा भुक्तानीमा कर कट्टा नगरिएको, सामानको माग फाराम, खरिद आदेश र स्टोर दाखिला गरेको नदेखिएकोले खर्च पुष्ट्याई हुने प्रमाण कागजात पेश हुनुपर्दछ ।

९.९. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७६ मा पेश्की फछ्र्यौट सम्बन्धी व्यवस्था छ । उक्त व्यवस्थाको पालना नभएको स्थिति देहाय बमोजिम प्रस्तुत गरिएको छः

९.९.१. पेश्की खातामा नारायण नाम जनाई गत बर्ष देखिनै निजको नाममा पेश्की रु.१०,५३,५००।० भएतापति २०७३।१२।३० मा थप रु.३,१०,१०५ पेश्की दिई २०७४।०३।३० मा लागतसहभागिता कार्यक्रम शीर्षकमा खर्च जनाई पेश्की फछ्र्यौट गरेको छ । पुरानो पेश्की फछ्र्यौट नगरी नयां पेश्की दिनु र आवश्यक प्रमाण पेश नगरी रु.१३,६३,६०५। पे.फ. गर्नुको औचित्य पुष्टी हुन सकेन । तसर्थ पेश्की फछ्र्यौटको प्रमाण पेश हुनुपर्ने देखिन्छ ।

९.९.२. गटरनाला निर्माण वापत गत बर्ष रु.१३,५५,५००।० पेश्की दिईएकोमा सो फछ्र्यौट नगरीयो वर्ष रु.१४,००,०००।– थप पेश्की दिएको, बंगलादी टोल विकास संस्थाको २०७१।७२ को रु.१३,८६,७००।– पेश्की बांकी रहेकोमा यो वर्ष रु.१९ लाख थप पेश्की दिनुको औचित्य पुष्टि हुन सकेन ।

९.९.३. बलरामको नाममा २०७४।०२।१९ मा रु.१२,७८,५००।०० र २०७४।०३।२७ मा नगरस्तरिय योजना र सडक मर्मत सम्भार कार्यवापत रु.२०,००,०००।०० थप पेश्की दिईएको पाइयो । सम्झौता अवधि समाप्त भैसकेको र हाल सम्म पनि सो पेश्की फछ्र्यौट नभएकोले आवश्यक छानविन गरी तत्काल रकम दाखिला गर्न लगाउनुपर्ने देखिन्छ ।

९.९.४. **पेश्की माथि पेश्की :** मेहर सिं गुरुङ्गको नाममा २०७३।०८।२३ मा रु.१०,०२,६००।– पेश्की दिइएको र सो फछ्र्यौट नगरी पुनः २०७३।९।१९ मा रु.१०,००,०००।– पेश्की दिइएकोमा हालसम्म पनि सो पेश्की फछ्यौट हुन बाँकी रहेको देखिन्छ । कुनै निर्माण कार्य सञ्चालन नभएको बुझिएकोले सो रकम तुरुन्त कार्यालयमा दाखिला गर्नुपर्ने देखिन्छ । त्यसैगरी मेहर सिं गुरुङ्गको नाममा २०७४।३।९ मा शितलपथ भु.पु.मार्ग ढलान बाटो निर्माण गर्न रु.१४,३४,१३८।– पेश्की दिएकोमा पुनः २०७४।३।९ मा रु.१३,३६,८००।– थप पेश्की दिइएको पाइयो । एकै व्यक्तिलाई विभिन्न परियोजना सञ्चालन गर्न पेश्की दिनु नियमसंगत नदेखिएकोले छानविन गरी आवश्यक कार्वाही गर्नुपर्ने देखिन्छ ।

९.१०. **निर्माण पेश्की :** विरुवा मार्ग निर्माण समितिलाई पिच तथा गटर निर्माणको लागि २०७३।९।२५ मा रु.१४,४३,२१८।–, प्रमोदराज खनालाको नाममा २०७३।९।२२ मा रु.२५,००,०००।–, विष्णुको नाममा २०७३।१०।२५ मा रु.१७,६३,०००।–, भाष्करको नाममा २०७३।१२।२९ मा रु.१३,२३,०००।–, २०७४।३।२० मा रु.२५,००,०००।– समेत रु.९५,२९,२१८।–पेश्की दिइएकोमा सम्झौता अवधि सकिएपछि कुनै निर्माण कार्य सञ्चालन भएको प्रमाण पेश नभएकोले पेश्की रकम असुलगरी दाखिला गर्नुपर्ने देखिन्छ ।

१०. **विल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम विल भरपाई संलग्न राखी खर्च लेख्नुपर्ने व्यवस्था छ । खर्च को विल भरपाई बेगर निम्नानुसार खर्च गरेकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्दछ ।

१०.१. **डोर हाजिर फारामः** क्रमागत सडक बोर्ड कार्यक्रमको भुक्तानीमा डोर हाजिरी फारम अनुसार भुक्तानी भएकोमा अग्रिम कर नकाटेको, हाजिरी फारम स्वीकृत नभएको, पेश गर्नेको दस्तखत नभएको, भुक्तानी दिनेको दस्तखत नभएकोले भुक्तानी रकम रु.१४८,४००।- यकिन गर्न सकिएन ।

१०.२. **सम्पन्न प्रतिवेदनः** नगरस्तरिय योजना भुक्तानीमा सप्लायर्ससंग दरभाउ, कोटेशन नलिइएको र कर कट्टा नगरिएको र निर्माण सम्पन्न प्रतिवेदन संलग्न नभएको रकम रु.१,५९५,५६१।- यकिन गर्न सकिएन ।

१०.३. **सम्झौता :** बालबालिका विकास मातृशिशु मितेरी अस्पताल बाटुलेचौर पोखरालाई अस्पताल सञ्चालनको लागि रु.१३,००,०००।- अनुदान निकासाको लागि सम्झौता नभएको, प्रगति विवरण संलग्न नगरेको, निर्णय संलग्न नगरेकोले यकिन गर्न सकिएन

१०.४. **विल भरपाईः** व्यवसाय दर्ता नभएको एस.आर ढुवानी सेवालाई रु.८,५९,०००।- भुक्तानी दिईएकोले भुक्तानीको पुष्ट्याईगर्ने विल भरपाई पेश नभएकोले असुल उपर गर्नुपर्ने देखिन्छ ।

१०.५. **विवरणः** २०७३।९।२१ मा पेश्की फर्छ्यौट गरिएको रु.३०,००,०००।- मध्ये विडारी हार्डवयरलाई छड र सिमेन्ट खरिदको लागि रु.५,५९,९६३।५९ भुक्तानी दिएकोमा प्राविधिकहरुको कार्य प्रगति विवरण प्रमाणित नभएको, ज्याला र ठेकेदारको विवरण संलग्न नगरेकोले भुक्तानी एकिन गर्न सकिएन ।

१०.६. **हाजिरी प्रमाणितः**२०७३ असोजदेखि पौषसम्मको २४ जना नगर प्रहरी कर्मचारीको पोशाक र संचार पारिश्रमिक रु.१५,२६,०००।– भुक्तानी गर्दा प्रमाणित हाजिरी विवरण संलग्न नगरेको र यस्तो भुक्तानी तलवमा जोडी कर कट्टा नगरेकोले कर गणना गरी असुल गर्नुपर्ने देखिन्छ ।

१०.७. **कार्यकम विवरणः** स्तुती अफसेट प्रेसलाई वालवालिका कार्यकमको छपाई वापतको रकम भुक्तानी दिईएको रु.१,५०,०००।- फछ्यौंट गर्दा कार्यकमको विवरण संलग्न नगरेको, कार्यकम सम्पन्न प्रतिवेदन संलग्न नगरिएकोले खर्चको यकिन गर्न सकिएन ।

१०.८. **बढी भुक्तानी :** २०७३/११/२३ मा कुमारटोल विकास संस्थाको रु.११,८९,०००।- पेश्की फछ्र्यौट गर्दा संलग्न डोर हाजिरीमा उल्लेखित ज्याला भुक्तानी रु.२,४०,०००।-को हाजिरी दिन ३२ दिन जनाई जम्मा ५ दिन र २ जनाको ३२ दिनको भुक्तानी दिएकोमा १४ जनाको रु.१८९,०००।- बराबर रकम निजबाट फिर्ता गराउनुपर्ने देखिन्छ । त्यस्तै सादा विल प्रयोग गरी शुष्मा एण्ड राजकुमार निर्माण सेवालाई रु.२,७२,५००/- भुक्तानी गर्दा भुक्तानी योग्य विल संलग्न नभएको र कर समेत कट्टा गरेको पाइएन । सादा विलबाट भएको भुक्तानी असुली गर्नुपर्ने तथा भुक्तानीमा कर कट्टा नगरेकोले कर रकम असुली गरी

राजस्वमा दाखिला गर्नुपर्दछ ।

१०.९. **कार्ययोजना:** संदेश संगम कन्स्ट्रक्सन प्रा.लि.लाई फोहोरमैला व्यवस्थापन गर्न माघ २२ देखि फाल्गुन २१ सम्मको १ महिनाको डोजर भाडा रु.३,५०,०००/-भुक्तानी गरेकोमा फोहोरमैला व्यवस्थापनकोलागि विभिन्न कम्पनीहरुसंग सम्झौता गरी कार्य गराई रहेकोमा भुक्तानीको औचित्य पुष्टी हुने कारण नदेखिएको सम्बन्धमा ल्याडफिल्ड साइटको कार्य कम्पनीले नगर्ने भएकोले उक्त कार्य गर्गुपरेको उल्लेख गरेको छ । तसर्थ कार्य क्षेत्र एवं उत्तरदायित्व निश्चित गर्ने कार्य योजना बेगर गरेको कार्य अनियमित देखिन्छ ।

१०.१०. **जरिवाना भुक्तानी :** नेपाल विधुत प्राधिकरणलाई वडा नं.१५ को विधुत महसुल भुक्तानी गर्दा रु.१,६३५/– जरिवाना भुक्तानी गरेकाले अनियमित देखिन्छ ।

१०.११. **विल भरपाई:** संरक्षण समितिको नाममा रु.६५,२७४/- भुक्तानी गरिएकोमा समिति गठन नगरिएको, संगम ढुवानी सेवाबाट रु.३४,००० को ढुंगा खरिद गरिएकोमा विल समावेस नभएको भुक्तानीको यकिन गर्न सकिएन ।

१०.१२. **विल भरपाई:** राधाकृष्ण टोल पोखरी मर्मत तथा संरक्षण समितिलाई पोखरी संरक्षण वापत रु.१,३१,७०१/- भुक्तानी दिईएकोमा ढुंगा र वालुवा खरिद गरेको रु.३५,०००/- विल बेगर भुक्तानी दिईएको पाइयो ।

१०.१३. **स्वीकृत कार्यकम:** रातो किताबमा नभएको कार्यक्रमको लागि २०७४/०३/०३ मा रु.५०,०००/-, २०७४/०३/३० मा रु.३०,०००।० समेत रु.८०,०००।० भुक्तानी दिईएकोले उक्त खर्च अनियमित देखियो।

१०.१४. **बढी भुक्तानी :** २०७४/०३/३० मा रु.४५,०००।० भुक्तानी भएकोमा सम्झौता रु.४०,०००/- मात्रको भएकाले सम्झौताभन्दा बढी भुक्तानी रु.५,०००/- असुल उपर गर्नुपर्ने देखिन्छ ।

१०.१५. **विल भरपाई:** बिल भरपाई बेगर २०७४/०३/३१ मा रु.१०,०००/- र २०७४/३/३० रु.१५,०००।- समेत रु.२५,०००।– भुक्तानी गरेकोले विल भरपाई बेगर भएको खर्च सम्बन्धित व्यक्तिबाट असुलउपर गर्नुपर्ने देखिन्छ ।

१०.१६. **वडाको खर्च:**मिति २०७४/३/३० मा वडा सचिवहरु लाई वडा सञ्चालन खर्च जलपान, पत्रिका र यातायात खर्च भनेर बिल भरपाई बेगर रु.४,००,२००।- भुक्तानी गरेकोले नियमानुसार बिल भरपाई पेश गर्नुपर्ने देखिन्छ ।।

१०.१७. **बढी भुक्तानी :**मिति २०७४/३/२९ मा सौर्य सडक बत्ति जडानका लागि टोल विकास संस्थाको सिफारीस र सिनियर ईन्जिनियरले रु.४०,०००।- भुक्तानी दिनका लागि सिफारिस गरेकोमा रु.८६,०००।- भुक्तानी दिएकोले सिफारिसभन्दा बढी रकम रु.४६,०००।- असुल गर्नुपर्ने देखिन्छ ।

१०.१८. **प्रमाण:**मिति २०७४/३/२९ मा धनन्जय आचार्यलाई शुक्ला गण्डकी कृषक छाता समुहको कार्यक्रम सञ्चालन वापत रु.२,६०,०००।- पेश्की फछ्र्यौट गर्दा आवश्यक कागजातहरु संलग्न नगरी आर्थिक बर्षको अन्तमा भुक्तानी दिईएकोले भुक्तानीको औचित्य यकिन गर्न सकिएन ।

१०.१९. **प्रमाण:**मिति २०७४/३/२९ मा पुर्ण गिरीलाई शुक्ला गण्डकी कृषक छाता समुहको कार्यक्रम सञ्चालन वापतको रु.१,४६,०००।- पेश्की फछ्र्यौट गर्दा आवश्यक कागजातहरु संलग्न नगरेकोले भुक्तानी औचित्य यकिन गर्न सकिएन ।

१०.२०. **विल भरपाई:** अशोक पालिखे र नेवा: खल कास्कीले २०७४/३/२८ मा पेश्की फछ्र्यौट तथा भुक्तानी गर्दा रु.९४९,२५०।-को आवश्यक कागजातहरु संलग्न नगरेको र रु.३,८३,७२५।- को विल भरपाई प्रमाणित गरी संलग्न नगरेकोले भुक्तानी औचित्य यकिन गर्न सकिएन । तसर्थ विल भरपाई एवं प्रमाण बेगर खर्च रु.१३,३२,९०८। को बिल भरपाई पेश हुनुपर्ने देखिन्छ ।

१०.२१. **विल भरपाई:** स्वाभलम्वन जीवन पद्धति समाज नेपाललाई २०७४/३/२८ मा कार्यक्रम सञ्चालन वापत रु.१,२७,८००।- भुक्तानी गरेकोमा कार्यक्रममा गरेको खर्च विलहरु सम्वन्धित कार्यक्रमलाई पुष्टि गर्ने खालको देखिएन ।

१०.२२. प्रशासकिय अधिकृत कल्पना बराललाई २०७४/३/०१ मा दैनिक भ्रमण भत्ता रु.११,४००।- भुक्तानी गरिएकोमा भ्रमणको विवरण हेर्दा होटलबाट वसपार्क र वसपार्कबाट होटल गएकोमात्र विवरण संलग्न गरिएको पाइयो । भ्रमणको उद्देश्य र औचित्य पुष्टीहुने आवश्यक कागजातहरुको अभावमा भुक्तानीको औचित्य नदेखिएकाले निजबाट असुल उपर गनुपर्ने देखिन्छ ।

१०.२३. **बढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम बिल भरपाई संलग्न राखी खर्च लेख्नुपर्ने व्यवस्वा छ । २०७३/१०/०३ मा हर्क बहादुर तिमिल्सीना २६ नयाँगाँउ बहाकोट सडक निर्माण समितिलाई पिच तथा गटर नाला निर्माण वापत पे.फ रु.६,००,२५०/- र पुन पेश्कीरु.१७,००,०००/- पेश्की फर्छ्यौटको लागि पेश गरेको डोर हाजिरी फारम अनुसार २७ दिनको ज्याला भुक्तानी १५ जना कामदार मध्ये ६ जनालाई रु.७५०।–, प्रतिदिन र ९८ जनालाई रु.५००।–, का दरले २६ दिनको भुक्तानी दिएकोमा २७ दिनको हिसाव गरी भुक्तानी गरेकाले बढी भुक्तानी रु.५३,५००।– असुल उपर गर्नुपर्ने देखिन्छ ।

११. **अवकास भुक्तानीमा कर कट्टाः** आयकर नियमावली २०५९ को नियम २० को उपनियम ६ खण्ड (क), आयकर नियमावली २०५९ को नियम २० को उपनियम ६ को खण्ड (ख) र आयकर ऐन २०५८ को दफा ६५ को उपदफा १ तथा सोही ऐनको दफा ८८ को उपदफा १ को खण्ड १ बमोजिम अवकास भुक्तानीमा कर कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा रु.१,७०,५९,०४३।– अवकास भुक्तानी गर्दा कर कट्टी नगरेकोले रकम यकिन गरी असुल हुनुपर्ने देखिन्छ ।

१२. **बुझबुझारथः** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २५ बमोजिम बुझबुझारथ गर्ने व्यवस्था छ । तर कार्यालयबाट अवकास पाउने ९ कर्मचारीहरुले बुझबुझारथ गरेको नपाइएकोले आवश्यक कारवाही गरी बुझबुझारथ गर्नुपर्ने एवं सामान तथा फाइल बुझवुझारथ गराउनुपर्ने देखिन्छ ।

१३. **बजेट रकमान्तरः** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १२८ मा बजेट शीर्षकको बीस प्रतिशतमा नबढाई नगर परिषद्बाट रकमान्तर गर्नसक्ने व्यवस्था छ । परिषद्को स्वीकृत रकमान्तर बेगर विभिन्न शीर्षकमा खर्च लेखेको रु.१९,४६,२४२।– र न.पा. क्षमता अभिवृद्धि तथा सुधार खर्च शीर्षकमा खर्च जनाई कम्प्युटर खरिद गरिएको रु.७,००,०००/- समेत रु.२०,१६,२४२।– नियमसंगत देखिएन

१४. **सौर्य बत्ती जडानः** सार्वजनिक खरिद ऐनको दफा १२ मा पूर्वयोग्यतासम्बन्धी व्यवस्था रहेको छ । त्यस्तै स्थानीय आर्थिक प्रशासन नियमावली, २०६४ को दफा ७९ मा पूर्व योग्यता विधिको उल्लेख छ । फेवाताल सोलार लाईट उपभोक्त समितिलाई फुट ट्रेकमा सौर्य वत्ति जडान वापत रु.३५,००,०००/-, रु.१,६४०,०७०/- र लेखनाथ नगर क्षेत्रभित्र सौर्य बत्ति जडान बापत स्वाभिमान उर्जा विकास कम्पनी प्रा.लि.लाई रु.१,३६,२५,४४०।– भुक्तानी गरेकोमा सोलार लाईट जडान जस्तो कार्य स्थानीय उपभोक्ता समिति मार्फत काम गराउनु, स्थानीय उपभोक्ता समितिको सिफारिसमा सिधै पार्टीलाई भुक्तानी दिनु, स्थानीय उपभोक्ताको लागत सहभागिता शून्य हुनु प्रचलित कानून विपरीत रहेको देखिन्छ ।

१५. **विविध भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(२) बमोजिम सेवाग्राही वा उपभोक्ता समिति, नगरपालिका र अन्य निकायले व्यहोर्ने रकम खुलाउनु पर्ने देखिन्छ ।सहारा बाल नि.मा.वि.लाई कक्षा कोठा मर्मत तथा रंगरोगन वापत रु.१,३७,०००।– भुक्तानी दिइएकोमा विधालयको निर्णय पुस्तिका अनुसार २०७२।७३ मा कास्की जिल्ला शिक्षा कार्यालय कास्कीको सहयोगमा निर्माण भएको विधालयलाई महानगरपालिबाट थप रकम निकासा भएको देखिन्छ । निर्माण कार्यको प्रक्रिया विधिसम्मत नदेखिएको र जिल्ला शिक्षा कार्यालयबाट निर्माण भइसकेको विधालयलाई जिल्ला शिक्षा कार्यालयसंग समन्वय नगरी पुनः सोही कार्यमा दोहोरो भुक्तानी भएको देखिएकाले निर्माण अवस्था यकिन गरी खर्च स्रोत खुल्ने गरी विवरण पेश गर्नुपर्ने अन्यथा असुली गर्नुपर्ने देखिन्छ ।

१६. **बिल भरपाईः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७(१४) बमोजिम गुणस्तर, मितव्ययिता गरी जांचपास गर्नुपर्ने र नियम ९७(७) बमोजिम सामाजिक परीक्षण गर्ने व्यवस्था छ ।सृजनशिल कृषि समुहलाई साविक कास्कीकोट गा.वि.स.बाट पूर्वाधार तथा संरचना विकास शीर्षकबाट भुक्तानी गरिएको रु.२९,०००।– विल भरपाई, कार्य सम्पन्न प्रतिवेदन एवं खर्चको औचित्य पुष्टि नभएकोलेसम्बन्धित व्यक्तिबाट असुल गरी दाखिला गर्नुपर्ने देखिन्छ ।

१७. **निर्माण कार्यः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७(१४) बमोजिम गुणस्तर, मितव्ययिता गरी जांचपास गर्नुपर्ने, नियम ९७(७) मा सामाजिक परीक्षण गर्ने व्यवस्था छ । कमलपोखरी संरक्षण कार्यको रु.४,०२,७३५।० भुक्तानी गरेकोमा डोर हांजिरी फाराम स्वीकृत नगरी भुक्तानी दिएको, लागत अनुमान २०७४/०३/०५ मा तयार गरिएकोमा बालुवा र गिट्टीको विल २०७४/३/२६ मा खरिद गरी कार्य सम्पन्न प्रतिवेदन समेत २०७४/३/२६ मा तयार गरेकोले सो कार्य भएकै हो भन्ने आधार नदेखिएकाले आवश्यक छानविन गरी भुक्तानी रकम असुलउपर गर्नुपर्ने देखिन्छ ।

१८. **निर्माण कार्यः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७(१४) बमोजिम गुणस्तर, मितव्ययिता गरी जांचपास गर्नुपर्ने, नियम ९७(७) मा सामाजिक परीक्षण गर्ने व्यवस्था छ । खानेपानी टंकी निर्माण वापत जानकी आधारभुत विधालयलाई रु.६८,३८०।– भुक्तानी गरेकोमा टंकी निर्माण कार्यको लागत स्टिमेट मिति २०७४/३/९ मा तयार गरी कामको मूल्यांकन र कार्यसम्पन्न प्रतिवेदन मिति

२०७४/३/२५ तयार गरेको देखिन्छ । आषाढ महिनामा १५ दिन भित्र खानेपानी ट्याङ्की निर्माण गरेको भन्ने आधार नदेखिएकोले सो कार्यको छानविन गरी यथार्थता यकिन गर्नुपर्ने देखिन्छ ।

१९. **कार्य सम्पन्न :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको काम प्राविधिक मूल्याङ्कन विल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराईसार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ ।चिसापानी कर्नर मार्ग निर्माण उपभोक्ताले पिच तथा ढल निर्माण वापत आ.व.२०६७।६८ मा पेश्की लिई यो वर्ष रु.११,३३,०९०।८८ फछ्यौट गरेको छ । सो कार्यको शुरु मिति २०६७।२।१८ र लागत अनुमान रु.१२,१०,६१६।५३ रहेकोमा रु.११,३३,०९०।८८ खर्च भएको देखिन्छ । प्राविधिकले निर्माण सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदन, समूहको खर्च अनुमोदन पेश नगरेकोले उक्त खर्च यथार्थपरक छ भनी यकिन गर्न सकिएन ।

२०. **साझेदारी विकास कोष तथा गरीबी न्यूनीकरण:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२,२३, ३५ र ३६ बमोजिम यकिन गरी खर्च गर्नुपर्दछ । साझेदारी विकास कोष तथा गरीबी न्यूनिकरण कार्यक्रमको अनुगमन निरीक्षणको नाममा २०७३ फाल्गुण देखि कार्यकारी अधिकृत लगायतका कर्मचारीहरुलाई मासिक रुपमा यातायात खर्च भनी रु.७४,०००।- भुक्तानी दिएको पाइयो । विगत ४/५ वर्ष देखि उक्त कार्यक्रमको नामबाट कुनै लगानी गरेको पाइएन । यो वर्ष व्याज असुली रु.१,२७,३६८।– रहेको छ र भाखा नाघेको ऋण रु.२६,८८,२८५।– रहेको मा ऋण उठाउन कुनै पहल गरेको देखिदैन । उक्त कार्यक्रमको लागि छुट्टयाईएकोरु.१ करोड निष्कृय रहेको स्थितिमा अनुगमन र निरीक्षणको नाममा लिएको उक्त रकम जायज देखिएन ।

२१. **निजी संस्थाको भवन निर्माण**: आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार कार्य सम्पन्न र लागत अनुमान स्वीकृत गरी निर्धारित कार्यमा खर्च गर्ने व्यवस्था छ । आमा मिलन केन्द्रले जेष्ठ नागरीक स्याहार दिवा सेवा सञ्चालन गर्ने कार्यक्रमको लागि भवन बनाउँदा लागत अनुमान रु.८,७२,५२६।– मध्ये महानगरले ६० प्रतिशत हुन आउने रु.५,२२,५२६।- र आमा मिलन केन्द्रले रु.३,५०,०००।- खर्च व्यहोर्ने संझौता भएकोमा निर्माण कार्य सम्पन्नपछिरु.५,२२,५२६।- भुक्तानी भएको छ । आमा मिलन केन्द्रको २०७३/१२/२१ को निवेदनमा रु.५ लाख सहयोग माग गरिएकोमा रु.५,२२,५२६।- भुक्तानी भएको, जेष्ठ नागरिक दिवा सेवाको कार्यक्रम प्रस्तावना नभएको, आमा मिलन केन्द्र र आमा मिलन बहुउद्धेश्यिय वचत तथा ऋण सहकारी संस्थाकासंचालक र पदाधिकारी एकै भएको, आमा मिलन केन्द्रलाई आमा मिलन बहुउद्धेश्यिय बचत तथा ऋण सहकारी संस्था (निजी एवं नाफामुलक संस्था) को नाममारहेको जग्गामा घर वनाउन महानगर बाट सहयोग गर्ने कार्य कानुनसम्मत देखिएन ।

२२. **निर्माण कार्य:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७(१४) बमोजिम गुणस्तर, मितव्ययिता गरी जांचपास गर्नुपर्ने, नियम ९७(७) मा सामाजिक परीक्षण गर्ने व्यवस्था छ । काँहुखोला घट्टेखोला कालोपत्रे पिच बाटो निर्माण समितिद्धारा निर्माण गरेको बाटो को पहिलो किस्ता रु.१७,९०,७००।- पेश्की हुँदाहुँदै गुणस्तर मापन एवं सार्वजनिक परीक्षण नगरी दोश्रो किस्ता बापत रु.२०,००,०००।- थप पेश्की दिएको पाइयो । यसरी प्रक्रिया नपुऱ्याई दोस्रो किस्ता उपलब्ध गराउनुको औचित्य पुष्टी हुन सकेन । तसर्थ सामाजिक परीक्षण गरी भुक्तानी गरिनु पर्दछ ।

२३. **टुक्रा पारी खरिद:** सार्वजनिक खरिद ऐनको दफा ८ बमोजिम प्रतिस्पर्धि न्यून गर्ने गरी टुक्रा टुक्रामा खरिद गर्न नमिल्ने उल्लेख छ । बिबिध योजना अन्तर्गत प्यासफिक सुपर टेक प्रा.लि. लाई नक्सा शाखाको कम्प्युटर सफ्टवेयर्स आधुनिकरणका लागि २ पटक काम दिई एउटै चेक बाट रु.९,७७,२५७/- भुक्तानी दिएको र सार्वजनिक खरिद ऐनको दफा ८५ को १ ख को प्राबधान छल्न एउटै कामको लागि रु.५ लाख भन्दा कमको २ वटा काटेसन लिई काम गरेकाले नियमित मान्न सकिएन ।

२४. **प्रमाण कागजात:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्चको विल भरपाई पेश गर्नुपर्ने व्यवस्था छ । शहरी गरीबी न्यूनिकरण तथा सामाजिक परिचालन कार्यक्रम अन्तर्गत अनुगमन/निरीक्षणको लागि रु.१,२०,०००।- खर्च गरेकोमा निर्णय मिति, प्रतिबेदन, स्वीकृति बेगर कार्यकारी अधिकृत समेत ८ कर्मचारीहरुले अनुगमन नियमनको नाममा खाजा खर्च भनी लिएको रकमको औचित्य पुष्टि हुन नसकेकोले प्रमाण कागजात पेश हुनुपर्ने देखिन्छ ।

२५. **प्रमाण कागजात:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा खर्चको विल भरपाई पेश गर्नुपर्ने व्यवस्था छ । शहरी गरीबी न्यूनिकरण तथा सामाजिक परिचालन कार्यक्रम अन्तर्गत अतिरिक्त काम गरे बापत रु.१,०८,३००।-भुक्तानी गरेकोमा भुक्तानी दिने औचित्य र आधार पुष्टिहुने निर्णय मिति, प्रतिबेदन, स्वीकृति बेगर कार्यकारी अधिकृत समेत ९ कर्मचारीले अनुगमन नियमनको नाममा खाजा खर्च भनी लिएको रकमको औचित्य पुष्टि हुन नसकेकोले प्रमाण कागजात पेश हुनुपर्ने देखिन्छ ।

२६. **नाफामूलक सहकारीलाई अनुदान खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा विल भरपाई सहितको स्रेस्ता राख्नुपर्ने व्यवस्था छ। महिला आधार बचत तथा ऋण सहकारी संस्थालाई महिलाको लागि सहकारी आधारभुत व्यबस्थापन तालिमका लागि रु.९१,१००।- भुक्तानी दिएको पाइयो । बचत तथा ऋण सहकारी संस्था नाफामूलक संस्था भएकोले आफ्ना सदस्यहरुलाई सहकारीको बारेमा आधारभूत ज्ञान एवं चेतना जगाउने सहकारीको स्वयंको दायित्व रहन्छ । नाफा मुलक सहकारीलाई तालिमको नाममा भुक्तानी दिएको नियमसंगत देखिएन ।

२७. **प्रतिस्पर्धा बेगर कार्यः** हल्लनचोकदेखि बुलौदी सम्म रोड डिभाईडर राख्नका लागि पोखरा उद्योग बाणिज्य संघसंग रु.२१,९९,२७७।- मा सम्झौतागरी भुक्तानी दिएकोमा पोखरा उद्योग बाणिज्य संघ उपभोक्ता समिति भै कार्य गरेको औचित्य पुष्टि हुन सकेन । साथै उक्त काम उद्योग बाणिज्य संघले बबि निर्माणसेवा पोखरा (भ्याट नं. ३०००१४१३६) लाई विना प्रतिस्पर्धा ठेक्का लगाएको कुरा संलग्न कागजातबाट देखिन आएकोले उद्योग बाणिज्य संघ बिचौलियाको भूमिकामा देखियो । त्यसैले यसरी गरेको कार्यमा गरिएको खर्चको कानूनसम्मत देखिएन ।

२८. **टुक्रा पारी खरिदः** सार्वजनिक खरिद ऐनको दफा ८ बमोजिम प्रतिस्पर्धि न्यून गर्ने गरी टुक्रा टुक्रामा खरिद गर्न नमिल्ने उल्लेख छ। मल्ल फर्निचर उद्योग लाई कार्यालयको फर्निचर खरिद गरे बापत एउटै भौचर र चेक बाट एकमुष्ट रु.८,८४,२६०।- भुक्तानी दिएकोले उक्त खर्च नियमित देखिएन ।

२९. **दोहोरो भुक्तानी :** शहरी गरीबी न्यूीनकरण तथा सामाजिक परिचालन कार्यक्रम अन्तर्गत सबिता ढुङ्गानालाई रु.२३,०००।-, मनकला खनाललाई रु.१६,६००।-, पूर्ण बि.क.लाई रु.७,७५०।- भुक्तानी दिएकोमा संलग्न विवरण अनुसार बित्त अधिकृत सबिता ढुङ्गाना २०७३/९/२१ देखि २०७३/९/२७ सम्म नेपाल रेडक्रस सोसाईटिको आयोजनामा ब्रजवाराहि ललितपुरमा उत्थानशिल नगर प्रबर्द्धन र सहभागिता कार्यक्रममा भाग लिँदा दैनिक भ्रमण भत्ता सहित आतेजाते सम्पूर्ण खर्च नेपाल रेडक्रस सोसाइटीले व्यहोरेको हुँदा दोहोरो भुक्तानी भएको, ना.सु. मनकला खनाल र सहयोगि पूर्ण बि.क.को भ्रमणको उदेश्य उल्लेख नभएकोले उक्त खर्च असुल हुनुपर्दछ ।

३०. **शीर्षकबेगरआम्दानी :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १०(२) बमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा लेखा राख्नुपर्ने र दफा ११ बमोजिम रितपूर्वक लेखा राख्नुपर्ने व्यवस्था छ ।संचितकोष खातामा रु.३५,५८,७३०।९६ बैक स्टेटमेण्ट अनुसार आम्दानि जनाएको देखियो। बिना आय शीर्षक स्टेटमेण्ट अनुसार आम्दानि जनाएकोले कुन शीर्षकबाट कति आय भयो भनि यकिन हुन नसकेकोले यकिन गर्नुपर्ने देखिन्छ ।

३१. **सौर्यवत्ति जडानः** सार्वजनिक खरिद नियमावलीको नियम १० बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । लाभान्वित समूह एवं श्रम मुलक व्यक्ति नभएको अवस्थामा समेतसौर्य बत्ति जडान कार्यक्रमका लागि पोखरा उद्योग बाणिज्य संघलाई रु.२०,००,०००।- भुक्तानी गरेको पाइयो । उपलब्ध कागजहरु जांच गर्दा स्वशासित क्षेत्र तिव्वत र पोखरा लेखनाथ महानगरपालिकाबीच १,००० थान सौर्य बत्ति अनुदान उपलब्ध गराई जडान समेत गर्ने गरी सम्झौता भएको देखिन्छ। सम्झौतामा रु.६ हजारका दरले जडान गर्ने उल्लेख भएकोमा काम शुरु गरेपछि ठेकेदारले उक्त काम गर्न मन्जुर नगरेको भनी जिल्ला दररेट रु.८,५००।- भएकोले जिल्ला दररेट अनुसार दिने गरी उद्योग बाणिज्य संघसँग पुरक सम्झौता गरी रु.२० लाख भुक्तानी गरेको देखियो । प्रति पोल रु.६ हजारमा काम लगाई सम्झौता गरी सकेपछि पुन जिल्ला दररेटलाई आधार मानी प्रति पोल रु.२,५००।०० बढी खर्च भएको छ । साबिक उपमहानगरपालिका आफैले नगरी वा प्रतिस्पर्धात्मक रुपमा बोलपत्रबाट नगरी उद्योग बाणिज्य संघबाट कार्य गराउनु नियम बिपरीत देखिन्छ ।

३२. **अन्य निकायको खर्चः** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७(२) बमोजिम अन्य निकायको खर्च लेख्न नमिल्ने व्यवस्था रहेकोमा मालपोत कार्यालयलाई मर्मत, रङरोगन, स्टेशनरी खरीद तथा छपाई आदि कार्य गर्न रु.५ लाख भुक्तानी दिएको पाइयो । नेपाल सरकार अन्तर्गतका कार्यालयलाई कार्यालय सञ्चालन गर्न सम्बन्धित निकायबाट शीर्षकगत निकासा हुने अबस्थामा मालपोत कार्यालय सन्चालनार्थ दिएको रु.५ लाखको लेखापरीक्षण भएको पमाण वा विल भरपाई पेश गर्नुपर्ने देखिन्छ

३३. **परिषद्को निर्णय बेगर खर्चः** अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७१ बमोजिम नर्म्स बनाई खर्च गर्नुपर्ने र अनुगमन प्रस्तावना (बजेट र कार्यक्रम) स्वीकृत गर्नुपर्ने र अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । वातावरण मैत्री स्थानीय शासन EFLGकार्यक्रमको अनुगमन गरेको भनी रु १,००,०००।- खर्च भएकोमा परीषदबाट निर्णय भएको नदेखिएकोले उक्त खर्च अनियमित देखिन्छ ।

३४. **सूचीकृत र दरभाउपत्रः** सार्वजनिक खरिद नियमावली, २०६४ मा सुचिकृतसम्बन्धी व्यवस्था छ । कार्यालयले सूची दर्ता बेगर विविध योजना शीर्षकबाट समुन्द्र कन्सट्रक्सनलाई अफिस मेन्टीनेन्स कार्यको

लागि रु.४५८,०४०/- भुक्तानी गरेकोले उक्त कार्य अनियमित देखिन्छ ।

३५. **बैंक हिसाब मिलानः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६० बमोजिम अनुसूची २३ को ढाँचामा कार्यालयको प्रत्येक महिना बैंक हिसाब समायोजन विवरण तयार गर्नुपर्दछ । कार्यालयले विगत आ.व. तथा चालू आ.व.को.समेत आषाढ मसान्तमा श्रेस्तामा देखाएको मौज्दात र बैंक स्टेटमेन्ट अनुसार मौज्दात फरक पाइयो । कार्यालयमा बैंक हिसाव मिलान विवरण तयार गर्ने गरिएको छैन । बैंकमा बढी देखिएको रकम यकिन गरी आम्दानी नबाँधेका कारण श्रेस्ता र बैंक बीच फरक देखिएकोले उक्त फरक रकम बैंक हिसाब विवरण तयार गरी यकिन गरी श्रेस्तामा आम्दानी बाँध्नु पर्दछ।

३६. **सम्झौता कार्यान्वयन तथा अनुगमनः** स्थानीय स्वायत्त शासन ऐन, २०५५, नियमावली, २०५६ बमोजिम ठेकेदार र कार्यालयबीच भएको सम्झौताको शर्त बमोजिम अनुगमन हुनुपर्दछ । कार्यालयबाट अनुगमन गर्ने गरेको देखिएन । प्रभावकारी अनुगमनको कमिका कारण आन्तरिक आय असुलीमा कमी हुने तथा आय बक्यौता बढ्ने देखिन्छ । यस्तै पार्किङ्ग, फोहोर मैला, निकासी हुने बस्तुको परिमाण नियन्त्रणको सम्बन्धमा प्रयोग भएका नगदी रसिदको अर्धकट्टीको अभिलेख राखेको छैन । जसले गर्दा ठेकेदारबाट महानगरपालिकाले तोकेको दरमै शुल्क तथा दस्तुर असुल गरे नगरेको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था नभएकोले अर्धकट्टीको अभिलेख राख्ने र अनुगमन गरी प्रतिवेदन दिई सम्झौताको पूर्ण कार्यान्वयनको यकिन गर्नुपर्दछ

३७. **फुटकर आर्थिक सहायताः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३२ मा स्वीकृत बजेटको परिधिभित्र रही नगरपालिकाले वोर्ड बैठकबाट स्वीकृति नलिई आर्थिक सहायतामा खर्च गरेको पाइयो । कार्यालयले चालू आ.व.मा ११ व्यक्ति तथा संस्थाहरुलाई रु.६६,०५०।० आर्थिक सहायता वितरण गरेको पाइयो । निश्चित मापदण्ड, प्रक्रिया बेगर नै आर्थिक सहायता वितरण गरेकोले मापदण्ड बनाएर मात्र आर्थिक सहायता दिनुपर्दछ ।

३८. **धरौटी जिम्मेवारीः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १७९(३) मा सम्बन्धित स्थानीय निकायले धरौटीको लेखा अद्यावधिक राख्न एक आर्थिक वर्षमा बांकी रहेको धरौटी अर्को आर्थिक वर्षमा जिम्मेवारी सार्नुपर्ने उल्लेख छ । धरौटी फिर्ता गर्दा धरौटीको विवरण बनाई सम्बन्धित व्यक्तिको नामबाटनै सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नुपर्नेमा विभिन्न व्यक्तिहरुको नाममा एकमुष्ट धरौटीको हिसाव राख्ने र सोही हिसावबाट धरौटी फिर्ता हुंदा धरौटी फिर्ताको यकिन गर्नुपर्ने देखिन्छ ।

३९. **भ्रमण बिलः** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने कर्मचारी वा पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूचि-६ वमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । कर्मचारीलाई दैनिक भ्रमण भत्ता वापत रु.१७,८००।- र रु.९,५००।- भुक्तानी दिएकोमा बसको बिल, भ्रमण प्रतिबेदन संलग्न नभएकोले उक्त खर्च रु.२७,३००।– अनियमित देखिन्छ ।

४०. **मू.अ.कर दर्ता नभएकासँग खरिदः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४अनुसार स्थानीय निकायले खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । बैशाख, ज्येष्ठ र आषाढ महिनाको महिनाको खरिदको छनौटको आधारमा परीक्षण गर्दा मूल्य अभिवृद्धि करमा दर्ता नभएका फर्मसंग खरिद कार्य गरेको देखिन्छ । तसर्थ कानूनी व्यवस्थाको पालना गरिनु पर्दछ ।

४१. **जनसहभागिताः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(ग) अनुसार प्राविधिकले लागत अनुमान तयार गर्दा जनसहभागिताको अंश समेत किटानी साथ उल्लेख गर्नुपर्दछ । यस्तो लागत अनुमानको रकममा मूल्य अभिवृद्धि कर, ओभरहेड तथा कन्टीन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरी उपभोक्ता समितिलाई काम दिनुपर्ने र साथै जनसहभागितामा आधारित विकास कार्यक्रमको कार्यक्रम सन्चालन निर्देशिकामा उपभोक्ता समितिबाट सार्वजनिक निर्माण सम्बन्धी कार्य गराउँदा जनसहभागिताको अंश न्यूनतम २० प्रतिशत हुनुपर्ने उल्लेख भएकोमा कार्यालयले उपभोक्ताको अंश २० प्रतिशत भन्दा घटी हुनेगरी लागत अनुमान तयार गरी कार्य गराएको पाइयो ।

४२. **सार्वजनिक परीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१ अनुसार सार्वजनिक भौतिक पूर्वाधार विकास कार्यक्रमहरुको सार्वजनिक परिक्षण गर्नुपर्नेमा काँहुखोला घट्टेखोला बाटो निर्माण योजनामा रु.४०,३३,४१२।-, वडा महिला समन्वय समितिलाई ६ दिने तालिम सञ्चालन गरेको खर्च रु.७०,०००।-, स्वाबलम्बन जिवन पद्धति समाज नेपाललाई वातावरणमैत्रि कार्यक्रम र तालिम सञ्चालनमा रु.९०,०००।-, मातृशिशु मितेरी अस्पताललाई रु.१३,५६,५०३।-, डंडालिथर कार्कीथर लस्करे बाटो निर्माण तथा नाला निर्माणलाई रु.८,८५,७८६।-, महिला समन्वय समिति लाई रु.९०,०००।-, नेपाल मौरीपालक महासंघलाई मौरीपालन तालिम कार्यक्रममा रु.१,५०,०००।- ताल बाराहि मा.बि.

लाई रु.४,८०,९५३।-, कुडहरचोक अन्नपूर्ण मार्ग वडा नं. १२ लाई कंक्रिड रोड कन्सट्रक्सनका लागि रु.९,२६,७०३।-, जलकुम्बी झार हटाउँने योजनाको लागि रु.३,९३,६४७।-, हाम्रो परीवर्तन नेपाललाई बृक्षारोपण कार्यक्रमको लागि रकम रु.३,६५,५००।-, कालिमाटी शान्ति स्तुपा टोल विकास संस्थालाई पार्क निर्माण योजनाको लागि रु.१८,९७,१३३।- भुक्तानी दिएकोमा सार्वजनिक परीक्षण गरेको देखिएन ।

४३. **उपभोक्ता समितिको कार्य:** सार्वजनिक खरिद निमयावली, २०६४ को नियम ९७(१) मा रु.१ करोड सम्म लागत अनुमान भएको श्रममुलक कार्य उपभोक्ता समितिबाट गराउन सक्ने व्यवस्था छ । नियममा भएको व्यवस्था विपरित सोलार जडानको लागि स्वाभिमान उर्जा विकास कम्पनी लाई रु.१,३६,२५,४४०।- भुक्तानी दिएको देखियो । नगरपालिका र उपभोक्ता समितिसँग भएको सम्झौता अनसार आपुर्तिकर्ताको कार्य अनुभब, बैकल्पिक उर्जा केन्द्रमा सूचिकृत, सोलारको वारेन्टी, स्पेसिफिकेसन, उपभोक्ताको योगदान, सार्वजनिक परिक्षण गरेको देखिएन भने बिक्रिपछिको सेवा समेत भुक्तानी भएकोले उक्त कार्य कानूनसम्मत देखिएन ।

४४. **पेश्की बांकी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७६ मा पेश्की फछ्र्यौट सम्बन्धी व्यवस्था रहेको छ । कार्यालयबाट पेश भएको विवरण अनुसार गत बर्षको पेश्की जिम्मेवारी रु.१६३,०५९,७२८।– रहेकोमा यस वर्ष पेश्की रु.६०,५५१,५२३।०० फछ्र्यौट भै चालू आ.व.को पेश्की रु.१५,५९,३७,१६९।– मध्ये रु.४,५७,५६,४३०।–फछ्र्यौट भई बर्षान्तमा रु.२१,२६,८८,९४४।–फछ्र्यौट हुन बांकी रहेको देखिन्छ। उक्त पेस्की नियमानुसार व्याज सहित असुल फछ्र्यौट गर्नुपर्दछ ।

४५. **बैक मौज्दात फरक:** महानगरपालिकमा भएका बैंक खाताहरुको स्टेटमेन्ट लिई कम्तिमा हरेक महिना हिसाव मिलन गर्नुपर्नेमा सो गरिएको पाइएन । २०७३श्रावण १ मा नेपाल राष्ट्र बेंकको बैंक स्टेटमेन्ट र लेखाले राखेको बैंक लेजरमा रु.११,६८,३७३।८९मौज्दात फर परेको देखिएकोले वैंक हिसाव मिलान विवरण पेश हुनुपर्दछ ।

४६. **राजस्व :** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार आर्थिक बर्ष समाप्त भएको ३५ दिनभित्र राजस्व लगत, असुल हुन बांकी रकम समेतको आर्थिक विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । राजस्व शाखाले ऐन, नियम अनुसार अद्यावधिक लेखा राखी राजस्वको आर्थिक विवरण पेश नगरेका कारण राजस्व विवरण यथार्थपरक हुन सकेको छैन । महानगरापलिकाले उठाउनुपर्नेराजस्वको मुल आधार तयार गरेको देखिएन । करदाताले घोषणा गरेको विवरणको आधारमा कर निर्धारण गर्ने गरेको पाइयो । करदाता स्वयं उपस्थित भई कर तिरेमा मात्र कर लिने अन्यथा कानून बमोजिम कर उठाउने संयन्त्रको विकास भएको पाइएन ।

४७. **राजस्व र सूचना प्रविधि सफ्टवेयर:** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १०(२) बमाजिम कारोवारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृति ढांचामा राख्नु पर्ने र सो ढांचा स्वीकृती गराउने र लागू गराउने कर्तव्य महालेखा नियन्त्रकले गर्नुपर्ने उल्लेख छ । तर महानगरपालिकाले महालेखा परीक्षकको स्वीकृती बेगर राजस्व र सूचना प्रविधि सफ्टवेयर प्रयोगमा ल्याएको देखिन्छ । सफटवेयर प्रयोग सम्बन्धमा देखिएका वयहोरा निम्नानुसार छन् ।

४७.१. सफ्टवेयमा कुन कुन राजस्व शीर्षकमा कति दर लगाउने, वार्षिक अनुमान र सो मध्ये अशुली, बक्यौताको अभिलेख व्यवस्थित नभएको,

४७.२. सफ्टवेयरले कार्यस्थलबाट समेत हेरफेर गर्न सक्ने प्रक्रिया रहेको, प्रयोगकर्ताले परिवर्तन पूर्व माथिल्लो अधिकारीको स्वीकृति लिई गर्नुपर्ने व्यवस्था नभएको,

४७.३. करदाताले पेश गरेको विवरण महानगरपालिकाका कर्मचारीहरुले स्थलगत निरीक्षण गरी यकिन गर्ने नगरेको,

४७.४. सफ्टवेयरमा आवश्यक सूचनाहरु राखिसकेपछि करदाताको करदायित्व स्वतः देखिनुपर्नेमा कर लिने व्यक्तिको तजविजमा सजिलै परिवर्तन समेत गर्न सकिने व्यवस्था रहेको,

४७.५. सफ्टवेयरमा Audit Trail नरहने भएकाले कुन समयमा कति भौचर मेटाईए, परिवर्तन गरिए सो को यकिन गर्न नसकिने,

४७.६. एकैप्रकारको करदातालाई समेत कसैलाई धेरै कर र कसैलाई कम कर लिने गरेको,

४७.७. करदाताको छुट्टै फायल तयारगरी सम्पूर्ण विवरणहरु अध्यावधिक राख्ने नगरेको,

४७.८. IT Security को आवश्यक व्यवस्था, प्रवन्ध नभएको,

४७.९. दैनिक रुपमा सफ्टवेयरको व्याकअप लिने नगरेको,

४७.१०. करदाताको विगत बर्ष बुझाएको करको विवरण र सुचनाहरु जुनसुकै बेला परिवर्तन गर्न सकिने, हटाउन सकिने व्यवस्था समेत रहेकोले विश्वसनियतामा प्रश्नचिन्ह उठ्ने गरेको,

४७.११. कर्मचारीहरुले सफ्टवयेर चलाउन IT Policy तयार गरी लागू नगरेको,

४७.१२. लेखामा र राजस्वमा छुट्टा छुट्टै सफ्टवेयर प्रयोग गरिकोले लेखा र राजस्व शाखाले दिने प्रतिवेदन नभिडेको अवस्था रहेको छ । तसर्थ राजस्वमा प्रयोगमा ल्याईएको सफ्टवेयर विश्वासयोग्य, भरपर्दो र यथार्थपरक नरहेकोले महानगरपालिकाको राजस्व असुली दाखिला यथार्थ चित्रण गर्न नसक्ने परिस्थितिमा रहेकोले यसमा सुधार गरिनु पर्दछ ।

४८. **मालपोत कर तथा घर जग्गा कर:** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १३९ र नियमावली, २०५६ र नेपाल सरकारको निर्णयानुसार मालपोत तथा घर जग्गा वापत नेपाल सरकारले उठाएको रकम ५० प्रतिशत स्थानीय निकायले पाउने व्यवस्था छ । पोखरा लेखनाथ महानगरपालिकाले यस आ.ब.मा उठन बांकी वक्यौताको लगत तयार गरी सोहि अनुसारको एकीकृत सम्पत्ति कर असूल गर्नुपर्नेमा सो लगत तयार गरेको देखिएन । लगत यकिन नभएको हुंदा महानगरपालिकाले कुल लगत रकमको कति प्रतिशत मालपोत तथा घरजग्गा कर उठ्न बांकी रहेको छ भन्ने कुराको यकिन गर्न सकिएन । महानगरपालिकाले लगत नराख्ने र मालपोत तथा घरजग्गा कर बुझाउन आउनेले दिएको विवरणको आधारमामात्र मालपोत तथा घरजग्गा कर असुल गर्ने गरेकोले कर नतिरेका कर दाता हरुलाई ताकेता गरी समयमानै कर उठाउन सकेको देखिएन । करदाताहरुलेएकै पटक धेरै वर्षको मालपोत तथा घरजग्गा कर कार्यालयमा बुझाउन आउने भएकाले महानगरपालिकाले जरिवाना रकम पनि लिनेगरेको पाइयो तर करदाताले तिरेको जरीवाना रकमलाई कुनै वडा कार्यालयले राजस्वमै गाभ्ने र कुनै वडा कार्यालयले जरिवानामा दखोउने गरकोले मालपोत तथा घरजग्गा करमा देखिएको रकम पूर्ण रुपमा कर मात्र हो भन्न सक्ने स्थिति देखिएन ।

४९. **व्यवसाय कर:** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १३८ बमोजिम व्यवसाय कर असुल गर्ने व्यवस्था छ । महानगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकिएको व्यापार व्यवसाय वा पेशामा पूजिंगत लगानी र आर्थिक कारोबारको आधारमा तोकिए बमोजिम व्यवसाय कर लगाई असुल गर्न सक्ने व्यवस्था रहेको छ । महानगरपालिकाले व्यवसाय कर असुल गर्नुपर्ने व्यवसायिहरुको लगत राखी राजस्व असुल गर्ने गरेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पूर्ण व्यवसायिहरुबाट कर रकम असुल गरीएको पाइएन । महानगरपालिकाले प्रत्येक सालमा कर असुली नभएको व्यवसायी करदाताको अभिलेख खडा गरी कानूनी प्रक्रिया मार्फत कर रकम असुलि गर्न र आन्तरिक राजस्व कार्यालयसंग महानगरपालिका क्षेत्र भित्रका व्यवसायीहरुको अभिलेख माग गरी सम्पूर्ण व्यवसायीहरुलाई महानगरपालिकाले लगाएको करको दायरामा ल्याउनुपर्ने देखिन्छ ।

५०. **सवारी दर्ता तथा वार्षिक सवारी कर:** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १३९ बमोजिम सवारी कर लिने व्यवस्था छ । महानगरपालिकाले आफ्नो क्षेत्रभित्रका तोकिएको सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम पटके सवारी कर लगाउन सक्ने प्रावधान रहेको छ । महानगरपालिकाले विगतका वर्षहरुमा यातायात व्यवस्था कार्यालयसंग समन्वय गरी सवारी दर्ताकर उठाउने गरेको भएतापनि लेखापरिक्षणको क्रममासोधपुछ गर्दा यातायात विभागमा दर्ता हुने सबै सवारीहरबाट कर उठने नगरेको पाइयो । सवारी साधनको संख्या दिनप्रनिदिन बढी रहेको अवस्थामा सवारी कर असुलिमा अझ वृद्धि हनुपर्नेमा सो नभएको हुदा महानगरपालिकाले यातायात व्यवस्था कार्यालयसंग अविलम्ब समन्वय गरि हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ

५१. **घरवहाल कर:** स्थानीय स्वायत्त शासन ऐन अनुसार आफनो क्षेत्रभित्रको घर,पसल, गोदाम,टहरा, कारखाना, जग्गा एवं पोखरी पुरै वा आंशिक रुपमा वहालमा दिएकोमा सम्वन्धित धनिबाट वहाल रकमको बढीमा २ प्रतिशत सम्म बहालकर लिन सक्ने व्यवस्था छ ।महानगरपालिकाले बहालमा राखेका करदाताहरुको लगत अद्यावधिक गरेको देखिएन । कर तिर्ने व्यक्ति, फर्म, संस्था, वा कम्पनि आफैले आफ्नो वहाल आम्दानि देखाई कर दाखिला गर्ने गरको पाइयो । बहालकर तिर्ने व्यक्ति, फर्म, संस्था, वा कम्पनीको छुट्टा छुट्टै खाता बनाई कर तिरेको रकम, मिति सम्बन्धित खातामा चढाउने प्रावधान रहेको भएतापनि लेखापरिक्षणको क्रममा करदाताले तिरेको विवरण सम्बन्धित खातामा बर्षौ देखि नचढाइएको हुनाले नियमित कर बुझाउने कर दाताको पहिचान हुन सकेन ।

५२. **मनोरञ्जन कर:** स्थानीय निकाय ऐनको दफा १४५ अनुसुची १७ बमोजिम सिनेमाहल, भिडियो हल, सांस्कृतिक प्रदशर्न हल, संगित थिएटर मनोरञ्जन प्रदर्शन स्थल ऐतिहासिक स्थलको प्रवेश शुल्कमा २ देखि ५ प्रतिशत सम्म कर लिन सक्ने व्यवस्था भएतापनि आ.व. २०७३।७४ मा महानगरपालिकाले कुनैपनि कर संकलन गरेको पाइएन । बक्यौता तथा चालू आ.व.मा शीर्षकमा रकम नउठ्नुले कर उठाउन तर्फ उचित कदम नचालिएको देखिन्छ ।

५३. **सम्पत्ति कर:** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को परिच्छेद ८ को दफा १३६ बमोजिम

महानगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्रको प्रत्येक घर जग्गामा नगरपरिषद्बाट पारित भए बमोजिम घर आधार बनोट र सोले चर्चेको हाता कम्पाउण्ड उपर र नगर क्षेत्र आधारमा भूमिकर र सम्पत्ति कर लगाउने व्यवस्था छ । तर महानगरले उपरोक्त व्यवस्था अनुसार कास्कीको न्यूरोडको घरजग्गा र दुर्गम क्षेत्रको जग्गा एउटै मूल्यांकन गर्ने गरेको, अघिल्लो वर्षहरुको घर जग्गा कर असुली भए नभएको यकिन नगरी चालू आ.व.को मात्र घर जग्गा कर लिने गरेको, कर प्रणालीमा आधारित भई स्थलगत एवं नक्सा अध्ययन क्षेत्र यकिन गरी कर निर्धारण नगरी मौखिक रुपमा कर दातालाई सोधी कर निर्धारण गर्ने गरेको देखिएकोले उल्लेखित सन्दर्भमा सम्पत्ति कर प्रणालीमा सुधार गरी असुल गर्नुपर्ने राजस्व असुल गर्नुपर्ने देखिन्छ ।

५४. **राजस्व व्यवस्थापन:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १८ बमोजिम राजस्व रकम वैंक दाखिला गर्ने, गराउने र लेखा राख्ने, राख्न लगाउने उत्तरदायित्व कार्यालय प्रमुख मार्फत लेखा प्रमुखको हुने उल्लेख छ । सोही नियमावलीको नियम १०, ११, १३ र १५ ले विवरण तयार गर्ने, कार्यालय प्रमुखले निरीक्षण गर्ने, प्रतिवेदन तयार पार्ने, लेखा अद्यावधिक गर्ने जस्ता व्यवस्था छ । महानगरपालिकाले हालसम्म वैंक हिसाव विवरण तयार नगरेको, लेखा दाखिला र उठेको रकम फरक पारेको, वैंकले आधिकारिक निर्देशन विना नै रिभर्स गरेको, उठाउनु पर्ने राजस्व यकिन नगरी कर दाताले तिरेको राजस्व अन्तिम मानेको, कर निर्धारण र उठाउने व्यक्ति एउटै रहेको, घरजग्गा कर वैज्ञानिक र प्रगतिशिल नभएको, कम्प्यूटर सफ्टवेयर Excel sheet बराबर रहेको, करको दर सामान्य अप्रेटरले परिवर्तन गरी कर हेरफेर गर्न सकिने व्यवस्था रहेको एवं करिव रु.१ अर्ब १० करोड राजस्व अस्थायी अधिकृतको जिम्मेवारीमा रहेको छ । उठनुपर्ने कर नउठेको, घटी उठेको, कर निर्धारण कानून सम्मत गरेको नपाइएकोले महानगरपालिका वोर्डले कर सम्बन्धमा छानविन गरी व्यवस्थित बनाउनुपर्ने देखिन्छ ।

५५. **दैनिक आम्दानी र बैंक मौज्दात फरक:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० ले राजस्व लेखा अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । राजस्व दाखिलाको बैंक स्टेटमेन्ट र कार्यालयको राजस्व लेजर हिसावको दैनिक हिसाव मिलान गर्ने गरेको देखिएन । २०७३ माघ १७ गतेको आम्दानी परीक्षण गर्दा बैंक भौचर अनुसार रु.१६,९१,८३४।– आम्दानी रहेकोमा राजस्व शाखाले रु.१६,८७,९७७।– मात्र देखाएकोले रु.३,८५७।– फरक देखिएको छ भने २०७३ मंशीर १ गतेको आम्दानी परीक्षण गर्दा बैंक भौचर अनुसार रु.३६६,४०१।– आम्दानी रहेकोमा राजस्व शाखाले रु.३४८,५७४।– मात्र देखाएकोले रु.१७,८२८।– फरक देखिएकोले हरेक दिनको बैंक दाखिला आम्दानी र लेखा अनुसार लेखांकन गरिएको आम्दानीको हिसाव छानविन गरी हिसाव मिलान गर्नुपर्ने देखिन्छ ।

५६. **बढी कर असुली:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९ बमोजिम राजस्व असुली र दाखिला गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले नियमावलीको उपरोक्त व्यवस्थाको उपेक्षा गरी राजस्व असुल गरेको केही उदाहरण निम्नानुसार छन,

५६.१. गणेश प्रसाद आचार्यको २०७३।७४ सम्मको एकीकृत सम्पत्ति कर बुझाउंदा बैंकमा रु.१८,०००।०० दाखिला गरेकोमानिजले तिर्नुपर्ने कर जम्मा रु.१६,२००।– को मात्र नगदी रसिद काटेकोले तिर्नुपर्ने रकम भन्दा रु.१,८००।००बढी कर दाखिला भएको देखिन्छ ।

५६.२. अभिषेक श्रेष्ठको नाममा जम्मा भएको कर रकम रु.५,१८४।– को बैंक स्टेटमेन्टमा भएको तर कर शाखाले अम्दानी बांधेको पाइएन । आवश्यक छानविन गरी यथार्थ पत्ता लगाउनुपर्ने देखिन्छ ।

५६.३. रामप्यारी गुरुङ्गको नामबाट रु.२,५२०।– बैंकमा जम्मा गरेकोमा कर शाखाले काटेको विजकबाट रु.३,१५०।० दाखिला गरेको हिसाव राखेकोले सो उपर छानविन गरी यथार्थ पत्ता लगाउनुपर्ने देखिन्छ ।

५६.४. झलक बहादुर के.सी.ले रसिद नं.१८०६३ बाट रु.१६,२००।– एकीकृत कर दाखिला गरेको र कर बीजक काटेको तर निजले बैंक दाखिला रु.२८,९००।– गरेको देखिन्छ । जसअनुसार कर शाखाले करदाताले बुझाएको रकम भन्दा रु.७,९००।– कम दाखिला गरेको देखिन्छ भने कर दाताले बुझाउनुपर्ने कर रकमभन्दा रु.७,९००।– बढी दाखिला गरेको देखिन्छ ।

५७. **राजस्व आम्दनी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९ बमोजिम राजस्व असुली र दाखिला गर्नुपर्ने व्यवस्था छ । आन्तरिक श्रोततर्फको बिभिन्न शीर्षकको आम्दानी बैंक भौचर नराखी रु.४,८३,३६,३३०।१४ आम्दानी बाँधेको र २०७४/३/३१ को बैंक स्टेटमेन्ट अनुसाररु.३५,५८,७३०।३६ आम्दानी बाँधेको तर बैंक स्टेटमेन्ट संलग्न राखेको नदेखिएकोले कुन शीर्षकको के रकम हो खुलाई आबश्यक प्रमाण पेश गर्नुपर्ने देखिन्छ ।

५८. **राजस्व परिचालन:** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १३३ देखि १४८ सम्म राजस्व र नियमावली २०५६ को नियम १४० देखि १४९ सम्म राजस्व प्रणाली सम्बन्धमा व्यवस्थागरेको भने आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६ देखि ८ सम्म राजस्व दाखिला र राजस्व लेखा

सम्बन्धी व्यवस्था छ । राजस्व तर्फको लेखालाई प्रोदभावी लेखा प्रणाली अनुसार राख्नको लागि महानगरपालिकामा प्राप्त हुनु पर्ने तथा दिनुपर्ने रकमको यथार्थ कम्प्युटरकृत बिवरण अनिवार्य रुपमा आवश्यक पर्ने हुंदा हालसम्म पनि राजस्व शाखाबाट करदाताहरुको बिवरण संकलन गर्न शुरु गरिएको पाइएन ।

५९. **राजस्व खाताबाट रकमान्तरः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० देखि १५ सम्ममा राजस्व दाखिला र राजस्व लेखा सम्बन्धी व्यवस्था छ । महानगरपालिकाको राजस्व संकलन गर्न खोलिएको प्राईम कमर्शियल बैंक र मुक्तीनाथ विकास बैंक लि.को खातामा विना प्रमाण र राजस्व शाखाको अख्तियारी विना क्रमशः रु.७,७८,१३२।– र रु.२,७९,२३५।– रकमहरु डेविट भएको देखिन्छ । यस सम्बन्धमा राजस्व शाखामा सोधनीहुंदा चित्तबुझ्दो जवाफ प्राप्त नभएको र राजस्व शाखालाई समेत सोको जानकारी नहुनुले डेविट भएको तत्थ्य खुल्न सकेन । तसर्थ बैंक खाताको विषेश छानविन गरी तत्काल हिसाव मिलान गरी यकिन गर्नुपर्ने देखिन्छ ।

६०. **एकीकृत सम्पत्ति मूल्याङ्कनः** स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ मा व्यवस्था भए बमोजिम महानगरपालिकाले स्थानीय कर, शुल्क, दस्तुर लगायत अन्य स्रोतको परिचालन गर्न सकिने व्यवस्था भए बमोजिम २०७३।७४ कोलागि नगर परिषद्‌बाट पारित एकीकृत सम्पत्ति कर प्रयोजनको लागि जग्गाको मूल्यांकन गर्दा मालपोत कार्यालय कास्कीद्धारा कायम भएको मूल्यांकनको ५० प्रतिशतका दरले मूल्यांकन गरिने व्यवस्था भए बमोजिमे ५ करोडभन्दा बढी सम्पत्ति मूल्यांकन भएका ८६ करदाताको सम्पत्ति मूल्यांकनको परीक्षण गर्दा घटी मूल्याङ्कन भएकोले रु.१,०९,३८,०९२।– असुल गर्नुपर्दछ र अन्य आर्थिक वर्ष र वांकी करदाताको समेत छानविन गरी राजस्व यकिन र असुल गर्नुपर्ने देखिन्छ ।

६१. **जिन्सी व्यवस्थापनः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को दफा २१२ मा जिन्सी मालसामानको लगत तयार गर्ने सम्बन्धि व्यवस्था रहेको छ । जिन्सी शाखा अन्तर्गत रहेका खातापाता, लेजर, भौचर, तथा भौतिक परीक्षण गर्दासार्वजनिक खरिद ऐन अनुसार लागत अनुमान तयार अनुमान तयार नगरेको, बर्षभरि आवश्यक पर्ने सामानको विवरण तयार गरी खरिद नगरेको, बैदेशिक सहायताबाट मालसमान प्राप्त भएपछि सोको विवरण र मूल्य खुलाई जिन्सी किताबमा आम्दानी बांधी मूल्यसमेत खुलेको विवरण पन्ध्र दिनभित्र मन्त्रालय र महालेखा नियन्त्रको कार्यालयमा पठाउनुपर्नेमा नपठाएको, आयकर ऐन २०५८ को अनूसूची २ बमोजिम ह्रास योग्य सम्पतिको वर्गीकरण गरी दफा ३ को उपदफा १ बमोजिमको दरले ह्रास कट्टी गर्नुपर्नेमा सम्पत्तिको ह्रासकट्टी गर्ने नगरेको अवस्था रहेको छ।

६२. **जिन्सी दाखिलाः** रक्षा पुष्प नर्सरीलाई खादा खरिदको रु.३८,१५०।- भुक्तानी दिएकोमा माग फारम, खरिद आदेश र दाखिला नभएकोले नियमानुसार खरिद आदेश र दाखिला रिपोर्ट पेश हुनुपर्ने देखिन्छ ।

६३. **समायोजन भएका स्थाननिय निकायको सम्पत्ति : स**्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ परिच्छेद १० को दफा २१४ मा जिन्सी मालसामानको लगत तयार गर्ने सम्बन्धि व्यवस्था रहेको छ ।साविक पोखरा उपमहानगरपालिका, लेखनाथ नगरपालिका र गाउंविकास समितिका सम्पत्तिहरुको यकिन गरी अभिलेख तयार गर्नुपर्ने देखिन्छ ।

६४. **बरबुझारथः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१५ अनुसार नगद, मालसामान, धरौटी र अन्य रकमको लगत स्रेस्ता आदिको जिम्मा लिने स्थानीय निकायका पदाधिकारी कुनै कारणले पदमुक्त हुंदा वा त्यस्तो निकायको कर्मचारी सरुवा, बढुवा, अवकाश प्राप्त गरी वा अन्य कुनै कारणले अड्डा छोडी जांदा वा सो कामबाट अलग हुंदा निजको बरबुझारथ गर्ने कर्तव्य हुने व्यवस्था रहेकोमासो अनुसार भए गरेको देखिएन ।

६५. **स्थीर सम्पत्तिको अभिलेखः** आर्थिक कार्यविधि निमयावली, २०६४ को नियम ४६ बमोजिम सम्पत्ति जिम्मा लगती र संरक्षण गर्ने व्यवस्था छ । महानगरपालिकले साविक नगरपालिका र गा.वि.स.को स्वामित्वमा रहेका भौतिक सम्पत्ति जग्गा, भवन तथा प्राकृतिक सम्पत्ति, भवन, स्मारक, पाटी, पौवा, सत्तल, धारा, मठ मन्दिर, ताल तलैया आदिको अभिलेख तयार गरेको पाइएन ।

६६. **आन्तरिकलेखापरीक्षण :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १३५ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३६ मा एक करोड भन्दा वढी आम्दानी हुने नगरपालिकामा अधिकृत स्तरको प्रमुख सहित आन्तरिक लेखापरीक्षण शाखाको व्यवस्था गरी नियमित रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था गरिएको हुँदा सोही अनुरुप महानगरपालिकामा शाखाको व्यवस्था भइ आएको देखिन्छ । आन्तरिक लेखापरीक्षण शाखाले सम्पादन गर्दै आएको कार्यहरु मध्ये महानगरपालिकाबाट रु.२५,०००।०० भन्दा वढी रकमको भुक्तानी दिनु पूर्व गरिने पूर्व लेखापरीक्षण (Pre Audit) गरिनुपर्नेमा सो नभएको र राजस्वतर्फको आन्तरिक लेखापरीक्षण भएको पाइएन ।

६७. **वित्तिय व्यवस्थापनः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको नियम २५ बमोजिम तयार गर्नुपर्ने आर्थिक बिवरण मासिक रुपमा तयार नहुँदा, आर्थिक बर्षमा बार्षिक बिवरण समयमानै प्राप्त नभएबाट आर्थिक व्यबस्थापन बिभाग, बजेट तथा लेखा महाशाखाको कार्य प्रगतीलाई सुधारोन्मूख रुपमा आगाडी बढाउन, मूल्यांकन गर्न सकिएको देखिएन । महानगरपालिकाको हरहिसाव प्रोदभावी प्रणालीमा आधारीत लेखा राख्नुपर्नेमा सो गरिएको पाइएन र आन्तरिक लेखापरीक्षणले समेत यस विषयमा उठान गरेको पाइएन जसले गर्दा महानगरपालिको आर्थिक बिवरणले समग्र महानगरपालिकको आर्थिक गतिविधि हरुलाई यथार्थ रुपमा चित्रण गर्न सक्ने देखिँदैन ।

६८. **राष्ट्रिय सभागृहको आम्दानी खर्चः** कार्यालयमा भएका खप्ने सामानहरुको विवरणको सम्बन्धमा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३९ (ख) सँग सम्बन्धित अनुसूची ५१ बमोजिम खप्ने जिन्सी मालसामानहरुको लगत राखि विवरण अध्यावधिक गर्नुपर्ने देखिन्छ ।महानगरले राष्ट्रिय सभागृह राष्ट्रिय सामारिक महत्वको स्थान भएको जहा बिभिन्न प्रकारका कार्यक्रमहरु भई रहने हुंदा कार्यक्रम गर्नको लागि हल बुक गर्दा राखिने धरौटी रकमको फरफाराक हिसाव प्राप्त हुन सकेन । सभागृह सञ्चालनकोलागि लाग्ने खर्च र आम्दानीको छुट्टै हरहिसाव राख्ने नगरेकोले सभागृह सञ्चालन नाफा वा नोक्सानमा कसरी भएको छ यकिन गर्न सकिएन ।

६९. **विज्ञापन करः** महानगरपालिकाले पोखरा उद्योग बाणिज्यसंघ २०७१ श्रावण र २०७३ फाल्गुनमा सम्झौता भएको पाइयो । महानगरपालिकाले खुला प्रतिस्पर्धा नगराई वोर्डको निर्णयले बार्षिक रु.२४ लाख लिने गरी पोखरा उद्योग बाणिज्य संघसंग सम्झौता गर्नुको औचित्य पुष्टी हुन सकेन । आ.व.२०७३।७४ मा विज्ञापन कर वापत जम्मा रु.७,७७,३४४।– मात्र दाखिला भएको देखिन्छ । बांकी कर असुल गर्न महानगरपालिकाले कुनै पहल गरेको पाइएन । विज्ञापन शुल्क उठाउनकोलागि नगरपालिकाले अहिलेसम्मका अपारदर्शी विधि र प्रक्रियाहरु अपनाई गरेका सम्झौताहरु खारेजी गरी नयां प्रक्रिया सुरु गर्नुपर्ने देखिन्छ ।

७०. **फोहोरमैला व्यवस्थापनः** महानगरपालिकले फोहोर व्यवस्थापनकोलागि विना प्रतिस्पर्धा विभिन्न क्षेत्रका विभिन्न कम्पनीहरुसंग सम्झौता गरी फोहोर मैलाको व्यवस्थापन कार्य गर्दै आएको पाइयो। सम्झौता अनुसार महानगरपालिकाको रसिद जारी गरी शुल्क संकलन गर्ने र असुलि भएको शुल्क महानगरपालिकाको राजस्व खातामा दाखिला गर्ने र सो दाखिला गरेपछि ८० प्रतिशत कम्पनीहरुलाईनै फिर्ता गर्ने गरेको पाइयो । कम्पनीहरुसंग सम्झौता अवधि सुरु हुनुभन्दा अगाडिदेखि नगरपालिका आफैले फोहोर उठाउने गरेको अवधिको समेत सेवाग्राहीबाट वांकी शुल्क असुलउपर गर्ने गरेको पाइयो । यस्तो रकमको समेत ८० प्रतिशत सम्बन्धित कम्पनीहरुलाई नै फिर्ता दिने गरेको पाइयो । यस्तो कार्यले नगरपालिकालाई राजस्व संकलनमा ठूलो क्षति भैरहेको सम्बन्धमा आवश्यक छानविन गनुपर्ने देखिन्छ ।

७१. **नगरपालिका साझेदारी विकास कोषः** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १२५ बमोजिम बचत हुने रकम दाखिला गर्नुपर्ने व्यवस्था छ । साविक पोखरा उपमहानगरपालिका र लेखनाथ नगरपालिका अर्न्तगत गरीबी न्यूनिकरण तथा नगरपालिका साझेदारी विकास कोषको कार्यक्रम सञ्चालन भैरहेकोमा पोखरा उपमहानगरपालिका तर्फ ऋण रकम असुली नभएको पाइयो ।

७२. **सोलार पोल विज्ञापन कर संकलन तथा व्यवस्थापन :** पोखरा महानगरपालिका र पोखरा उद्योग वाणिज्य संघ विच सोलार पोलमा विज्ञापन गरी राजस्व उठाउनकोलागि २०७१।२०७२ देखि २०७३।७४ सम्म विना प्रतिस्पर्धा रु.६,६६,६६६।– प्रतिवर्षका दरले २० लाख र प्रत्येक वर्ष १० प्रतिशतका दरले थपिदै जाने संम्झौता गरेकोमा सो कार्य पोखरा उद्योग वाणिज्य संघबाट सुरु नभएकोले नगरपरिषद्को पहिलो बैठकबाट रद्द गरेको भएतापनि नयां प्रकिया सुरु गरी विज्ञापन शुल्क उठाउने तर्फ कुनै कदम नचालेकोले त्यसबाट प्राप्तहुने लाखौ आम्दानी गुमाइरहेको देखिन्छ । साथै सम्झौता बमोजिम सम्झौता अवधिको विज्ञापन कर उद्योग वाणिज्य संघबाट असुली गर्नुपर्ने देखिन्छ ।

७३. **सौर्य सडक वत्ति व्यवस्थापनः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७(२) बमोजिम रु.१ करोडसम्म लागत अनुमान भएको कार्य उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । ९ अगस्ट २०१२ मा सेन्टरफर ईन्क्लुसिभ ग्रोथसंग वाराही चोक देखि हल्लनचोक हुदै न्युरोड सम्म सौर्य वत्ति जडानकोलागि एईपीसीबाट रु.१ करोड ३ लाख ४१ हजार ९७७, लेकसाईड निजीक्षेत्रबाट रु.२१ लाख ७५ हजार ९८३ , सिआईजीबाट अनुदान रु.४५ लाख पोखरा उपमहानगरपालिकाको योगदान रु.४५ लाख गरी रु.२ करोड १५ लाख १७ हजार ९६० मा परियोजन सञ्चालन सम्झौता भएको देखियो । सेवा प्रदायक संस्थाले ३ फेब्रुवरी २०१४ मा प्रेषित गरेको पत्रानुसार नपुग रकम रु.१९ लाख ७० हजार थप पठाएकोमा सौर्यसडक बत्ति व्यवस्थापन तथा निर्माण समितिले पेश गरेको आय–व्यय विवरणमा लेखांकन गरिएको देखिएन भने योजनाको सम्झौतामा उल्लेख भए बमोजिम लेखापरीक्षण गरेको देखिएन। तसर्थ लेखापरीक्षण गराई परियोजना हिसाव पेश नभएको रु.२ करोड १५ लाख १७ हजार ९६०

अनियमित देखिन्छ ।

७४. **निर्माण सम्पन्न योजनाको भौतिक परीक्षण :** लेखापरीक्षणको क्रममा महानगरपालिका अर्न्तगतको सडक सौर्य वत्ति परियोजना अर्न्तगत लेकसाईड, पृथ्विचोक, अमरसिंह चोक हुदै विजयपुरसम्म र अमरसिंह चोकबाट गण्डकी अस्पताल हुदै महेन्द्रपुल सम्मका सौर्यवत्तिका पोलहरुको भौतिक अवस्था परीक्षण गर्दा ८ बटा वत्तिहरु नवलेको, सांग्रीलाबाट स्वस्थ्य केन्द्र जानेबाटोको निरीक्षण गर्दा ठांउं ठांउंमा भत्किसकेको र खोलाको किनारमा भासिएको अवस्थारहेको, पिचको मोटाई १ ईन्चभन्दा कम देखिएकोले सडकको मापदण्ड बमोजिम नरहेको देखिन्छ ।

७५. **फेवाताल संरक्षणः** फेवाताल संरक्षण समिति गठन भएपनि फेवाताल अतिक्रमणमा परेको, जलकुम्भीसमस्या रहेको, नगर क्षेत्रको ढल मिसिएको, २१०० रोपनी जग्गा अतिक्रमण गरेको प्रतिवेदन रहेको, मन्त्रिपरिषद्मा संरक्षण क्षेत्र घोषणा गर्न वन मन्त्रालय पठाएकोमा हालम्म कार्य नभएको र नगरपालिकाले समेत कार्य योजना बनाई अतिक्रमण नियन्त्रण र सुधार गर्न सकेको देखिएन । तसर्थ फेवाताल प्राकृतिक संरक्षण कायम गरिनु पर्ने देखिन्छ । महानगरपालिकाले फेवातालबाट प्राप्तहुन सक्ने लाभ सम्बन्धमा अध्ययन गरी राजस्वमा वृद्धि गर्नकोलागि गर्न सकिने परियोजनाहरु सञ्चालन गर्नपर्ने देखिन्छ ।

७६. **महानगरपालिका पर्यटनः** महानगरपालिकाको पर्यटकीय क्षेत्रको रुपमा रहेका महेन्द्र गुफा, चमेरे गुफा, गुप्तेश्वर गुफा क्षेत्रका आयहरु नगरपालिकाले आफ्नो आयमासमावेश गर्ने गरेको नदेखिएकोल यसमा सुधार गरिनुपर्दछ ।

७७. **मन्दिर व्यवस्थापनः** पोखरा लेखनाथ महानगरपालिकाभित्र रहेका मठ मन्दिरहरु व्यवस्थापन सरकारले गुठी तथा विकास समिति मार्फत गर्दै आएको छ । सरकारले महानगरपालिका क्षेत्रको प्रख्यात धार्मिक, पर्यटकीय मन्दीर विन्ध्यवासिनी, वराही मन्दिर, भद्रकाली मन्दिर आदिको संगठनात्मक संरचना तयार नगरेको, प्राप्त हुने आय,व्यय र भेटीघाटीको उचित व्यवस्थापन गर्ने गरी व्यवस्थापन गर्ने गरेको देखिएन। तसर्थ यस सम्बन्धमा महानगरपालिकाले आफ्नो पहलमा संस्थागत एवं कानूनी व्यवस्था गरी सुधार गर्नुपर्ने देखिन्छ ।

७८. **मुद्धा मामिलाः** स्थानीय स्वायत्त साशन ऐन दफा १०१ मा न्यायिक अधिकार रहेको र न्याय सम्पादन कार्य प्रणाली व्यवस्था गरेको छ । महानगरपालिका र अन्य व्यक्ति, निकाय र संघ, संस्थासंग फैसलाहुन बांकी १४ मुद्दा रहेको देखिन्छ । वांकी मुद्दा समयमा फछ्र्यौट गर्नुपर्ने देखिन्छ । कानून अधिकृत दरबन्दी रहेको मुद्दामा सम्बन्धित कार्य गर्न Out sourcing गरी काम लगाउने गरेकोलेयस समबन्धमा नीति र मापदण्ड तयार गर्नुपर्ने देखिन्छ ।

## लेखनाथ नगरपालिका

७९. **पुर्वाधार तथा संरचना विकासः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेकोमा अर्घौ वजार वडा सेवा केन्द्र अगाडीको भित्री वजार बाटो मर्मत तथा कालो पत्रे योजनाको रु.२,९४,१२०।- मा कार्य सम्पन्न भएकोमा १८ ट्रिप ग्रावेलको सुप्रेन स्टोर्सको विल संलग्न भएको र सुप्रेन स्टोर्स खाद्यान सप्लार्यस भएको र WCR valuation विल पेश नभएकोले उक्त खर्च अनियमित देखिएको छ ।

८०. **प्रमाण कागजातः** मगर डाँडा स्याङखुदी सडक कालोपत्रे योजना उपभोक्ता समिति मार्फतरु.५८,८२,५००।- खर्च भएकोमा रु.३० लाख भन्दा वढीको योजना अनिवार्य गुणस्तर मापन गर्नुपर्ने प्रावधान बमोजिम Biruwa GEO Technical Laboratory Drilling Services (P) Ltd ले पिचको गुणस्तर मापन गरेकोमासंभौता गरिएको कम्पनिको Profile संलग्न नभएकोले उक्त काम उस्को कार्यक्षेत्र भित्रको हो वा होईन भन्ने यकिन गर्न सकिएन । त्यसैगरी मू.अ.कर मा दर्ता नभएका फर्मसंग रु.२३,९८,०००।० को ईन्धन, ग्रावेल, दाउरा, ढुगा, वालुवा खरिद गरेकोले उक्त कार्यको कार्य मूल्यांकन, नापी, कार्य सम्पन्न प्रतिवेदन पेश हुन पर्दछ ।

८१. **प्रमाण कागजात :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० बमोजिम लागत अनुमान तयार गर्नुपर्ने र नियम ९७ बमोजिम उपभोक्तासंग योगदान सहित सम्झौता गर्नुपर्ने व्यवस्था छ । त्रिभुवन शान्ति उच्च मा.वि. ढुङ्गेपाटन लेखनाथलाई रु.२० लाख अनुदान उपलव्ध गराएकोमा निबेदन, योजना छनोट, सम्झौता, लागत अनुमान, कार्यसम्पन्न प्रतिवेदन लगायतका प्रमाण कागजात संलग्न नभएकोले प्रमाण कागजात पेश हुनुपर्दछ ।

८२. **प्रमाणः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा विल भरपाई सहितको स्रेस्ता राख्नुपर्ने व्यवस्था छ ।पो.उ.म.न.पा.का तत्कालीन कार्यकारी अधिकृत नवराज ढुङ्गानाले

मन्त्रालयको स्वीकृति तथा अनुमति बेगर लेखनाथ नगरपालिकाबाट रु.३३,८७७८० तलब खर्च लेखेकोले पोखरा नगरपालिकाबाट भुक्तानी नलिएको प्रमाण पेश गुर्पर्ने देखिन्छ ।

८३. **कार्य सम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जांच सहित नापी, कार्य सम्पादन मूल्यांकन तयार गर्नुपर्ने र नियम १२५ बमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । गोलपाटन चोक देखि रिठेपानी बाटो स्तरोन्नति योजनाको लागि न.पा.ले रु.७,००,०००।-, उपभोक्ता समितिले रु.१,२४,७४१।- समेत रु.८,२४,७४१।- खर्च भएको छ । लागत अनुमानमा ग्राभेल, ढुङ्गा, गिटी, वालुवाको कार्यको लागि रु.३,३१,४८५।- व्यवस्था गरिएकोमा किराना पसल सुप्रेन स्टोर्सबाट रु.५,०७,५००।- को ग्राभेल ढुङ्गा, गिटी वालुवा सप्लाई गरेको र उक्त कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश भएको देखिएन ।

८४. **गाडी भाडाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा विल भरपाई सहितको स्रेस्ता राख्नुपर्ने व्यवस्था छ । कार्यालय प्रयोजनका लागि अल्बाटस ट्राभल्स एण्ड टुर्स बाट प्रतिदिन रु.५,०००।- का दरले भुक्तानी दिने गरी (भ्याट सहति) भाडामा लिएकोमा २६ दिनको रु.१,३०,०००।- भुक्तानी दिनुपर्नेमा रु.१,४६,९००।- भुक्तानी दिएकोले रु.१६,९००। वढी भुक्तानी गरेको असुल गर्नुपर्ने र फोटोकपी विजक संलग्न भएकोले मूल्य अभिवृद्धि कर समायोजन पत्र पेश गर्नुपर्दछ ।

८५. **बढी भुक्तानी :** लेखनाथ न.पा.को आ.ब. ०७४/०७५ को निति वजेट तथा कार्यक्रम प्रकाशन गर्न समाधान दैनिक पत्रिकालाई रु.५०,०००।- दिने निर्णय भएकोमा रु.५६,५००।- भुक्तानी दिएकोले वढी भुक्तानी रु.६,५००।० असुल गर्नुपर्दछ ।

८६. **सम्झौता बेगरभुक्तानी :**राजस्व संम्भाव्यता अध्ययन तथा प्रक्षेपण का लागि परामर्श दातालाई रु.२५,०००।- भुक्तानी दिएकोमा सुचना, सम्झौता, TOR, निर्णय संलग्न देखिएन ।

८७. **सोझै खरिदः**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को दफा ७६ र ७७ मा रु.१,५०,०००।- माथीको निर्माण कार्य, मालसामान, सेवा खरिद गर्दा सिलवन्दी दरभाउपत्रद्धारा खरिद गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयको वा १ भ ७०१६ गाडी मर्मत गर्दा एभरेष्ट अटोमोवाइल्स नयाँवजार पोखराको विभिन्न विलबाट रु.३,९४,३०७।- भुक्तानी दिएकोले अनियमित देखिन्छ ।

८८. **शहरी सुशासन तथा विकास :** सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विश्व बैंकको सहयोगमा संचालित UGDP कार्यक्रम अर्न्तगत सडक स्तरोन्नती कार्यको लागि गौरी पावती निर्माण सेवा प्रा.लि.सँग रु.८,५१,३२,५५२।७६ मा सम्झौता गरी क्रमागत योजनाको रुपमा चालू आ.ब. मा रनिङ्ग विलको भुक्तानी दिदा गुणस्तर मापन एव सार्वजनिक परिक्षण भएको पाइएन ।

८९. **आन्तरिक आय ठेक्का**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९ बमोजिम राजस्व असुल गर्नुपर्ने व्यवस्था छ । लेखनाथ नगरपालिका भित्रका बिभिन्न तालहरु मध्ये गुँदे, न्यूरेनी, खास्टे र दिपाङ्ग तालहरुको बिभिन्न मितिमा बिभिन्न संस्था/कम्पनी लाई भाडामा दिएकोमा सम्झौता बमोजिमको काम नगरेको कारण २०६९/१/४ मा सम्झौता रद्द भएको देखियो । सम्झौता रद्द पछि २०६९/१/४ सम्म सम्झौता अनुसार लिनु पर्ने बाँकी बक्यौता रु.३९ लाख २ हजार असुल गर्नुपर्ने देखिन्छ ।

### मौजा गाउँ विकास समिति

९०. **विल भरपाईः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा विल भरपाई सहितको स्रेस्ता राख्नुपर्ने व्यवस्था छ । तर कार्यालयले पूँजीगत खर्च अन्तर्गत बिभिन्न योजना कार्यान्वयन गर्दा सम्झौता, कार्य सम्पन्न प्रतिबेदन आदि संलग्न भएको देखिएन ।

९१. **दोहोरो भुक्तानी :** कार्यालयले मोटरसाईकल खरिद गर्दा बिमा तथा यातायात कर बापत रु.४,१०६।- दोहोरो भुक्तानी भएकोले असुल गर्नुपर्ने देखिन्छ ।

९२. **मौज्दात :** कार्यालयको खातामा मौज्दात बाँकी देखिएको रु.२०,१३,९०१।– महानगरपालिकाको खातामा जम्मा गर्नुपर्ने देखिन्छ ।

### कास्कीकोट गाउँ विकास समिति

९३. **प्रमाण कागजातः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० बमोजिम लागत अनुमान तयार गर्नुपर्ने र नियम ९७ बमोजिम उपभोक्तासंग योगदान सहित सम्झौता गर्नुपर्ने व्यवस्था रहेकोमा भौचर नं १, २, ३, ४, १५, २४, २५, ३१, ३३, ३४, ४१, ४२ अर्न्तगत योजना सम्बन्धि खर्च गर्दा सम्झौता, निर्माण सम्पन्न प्रतिबेदन, ल.ई. पेश हुन आएन ।

९४. **मर्मत खर्चः** २०७३ पौषमा किनेको मोटरसाईकल मर्मत खर्च भनी २०७३/१०/२६ मा रु.२१,२८०।- भुक्तानी गरेकोले अस्वभाबिक बिल पेश गरी भुक्तानी लिएको मर्मत खर्च असुल गर्नुपर्ने देखिन्छ ।

९५. **मौज्दातः** बैंक खातामा देखिएको मौज्दात रु.६४६,७८९।० र नगद मौज्दात रु.१४६,७२१।० महानगरपालिकाको खातामा जम्मा गर्नुपर्ने देखिन्छ ।

९६. **पुरनचौर गाउँ विकास समितिः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको काम प्राविधिक मूल्यांकन विल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक परीक्षण पेश गर्नुपर्ने व्यवस्था रहेकोमा विभिन्न योजनाको भुक्तानी गर्दा सार्वजनिक परीक्षण गरेको पाइएन ।

## कालिका गाउँ विकास समिति

९७. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको काम प्राविधिक मूल्यांकन विल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक परीक्षण पेश गर्नुपर्ने व्यवस्था रहेकोमा विभिन्न योजनाको भुक्तानी गर्दा सार्वजनिक परीक्षण गरेको पाइएन ।

९८. **मौज्दात :** बैंक खातामा देखिएको मौज्दात रु.३२,१६,९३९।– महानगरपालिकाको खातामा जम्मा भएको नदेखिएकोले जम्मा गर्नुपर्ने देखिन्छ ।

## माझठाना गाउँ विकास समिति

९९. **चालू खाताः** यो वर्ष २०७३।०७४ को लागि कोष खाताबाट रु.५,९१,६६६।– निकासा प्राप्त गरी रु.५,७८,१०३।– खर्च गरेकोमा परिषद्बाट बजेटको बांडफांड गरेको निर्णय पेश नभएकोले विभिन्न शीर्षकमा खर्च लेखेको ठिक छ भनि एकिन गर्ने आधार भएन ।

१००. **आर्थिक सहायताः** कार्यालयले व्यक्ति, संस्थालाई आर्थिक सहायता तथा चन्दा पुरस्कार वितरण गर्न पाउने आधार प्रमाण बेगर युवा क्लव तथा राजनैतिक पार्टीहरुलाई रु.२५,०००।– आर्थिक सहायता प्रदान गरेकोले परिषद्बाट अनुमोदन गरेको प्रमाण पेश गर्नुपर्ने देखिन्छ ।

१०१. **मूल्य अभिवृद्धि करः** स्थानीय निकास आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १५५ को उप नियम ५ मा प्राविधिकले लागत अनुमान तयार गर्दा मूल्य अभिबृद्धि कर लाग्ने अशं उल्लेख गर्नुपर्ने र सो अशं कट्टा गरी उपभोक्ता समितिलाई काम दिनुपर्ने र प्रयोग हुने निर्माण सामग्रीको बजार मूल्यमा मूल्य अभिबृद्धि कर समेत समावेश हुने अवस्थामा सो समेत समावेश गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार गर्दा प्रयोग हुने निर्माण सामग्रीको बजार मूल्यमा मूल्य अभिबृद्धि कर समेत समावेश हुने अवस्थामा मूल्य अभिबृद्धि कर समेत समावेश गरी लागत अनुमान तयार गरेको तर कुन निर्माण सामग्री कति प्रयोग हुने र त्यसमा कति मूल्य अभिबृद्धि कर लाग्ने भनि स्पष्ट उल्लेख गरेको नदेखिएकोले लागत अनुमान तयार गर्दा निर्माण कार्यमा खपत हुने निर्माण सामग्रीको परिमाण र त्यसमा लाग्ने मूल्य अभिबृद्धिकर रकम स्पष्ट देखिने गरी उल्लेख गनुपर्दछ ।

१०२. **कर बिजकः** मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम १४ मा कर बिजक सम्बन्धी व्यवस्था छ । उपभोक्ता समितिले डोजरबाट माटो खनेको भनि पेश गरेको आर. के. कन्स्ट्रक्सन प्रा.लि.को विलमा विजक नम्वर तथा मिति समेत नखुलाएकोले मूल्य अभिबृद्धि कर वापत भुक्तानी भएको रु.१०,४४०।० आन्तरिक राजस्व कार्यालय दाखिला गरी मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने देखिन्छ ।

१०३. **भाडा करः** आयकर ऐन, २०५८ को दफा ८८ को उप दफा ५ मा भाडा भुक्तानीमा दश प्रतिशतका कर कट्टी गर्नुपर्ने व्यवस्था छ । गाउं विकास समितिले विभिन्न आयोजनाको बाटो खन्ने काममा उपभोक्ता समितिबाट डोजर भाडामा लिई काम गराउँदा भाडा कर रु.२२७९०।० कट्टी नगरेकोले अशुल गर्नुपर्दछ ।

१०४. **पेश्की वांकीः** शिसुवा स्याङखुदी कडेल गाउं टैकर ग्रामिण सडक उपभोक्ता समितिले लिएको रु.१,३०,०००। पेश्की फछर्यौट नभएकोले नियमानुसार फछर्यौट गर्नुपर्ने देखिन्छ

१०५. **कर कट्टी दाखिलाः** गाउँ विकास समितिले विभिन्न आयोजनाको काम गर्दा आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम कर कट्टा गरेको रु.४,४११।– दाखिला गरेको नदेखिएकोले दाखिला गर्नुपर्ने देखिन्छ ।

१०६. **फिल्ड निरीक्षणः** फिल्ड निरीक्षणको क्रममा हिमालय आखां अस्पतालदेखि स्वास्थ्य चौकी उपभोक्ता समितिबाट निर्माण भएको पिच रोड मासिएको र खाल्टा परेको अवस्थामा रहेको पाइयो । तसर्थ उपभोक्ता समितिको कार्यमा गुणस्तर नियनत्तण प्रभावकारी भएको पाइएन ।

**बेरुजू स्थिति**

यो वर्ष महानगरपालिकाको लेखापरीक्षणबाट रु.३५ करोड ५४ लाख १४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.३५ करोड ५४ लाख १४ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.२ करोड ८७ लाख ९३ हजार, नियमित गर्नुपर्ने रु.१३ करोड ३९ लाख १ हजार र पेश्कि रु.२१ करोड ८६लाख ३४ हजार रहेको छ ।

# अन्नपूर्ण गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.९६ लाख ३७ हजार र यो वर्षको आय रु.४ करोड २७ लाख ३७ हजार समेत रु.५ करोड २३ लाख ७४ हजार आम्दानी भएकोमा रु.३ करोड ८९ लाख ६९ हजार खर्च भई रु.१ करोड ३४ लाख ५ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **आर्थिक अवस्था**: नेपालको संविधानको धारा २२९ मा स्थानीय तह अर्न्तगतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहेको छ । यस आर्थिक वर्षमा साविक ५ गा.वि.स.को सुरु मौज्दात रु.८४,६०,०३४।–, साविक ५ गा.वि.स. र यस कार्यालयलाई चालू र पूँजीगत अनुदान निकासा रु.२,४०,२६,९६३।– भएको छ । साविक ५ गा.वि.स. र यस कार्यालयको यो वर्षको आन्तरिक आम्दानी रु.९,३७,५८२।- रहेको देखिएबाट गाउँपालिकाको आन्तरिक श्रोतको अवस्था न्यून देखिन्छ ।

२. **राजस्व अनुमान**: नेपालको संविधानको धारा २३० वमोजिम संविधानको अधिनमा रही गाउं कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानुन बमोजिम गाउँ सभा वा नगर सभामा पेश गरी पारित गराउनु पर्ने व्यवस्था रहेको छ । यस आर्थिक वर्षमा मात्र गाउँपालिका स्थापना भएको र स्थापना पश्चात नेपाल सरकारको अनुदानबाट यो वर्ष कार्य सञ्चालन भएको छ । गाउँपालिकाले यो वर्ष योजनाहरुको खर्च रकम भुक्तानी गरेतापनि गाउँ विकास परिषद्हरुले सिफारिश दस्तुर, नाता प्रमाणित, धितो मूल्यांकन, पंजिकरण जस्ता क्रियाकलापमा साविक ५ गा.वि.स.को आय अनुमान भन्दा वास्तविक आम्दानी न्यून देखिन्छ । साविक गाउँ विकास समितिहरुमा आफ्नो क्षेत्र अर्न्तगत भएको घरजग्गाको वहाल कर लगायत र अन्य उठ्नुपर्ने राजस्वको स्रोत खोजी गरेको देखिँदैन।

३. **सम्पत्ति व्यवस्थापन**: गाउँपालिका स्थापना भए पश्चात साविक गाउँ विकास समितिहरुमा रहेका सम्पत्ति लगायत नगद जिन्सी सामानहरुको गा.वि.स.का कार्मचारीहरुबाट बरवुझारथ गरी गाउँपालिका अर्न्तगत व्यवस्थापन गर्नुपर्ने हुन्छ । साविक गा.वि.स.हरुको आफ्नो क्षेत्र अर्न्तगत रहेको घरजग्गाको लगत अद्यावधिक गरी राखेको पाइएन । जिन्सी आम्दानी दाखिला गर्दा ल्यापटप, कम्प्यूटर, मोवाइल जस्ता जिन्सी सामानहरुको स्पेसिफिकेशन खोली आम्दानी बाँधेको देखिएन । साविक गा.वि.स.का नाममा भएको घर जग्गा लगायतका सम्पत्ति, स्थानीय धार्मिक तथा साँस्कृतिक संस्थाहरुको सम्पत्ति लगायतको अभिलेख अद्यावधिक गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

४. **खरिद व्यवस्थापन**: सार्वजनिक खरिद ऐन तथा खरिद नियमावली वमोजिम सार्वजनिक नियकाले खरिद व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था बमोजिम रु.५ लाख भन्दा बढीको सामानहरु शिलवन्दी दरभाउ र सो भन्दा वढीका सामानहरु वोलपत्रबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । साविक गाउँ विकास परिषद्ले स्वीकृत गरेका सवै योजनाहरु गाउँपालिकाले उपभोक्ता समिति मार्फत सञ्चालन गरेको पाइयो । गाउँपालिका नयाँ स्थापना भएबाट वार्षिक खरिद योजना, खरिद गुरु योजना, खरिद इकाई गठन जस्ता कार्यहरु समय अभावको कारणले नभएको देखिन्छ ।

५. **स्वीकृत योजना र कार्यसम्पादन**: स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ बमोजिम प्रत्येक गाउं विकास समिति र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी जंगल तथा अन्यश्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउँ विकास समितिको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी तयार गरेको प्रोफाइल बमोजिम पूर्वाधार विकास गर्नुपर्नेमा साविक ५ गाउँ परिषद्ले स्वीकृत योजनाहरुमा पूर्वाधार अन्तर्गत सडक पूल, खानेपानी लगायतका योजनाहरु न्यून मात्रामा रहेको तर समूहहरुलाई सामान उपलव्ध, तालिम सीप विकास कार्यक्रमहरु, खेलकुद सामग्री खरिद, भ्रमण अवलोकन जस्ता आयोजनाहरु अधिकांश रहेको पाइयो । उल्लेखित योजनाहरुमा रु.२०,०००।०० देखि अधिकतम रु.५,००,०००।०० सम्म विनियोजन गरेको रहेको पाइयो भने क्रमागत योजनाहरुको अभिलेख राखेको पाइएन ।

६. **योजनाहरुको प्रगति**: साविक गाउँ परिषद्ले स्वीकृत योजनामध्ये केही योजनाहरुमा परिषद्बाट स्वीकृत भएको रकमको नै लागत अनुमान तयार गरेकोमा केहीमा कम र अधिकांशमा लागत अनुमान बमोजिम नै कार्य सम्पन्न भएको छ भने केही योजनाहरुको कार्य भएको देखिँदैन । गाउँ पालिकाले आगामी वर्ष योजनाको कार्यान्वयनमा दीर्घकालिन विकासलाई ध्यान दिनुपर्ने देखिन्छ ।

७. **मू.अ.कर बिजक**: मू.अ.कर बिजक बेगर हिमश्री भण्डारी हाडवेयर बाट विभिन्न मितिमा सादा विल बाटबाट रु.४,९२,६००/– विजी दवाडी ट्रेडर्स हेम्जाबाट रु.३१,४००/– सन्तोष व्लक उद्योगबाट रु.५१,०००।– खरिद गरेकोले मू.अ.कर दर्ता भएकाबाट खरिद गनुपर्ने देखिन्छ ।

८. **पेश्कीबाँकीः** गत आ.व.को पेश्की रु.१,५३,०००।– वाकी देखिएकोले नियमानुसार पे.फ. गनुपर्ने देखिन्छ ।

**दाङसिङ गाउ विकास समिति**

९. **कर दाखिलाः** विभिन्न मितिमा पारिश्रमिक कर, अग्रिम आयकर, घर वहालकर तथा सा.सु कर गरी जम्मा रु.३६,९६२/०० कट्टी गरेकोमा आ.रा.कामा जम्मा गनुपर्ने देखिन्छ ।

१०. **कर दाखिलाः** लेखापरिक्षण पारिश्रमिक वापत रु.१,६५०।– कर कट्टी गरेकोमा कर दाखिला गरेको नपाइएकोले दाखिला गर्नुपर्ने देखिन्छ ।

**सल्यान गाउ विकास समिति**

११. **खाता बन्दः** ग-४ खाता खोलिसकेपछि पनि ने.वै.लि. मा रहेको बैंक खातामा रु.७,३०१।– बाँकी देखिएकोले सो खाता वन्द गरि ग-४ खातामा रकम सार्नुपर्ने देखिन्छ

१२. **कर दाखिलाः** कार्यालयले विभिन्न मितिमा कट्टी गरेको सा.सु.कर रु.१,९३६।–, अग्रीम कर रु.२४२९।-, पारिश्रमिक कर रु.१०५०।- समेत रु.५४१५।- दाखिला नगरेकोले दाखिला गर्नुपर्ने देखिन्छ ।

**घान्द्रूक गाउ विकास समिति**

१३. **मू.अ.कर विजकः** आर.एस स्टोर्स भिमसेनचोक बाटबाट रु.२५,०००।०० को सादा विलबाट खरिद गरेकोले भ्याट विल बाट मात्र खरिद गनुपर्ने देखिन्छ ।

१४. **नगदबाट खर्चः** गाउँ विकास समितिको आम्दानी वैंक जम्मा नगरी नगदबाट खर्च गरेको पाइएकोले वैंक खातामा जम्मा गरेर मात्र खर्च गनूपर्ने देखिन्छ ।

१५. **पेश्कीबाँकीः** आर्थिक वर्षको अन्त्यसम्ममा वालसंजाल (दिपक वि.क.) को नाममा रु.७०,०००।० पेश्की वाकि देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

१६. **मू.अ.कर भुक्तानीको जानकारीः** विद्यालयको पर्खाल वनाउने काममा विभिन्न सामान खरिद गर्दा मू.अ.कर रु.१५,०१८।० समेत रु.१,३०,५४७।० भुक्तानि गरेकोमा मू.अ.कर भुक्तानीको जानकारी दिएको देखिएन ।

**लूम्ले गाउ विकास समिति**

१७. **कर दाखिलाः** विभिन्न मितिमा सामाजिक सुरक्षा कर, अग्रीम कर, पारिश्रमिक कर कट्टी गरेको रु.१४,०८४।– दाखिला नगरेकोले दाखिला गर्नुपर्ने देखिन्छ ।

१८. **कर कट्टीः** लुम्ले चन्द्रकोट तान्चोक घान्द्रूक ग्रामिण सडक निर्माण गर्दा विभिन्न निर्माण व्यवासयीलाई रु.१,१४,०००।० भुक्तानी गरेकोमा १०% भाडा कर कट्टी नगरेकोले रु.११४००।० हसुल गर्नुपर्ने देखिन्छ

१९. **पेश्कीबाँकीः** लुम्ले तान्चुक भिर्चुक ग्रामिण सडकको रु.३०००००।- र गोरेटो बाटो निर्माणको पेश्की रु.३०,०००।- समेत रु.३,३०,०००।- पेश्की वांकी देखिएकोले नियमानुसार पे.फ गर्नुपर्ने देखिन्छ ।

**ढिकूरपोखरी गाउ विकास समिति**

२०. **कर दाखिलाः** विभिन्न मितिमा सामाजिक सुरक्षा कर, पारिश्रमिक कर कट्टी गरेको रु.४०४५।०० दाखिला नगरेकोले दाखिला गर्नुपर्ने देखिन्छ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.७ लाख ४२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.७ लाख ४२ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.११ हजार, नियमित गर्नुपर्ने रु.१ लाख ७८ हजार र पेश्कि रु.५ लाख ५३ हजार रहेको छ ।

# माच्छापुच्छ्रे गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.१ करोड ७२ लाख २८ हजार र यो वर्षको आय रु.५ करोड ४४ लाख ९२ हजार समेत रु.७ करोड १७ लाख २० हजार आम्दानी भएकोमा रु.४ करोड २८ लाख ६९ हजार खर्च भई रु.२ करोड ८८ लाख ५१ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **आर्थिक अवस्था**: नेपालको संविधानको धारा २२९ मा स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहेको छ । आर्थिक वर्षमा साविक ८ गा.वि.स.को सुरु मौज्दात रु.१,५०,४२,८२१।–, साविक ८ गा.वि.स.र यस कार्यालयलाई चालू र पूँजीगत अनुदान निकासा रु.२,५२,७३,५७२।– भएको छ । साविक ८ गा.वि.स. र कार्यालयको आन्तरिक आम्दानी रु.९,६५,४६६।– रहेको देखिएबाट गाउँपालिकाको आन्तरिक श्रोतको अवस्था न्यून देखिन्छ ।

२. **राजस्व अनुमानः** नेपालको संविधानको धारा २३० वमोजिम संविधानको अधिनमा रही गाउं कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानुन बमोजिम गाउँ सभा वा नगर सभामा पेश गरी पारित गराउनु पर्ने व्यवस्था रहेको छ । यस आर्थिक वर्षमा मात्र गाउँपालिका स्थापना भएको र स्थापना पश्चात नेपाल सरकारको अनुदानबाट यो वर्ष कार्य सञ्चालन भएको छ । गाउँपालिकाले यो वर्ष योजनाहरुको खर्च रकम भुक्तानी गरेतापनि गाउँ विकास परिषद्हरुले सिफारिश दस्तुर, नाता प्रमाणित, धितो मूल्यांकन, पंजिकरण जस्ता क्रियाकलापमा साविक ८ गा.वि.स.को आय अनुमान भन्दा वास्तविक आम्दानी न्यून देखिन्छ ।  साविक गाउँ विकास समितिहरुमा आफ्नो क्षेत्र अर्न्तगत भएको घरजग्गाको वहाल कर लगायत र अन्य  उठ्नुपर्ने राजस्वको स्रोत खोजी गरेको देखिदैन।

३. **सम्पत्ति व्यवस्थापनः** गाउँपालिका स्थापना भए पश्चात साविक गाउँ विकास समितिहरुमा रहेका सम्पत्ति लगायत नगद जिन्सी सामानहरुको गा.वि.स.का कार्मचारीहरुबाट बरवुझारथ गरी गाउँपालिका अर्न्तगत व्यवस्थापन गर्नुपर्ने हुन्छ । साविक गा.वि.स.हरुको आफ्नो क्षेत्र अर्न्तगत रहेको घरजग्गाको लगत अद्यावधिक गरी राखेको पाइएन । जिन्सी आम्दानी दाखिला गर्दा ल्यापटप, कम्प्यूटर, मोवाइल जस्ता जिन्सी सामानहरुको स्पेसिफिकेशन खोली आम्दानी बाँधेको देखिएन । साविक गा.वि.स.का नाममा भएको घर जग्गा लगायतका सम्पत्ति, स्थानीय धार्मिक तथा साँस्कृतिक संस्थाहरुको सम्पत्ति लगायतको अभिलेख अद्यावधिक गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

४. **खरिद व्यवस्थापन**: सार्वजनिक खरिद ऐन तथा खरिद नियमावली वमोजिम सार्वजनिक नियकाले खरिद व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था बमोजिम रु.५ लाख भन्दा बढीको सामानहरु शिलवन्दी दरभाउ र सो भन्दा वढीका सामानहरु वोलपत्रबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । साविक गाउँ विकास परिषद्ले स्वीकृत गरेका सबै योजनाहरु गाउँपालिकाले उपभोक्ता समिति मार्फत सञ्चालन गरेको पाइयो । गाउँपालिका नयाँ स्थापना भएबाट वार्षिक खरिद योजना, खरिद गुरु योजना, खरिद इकाई गठन जस्ता कार्यहरु समय अभावको कारणले नभएको देखिन्छ ।

५. **स्वीकृत योजना र कार्य सम्पादनः** स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ बमोजिम प्रत्येक गाउं विकास समिति र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी जंगल तथा अन्यश्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउँ विकास समितिको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी तयार गरेको प्रोफाइल बमोजिम पूर्वाधार विकास गर्नुपर्नेमा साविक ५ गाउँ परिषद्ले स्वीकृत योजनाहरुमा पूर्वाधार अन्तर्गत सडक पूल, खानेपानी लगायतका योजनाहरु न्यून मात्रामा रहेको तर समूहहरुलाई सामान उपलव्ध, तालिम सीप विकास कार्यक्रमहरु, खेलकुद सामग्री खरिद, भ्रमण अवलोकन जस्ता आयोजनाहरु अधिकांश रहेको पाइयो । उल्लेखित योजनाहरुमा रु.२०,०००।०० देखि अधिकतम रु.५,००,०००।०० सम्म विनियोजन गरेको रहेको पाइयो भने क्रमागत योजनाहरुको अभिलेख राखेको पाइएन ।

६. **योजनाहरुको प्रगतिः** साविक गाउँ परिषद्ले स्वीकृत योजनामध्ये केही योजनाहरुमा परिषद्बाट स्वीकृत भएको रकमको नै लागत अनुमान तयार गरेकोमा केहीमा कम र अधिकांशमा लागत अनुमान बमोजिम नै कार्य सम्पन्न भएको छ भने केही योजनाहरुको कार्य भएको देखिँदैन । गाउँ पालिकाले आगामी वर्ष योजनाको कार्यान्वयनमा दीर्घकालिन विकासलाई ध्यान दिनुपर्ने देखिन्छ ।

७. **कार्यक्रम बेगर खर्चः** लाहाचोक वडा नं ४ बाट श्री महभागबत सप्ताह ज्ञान महायज्ञलाई

रु.१,००,०००।० भुक्तानी दिएकोमा सो वडाको दलितहरुको निम्ती खर्च गर्न भनि छुट्याईएको रु.५०,०००। बजेट समेत भुक्तानी गरेको छ । कार्यक्रम बजेटबाट तोकेको कार्यक्रम भन्दा स्विकृत बेगर अन्यत्र खर्च गर्न परिषद्बाट स्वीकृत लिनु पर्नेमा लिएको देखिएन ।

८. **कर कट्टीः** आर डी इन्जिनियरीङ्ग कन्सलटेन्सी काठमाण्डौको भिलेज प्रोफाइलको विल रु.२,९९,०५०।० मूल्य अभिबृद्दि कर समेत भुक्तानी गर्दा आयकर ऐन,२०५८ अनुसार अग्रिम आयकर कट्टी गर्नुपर्नेमा नगरेकोले रु.३९७५।० असुल गर्नुपर्ने देखिन्छ ।

९. **पेश्कीबाँकीः** उपभोक्ता समितिका अध्यक्ष श्री बेणीमाधब अधिकारीलाई भवन निर्माणको लागि रु.५,५०,०००।० पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म पनि फछ्र्यौट नगरेकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (३) बमोजिम फछ्र्यौट गर्नुपर्ने देखिन्छ ।

**रिभान गाउँ विकास समिति**

१०. **मौज्दातः** साविक रिभान गा.वि.स. को नेपाल वैंकमा रहेको खातामा रु.८३४०।३० गत वर्षको जिम्वेवारी देखाएकोमा गाउँपालिका फिर्ता गर्दा उक्त रकम फिर्ता खर्च देखाइएको छैन भने वैंक मौज्दात रहेको रु.११,५०१।०८ गाउँ विकास समितिको खातामा फिर्ता गरेको छैन ।

११. **आन्तरिक आम्दानीः** कार्यालयले ०७३ फागुन सम्मको आन्तरिक आय तर्फ सिफारिस, दस्तुर र मालपोत समेत रु.३४,९५०। मात्र आम्दानी देखाएकोमा आन्तरिक आय तर्फको मासिक आम्दानी रजिष्टरमा रु.४०,६५०। देखिएकोले घटी आम्दानी देखाएको रु.५७००। असुल गुर्नपर्ने देखिन्छ ।

१२. **कर दाखिलाः** विभिन्न समय वसेको वैठक भत्ता तथा लेखापरीक्षण शुल्क भुक्तानीमा कट्टा गरेको पारिश्रमिक कर रु.५,१००।००, सामाजिक सुरक्षा कर रु.७९८१।०० समेत रु.१३,०८१।०० रकम दाखिला भएको नदेखिएकोले दाखिला गर्नुपर्दछ ।

१३. **कर कट्टीः** लेखापरीक्षक श्री दिपक बहादुर लामिछानेलाई लेखापरीक्षण वापत पारीश्रमिक रु.१००००।० भुक्तानी गर्दा आयकर ऐन,२०५८ बमोजिम १५ प्रतिशत पारिश्रमिक कर रु.१५००। कट्टा नगरेकोले असुल हुनुपर्ने देखिन्छ ।

१४. **पेश्कीबाँकीः** कार्यालयले यो वर्ष विभिन्न आयोजनाको उपभोक्ता समितिका अध्यक्षहरुलाई निर्माणकार्य वापत रु.३,२६,८८७।० पेश्की उपलब्ध गराएकोमा फछ्र्यौट नभएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्ने देखिन्छ ।

**धिताल गाउँ विकास समिति**

१५. **कर कट्टीः** लेखापरीक्षक श्री लक्ष्मण अधिकारीलाई लेखापरीक्षण वापतको पारीश्रमिक रु.१००००। भुक्तानी गरेकोमा आयकर ऐन,२०५८ बमोजिम १५ प्रतिशत पारिश्रमिक कर रु.१५००। कट्टा गुर्न पर्नेमा नगरेकोले असुल हुनुपर्दछ ।

१६. कर दाखिलाः कार्यालयले विभिन्न व्यक्ति, सप्लायर्सलाई भुक्तानी गर्दा कर्मचारी संचय कोष रकम, सा.सु.कर समेत रु.३६,९९१।० कट्टी गरेकोमा दाखिला भएको नदेखिएकोले दाखिला गर्नुपर्ने देखिन्छ ।

**माछापुच्छ्रे गाउँ विकास समिति**

१७. **मौज्दात हस्तान्तरणः** नेपाल सरकारको निर्णय बमोजिम साविक गाउँपालिका अर्न्तगत रहेका सम्पूर्ण चल अचल सम्पत्ति गाउँपालिकामा फिर्ता गर्ने निर्णय भएकोमा यस गा.वि.स.मा रहेको विपद कोष रु.६७,८८१।००, कैलास विकास वैंकमा रहेको कर्मचारी कोष रु.९७,१४०।०० समेत जम्मा रु.१,६५,०२१।०० गाउँपालिकामा फिर्ता गरेको नदेखिएकोले गाउँपालिकामा हस्तान्तरण हुनु पर्ने देखिन्छ ।

१८. **पेश्कीबाँकीः** आर्थिक वर्षको अन्त्यसम्ममा रु.३,६३,०००।० पेश्की बांकी रहेकोले नियमानुसार फछ्र्यौट गर्नुपर्ने देखिन्छ ।

**धम्पुस गाउँ विकास समिति**

१९. **चालू खाताः** जिल्ला जनस्वास्थ्य कार्यालय अन्तरगत धम्पुस स्वास्थ्थ चौकीको २०७३।५।१३ पत्रानुसार करारसेवामा कार्यरत अ.न.मी.रिता शर्माको तलव भनि रु.१०,०००।– खर्च लेखेको छ । स्वास्थ्य चौकीमा कार्यरत अनमीको तलब यस कार्यालयबाट खर्च लेख्नु पर्नाको कारण तथा खर्च लेख्ने परिषद्को निर्णय पेश गर्नुपर्ने देखिन्छ ।

२०. **सार्वजनिक परीक्षणः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६ मा उपभोक्ता समितिले गरेका कामको लागत मूल्य, कार्यस्थल, लागेको रकम उपभोक्ता समितिका पदाधिकारीको नाम नामेसी, कार्य शुरु गर्ने, सम्पन्न गर्ने मिति समेत खुल्ने गरी सम्वन्धित कार्य स्थलमा सार्वजनिक परीक्षण

गरेको प्रतिवेदन सम्वन्धित स्थानीय निकायमा प्रस्तुत गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिबाट संचालित योजनाको फरफारक गर्दा प्राविधिक नापजांच गरेको मूल्याङकन विल तथा कार्य सम्पन्न प्रतिवेदन, सार्वजनिक परीक्षण प्रतिवेदन प्रस्तुत गरेको नदेखिएकोले नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गराउनु पर्दछ ।

२१. **सक्कल बिजक:**श्री उदय मा.वि. धम्पुस २ कास्की भवनको झ्याल ढोका निर्माण गर्न विद्यालयले अभिषेक फर्निचर उद्योगको विजक नं.००८ मिति २०७३।७।७ र विजक नं०२० मिति ०७३।१०।२६ बाट रु.३,५१,८२५।– को काठ खरिद गरेको भनि कार्यालयबाट रु.३,५०,०००।– भुक्तानी लिएको छ । कार्यालयले खर्चको सक्कल विल भरपाई प्राप्त गरी भुक्तानी दिनु पर्नेमा विद्यालयबाट पेश गरेको फोटो कपि विलको आधारमा भुक्तानी गरेकोले सक्कल वील भरपाई पेश गर्नुपर्ने देखिन्छ ।

२२. **विल भरपाई:** जिल्ला विकास समिति कास्कीबाट गाउं विकास समिति स्तरिय वाल भेला, गा.वि.स. स्तरीय वडा नागरिक मंच व्यवस्थापन समिति भेला र वडा नागरिक मंच अनुदान कार्यक्रम सञ्चालन गर्न भनि रु.६२,०००। निकासा भएकोमा विल भरपाइर्का जोडजम्मा रु.४६,३००।– मात्र भएकोले नपुग रु.१५७००। को विल भरपाई पेश गर्नुपर्ने देखिन्छ ।

२३. **पेश्कीबाँकी:** आर्थिक वर्षको अन्त्यसम्ममा रु.४,७,५०००।– पेश्की बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्ने देखिन्छ ।

२४. **नगदी रसिद नियन्त्रण खाता**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९(५) मा कार्यालयमा नगदको रुपमा प्राप्त भएको जुनसुकै राजस्व रकम अनिवार्य रुपमा आम्दानी रसिद काटी सम्वन्धित खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था छ । कार्यालयले नगदी रसिद काटेर मालपोत तथा विभिन्न दस्तुर वापत यो वर्ष रु.१,०५,६३२। आम्दानी गरेको छ । स्टोरबाट नगदी रसिद खर्च गर्दा कसलाई कति थान नगदी रसिद उपलब्ध गराइयो भनि रसिद नियन्त्रण खाता मार्फत वितरण गर्नुपर्नेमा कार्यालयले नगदी रसिद नियन्त्रण खाता राखेको पाइएन । रसिद नियन्त्रण खाता विना रसिदको प्रयोग गर्नु तथा स्टोरबाट रसिदको खर्च गर्नु कार्यालयले रसिद नियन्त्रण गरेको देखिएन तसर्थ रसिद नियन्त्रण खाता राख्ने व्यवस्था मिलाउनु पर्दछ ।

**लाहाचोक गाउँ विकास समिति**

२५. **आन्तरिक आम्दानी:** कार्यालयको आन्तरिक आम्दानीमध्ये रु.४९६०। बैंक दाखिला नगरी नगदै बांकी दाखिला गर्नुपर्ने देखिन्छ ।

२६. **कर दाखिला:** आयकर ऐन, २०५८ बमोजिम विभिन्न भुक्तानमिा कट्टा गरेको अग्रीम आय कर वापतको रु.६०००। राजस्व खातामा दाखिला नगरेकोले दाखिला गर्नुपर्ने देखिन्छ ।

**२७.** **रसिद नियन्त्रण खाता**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९ मा कार्यालयमा नगदको रुपमा प्राप्त भएको जुनसुकै राजस्व रकम आम्दानी रसिद काटी सम्वन्धित खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था छ । कार्यालयले नगदी रसिद काटेर मालपोतमा रु.१६,२७२।– विभिन्न दस्तुरबाट रु.५१,०७०।– र आन्तरिक आय राजस्व बांडफांडबाट रु.३,५८,७५०।– गरी यो वर्ष रु.४,२६,०९२।– आम्दानी गरेको छ । कार्यालयले नगदी रसिद काटी रसिद नियन्त्रण खाता मार्फत रसिद वितरण गर्नुपर्नेमा रसिद नियन्त्रण खाता राखेको पाइएन ।

**सार्दीखोला गाउँ विकास समिति**

२८. **रसिद नियन्त्रण खाता**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९ मा कार्यालयमा नगदको रुपमा प्राप्त भएको जुनसुकै राजस्व रकम आम्दानी रसिद काटी सम्वन्धित खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था छ । कार्यालयले मालपोत तथा विभिन्न दस्तुर वापत यो वर्ष रु.८७८७९। आम्दानी गरेको भनि उल्लेख गरकोमा आम्दानीको नगदी रसिद पेश गरेको छैन । नगदी रसिद विनाको आम्दानी रकम एकिन गर्न सकिने आधार भएन ।

२९. **आन्तरिक आम्दानी:** कार्यालयले आन्तरिक आम्दानी देखाएको रु.८७,८७९।– दैनिक रुपमा बैंक दाखिला गरी बैंक मार्फत कारोवार गर्नुपर्नेमा सो नगरी कार्यलयको दैनिक प्रशासनिक कार्यमा नगदैबाट खर्च गर्ने गरेको छ । नगदबाट दैनिक प्रशासनिक कार्यमा खर्च गरेको रु.८४,४०१।– कट्टा गरी बाकी रु.३,४७७।– कार्यालयको बैंक खातामा दाखिला नगरी नगद मौज्दात नै रहेकोले दाखिला गर्नुपर्ने देखिन्छ ।

३०. **कर दाखिला:** विभिन्न भुक्तानमिा कट्टी गरेको क.सं कोष रु.१८,६१८।– र सा.सु कर रु.२,४७६।– समेत रु.२१०९४। दाखिला नगरेकोले दाखिला गर्नुपर्ने देखिन्छ ।

३१. **कर कट्टी:** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम सेवा शुल्क भुक्तानीमा १५ प्रतिशतका दरले कर

कट्टी गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण पारिश्रमिक वापत रु.१३,०००।– भुक्तानी गर्दा अग्रिम कर रु.१,९५०।– कट्टी नगरेकोले असुल गर्नुपर्ने देखिन्छ ।

३२. **कार्य सम्पन्न:** कार्यालयले बांफखेत सिंचाई मुहानको कामको लागि रु.१,२०,०५९।– को लागत अनुमान तयार गरी उपभोक्ता समितिबाट कार्य गराएको भनि रु.४०,०००।– खर्च लेखेको छ । उपभोक्ताबाट सम्पन्न गरेको कामको प्राविधिकबाट नापजांच गरी तयार गरेको मूल्याङकनको आधारमा कार्य सम्पन्न प्रतिवेदन पेश भएपछि भुक्तानी गर्नुपर्नेमा प्रमाण बेगर भुक्तानी गरेको र पूजीगत तर्फको खर्च कार्यालयले पुजीगत बजेटबाट मात्र खर्च लेख्नु पर्नेमा आन्तरिक आम्दानीको नगद मौज्दातबाट खर्च लेखेकोले कानूनसम्मत देखिएन ।

३३. **गत वर्षको भुक्तानी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) मा विशेष कारण एवं परिस्थितिवश चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नपर्ने भएमा बिल भपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनुपर्ने कारण खोली तोकेको ढांचामा भुक्तानी दिन बांकीको कच्चावारीमा चढाई कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नु पर्नेछ भनि उल्लेख गरेको छ । कार्यालयले उपरोक्त बमोजिमको कुनै प्रमाण नराखी रु.६,३०,५००।– गत वर्षको भुक्तानी दिएकोले उक्त खर्च नियमसंगत देखिएन ।

३४. **कन्टेन्जेन्सी भुक्तानी:** विभिन्न योजनाहरुबाट कट्टा गरी राखेको कन्टेन्जेन्सी रु.१८,०००।– सो योजनाहरुको प्रत्यक्ष निर्माण कार्यसंग सम्बन्धित कार्यमा खर्च गर्नुपर्नेमा सव इन्जिनियर दिपेन्द्र रानाभाटलाई भुक्तानी गरेको देखियो । निज सव इन्जिनियरलाई चार कार्यालयबाट संयुक्त रुपमा मासिक पारिश्रमिक भुक्तानी गर्दै आएकोमा पुन कन्टेन्जेन्सी वापतको रकम निजलाई कुनै विल भरपाई बेगर रु.१८,०००।– भुक्तानी गरेकोले कहां के वापत भुक्तानी गरेको हो प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्दछ ।

**३५.** **पेश्कीबाँकी:** आर्थिक वर्षको अन्त्यसम्ममा रु.४,४०,०००।–पेश्कीबाँकी रहेकोले नियमानुसार फछ्र्यौट गर्नुपर्ने देखिन्छ ।

३६. **सार्वजनिक परीक्षण:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६ मा उपभोक्ता समितिले गरेका कामको लागत मूल्य, कार्यस्थल, लागेको रकम उपभोक्ता समितिका पदाधिकारीको नाम नामेसी, कार्य शुरु गर्ने, सम्पन्न गर्ने मिति समेत खुल्ने गरी सम्वन्धित कार्य स्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्वन्धित स्थानीय निकायमा प्रस्तुत गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिबाट संचालित योजनाको फरफारक गर्दा प्राविधिक नापजांच गरेको मूल्याङकन विल तथा कार्य सम्पन्न प्रतिवेदन, सार्वजनिक परीक्षण प्रतिवेदन प्रस्तुत गरेको नदेखिएकोले नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गराउनु पर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.३८ लाख २० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.३८ लाख २० हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.३ लाख ५१ हजार, नियमित गर्नुपर्ने रु.१३ लाख १५ हजार र पेश्कि रु.२१ लाख ५४ हजार रहेको छ ।

# मादी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.१० लाख ९० हजार र यो वर्षको आय रु.४ करोड १८ लाख ८२ हजार समेत रु.४ करोड २९ लाख ७२ हजार आम्दानी भएकोमा रु.३ करोड ५ लाख ५४ हजार खर्च भई रु.१ करोड २४ लाख १८ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **पेश्की:**पोखराखेत खानेपानी योजनाको लागि तेज बहादुर रानाको नाममा रु.५०,०००। पेश्की वाकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

२. **कर दाखिला:** पृतिराज लामिछानेबाट भत्ता भुक्तानीमा कट्टी भएको कर दाखिला गर्न वाँकी रहेको रु.३७५।– दाखिला हुनुपर्दछ ।

३. **बढी खर्च:** प्रशासनिक खर्चमा छुटाइएको रकमभन्दा रु.९८,३४१।–वढी खर्च भएकोले उक्त खर्च अनियमित देखिन्छ ।

४. **बिल भरपाई:** चिप्ली आमासमुहलाई भाग्रां वुन्ने तालिम सञ्चालनको रु.८,०००।–, सिद्ध युवा क्लवलाई जुनियर भलिवल प्रतियोगिताको लागि रु.११,६००।–, पाखुरीकोट लुम्दी ग्रामिण सडक निर्माण उपभोक्ता समितिलाई रु.४८,९१०।–, जोखिम व्यवस्थापन को लागि रु.१०,०००।–, विविध खर्च रु.७,६२१।–, कन्टिजेन्सी खर्च रु.६५,०००।–, कार्यालय भवन मर्मत खर्च रु.१,८०,०००।–समेत रु.३,३१,१३१।– भुक्तानी दिएकोमा विल भरपाई पेश भएको देखिएन ।

५. **प्रमाण:** सम्झौता, ल.ई., नापी किताव तथा सम्पन्न प्रतिवेदन बेगर जलजले खानेपानी आयोजनालाई रु.१,००,०००।–, चम्रु खानेपानी आयोजनालाई रु.४८,०००।–, परियार आमासमुह तप्रागंको भवन मर्मत आयोजनालाई रु.५०,०००।–, तप्रागं वहुउदेश्यीय भवन निर्माण समितिलाई रु.१,५०,०००।–, च्यादी सडक निमार्णलाई रु.१,००,०००।–, समेत रु.४,४८,०००।– भुक्तानी दिएकोले उक्त खर्चसंग सम्वन्धित प्रमाण कागजात पेश हुनुपर्दछ ।

६. **बढी भुक्तानी:** मिजुरे सामाजिक उद्यम महिला सहकारी संस्थालाई कृषि तथा पशुपालन कार्यक्रमको लागि वढी भुक्तानी भएको रु.१०,०००।– कानुनसम्मत देखिएन ।

७. **कर बिजक:** वेलजगं स्मृती प्रतिक्षालयलाई सक्कल विजक बेगर रु.४६,९०१।– भुक्तानी गरेकोले नियमित दखिएन ।

८. **कर दाखिला:** विभिन्न मितिमा पारिश्रमिक कर कट्टी रु.१,१६५।– दाखिला नभएकोले दाखिला गर्नुपर्ने देखिन्छ ।

९. **आर्थिक अवस्था**: नेपालको संविधानको धारा २२९ मा स्थानीय तह अर्न्तगतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहेको छ । आर्थिक वर्षमा साविक ७ गा.वि.स.को सुरु मौज्दात रु.१,०८,००,९९७/- साविक ७ गा.वि.स. र यस कार्यालयलाई चालू र पूँजीगत अनुदान निकासा रु.२,३७,०७,३९५/- भएको छ । साविक ७ गा.वि.स. र कार्यालयको आन्तरिक आम्दानी रु.६,१४,७०७/- रहेको देखिएबाट गाउँपालिकाको आन्तरिक श्रोतको अवस्था न्यून देखिन्छ ।

१०. **राजस्व अनुमान:** नेपालको संविधानको धारा २३० वमोजिम संविधानको अधिनमा रही गाउं कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानुन बमोजिम गाउँ सभा वा नगर सभामा पेश गरी पारित गराउनु पर्ने व्यवस्था रहेको छ । यस आर्थिक वर्षमा मात्र गाउँपालिका स्थापना भएको र स्थापना पश्चात नेपाल सरकारको अनुदानबाट यो वर्ष कार्य सञ्चालन भएको छ । गाउँपालिकाले यो वर्ष योजनाहरुको खर्च रकम भुक्तानी गरेतापनि गाउँ विकास परिषद्हरुले सिफारिश दस्तुर, नाता प्रमाणित, धितो मूल्यांकन, पंजिकरण जस्ता क्रियाकलापमा साविक ७ गा.वि.स.को आय अनुमान भन्दा वास्तविक आम्दानी न्यून देखिन्छ । साविक गाउँ विकास समितिहरुमा आफ्नो क्षेत्र अर्न्तगत भएको घरजग्गाको वहाल कर लगायत र अन्य उठ्नुपर्ने राजस्वको स्रोत खोजी गरेको देखिदैन।

११. **सम्पत्ति व्यवस्थापन:** गाउँपालिका स्थापना भए पश्चात साविक गाउँ विकास समितिहरुमा रहेका सम्पत्ति लगायत नगद जिन्सी सामानहरुको गा.वि.स.का कार्मचारीहरुबाट बरवुझारथ गरी गाउँपालिका अर्न्तगत व्यवस्थापन गर्नुपर्ने हुन्छ । साविक गा.वि.स.हरुको आफ्नो क्षेत्र अर्न्तगत रहेको घरजग्गाको लगत अद्यावधिक गरी राखेको पाइएन । जिन्सी आम्दानी दाखिला गर्दा ल्यापटप, कम्प्यूटर, मोवाइल जस्ता

जिन्सी सामानहरुको स्पेसिफिकेशन खोली आम्दानी बाँधेको देखिएन । साविक गा.वि.स.का नाममा भएको घर जग्गा लगायतका सम्पत्ति, स्थानीय धार्मिक तथा साँस्कृतिक संस्थाहरुको सम्पत्ति लगायतको अभिलेख अद्यावधिक गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

१२. **खरिद व्यवस्थापन**: सार्वजनिक खरिद ऐन तथा खरिद नियमावली वमोजिम सार्वजनिक नियकाले खरिद व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था बमोजिम रु.५ लाख भन्दा बढीको सामानहरु शिलवन्दी दरभाउ र सो भन्दा वढीका सामानहरु वोलपत्रबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । साविक गाउँ विकास परिषद्ले स्वीकृत गरेका सवै योजनाहरु गाउँपालिकाले उपभोक्ता समिति मार्फत सञ्चालन गरेको पाइयो । गाउँपालिका नयाँ स्थापना भएबाट वार्षिक खरिद योजना, खरिद गुरु योजना, खरिद इकाई गठन जस्ता कार्यहरु समय अभावको कारणले नभएको देखिन्छ ।

१३. **स्वीकृत योजना र कार्य सम्पादन**: स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ बमोजिम प्रत्येक गाउं विकास समिति र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी जंगल तथा अन्यश्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउँ विकास समितिको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी तयार गरेको प्रोफाइल बमोजिम पूर्वाधार विकास गर्नुपर्नेमा साविक ७ गाउँ परिषद्ले स्वीकृत योजनाहरुमा पूर्वाधार अन्तर्गत सडक पूल, खानेपानी लगायतका योजनाहरु न्यून मात्रामा रहेको तर समूहहरुलाई सामान उपलब्ध, तालिम सीप विकास कार्यक्रमहरु, खेलकुद सामग्री खरिद, भ्रमण अवलोकन जस्ता आयोजनाहरु अधिकांश रहेको पाइयो । उल्लेखित योजनाहरुमा रु.१०,०००।– देखि अधिकतम रु.१०,००,०००।– सम्म विनियोजन गरेको रहेको पाइयो भने क्रमागत योजनाहरुको अभिलेख राखेको पाइएन ।

१४. **योजनाहरुको प्रगतिः** साविक गाउँ परिषद्ले स्वीकृत योजनामध्ये केही योजनाहरुमा परिषद्बाट स्वीकृत भएको रकमको नै लागत अनुमान तयार गरेकोमा केहीमा कम र अधिकांशमा लागत अनुमान बमोजिम नै कार्य सम्पन्न भएको छ भने केही योजनाहरुको कार्य भएको देखिँदैन । गाउँ पालिकाले आगामी वर्ष योजनाको कार्यान्वयनमा दीर्घकालिन विकासलाई ध्यान दिनुपर्ने देखिन्छ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.९ लाख ८४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.९ लाख ८४ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.१ हजार, नियमित गर्नुपर्ने रु.९ लाख ३३ हजार र पेश्कि रु.५० हजार रहेको छ ।

# रुपा गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.८७ लाख ८७ हजार र यो वर्षको आय रु.३ करोड २४ लाख ४९ हजार समेत रु.४ करोड १२ लाख ३६ हजार आम्दानी भएकोमा रु.२ करोड ४५ लाख २९ हजार खर्च भई रु.१ करोड ६७ लाख ७ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **आर्थिक अवस्था**: नेपालको संविधानको धारा २२९ मा स्थानीय तह अन्र्तगतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहेको छ । आर्थिक वर्षमा साविक ५ गा.वि.स.को सुरु मौज्दात रु.९,१७,६९९।– साविक ५ गा.वि.स.र यस कार्यालयलाई चालू र पूँजीगत अनुदान निकासा रु.२,४९,०७,०२६।– भएको छ । साविक ५ गा.वि.स.र कार्यालयको आन्तरिक आम्दानी रु.६,०४,०३२।– रहेको देखिएबाट गाउँपालिकाको आन्तरिक श्रोतको अवस्था न्यून देखिन्छ ।

२. **राजस्व अनुमान :** नेपालको संविधानको धारा २३० वमोजिम संविधानको अधिनमा रही गाउं कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानुन बमोजिम गाउँ सभा वा नगर सभामा पेश गरी पारित गराउनु पर्ने व्यवस्था रहेको छ । यस आर्थिक वर्षमा मात्र गाउँपालिका स्थापना भएको र स्थापना पश्चात नेपाल सरकारको अनुदानबाट यो वर्ष कार्य सञ्चालन भएको छ । गाउँपालिकाले यो वर्ष योजनाहरुको खर्च रकम भुक्तानी गरेतापनि गाउँ विकास परिषद्हरुले सिफारिश दस्तुर, नाता प्रमाणित,धितो मूल्यांकन, पंजिकरण जस्ता क्रियाकलापमा साविक ५ गा.वि.स.को आय अनुमानभन्दा र वास्तविक आम्दानी न्यून देखिन्छ । साविक गाउँ विकास समितिहरुमा आफ्नो क्षेत्र अन्र्तगत भएको घरजग्गाको वहाल कर लगायत र अन्य उठ्नुपर्ने राजस्वको स्रोत खोजी गरेको देखिदैन।

३. **सम्पत्ति व्यवस्थापन**: गाउँपालिका स्थापना भए पश्चात साविक गाउँ विकास समितिहरुमा रहेका सम्पत्ति लगायत नगद जिन्सी सामानहरुको गा.वि.स.का कर्मचारीहरुबाट बरवुझारथ गरी गाउँपालिका अन्र्तगत व्यवस्थापन गर्नुपर्ने हुन्छ । साविक गा.वि.स.हरुको आफ्नो क्षेत्र अन्र्तगत रहेको घरजग्गाको लगत अद्यावधिक गरी राखेको पाइएन । जिन्सी आम्दानी दाखिला गर्दा ल्यापटप, कम्प्यूटर, मोवाइल जस्ता जिन्सी सामानहरुको स्पेसिफिकेशन खोली आम्दानी वाँधेको देखिएन । साविक गा.वि.स.का नाममा भएको घर जग्गा लगायतका सम्पत्ति, स्थानीय धार्मिक तथा साँस्कृतिक संस्थाहरुको सम्पत्ति लगायतको अभिलेख अद्यावधिक गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

४. **खरिद व्यवस्थापन**: सार्वजनिक खरिद ऐन तथा खरिद नियमावली वमोजिम सार्वजनिक नियकाले खरिद व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था बमोजिम रु.५ लाख भन्दा बढीको सामानहरु शिलवन्दी दरभाउ र सो भन्दा वढीका सामानहरु वोलपत्रबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । साविक गाउँ विकास परिषद्ले स्वीकृत गरेका सवै योजनाहरु गाउँपालिकाले उपभोक्ता समिति मार्फत सञ्चालन गरेको पाइयो । गाउँपालिका नयाँ स्थापना भएबाट वार्षिक खरिद योजना, खरिद गुरु योजना, खरिद इकाई गठन जस्ता कार्यहरु समय अभावको कारणले नभएको देखिन्छ ।

५. **स्वीकृत योजना र कार्य सम्पादन**: स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ बमोजिम प्रत्येक गाउं विकास समिति र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्र्तगत खानी जंगल तथा अन्यश्रोत, पूर्वाधार अन्र्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउँ विकास समितिको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी तयार गरेको प्रोफाइल बमोजिम पूर्वाधार विकास गर्नुपर्नेमा साविक ७ गाउँ परिषद्ले स्वीकृत योजनाहरुमा पूर्वाधार अन्तर्गत सडक पूल, खानेपानी लगायतका योजनाहरु न्यून मात्रामा रहेको तर समूहहरुलाई सामान उपलब्ध, तालिम सीप विकास कार्यक्रमहरु, खेलकुद सामग्री खरिद, भ्रमण अवलोकन जस्ता आयोजनाहरु अधिकांश रहेको पाइयो । उल्लेखित योजनाहरुमा रु.२०,०००।– देखि अधिकतम रु.५,००,०००।– सम्म विनियोजन गरेको रहेको पाइयो भने क्रमागत योजनाहरुको अभिलेख राखेको पाइएन ।

६. **योजनाहरुको प्रगति**: साविक गाउँ परिषद्ले स्वीकृत योजनामध्ये केही योजनाहरुमा परिषद्बाट स्वीकृत भएको रकमको नै लागत अनुमान तयार गरेकोमा केहीमा कम र अधिकांशमा लागत अनुमान बमोजिम नै कार्य सम्पन्न भएको छ भने केही योजनाहरुको कार्य भएको देखिँदैन । गाउँ पालिकाले आगामी वर्ष योजनाको कार्यान्वयनमा दीर्घकालिन विकासलाई ध्यान दिनुपर्ने देखिन्छ ।

७. **मौज्दात**: मौज्दात रु.८,५०,९४३।– मध्ये वडा नं.१ र २ को रु.७,२०,८२०।– मुक्तिनाथ बैकमा र अन्यको

रु.१,३०,१२३।– नगद मौज्दात रहेको देखिएकोले आन्तरिक आयलाई समयमा नै बैक जम्मा गर्नुपर्ने देखिएको छ ।

८. **जिन्सी व्यवस्थापन:** जिन्सी खाता अद्यावधिक गर्नुपर्ने र वडास्तरमा भएका जिन्सी सामानहरुको पनि अभिलेख राख्नुका साथै गाँउपालिका तथा वडामा भएका सबारी साधनको लगबुक राख्नुपर्ने देखिन्छ ।

९. **भ्रमण प्रतिवेदन:** भ्रमण खर्चको भुक्तानी गर्दा भ्रमण अभिलेख राखी सोको प्रतिबेदन अनिबार्य संलग्न गराउनु पर्ने देखिन्छ ।

१०. **कर कट्टी:** वडा नं.३ र ४ को ढुवानी बापतको भुक्तानी रु.१६,५००।– को भाडा कर रु.१,६५०।–, सामुदायिक भबन निर्माण खर्च रु.५०,०००।– मध्ये ढुवानी खर्च रु.१४,०००।– को भाडा कर रु.१,४००।–, जुकेपानि खानेपानि योजनामा भएको खर्च रु.४ लाखमध्ये ढुवानि खर्च रु.२१,०००।– भाडाकर रु.२१००।–समेत रु. ५१५०।– कट्टी गरेको नदेखिएकोले असुल गर्नुपर्दछ ।

११. **जोखिम भत्ता:** देउराली स्वास्थ्यचौकी प्रयोगशाला सुधार तथा नागरीक स्वास्थ्य परीक्षण मा भएको खर्च रु.१,५०,०००।– मध्ये प्राबिधिकलाई जोखिम भत्ता रु.७,०००।– खर्च लेखेकोले नियमसंगत देखिएन ।

**रुपाकोट गाउँ विकास समिति**

१२. **विपद व्यवस्थापन कोष:** विपद व्यवस्थपन कोषमा मौज्दात रहेको साविक रुपाकोट गा.वि.स.को रु.५,९२०।–, साविक सिद्धी गा.वि.स.को रु.३,०००।– समेत रु.८,९२०।– गाउँपालिकामा फिर्ता गरेको देखिएन ।

१३. **विल भरपाई:** सामाजिक परिचालक पुजा कुँबरलाई भ्रमण आदेश बेगर रु.३,०००।– दैनिक भत्ता भुक्तानी गरेकोले स्वीकृत भ्रमण आदेश पेश हुनुपर्दछ ।

१४. **कार्यसम्पन्न प्रतिवेदन:** प्रहरीचौकि ब्यबस्थापन खर्च रु.३०,०००।–, अपाङ्ग स्वाबलम्बन खर्च रु.३०,०००।००, कौशिला आमा समुह भबन निर्माण खर्च रु.१,००,०००।–, महिला शिपमुलक तथा नारी दिबस कार्यक्रम खर्च रु.६०,०००।– समेत रु.२,२०,०००।– को संझौता, कार्यसम्पन्न प्रतिबेदन संलग्न नराखी भुक्तानी दिएको दिएकोले प्रमाण कागजात पेश हुनुपर्ने देखिन्छ ।

**सिद्ध गाउँ विकास समिति**

१५. **नगद बाँकी:** साबिक सिद्ध गा.वि.स.को आन्तरिक आम्दानी रु.६०,८६१।– दाखिला गरेको नदेखिएकोले दाखिला गर्नुपर्ने देखिन्छ ।

१६. **कर दाखिला:** साबिक सिद्ध गा.वि.स.को लेखापरीक्षण शुल्क कर कट्टी रु.३,०००।– दाखिला गरेको नदेखिएकोले दाखिला गर्नुपर्दछ ।

१७. **विल भरपाई:** तिज गित कार्यक्रम अन्तरगत ९ वटै वडाका वडास्तरीय समुहलाई प्रति समूह रु.१,६००।– का दरले रु.१४,४००।–भुक्तानी दिएकोमा बिल भरपाई सलग्न भएको पाइएन ।

१८. **कार्यसम्पन्न प्रतिवेदन:** सामुदायिक अध्ययन केन्द्रलाई कार्यक्रम सञ्चालन गर्न रु.१ लाख, उद्घोषण कार्यक्रममा रु.४२,४५०।– समेत रु.१,४२,४५०।– खर्च लेखेकोमा उक्त कार्यक्रमको प्रस्ताब, संझौता, कार्यसम्पन्न प्रतिबेदन संलग्न गरेको पाइएन ।

१९. **बढी भुक्तानी:** प्राविधिकलाई रु.७०,०००।–भुक्तानी गरेकोमा पाउनेभन्दा रु.७,०००।– बढी भुक्तानी गरेको र सा.सु.कर रु.६३०।– कट्टी नगरेकोले रु.७,६३०।– असुल गर्नुपर्ने देखिन्छ ।

२०. **सार्वजनिक परीक्षण:** प्रगतिशिल आमासमुह लाई सार्बजनिक शौचालय निर्माणका लागि १ लाख र ठाँटि कोल थुम्की सडक निर्माणका रु.१,७०,०००।– खर्च लेखेकोमा सार्बजनिक परीक्षण लगायत कार्यसम्पन्न प्रतिबेदन संलग्न भएको देखिएन ।

२१. **मू.अ.कर बिल:** कार्यालय ब्यबस्थापनका लागि रु.३१,८४०।– खर्च लेखेकोमा खरीद गरेको सामानको मू.अ.कर बिल संलग्न भएको देखिएन ।

**देउराली गाउँ विकास समिति**

२२. **कर्मचारी कल्याण कोष:** गा.वि.स.को कृषि बिकास वैंकमा रहेको कर्मचारी कल्याणकारी कोष खातामा रु.२०,०००।– मौज्दात रहेकोमा गाउँपालिकामा फिर्ता गरीएको देखिएन ।

२३. **नगद बाँकी:** गा.बि.स.सचिब जिम्मा रहेको नगद मौज्दात रु.४२,८८६।– गाँउपालिकाको खातामा जम्मा भएको देखिएन ।

२४. **आन्तरिक आम्दानी:**आन्तरिकश्रोतको रु.६४,०५३।– नगद बाँकी रहेकोमा रु.२१,१६७– संचयकोष दाखिला गरी रु.४२८८६।–बाँकी रहेको ले दाखिाला गर्नुपर्ने देखिन्छ ।

२५. **कर दाखिला:** बिभिन्न भुक्तानीमा कट्टी गरेको अग्रिम आकर रु.२२५०।– दाखिला गरेको नदेखिएकोले दाखिला गनुपर्ने देखिन्छ ।

२६. **प्रमाण:** जोल्टे चौतारा फालभञ्याङ्ग बाटो मर्मत योजना, बाट नर्सरी स्याउ तथा बिउबिजन कार्यक्रम तथा देउरालि खाल्टे हुलाकि ग्रामिण सडक निर्माण कार्यक्रममा प्रस्ताबना, निबेदन, ल.ई. आदि कागजपत्र संलग्न गरेको पाइएन ।

२७. **भरपाई:** मकैको बिउबिजन बितरणको लागि रु.२७,१०४।–, तरकारीको बिउबिजन बितरणको लागि रु.८५,०००।– समेत रु.१,१२,१०४।–भुक्तानी गर्दा बुझेको भरपाई संलग्न नभएकोले भरपाई पेश हुनुपर्दछ ।

२८. **कर्मचारी कल्याण कोष:** कर्मचारी कल्याणकारी कोष खातामा रु.२०,०००।– मौज्दात रहेकोमा गाउँपालिका फिर्ता गरीएको देखिएन ।

**थुम्कि गाउँ विकास समिति**

२९. **नगद बाँकी:** गा.बि.स.सचिब जिम्मा रहेको नगद मौज्दात रु.२,०१५।– गाँउपालिकाको खातामा जम्मा भएको देखिएन ।

३०. **नगदबाट खर्च:**आन्तरिक आम्दानी रु.३०,०६५।– बैंक दाखिला नगरी नगदबाटै खर्च गरेकोले बैंकिंग प्रणाली मार्फत खर्च गर्नुपर्ने देखिन्छ ।

३१. **सापटी फिर्ता:** जटेश्वर महादेब मन्दिर क्षेत्र बिकास समितिलाई सापटि फिर्ता भनि रु.१ लाख फिर्ता गरेको देखियो । बिकास समितिबाट सापटी लिएको अभिलेख राखेको नदेखिएकोले उक्त खर्च नियमसंगत देखिएन ।

**हंसपुर गाउँ विकास समिति**

३२. **बिपद ब्यबस्थापन कोष:** कार्यालयको विपद व्यवस्थापन कोषमा रु.६,२८८।– मौज्दात रहेकोमा उक्त रकम गाउँपालिका फिर्ता गरेको देखिएन ।

३३. **नगदबाट खर्च:**आन्तरिक आम्दानी रु.२०,११५।– बैंक दाखिला नगरी नगदबाटै खर्च गरेकोले बैंकिंग प्रणाली मार्फत खर्च गर्नुपर्ने देखिन्छ ।

३४. **बिल भरपाई:** तलब, डेलिगेसनमा भएको खर्च भनी रु.८१,६१६।– भुक्तानी गरेकोमा डेलिगेसनमा भएको खर्च रु.३५०००।० को बिल भरपाई संलग्न नभएकोले विल भरपाई पेश हुनुपर्दछ ।

३५. **बढी भुक्तानी:** प्राबिधिक खर्च बापत रु.७५,०००।–भुक्तानी दिएकोमा संझौता बिपरीत रु.५,०००।– बढीभुक्तानी दिएको देखिएकोले असुल गर्नुपर्दछ ।

३६. **मू.अ.कर विजक:** गाँउ क्लिनिक सञ्चालन गर्न हंसपुर स्वास्थ्य चौकिलाई रु.३५,५२५।– को फर्निचर खरिदको भुक्तानी दिएकोमा मू.अ.कर विजक संलग्न भएको देखिएन ।

## बेरुजू स्थिति:

लेखापरीक्षणबाट रु.९ लाख ९८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.९ लाख ९८ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.२० हजार, नियमित गर्नुपर्ने रु.१६ लाख ७१ हजार रहेको छ ।

# चामे गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.२३ लाख ८९ हजार र यो वर्ष आय रु.१ करोड ६६ लाख १३ हजार समेत रु.१ करोड ६७ लाख ३७ हजार आम्दानी भएकोमा रु.१ करोड १६ लाख २५ हजार खर्च भई रु.५१ लाख १२ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१ **उद्देश्य बिपरित खर्च :** आर्थिक कार्यबिधि ऐन २०५५ को दफा २७ मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने र तोकिएको काम बाहेक अन्य काममा खर्च गरिएको देखिएमा जिम्मेवार व्यक्तिबाट यस्तो खर्च रकम असुल उपर गरी विभागीय कारबाही समेत गर्न सकिने व्यवस्था छ । कार्यालयले कार्यालय बाहिरका दुई कर्मचारीलाई दैनिक भ्रमण भत्ता खर्च रु.१४,०००।- भुक्तानी गरेको पाइयो । तालुक मन्त्रालयको सहमति र स्वीकृती बेगर अन्य कार्यालयको कर्मचारीलाई दिएको भुक्तानी रु.१४ हजार अनियमित देखिएकोले यस्तो कार्यलाई नियन्त्रण गरिनुपर्दछ ।

२ **स्थानीय भत्ता :** आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामकाजको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, दैनिक भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता, वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यबस्था छ । कार्यालयले विभिन्न ३ कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ता भुक्तानी गरेको अवधिमा पनि स्थानीय भत्ता भुक्तानी गरेको पाइयो । दोहोरो भुक्तानी रु.३८,७७२।- असुल गरी दाखिला गर्नुपर्दछ ।

३ **भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ को नियम १० मा एक जिल्लाबाट अर्को जिल्लामा सरुवा भई जाने कर्मचारीले परिवार लैजाने प्रयोजनका लागि निजले पाउने भ्रमण खर्च र भ्रमण भत्ता बराबरको रकम परिवारको प्रत्येक सदस्यलाई जनही रुपमा दिनुपर्ने व्यवस्था छ । कार्यालयका एक कर्मचारीको मिति २०७४।३।१५ देखि ३।१९ सम्म सुनसरीदेखि मनाङ सरुवा भई आउँदा सुनसरी देखि काठमाण्डौसम्म निज र काठमाण्डौदेखि मनाङसम्म निजसँगै ५ जना परिवार जांदा रु.२६१५०।-भुक्तानी हुनुपर्नेमा रु.४३०००।- भुक्तानी भएको देखियो । बढी भुक्तानी भएको रु.१६,८५०।- असुल गरिनुपर्दछ ।

४ **अग्रिम आयकर :** आयकर ऐन, २०५८ को दफा ८९ अनुसार अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले एक अटोमोवाइल मार्फतरु.२,१३,०७०।- को मोटरसाइकल खरिदमा लाग्ने अग्रिम आयकर रु.३,१९६।- कट्टा गरी दाखिला गरेको पाइएन । अग्रिम आयकर रु.३,१९६।- कट्टा गरी दाखिला गर्नुपर्दछ ।

५ **योजनाको सार्वजनिक परीक्षण तथा हस्तान्तरण:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ मा उपभोक्ता समितिले जिम्मा लिएको कार्य सम्पन्न भएपछि योजनाको सार्वजनिक परीक्षण तथा हस्तान्तरण गर्नुपर्ने ब्यबस्था छ । चामे गा.पा. को ११ वटा योजना सम्पन्न भएपश्चात सार्वजनिक परीक्षण र उपभोत्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । सम्पन्न भईसकेको योजनाको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी तोकी सार्वजनिक परीक्षण र हस्तान्तरण गरिनु पर्दछ ।

६ **बोलपत्र :** सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा सार्वजनिक निकायले २० लाख रुपैयाभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विद्युतीय उपकरण तथा फर्निचरहरु खरिद गर्दा आपूर्तिकर्ता तथा मिति फरक पारीविभिन्न ७आपूर्तिकर्ताबाट ११ पटकमा मू.अ. कर समेत रु.३०,४२,०२०।- को टुक्रा टुक्रा पारी कोटेशनको माध्यमबाट खरिद गरेको छ । प्रतिस्पर्धात्मक खरिद प्रक्रिया नअपनाई खरिद गरेको रु.३०,४२,०२०।-नियमानुसार देखिएन । टुक्रा खरिद प्रक्रियालाई नियन्त्रण गरिनुपर्दछ ।

७ **जिन्सी व्यवस्थापन** : साविकको चामे गाउँ विकास समितिको जिन्सी सामानलाई हालको चामे गाउँपालिकामा जिम्मेवारी सार्नुपर्नेमा जिन्सी सामानको खप्ने सामानका पनि दुइ वटा जिन्सी खाता रहेका पाइयो । मूल्य खुलाई साविकको चामे गाविसको जिन्सी सामान हालको गाउँपालिकामा जिम्मेवारी सारी अद्यावधिक गर्नुपर्दछ ।

८ **आन्तरिक नियन्त्रण प्रणाली :**आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ९५ मा प्रत्येक मन्त्रालय, सचिवालय, संवैधानिक अङ्ग, बिभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षतार प्रभावकारी ढङ्गबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्यसम्पादन आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने ब्यबस्था छ । कर्यालयको निरीक्षण पुस्तिकामा सुधार गर्नुपर्ने गरी उल्लेखित व्यहोरा कारबाही नगरेको, प्रगति प्रतिवेदनहरु समयमा तयार नगरेको,जिन्सी सामानको मर्मत र लिलाम नगरेको,बोलपत्रबाट खरिद नगरेको, सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुसार सूचना प्रकाशन गर्ने नगरेको अवस्था छ ।यसमा सुधार हुनुपर्दछ ।

९ **गाउँपालिका कोष आयतर्फ:** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र उठाउने मालपोत तथा भूमिकरको अभिलेख राखी लगत तयार गरेको हुनुपर्दछ। गाउँपालिका तथा साबिक गाउँ बिकास समितिले यो बर्ष रु.६७१५६।- मालपोत असुली गरेकोमा उठाउनु पर्ने मालपोत तथा भूमिकर, उठेको तथा उठ्न बाँकीको अद्यावधिक अभिलेख नराखेकोले मालपोत बक्यौता यकिन हुन सकेन। भूमिकरको लगत अद्यावधिक गरिनु पर्दछ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.७३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.७३ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ। सो मध्ये असुल गर्नुपर्ने रु.५९ हजार र नियमित गर्नुपर्ने रु.१४ हजार रहेको।

# नारफू गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात नदेखिएको र यो वर्ष आय रु.२ करोड ७० लाख ५७ हजार आम्दानी भएकोमा रु.२ करोड २२ लाख ३९ हजार खर्च भई रु.४८ लाख १८ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१ **गाउँपालिकाको कोष आयतर्फ** : गाउँपालिकाको मातहत क्षेत्रको उठाउने मालपोत तथा भूमिकरको अभिलेख राखि लगत तयार गरेको हुनुपर्दछ ।गाउँपालिका तथा साविक गाउँ विकास समितिले यो बर्ष रु.७ हजार मालपोत असुली गरेकोमा अद्यावधिक अभिलेख नराखेकोले मालपोत बक्यौता यकिन हुन सकेन । भूमिकरको लगत अद्यावधिक हुनुपर्दछ ।

२ **बोलपत्र प्रतिस्पर्धा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ को उपनियम (१)मा सार्वजनिक निकायले बीस लाख रुपैयाभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्दा खुल्ला बोलपत्रको माध्यमबाट खरिद गरिनुपर्ने ब्यबस्था छ । कार्यालयले विद्युत उपकरण तथा फर्निचर्सहरु खरिद गर्दा आपूर्ति तथा मिति फरक पारीविभिन्न १२ आपूर्तिकर्ताबाट १६ पटकमा मू.अ.कर समेत रु.२९,४२,१७८।- को टुक्राटुक्रा पारी हाते कोटेशनको माध्यमबाट खरिद गरेको छ। प्रतिस्पर्धात्मक खरिद प्रक्रिया नअपनाई खरिद गरेको रु.२९,४२,१७८।-नियमानुसार देखिएन। टुक्रा खरिद प्रक्रियालाई नियन्त्रण गरिनुपर्दछ ।

४ **सार्वजनिक परीक्षण तथा हस्तान्तरण** : सार्वजनिक खरिद ऐन, २०६४ को नियम १७ तथा स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम १५५ मा उपभोक्ता समितिले जिम्मा लिएको कार्य सम्पन्न भएपछि योजनाको सार्वजनिक परीक्षण तथा हस्तान्तरण गर्नुपर्ने ब्यबस्था छ । नारफू गाउँपालिका र यस अन्तर्गत ५ वटा वडामा सञ्चालन भई कार्य सम्पादन भएका १६ वटा आयोजनाको सार्वजनिक परीक्षण र उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाइएन । सम्पन्न भैसकेका आयोजनाको रेखदेख,मर्मत सम्भार गर्ने जिम्मेवारी तोकि योजना सम्पन्न भएपश्चात सार्वजनिक परीक्षण गरी हस्तान्तरण गरिनुपर्दछ ।

५. **भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम १० अनुसार तोकिएबमोजिम दैनिक भत्ता भुक्तानी दिनु पर्दछ। कार्यालयले देहाय अनुसार पाउनेभन्दा बढी भुक्तानी गरेकोले असुल गरिनु पर्दछ।

५.१ **सरुवा भ्रमण खर्च र भ्रमण भत्ता** : कार्यकारी अधिकृत श्री ताराकिरण कुँवर खोटाङबाट काठमाण्डौ हुदै मनाङ नारफू रमना (काज) भई जाँदा थप १० प्रतिशत समेत रु.५,३६०।- र फुटकर खर्च रु.२,०००।- समेत रु.१०,९८०।- भुक्तानी गर्नुपर्नेमा रु.१६,५१०।- भुक्तानी गरेकोले बढी भुक्तानी रु.५,५३०।- असुल गर्नुपर्दछ।

५.२ कार्यकारी अधिकृत श्री ताराकिरण कुँवरले आमा, वुवा,श्रीमती र छोरा काठमाण्डौबाट मनाङ नारफू निजसँगै जाँदा भ्रमण खर्च रु.१,४२०।- दैनिक भ्रमण भत्ता २-२५ दिनको रु.१,६००।- का दरले एक दिनको थप १० प्रतिशत समेत रु.३,७६०।-गरी रु.५,१८०।- का दरले ४ जनाको रु.२०,६२०।-भुक्तानी गर्नुपर्नेमा रु.२१,५२०।- भुक्तानी गरेकोले बढी भुक्तानी रु.८००।- असुल गरिनुपर्दछ।

५.३ कार्यकारी अधिकृत श्री ताराकिरण कुँवरले चैत्र १५ देखि १७ गतेसम्म पोखरामा सञ्चालित अभिमूखीकरण तालिममा सहभागी हुन २०७३।१२।१२ देखि १२।२० सम्म ९ दिनको भ्रमण भत्ता भुक्तानी गरेको पाइयो । सात दिनभन्दा बढी भ्रमण समर्थन नभएकोले बढी भुक्तानी रु.३,२००।- असुल गर्नुपर्दछ।

६. **दैनिक भ्रमण भत्ता :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ मा सरकारी कामको सिलसिलामा कार्यालय बाहिर खटिदा दैनिक भ्रमण भ्रत्ता भुक्तनी गर्ने व्यबस्था छ। कार्यालयले एक कर्मचारीको रु.३,६००।- कार्यालयमा हाजिर भएको दिनको समेत दैनिक भ्रमण भत्ता भुक्तानी गरेको पाइयो । बढी भुक्तानी रकम रु.३,६००।- असुल गरी यस्तो खर्च नियन्त्रण गरिनुपर्दछ।

७. **तलब भ्रत्ता भुक्तानी** : एक कर्मचारी बैशाख २२ गतेसम्म कार्यालयमा हाजिर भई सरुवा भएकोमा बैशाखको तलब भत्ता भुक्तानी गर्दा २२ दिनको मात्र स्थानीय भत्ता रु.१०,८२४।- भुक्तानी गर्नुपर्नेमा रु.१४,७६०।- भुक्तानी गरेकोले बढी भुक्तानी रु.३,९३६।- असुल गर्नुपर्दछ।

८ **पारिश्रमिक कर** : बाल पोषण कार्यक्रम तथा तालिमा सहभागिता भत्ता २६ जनाको रु.१५००।- का दरले २ दिनको रु.६९,०००।-को १५ प्रतिशतले हुने पारिश्रमिक कर रु.१०,३५०।- दाखिला गर्नुपर्दछ।

९ **स्थानीय भत्ता :** आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामकाजको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, दैनिक भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यबस्था छ । कार्यालयका विभिन्न कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ता भुक्तानी गरेको अवधिमा पनि स्थानीय भत्ता भुक्तानी गरेको पाइयो । दोहोरो रुपमा प्रदान गरिएको बढी भुक्तानी रु.१,०६,०५४।- असुल गरी दाखिला गर्नुपर्दछ ।

१० **उदेश्य विपरीत खर्च :** आर्थिक कार्यविधि ऐन, २०५५ को नियम २७ मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने र तोकिएको काम बाहेक अन्य काममा खर्च गरेको देखिएमा जिम्मेवार ब्याक्तिबाट यस्तो खर्च रकम असुल गरी कारवाहि समेत गर्न सकिने ब्यबस्था छ । कार्यालयले दैनिक भ्रमण भत्ता बापत कार्यालय बाहिरका २ कर्मचारीलाई ३ पटकमा रु.२३,३७५।- भुक्तानी गरेको पाइयो । कार्यालय बाहिरका कर्मचारीलाई भुक्तानी गरेको रु.२३,३७५।- नियमानुसार देखिएन ।अन्य कार्यालयको खर्च नियन्त्रण गर्नुपर्दछ ।

११ **आन्तरिक नियन्त्रण प्रणाली :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा प्रत्येक मन्त्रालय,सचिवालय,संवैधानिक अङ्ग विभागीय प्रमुखले आफू र अर्न्तगत निकायबाट सम्पादन गरीने कार्यहरु मितब्ययी,कार्यदक्षतार प्रभावकारी ढङ्गबाट सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने ब्यबस्था छ । कार्यालयको तालुक कार्यालयबाट निरीक्षण नगरेको, कार्यालयको लक्ष्य तथा कार्यक्रम बारे सेवाग्राहीसँग अन्तरक्रिया नगरेको, कार्यालय उदेश्य प्राप्तीमा आईपर्ने जोखिम पहिचान नगरेको, बजेट निकासा समयमै नभएको, जिन्सी सामानको मर्मत र लिलाम नगरेको, सेवा प्रवाहमा नागरिक सूचना प्रणलीको लागि हेल्प डेक्स नराखेको अवस्थाछ ।यसमा सुधार हुनुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.१ लाख ६३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.१ लाख ६३ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.१ लाख ४० हजार र नियमित गर्नुपर्ने रु.२३ हजार रहेको छ ।

# नाशोंङ गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको यो वर्ष आय रु.३ करोड १८ लाख ७२ हजार समेत रु.३ करोड १८ लाख ७२ हजार आम्दानी भएकोमा रु.२ करोड ६० लाख १५ हजार खर्च भई रु.५८ लाख ५७ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१ **बोलपत्र प्रतिस्पर्धा:** सार्वजनिक नियमावली, २०६४ को नियम ३१ को उपनियम (१) मा सार्वजानिक निकनयले बिस लाख रुपैयाभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसमान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुल्ला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने ब्यबस्था छ । कार्यालयले बिद्युतीय उपकरण तथा फर्निचरहरु खरिद गर्दा आपूर्तक तथा मिति फरक पारी विभिन्न ६ आपूर्तिकर्ताबाट ९ पटकमा मू.अ. कर समेत रु.३०,१३,५९७-को टुक्रा टुक्रा पारी हाते कोटेशनको माध्यमबाट खरिद गरेको छ । प्रतिस्पर्धात्मक खरिद प्रक्रिया नअपनाई खरिद गरेको रु.३०,१३,५९७- नियमानुसार देखिएन । टुक्रा खरिद प्रक्रियालाई नियन्त्रण गरिनुपर्दछ ।

२ **गाउँपालिका कोष आयतर्फ:** गाउँपालिकाले मातहत क्षेत्रको उठाउने मालपोत तथा भूमिकरको अभिलेख राखी लगत तयार गरेको हुनुपर्दछ । गाउँपालिका तथा साबिक गाउँ विकास समितिले यो बर्ष रु.२१,४४३।- मालपोत असुली गरेकोमा उठाउनु पर्ने मालपोत तथा भूमिकर, उठेको तथा उठ्न बाँकीको अध्यावधिक अभिलेख राखेको देखिएन । भूमिकरको लगत अध्यावधिक गरिनु पर्दछ ।

३ **आन्तरिक नियन्त्रण प्रणाली :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ९५ मा प्रत्येक मन्त्रालयम, सचिवालय, संवैधानिक अङ्ग, बिभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरु मितब्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने ब्यबस्था छ । कार्यालयको तालुक कार्यालयबाट निरीक्षण नभएको, जोखिम अभिलेख अद्यावधिक नगरेको, अख्तियारी र कार्यक्रम समयमै प्राप्त नभएको, पूँजीगत बजेटको ९०% भन्दा कम खर्च भएको, बेरुजू लगत र फछ्र्यौट अभिलेख अद्यावधिक नगरेको, सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं.२ अभिलेख नराखेको र सेवा प्रवाहमा नागरिक सूचनाको लागि हेल्प डेस्क नराखेको अवस्था छ। यसमा सुधार हुनुपर्दछ।

४ **सार्वजनिकपरीक्षण तथा हस्तान्तरण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ मा उपभोत्ता समितिले जिम्मा लिएको कार्य सम्पन्न भएपछि योजनाको सार्वजनिक परीक्षण तथा हस्तान्तरण गर्नुपर्ने ब्यबस्था छ । नाशोङ गा.पा. वडा.नं. १देखि ४ का ११ वटा योजना, नाशोङ गा.पा. वडा.नं.५,६,७ का १६ वटा योजना, नाशोङ गा.पा. वडा.नं. ८ र ९ का १३ वटा योजनाको सार्वजनिक परीक्षण र उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । सम्पन्न आयोजनाको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी तोकी सार्वजनिक परीक्षण र हस्तान्तरण गरिनु पर्दछ ।

५ **जिन्सी/सम्पति संरक्षण र उपयोग:** नाशाङ गाउँपालिका अन्तरगत पर्ने साबिकका थोंचे, धारापानी र बगरछाप गा.बि.स.हरुको जिन्सी सामानहरुको जिम्मेवारी मुल्य खुलाई गाउँपालिकामा सारी जिन्सी अभिलेख अद्यावधिक गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । जिन्सी अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

६ **उद्देश्य बिपरित खर्च :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३६(१) र (२) अनुसार कार्यालय प्रमुखले निकासा लिई बजेटको सिमा भित्र र निर्धारित कार्यमा खर्च गर्नुपर्ने र सम्बन्धित भित्रको रकम खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नुपर्ने ब्यबस्था छ । कार्यालयको बजेटबाट एक कार्यालय चामे मनाङका एक कर्मचारीलाई मिति २०७४।१।१२ देखि २०७४।१।१८ सम्म थोंचे भ्रमण वापत रु ९,०५०।- भुक्तानी गरेकोमा सम्बन्धित तालुक मन्त्रालयको सहमति र स्वीकृति बेगर खर्च गरेको देखियो । तालुक मन्त्रालयको सहमति र स्वीकृति बेगर खर्च लेखिएको रु.९,०५०।- नियमित देखिएन ।

७ **आन्तरिक लेखापरीक्षण प्रतिबेदनको कार्यान्वयन, मूल्याङ्कन :** आन्तरिक लेखापरीक्षण प्रतिबेदनबाट औंल्याईएका अनिवार्य रसिद नियन्त्रण खाता राख्नुपर्ने तथा आम्दानी प्राप्त गर्दा नगदी रसिद काटी राजश्व शाखा मार्फत आम्दानी बाँध्नु पर्छ । नाशोङ-८ का वडा सचिब मोतिलाल ढकालसंग गाउँपालिकाको आन्तरिक आम्दानी मालपोत रु.४२५।- सिफारिस दस्तुर रु.७१०।- गरी रु.१,१६५।- गाउँपालिका सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

### बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.२ लाख १६ हजार बेरुजू देखिएकोमा प्राम्भिक प्रतिवेदन उपलव्ध गराएपछि प्रतिक्रियाबाट रु.२ लाख ६ हजार फछ्र्यौट भई रु.१० हजार असुल फछ्र्यौट गर्नुपर्ने बेरुजू बाँकी रहेको छ ।

# नेस्याङ गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.२ लाख ८ हजार र यो वर्ष आय रु.५ करोड ८ लाख ३ हजार समेत रु.५ करोड १० लाख ११ हजार आम्दानी भएकोमा रु.२ करोड ७४ लाख ६३ हजार खर्च भई रु.२ करोड ३५ लाख ४८ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१ **बोलपत्र:** सार्वजनिक खरिद नियामावली, २०६४ को नियम ३१(१) मा सार्वजनिक निकायले बीस लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान, वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुल्ला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विद्युतीय उपकरण तथा फर्निचरहरु खरिद गर्दा आपूर्तक तथा मिति फरक पारीविभिन्न ९आपूर्तिकर्ताबाट ९ पटकमा मू.अ. कर समेत रु.२६,३७,४७१।- को टुक्रा टुक्रा पारि हाते कोटेशनको माध्यमबाट खरिद गरेको छ । प्रतिस्पर्धात्मक खरिद प्रक्रिया नअपनाइ खरिद गरेको रु.२६,३७,४७१।-नियमानुसार देखिएन । टुक्रा खरिद प्रक्रियालाई नियन्त्रण गरिनुपर्दछ ।

२ **भ्रमण भत्ता:** भ्रमण खर्च नियमावली, २०६४ को नियम १० मा एक जिल्लाबाट अर्को जिल्ला वा सोही जिल्लाको २० किलोमिटरभन्दा बढी दुरी भएको कार्यालयमा सरुवा हुँदा परिवार लैजाने प्रयोजनको लागि निजले पाउने बराबरको रकम भुक्तानी गर्ने व्यवस्था छ । यस सम्बन्धमा निम्नानुसारको व्यहोरा देखियो :

२.१ एक कर्मचारी तानसेन देखि मनाङ रमना भइ जाँदा तानसेन देखि बेशिशहर २ दिन, बेशीशहर देखि मनाङ १.२५ दिन गरी ३.२५ दिनको निज समेत ३ जनाको १ दिनको थप १०% समेत रु.१६०८०।-,भ्रमण खर्च रु.७,५००।- र फुटकर खर्च एकमुष्ट रु.२,०००।- समेत जम्मा रु.२५,५८०।- भुक्तानी गर्नुपर्नेमा रु.५१,७८०।- भुक्तानी गरेकोले बढी भुक्तानी रु.२६,२००।- असुल गर्नुपर्दछ ।

२.२ अर्का एक कर्मचारी चामेदेखि मनाङ रमना हुँदा निज समेत ६ जना पैदल जादा १.२५ दिनको थप १०% समेत भ्रमण भत्ता रु.११,७२०।- भुक्तानी हुनुपर्नेमा रु.२१,९००।- भुक्तानी गरेकोले बढी भुक्तानी रु.१०,१८०।- असुल गर्नुपर्दछ ।

२.३ भ्रमण खर्च नियमावली, २०६४ को नियम १० मा सरुवा भ्रमणमा फुटकर खर्च एकमुष्ट रु.२,०००।- भुक्तानी गर्ने व्यवस्था छ । कार्यालयले दैनिक काज भ्रमणमा समेत फुटकर खर्चवापत विभिन्न स्थान र मितिमा ३ कर्मचारी ६ पटक गरी रु.१२,०००।- भुक्तानी गरेको पाइयो । बढी भुक्तानी रु.१२,०००।- असुल गर्नुपर्दछ ।

३ **निमित्त भत्ता:** निमित्त कार्यकारी अधिकृत एकको तलब भत्ता जिल्ला समन्वय समितिबाट भुक्तानी भएको छ । गाउँपालिकाबाट निमित्त भत्ता वापत तलब र स्थानीय भत्ता भुक्तानी गर्दा तलबमा खाइपाइ आएको तलब र एक तह माथिको सुरु स्केलका दरको फरक बीच गणना गरेको तर स्थानीय भत्ता गणना गर्दा ना.सु. को दर रु.९,६५०।- र अधिकृतको दर रु.१४,७६०।- बीचको फरक रु ५११०। मासिक दरले ३६ दिनको स्थानीय भत्ता रु.६,१३२।- भुक्तानी गर्नु पर्नेमा रु.१७,४७०।- भुक्तानी गरेकोले बढी भुक्तानी रु.११,३३८।- असुल गर्नुपर्दछ ।

४ **स्थानीय भत्ता:** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा दैनिक भ्रमण भत्ता उपयोग गर्ने व्यक्तिले उक्त अवधि भर तालिम भत्ता, फिल्ड भत्ता, स्थानीय भत्ता वा अन्य भत्ता नपाउने व्यवस्था छ । कार्यालयका विभिन्न ९ कर्मचारीको दैनिक भ्रमण भत्ता उपयोग गरेको अवधिमा समेत रु.२,४७,१३५।-स्थानीय भत्ता भुक्तानी गरेको पाइयो । बढी भत्ता भुक्तानी रु.२,४७,१३५।- असुल गरी यस्तो खर्च नियन्त्रण गरिनु पर्दछ ।

५ **दैनिक भ्रमण भत्ता:** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ मा सरकारी कामको सिलसिलामा कार्यालय बाहिर खटिंदा दैनिक भ्रमण भत्ता पाउने व्यवस्था छ । कार्यालयले विभिन्न ९ कर्मचारीको कार्यालयमा हाजिर भएको अवधिको समेत रु.४७,१५०।- दैनिक भ्रमण भत्ता भुक्तानी गरेको पाइयो । कर्मचारीहरुको कार्यालयमा हाजिर भएको दिनको दैनिक भ्रमण भत्ता रु.४७,१५०/- असुल गरी यस्तो खर्च नियन्त्रण गरिनु पर्दछ ।

६ **उद्देश्य विपरीतको खर्च**: आर्थिक कार्यविधि ऐन, २०५५ को नियम २७ मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने र तोकिएको काम बाहेकमा खर्च गरिएको देखिएमा त्यस्तो जिम्मेवार व्यक्तिबाट असुल गरी विभागीय कारवाही समेत गर्न सक्ने व्यवस्था छ । कार्यालयले कार्यालय भन्दा बाहिरका विभिन्न ५ कर्मचारीहरुलाइ विभिन्न ९ पटक गरी भुक्तानी दिएको रु.६४,२२०।- अनियमित देखिएको छ ।यस्तो भुक्तानीलाई नियन्त्रण गरिनु पर्दछ ।

७ **अग्रिम कर**: आय कर ऐन, २०५८ को दफा ८९ अनुसार अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न ८ बिक्रेतालाई रु.१,५७,११२।-को भुक्तानीमा रु.१६,४३५।-अग्रिम कर कट्टी गर्नुपर्नेमा गरेको देखिएन । अग्रिम कट्टी नगरिएको रकम रु.१६,४३५।- असुली गरी दाखिला गरिनु पर्दछ ।

८ **गाउँपालिका कोष आयतर्फः**गाउँपालिकाले मातहत क्षेत्रको उठाउने मालपोत तथा भूमिकरको अभिलेख राखी लगत तयार गरेको हुनुपर्दछ । गाउँपालिका तथा साविक गाउँविकास समितिले यो वर्ष रु.३४ हजार मालपोत असुली गरेकोमा जम्मा मालपोत तथा भूमिकर उठाउनु पर्ने, उठेको र उठ्न बाँकीको अभिलेख अद्यावधिक राखेको पाइएन । भूमिकर लगत अद्यावधिक गरिनुपर्दछ ।

९ **सार्वजनिक परीक्षण तथा हस्तान्तरणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ मा उपभोक्ता समितिले जिम्मा लिएको कार्य सम्पन्न भएपछि योजनाको सार्वजनिक परीक्षण तथा हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । साविक मनाङ गा.वि.स. हाल नेस्याङ गा.पा.वडा नं.४ र ६ का १३ वटा, साविक भ्राका गा.वि.स. हाल नेस्याङ वडा नं.५ का ९ वटा, साविक पिसाङ गाविस हाल नेस्याङ १ का १०वटा, साविक घ्यारु गाविस हाल नेस्याङ २ का ८ वटा, साविक ङावल गाविस हाल नेस्याङ ३ का ९ वटा, साविक टंकीमनाङ हाल नेस्याङ ७र८ का ११ वटा,र साविक खाङसार गाविस हाल नेस्याङ वडा नं. ९ का ११ वटा गरी जम्मा ६२ वटा आयोजनाको सार्वजनिक परीक्षण र उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । सम्पन्न भइसकेको आयोजनाको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी तोकी सार्वजनिक परीक्षण तथा हस्तान्तरण गरिनु पर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.४ लाख ३३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.४ लाख ३३ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.३ लाख ६९ हजार र नियमित गर्नुपर्ने रु.६४ हजार रहेको छ ।

# घरपजोङ गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.६ लाख १८ हजार र यस वर्षको आय रु.२ करोड ७१ लाख ४८ हजारसमेत रु.२ करोड ७७ लाख ६६ हजार आम्दानी भएकोमा रु.२ करोड ५ लाख ८ हजार खर्च भई रु.७२ लाख ५७ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आर्थिक अवस्थाः** नेपालको संविधानको धारा २२९ मा स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहनेछ । त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ भन्ने व्यवस्था रहेको छ । यस आर्थिक बर्षमा साविक २ गाउँ विकास समितिको शुरु मौज्दात रु.६,१७,८७७।- जिम्मेवारी सारिएको, साविक २ गाउँ विकास समितिहरु र यस कार्यालयलाई चालु र पूँजीगत अनुदान निकासा रु.१,९६,३१,२२०।- भएको छ । साविक २ गाउँ विकास समितिको र यस कार्यालयको यो बर्ष आन्तरिक आम्दानीरु.१०,७३,३६६।-रहेको देखिएबाट गाउँपालिकाको आन्तरिक स्रोतको अवस्था न्यून देखिएको छ । आन्तरिक स्रोतमध्ये ढुङ्गा, गिट्टी, बालुवाको समेत आम्दानी देखाइएको छ । वातावरणीय अध्ययन पश्चातमात्र प्राकृतिक स्रोतको उपयोग गर्नुका साथै पर्यटकीय जिल्ला र अन्य प्राकृतिक तथा धार्मिक स्रोत भएको यस गाउँपालिकाले आन्तरिक स्रोत बढाउन आवश्यक व्यवस्था गर्नुपर्ने देखिएको छ ।

२. **राजस्व अनुमानः** नेपालको संविधानको धारा २३० बमोजिम संविधानको अधीनमा रही गाउँ कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानूनबमोजिम गाउँ सभा वा नगर सभामा पेश गरी पारित गराउनु पर्ने व्यवस्था रहेको छ । यसै आर्थिक बर्षमा मात्र गाउँ कार्यपालिका स्थापना भएको र स्थापना पश्चात नेपाल सरकारको अनुदानबाट यो बर्ष कार्य सञ्चालन भएको छ । गाउँपालिकाले यो बर्ष योजनाहरुको खर्च रकम भुक्तानी दिंदा साविक गाउँ विकास परिषद्ले पारित गरेका योजनाहरुको रकम भुक्तानी गरेतापनि गाउँ विकास परिषद्हरुले सिफारिस दस्तुर, नाता प्रमाणित, धितो मूल्याङ्कन, घटना दर्ता जस्ता क्रियाकलापमा साविक २ गाउँ विकास समितिको आय अनुमान रु.१०,१०,०८०।- गरेकोमा गाउँपालिकाको समेत आम्दानी रु.१०,७३,३६६।- मात्र देखिएको छ । साविक गाउँ विकास समितिहरुमा आफ्नो क्षेत्र अन्तर्गत भएको घरजग्गाको लगत लगायत र उठ्नुपर्ने राजस्वको आधार समेत रहेको देखिदैन । साविक जोमसोम गाउँ विकास समितिले आन्तरिक स्रोतमध्ये ढुङ्गा, गिट्टी, बालुवाको आय अनुमान नगरेकोमा आम्दानी रु.१,२७,५००।- गरेको छ । तसर्थ आगामी बर्षहरुमा संविधान तथा स्थानीय कानूनबमोजिम राजस्व र व्यय अनुमान गर्दा आफ्नो क्षेत्र अन्तर्गतको स्रोतको यथार्थका सूचनाको आधारमा राजस्व अनुमान गर्ने व्यवस्था हुनुपर्दछ ।

३. **सम्पत्ति व्यवस्थापनः** गाउँपालिका स्थापना भएपश्चात साविक गाउँ विकास समितिहरुमा रहेका सम्पत्ति लगायत नगद जिन्सी सामानहरुको गाउँ विकास समितिका कर्मचारीहरुबाट बरबुझारथ गरी गाउँपालिका अन्तर्गत व्यवस्थापन गर्नुपर्ने हुन्छ । साविक गाउँ विकास समितिहरुको आफ्नो क्षेत्र अन्तर्गत रहेको घरजग्गााको लगत अद्यावधिक गरी राखेको पाइएन । लेखापरीक्षणमा साविक कर्मचारीहरुले यस गाउँपालिकाका कर्मचारीहरुलाई जिन्सी सामानहरुको बरबुझारथ गरेतापनि संकेत नम्बर समेत रहने गरी गाउँपालिका खातामा आम्दानी बांधिएको छैन । यस आर्थिक बर्षमा पूँजीगत अनुदानमा निकासा भएको रकमको विभिन्न सामानहरु खरिद गरिएको छ । कार्यालयले आगामी बर्षमा साविक गाउँ विकास समितिका नाममा भएको घर जग्गा लगायतका सम्पत्ति, संविधान बमोजिमको कार्यक्षेत्रमा रहेका जिल्लास्थित अन्य कार्यालयहरुको स्वामित्वमा रहेका सम्पत्ति, स्थानीय धार्मिक तथा साँस्कृतिक संस्थाहरुको सम्पत्ति लगायतको अभिलेख अद्यावधिक गर्ने व्यवस्था गर्नुपर्ने देखिएको छ ।

४. **जनशक्ति व्यवस्थापन र सेवा प्रवाहः** नेपाल सरकारबाट स्थानीय तहहरुको दरबन्दी स्वीकृत गरेको छ । यस गाउँपालिकाको स्वीकृत दरबन्दी उपलब्ध भएन तर कार्यालयले ९ जना दरबन्दी रहेको विवरण उपलब्ध गराएको छ । कार्यालयले उपलब्ध गराएको विवरण बमोजिम ५ जना मात्र कार्यरत रहेको देखिएको छ । कार्यालयको कार्यक्रमसञ्चालन र सेवा प्रवाहको व्यवस्थापनमा योजनाहरुका हकमा अन्य कार्यालयका कर्मचारीहरु पनि संलग्न रहेको देखिएको छ । विभिन्न स्रोतहरुको राजस्व आय हुनुपर्नेमा सो भएको समेत देखिएन । तसर्थ सम्बन्धित निकायहरुले दरबन्दी पदपूर्ति गरी कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहमा सहजता ल्याउनु पर्ने देखिएको छ ।

५. **खरिद व्यवस्थापनः** सार्वजनिक खरिद ऐन तथा खरिद नियमावली बमोजिम सार्वजनिक निकायले खरिद व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था बमोजिम रु.५ लाखभन्दा बढीको सामानहरु सिलबन्दीदरभाउपत्र र सोभन्दा बढीका सामानहरु बोलपत्रबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । साविक

गाउँ विकास परिषद्हरुले स्वीकृत गरेका सबै योजनाहरु यस गाउँपालिकाले उपभोक्ता समिति मार्फत सञ्चालन गरेको पाइयो । यसै बर्षमात्र गाउँपालिका स्थापना भएबाट बार्षिक खरिद योजना, खरिद गुरु योजना, खरिद इकाई गठन जस्ता कार्यहरु समयअभावको कारणले नभएको देखिन्छ ।

६. **सोझै खरिद** - कार्यालयले यस बर्ष पूँजीगत अनुदानबाट कार्यालय स्थापनाको लागि कम्पाउण्डवाल निर्माणमा रु.९,४३,०६३।- को सिलबन्दी दरभाउपत्रबाट गराएकोमा भवन मर्मत रु.४,७९,३५१।-, फर्निचर खरिद रु.९,६८,७८०।-, मेशिनरी औजारमा रु.६,२०,४८१।- सामान्य कोटेशनबाट खरिद गरी जम्मा रु.३०,११,६७५।- खर्च गरेको छ । उल्लेखित अवस्थाबाट कार्यालयले आगामी बर्षदेखि सार्वजनिक खरिद ऐन तथा खरिद नियमावलीको व्यवस्था बमोजिम खरिद गर्ने व्यवस्था गर्नुपर्दछ ।

७. **स्वीकृत योजना र कार्य सम्पादनः** स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ बमोजिम प्रत्येक गाउँ विकास समिति र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जङ्गल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कन वा गाउँ बिकास समितिको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी तयार गरेको प्रोफाइल बमोजिम पूर्वाधार विकास गर्नुपर्नेमा साविक २ गाउँ विकास परिषद्हरुले स्वीकृत ६५ योजनाहरुमा पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायत योजनाहरु न्यून मात्रमा रहेको तर समूहहरुलाई सामानहरु उपलब्ध, तालिम, शिप विकासका कार्यक्रमहरु जस्ता योजनाहरु अधिकांश रहेका पाइयो । उल्लेखित योजनाहरुमा रु.२५,०००।- देखि अधिकतम रु.७,००,०००।- सम्म रहेको पाइयो भने क्रमागत योजनाहरुको अभिलेख राखेको छैन ।

८. **नापजाँच :** कार्यालयबाट कार्यान्वयन भएका यी योजनाहरुको नापजाँच र कार्यसम्पन्न अधिकांश एकै दिनमा भएको देखिएको छ । सोमध्ये उदाहरणका लागि साविक जोमसोम गाउँ विकास परिषद्बाट स्वीकृत भएका योजनाहरु अधिकांश २०७४।३।१५ मा नापजाँच र कार्यसम्पन्न भएको देखिएको छ । कार्यालयले अन्य कार्यालयहरुको लागि प्राविधिकको अभिलेख व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

९. **योजनाहरुको प्रगतिः** साविक २ गाउँ विकास परिषद्हरुले स्वीकृत ६५ योजनाहरुमध्ये ६५योजनाहरुमा परिषद्बाट स्वीकृत भएको रकमको नै लागत अनुमान तयार गरेकोमा केहीमा कम र अधिकांशमा लागत अनुमान बमोजिम नै कार्यसम्पन्न देखाइएको छ । ९ योजनाहरुको कार्य भएको देखिदैन । गाउँपालिकाहरुले आगामी बर्ष योजनाहरुको कार्यान्वयनमा दीर्घकालिन विकासलाई ध्यान दिनुपर्ने देखिन्छ।

१०. **श्रमदानः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५)(झ) बमोजिम बढी जटिल प्राविधिक पक्ष समेत समावेश भएको काम बाहेक सामान्यतया श्रमप्रधान प्रविधि अपनाइने आयोजना वा कार्यक्रममा मात्र उपभोक्ता समिति मार्फत गराउनुपर्ने व्यवस्था छ । यस कार्यालयबाट आर्थिक वर्ष २०७३।७४ मा अधिकांश योजनाहरु उपभोक्ता समितिबाट भएको देखिन्छ । उपभोक्ता समितिबाट कार्य गराउनुमा श्रमदानको प्रयोगबाट स्थानीयको आय आर्जन क्रियाकलाप होस भन्ने नीति रहेको देखिन्छ । यस जिल्लामा जिल्ला विकास समितिबाटै प्रकाशित प्रकाशनबाट औषत नेपालीको प्रतिव्यक्ति आम्दानीभन्दा यस जिल्लाका बासिन्दाको प्रतिव्यक्ति आम्दानी धेरै नै बढी रहको, जिल्लास्थित विभिन्न कार्यालयहरुबाट सञ्चालित योजनाहरुको ठेक्काहरुबाट भएका विकास निर्माण कार्यहरुमा संलग्न कामदारहरु अन्यत्र जिल्लाहरुबाट आएका, यस कार्यालयका साथै विभिन्न कार्यालयहरुबाट उपभोक्तामार्फत सञ्चालित योजनाहरुको सम्बन्धमा उपभोक्ताहरुको योगदानको बारेमा छलफल गर्दा उपभोक्ताहरुले श्रमदान गरेको स्वीकारोक्ती गरेको पाइएन । यसबाट उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाहरुमा उपभोक्ताहरुको श्रमदान रहेको देखिएन । उपभोक्ताहरु नै जनश्रमदानमा संलग्न नहुने अवस्थाको कार्यालयले विश्लेषण गरी उपभोक्ता मार्फत गर्ने व्यवस्था हुनुपर्दछ ।

११. **साविक गाउँ विकास समितिहरुको खर्चः** स्थानीय आर्थिक प्रशासन सम्बन्धी नियमावली बमोजिमगाउँ विकास समितिले कार्यालयले परिषद्ले पारित गरेको बजेट र नेपाल सरकारबाट प्राप्त अनुदानको अधिनमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । साविक २ वटै गाउँ विकास समितिको कार्यालयले परिषद्को बैठकमा सरोकारहरुको सहभागिता गराएतापनि परिषद्को बजेट गाउँ विकास समितिका सचिवले मात्र पारित गरेको देखिएको छ । यसरी आफैले बार्षिक बजेट पारित गरकोमा समेत प्रथम चौमासिकमा अधिकांश खर्च गरेको देखिएको छ । जिल्ला विकास समितिबाट चालु अनुदान प्रथम चौमासिक निकासा रु.१,८१,०००।- का दरले उपलब्ध गराएकोमा शुरु मौज्दात समेत सो रकमभन्दा चालु खर्च बढी गरिएको छ ।

१२. **जोमसोम गाविसः** यस गाउँ विकास समितिलाई रु.१,८१,०००।- चालु खर्चको लागि अनुदान प्राप्त भएकोमा परिषद्बाट पारित देखाएको शीर्षकमा बार्षिक बजेटको तुलनामा ३ बजेट शीर्षकमा पारित बजेटभन्दा रु.३२,८१५।-बढी खर्च गरिएको छ ।

१३. **अग्रिम कर :** आयकर ऐन, २०५८ बमोजिम अन्तिम भुक्तानी गर्नुपूर्व अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था

भएकोमा साविक जोमसोम गाविसले अग्रिम कर कट्टी गरेको रकम हालसम्म दाखिला नगरेकोले सो रकम रु.९,३२५।- राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

**गाउँपालिकातर्फ**

१४. **प्रोत्साहन भत्ताः** कार्यालयले २०७४।२।४ मा गाँउपालिकाको बैठकबाट कर्मचारीहरुलाई एक महिनाको प्रोत्साहन भत्ता दिने निर्णय गरिएको र सो बमोजिम चालु अनुदानबाट ५ जना कर्मचारीहरुलाइ रु.१,३१,५००।- मा कर रु.१९,७२५।- कटाई रु.१,११,७७५।-भुक्तानी दिएको पाइयो । नेपाल सरकारको निर्णय बमोजिम हाल कार्यरत स्थानीय तहका कर्मचारीलाई सेवा सुविधा दिइएकोमा स्थानीय तहबाट दिन सकिने सेवा सुविधाको लागि हालसम्म कानूनले स्पष्ट नभएबाट यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ ।

१५. **परिमाण नियन्त्रण :** जिल्लास्थित विभिन्न क्षेत्रको ढुङ्गा, गिट्टी, बालुवाको कर सङ्कलनतर्फ ठेकेदारले आय सङ्कलन गर्दा दिइने भरपाई रसिद कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने व्यवस्था छ । साविक जोमसोम गाविस र यस कार्यालयले विभिन्न क्षेत्रबाट उठाउन पाउने ढुङ्गा, गिट्टी, बालुवाको परिमाणको हद प्रारम्भिक वातावरणीय जाँच प्रतिवेदन बेगर र नियन्त्रण गर्ने विधिको तयार गरेको देखिदैन । व्यवस्थापिका संसदको प्राकृतिक स्रोत र साधन समितिको अध्ययन प्रतिवेदन २०६६ ले ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल सङ्कलन गरी तोकिएको स्थानमा घाटगद्दी गर्ने, सम्वन्धित निकायले नापजाँच नगरी ती बस्तुहरु लैजान नपाउने व्यवस्था गर्ने, ती सामानहरुको बजार मूल्यभन्दा निकै कम दरमा ठेक्कापट्टाहरु भइरहेकोले बजार मूल्य अनूसार दरहरु परिमार्जन गर्ने, ठेक्का लगाउँदा निश्चित परिमाण क्षेत्र तोकी सोको कडा अनुगमन गर्ने लगायतका निर्देशनहरु दिएको भएपनि उत्खनन् भएको परिमाण र सो बापतको कर रकम खुल्ने अभिलेख राख्ने नगरेको एवं ठेकेदारले कार्यालयबाट प्रमाणित गराई रसिद प्रयोग गरेको नदेखिंदा वर्षभरिमा उठाएको ढुङ्गा, गिट्टी, बालुवाको जम्मा परिमाण र सो बापत ठेकेदारले असुल गरेको कर रकम यकिन हुन सकेन । ठेकेदारले सिधै रकम कार्यालयको खातामा दाखिला गरेको देखिन्छ । यसप्रकारको ठेक्का बन्दोबस्तले अनियन्त्रितरुपमा प्राकृतिक स्रोत साधनको दुरुपयोग हुन सक्ने हुँदा प्रभावकारी नियन्त्रण प्रणाली स्थापित गरेर मात्र ठेक्का बन्दोबस्त गर्नुपर्दछ ।

## बेरुजूको स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले असुल गर्नुपर्ने रु.९ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ ।

# थासाङ्ग गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.१ लाख ३० हजार र यस वर्षको आय रु.३ करोड ३६ लाख ९६ हजारसमेत रु.३ करोड ३८ लाख २७ हजार आम्दानी भएकोमा रु.२ करोड ८० लाख खर्च भई रु.५८ लाख २८ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आर्थिक अवस्थाः** नेपालको संविधानको धारा २२९ मा स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहनेछ । त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ भन्ने व्यवस्था रहेको छ ।यस आर्थिक बर्षमा साविक ४ गाउँ विकास समितिको शुरु मौज्दात रु.१,३०,१००।- मा उक्त गाउँ विकास समितिहरुलाई सामाजिक सुरक्षा समेत यो बर्ष अनुदान निकासा रु.२१,०७,९००।- तथा आन्तरिक स्रोतको आम्दानी रु.८,८८०।- मात्र देखिएबाट गाउँपालिकाको आन्तरिक स्रोतको अवस्था नाजुक देखिएको छ । पर्यटकीय जिल्ला र अन्य प्राकृतिक तथा धार्मिक स्रोत भएको यस गाउँपालिकाले आन्तरिक स्रोत बढाउन आवश्यक व्यवस्था गर्नुपर्ने देखिएको छ ।

२. **राजस्व अनुमानः** नेपालको संविधानको धारा २३० बमोजिम संविधानको अधीनमा रही गाउँ कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानूनबमोजिम गाउँ सभा वा नगर सभामा पेश गरी पारित गराउनु पर्ने व्यवस्था रहेको छ । यसै आर्थिक बर्षमा मात्र गाउँ कार्यपालिका स्थापना भएको र स्थापना पश्चात नेपाल सरकारको अनुदानबाट यो बर्ष कार्य सञ्चालन भएको छ । गाउँपालिकाले यो बर्ष योजनाहरुको खर्च रकम भुक्तानी दिदा साविक गाउँ विकास परिषद्ले पारित गरेका योजनाहरुको रकम भुक्तानी गरेतापनि गाउँ विकास परिषद्हरुले सिफारिस दस्तुर, नाता प्रमाणित, धितो मूल्याङ्कन, घटना दर्ता जस्ता क्रियाकलापमा आय अनुमान गरेतापनि ४ गाउँ विकासमध्ये टुकुचे गाउँ विकास समितिकोको प्रक्षेपण रु.८,९००।- रहेकोमा आम्दानी शुन्य, कोवाङ्ग र लेते गाविसको प्रक्षेपण निर्णयमा नदेखिएकोमा रु.८,८८०।- र रु.४,३००।- आम्दानी भएको देखिएको र कुन्जोमा आम्दानी र प्रक्षेपण शुन्य देखिएको छ । साथै, साविक गाउँ विकास समितिहरुमा आफ्नो क्षेत्र अन्तर्गत भएको घरजग्गाको लगत लगायत र उठ्नुपर्ने राजस्वको आधार समेत रहेको देखिदैन । आगामी बर्षहरुमा संविधान तथा स्थानीय कानूनबमोजिम राजस्व र व्यय अनुमान गर्दा आफ्नो क्षेत्र अन्तर्गतको स्रोतहरुको यथार्थका सूचनाको आधारमा राजस्व अनुमान गर्ने व्यवस्था हुनुपर्दछ ।

३. **सम्पत्ति व्यवस्थापनः** गाउँपालिका स्थापना भए पश्चात साविक गाउँ विकास समितिमा रहेका सम्पत्ति लगायत नगद जिन्सी सामानहरुको गाउँ विकास समितिका कर्मचारीबाट बरबुझारथ गरी गाउँपालिका अर्न्तगत व्यवस्थापन गर्नुपर्नेहुन्छ । कार्यालयको कार्यक्षेत्रमा आएका साविकका गाविसबाट घर जग्गाको लगत तथा जिन्सी सामग्री गाउँपालिकाले प्राप्त गरेको वा हस्तान्तरण भई आएको देखिएको छैन । लेखापरीक्षणमा साविक कर्मचारीहरुले यस गाउँपालिकाका कर्मचारीलाई जिन्सी सामानहरुको बरबुझारथ गरेतापनि संकेत नम्बर समेत रहने गरी गाउँपालिका खातामा आम्दानी बांधिएको छैन । यसका अतिरिक्त यस आर्थिक बर्षमा पूँजीगत अनुदानमा निकासा भएको रकमको विभिन्न सामानहरु खरिद गरिएको छ । कार्यालयले आगामी बर्षमा साविक गाउँ विकास समितिका नाममा भएको घर जग्गा लगायतका सम्पत्ति, संविधान बमोजिमको कार्यक्षेत्रमा रहेका जिल्लास्थित अन्य कार्यालयहरुको स्वामित्वमा रहेका सम्पत्ति, स्थानीय धार्मिक तथा साँस्कृतिक संस्थाहरुको सम्पत्ति लगायतको अभिलेख अद्यावधिक गर्ने व्यवस्था गर्नुपर्ने देखिएको छ ।साविकका गाविसमा रहेको सम्पत्ति एवं जिन्सी खोजी गरी गाउँपालिकाको सम्पत्ति अद्यावधिक गर्नुपर्दछ । यस सम्बन्धमा कार्यालयले गाउँपालिकामा अभिलेख प्राप्त नभएको तर गाउँपालिकाका वडामा प्राप्त गरिएको र एकीकृत गर्न बाँकी रहेको जनाएको छ ।

४. **जनशक्ति व्यवस्थापन र सेवा प्रवाहः** नेपाल सरकारबाट स्थानीय तहहरुको दरबन्दी स्वीकृत गरेको छ । यस गाउँपालिकाको स्वीकृत दरबन्दी उपलब्ध भएन तर कार्यालयले ९ जना दरबन्दी रहेको विवरण उपलब्ध गराएको छ । कार्यालयले उपलब्ध गराएको विवरण बमोजिम ३ जना मात्र कार्यरत रहेको देखिएको छ । कार्यालयको कार्यक्रमसञ्चालन र सेवा प्रवाहको व्यवस्थापनमा योजनाहरुका हकमा अन्य कार्यालयका कर्मचारीहरु पनि संलग्न रहेको देखिएको छ। सेवा प्रवाहबाट विभिन्न स्रोतहरुको राजस्व आय हुनुपर्नेमा सो भएको समेत देखिएन । तसर्थ सम्बन्धित निकायहरुले दरबन्दी पदपूर्ति गरी कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहमा सहजता ल्याउनु पर्ने देखिएको छ।

५. **खरिद व्यवस्थापनः** सार्वजनिक खरिद ऐन तथा खरिद नियमावली बमोजिम सार्वजनिक निकायले खरिद व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था बमोजिम रु.५ लाखभन्दा बढीको सामानहरु

सिलबन्दी दरभाउपत्र र सोभन्दा बढीका सामानहरु बोलपत्रबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । साविक गाउँ विकास परिषद्हरुले स्वीकृत गरेका सबै योजनाहरु यस गाउँपालिकाले उपभोक्ता समिति मार्फत सञ्चालन गरेको पाइयो । यसै बर्षमात्र गाउँपालिका स्थापना भएबाट बार्षिक खरिद योजना, खरिद गुरु योजना, खरिद इकाई गठन भएको देखिएन ।

कार्यालयले यस बर्ष पूँजीगत अनुदानबाट कार्यालय स्थापनाको लागि सामान्य कोटेशन लिई फर्निचर खरिद रु.४,४९,९९१।-, ल्यापटप खरिद रु.१,१४,६३८।-, कार्यालय सामान खरिद रु.१४,०५,३४८।- समेत जम्मा रु.१९,६९,९८५।- खर्च गरेको छ । उल्लेखित अवस्थाबाट कार्यालयले आगामी बर्षदेखि सार्वजनिक खरिद ऐन तथा खरिद नियमावलीको व्यवस्था बमोजिम खरिद गर्ने व्यवस्था गर्नुपर्दछ ।

६. **स्वीकृत योजना र कार्य सम्पादनः** स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ बमोजिम प्रत्येक गाउँ बिकास समिति र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जङ्गल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साँकन वा गाउँ बिकास समितिको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी तयार गरेको प्रोफाइल बमोजिम पूर्वाधार विकास गर्नुपर्नेमा साविक ४ गाउँ विकास परिषद्हरुले स्वीकृत ९२ योजनाहरुमा पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायत योजनाहरु न्यून मात्रमा रहेको तर समूहहरुलाई सामानहरु उपलब्ध, तालिम, शिप विकासका कार्यक्रमहरु जस्ता योजनाहरु अधिकांश रहेका पाइयो । उल्लेखित योजनाहरुमा रु.२५,०००।- देखि अधिकतम रु.१०,००,०००।- सम्म रहेको पाइयो भने क्रमागत योजनाको अभिलेख राखेको पाइएन ।

६.१ कार्यालयबाट कार्यान्वयन भएका यी योजनाहरुको नापजाँच र कार्यसम्पन्न अधिकांश एकै दिनमा भएको देखिएको छ । कतिपय योजनाहरुको कार्य सम्पन्न प्रतिवेदन दिएतापनि लेखापरीक्षण अवधिसम्म नहुनाका साथै समयमा नापजाँच हुने नगरेको जानकारी प्राप्त भएको छ । कार्यालयले अन्य कार्यालयहरुको लागि प्राविधिक सेवाको अभिलेख व्यवस्थापन गर्नुपर्नाका साथै सम्पन्न नभएका योजनाहरुको कार्य सम्पन्न प्रतिवेदन दिएकोमा यस्ता योजनाहरुको छानबिन गरी आवश्यक कारबाही गर्नुपर्ने देखिन्छ ।

७. **कर वीजक** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई अनुसूची–५ र ५(क) बमोजिमको ढाँचामा कर वीजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयमा साविक गाविसतर्फको पूँजीगतबाटविल भुक्तानी भएका ४ फर्मले मूल्य अभिवृद्धि कर वीजक जारी गर्दा केरमेट भएका वीजक जारी गरेको देखिएकोले व्यावसायीले कर वीजक र भुक्तानी मूल्य अभिवृद्धि कर विवरणमा रु.५१,८६२।-समावेश भएको प्रमाण पेश गर्नुपर्दछ ।

८. **श्रमदानको प्रयोगः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ मा आयोजना वा कार्यक्रम उपभोक्ता समिति मार्फत गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट २०७३।७४ मा अधिकांश योजनाहरु उपभोक्ता समितिबाट भएको देखिन्छ । उपभोक्ता समितिबाट कार्य गराउनुमा श्रमदानको प्रयोगबाट स्थानीयको आय आर्जन क्रियाकलाप होस भन्ने नीति रहेको देखिन्छ । यस जिल्लामा जिल्ला विकास समितिबाटै प्रकाशित प्रकाशनबाट औषत नेपालीको प्रतिव्यक्ति आम्दानीभन्दा यस जिल्लाका बासिन्दाको प्रतिव्यक्ति आम्दानी धेरै नै बढी रहको, जिल्लास्थित विभिन्न कार्यालयबाट सञ्चालित योजनाहरुको ठेक्काहरुबाट भएका विकास निर्माण कार्यहरुमा संलग्न कामदारहरु अन्यत्र जिल्लाहरुबाट आएका, यस कार्यालयका साथै विभिन्न कार्यालयबाट उपभोक्तामार्फत सञ्चालित योजनाहरुको सम्बन्धमा उपभोक्ताहरुको योगदानको बारेमा छलफल गर्दा उपभोक्ताहरुले श्रमदान गरेको स्वीकारोक्ती गरेको पाइएन । यसबाट उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाहरुमा उपभोक्ताहरुको श्रमदान रहेको देखिएन । उपभोक्ताहरु नै जनश्रमदानमा संलग्न नहुने अवस्थाको कार्यालयले विश्लेषण गरी मात्र उपभोक्ता मार्फत गर्ने व्यवस्था हुनुपर्दछ ।

९. **भत्ता भुक्तानी :**खर्च लेख्दा पर्याप्त पुष्ट्याई र आधार सहित खर्च लेख्नुपर्नेमा कार्यालयले वर्तमान पदाधिकारीलाई बैठक बापत रु.१,५७,७०५।-खर्च लेखेको छ । स्थानीय तहमा खर्च गर्ने विधिका सम्बन्धमा कानून बनिनसकेको र स्वीकृत कार्यक्रममा नभएको खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१०. **बढी भत्ता :** भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दुर्गम क्षेत्रमा रही कार्य गर्ने कर्मचारीले तोकिएको दरमा मासिक स्थानीय भत्ता पाउने व्यवस्था रहेकोमा कार्यकारी अधिकृत श्री विनोद पौडेले २०७३।१२।१२ मा हाजिर भएकोमा महिनाभरको स्थानीय भत्ता भुक्तानी भएकोले हाजिर हुन आउँदा दैनिक भ्रमण भत्ता उपभोग गरेको अवधि १२ दिनको कार्यालयले स्थानीय भत्ता रु.४,५००।- भुक्तानी गरेको देखिएकोले असुल गर्नुपर्दछ ।

११. **भत्ता भुक्तानी :** भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दुर्गम क्षेत्रमा रही कार्य गर्ने कर्मचारीले तोकिएको दरमा मासिक स्थानीय भत्ता पाउने व्यवस्था रहेकोमा वडा सचिव श्री यामनारायण पनेरु २०७३।९।१० देखि २०७३।१०।१४ सम्म १ महिना तालिम कार्यक्रममा सहभागी हुन जिल्ला बाहिर भएको र दैनिक भ्रमण भत्ता उपभोग गरेको अवधिमा कार्यालयले स्थानीय भत्ता रु.६,४६०।- भुक्तानी गरेको देखिएकोले असुल गर्नुपर्दछ ।

१२. **अनुगमन :** खर्च लेख्दा पर्याप्त पुष्ट्याई र आधार सहित खर्च लेख्नुपर्नेमा कार्यालयले वर्तमान निर्वाचित पदाधिकारी सहित ११ जनालाई अनुगमन समिति कुञ्जोको नाममा रु.४४,०००।- खर्च लेखेको छ । स्थानीय तहमा खर्च गर्ने विधिका सम्बन्धमा कानून बनिनसकेको र स्वीकृत कार्यक्रममा नभएको खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१३. **फरक मूल्याङ्कन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले साविक लेते गाविसमा घाँसा भवन निर्माण लागि सम्झौता गरी रु.१० लाख भुक्तानी गरेकोमा छड खरिदको विलमा १,५५० केजी रहेकोमा मूल्याङ्कन हुँदा ३,५५३.५४ केजी देखिएबाट २,००३.५४ केजी फरक परेको छ । यसबाट खरिद दर रु.११९।५१ को दरले रु.२,३९,४४३।- बढी मूल्याङ्कन भई भुक्तानी भएकोले बढी मूल्याङ्कन हुनुपर्नाको कारण र पुष्ट्याई सम्बन्धित प्राविधिकबाट लिई बढी भुक्तानी भएको रकमका सम्बन्धमा पुष्ट्याई पेश गर्नुपर्दछ ।

१४. **वितरणमूखी योजना :** साविकका स्थानीय निकाय र हालका स्थानीय तहले योजना सञ्चालन गर्दा पूँजीगत विकास र उपलब्धी मापन गर्न सकिने क्रियाकलापमा खर्च गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका कार्यक्रमको प्रकृति र भुक्तानी अवस्था वितरणमूखी एवं प्रचारमूखी भएको देखिए तथा यस्ता योजनामा भुक्तानी गर्दा सम्बन्धित उपभोक्ता समितिले योजना परेको र कार्य सम्पन्न भएको भन्ने व्यहोराको माइन्यूट तयार गरी लाभान्वित के कति भए र सम्बन्धित संस्था वा व्यक्तिले प्राप्त गरे नगरेको व्यहोरा नखुलाई कागजात पेश गर्ने गरेको देखिएकोले आगामी दिनमा योजना तर्जूमा गर्दा पूँजीगत, विकास र उपलब्धी मापन गर्न सकिने क्रियाकलापमा खर्च गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

१५. **अध्यक्षको खातामा भुक्तानी:**सरकारी निकायले उपभोक्ता समितिसँग सम्झौता गरी भुक्तानी गर्दा उपभोक्ता समितिको खातामा एकाउण्ट पेयी चेकमार्फत गर्नुपर्नेमा कार्यालयले बृद्ध बृद्धा सम्मान, टुकुचे योजनामा उपभोक्ता समितिको खातामा भुक्तानी नगरी सम्बन्धित उपभोक्ता समितिको अक्ष्यक्षको खातामा रु.१,५०,०००।- भुक्तानी भएको देखिएकोले अनियमित देखिएको छ ।

१६. **दाखिला :** कार्यालयले भुक्तानी दिँदा तोकिएबमोजिमका संस्थामा जिन्सी दाखिला भए नभएको वा कुन प्रयोजनका लागि भुक्तानी गरिएको हो स्पष्ट आधार प्राप्त गरी भुक्तानी दिनुपर्नेमा ५ कार्यक्रममा रु.१०,०४,७१७-बराबरका जिन्सी सम्बन्धित संस्थामा रहे नरहेको प्रमाण स्रेस्तासाथ संलग्न भएको नदेखिएकोले जिन्सी दाखिला प्रमाण र खर्चको समेत पुष्ट्याई आधार पेश गर्नुपर्दछ ।

## बेरुजूको स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.१४ लाख ४ हजारबेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.१४ लाख ४ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये रु १० हजार असूल गर्नुपर्ने र रु.१३ लाख ९४ हजार नियमित गर्नुपर्ने बेरुजू रहेको छ ।

# दालोमे गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.१ लाख १० हजार र यस वर्षको आय रु.३ करोड २८ लाख १८ हजारसमेत रु.३ करोड २९ लाख २८ हजार आम्दानी भएकोमा रु.२ करोड ५८ लाख ४२ हजार खर्च भई रु.७० लाख ८६ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आर्थिक अवस्था:** नेपालको संविधानको धारा २२९ मा स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहनेछ। त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ भन्ने व्यवस्था रहेको छ।

यस आर्थिक बर्षमा साविक ३ गाउँ विकास समितिको शुरु मौज्दात रु.१,०९,६९१।- मा यो बर्ष अनुदान निकासा रु.१७,९५,५९१।-, सुर्खाङ गाउँ विकास समितिको आम्दानी रु.२,६२५।-, यो बर्ष गाउँ विकास समितिहरुलाई विनियोजन भएको समेत गाउँपालिकामा अनुदान निकासा रु.३,०९,३७,४६०।- र गाउँपालिकाको टेलिफोन टावरको भाडा बापत प्राप्त आम्दानी रु.८२,९८०।- समेत आम्दानी रु.३,२९,२८,३४७।- मा रु.२,५८,४२,३९०।- खर्च भई रु.७०,८५,९५७।- मौज्दात बाँकी रहेको छ। यो बर्षको आम्दानी रु.३,२८,१८,६५६।- मा आन्तरिक स्रोतको आम्दानी जम्मा रु.८५६०५।०० रहेको देखिएबाट गाउँपालिकाको आन्तरिक स्रोतको अवस्था न्यून देखिएको छ। पर्यटकीय जिल्ला र अन्य प्राकृतिक तथा धार्मिक स्रोत भएको यस गाउँपालिकाले आन्तरिक स्रोत बढाउन आवश्यक व्यवस्था गर्नुपर्ने देखिएको छ।

२. **राजस्व अनुमान:** नेपालको संविधानको धारा २३० बमोजिम संविधानको अधीनमा रही गाउँ कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानून बमोजिम गाउँ सभा वा नगर सभामा पेश गरी पारित गराउनु पर्ने व्यवस्था रहेको छ । यस आर्थिक बर्षमा मात्र गाउँ कार्यपालिका स्थापना भएको र स्थापना पश्चात नेपाल सरकारको अनुदानबाट यो बर्ष कार्य सञ्चालन भएको छ। गाउँपालिकाले यो बर्ष योजनाहरुको खर्च रकम भुक्तानी दिंदा साविक गाउँ विकास परिषद्ले पारित गरेका योजनाहरुको रकम भुक्तानी गरेतापनि गाउँ विकास परिषद्हरुले सिफारिस दस्तुर, नाता प्रमाणित, धितो मूल्याङ्कन, घटना दर्ता जस्ता क्रियाकलापमा आय अनुमान गरेतापनि ३ गाउँ विकासमध्ये सुर्खाङ गाउँ विकास समितिको आम्दानी रु.२,६२५।- देखिएको छ। साविक गाउँ विकास समितिहरुमा आफ्नो क्षेत्र अर्न्तगत भएको घरजग्गाको लगत लगायत र उठ्नुपर्ने राजस्वको आधार समेत रहेको देखिंदैन। तसर्थ, आगामी बर्षहरुमा संविधान तथा स्थानीय कानूनबमोजिम राजस्व र व्यय अनुमान गर्दा आफ्नो क्षेत्र अर्न्तगतको स्रोतहरुको यथार्थका सूचनाको आधारमा राजस्व अनुमान गर्ने व्यवस्था हुनुपर्दछ।

३. **सम्पत्ति व्यवस्थापन:** गाउँपालिका स्थापना भएपश्चात साविक गाउँ विकास समितिमा रहेका सम्पत्ति लगायत नगद जिन्सी सामानहरुको गाउँ विकास समितिका कर्मचारीबाट बरबुझारथ गरी गाउँपालिका अर्न्तगत व्यवस्थापन गर्नुपर्नेहुन्छ। कार्यालयको कार्यक्षेत्रमा आएका साविकका गाविसबाट घर जग्गाको लगत तथा जिन्सी सामग्री गाउँपालिकाले प्राप्त गरेको वा हस्तान्तरण भई आएको देखिएको छैन। लेखापरीक्षणमा साविक कर्मचारीहरुले यस गाउँपालिकाका कर्मचारीलाई जिन्सी सामानहरुको बरबुझारथ गरेतापनि संकेत नम्बर समेत रहने गरी गाउँपालिका खातामा आम्दानी बाँधिएको छैन। यस आर्थिक बर्षमा पूँजीगत अनुदानमा निकासा भएको रकमको विभिन्न सामानहरु खरिद गरिएको छ। कार्यालयले आगामी बर्षमा साविक गाउँ विकास समितिका नाममा भएको घर जग्गा लगायतका सम्पत्ति, संविधान बमोजिमको कार्यक्षेत्रमा रहेका जिल्लास्थित अन्य कार्यालयहरुको स्वामित्वमा रहेका सम्पत्ति, स्थानीय धार्मिक तथा सास्कृतिक संस्थाहरुको सम्पत्ति लगायतको अभिलेख अद्यावधिक गर्ने व्यवस्था गर्नुपर्ने देखिएको छ।साविकका गाविसमा रहेको सम्पत्ति एवं जिन्सी खोजी गरी गाउँपालिकाको सम्पत्ति अद्यावधिक गर्नुपर्दछ। यस सम्बन्धमा कार्यालयले गाउँपालिकामा अभिलेख प्राप्त नभएको तर गाउँपालिकाका वडामा प्राप्त गरिएको र एकीकृत गर्न बाँकी रहेको जनाएको छ।

४. **जनशक्ति व्यवस्थापन र सेवा प्रवाह:** नेपाल सरकारबाट स्थानीय तहहरुको दरबन्दी स्वीकृत गरेको छ। यस गाउँपालिकाको स्वीकृत दरबन्दी उपलब्ध भएन तर कार्यालयले ९ जना दरबन्दी रहेको विवरण उपलब्ध गराएको छ। कार्यालयले उपलब्ध गराएको विवरण बमोजिम ४ जना मात्र कार्यरत रहेको देखिएको छ। कार्यालयको कार्यक्रमसञ्चालन र सेवा प्रवाहको व्यवस्थापनमा योजनाहरुका हकमा अन्य कार्यालयका कर्मचारीहरु पनि संलग्न रहेको देखिएको छ भने सेवा प्रवाहबाट विभिन्न स्रोतहरुको राजस्व आय हुनुपर्नेमा सो भएको समेत देखिएन। तसर्थ सम्बन्धित निकायहरुले दरबन्दी पदपूर्ति गरी कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहमा सहजता ल्याउनु पर्ने देखिएको छ।

५. **खरिद व्यवस्थापन:** सार्वजनिक खरिद ऐन तथा खरिद नियमावली बमोजिम सार्वजनिक निकायले खरिद व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेको छ। उक्त व्यवस्था बमोजिम रु.५ लाखभन्दा बढीको सामानहरु सिलबन्दी दरभाउपत्र र सोभन्दा बढीका सामानहरु बोलपत्रबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। साविक गाउँ विकास परिषद्हरुले स्वीकृत गरेका योजनाहरु यस गाउँपालिकाले उपभोक्ता समिति मार्फत सञ्चालन गरेको पाइयो। यसै बर्षमात्र गाउँपालिका स्थापना भएबाट बार्षिक खरिद योजना, खरिद गुरु योजना, खरिद इकाई गठन भएको देखिएन।

५.१ कार्यालयले यस बर्ष पूँजीगत अनुदानबाट कार्यालय स्थापनाको लागि सामान्य कोटेशन लिई फर्निचर खरिद रु.९,१८,७६४।-,

मेशिनरी औजारमा रु.१४,२६,०५३।-, सवारी साधनमा रु.२,५३,८५५।- र भवन निर्माणमा रु.५,००,०००।- समेत रु.३०,९८,६७२।- खर्च गरेको छ । उल्लेखित अवस्थाबाट कार्यालयले आगामी बर्षदेखि सार्वजनिक खरिद ऐन तथा खरिद नियमावलीको व्यवस्था बमोजिम खरिद गर्ने व्यवस्था गर्नुपर्दछ।

६. **स्वीकृत योजना र कार्य सम्पादनः**स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ बमोजिम प्रत्येक गाउँ बिकास समितिरनगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जङ्गल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साँकन वा गाउँ बिकास समितिको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था रहेको छ। यसरी तयार गरेको प्रोफाइल बमोजिम पूर्वाधार विकास गर्नुपर्नेमा साविक ३ गाउँ विकास परिषद्हरुले स्वीकृत ८० योजनाहरुमा पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायत योजनाहरु न्यून मात्रमा रहेको तर समूहहरुलाई सामानहरु उपलब्ध, तालिम, शिप विकासका कार्यक्रमहरु जस्ता योजनाहरु रहेका पाइयो। उल्लेखित योजनाहरुमा रु.१५,०००।- देखि अधिकतम रु.१४,५०,०००।- सम्म रहेको पाइयो भने क्रमागत योजनाहरुको अभिलेख राखेको पाइएन।

कार्यालयबाट कार्यान्वयन भएका यी योजनाहरुको नापजाँच र कार्यसम्पन्न अधिकांश एकै दिनमा भएको देखिएको छ ।साविक घमी गाउँ बिकास परिषद्बाट स्वीकृत भएका योजनाहरु २०७४।३।२० मा नापजाँच र कार्यसम्पन्न भएकोमा यसरी एकैदिन हुनुमा प्राविधिक कर्मचारीहरुबाट सहयोग नभएको, कतिपय योजनाहरुको कार्य सम्पन्न प्रतिवेदन दिएतापनि समयमा नापजाँच हुने नगरेको जानकारी प्राप्त भएको छ। तसर्थ, कार्यालयले अन्य कार्यालयहरुको लागि प्राविधिक सेवा लिखित रुपमा गरी सोको अभिलेख व्यवस्थापन गर्नुपर्नाका साथै सम्पन्न नभएका योजनाहरुको कार्यसम्पन्न प्रतिवेदन दिएकोमा यस्ता योजनाहरुको छानबिन गरी आवश्यक कारबाही गर्नुपर्ने देखिन्छ।

७. **योजनाहरुको प्रगतिः** साविक ३ गाउँ विकास परिषद्हरुले स्वीकृत ८० योजनाहरुमध्ये ६६ योजनाहरुमा परिषद्बाट स्वीकृत भएको रकमको नै लागत अनुमान तयार, कार्य सम्पन्न देखाइएको छ भने १४ योजनाको समयअभावको कारणले सम्पन्न गर्न नसकिएको जानकारी प्राप्त भएको छ। गाउँपालिकाले आगामी बर्ष योजनाहरुको कार्यान्वयनमा दीर्घकालिन विकासलाई ध्यान दिनुपर्ने देखिन्छ।

८. **श्रमदानको प्रयोगः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५)(झ) बमोजिम बढी जटिल प्राविधिक पक्ष समेत समावेश भएको र मेशिनरीको बढी प्रयोग हुने काम बाहेक सामान्यतया श्रमप्रधान प्रविधि अपनाइने आयोजना वा कार्यक्रममा मात्र उपभोक्ता समिति मार्फत गराउनुपर्ने व्यवस्था छ। यस कार्यालयबाट २०७३।७४ मा अधिकांश योजनाहरु उपभोक्ता समितिबाट भएको देखिन्छ।

८.१ उपभोक्ता समितिबाट कार्य गराउनुमा श्रमदानको प्रयोगबाट स्थानीयको आय आर्जन क्रियाकलाप होस भन्ने नीति रहेको देखिन्छ। यस जिल्लामा जिल्ला विकास समितिबाटै प्रकाशित प्रकाशनबाट औषत नेपालीको प्रतिव्यक्ति आम्दानीभन्दा यस जिल्लाका बासिन्दाको प्रतिव्यक्ति आम्दानी धेरै नै बढी रहको, जिल्लास्थित विभिन्न कार्यालयहरुबाट सञ्चालित योजनाहरुको ठेक्काहरुबाट भएका विकास निर्माण कार्यहरुमा संलग्न कामदारहरु अन्यत्र जिल्लाहरुबाट आएका, यस कार्यालयका साथै विभिन्न कार्यालयहरुबाट उपभोक्तामार्फत सञ्चालित योजनाहरुको सम्बन्धमा उपभोक्ताहरुको योगदानको बारेमा छलफल गर्दा उपभोक्ताहरुले श्रमदान गरेको स्वीकारोक्ती गरेको पाइएन । यसबाट उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाहरुमा उपभोक्ताहरुको श्रमदान रहेको देखिएन। उपभोक्ताहरु नै जनश्रमदानमा संलग्न नहुने अवस्थाको कार्यालयले विश्लेषण गरी मात्र उपभोक्ता मार्फत गर्ने व्यवस्था हुनुपर्दछ।

९. **साविक गाउँ विकास समितिको खर्चः** स्थानीय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम गाउँ विकास समितिले कार्यालयले परिषद्ले पारित गरेको बजेट र नेपाल सरकारबाट प्राप्त अनुदानको अधिनमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। साविक ३ वटै गाउँ विकास समितिको कार्यालयले परिषद्को बैठकमा सरोकारहरुको सहभागिता गराएतापनि परिषद्को बजेट गाउँ विकास समितिका सचिवले मात्र पारित गरेको देखिएको छ। आफैले बार्षिक बजेट पारित गरकोमा समेत प्रथम चौमासिकमा अधिकांश खर्च गरेको देखिएको छ। जिल्ला विकास समितिबाट चालु अनुदान प्रथम चौमासिक निकासा रु.१,८१,०००।- का दरले रु.५,४३,०००।- उपलब्ध गराएकोमा शुरु मौज्दात समेत सो रकमभन्दा चालु खर्चमा रु.६६,३२५।- बढी खर्च गरिएको छ।

## बेरुजूको स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.६६ हजार अनियमित बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.६६ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ।

# लोमन्थाङ गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात शुन्य रहेकोमा यस वर्ष रु.३ करोड ६ लाख १७ हजार आम्दानी भएकोमा रु.२ करोड ३२ लाख ६७ हजार खर्च भई रु.७३लाख ५० हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आर्थिक अवस्था:** नेपालको संविधानको धारा २२९ मा स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहनेछ । त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ भन्ने व्यवस्था रहेको छ ।यस आर्थिक बर्षमा साविक ३ गाउँ विकास समितिको शुरु मौज्दात शुन्य र आन्तरिक स्रोतको आम्दानी रु.१८,९२५।- मात्र देखिएबाट गाउँपालिकाको आन्तरिक स्रोतको अवस्था न्यून देखिएको छ । पर्यटकीय जिल्ला र अन्य प्राकृतिक तथा धार्मिक स्रोत भएको यस गाउँपालिकाले आन्तरिक स्रोत बढाउन आवश्यक व्यवस्था गर्नुपर्ने देखिएको छ ।

२. **राजस्व अनुमानः** नेपालको संविधानको धारा २३० बमोजिम संविधानको अधीनमा रही गाउँ कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानूनबमोजिम गाउँ सभा वा नगर सभामा पेश गरी पारित गराउनु पर्ने व्यवस्था रहेको छ । यस आर्थिक बर्षमा गाउँ कार्यपालिका स्थापना भएको र स्थापना पश्चात नेपाल सरकारको अनुदानबाट यो बर्ष कार्य सञ्चालन भएको छ । गाउँपालिकाले यो बर्ष योजनाहरुको खर्च रकम भुक्तानी दिदा साविक गाउँ विकास परिषद्ले पारित गरेका योजनाहरुको रकम भुक्तानी गरेतापनि गाउँ विकास परिषद्हरुले सिफारिस दस्तुर, नाता प्रमाणित, धितो मूल्याङ्कन, घटना दर्ता जस्ता क्रियाकलापमा आय अनुमान गरेकोमा ३ गाउँ विकासमध्ये साविकको लोमान्थाङ्ग गाविसको परिषद्बाट आम्दानी प्रक्षेपण रु.३,०००।- भएतापनि रसिद लिने दिने कार्य नभएको र दाखिला भएको पनि देखिएको छैन । साविक गाउँ विकास समितिहरुमा आफ्नो क्षेत्र अन्तर्गत भएको घरजग्गाको लगत लगायत र उठ्नुपर्ने राजस्वको आधार समेत रहेको देखिदैन । आगामी बर्षहरुमा संविधान तथा स्थानीय कानूनबमोजिम राजस्व र व्यय अनुमान गर्दा आफ्नो क्षेत्र अर्न्तगतको स्रोतको यथार्थका सूचनाको आधारमा राजस्व अनुमान गर्ने व्यवस्था हुनुपर्दछ ।

३. **सम्पत्ति व्यवस्थापनः** गाउँपालिका स्थापना भएपश्चात साविक गाउँ विकास समितिमा रहेका सम्पत्ति लगायत नगद जिन्सी सामानहरुको गाउँ विकास समितिका कर्मचारीबाट बरबुझारथ गरी गाउँपालिका अर्न्तगत व्यवस्थापन गर्नुपर्नेहुन्छ । कार्यालयको कार्यक्षेत्रमा आएका साविकका गाविसबाट घर जग्गाको लगत तथा जिन्सी सामग्री गाउँपालिकाले प्राप्त गरेको वा हस्तान्तरण भई आएको देखिएको छैन । लेखापरीक्षणमा साविक कर्मचारीहरुले यस गाउँपालिकाका कर्मचारीलाई जिन्सी सामानहरुको बरबुझारथ गरेतापनि संकेत नम्बर समेत रहने गरी गाउँपालिका खातामा आम्दानी बाँधिएको छैन । यस आर्थिक बर्षमा पूँजीगत अनुदानमा निकासा भएको रकमको विभिन्न सामानहरु खरिद गरिएको छ । कार्यालयले आगामी बर्षमा साविक गाउँ विकास समितिका नाममा भएको घर जग्गा लगायतका सम्पत्ति, संविधान बमोजिमको कार्यक्षेत्रमा रहेका जिल्लास्थित अन्य कार्यालयहरुको स्वामित्वमा रहेका सम्पत्ति, स्थानीय धार्मिक तथा साँस्कृतिक संस्थाहरुको सम्पत्ति लगायतको अभिलेख अद्यावधिक गर्ने व्यवस्था गर्नुपर्ने देखिएको छ ।कार्यालयले गाउँपालिकामा अभिलेख प्राप्त नभएको तर गाउँपालिकाका वडामा प्राप्त गरिएको र एकीकृत गर्न बाँकी रहेको जनाएको छ ।

४. **जनशक्ति व्यवस्थापन र सेवा प्रवाहः** नेपाल सरकारबाट स्थानीय तहहरुको दरबन्दी स्वीकृत गरेको छ । यस गाउँपालिकाको स्वीकृत दरबन्दी उपलब्ध भएन तर कार्यालयले ९ जना दरबन्दी रहेको विवरण उपलब्ध गराएको छ । कार्यालयले उपलब्ध गराएको विवरण बमोजिम ४ जना मात्र कार्यरत रहेको देखिएको छ । कार्यालयको कार्यक्रम सञ्चालन र सेवा प्रवाहको व्यवस्थापनमा योजनाहरुका हकमा अन्य कार्यालयका कर्मचारीहरु पनि संलग्न रहेको देखिएको छ भने सेवा प्रवाहबाट विभिन्न स्रोतहरुको राजस्व आय हुनुपर्नेमा सो भएको समेत देखिएन । तसर्थ सम्बन्धित निकायहरुले दरबन्दी पदपूर्ति गरी कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहमा सहजता ल्याउनु पर्ने देखिएको छ ।

५. **गाउँ विकास समितिहरुको खर्चः** स्थानीय आर्थिक प्रशासन सम्बन्धी नियमावली बमोजिमगाउँ विकास समितिले कार्यालयले परिषद्ले पारित गरेको बजेट र नेपाल सरकारबाट प्राप्त अनुदानको अधिनमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । साविक ३ गाउँ विकास समितिको कार्यालयले परिषद्को बैठकको निर्णयभन्दा फरक हुनेगरी खर्च गरेको देखिएकोले चालु खर्च रु.६,२२०।-बढी भएको छ । साविक गाउँ विकास समितिका सचिवबाट भएको खर्च परिषद्को निर्णयबमोजिम देखिएन ।

६. **खरिद व्यवस्थापनः** सार्वजनिक खरिद ऐन तथा खरिद नियमावली बमोजिम सार्वजनिक निकायले खरिद व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था बमोजिम रु.५ लाखभन्दा बढीको सामानहरु सिलबन्दी दरभाउपत्र र सो भन्दा बढीका सामानहरु बोलपत्रबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । साविक गाउँ विकास परिषद्हरुले स्वीकृत गरेका सबै योजनाहरु यस गाउँपालिकाले उपभोक्ता समिति मार्फत सञ्चालन गरेको पाइयो । यसै बर्षमात्र गाउँपालिका स्थापना भएबाट बार्षिक खरिद योजना, खरिद गुरु योजना, खरिद इकाई गठन भएको देखिएन ।

कार्यालयले यस बर्ष पूँजीगत अनुदानबाट कार्यालय स्थापनाको लागि सामान्य कोटेशन लिई फर्निचर खरिद रु.८,१४,१३३।-, मेशिनरी औजार रु.१२,२८,०३३।- सहित जम्मा रु.२०,४२,१६६।- खर्च गरेको छ । उल्लेखित अवस्थाबाट कार्यालयले आगामी बर्षदेखि सार्वजनिक खरिद ऐन तथा खरिद नियमावलीको व्यवस्था बमोजिम खरिद गर्ने व्यवस्था गर्नुपर्दछ ।

७. **स्वीकृत योजना र कार्य सम्पादनः** स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ बमोजिम प्रत्येक गाउँ बिकास समिति र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जङ्गल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कन वा गाउँ बिकास समितिको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी तयार गरेको प्रोफाइल बमोजिम पूर्वाधार विकास गर्नुपर्नेमा साविक ४ गाउँ विकास परिषद्हरुले स्वीकृत ४४ योजनाहरुमा पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायत योजनाहरु न्यून मात्रमा रहेको तर समूहहरुलाई सामानहरु उपलब्ध, तालिम, शिप विकासका कार्यक्रमहरु जस्ता योजनाहरु अधिकांश रहेका पाइयो । उल्लेखित योजनाहरुमा रु.१८,०००।- देखि अधिकतम रु.३०,००,०००।- सम्म रहेको पाइयो भने क्रमागत योजनाको अभिलेख राखेको पाइएन ।

७.१ कार्यालयबाट कार्यान्वयन भएका यी योजनाहरुको नापजाँच र कार्यसम्पन्न अधिकांश एकै दिनमा भएको देखिएको छ । कार्यालयले अन्य कार्यालयहरुको लागि प्राविधिक सेवा उपलव्ध गराएको अभिलेख व्यवस्थापन गर्नु पर्नाका साथै सम्पन्न नभएका योजनाहरुको कार्य सम्पन्न प्रतिवेदन दिएकोमा यस्ता योजनाहरुको छानविन गरी आवश्यक कारबाही गर्नुपर्ने देखिन्छ ।

८. **श्रमदानको प्रयोगः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ मा आयोजना वा कार्यक्रम उपभोक्ता समिति मार्फत गराउनुपर्ने व्यवस्था छ । यस कार्यालयबाट २०७३।७४ मा अधिकांश योजनाहरु उपभोक्ता समितिबाट भएको देखिन्छ । उपभोक्ता समितिबाट कार्य गराउनुमा श्रमदानको प्रयोगबाट स्थानीयको आय आर्जन क्रियाकलाप होस भन्ने नीति रहेको देखिन्छ । विभिन्न कार्यालयहरुबाट उपभोक्तामार्फत सञ्चालित योजनाहरुको सम्बन्धमा उपभोक्ताहरुको योगदानको बारेमा छलफल गर्दा उपभोक्ताहरुले श्रमदान रहेको देखिएन । उपभोक्ताहरु नै जनश्रमदानमा संलग्न नहुने अवस्थाको कार्यालयले विश्लेषण गरी उपभोक्ता मार्फत गर्ने व्यवस्था हुनुपर्दछ ।

९. **फरक मूल्याङ्कन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले २ योजनामा उपभोक्ता समितिद्वारा खरिद विलमा कम भएको तर मूल्याङ्कन लागत अनुमान बमोजिम पुरै परिमाणका आधारमा गरी अन्तिम भुक्तानी भएकोले बढी मूल्याङ्कन हुनुपर्नाको कारण र पुष्ट्याई सम्बन्धित प्राविधिकबाट लिई रु.३,२७,२२९।-बढी भुक्तानी भएको रकमका सम्बन्धमा पुष्ट्याई पेश गर्नुपर्दछ ।

## बेरुजूको स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.३ लाख २७ हजार नियमित गर्नुपर्ने बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.३ लाख २७ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ ।

# बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.२ लाख ७१ हजार र यस वर्षको आय रु.४ करोड १२ लाख ४४ हजार समेत रु.४ करोड १५ लाख १५ हजार आम्दानी भएकोमा रु.३ करोड ५२ लाख ५९ हजार खर्च भई रु ६२ लाख ५६ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आर्थिक अवस्थाः** नेपालको संविधानको धारा २२९ मा स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहनेछ । त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ भन्ने व्यवस्था रहेको छ ।यस आर्थिक बर्षमा साविक ४ गाउँ विकास समितिहरुको शुरु मौज्दात रु.२,७०,८९०।- जिम्मेवारी सारिएको, साविक ४ गाउँ विकास समिति र यस कार्यालयलाई चालु र पूँजीगत अनुदान निकासा रु.३,२५,९२,७२०।- भएको छ । साविक ४ गाउँ विकास समितिको र यस कार्यालयको यो बर्ष जम्मा आन्तरिक आम्दानी रु.९२,१३०।- रहेको देखिएबाट गाउँपालिकाको आन्तरिक स्रोतन्यून देखिएको छ । पर्यटकीय जिल्ला र अन्य प्राकृतिक तथा धार्मिक स्रोत भएको यस गाउँपालिकाले आन्तरिक स्रोत बढाउन आवश्यक व्यवस्था गर्नुपर्ने देखिएको छ ।

२. **राजस्व अनुमानः** नेपालको संविधानको धारा २३० बमोजिम संविधानको अधीनमा रही गाउँ कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानूनबमोजिम गाउँ सभा वा नगर सभामा पेश गरी पारित गराउनु पर्ने व्यवस्था रहेको छ । यो आर्थिक बर्षमा गाउँ कार्यपालिका स्थापना भएको र स्थापना पश्चात नेपाल सरकारको अनुदानबाट यो बर्ष कार्य सञ्चालन भएको छ । गाउँपालिकाले यो बर्ष योजनाहरुको खर्च रकम भुक्तानी दिदा साविक गाउँ विकास परिषद्ले पारित गरेका योजनाहरुको रकम भुक्तानी गरेतापनि गाउँ विकास परिषद्हरुले सिफारिस दस्तुर, नाता प्रमाणित, धितो मूल्याङ्कन, घटना दर्ता जस्ता कृयाकलापहरुमा साविक ४ गाउँ विकास समितिहरुको आय अनुमान रु.१,२५,८१०।- गरेकोमा गाउँपालिकाको समेत आम्दानी रु.९२,१३०।- मात्र देखिएको छ । साविक गाउँ विकास समितिहरुमा आफ्नो क्षेत्र अन्तर्गत भएको घरजग्गाको लगत लगायत व्यवस्थित गरेको देखिएन । आर्थिक बर्ष २०७४।७५ को लागि समेत कार्यालयले आन्तरिक स्रोतबाट आय अनुमान रु.२१ लाख ७० हजार गरेको छ । आगामी बर्षहरुमा संविधान तथा स्थानीय कानून बमोजिम राजस्व र व्यय अनुमान गर्दा आफ्नो क्षेत्र अन्तर्गतको स्रोतहरुको यथार्थका सूचनाहरुको आधारमा राजस्व अनुमान गर्ने व्यवस्था हुनुपर्दछ ।

३. **सम्पत्ति व्यवस्थापनः** गाउँपालिका स्थापना भए पश्चात साविक गाउँ विकास समितिहरुमा रहेका सम्पत्ति लगायत नगद जिन्सी सामानहरुको गाउँ विकास समितिका कर्मचारीहरुबाट बरबुझारथ गरी गाउँपालिका अन्तर्गत व्यवस्थापन गर्नुपर्ने हुन्छ । गाउँ विकास समितिका आफ्नो क्षेत्र अन्तर्गत रहेको घरजग्गााको लगत अद्यावधिक गरी राखेको पाइएन । लेखापरीक्षणमा साविक कर्मचारीहरुले यस गाउँपालिकाका कर्मचारीहरुको जिम्मा रहेका जिन्सी सामानहरुको संकेत नम्बर समेत रहने गरी गाउँपालिका खातामा आम्दानी बांधिएको छैन । यस आर्थिक बर्षमा पूँजीगत अनुदानमा निकासा भएको रकमको विभिन्न सामानहरु खरिद गरिएको छ । कार्यालयले आगामी बर्षमा साविक गाउँ विकास समितिका नाममा भएको घर जग्गा लगायतका सम्पत्ति, संविधान बमोजिमको कार्यक्षेत्रमा रहेका जिल्लास्थित अन्य कार्यालयहरुको स्वामित्वमा रहेका सम्पत्ति, स्थानीय धार्मिक तथा सास्कृतिक संस्थाहरुको सम्पत्ति लगायतको अभिलेख अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

४. **जनशक्ति व्यवस्थापन र सेवा प्रवाहः** नेपाल सरकारबाट स्थानीय तहहरुको दरबन्दी स्वीकृत गरेको छ । यस गाउँपालिकाको स्वीकृत दरबन्दी उपलब्ध भएन तर कार्यालयले ९ जना दरबन्दी रहेको विवरण उपलब्ध गराएको छ । कार्यालयले उपलब्ध गराएको विवरण बमोजिम २ जना मात्र कार्यरत रहेको देखिएको छ । कार्यालयको कार्यक्रम सञ्चालन र सेवा प्रवाहको व्यवस्थापनमा योजनाहरुका हकमा अन्य कार्यालयका कर्मचारीहरु पनि संलग्न रहेको देखिएको छ भने सेवा प्रवाहबाट विभिन्न स्रोतहरुको राजस्व आम्दानी हुनुपर्नेमा सो भएको समेत देखिएन । सम्बन्धित निकायहरुले दरबन्दी पदपूर्ति गरी कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहमा सहजता ल्याउनु पर्ने देखिएको छ ।

५. **खरिद व्यवस्थापनः** सार्वजनिक खरिद ऐन तथा खरिद नियमावली बमोजिम सार्वजनिक निकायले खरिद व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था बमोजिम रु.५ लाखभन्दा बढीको सामानहरु सिलबन्दी दरभाउपत्र र सोभन्दा बढीका सामानहरु बोलपत्रबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । साविक गाउँ विकास परिषद्हरुले स्वीकृत गरेका सबै योजनाहरु यस गाउँपालिकाले उपभोक्ता समिति

मार्फत सञ्चालन गरेको पाइयो ।

गाउँपालिका यो वर्ष स्थापना भएबाट बार्षिक खरिद योजना, खरिद गुरु योजना, खरिद इकाई गठन भएको देखिएन । कार्यालयले यस बर्ष पूँजीगत अनुदानबाट कार्यालय स्थापनाको लागि सामान्य कोटेशनबाट फर्निचर खरिद रु.१२,४२,९५३।-, मेशिनरी औजारमा रु.१६,२४,०१२।-, सवारी साधनमा रु.२५३,८५५।- र भवन निर्माण मर्मतमा रु.७७,९०८।- समेत जम्मा रु.३१,९८,७२८।- खर्च गरेको छ । उल्लेखित अवस्थाबाट कार्यालयले आगामी बर्षदेखि सार्वजनिक खरिद ऐन तथा खरिद नियमावलीको व्यवस्था बमोजिम खरिद गर्ने व्यवस्था गर्नुपर्दछ ।

६. **स्वीकृत योजना र कार्य सम्पादन:**स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ बमोजिम प्रत्येक गाउँ विकास समितिरनगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जङ्गल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साँकन वा गाउँ विकास समितिको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था रहेको छ । तयार गरेको प्रोफाइल बमोजिम पूर्वाधार विकास गर्नुपर्नेमा साविक ३ गाउँ विकास परिषद्हरुले स्वीकृत ९६ योजनाहरुमा पूर्वाधार अर्न्तगत ग्रामिण सडक, पुल, खानेपानी लगायत योजनाहरु न्यून मात्रमा रहेको तर भवन, गुम्बा मर्मत, आवासिय विद्यालय, समूहहरुलाई सामानहरु उपलब्ध, तालिम जस्ता योजनाहरु अधिकांश रहेका पाइयो । उल्लेखित योजनाहरुमा रु.३०,०००।- देखि अधिकतम रु.१४,००,०००।- सम्म रहेको पाइयो भने क्रमागत योजनाहरुको अभिलेख राखेको पाइएन ।

कार्यालयबाट कार्यान्वयन भएका यी योजनाहरुको नापजाँच र कार्यसम्पन्न अधिकांश एकै दिनमा भएको देखिएको छ । कार्यालयले अन्य कार्यालयहरुको लागि प्राविधिक सेवाको अभिलेख व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

७. **योजनाहरुको प्रगति:** साविक ३ गाउँ विकास परिषद्हरुले स्वीकृत ९६ योजनाहरुमा परिषद्बाट स्वीकृत भएको रकमको नै लागत अनुमान तयार, कार्य सम्पन्न देखाई पूँजीगत अनुदानको रु.१,९८,६४,५६१।- खर्च देखाइएको छ । स-साना योजनाहरु भएबाट गाउँपालिकाहरुले आगामी बर्ष योजनाहरुको कार्यान्वयनमा दीर्घकालीन विकासलाई ध्यान दिनुपर्ने देखिन्छ ।

८. **श्रमदानको प्रयोग:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ मा आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समिति मार्फत गराउदा गर्नुपर्ने प्रकृयाका बारेमा व्यवस्था गरिएको छ । यस कार्यालयबाट २०७३।७४ मा सबै योजनाहरु उपभोक्ता समितिबाट भएको देखिन्छ । उपभोक्ता समितिबाट कार्य गराउनुमा श्रमदानको प्रयोगबाट स्थानीयको आय आर्जन हुने क्रियाकलाप गर्ने नीति रहेको देखिन्छ।

उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाहरुमा उपभोक्ताहरुको श्रमदान रहेको देखिएन । उपभोक्ताहरु नै जनश्रमदानमा संलग्न नहुने अवस्थाको कार्यालयले विश्लेषण गरी उपभोक्ता मार्फत गर्ने व्यवस्था हुनुपर्दछ ।

९. **साविक गाउँ विकास समितिको खर्च:** स्थानीय आर्थिक प्रशासन सम्बन्धी नियमावलीको बमोजिमगाउँ विकास समितिले कार्यालयले परिषद्ले पारित गरेको बजेट र नेपाल सरकारबाट प्राप्त अनुदानको अधिनमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । साविक ४ वटै गाउँ विकास समितिको कार्यालयले परिषद्को बैठकमा सरोकारहरुको सहभागिता गराएतापनि मुक्तिनाथ बाहेक परिषद्को बजेट गाउँ विकास समितिका सचिवले मात्र पारित गरेको देखिएको छ । यसरी आफैले बार्षिक बजेट पारित गरकोमा केही बजेट शीर्षकहरुमा दोस्रो चौमासिकसम्म बजेटभन्दा बढी खर्च गरेको र खर्च दावी नभएका शीर्षकहरुको तेस्रो चौमासिकमा गाउँपालिकामा दावी गरी भुक्तानी लिएको अवस्था देखिएको छ । आगामी बर्षमा गाउँपालिकाले बजेटको सीमाभित्र रहि खर्च गर्ने व्यवस्था गर्नुपर्दछ ।

## बेरुजूको स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट कुनै बेरुजू नदेखिएको ।

# बेनी नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.३ करोड ३२ लाख १९ हजार र यस वर्षको आय रु.१२ करोड २५ लाख २३ हजार समेत रु.१५ करोड ५७ लाख ४२ हजार आम्दानी भएकोमा रु.११ करोड ३६ लाख ६७ हजार खर्च भई रु.४ करोड २० लाख ७५ हजार मौज्दात रहेको छ। सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् :

१. **निर्माण कार्य –** नगरपालिकाले निर्माणसम्बन्धी कार्यगर्दा पटके निर्णय गरी शेड निर्माण र पार्किङ्ग निर्माण स-साना निर्माण कार्य गरेको छ । पटकेभन्दा विस्तृत वार्षिक रुपमा निर्माण योजनाको खाका तयार गरी एकमुष्ट निर्माण कार्यलाई प्राथमिकता दिन आवश्यक देखिन्छ।

२. **मर्मत अभिलेख –** नगरपालिकाले सवारी साधनहरुको मर्मत गरिसकेपछि छुट्टाछुट्टै रजिष्टरमा खातामा मर्मत अभिलेख व्यवस्थित गरि राख्नुपर्नेमा सो अनुसार राखिएको नदेखिएकोले नियमानुसार म.ले.प.फा.नं. २ व्यवस्थित राख्नुपर्ने देखिन्छ।

३. **आन्तरिक लेखापरीक्षण –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३६ वमोजिम १ करोड भन्दा वढी आम्दानी हुने नगरपालिकाले अधिकृतस्तरको कमचारी सहितको आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यवस्था छ। वेनी नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन नगरी जिल्ला विकास समिति म्याग्दीको आन्तरिक लेखापरीक्षकबाट आन्तरिक लेखापरीक्षण गराएको छ। आन्तरिक नियन्त्रण सवल वनाउन आन्तरिक लेखा परीक्षण शाखा जरुरी देखिन्छ। नियमावलीको पालना गरी आन्तरिक लेखा परीक्षण शाखा खडा हुनुपर्दछ।

४. **आर्थिक विवरण –** नगरपालिकाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३९ वमोजिम सोही नियमावलीमा समावेश गरेको अनूसुची ३ देखि ८४ सम्मका ७८ वटा अनूसुची तयार गर्नुपर्ने र अनुसूची ३० वमोजिमको वासलात तयार गर्नुपर्ने व्यवस्था रहेको छ । तर नगरापालीकाले उक्त वमोजिमको वासलात तयार पारेको छैन । त्यसकारण नगरपालिको सम्पत्तिको मूल्यांकन आर्थिक विवरणमा समेट्न नसकेको कारण प्रस्तुत आर्थिक विवरणले सवै कारोवारको चित्रण गर्न सक्ने अवस्था छैन।

५. **प्रशासनिक खर्च –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४ बमोजिम कर शुल्क, सेवा दस्तुर र भाडाबाट उठाएको कूलखर्च ५० लाख देखि १ करोड भएमा ३० प्रतिशतभन्दा बढी खर्च गर्न नपाइने व्यवस्था छ । नगरपालिकाले रु.७१,९३,१५४।– आम्दानी गरेकोमा तलव भत्ता लगायत कर्मचारी र प्रशासनिक खर्चमा रु.२१,५७,९४६।– मात्र खर्च गर्नपर्नेमा रजिष्ट्रेशन दस्तुर समेत आयबाट रु.९८,१३,८४५।– खर्च लेखेको छ। बढी खर्च रु.७६,५५,८९८८० देखिएकोले उक्त खर्चलाई नियमित गर्नुपर्दछ।

६. **बढी खर्च –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३२ मा नगरपालिकाले कर, शुल्क, शुल्क दस्तुर र भाडाबाट उठेको कूल रकमको अधिकतम १ प्रतिशत वा १ लाख रुपैयाँमध्ये जुन कम हुन्छ सो रकम आर्थिक सहायतामा रु.७१,९३१।– खर्च गर्न सकिनेमा रु.८२,२६०।– खर्च भएकोले बढी खर्च भएको रु.१०,३२९।– अनियमित देखिन्छ।

७. **तलबी प्रतिवेदन –** स्थानीय निकायतर्फका आन्तरिक स्रोतबाट तलबभत्ता खाने कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गरी तलब भत्ता भुक्तानी गर्नुपर्ने सो नगरी रु.४१,४९,२४४।– भुक्तानी भएको देखिन्छ।

८. **सम्झौता –** स्थानीय स्वायत्त शासन नियमावली, २०६४ को अनुसची ३ बमोजिमको ढाँचामा उपभोक्ताबीच सम्झौता गर्दा सम्झौता फाराममा निर्माण सामग्री सम्बन्धी विवरण र आयोजना सम्पन्न भएपछि आयोजनको मर्मत सम्भार व्यहोर्ने व्यवस्थाको बारेमा पनि उल्लेख गर्ने गरेको पाइएन । मर्मत सम्भारको बारेमा सम्झौतामा स्पष्ट उल्लेखगरी सम्बन्धित उपभोक्तालाई जिम्मेवार हुने वातावरण सिर्जना गर्नुपर्ने देखिन्छ।

**पात्लेखेत गाउं विकास समिति**

९. **कर कट्टी** – आयकर ऐन, २०५८ बमोजिम पारिश्रमिक कर कट्टी भएको रू.९००।- दाखिला भएको नदेखिएकोले बेरूजु दाखिला गर्नुपर्दछ ।

१०. **कर दाखिला** – महिला स्वास्थ्य शिविर सन्चालनका लागि अतिथि र स्वास्थ्यकर्मी गाडी रिर्जभगरी बेनीबाट पात्लेखेतसम्म गएको भाडा रू.२०,०००।- भुक्तानी भएको छ । भाडाकर बापत १० प्रतिशतले हुन आउने रू.२,०००।- दाखिला गर्नुपर्दछ ।

## बेरुजूको स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.७७ लाख ४१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.७७ लाख ४१ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.३ हजार र नियमित गर्नुपर्ने रु.७७ लाख ३८ हजार रहेको छ।

# अन्नपूर्ण गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.९७ लाख ८३ हजार र यस वर्षको आय रु.८ करोड ८२ लाख १९ हजार समेत रु.९ करोड ८० लाख २ हजार आम्दानी भएकोमा रु.८ करोड ३ लाख ३८ हजार खर्च भई रु.१ करोड ७६ लाख ६४ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **कर दाखिला –** आयकर ऐन, २०५८ को ८८ नियम बमोजिम हिमालय प्रावि र सर्वोदय माविलाई रु.७,०८,१४४।- बाट २२ शिक्षकलाई पारिश्रमिक भुक्तानी गर्दा सामाजिक सुरक्षा कर रु.७,०८१।– कर कट्टी हुनुपर्नेमा रु.१,६२४।- कट्टी भएकोले रु.५,४५७– कर दाखिला गर्नुपर्दछ।

२. **पेश्की –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार साविक दोवा गाविसतर्फ वडा सचिव कुल प्रसाद आचार्यलाई दिएको रु.४०,०००।- पेश्की फर्छ्यौट गर्नुपर्दछ।

३. **कर दाखिला** – उत्तम फोटोकपी एण्ड स्टेशनरी सेन्टरबाट रू.१९,१००।- को सामान खरिद भएकोमा आयकर ऐन, २०५८ बमोजिम अग्रिम कर बापत १.५ प्रतिशतले हुन छुट रू.२८६।- दाखिला गर्नुपर्दछ ।

३.१. पारिश्रमिक कर रू.६७५।- विभिन्न पसलबाट सामान खरिद गरेको रू.३३,०४०।- को अग्रिम आयकर बापतको १.५ प्रतिशतले हुन आउने रकम रू.४९६।- समेत रू.१,१७१।- र पारिश्रमिक कर बापत कट्टी भएको रू.९००।- दाखिला गर्नुपर्दछ ।

३.२. नागरीक सचेतना केन्द्र आरनटोललाई भुक्तानी रकममध्ये सुवेदी फर्निचर सप्लायर्स एण्ड डेकोरेसनबाट रू.१८,२००।- र नारायणी सपिङ सेन्टरबाट रू.११,८००।- समेत रू.३०,०००।- को सामान खरिद भएको देखिन्छ । अग्रिम आयकर बापतको १.५ प्रतिशतका दरले हुन आउने रू.४५०।- दाखिला दाखिला गर्नुपर्दछ ।

३.३. दलित सामुदायिक भवनका लागि भुक्तानी रकममध्ये राजेश ब्लक उघोग पर्वत बेनीलाई रू.४६८००।०० र धौलागिरी हार्डवयर बेनीलाई रू.१९,११६।- समेत रू.६५,९१६।- भुक्तानी भएको देखिन्छ । अग्रिम आयकर बापत १.५ प्रतिशतका दरले हुन आउने रू.९८९।०० दाखिला गर्नुपर्दछ ।

३.४. महिला स्वास्थ्य शिविर सन्चालनका लागि अतिथि र स्वास्थ्य कर्मीलाई गाडी रिर्जभ गरी बेनीबाट पाल्लेखेतसम्म गएको भाडा रू.२०,०००।- भुक्तानी देखिन्छ । भाडाकर १० प्रतिशतले हुने रू.२,०००।- कर दाखिला भएको नदेखिएकोले बेरूजु दाखिला गर्नुपर्दछ ।

३.५. स्वास्थ्य चौकी सामाग्री खरिद बापत रू.५०,०००।- भुक्तानी भएको देखिन्छ । अग्रिम आयकर बापत १.५ प्रतिशतका दरले हुने रू.७५०।- दाखिला गर्नुपर्दछ ।

३.६. वाखेत पहिरो नियन्त्रण योजनाका लागि रू.१,००,०००।- पेश्की फछ्यौट गरी बांकी रू.१,०८,०००।- भुक्तानी भएकोमध्ये विशाल हार्डवयर एण्ड जनरल स्टोर्सलाई रू.४४,१२५।- भुक्तानी भएको देखिन्छ । अग्रिम आयकर बापत १.५ प्रतिशतका दरले हुने रू.६६२।- दाखिला गर्नुपर्दछ ।

३.७. मुनलाइट युवा क्लवलाई रू.५०,०००।- भुक्तानी भएको देखिन्छ । अग्रिम आयकर बापतको १.५ प्रतिशतका दरले हुने रू.७५०।- दाखिला गर्नुपर्दछ ।

४. **मर्मत** – स्थानीय स्वयत्त शासन नियमावली, २०५६ को अनुसची ३ बमोजिमको ढांचामा उपभोक्ता समितिसंग सम्भौत्ता गर्दा सम्झौता फाराममा निर्माण सामग्री सम्बन्धी विवरण र आयोजना सम्पन्न भए पछि आयोजनको मर्मत सम्भार व्यहोर्ने व्यवस्थाको बारेमा उल्लेख गरेको पाइएन ।

४.१. मर्मत सम्भारसम्बन्धी व्यवस्थाको बारेमा स्पष्ट नहुंदा दिगो विकासको अवधारणा अनुरूप उपभोक्ताको सहभागिताको माध्यमबाट विकास निर्माणप्रति उपभोक्ताहरूलाई जिम्मेवार नबनाई दिगो विकास नहुने देखिन्छ । तसर्थ मर्मत सम्भारको बारेमा सम्झौतामा स्पष्ट उल्लेख गरी सम्बन्धित उपभोक्तालाई जिम्मेवार हुने वातावरण सिर्जना गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

५. **उपभोक्ता समितिबाट कार्य** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५)ग मा उपभोक्ता समितिसाग सम्झौता भएपछि कामाको प्रकृति हेरी खर्च वापत अग्रिमरूपमा कार्यतालिका प्राप्त गरी सोको आधारमा सामान्यतया एक तिहाइ रकमसम्म पेश्की दिन सकिने व्यवस्था छ । नियम १५५ मा उपभोक्ता समितिले लिएको पेश्की फछ्र्यौट गर्दा प्रथम किस्ताको प्राविधिक मूल्याङ्कन, सम्झौता तथा कार्य सम्पादनको आधारमा नाप जाच र मूल्य खुलेको रनिङ बिल, उपभोक्ता समितिको बैठकको निर्णयको प्रतिलिपि सहित सम्बन्धित निकायमा निवेदन प्रश्तुत गर्नुपर्ने व्यवस्था छ । उल्लिखित व्यवस्था कतिपय योजनाहरूको भुक्तानी दिंदा पालना गरेको नियमावलीको पालना हुनुपर्दछ ।

६. **पेश्की –** साविक दाना गाविसका वडासचिव श्री लिलावहादुर चोखालको नाममा मोटरसाइकल खरिद पेश्की रु २,४६,२५०।०० आर्थिक वर्षक अन्तसम्म पनि फछ्र्यौट नभई वांकी देखिएकोले आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार अविलम्व फर्छ्यौट हुनुपर्दछ।

७. **खर्च समर्थन –** आलेप प्रतिवेदन अनुसार साविक शिख र हिस्तान गाउँ विकास समिति स्थानीय निकाय आर्थिक कार्यविधि

नियमावली, २०६४ को अनुसूची २ खर्चको बर्गिकरणमा पेशागत संघ संस्थालाई दिइएको रु.५,०००।- को दरले रु.१०,०००।– समर्थन भएको प्रमाण पेश हुनुपर्दछ।

### भुरुङ्ग तातोपानी गाउँ विकास समिति

८. **प्रमाण कागजात** – सर्वोदय माध्यामिक विद्यालय भूरूङ तातोपानीलाई सभाहल निर्माणका लागि रू.१,००,०००।- भुक्तानी भएकोमा नियमानसार लागत अनुमान र सम्झौता पत्र संलग्न भएको नदेखिएकाले समावेश गरी नियमित गर्नुपर्दछ ।

८.१. तातोपानी मान्द्रेढुंगा मोटरबाटो निर्माण उपभोक्ता समितिलाई रू.८२,५००।- भुक्तानी भएको देखिन्छ। भुक्तानी गर्दा लागत अनुमान समावेश भएको नदेखिएकाले समावेश गरी नियमित गर्नुपर्दछ ।

९. **आर्थिक सहायता –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची २ खर्चको बर्गिकरण विपरित पेशागत संघ संस्थालाई दिइएको सहायता रु.५,०००।- को समर्थन प्रमाण पेश हुनुपर्दछ।

१०. **पेश्की –** आर्थिक कार्यविधि नियमावलीको नियम ७४ अनुसार तातोपानी कुण्ड सोलार खरिद योजनाको रु.१,२९,०००।- पेश्की गएकोमा नियमानुसार पेश्की फछ्र्यौट हुर्नुपर्दछ।

११. **कर कट्टी –** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम हिमालय प्रावि र सर्वोदय माविका २२ जना शिक्षकलाई रु.७,०८,१४४।– पारिश्रमिक भुक्तानी गर्दा सामाजिक सुरक्षा कर रु.७,०८१।– कर कट्टी हुनुपर्नेमा रु.१,६२४।- कट्टी भएकोले नपुग रु.५,४५७– असुल भई दाखिला हुनुपर्दछ।

### भुरुङ्ग तातोपानी गाउँ विकास समिति

१२. **कर कट्टी –** आयकर ऐन, २०५८ को दफा ८७ अनुसार पारिश्रमिक कर असुल नभएकोले नियमानुसार रु.१,२००।- दाखिला गर्नुपर्दछ।

१३. **आर्थिक सहायता –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची २ खर्चको बर्गिकरणमा राजनितीक संघ संस्थालाई दिइएको आर्थिक सहायता रु.५,०००।- सर्मथन प्रमाण पेश हुनुपर्दछ।

### घार गाउँ विकास समिति

१४. **आर्थिक सहायता –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची २ खर्चको बर्गिकरण विपरित पेशागत संघ संस्थालाई दिइएको आर्थिक सहायता रु. ५०००।- को समर्थन प्रमाण पेश हुनु पर्दछ।

१५. **पेश्की –** भक्तबहादुर खडका नाममा रहेको रु.७०,०००।- पेश्की स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० बमोजिम फछ्र्यौट हुनुपर्दछ।

### साविक राम्चे गाउँ विकास समिति

१६. **पेश्की फछ्र्यौट –** दलित कार्यक्रमलाई रु.३०,०००।- र हिमाञ्चल उच्च माध्यामिक विद्यालयलाई रु.६०,०००।- समेत रु.९०,०००।- पेश्की दिएकोमा आर्थिक वर्षको अन्तसम्म पनि फछ्र्यौट नभै बांकी देखिएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० बमोजिम फछ्र्यौट हुनुपर्ने देखिन्छ।

१७. **कार्य सम्पन्न –** फलामेडांडा नागी राम्चे सडक मर्मत लगायत विभिन्न व्यक्ति र संस्थालाई रु.७६०००।-भुक्तानी गरेकोमा आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम कार्यसम्पन्न प्रतिवेदन र नापी किताब समावेश भएको नदेखिएकोले कार्यसम्पन्न प्रतिवेदन र नापी किताब पेश हुनुपर्दछ।

## बेरुजूको स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.१५ लाख ५४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.१५ लाख ५४ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ। सो मध्ये असुल गर्नुपर्ने रु.१७ हजार, नियमित गर्नुपर्ने रु.९ लाख ६२ हजार र पेश्कि रु.५ लाख ७५ हजार रहेको छ।

# धवलागिरी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.१ लाख ४४ हजार र यस वर्षको आय रु.८ करोड ६८ लाख ४१ हजार समेत रु.८ करोड ६९ लाख ८५ हजार आम्दानी भएकोमा रु.६ करोड ८८ लाख २२ हजार खर्च भई रु.१ करोड ८१ लाख ५३ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कर दाखिला –** कम्प्युटर अप्रेटर र सहयोगीलाई पारिश्रमिक भुक्तानी भएकोमा सामाजिक सुरक्षा कर वापत रु.३८०।- छुट दाखिला गर्नुपर्दछ।

२. **धरौटी फिर्ता –** धरौटी खातामा ओमेन अस्कर निर्माण सेवा देविस्थान १ म्याग्दीको भवन निर्माणवापत राखेको रु.२४,५००।- म्याद नाघेको धरौटी फिर्ता गर्नुपर्दछ।

३. **कर दाखिला –** साविक मुदी गाविसले लेखापरिक्षक श्री शेषराज रेग्मी एण्ड एसोसियटसलाई रु.१२,०००।- पारिश्रमिक भुक्तानी दिएकोमा आयकर ऐन अनुसार रु.१,८००।- छु आयकर दाखिला गर्नुपर्दछ।

### गुर्जा गाविस

४. **आम्दानी –** आन्तरिक आम्दानी वापत रु.२,२५६।- आम्दानी बांध्नुपर्नेमा मौज्दातमा देखाएको छ।

५. **कर दाखिला –** लेखापरिक्षक श्री इन्द्रवहादुर रानाभाटलाई रु.८,०००।- पारिश्रमिक भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ अनुसार पारिश्रमिक छुट कर रु.१,२००।– दाखिला गर्नुपर्दछ।

### लुलाङ्ग गाविस

६. **कर दाखिला –** मोटरसाइकल खरिद गर्दा आयकर ऐन, २०५८ अनुसार १.५ अग्रिम आयकर छुट रु.३,२६५।- दाखिला हुनुपर्दछ।

६.१. व्यवसाय कर रु.४९९।– सामाजिक सुरक्षा कर रु.३६०।– र पारिश्रमिक कर रु.७५०।– समेत छुट रु.१,५३८।- कर दाखिला गर्नुपर्दछ।

७. **पेश्की –** लुलाङ्ग खोला पुल निर्माण उपभोक्ता समितिको रु.५०,०००।- पेश्की फर्छ्यौट गरी रु.५०,०००।- भुक्तानी गर्दा कर कट्टी भएको रु.५२५।- बैंक दाखिला गरेको प्रमाण संलग्न नगरकाले प्रमाण पेश गर्नुपर्दछ।

८. **दाखिला प्रमाण –** बाल अधिकार सम्बन्धी अभिमुखिकरण कार्यक्रमका लागि भुक्तानी भएको छुट कर रु.९००।- दाखिला प्रमाण पेश गर्नुपर्दछ।

### मल्कावाङ्ग गाउँ विकास समिति

९. **कर दाखिला –** बालबालिका लक्षित कार्यक्रम अन्तर्गत शैक्षिक सामाग्री खरिदको लागि रु.१,००,०००।- भुक्तानी भएको देखिन्छ। व्यवसाय कर १.५ प्रतिशतले हुने रु.१,५००।- दखिला गर्नुपर्दछ।

९.१. लेखापरिक्षक श्री नारायणप्रसाद उपाध्यायलाई रु.८,०००।- पारिश्रमिक भुक्तानी दिएकोमा आयकर ऐन अनुसार रु.१,२००।- पारिश्रमिक कर दाखिला गर्नुपर्दछ।

## बेरुजूको स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.८४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्यौंट नगरेकोले रु.८४ हजार फछ्यौंट गर्न बाँकी रहेको छ। सो मध्ये रु.९ हजार असूल गर्नुपर्ने र रु. २५ हजार नियमित गर्नुपर्ने र पेश्कि रु.५० हजार रहेको छ।

# मंगला गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.७६ लाख ६३ हजार र यो वर्षको आय रु.२ करोड ८३ लाख ७५ हजार समेत रु.३ करोड ६० लाख ३८ हजार आम्दानी भएकोमा रु.२ करोड २१ लाख ३३ हजार खर्च भई रु.१ करोड ३९ लाख ५ हजार मौज्दात रहेको छ। आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्।

१. **सोझै खरिद –** सार्वजनिक खरिद नियमावलीमा भएको व्यबस्था अनुसार प्रतिस्पर्धालाई सिमित गर्ने गरी पूँजीगत खरिद कार्य गर्दा टुक्रा टुक्रा पारी खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

२. **पेश्की बाँकी –** बाबियाचौर गाविसतर्फ आर्थिक बर्षको अन्त्य कृषि बन बातावरण समन्वय समितिको नाममा रु.१,८६,०००।- पेश्की बाँकी रहेकाले आर्थिक कार्यविधि नियमावली, २०६४ मा भएको व्यवस्था बमोजिम फछ्र्यौट गर्नुपर्दछ।

### कुहुँ गाउँ विकास समिति

३. **कर कट्टी –** लेखापरीक्षक सूर्यप्रसाद पौडेल एण्ड कं.लाई लेखापरीक्षण शुल्क रु.८,०००।- भुक्तानी गर्दा आयकर ऐन अनुसार १५ प्रतिशतले रु.१,२००।– कर कट्टा गरी दाखिला गर्नुपर्दछ।

३.१. गाविस स्तरिय लोकप्रिय कृषि सन्जाल समूह कुहुँ म्याग्दीलाई भुक्तानी भएको रकममध्ये समुहको २०७४ फाल्गुन ६ देखि ८ गतेसम्म भ्रमण कार्यक्रममा रु.५१,०००।- भाडा भुक्तानी भएकोमा रु.५,१००।- असुल गर्नुपर्दछ।

### बरंजा गाउँ विकास समिति

४. **हिसाब मिलान –** फाल्गुण मसान्तमा रहेको मौज्दात नगद रु.३८,६३५।- चैत्र १ मा जिम्मेवारी सार्नुपर्नेमा जिम्मेवारी नसारी कैफियतमा गाउँपालिकामा जम्मा जनाएको उक्त रकम जिम्मेवारी सारी हिसाब मिलान गर्नुपर्दछ।

५. **कर कट्टी –** कार्यालय सामान ढुवानीको लागि रु.३४,०००।- भुक्तानी भएकोमा आयकर ऐन अनुसार १० प्रतिशत कर रु.३,४००।- असुल गरी दाखिला गर्नुपर्दछ।

५.१. विभिन्न भौचर र मितिबाट अग्रिम कर कट्टी भएको रु.२९,१४८।– आलेप प्रतिवेदनमा समेत समावेश भएकोले दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ।

### अर्मन गाउँ विकास समिति

६. **कर कट्टी –** मोटरसाइकल खरिदको लागि शुभकामना अटोमोवाइल्सलाई भुक्तानी गरेको रु. २१४६०१।- को आयकर ऐन २०५८ अनुसार १.५ प्रतिशतले हुने अग्रिम आयकर छुट रु.३,२२९।- दाखिला गर्नुपर्दछ।

७. **बिल भरपाई –** पोकधारा मोटरबाटो निर्माण गरेको डोजरले काम गरेको नापी किताबमा देखिएको तर डोजरको बिल नराखी भुक्तानी गरेको रु.२,२०,०००।– को बिल पेश हुनुपर्दछ।

८. **कर छुट –** लेखापरीक्षक पारिश्रमिकको लागि रु.१०,५००।- को भुक्तानी गरेकोमा १५ प्रतिशतले हुने कर छुट रु.१,५७५।– दाखिला गर्नुपर्दछ।

## बेरुजूको स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.४ लाख ४७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.४ लाख ४७ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ। सो मध्ये असुल गर्नुपर्ने रु.१२ हजार, प्रमाण पेश गर्नुपर्ने रु.२ लाख ४९ हजार र पेश्की रु.१ लाख ८६ हजार रहेको छ।

# मालिका गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.६५ लाख ८९ हजार र यस वर्षको आय रु.३ करोड ७२ लाख ६८ हजार समेत रु.४ करोड ३८ लाख ५७ हजार आम्दानी भएकोमा रु.३ करोड १६ लाख ८४ हजार खर्च भई रु.१ करोड २१ लाख ७३ हजार मौज्दात रहेको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् :

१. **कर दाखिला –** आयकर ऐन २०५८ अनुसार अग्रिम करबापत ढुवानीमा रु७,९४०।- भुक्तानी गरेकोमा छुट अग्रिम कर रु.७९४।- दाखिला गर्नुपर्दछ ।

२. **नियमावलीको पालना –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५)ग मा उपभोक्ता समितिसँग सम्झौता पछि कामको प्रकृति हेरी खर्चवापत अग्रिमरुपमा कार्यतालिका प्राप्तगरी सो आधारमा सामान्यतया एकतिहाइ रकमसम्म पेश्की दिन सकिने, त्यसैगरी नियम १५५ञ मा उपभोक्ता समितिले लिएको पेश्की फछ्र्यौट गर्दा प्रथम किस्ताको प्राविधिक मूल्यांकन, संम्झौता तथा कार्य सम्पादनको आधारमा नापजाँच र मूल्य खुलेको रनिङ.बिल, उपभोक्ता समितिको बैठकको निर्णयको प्रतिलिपि सहित सम्बन्धित निकायमा निवेदन पेश गर्नुपर्ने व्यवस्था रहेकोमा उल्लिखित व्यवस्था कतिपय योजनाहरुको भुक्तानी दिँदा पालना नगरेको देखिएकोले नियमावलीको पालना हुनुपर्ने देखिन्छ ।

### निस्कोट गाउँ विकास समिति

३. **आर्थिक सहायता –** स्थानीय निकाय आ.प्र. नियमावली २०६४ को अनुसूची २ खर्चको वर्गीकरणमा राजनीतिक संगठन, तिनका भ्रातृ संगठन, पेशागत संघ, संस्थालाई रकम उपलव्ध गराउने शीर्षक उल्लेख छैन । सामाजिक सेवा, कार्यालयको व्यवस्थापन र प्रशासनिक कार्यमा खर्च गर्नुपर्ने रु.५,०००।- पेशागत संघ संस्थालाई दिइएकोले नियमसम्मत भएन ।

४. **कर दाखिला –** अदुवा, बेसार ,बिउ बिजन खरिद कार्यक्रमका लागि निस्कोट कृषक समुहलाई बिनियोजित रु१,००,०००।– मध्ये मिति २०७४।०३।२७ मा रु९८,५००।– भुक्तानी भएको देखिन्छ । ब्यावसाय कर बापत कट्टी भएको रु१,५००।– दाखिला गर्नुपर्दछ ।

### रुम गाउँ विकास समिति

५. **कर दाखिला –** कार्यालय सामान ढुवानीमा रु.१६,०००।- भुक्तानी भएकोले १० प्रतिशतका दरले कर कट्टा गर्नुपर्नेमा पुरा रकम भुक्तानी भएकाले रु.१,६००।- असुल गर्नुपर्दछ ।

६. **पेश्की फछ्र्यौट –** गिरी प्रसाद पुन दम्सीलेख खानेपानी तटवन्ध मर्मत योजनामा पेश्की बाँकी रहेको देखिएको रु.५०,०००।- नियमानुसार फछ्यौट गर्नुपर्दछ ।

७. **कर दाखिला –** लेखापरिक्षक राजभण्डारी एण्ड कम्पनीले पारिश्रमिक रु.८,०००।- लिएकोमा आयकर ऐन अनुसार पारिश्रमिक आयकर छुट रु.१,२००।- दाखिला गर्नुपर्दछ ।

### ओखरबोट गाउँ विकास समिति

८. **कर दाखिला –** तामाखानी यूवाक्लव ओखरबोटलाई भुक्तानी भएको रु.५१,०००।- को कट्टी रु.७६५।- असुल गरी बैंक दखिला गर्नुपर्दछ ।

८.१. कार्यालय सामान ढुवानीको लागि रु.७,०००।- भुक्तानी भएकोमा भाडाकर १० प्रतिशतले रु.७००।- असुल गर्नुपर्दछ ।

८.२. ज्योती एग्रो सप्लायर्सलाई ११०७४०।- भुक्तानी भएकोमा आयकर ऐन अनुसार १.५प्रतिशतले रु.१,४७०।- असुल गर्नुपर्दछ ।

### देविस्थान गाउँ विकास समिति

९. **कर दाखिला –** गौ बोमबत्स माध्यामिक विद्यालयलाई फर्निचर खरिदको लागि रु.६०,०००।- भुक्तानी भएकोमा न्यू श्रेष्ठ फर्निचर उद्योग बेनीबाट रु.५०,०००।- बरावरको फर्निचर खरिद भएको बिल संलग्न रहेकोमा १.५ प्रतिशतका दरले हुने रु.७५०।- बेरुजू दाखिला गर्नुपर्दछ ।

९.१. युवा तथा खेलकुद कार्यक्रमका लागि गएको विभिन्न बिलबाट रु.५५,०००।- भुक्तानीमा १.५ प्रतिशतका

दरले हुने रु.८२५।- दाखिला गर्नुपर्दछ ।

९.२. लेखापरिक्षक इन्द्रवहादुर रानाभाटले पारिश्रमिक रु.८,०००।- बुझिलिएकोमा आयकर ऐन अनुसार पारिश्रमिक कर रु.१,२००।- दाखिला गर्नुपर्दछ ।

९.३. गोविन्द सिउथानीलाई ढुवानीको लागि भुक्तानी गरेको रु.१८,०००।- मा आयकर ऐन अनुसार छुट रु.१,८००।- दाखिला गुर्नुपर्दछ ।

## दरवाङ्ग गाउँ विकास समिति

१०. **आर्थिक सहायता–** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची २ खर्चको वर्गीकरणमा राजनीतिक संगठन, तिनका भ्रातृ संगठन, पेशागत संघ, संस्थालाई रकम उपलव्ध गराउने शीर्षक उल्लेख छैन । सामाजिक सेवा, तथा कार्यालयीय प्रयोजनमा कार्यालयको व्यवस्थापन र प्रशासनिक कार्यमा खर्च गर्नुपर्ने रु.५,०००।- पेशागत संघ संस्थालाई भुक्तानी दिएको नियमसम्मत भएन ।

११. **सम्झौता –** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को अनुसची ३ को ढाँचामा उपभोक्ताबीच सम्झौता गर्दा सम्झौता फाराममा निर्माण सामग्रीसम्बन्धी विवरण र आयोजना सम्पन्न भएपछि आयोजनको मर्मत सम्भार व्यहोर्ने व्यवस्थाको बारेमा पनि उल्लेख गर्ने गरेको पाइएन । मर्मत सम्भारको बारेमा सम्झौतामा स्पष्ट उल्लेख गरी सम्बन्धित उपभोक्तालाई जिम्मेवार हुने वातावरण सिर्जना गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

१२. **कर कट्टी –** शुभकामना अटोमोबाइल्सबाट मोटरसाइकल खरिद गरेकोमा आयकर ऐन, २०५८ अनुसार अग्रिम कर छुट रु.३,३१८।- दाखिला गर्नुपर्दछ ।

१३. लेखापरिक्षकको पारिश्रमिक रु. १२१००।- को पारीश्रमिक कर छुट रु.१,८१५।- दाखिला छुट भएकोले दाखिला गर्नुपर्दछ ।

## बिम गाउँ विकास समिति

१४. **आर्थिक सहायता –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची २ खर्चको वर्गीकरणमा राजनीतिक संगठन, तिनका भातृ संगठन, पेशागत संघ, संस्थालाई रकम उपलव्ध गराउने शीर्षक उल्लेख छैन । सामाजिक सेवा, तथा कार्यालयीय प्रयोजनमा कार्यालयको व्यवस्थापन र प्रशासनिक कार्यमा खर्च गर्नुपर्ने रु.५,०००।- पेशागत संघ संस्थालाई दिएकोले नियमसम्मत भएन ।

## बेरुजूको स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.९० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.९० हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असूल गर्नुपर्ने र रु. २५ हजार नियमित गर्नुपर्ने रु.१५ हजार र पेश्कि रु.५० हजार रहेको छ ।

# रघुगंगा गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.१ करोड १२ लाख १५ हजार र यस वर्षको आय रु.७ करोड ६० लाख ५९ हजार समेत रु.८ करोड ७२ लाख ७४ हजार आम्दानी भएकोमा रु.६ करोड ९८ लाख १६ हजार खर्च भई रु.१ करोड ७४ लाख ५८ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **कार्य सम्पन्न –** वडा कार्यालय भवन मर्मत गरी रु.१,५०,०००– भुक्तानी गरेकोमा कार्य सम्पन्न प्रतिवेदन प्रमाणित भएको देखिएन।

२. **नापी किताब –** योजनाहरुको निर्माणकार्य गर्दा निर्माणकार्यको पुष्टी हुने गरी नापी किताब राखेको देखिएन। नापी किताब प्रयोगमा ल्याउनुपर्ने तथा स्थानीय निकाय र उपभोक्ता समितिबीच सम्झौता भएको रकमको प्रतिशत अनुसार रकमबाट व्यहोर्नुपर्ने देखिन्छ।

३. **दाखिला –** बेगखोला गाउँ विकास समितिबाट २०७३।११।८ को मोटरसाइकल खरिद गर्दा विलपेश नभएको, बिलबुक नरहेको र जिन्सी किताबमा समेत दाखिला नभएकोले दाखिला गर्नुपर्ने देखिन्छ।

४. **प्रमाण कागजात –** राखु पिप्ले गाउँ विकास समितिमा २०७४।२।२८ बाट चिमखोला, बेग, भगबती, पिप्ले बृहत खानेपानी आयोजनाका लागि म्याचिङ्ग फण्ड बापत माग निबेदनका आधारमा रु.१२००००।- भुक्तानी भएको देखिन्छ। आयोजनाको लागत अनुमान, शुरु हुने मिति र लागत सहभागिता कस्ले कति व्यहोर्ने म्याचिङ्ग फण्ड कति राख्ने जस्ता बिषयमा प्रमाण खुल्ने कुनै कागजात संलग्न भएको देखिँदैन। प्रमाण खुल्ने कागजात समाबेश गरी नियमित गर्नुपर्दछ।

५. **कर कट्टी –** पाखापानी गाउँ विकास समितिको लागि २०७४।३।१० मा मोटरसाइकल खरिद गरी शिवशक्ति अटोमोवाईल्स बाग्लुङ्गलाई रु.१८७५१२– भुक्तानी भएकोमा व्यवसाय कर बापत १.५ प्रतिशतका दरले रु.२,८१३- दाखिला गर्नुपर्ने देखिन्छ।

६. **नियमको पालना** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५)ग मा उपभोक्ता समितिसँग सम्झौता भएपछि कामको प्रकृति हेरी खर्च बापत अग्रिम रुपमा कार्यतालिका प्राप्त गरी सोको आधारमा सामान्यतया एकतिहाइ रकमसम्म पेश्की दिन सकिने, नियम १५५ ञ मा उपभोक्ता समितिले लिएको पेश्की फछ्र्यौट गर्दा प्रथम किस्ताको प्राविधिक मूल्याङ्कन, सम्झौता तथा कार्यसम्पादनको आधारमा नापजाँच र मूल्य खुलेको रनिङ. बिल, उपभोक्त समितिको बैठकको निर्णयको प्रतिलिपिसहित सम्बन्धित निकायमा निवेदन प्रश्तुत गर्नुपर्ने व्यवस्था छ। उल्लिखित व्यवस्था कतिपय योजनाहरुले भुक्तानी दिंदा पालना गरेको नदेखिएकोले नियमावलीको पालना हुनुपर्ने देखिन्छ।

७. **पेश्की –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६४ अनुसार पेश्की फछ्र्यौट गर्नुपर्नेमा साविक कुइने मंगले गाउँ विकास समितितर्फ सार्वजनिक सुनुवाइको लागि प्राविधिक सहायक हिरावहादुर खत्रीले लिएको पेश्की रु.५०,०००।- नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

### राखु भगवती गाउँ विकास समिति

८. **आर्थिक सहायता –** आलेप प्रतिवेदन अनुसार स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची २ खर्चको बर्गिकरणमा पेशागत संघ संस्थालाई दिइएको रु.५,०००।- समर्थन गराई नियमित गर्नुपर्दछ।

९. **कर दाखिला –** साविक गाविस र हाल वडा कार्यालयको २०७३ श्रावणदेखि २०७४ आषाढसम्म मासिक रु.१,५००।- का दरले १२ महिनाको जम्मा रु.१८,०००।- भुक्तानी गरेकोमा आयकर ऐन,२०५८ अनुसार १५ प्रतिशतले हुने रु.२,७००।– कट्टा गरी दाखिला हुनुपर्दछ।

### चिमखोला गाउँ विकास समिति

१०. **आन्तरिक आय –** वडा कार्यालयले मालपोत तिरो असुली गर्नुपर्नेमा यस आर्थिक वर्षको २०७३ चैत्रदेखि २०७४ आषाढ मसान्तसम्म तिरो असुली भएको देखिएन। असुली नहुनुको कारण पनि उल्लेख नभएकाले आन्तरीक आय जम्मा गर्नतर्फ कार्यालयले आवश्यक पहल गर्नुपर्ने देखिन्छ।

११. **नापी किताब –** मर्मत सम्भार कार्यगर्दा उपभोक्तालाई जिम्मेवारहुने वातावरण सृजना गर्न पहल गर्नुपर्ने र योजनाहरुको निर्माणकार्य गर्दा निर्माणकार्यको पुष्टी हुने गरी नापी किताब प्रयोगमा ल्याउन पर्ने देखिन्छ।

### बेरुजूको स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.२ लाख ९१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.२ लाख ९१ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ। सो मध्ये असुल गर्नुपर्ने रु.१४ हजार, अनियमित पेश गर्नुपर्ने रु.१ लाख २७ हजार र पेश्की रु.१ लाख ५० हजार रहेको छ।

## कुश्मा नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.५१ लाख ६६ हजार र यो वर्षको आय रु.१७ करोड ८६ लाख ६९ हजार समेत रु.१८ करोड ३८ लाख ३५ हजार आम्दानी भएकोमा रु.१४ करोड ९१ लाख ३० हजारखर्च भई रु.३ करोड ४७ लाख ५ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन् :

१. **पेश्की तथा बेरुजू :** नगरपालिकाले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं.२०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण गरेको देखिएन । पेश्की तथा बेरुजूको अभिलेख तयार गरी असुल फछ्र्यौट गर्नुपर्दछ ।

२. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको शासन सञ्चालन सम्वन्धमा जारी गरिएको आदेश, २०७३ को सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशनमा नगरपालिका कायम हुदा सो भित्र समाहित भएका साविकका गाउँ विकास समिति वा त्यसको कुनै वडाको चल, अचल सम्पत्ति दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत: हस्तान्तरण हुने उल्लेख छ । सो अनुसार नगरपालिकाले थप भएका साविकका तीन गाउँ विकास समितिको सम्पति प्राप्त गरी अभिलेख राखेको देखिएन । आफ्नो कार्यक्षेत्र भित्र आएका सम्पतिको अभिलेख व्यवस्थित गरी संरक्षणको उपयुक्त व्यवस्था मिलाउनु पर्दछ ।

३. **उपभोक्ता समिति परिचालन :** जिल्ला विकास समितिद्वारा सञ्चालित रु.६० लाख सम्मको काम स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ मा उपभोक्ता समितिद्वारा गराउन सक्ने प्रावधान छ । सो नियम बमोजिम योजना तथा कार्यक्रमहरु विकास योजनावाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुमध्येबाट जिल्ला विकास समितिले सम्बन्धित निकायको समेत परामर्श लिई उपभोक्ता समिति गठन गराउनु पर्ने, सोही नियमावलीको नियम २०८ ले व्यवस्था गरेको देखिन्छ । नियमावलीको नियम २०५ मा कार्य गर्ने प्रयोजनका लागि गठित उपभोक्ता समिति स्थानीय निकायले विषयगत रुपमा वर्गीकरण र सूचीकृत गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष अधिकांस योजना उपभोक्ता समिति मार्फत गराएता पनि यसरी योजना कार्यान्वयन गर्ने उपभोक्ता समितिमध्ये उपभोक्ता समितिहरुको बर्गीकरण र सूचीकृत गरी लगत राखेको देखिएन । उपभोक्ता समिति दर्ता भएको निकाय र नवीकरण स्थिति समेत खुल्न आएन । उपभोक्ता समितिहरुको दर्ता तथा बिषयगत रुपमा बर्गीकरण नगरिदा अनुगमनमा कठिनाई हुने, एउटा उपभोक्ता समितिमा रहेका पदाधिकारीहरु अन्य उपभोक्ता समितिमा पदाधिकारी हुने, योजना समाप्त हुने बित्तिकै उपभोक्ता समितिको नाममा रहेको बैंक खाता बन्द हुने, जुनसुकै प्रकृतिका कार्य एउटै उपभोक्ता समिति मार्फत गराउने, सम्पन्न योजना गुणस्तरीय नहुने, मर्मत सम्भारको जिम्मेवारी सहित हस्तानतरण गर्न नसकिने अवस्था रहन्छ । नियमावलीमा उल्लेख भए अनुसार उपभोक्ता समितिको दर्ता तथा विषयगत रुपमा बर्गीकरण गरी व्यवस्थित गराउनु पर्दछ ।

४. **सम्परीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली र आर्थिक कार्यविधि नियमावलीमा सम्परीक्षण सम्बन्धी व्यवस्था रहेका छन् । साविकका गाउँ विकास समितितर्फका गत विगतका बेरुजू सम्बन्धमा गाउँपालिकामा कुनै अभिलेख देखिएको छैन । साविकको जिल्ला विकास समितिले गाउँ विकास समितिहरुको अभिलेख राख्ने व्यवस्था रहेकोमा हालको अवस्थामा गाउँपालिकामा समेटिएका तत् तत् गाविसको बेरुजू अभिलेख अद्यावधिक गरी सम्परीक्षणको व्यवस्था गर्नुपर्दछ ।

५. **कन्टिन्जेन्सी खाता** : नेपाल सरकार अर्थ मन्त्रालयको च.नं. ९६२, मिति २०७०।१।२४ गतेको परिपत्र अनुसार कार्यालयले निर्माण कार्यमा खर्च गर्ने रकमको ५ प्रतिशत रकम कन्टिन्जेन्सी खर्च गर्न पाउने व्यवस्था छ । यसरी कन्टीनजेन्सी रकम खर्च गर्दा छुट्टै खाता राखी ३ प्रतिशत प्रशासनिक र २ प्रतिशत पुँजी निर्माणमा खर्च गर्न मिल्नेमा नगरपालिकाले कन्टीन्जेन्सी खर्च देखिने गरि छुट्टै खाता राखेको देखिएन । अत कन्टीन्जेन्सी खाता राखी कन्टीन्जेन्सी रकम व्यवस्थीत गरिनु पर्दछ ।

६. **आम्दानी :** साविक गाउँ विकास समिति आर्थरडाडाखर्क, ठुलीपोखरी, खौलालाकुरी बाट २०७३ फाल्गुन मसान्त सम्म आन्तरिक आय रु.१५००।० भएकोमा नगरपालिका गठन भएपश्चात रु.१,९२,०००।० मात्र देखिन्छ । नगरपालिकाले गरेको खर्चको अनुपातमा आन्तरिक आय निकै न्यून देखिएको हुनाले आन्तरिक आय वृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७. **लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले मालसामानको

स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ल्यापटप, फर्निचर लगायतका सामान खरिद गर्दा नियमको उपर्युक्त प्रावधान अनुसार लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

८. **सार्वजनिक परीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६(प) मा उपभोक्ता समितिले गरेका कामको लागत मूल्य, कार्यस्थल, लागेको रकम उपभोक्ता समितिका पदाधिकारीको नाम नामेसी, कार्य शुरु गर्ने, सम्पन्न गर्ने मिति समेत खुल्ने गरी सम्बन्धित कार्य स्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्बन्धित स्थानीय निकायमा प्रस्तुत गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिवाट सञ्चालित योजनाको फरफारक गर्दा प्राविधिक नापजाँच गरेको मिति तथा कार्यसम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको सवै योजना सावंजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । केहि योजनामा सार्वजनिक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन । यसवाट निर्धारित समयमा पारदर्शी रुपमा गुणस्तरयुक्त कार्य सम्पन्न भएको छ, खर्चका विल भरपाई सहि र यथार्थ छन् भनि विश्वस्त हुने आधार देखिदैन । उपभोक्ता समितिवाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराई त्यसको प्रतिवेदन सम्बन्धित निकायमा प्रस्तुत गर्ने तथा नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गराउनुपर्दछ ।

९. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था छ, । कार्यालयले जिन्सी निरीक्षण गराई प्रतिवेदन प्राप्त गरेको भए तापनि प्रतिवेदनमा लिलाम तथा मर्मत गर्नुपर्ने भनी उल्लेख गरेका जिन्सी सामानहरुको लिलाम तथा मर्मत गरेको पाइएन । मर्मत योग्य सम्पत्ति मर्मत गरी सञ्चालनमा ल्याउने तथा मर्मत हुन नसक्ने सामान लिलाम विक्री गरी जिन्सी अद्यावधिक गर्नुपर्दछ ।

१०. **बढी खर्च :** खर्च भएको रकमको विल भरपाई जाँच गरी सो अनुसार भुक्तानी दिनु पर्दछ । नगरपालिकाले गो.भौ.नं. १५।०७३।६।१९ बाट २२ जनाको भ्रमण खर्च लेखेको विल भरपाई र सो भुक्तानीको लागि तयार गरेको तेरिजको जोडजम्मामा रु.१ लाख ९८ हजार हुनेमा जोड जम्मा फरक पारी रु.२ लाख ३ हजार खर्च लेखेकोले बढी खर्च लेखेको रु.५ हजार खर्च लेख्नेबाट असुल गर्नुपर्दछ ।

११. **प्रशासनिक खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा नगरपालिकाले कर, शूल्क, सेवा शूल्क, दस्तुर र भाडाबाट उठाएको कूल रकमको वार्षिक रु.२५ लाखसम्म, रु.२५ देखि ५० लाखसम्म, रु.५० लाखदेखि रु.१ करोडसम्म र रु.१ करोडभन्दा बढी वार्षिक आय हुने जिल्ला विकास समितिले क्रमशः ६०, ४०, ३० प्रतिशत र अधिकतम २५ प्रतिशतसम्म प्रशासनिक कामको लागि खर्च गर्न पाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार नगरपालिकाले यस वर्ष कर दस्तूर, सेवा शुल्क भाडा आदिबाट भएको असुली रु.१ करोड ४० लाख १८ हजारको २५ प्रतिशतले हुने रु.३५ लाख ५ हजारसम्म प्रशासनिक खर्च गर्न सक्नेमा रु.९२ लाख ७७ हजार खर्च गरेकोले नियममा तोकिएको सीमाभन्दा रु.५७ लाख ७२ हजार बढी खर्च गरेको छ । सीमा नाघी खर्च गर्ने प्रकृयामा नियन्त्रण हुनुपर्दछ ।

१२. **दरवन्दी तथा पदपूर्ति :** नगर पालिकाको जम्मा दरवन्दी १३ जना रहेकोमा १२ पद स्थायीबाट पदपूर्ति भएको र ११ जना करारबाट पदपूर्ति गरी जम्मा २३ कार्यरत रहेको देखियो । दरबन्दी नभएको पदमा आवश्यकता समेत नखुलाई करार नियुक्ति गरी खर्च लेख्नु उपयुक्त नदेखिएकोले यस्तो कार्य नियन्त्रण गर्नुपर्दछ ।

१३. **विलवेगर खर्च :** आन्तरिक स्रोतको पूँजीगत खर्चतर्फ गो.भौ.नं.११ मिति २०७३।१२।७ बाट इन्जिनियर आशिष शाक्यको नाममा रहेको पेश्की रु.५० हजार फछ्र्यौट गरी रु.३९ हजार सोधभर्ना समेत जम्मा रु.८९ हजार खर्च लेखेको देखियो । भौचर साथ सम्लग्न विल परीक्षण गर्दा दाखिला रिपोर्टहरु केरमेट गरिएको र विलमा उल्लिखित मूल्यभन्दा रु.१० हजार बढी खर्च दावि गरेको आधारमा भुक्तानी लिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

१४. **घटी कर कट्टी :** आयकर ऐन, २०५८ को दफा ८८ मा ठेक्का को भुक्तानीमा १.५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले पूर्वाधार विकास कार्यक्रमबाट ४ उपभोक्ता समिति मार्फत सार्वजनिक निर्माणकार्य गराई अन्तिम विल रु.२ करोड ६८ लाख ७३ हजार भुक्तानी दिँदा रु.३ लाख ७२ हजार अग्रिम कर कट्टा गर्नुपर्नेमा रु.१ लाख ५२ हजार मात्र कट्टी गरेकोले घटी कट्टा गरेको कर रु.२ लाख २० हजार असुल गर्नुपर्दछ ।

१५. **कट्टा कर दाखिला नगरेको :** साविक आर्थर गाउँ विकास समितिका सचिव नविन क्षेत्रीको कार्यावधिमा विभिन्न व्यक्ति फर्म तथा कम्पनीलाई चालु र पूँजीगत खर्चबाट भुक्तानी दिदा कट्टा गरेको कर रु.१५

हजार दाखिला गरेको नदेखिएकोले असुल गर्नुपर्दछ ।

१६. **आम्दानी दाखिला गर्ने :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा गाउँ विकास समितिलाई प्रचलित कानुन बमोजिम प्राप्त हुने रकम आम्दानी रसिद काटी बुझि लिनुपर्ने, त्यसरी प्राप्त भएको रकम गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी भोलिपल्टसम्ममा बैंक दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । साविक आर्थर गाउँ विकास समिति र खौलालाकुरी गाउँ विकास समितिले आन्तरिक आय क्रमशः रु.१५० र रु.८०० उल्लेख गरेकोमा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची-१० बमोजिम दैनिक आय शीर्षकगत रकम सङ्कलन खाता तयार गरी अभिलेख र आम्दानी पुष्ट्याई हुने कागजात राखेको छैन । आम्दानी खर्च गर्दा कानूनको अनुशरण गर्नुपर्दछ ।

१७. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १९० मा तोकिएको कार्यविधि अपनाई तोकिएको समयमा पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । साविक आर्थर गाउँ विकास समिति र ठुलीपोखरी गाउँ विकास समितिले उपभोक्ता समिति र सस्थालाई दिएको पेश्की रु.१ लाख १० हजार र रु.२ लाख ७२ हजार आर्थिक वर्षको अन्त्यमा पनि फछ्यौंट गरेका छैनन् । पेश्की रकम नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.६४ लाख ४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.६४ लाख ४ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.२ लाख ५० हजार, नियमित गर्नुपर्ने रु.५७ लाख ७२ हजार र पेश्की रु.३ लाख ८२ हजार रहेको छ ।

# फलेबास नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.२० लाख ८७ हजार र यो वर्षको आय रु.५ करोड ८५ लाख १७ हजार समेत रु.६ करोड ६ लाख ४ हजार आम्दानी भएकोमा रु.५ करोड ४६ लाख ६२ हजार खर्च भई रु.५९ लाख ४२ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन् :

१. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं.२०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिमा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

२. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको शासन सञ्चालन सम्वन्धमा जारी गरिएको आदेश, २०७३ को सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशनको आदेश नं.४५ मा गाउँपालिका कायम हुँदा सोभित्र समाहित भएका साविकका गाउँ विकास समिति वा त्यसको कुनै वडाको चल, अचल सम्पत्ति दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने उल्लेख छ । सो अनुसार गाउँपालिकाले थप भएका साविकका आठ गाउँ विकास समितिको सम्पति प्राप्त गरी अभिलेख राखेको देखिएन । आफ्नो कार्यक्षेत्र भित्र आएका सम्पतिको अभिलेख व्यवस्थित गरी संरक्षणको उपयुक्त व्यवस्था मिलाउनु पर्दछ ।

३. **उपभोक्ता समिति परिचालन :** जिल्ला विकास समितिद्वारा सञ्चालित रु.६० लाख सम्मको काम स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ मा उपभोक्ता समितिद्वारा गराउन सक्ने प्रावधान छ । सो नियम वमोजिम योजना तथा कार्यक्रमहरु विकास योजनावाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुमध्येबाट जिल्ला विकास समितिले सम्बन्धित निकायको समेत परामर्श लिई उपभोक्ता समिति गठन गराउनु पर्ने, सोही नियमावलीको नियम २०८ ले व्यवस्था गरेको देखिन्छ । नियमावलीको नियम २०५ मा कार्य गर्ने प्रयोजनका लागि गठित उपभोक्ता समिति स्थानीय निकायले विषयगत रुपमा बर्गीकरण र सूचीकृत गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष अधिकांस योजना उपभोक्ता समिति मार्फत गराएता पनि यसरी योजना कार्यान्वयन गर्ने उपभोक्ता समितिमध्ये उपभोक्ता समितिहरुको बर्गीकरण र सूचीकृत गरी लगत राखेको देखिएन । उपभोक्ता समिति दर्ता भएको निकाय र नविकरण स्थिति समेत खुल्न आएन । उपभोक्ता समितिहरुको दर्ता तथा बिषयगत रुपमा बर्गीकरण नगरिदा अनुगमनमा कठिनाई हुने, एउटा उपभोक्ता समितिमा रहेका पदाधिकारीहरु अन्य उपभोक्ता समितिमा पदाधिकारी हुने, योजना समाप्त हुने बित्तिकै उपभोक्ता समितिको नाममा रहेको बैंक खाता बन्द हुने, जुनसुकै प्रकृतिका कार्य एउटै उपभोक्ता समिति मार्फत गराउने, सम्पन्न योजना गुणस्तरीय नहुने, मर्मत सम्भारको जिम्मेवारी सहित हस्तानतरण गर्न नसकिने अवस्था रहन्छ । नियमावलीमा उल्लेख भए अनुसार उपभोक्ता समितिको दर्ता तथा विषयगत रुपमा बर्गीकरण गरी व्यवस्थित गराउनु पर्दछ ।

४. **सम्परीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली र आर्थिक कार्यविधि नियमावलीमा सम्परीक्षण सम्बन्धी व्यवस्था रहेका छन् । साविकका गाउँ विकास समितितर्फका गत विगतका बेरुजू सम्बन्धमा गाउँपालिकामा कुनै अभिलेख देखिएको छैन । साविकको जिल्ला विकास समितिले गाउँ विकास समितिहरुको अभिलेख राख्ने व्यवस्था रहेकोमा हालको अवस्थामा गाउँपालिकामा समेटिएका तत्तत् गाविसको बेरुजू अभिलेख अद्यावधिक गरी सम्परीक्षणको व्यवस्था गर्नुपर्दछ ।

५. **आम्दानी सम्वन्धमा :** साविक गाउँ विकास समितिहरु ११ मध्ये २०७३ फागुनसम्म थापाठानाको रु.३ हजार देविस्थान रु.१ हजार र लिमिठाना रु.७ हजार समेत जम्मा रु.११ हजार आन्तरिक आय भएकोमा नगरपालिका गठन भएपश्चातको रु.२४ हजारसमेत कूल आन्तरिक आम्दानी रु.३५ हजार देखिन्छ । नगरपालिकाले गरेको खर्चको अनुपातमा आन्तरिक आय न्यून देखिएको हुनाले आन्तरिक आयवृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६. **मालसामानको लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ल्यापटप, फर्निचर लगायतका सामान खरिद गर्दा नियमको उपर्युक्त प्रावधान अनुसार लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाइयो । वर्षान्तमा पालिका गठन भई तत्काल कार्यालय व्यवस्थापन गर्नु पर्दा प्रतिस्पर्धात्मक विधि अवलम्वन गर्न नसकिएको कार्यालयको भनाई छ । आगामी

दिनमा लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक विधिवाट खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७. **सार्वजनिक परीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६ मा उपभोक्ता समितिले गरेका कामको लागत मूल्य, कार्यस्थल, लागेको रकम उपभोक्ता समितिका पदाधिकारीको नाम नामेसी, कार्य शुरु गर्ने, सम्पन्न गर्ने मिति समेत खुल्ने गरी सम्बन्धित कार्य स्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्बन्धित स्थानीय निकायमा प्रस्तुत गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिवाट सञ्चालित योजनाको फरफारक गर्दा प्राविधिक नापजाँच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको सवै योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । केहि योजनामा सार्वजनिक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन । यसबाट निर्धारित समयमा पारदर्शी रुपमा गुणस्तरयुक्त कार्य सम्पन्न भएको छ, देखाएका खर्चका विल भरपाई सहि र यथार्थ छन् भनि विस्वस्त हुने आधार देखिदैन । उपभोक्ता समितिवाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराई त्यसको प्रतिवेदन सम्बन्धित निकायमा प्रस्तुत गर्ने तथा नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गराउनु पर्दछ ।

८. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था छ । कार्यालयले जिन्सी निरीक्षण गराई प्रतिवेदन प्राप्त गरेको भएतापनि प्रतिवेदनमा लिलाम तथा मर्मत गर्नुपर्ने भनी उल्लेख गरेका जिन्सी सामानहरुको लिलाम तथा मर्मत गरेको पाइएन । मर्मत योग्य सम्पत्ति मर्मत गरी सञ्चालनमा ल्याउने तथा मर्मत हुन नसक्ने सामान लिलाम विक्री गरी जिन्सी अद्यावधिक गर्नुपर्दछ ।

९. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १९० मा तोकिएको कार्यविधि अपनाई तोकिएको समयमा पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । साविक देवीस्थान, मुडीकुवा, शंकरपोखरी लगायतका ७ गाउँ विकास समितिले ७३ व्यक्ति तथा सस्थालाई दिएको पेश्की रु.४६ लाख २२ हजार फछ्र्यौट गरेका छैनन् । पेश्की रकम नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

१०. **विलभरपाई बेगर खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ । साविक शंकरपोखरी गाउँ बिकास समितिको कार्यालयको गो.भौ.नं.३।२०७३।५।३० बाट सचिव देवराज पौडेलले उपभोग खर्चबापत रु.११ हजार, कार्यालय सामानवापत रु.९ हजार र दैनिक भ्रमण भत्ता रु.२४ हजार समेत जम्मा रु.४४ हजार खर्च लेखेकोमा उपभोग खर्च र कार्यालय सामानबापत रु.२० हजार प्रमाण बेगर खर्च लेखेको देखियो । विल भरपाई वेगर खर्च लेखेको रकम निजबाट असुल गर्नुपर्दछ ।

११. **कट्टीकर दाखिला नगरेको :** साविक मुडीकुवा गा.वि.स. सचिव दमयन्ती पराजुलीले पूँजीगत खर्चतर्फ विभिन्न उपभोक्तालाई रकम भुक्तानी दिँदा कट्टी गरी राखेको अग्रिम आयकर रकम रु.७ हजार दाखिला गरेको देखिएन । कट्टी गरी दाखिला नगरेको कर रकम निजबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.४६ लाख ४९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.४६ लाख ४९ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.२७ हजार र पेश्की रु.४६ लाख २२ हजार रहेको छ ।

# जलजला गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.९३ लाख १४ हजार र यो वर्षको आय रु.२ करोड ९३ लाख ९७ हजार समेत रु.३ करोड ८७ लाख ११ हजार आम्दानी भएकोमा रु.३ करोड ३१ लाख ४८ हजार खर्च भई रु.५५ लाख ६३ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन् :

१. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं.२०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिमा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

२. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको शासन सञ्चालन सम्वन्धमा जारी गरिएको आदेश, २०७३ को सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशनको आदेश नं.४५ मा गाउँपालिका कायम हुँदा सोभित्र समाहित भएका साविकका गाउँ विकास समिति वा त्यसको कुनै वडाको चल, अचल सम्पत्ति दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने उल्लेख छ । सो अनुसार गाउँपालिकाले थप भएका साविकका आठ गाउँ विकास समितिको सम्पति प्राप्त गरी अभिलेख राखेको देखिएन । आफ्नो कार्य क्षेत्रभित्र आएका सम्पतिको अभिलेख व्यवस्थित गरी संरक्षणको उपयुक्त व्यवस्था मिलाउनु पर्दछ ।

३. **उपभोक्ता समिति परिचालन :** जिल्ला विकास समितिद्वारा सञ्चालित रु.६० लाख सम्मको काम स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ मा उपभोक्ता समितिद्वारा गराउन सक्ने प्रावधान छ । सो नियम बमोजिम योजना तथा कार्यक्रमहरु विकास योजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुमध्येबाट जिल्ला विकास समितिले सम्बन्धित निकायको समेत परामर्श लिई उपभोक्ता समिति गठन गराउनु पर्ने, सोही नियमावलीको नियम २०८ ले व्यवस्था गरेको देखिन्छ । नियमावलीको नियम २०५ मा कार्य गर्ने प्रयोजनका लागि गठित उपभोक्ता समिति स्थानीय निकायले विषयगत रुपमा वर्गीकरण र सूचीकृत गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष अधिकांस योजना उपभोक्ता समिति मार्फत गराएता पनि यसरी योजना कार्यान्वयन गर्ने उपभोक्ता समितिमध्ये उपभोक्ता समितिहरुको बर्गीकरण र सूचीकृत गरी लगत राखेको देखिएन । उपभोक्ता समिति दर्ता भएको निकाय र नबीकरण स्थिति समेत खुल्न आएन । उपभोक्ता समितिहरुको दर्ता तथा बिषयगत रुपमा बर्गीकरण नगरिदा अनुगमनमा कठिनाई हुने, एउटा उपभोक्ता समितिमा रहेका पदाधिकारीहरु अन्य उपभोक्ता समितिमा पदाधिकारी हुने, योजना समाप्त हुने बित्तिकै उपभोक्ता समितिको नाममा रहेको बैंक खाता बन्द हुने, जुनसुकै प्रकृतिका कार्य एउटै उपभोक्ता समिति मार्फत गराउने, सम्पन्न योजना गुणस्तरीय नहुने, मर्मत सम्भारको जिम्मेवारी सहित हस्तान्तरण गर्न नसकिने अवस्था रहन्छ । नियमावलीमा उल्लेख भए अनुसार उपभोक्ता समितिको दर्ता तथा विषयगत रुपमा बर्गीकरण गरी व्यवस्थित गराउनु पर्दछ ।

४. **सम्परीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली र आर्थिक कार्यविधि नियमावलीमा सम्परीक्षण सम्बन्धी व्यवस्था रहेका छन् । साविकका गाउँ विकास समितितर्फका गत विगतका बेरुजू सम्बन्धमा गाउँपालिकामा कुनै अभिलेख देखिएको छैन । साविकको जिल्ला विकास समितिले गाउँ विकास समितिहरुको अभिलेख राख्ने व्यवस्था रहेकोमा हालको अवस्थामा गाउँपालिकामा समेटिएका तत्तत् गाविसको बेरुजू अभिलेख अद्यावधिक गरी सम्परीक्षणको व्यवस्था गर्नुपर्दछ ।

५. **आम्दानी सम्वन्धमा :** साविक गाउँ विकास समितिहरु ८ मध्ये २०७३ फाल्गुन मसान्तसम्म माझफाँटको रु.३ लाख ७९ हजार, लेखफाटको रु.१ हजार, शालिजाको ७ हजार, नाङ्गलिवाङ्गको १ लाख ९० हजार, बनौको रु.६ हजार समेत जम्मा रु.५ लाख ८४ हजार आन्तरिक आम्दानी भएकोमा गाउँपालिका गठन भएपश्चात आन्तरिक आम्दानी गरेको देखिएन । गाउँपालिकाले गरेको खर्चको अनुपातमा आन्तरिक आय न्यून देखिएकोले आन्तरिक आयवृद्धितर्फ ध्यान दिनुपर्दछ ।

६. **मालसामानको लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ल्यापटप, फर्निचर लगायतका सामान खरिद गर्दा नियमको उपर्युक्त प्रावधान अनुसार लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । वर्षान्तमा पालिका गठन भई तत्काल कार्यालय व्यवस्थापन गर्नु पर्दा प्रतिस्पर्धात्मक विधि अवलम्वन गर्न नसकिएको कार्यालयको भनाई छ । लागत

अनुमान तयार गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्दछ ।

७. **सार्वजनिक परीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६ मा उपभोक्ता समितिले गरेका कामको लागत मूल्य, कार्यस्थल, लागेको रकम उपभोक्ता समितिका पदाधिकारीको नाम नामेसी, कार्य शुरु गर्ने, सम्पन्न गर्ने मिति समेत खुल्ने गरी सम्बन्धित कार्य स्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्बन्धित स्थानीय निकायमा प्रस्तुत गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिबाट सञ्चालित योजनाको फरफारक गर्दा प्राविधिक नापजाँच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिबाट भएको कामको सबै योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । केहि योजनाको प्रतिवेदन पेश गरेकामा त्यसमा खुलाउनुपर्ने सबै व्यहोरा खुलाएको देखिदैन । यसबाट निर्धारित समयमा पारदर्शी रुपमा गुणस्तरयुक्त कार्य सम्पन्न भएको र योजनामा भएको खर्च सहि र यथार्थ छन् भनी विस्वस्त हुने आधार देखिदैन । उपभोक्ता समितिबाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराई निर्धारित ढाँचाको प्रतिवेदन सम्बन्धित निकायमा प्रस्तुत गर्नुपर्दछ ।

८. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था छ, । कार्यालयले जिन्सी निरीक्षण गराई प्रतिवेदन प्राप्त गरेको भएतापनि प्रतिवेदनमा लिलाम तथा मर्मत गर्नुपर्ने भनी उल्लेख गरेका जिन्सी सामानहरुको लिलाम तथा मर्मत गरेको पाइएन । मर्मत योग्य सम्पत्ति मर्मत गरी सञ्चालनमा ल्याउने तथा मर्मत हुन नसक्ने सामान लिलाम बिक्री गरी जिन्सी अद्यावधिक गर्नुपर्दछ ।

९. **आम्दानी यकिन गर्न नसकिएको** : साविक ४ गाउँ विकास समितिले रु.५ लाख ८३ हजार आन्तरिक आम्दानी देखाएको छ । आम्दानी गर्दा नगदी रसिद प्रयोग नगरेको, रसिद नियन्त्रण खाता नराखेको, म.ले.प.फा नं.१०८ र २३ नम्बर फाराममा विवरण नराखेकोले आम्दानी यकिन गर्न सकिएन । आन्तरिक नियन्त्रणका लागि व्यवस्था गरिएका खाताहरुमा अभिलेख राख्नुपर्दछ ।

१०. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १९० मा तोकिएको कार्यविधि अपनाई तोकिएको समयमा पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । साविक ६ गाउँविकास समितिले ४२ व्यक्ति तथा सस्थालाई दिएको पेश्की रु.२ लाख ४७ हजार फछ्र्यौट गरेका छैनन् । पेश्की रकम नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.२ लाख ४७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.२ लाख ४७ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ ।

# पैयूँ गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.६४ लाख ६० हजार र यो वर्षको आय रु.२ करोड ६ लाख ५७ हजार समेत रु.२ करोड ७१ लाख १७ हजार आम्दानी भएकोमा रु.२ करोड ९ लाख ४७ हजार खर्च भई रु.६१ लाख ७० हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन् :

१. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं.२०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिमा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ।

२. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको शासन सञ्चालन सम्वन्धमा जारी गरिएको आदेश, २०७३ को सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशनको आदेश नं.४५ मा गाउँपालिका कायम हुँदा सोभित्र समाहित भएका साविकका गाउँ विकास समिति वा त्यसको कुनै वडाको चल, अचल सम्पत्ति दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत: हस्तान्तरण हुने उल्लेख छ। सो अनुसार गाउँपालिकाले थप भएका साविकका आठ गाउँ विकास समितिको सम्पति प्राप्त गरी अभिलेख राखेको देखिएन। आफ्नो कार्यक्षेत्र भित्र आएका सम्पतिको अभिलेख व्यवस्थित गरी संरक्षणको उपयुक्त व्यवस्था मिलाउनु पर्दछ।

३. **उपभोक्ता समिति परिचालन :** जिल्ला विकास समितिद्वारा सञ्चालित रु.६० लाख सम्मको काम स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ मा उपभोक्ता समितिद्वारा गराउन सक्ने प्रावधान छ। सो नियम वमोजिम योजना तथा कार्यक्रमहरु विकास योजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुमध्येबाट जिल्ला विकास समितिले सम्बन्धित निकायको समेत परामर्श लिई उपभोक्ता समिति गठन गराउनु पर्ने, सोही नियमावलीको नियम २०८ ले व्यवस्था गरेको देखिन्छ। नियमावलीको नियम २०५ मा कार्य गर्ने प्रयोजनका लागि गठित उपभोक्ता समिति स्थानीय निकायले विषयगत रुपमा बर्गीकरण र सूचीकृत गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष अधिकांस योजना उपभोक्ता समिति मार्फत गराएता पनि यसरी योजना कार्यान्वयन गर्ने उपभोक्ता समितिमध्ये उपभोक्ता समितिहरुको बर्गीकरण र सूचीकृत गरी लगत राखेको देखिएन। उपभोक्ता समिति दर्ता भएको निकाय र नविकरण स्थिति समेत खुल्न आएन। उपभोक्ता समितिहरुको दर्ता तथा बिषयगत रुपमा बर्गीकरण नगरिदा अनुगमनमा कठिनाई हुने, एउटा उपभोक्ता समितिमा रहेका पदाधिकारीहरु अन्य उपभोक्ता समितिमा पदाधिकारी हुने, योजना समाप्त हुने बित्तिकै उपभोक्ता समितिको नाममा रहेको बैंक खाता बन्द हुने, जुनसुकै प्रकृतिका कार्य एउटै उपभोक्ता समिति मार्फत गराउने, सम्पन्न योजना गुणस्तरीय नहुने, मर्मत सम्भारको जिम्मेवारी सहित हस्तान्तरण गर्न नसकिने अवस्था रहन्छ। नियमावलीमा उल्लेख भए अनुसार उपभोक्ता समितिको दर्ता तथा विषयगत रुपमा बर्गीकरण गरी व्यवस्थित गराउनु पर्दछ।

४. **सम्परीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली र आर्थिक कार्यविधि नियमावलीमा सम्परीक्षण सम्बन्धी व्यवस्था रहेका छन्। साविकका गाउँ विकास समितितर्फका गत विगतका बेरुजू सम्बन्धमा गाउँपालिकामा कुनै अभिलेख देखिएको छैन। साविकको जिल्ला विकास समितिले गाउँ विकास समितिहरुको अभिलेख राख्ने व्यवस्था रहेकोमा हालको अवस्थामा गाउँपालिकामा समेटिएका तत्तत् गाविसको वेरुजू अभिलेख अद्यावधिक गरी सम्परीक्षणको व्यवस्था गर्नुपर्दछ।

५. **आम्दानी सम्वन्धमा :** साविक गाउँ विकास समितिहरुमध्ये २०७३ फाल्गुन मसान्तसम्म त्रिवेणीको रु.२ लाख ४० हजार र हुवासको रु.५६ हजार समेत जम्मा रु.२ लाख ९६ हजार आन्तरिक आम्दानी भएकोमा गाउँपालिका गठन भएपश्चात रु.५८ हजार आन्तरिक आम्दानी गरेको देखियो। गाउँपालिकाले गरेको खर्चको अनुपातमा आन्तरिक आय न्यून देखिएकोले आयवृद्धितर्फ ध्यान दिनुपर्दछ।

६. **मालसामानको लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले ल्यापटप, फर्निचर लगायतका सामान खरिद गर्दा नियमको उपर्युक्त प्रावधान अनुसार लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो। वर्षान्तमा पालिका गठन भई तत्काल कार्यालय व्यवस्थापन गर्नु पर्दा प्रतिस्पर्धात्मक विधि अवलम्वन गर्न नसकिएको कार्यालयको भनाई छ। लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक विधिवाट खरिद गर्नुपर्दछ।

७. **सार्वजनिक परीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६ मा उपभोक्ता समितिले गरेका कामको लागत मूल्य, कार्यस्थल, लागेको रकम उपभोक्ता समितिका पदाधिकारीको नाम नामेसी, कार्य शुरु गर्ने, सम्पन्न गर्ने मिति समेत खुल्ने गरी सम्बन्धित कार्य स्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्बन्धित स्थानीय निकायमा प्रस्तुत गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिबाट सञ्चालित योजनाको फरफारक गर्दा प्राविधिक नापजाँच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिबाट भएको कामको सबै योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । केहि योजनाको प्रतिवेदन पेश गरेकामा त्यसमा खुलाउनुपर्ने सबै व्यहोरा खुलाएको देखिंदैन । यसबाट निर्धारित समयमा पारदर्शी रुपमा गुणस्तरयुक्त कार्य सम्पन्न भएको र योजनामा भएको खर्च सहि र यथार्थ छन् भनी विस्वस्त हुने आधार देखिदैन । उपभोक्ता समितिबाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराई निर्धारित ढाँचाको प्रतिवेदन सम्बन्धित निकायमा प्रस्तुत गर्नुपर्दछ ।

८. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था छ । कार्यालयले जिन्सी निरीक्षण गराई प्रतिवेदन प्राप्त गरेको भए तापनि प्रतिवेदनमा लिलाम तथा मर्मत गर्नुपर्ने भनी उल्लेख गरेका जिन्सी सामानहरुको लिलाम तथा मर्मत गरेको पाइएन । मर्मत योग्य सम्पत्ति मर्मत गरी सञ्चालनमा ल्याउने तथा मर्मत हुन नसक्ने सामान लिलाम बिक्री गरी जिन्सी अद्यावधिक गर्नुपर्दछ ।

९. **आम्दानी एकिन गर्न नसकिएको** : साविक २ गाउँ विकास समितिले रु.२ लाख ९६ हजार आन्तरिक आम्दानी देखाएको छ । आम्दानी गर्दा नगदी रसिद प्रयोग नगरेको, रसिद नियन्त्रण खाता नराखेको, म.ले.प.फा नं.१०८ र २३ नम्बर फाराममा बिबरण नराखेकोले आम्दानी यकिन गर्न सकिएन । आन्तरिक नियन्त्रणका लागि व्यवस्था गरिएका खाताहरुमा अभिलेख राख्नुपर्दछ ।

१०. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १९० मा तोकिएको कार्यविधि अपनाई तोकिएको समयमा पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । साविक ६ गाउँविकास समितिले ४२ व्यक्ति तथा संस्थालाई दिएको पेश्की रु.२४ लाख ८५ हजार फछ्र्यौट गरेका छैनन् । पेश्की रकम नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.२४ लाख ८५ हजार देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले पेश्की बाँकी रु.२४ लाख ८५ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ ।

# महाशिला गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.१ करोड १४ लाख ३८ हजार र यो वर्षको आय रु.३ करोड १३ लाख २७ हजार समेत रु.४ करोड २७ लाख ६५ हजार आम्दानी भएकोमा रु.३ करोड ३५ लाख ३२ हजार खर्च भई रु.९२ लाख ३३ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन् :

१. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं.२०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिमा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार असुल फछ्यौंट गर्नुपर्दछ ।

२. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको शासन सञ्चालन सम्वन्धमा जारी गरिएको आदेश, २०७३ को सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशनको आदेश नं.४५ मा गाउँपालिका कायम हुँदा सोभित्र समाहित भएका साविकका गाउँ विकास समिति वा त्यसको कुनै वडाको चल, अचल सम्पत्ति दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने उल्लेख छ । सो अनुसार गाउँपालिकाले थप भएका साविकका ६ गाउँ विकास समितिको सम्पति प्राप्त गरी अभिलेख राखेको देखिएन । आफ्नो कार्यक्षेत्र भित्र आएका सम्पतिको अभिलेख व्यवस्थित गरी संरक्षणको उपयुक्त व्यवस्था मिलाउनु पर्दछ ।

३. **उपभोक्ता समिति परिचालन :** जिल्ला विकास समितिद्वारा सञ्चालित रु.६० लाख सम्मको काम स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ मा उपभोक्ता समितिद्वारा गराउन सक्ने प्रावधान छ । सो नियम वमोजिम योजना तथा कार्यक्रमहरु विकास योजनावाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुमध्येवाट जिल्ला विकास समितिले सम्बन्धित निकायको समेत परामर्श लिई उपभोक्ता समिति गठन गराउनु पर्ने, सोही नियमावलीको नियम २०८ ले व्यवस्था गरेको देखिन्छ । नियमावलीको नियम २०५ मा कार्य गर्ने प्रयोजनका लागि गठित उपभोक्ता समिति स्थानीय निकायले विषयगत रुपमा वर्गीकरण र सूचीकृत गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष अधिकांश योजना उपभोक्ता समिति मार्फत गराएता पनि यसरी योजना कार्यान्वयन गर्ने उपभोक्ता समितिमध्ये उपभोक्ता समितिहरुको बर्गीकरण र सूचीकृत गरी लगत राखेको देखिएन । उपभोक्ता समिति दर्ता भएको निकाय र नविकरण स्थिति समेत खुल्न आएन । उपभोक्ता समितिको दर्ता तथा बिषयगत रुपमा बर्गीकरण नगर्दा अनुगमनमा कठिनाई हुने, एउटा उपभोक्ता समितिमा रहेका पदाधिकारीहरु अन्य उपभोक्ता समितिमा पदाधिकारी हुने, योजना समाप्त हुने बित्तिकै उपभोक्ता समितिको नाममा रहेको बैंक खाता बन्द हुने, जुनसुकै प्रकृतिका कार्य एउटै उपभोक्ता समिति मार्फत गराउने, सम्पन्न योजना गुणस्तरीय नहुने, मर्मत सम्भारको जिम्मेवारी सहित हस्तान्तरण गर्न नसकिने अवस्था रहन्छ । नियमावलीमा उल्लेख भए अनुसार उपभोक्ता समितिको दर्ता तथा विषयगत रुपमा बर्गीकरण गरी व्यवस्थित गराउनु पर्दछ ।

४. **सम्परीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली र आर्थिक कार्यविधि नियमावलीमा सम्परीक्षण सम्बन्धी व्यवस्था रहेका छन् । साविकका गाउँ विकास समितितर्फका गत विगतका बेरुजू सम्बन्धमा गाउँपालिकामा कुनै अभिलेख देखिएको छैन । साविकको जिल्ला विकास समितिले गाउँ विकास समितिहरुको अभिलेख राख्ने व्यवस्था रहेकोमा हालको अवस्थामा गाउँपालिकामा समेटिएका गाविसको बेरुजू अभिलेख अद्यावधिक गरी सम्परीक्षणको व्यवस्था गर्नुपर्दछ ।

५. **आम्दानी सम्वन्धमा :** साविक गाउँ विकास समितिमध्ये २०७३ फाल्गुन मसान्तसम्म बालाकोटको रु.६ हजार र पाखापानीको रु.१८ हजारसमेत जम्मा रु.२४ हजार आन्तरिक आय प्राप्त भएको देखिएकोमा गाउँपालिका गठन भएपश्चात रु.३९ हजार मात्र आम्दानी गरेको देखिन्छ । गाउँपालिकाले गरेको खर्चको अनुपातमा आन्तरिक आय न्यून देखिएकोले आम्दानीका क्षेत्र पहिचान गरी आन्तरिक आय वृद्धितर्फ ध्यान दिनुपर्दछ ।

६. **मालसामानको लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले

ल्यापटप, फर्निचर लगायतका सामान खरिद गर्दा नियमको उपर्युक्त प्रावधान अनुसार लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । वर्षान्तमा पालिका गठन भई तत्काल कार्यालय व्यवस्थापन गर्नु पर्दा प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्न नसकिएको कार्यालयको भनाई छ । लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक विधिवाट खरिद गर्नुपर्दछ ।

७. **सार्वजनिक परीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६ मा उपभोक्ता समितिले गरेका कामको लागत मूल्य, कार्यस्थल, लागेको रकम उपभोक्ता समितिका पदाधिकारीको नाम नामेसी, कार्य शुरु गर्ने, सम्पन्न गर्ने मिति समेत खुल्ने गरी सम्बन्धित कार्य स्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्बन्धित स्थानीय निकायमा प्रस्तुत गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिबाट सञ्चालित योजनाको फरफारक गर्दा प्राविधिक नापजाँच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिबाट भएको कामको सवै योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । केहि योजनाको प्रतिवेदन पेश गरेकामा त्यसमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन । यसबाट निर्धारित समयमा पारदर्शी रुपमा गुणस्तरयुक्त कार्य सम्पन्न भएको र योजनामा भएको खर्च सहि र यथार्थ छन् भनी विस्वस्त हुने आधार देखिदैन । उपभोक्ता समितिबाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराई निर्धारित ढाँचाको प्रतिवेदन सम्बन्धित निकायमा प्रस्तुत गर्नुपर्दछ ।

८. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था छ । कार्यालयले जिन्सी निरीक्षण गराई प्रतिवेदन प्राप्त गरेको भएतापनि प्रतिवेदनमा लिलाम तथा मर्मत गर्नुपर्ने भनी उल्लेख गरेका जिन्सी सामानहरुको लिलाम तथा मर्मत गरेको पाइएन । मर्मत योग्य सम्पत्ति मर्मत गरी सञ्चालनमा ल्याउने तथा मर्मत हुन नसक्ने सामान लिलाम बिक्री गरी जिन्सी अद्यावधिक गर्नुपर्दछ ।

९. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १९० मा तोकिएको कार्यविधि अपनाई तोकिएको समयमा पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । साविक ५ गाउँ विकास समितिले २४ व्यक्ति तथा संस्थालाई दिएको पेश्की रु.५ लाख ५१ हजार फछ्र्यौट गरेका छैनन् । पेश्की रकम नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.५ लाख ५१ हजार देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले पेश्की बाँकी रु.५ लाख ५१ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ ।

# मोदी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.१ करोड ४४ लाख ६५ हजार र यो वर्षको आय रु.२ करोड ७० लाख ८४ हजार समेत रु.४ करोड १५ लाख ४९ हजार आम्दानी भएकोमा रु.३ करोड २४ लाख ८ हजार खर्च भई रु.९१ लाख ४१ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन् :

१. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं.२०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिमा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

२. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा जारी गरिएको आदेश, २०७३ को सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशनको आदेश नं.४५ मा गाउँपालिका कायम हुँदा सोभित्र समाहित भएका साविकका गाउँ विकास समिति वा त्यसको कुनै वडाको चल, अचल सम्पत्ति दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने उल्लेख छ । सो अनुसार गाउँपालिकाले थप भएका साविकका सात गाउँ विकास समितिको सम्पति प्राप्त गरी अभिलेख राखेको देखिएन । आफ्नो कार्य क्षेत्रभित्र आएका सम्पतिको अभिलेख व्यवस्थित गरी संरक्षणको उपयुक्त व्यवस्था मिलाउनु पर्दछ ।

३. **उपभोक्ता समिति परिचालन :** जिल्ला विकास समितिद्वारा सञ्चालित रु.६० लाख सम्मको काम स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ मा उपभोक्ता समितिद्वारा गराउन सक्ने प्रावधान छ । सो नियम बमोजिम योजना तथा कार्यक्रमहरु विकास योजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुमध्येबाट जिल्ला विकास समितिले सम्बन्धित निकायको समेत परामर्श लिई उपभोक्ता समिति गठन गराउनु पर्ने, सोही नियमावलीको नियम २०८ ले व्यवस्था गरेको देखिन्छ । नियमावलीको नियम २०५ मा कार्य गर्ने प्रयोजनका लागि गठित उपभोक्ता समिति स्थानीय निकायले विषयगत रुपमा बर्गीकरण र सूचीकृत गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष अधिकांश योजना उपभोक्ता समिति मार्फत गराए तापनि यसरी योजना कार्यान्वयन गर्ने उपभोक्ता समिति मध्ये उपभोक्ता समितिहरुको बर्गीकरण र सूचीकृत गरी लगत राखेको देखिएन । उपभोक्ता समिति दर्ता भएको निकाय र नबीकरण स्थिति समेत खुल्न आएन । उपभोक्ता समितिहरुको दर्ता तथा बिषयगत रुपमा बर्गीकरण नगरिदा अनुगमनमा कठिनाई हुने, एउटा उपभोक्ता समितिमा रहेका पदाधिकारीहरु अन्य उपभोक्ता समितिमा पदाधिकारी हुने, योजना समाप्त हुने बित्तिकै उपभोक्ता समितिको नाममा रहेको बैंक खाता बन्द हुने, जुनसुकै प्रकृतिका कार्य एउटै उपभोक्ता समिति मार्फत गराउने, सम्पन्न योजना गुणस्तरीय नहुने, मर्मत सम्भारको जिम्मेवारी सहित हस्तान्तरण गर्न नसकिने अवस्था रहन्छ । नियमावलीमा उल्लेख भए अनुसार उपभोक्ता समितिको दर्ता तथा विषयगत रुपमा बर्गीकरण गरी व्यवस्थित गराउनु पर्दछ ।

४. **सम्परीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली र आर्थिक कार्यविधि नियमावलीमा सम्परीक्षण सम्बन्धी व्यवस्था रहेका छन् । साविकका गाउँ विकास समितितर्फका गत विगतका बेरुजू सम्बन्धमा गाउँपालिकामा कुनै अभिलेख देखिएको छैन । साविकको जिल्ला विकास समितिले गाउँ विकास समितिहरुको अभिलेख राख्ने व्यवस्था रहेकोमा हालको अवस्थामा गाउँपालिकामा समेटिएका गाविसको बेरुजू अभिलेख अद्यावधिक गरी सम्परीक्षणको व्यवस्था गर्नुपर्दछ ।

५. **आम्दानी सम्बन्धमा :** साविक गाउँ विकास समिति ८ मध्ये फाल्गुण मसान्तसम्म भुकताङ्ले रु.९ हजार, देउपुरले रु.१ लाख ११ हजार र बाजुङ्गले रु.४ हजार, तिलाहारले रु.३८ हजार र चित्रेले रु.१० हजार समेत जम्मा रु.१ लाख ७२ हजार आन्तरिक आय गरेकोमा गाउँपालिका गठन भएपश्चात रु.६ लाख मात्र आम्दानी गरेको देखिन्छ । गाउँपालिकाले गरेको खर्चको अनुपातमा आन्तरिक आय न्यून देखिएकोले आम्दानीका क्षेत्र पहिचान गरी आन्तरिक आय वृद्धितर्फ ध्यान दिनुपर्दछ ।

६. **मालसामानको लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ल्यापटप, फर्निचर लगायतका सामान खरिद गर्दा नियमको उपर्युक्त प्रावधान अनुसार लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । वर्षान्तमा पालिका गठन भई तत्काल कार्यालय व्यवस्थापन गर्नु पर्दा

प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्न नसकिएको कार्यालयको भनाई छ । लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक विधिवाट खरिद गर्नुपर्दछ ।

७. **सार्वजनिक परीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६ मा उपभोक्ता समितिले गरेका कामको लागत मूल्य, कार्यस्थल, लागेको रकम उपभोक्ता समितिका पदाधिकारीको नाम नामेसी, कार्य शुरु गर्ने, सम्पन्न गर्ने मिति समेत खुल्ने गरी सम्बन्धित कार्य स्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्बन्धित स्थानीय निकायमा प्रस्तुत गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिबाट सञ्चालित योजनाको फरफारक गर्दा प्राविधिक नापजाँच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिबाट भएको कामको सवै योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । केहि योजनाको प्रतिवेदन पेश गरेकामा त्यसमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन । यसबाट निर्धारित समयमा पारदर्शी रुपमा गुणस्तरयुक्त कार्य सम्पन्न भएको र योजनामा भएको खर्च सहि र यथार्थ छन् भनी विस्वस्त हुने आधार देखिदैन । उपभोक्ता समितिबाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराई निर्धारित ढाँचाको प्रतिवेदन सम्बन्धित निकायमा प्रस्तुत गर्नुपर्दछ ।

८. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था छ । कार्यालयले जिन्सी निरीक्षण गराई प्रतिवेदन प्राप्त गरेको भए तापनि प्रतिवेदनमा लिलाम तथा मर्मत गर्नुपर्ने भनी उल्लेख गरेका जिन्सी सामानहरुको लिलाम तथा मर्मत गरेको पाइएन । मर्मत योग्य सम्पत्ति मर्मत गरी सञ्चालनमा ल्याउने तथा मर्मत हुन नसक्ने सामान लिलाम बिक्री गरी जिन्सी अद्यावधिक गर्नुपर्दछ ।

९. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १९० मा तोकिएको कार्यविधि अपनाई तोकिएको समयमा पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । साविक ६ गाउँ विकास समितिले ९६ व्यक्ति तथा संस्थालाई दिएको पेश्की रु.५१ लाख १६ हजार फछ्र्यौट गरेका छैनन् । पेश्की रकम नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.५१ लाख १६ हजार देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले पेश्की बाँकी रु.५१ लाख १६ हजार रहेको छ ।

# बिहादी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.६६ लाख ६ हजार र यो वर्षको आय रु.३ करोड ६४ लाख ९२ हजार समेत रु.४ करोड ३० लाख ९८ हजार आम्दानी भएकोमा रु.३ करोड ६१ लाख ५७ हजार खर्च भई रु.६९ लाख ४१ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन् :

१. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं.२०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिमा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ।

२. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको शासन सञ्चालन सम्वन्धमा जारी गरिएको आदेश, २०७३ को सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशनको आदेश नं.४५ मा गाउँपालिका कायम हुदा सो भित्र समाहित भएका साविकका गाउँ विकास समिति वा त्यसको कुनै वडाको चल, अचल सम्पत्ति दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने उल्लेख छ। सो अनुसार गाउँपालिकाले थप भएका साविकका आठ गाउँ विकास समितिको सम्पति प्राप्त गरी अभिलेख राखेको देखिएन। आफ्नो कार्यक्षेत्र भित्र आएका सम्पतिको अभिलेख व्यवस्थित गरी संरक्षणको उपयुक्त व्यवस्था मिलाउनु पर्दछ।

३. **उपभोक्ता समिति परिचालन :** जिल्ला विकास समितिद्वारा सञ्चालित रु.६० लाख सम्मको काम स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ मा उपभोक्ता समितिद्वारा गराउन सक्ने प्रावधान छ। सो नियम वमोजिम योजना तथा कार्यक्रमहरु विकास योजनावाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुमध्येबाट जिल्ला विकास समितिले सम्बन्धित निकायको समेत परामर्श लिई उपभोक्ता समिति गठन गराउनु पर्ने, सोही नियमावलीको नियम २०८ ले व्यवस्था गरेको देखिन्छ। नियमावलीको नियम २०५ मा कार्य गर्ने प्रयोजनका लागि गठित उपभोक्ता समिति स्थानीय निकायले विषयगत रुपमा वर्गीकरण र सूचीकृत गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष अधिकांस योजना उपभोक्ता समिति मार्फत गराएता पनि यसरी योजना कार्यान्वयन गर्ने उपभोक्ता समितिमध्ये उपभोक्ता समितिहरुको बर्गीकरण र सूचीकृत गरी लगत राखेको देखिएन। उपभोक्ता समिति दर्ता भएको निकाय र नबीकरण स्थिति समेत खुल्न आएन। उपभोक्ता समितिहरुको दर्ता तथा बिषयगत रुपमा बर्गीकरण नगरिंदा अनुगमनमा कठिनाई हुने, एउटा उपभोक्ता समितिमा रहेका पदाधिकारीहरु अन्य उपभोक्ता समितिमा पदाधिकारी हुने, योजना समाप्त हुने बित्तिकै उपभोक्ता समितिको नाममा रहेको बैंक खाता बन्द हुने, जुनसुकै प्रकृतिका कार्य एउटै उपभोक्ता समिति मार्फत गराउने, सम्पन्न योजना गुणस्तरीय नहुने, मर्मत सम्भारको जिम्मेवारी सहित हस्तान्तरण गर्न नसकिने अवस्था रहन्छ। नियमावलीमा उल्लेख भए अनुसार उपभोक्ता समितिको दर्ता तथा विषयगत रुपमा बर्गीकरण गरी व्यवस्थित गराउनु पर्दछ।

४. **सम्परीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली र आर्थिक कार्यविधि नियमावलीमा सम्परीक्षण सम्बन्धी व्यवस्था रहेका छन्। साविकका गाउँ विकास समितितर्फका गत विगतका बेरुजू सम्बन्धमा गाउँपालिकामा कुनै अभिलेख देखिएको छैन। साविकको जिल्ला विकास समितिले गाउँ विकास समितिहरुको अभिलेख राख्ने व्यवस्था रहेकोमा हालको अवस्थामा गाउँपालिकामा समेटिएका तत्तत् गाविसको बेरुजू अभिलेख अद्यावधिक गरी सम्परीक्षणको व्यवस्था गर्नुपर्दछ।

५. **आम्दानी सम्वन्धमा :** साविक गाउँ विकास समितिहरु ७ ले फाल्गुन मसान्त सम्म आन्तरिक आम्दानी वापतको रकम आर्थिक विवरणमा समावेश गरेको नगरेकोले गाउँ विकास समितिले आम्दानी गरेको देखिएन। गाउँपालिका गठन भएपश्चात रु.३ हजार मात्र देखिन्छ। गाउँपालिकाले गरेको खर्चको अनुपातमा आन्तरिक आय न्यून देखिएकोले आम्दानीका क्षेत्रहरु पहिचान गरी आन्तरिक आय वृद्धितर्फ ध्यान दिनुपर्दछ।

६. **मालसामानको लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले ल्यापटप, फर्निचर लगायतका सामान खरिद गर्दा नियमको उपर्युक्त प्रावधान अनुसार लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो। वर्षान्तमा पालिका गठन भई तत्काल कार्यालय व्यवस्थापन गर्नु पर्दा प्रतिस्पर्धात्मक विधि अवलम्वन गर्न नसकिएको कार्यालयको भनाई छ। लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक विधिवाट खरिद गर्नुपर्दछ।

७. **सार्वजनिक परीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६ मा उपभोक्ता समितिले गरेका कामको लागत मूल्य, कार्यस्थल, लागेको रकम उपभोक्ता समितिका पदाधिकारीको नाम नामेसी, कार्य शुरु गर्ने, सम्पन्न गर्ने मिति समेत खुल्ने गरी सम्बन्धित कार्य स्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्बन्धित स्थानीय निकायमा प्रस्तुत गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिबाट सञ्चालित योजनाको फरफारक गर्दा प्राविधिक नापजाँच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको सवै योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । केहि योजनाको प्रतिवेदन पेश गरेकामा त्यसमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन । यसवाट निर्धारित समयमा पारदर्शी रुपमा गुणस्तरयुक्त कार्य सम्पन्न भएको र योजनामा भएको खर्च सहि र यथार्थ छन् भनी विस्वस्त हुने आधार देखिदैन । उपभोक्ता समितिवाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराई निर्धारित ढाँचाको प्रतिवेदन सम्बन्धित निकायमा प्रस्तुत गर्नुपर्दछ ।

८. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था छ, । कार्यालयले जिन्सी निरीक्षण गराई प्रतिवेदन प्राप्त गरेको भए तापनि प्रतिवेदनमा लिलाम तथा मर्मत गर्नुपर्ने भनी उल्लेख गरेका जिन्सी सामानहरुको लिलाम तथा मर्मत गरेको पाइएन । मर्मत योग्य सम्पत्ति मर्मत गरी सञ्चालनमा ल्याउने तथा मर्मत हुन नसक्ने सामान लिलाम बिक्री गरी जिन्सी अद्यावधिक गर्नुपर्दछ ।

९. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १९० मा तोकिएको कार्यविधि अपनाई तोकिएको समयमा पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । साविक ५ गाउँविकास समितिले ३६ र गाउँपालिकाले १ व्यक्ति तथा सस्था समेत ३७ व्यक्ति तथा संस्थालाई दिएको पेश्की रु.१९ लाख ३५ हजार फछ्र्यौट गरेका छैनन् । पेश्की रकम नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.२५ लाख ४३ हजार बेरुजू देखिएकोमा प्राम्भिक प्रतिवेदन उपलव्ध गराएपछि प्रतिक्रियाबाट रु.६ लाख ६ हजार फछ्र्यौट भई पेशिक बाँकि रु.१९ लाख ३७ हजार रहेको छ ।

# बागलुङ नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.९२ लाख ५८ हजार र यो वर्षको आय रु.२४ करोड ५४ लाख ५४ हजार समेत रु.२५ करोड ४७ लाख १३ हजार आम्दानी भएकोमा रु.२४ करोड ६ लाख २५ हजार खर्च भई रु.१ करोड ४० लाख ८८ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन् ।

१. **आय वयय विवरण:** कार्यालयले पेश गरेको आय विवरणमा गत वर्षको मौज्दात उल्लेख गरेको छैन । बैक नगदी कितावमा समेत गत वर्षको मौज्दात जिम्मेवारी नसारेकोले यस सम्बन्धमा यकिन गर्न नसकिएको, साविकका गाउँ विकास समितिहरु नगरपालिकामा गाभिए पछि गा.वि.स.को आय व्यय समेत समावेश गरी एकिकृत आय व्यय विवरण तयार नगरेको, वर्षान्तमा बैंक मौज्दात रु.२१,९४,३७५।० रहेको भनी आय विवरण तयार गरेकोमा बैंक हिसाव मिलान विवरण तयार नगरेको,साबिक गाविसको मौज्दात रु.१४,०८,७५५१/० देखिएकोमा कार्यालयले एकीकृत आय व्यय विवरणमा समावेश गरेको देखिएन।

२. आन्तरीक नियन्त्रण: कार्यालयले आन्तरिक नियन्त्रण तथा व्यवस्थापनका लागि ऐन नियम कार्यविधि पालना र कार्यान्वयन गर्नुपर्नेमा कतिपय योजनाहरुमा लागत अनुमान तयार नगरेको, नापी मूल्याकंन नगरेको,ठेक्का बिल र कार्य सम्पन्न प्रतिवेदन तयार नगरेकाखर्च भएको सबै रसिद, बिल, भरपाइंमा सिलसिलेवार नम्बर राखी भुक्तानी भएकोप्रमाणित गर्नेनगरेको, तालुक कार्यालयले निरिक्षण गरेको निरीक्षण अभिलेख नराखेको, सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास नगरेको, कार्यक्रम सञ्चालनको अनुगमन तथा सुपरीवेक्षण उच्च तहवाट नभएको, जिन्सी लिलाम बिक्रि नगरेको, सेवा प्रवाहको सुधार सम्बन्धी क्रियाकलाप नगरेको अवस्था रहेको छ ।

३. **श्रेस्ता प्रणाली:-** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धि नियमावली २०६४ को नियम १९ मा नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित नगद वा प्रोदभावी (एक्रुअल) कारोवारमा राख्नु पर्ने व्यवस्था छ । नियमावली प्रारम्भ हुन भन्दा अगाडी गठन भएका नगरपालिकाले नियमावली लागु भएको मितिले तीन बर्ष भित्रमा प्रोदभावी कारोवारमा श्रेस्ता राख्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाको मिति २०५४ सालमा गठन भएकोमा हालसम्म प्रोदभावी आधारमा लेखा राखेको छैन । नियमावलीले गरेको व्यवस्था बमोजिम नगरपालिकाको लेखा प्रोदभावी आधारमा राख्नु पर्दछ ।

४. **कोष सन्चालन:-** स्थानीय स्वायत्त शासन ऐन २०५५, को दफा १२५ र स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम २२ मा नगरपालिकाको कोष सन्चालन सम्वन्धी व्यवस्था रहेको छ । नगरपालिकाले कोष खाताको रुपमा नेपाल सरकारबाट प्राप्त हुने रकमको लागि चालु र पूजीगत आम्दानी खाता र नगरपालिकाको आन्तिरिक श्रोतबाट प्राप्त हुने रकमको आन्तिरिक श्रोत खाता, राजश्व बाँडफाँड आम्दानी खाता गरी ४ प्रकारको कोष खाता संचालनमा रहेको छ । चालु तथा पूजीगत ४ वटा कोष खाताबाट निकासा लिई चालु तथा पूजीगत खर्च खातामा रकम ट्रान्सफर गरी खर्च गर्ने गरेको छ । कोष खाताको रुपमा रहेका ग-४-१, ग-४-२, ग-४-३ र ग-४-४ खाताहरुमा रकम जम्मा गरेको, निकासा लिएको कारोवार गरेको विवरण सहित बैंक नगदी किताव तयार गरी आर्थिक विबरण तयार गर्नुपर्नेमा नगरपालिकाले कोष खाताको बैंक नगदी किताव तथा आर्थिक विवरण तयार गरेको छैन । आर्थिक विवरण तयार नगरेको कारण कोष खातामा बाँकी रहेको रकम भिडान गर्ने अवस्था छैन । साथै उपयुक्त ऐन तथा नियमावली बमोजिम आर्थिक बर्षको अन्तमा बाँकी रहको रकम नगरपालिकाले कोष खातामा फिर्ता गरको छैन ।

५. **समपुरक कोष:-** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को बुदा ८ र ९ मा समपूरक कोषको व्यवस्था गरिएको छ । स्थानीय निकायको परिषदबाट आयोजनागत विवरण सहित कोषमा रकम विनियोजन गर्न सकिने, विभिन्न संस्था, साझेदारी वा लागत सहभागिता गर्न सम्वन्धित स्थानीय निकायले आयोजनागत रुपमा विवरण तयार गरी समपूरक कोष (म्याचिङफन्ड) मा आवश्यक रकम छुट्याउन सकिने व्यवस्था कार्यविधिले गरेको छ । नगरपालिकाको २२ औं नगर परिषदले केन्द्रिय अनुदान बाट रु.४०,००,०००।- शहरी क्षमता विकास कार्यक्रमबाट रु.५,३७,५००।- गरी जम्मा रु..४५,३७,५००।- छुट्याएकोमा सो रकम कुन कुन आयोजनाको लागी हो सो को आयोजनागत विवरण तयार गरी रकम छुट्याएको देखिएन । कार्यविधिमा उल्लेख गरे बमोजिम समपूरक कोष (म्याचिङ फन्ड) को रुपमा आयोजनागत विवरण तयार गर्नुपर्दछ

६. **कोषको बाँडफाँड:-** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को बुदा ८ मा

स्थानीय निकायको कोषको कुल पूंजीगत रकमबाट विभिन्न क्षेत्रमा रकम विनियोजन गर्नुपर्ने व्यवस्था उल्लेख छ । पूंजीगत रकमबाट लक्षित समुह विकास कार्यक्रम, आर्थिक सामाजिक एवम् भौतिक पूर्वाधार विकास कार्यक्रम र प्रवर्द्धनात्मक कार्यक्रममा रकम विनियोजन गर्नुपर्दछ । नगरपालिकाको २२ औं परिषद्ले राजश्व बाँडफाँड तर्फ रु.७६,५०,०००।- र आन्तिरिक आयतर्फको रु.१,५२,००,०००।- को उपर्युक्त कार्यविधि बमोजिम बाँडफाँड गरेको छैन । राजश्व बाँडफाँड शिर्षकको कुल खर्च रु.४२,२७,६०७।- मा लक्षित समुह विकास कार्यक्रम तथा आर्थिक सामाजिक एवम् भौतिक पूर्वाधार विकास कार्यक्रमको लागि बजेट विनियोजन गरेको देखिएन । आन्तरिक आय तर्फ रु.१,३१,७०,९०६।- खर्च गरेकोमा सवै रकम चालु प्रकृतिका शिर्षकमा खर्च गरेको छ । कार्यविधिले उल्लेख गरे बमोजिम लक्षित समुह विकास कार्यक्रम, आर्थिक सामाजिक एवम भौतिक पूर्वाधार विकास कार्यक्रम र प्रवर्द्धनात्मक कार्यक्रममा रकम विनियोजनगरी परिषदको निर्णय बमोजिम खर्च गर्नुपर्दछ ।

७. **योजना छनौट र कार्यान्वयन-** नगरपालिकाले कार्यान्वयन गर्ने योजनाहरुको छनौट स्थानीय निकायको योजना छनौट प्रक्रिया पुरा गरी नगरपरिषद्वाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्दछ । यसवर्ष नगरपालिकाले संचालन गरेका कार्यक्रम र योजनाहरुमध्ये ३ बजेट शिर्षकको ४२ योजना तथा कार्यक्रम परिषद्वाट स्वीकृत नगरी एकल बोर्डको निर्णयका आधारमा स्वीकृत गराई कार्यान्वयन गरेको छ । नगरपालिकाले कार्यान्वयन गर्ने आयोजनाहरु योजना तर्जुमाको प्रक्रिया पुरा गरी नगरपरिषद्वाट पारित गराएर मात्र कार्यान्वयन गरीनु पर्दछ ।

८. लक्षित समुह विकास कार्यक्रमः- कार्यविधिको दफा ८ बमोजिम छुट्याईएको कुल रकमबाट लक्षित समुहलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम संचालन गर्नुपर्दछ । सवै जातजातिको विपन्न बर्गका महिलाहरुको सशक्तिकरण, रोजगारी मूलक र आयमूलक कार्यमा प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रममा सवै जातजातिका विपन्न बर्गका बालबालिकाहरुलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम र सवै जातजातिका आर्थिक रुपमा विपन्न तथा आर्थिक एवम सामाजिक रुपमा पछाडि परेका र पारिएका बर्गलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था कार्यविधिले गरेको छ । नगरपरिषदले उपयुक्त कार्यविधि बमोजिम कतिपय बजेट शिर्षकको रकम बाँडफाँड नगरेको, बाँडफाँड गरको रकमबाट समेत कार्यविधिले उल्लेख गरे बमोजिम लक्षित समुहलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रममा लागनी गरेको छैन । केन्द्रिय अनुदान तर्फ महिला विकास कार्यक्रमको लागी रु.७,९५,०००।- विनियोजन गरेकोमा कार्यविधिले गरेको व्यवस्था बमोजिम सवै जातजातिका विपन्न बर्गका महिलाहरुको सशक्तिकरण, रोजगारीमुलक र आयमुलक कार्यमा प्रत्यक्ष फाइदा पुग्ने गरी विनियोजन गरको छैन । कार्यविधिको व्यवस्था बमोजिम लक्षित बर्गलाई प्रत्यक्ष फाईदा पुग्ने आयोजना र कार्यक्रममा रकम विनियोजन गरी कार्य सम्पन्न गर्नु पर्दछ ।

९. **पेश्की व्यवस्थापनः-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (१) मा पेश्की लिनु पर्दा कामको निमित्त के कती रकम चाहिने सो को विवरण पेश गर्नु पर्ने, नियम १८२ (२) मा अधिकार प्राप्त अधिकारीले सम्वन्धित कामको लागि आवश्यक पर्ने भन्दा वढी नहुने गरी पेश्की लिने कर्मचारीको हकमा पद र प्रयोजन तथा गैर कर्मचारीको हकमा त्यस्तो व्यक्तिको तीन पुस्ते, स्थायी र अस्थायी ठेगाना समेत स्पष्ट लेखी पेश्की दिनुपर्ने, नियम १८२(३) मा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । नगरपालिकाले यो बर्ष विभिन्न बजेट शिर्षकबाट विभिन्न कामको लागि दिइको पेश्कीको लगत राखेको छैन । गत विगत बर्षहरुमा दिएको पेश्की र फछ्र्यौटको स्थिति देखिने गरी पेश्कीको अभिलेख तयार गरको छैन । अतः गत विगतका बांकी पेश्की र यस वर्षको बांकी पेश्की सम्बन्धमा यकिन गर्न सकिएन।

१०. **आर्थिक कारोबारको यथार्थ चित्रणः-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा भएको कारोवार र लेखाङ्कन भए गरेकोमा आन्तरिक जाँच गरी गराई ठिक छ भन्ने कुरामा विश्वस्त हुनुपर्दछ भने व्यवस्था छ । नगरपालिकाको यस बर्षको श्रेस्ता परिक्षण गर्दा कतिपय बजेट शिर्षकको बैक नगदि किताव तयार नगरेको, गोश्वारा भौचर नं. कायम नगरेको, गोश्वारा भौचर स्वीकृत नगरेको, बैंक नगदी कितावमा सवै गोश्वारा भौचर पोष्टिङ नगरेको, जोड जम्मा नगरेको, खाता प्रमाणित नगरेको, पेश्कीको लगत नवनाएको, आयोजनागत लगत तयार नगरको, बजेट हिसाव (मलेपफानं ८) तयार नगरको, आन्तिरिक श्रोतको गत विगतको जिम्मेवारी नसारेको, बैक नगदी किताव तयार नगरेको अवस्था रहेको छ । नगर परिषदबाट छनोट गरिएका आयोजनाहरुमा एउटै बजेटबाट मात्र रकम विनियोजन नभै जुन सुकै कार्यक्रम शिर्षकबाट खर्च लेख्ने गरेको, केन्द्रिय अनुदान तर्फबाट चालु खर्च लेख्नु पर्ने कार्यक्रममा नगरपालिकाको आन्तरिक श्रोतबाट खर्च लेखेको, आन्तरिक (नगरपालिका कोष) तर्फबाट यो बर्ष विभिन्न शिर्षकमा भएको खर्च रु.१,३१,७०,९०६।- को बाँडफाँड नगरपरिषदबाट प्रस्ताव स्वीकृत गराई खर्च गरको छैन । उपयुक्त आधारबाट नगरपालिकाले राखेको श्रेस्ता प्रचलित कानुन बमोजिम छ, आर्थिक विवरणले त्यसमा लेखिएको अवधिको आर्थिक कारोवारको यथार्थ चित्रण गर्दछ र सरकारी सम्पत्तिको लगत दुरुस्त र

अध्यावधिक छ भन्न सक्ने अवस्था छैन ।

११. **संचित कोष दाखिलाः-** अर्थ मन्त्रालयको च.नं. १९ मिति २०७३-४-१९ को अख्तियारी पत्रसाथ प्राप्त निर्देशनमा विभिन्न बजेट शिर्षकहरुमा आर्थिक बर्षको अन्त्यसम्म खर्च नभै बाँकी रहेको रकम निकासा फिर्ता गर्नुपर्ने उल्लेख छ । नगरपालिकालाई यो बर्ष देहाय बमोजिम बजेट शिर्षकहरुमा प्राप्त भएको अख्तियारी बमोजिम आर्थिक बर्षको अन्त्यसम्म खर्च नभै बाँकी रहेको रकम रु.७८,७१,०६४।- कोष तथा लेखा नियन्त्रण कार्यालयमा नै निकासा फिर्ता गर्नु पर्नेमा फिर्ता गरेको छैन । आर्थिक बर्षको अन्त्सम्म खर्च नभै बाँकी रहेको उक्त रकम नगरपालिकाले आफ्नो आन्तरिक कोष खातामा राखेकोले राजश्व दाखिला गर्नु पर्दछ ।

१२. **सामाजिक सुरक्षा कार्यक्रमः-** नगरपालिकाले मिति २०७४-३-३० मा सामाजिक सुरक्षा भत्ता स्वरुप रु.८,३४,४००।- विलभरपाई विना खर्च लेखेको छ । आर्थिक बर्षको अन्तमा विल भरपाई पनि नराखेको र पेश्की समेत नजनाएको कारण बास्तविक खर्च हो भन्ने आधार नभएकोले यस्तो खर्च असुल हुन पर्दछ ।

१३. मर्मत खर्चः- मर्मत खर्च लेख्नु अगावै कुन सवारी साधन विग्रेको हो सो जंचाई सो को प्रतिवेदन लिई खर्च गर्ने प्रस्ताव स्वीकृत गराई खर्च गर्नुपर्दछ । सवारी मर्मत भै सके पछि मर्मत अभिलेख म.ले.फा. नं. २ भरी राख्नु पर्नेमा निम्नानुसार मर्मत खर्च लेखेकोमा अभिलेख समेत राखेको छैन । त्यस्तै सामाजिक सुरक्षा कार्यक्रममा मर्मत खर्च वापत बजेटनै विनियोजन नहुनेमा सो शिर्षकवाट समेत सवारी मर्मत खर्च लेखेको छ । सवारी मर्मत गर्दा कून सवारी साधनको सामान विग्रेको हो सोको मर्मत स्वीकृती कार्यालयवाट नलिएको तथा मर्मत गर्दा स्टिमेट समेत नराखी विलको आधारमा सवारी साधन मर्मत वापत भुक्तानी गरेको केही उदाहरण निम्नानुसार छन्

१४. **प्रोत्साहन भत्ता-** २२ औ नगरपरिषदबाट पारित नगर विकास योजना पुस्तिकामा नगरपालिकाको आन्तरिक क्षमता रहेसम्म नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई साविक बमोजिम खाईपाई आएको मासिक तलव स्केलको १२ प्रतिशतका दरले हुने रकम प्रोत्साहन भत्ता स्वरुप उपलव्ध गराउने उल्लेख गरेको छ । नगरपालिकाको योबर्ष आन्तरिक कोषबाट रु.१,५०,००,०००।-को बजेट प्रस्ताव गरेकोमा स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ बमोजिम चालु र पूजीगत तर्फ गर्ने कार्यक्रमको लागि रकम बाँडफाँड गर्नुपर्नेमा सो बमोजिम बाँडफाँड गरेको छैन । पूजीगत कार्यक्रम तर्फ पूर्वाधार विकास, प्रबर्द्धनात्मक र लक्षित समुह विकास कार्यक्रममा बजेट विनियोजन नगरी आन्तरिक श्रोततर्फको सवै रकम चालु प्रकृतिको खर्च तलव भत्ता र कार्यालय संचालनमा खर्च भएको छ । पूंजीगत प्रकृतिको कुनैपनि कार्यक्रम नगरी आन्तरीक श्रोत तर्फको सवै रकम चालु तर्फ खर्च गरेको र आन्तरीक क्षमताको मूल्यांकन नगरी नगरपालिकामा कार्यरत कर्मचारीलाई साविक खाईपाई आएको मासिक तलव स्केलको १२ प्रतिशतले हुने रु. ११ लाख प्रोत्साहन भत्ता खर्च लेखेको छ । नगरपालिकाले आफ्नो आन्तरीक श्रोतमा बृद्धि गरी स्थानीय निकाय श्रोत परिचालन निर्देशिका/कार्यविधि २०६९ बमोजिम चालु खर्च र पूंजीगत खर्च बांडफांड स्वीकृत गराई श्रोतले भ्याएसम्म प्रोत्साहन भत्ता खर्च लेख्नु पर्ने देखिन्छ ।

१५. **खरिद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले आर्थिक वर्षको अन्त्यमा कार्यालयमा भएका सवै सवारी साधनको लागि एकै समयमा ११ वटा टायर खरिद गरी रु.२,९२,४००।- भुक्तानी गरेको छ । कार्यालयलाई आवश्यक परेको समयमा खरिद नगरी आ.ब.को अन्त्यमा रकम खर्च गर्ने उद्देश्यले मात्र खर्च गरेको नियमसम्मत देखिएन।

१६. **कर दाखिला-** आयकर ऐन, २०५८ को दफा ८७ मा कुनै व्यक्तिले आफ्नो बर्षभरीको आयमा ऐनले दिएको छुट सुविधा कट्टा गरी बांकी करयोग्य आयमा तोकिएको प्रतिशतले कर तिर्नुपर्दछ । नगरपालिकामा कार्यरत लेखापाल श्री योगेन्द्र राज पराजुलीले मिति २०७४।३।५ मा सेवावाट राजीनामा स्वीकृत गराई गएको र निजलाई कार्यालयले सेवा सुविधा स्वरुप कर्मचारी कल्याणकोषवाट रु.१२,७८,७३७- र नागरपालिका आन्तरीक कोषवाट रु.१,१०,०००।- गरी जम्मा रु.१३,८८,७३७- भुक्तानी गरेको छ । निजको मासिक तलव रु.३२,३२२।६० रहेको र मासिक स्वीकृत अवकाश कोष कट्टी रु.५,३३६।४३ रहेकोमा सवै आयलाई बार्षिक आयमा समावेश गरी कर गणना गर्दा रु.३,३४,७८७- कर तिर्न बांकी देखिएकोले सो रकम असूल गरी राजश्व दाखिला गर्नुपर्दछ ।

१७. **ऋण चुक्ता-** लेखापाल योगेन्द्र राज पराजुलीले मिति २०७३।६।१९ मा कल्याणकारी कोषवाट रु.३,५०,०००।- ऋण लिएको देखिन्छ । निजको २०७३ फाल्गुन सम्मको तलवबाट ऋण कट्टा गरी रु.२,८७,९३३।- ऋण बांकी देखिन्छ । २०७३ चैत्र र २०७४ बैसाख महिनाको कर्मचारीको तलव भत्ता खर्च लेखेको गोश्वारा भौचर लगायतको श्रेस्ता लेखापरीक्षणलाई प्राप्त नभएकोले ऋण कट्टा भएको समेत देखिएन । मिति २०७४।३।५ मा सेवा सुविधा लिंदा रु.२,४५,३९६।- ऋण कट्टा भएकोले कट्टा हुन बांकी ऋण रकम रु.४२,५३७।- यकिन गरी कट्टा नभएको भए असूल हुनुपर्दछ ।

१८. **निकासाभन्दा बढी खर्च -** नगरपालिकाले पेश गरेको विवरण बमोजिम कर्मचारी कल्याण कोषतर्फ रु.४२,७०,३५६।४८ निकासा भएकोमा रु.४२,७२,२९९।१० खर्च भएकोले निकासा भन्दा रु.१९४२।६२ बढी खर्च भएको छ।

१९. **स्रेस्ता नभएको-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जांच गर्नुपर्ने र खर्च भएको सबै रसिद, बिल, भरपाईमा सिलसिलेवार नम्बर राखी आर्थिक प्रशासन शाखा प्रमुखले भुक्तानी भएको जनाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार प्रमाणित गर्ने गरेको पाइएन भने सवै विल भरपाई सलसिलेवार नम्वर राखी पंजिका बनाई स्रेस्ता राख्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाको लेखापरीक्षण गर्ने क्रममा आन्तरीक श्रोततर्फ २०७३ चैत्रको तलव भत्ता खर्च रु.११,७३,२५५, २०७४ बैसाखको तलव भत्ता खर्च रु.११,२६,१४६।६० र २०७४ जेष्ठ महिनाको तलव भत्ता खर्च रु.४७,१०८।६० समेत रु.२३,४६,५१०।२० को श्रेस्ता लेखापरीक्षण गर्दा प्राप्त हुन सकेन। कार्यालयले सो खर्चलाई बैंक नगदी कितावमा चढाएको तर अन्य श्रेष्ता साथ उक्त खर्चको श्रेष्ता संलग्न रहेको छैन। २०७४ जेठ र असाढको तलव भत्ता रु. २७,३७,५५६।- मिति २०७४ श्रावण १६ गते कार्यालयले खर्च लेखेको छ। नगरपालिकाले उपर्युक्त दुई महिनाको श्रेष्ता खोजी लेखापरीक्षण गराउनु पर्ने रु.२३,४६,५१०।२० र कसको कारणवाट श्रेष्ता कागजात संलग्न नगरीएको हो सोको छानविन गरी कारवाही अगाडी बढाउनुपर्ने देखिन्छ।

२०. **भवन निर्माण-** नगरपालिकाले नगर सभा भवन निर्माण गर्ने कार्यको लागि २०६९।१२।१२ मा २०७० जेठ मसान्तसम्म निर्माण सम्पन्न गर्नेगरी निर्माण व्यवसायी मृतसंजीवनी/ इन्द्रपुरी कन्स्ट्रक्सन जे.भी. संग रु.१,१३,६२,५९९।-(मू.अ.कर समेत) मा ठेक्का सम्झौता गरेको देखिन्छ। कार्यालयले मोविलाईजेशन पेश्की वापत रु.२०,००,०००।- दिएकोमा ठेक्काको प्रथम विल रु.६६,१९,५६३।-(मू.अ.कर समेत) मा पेश्की रकम सवै कट्टा गरी बांकी रकम भुक्तानी भएको छ। निर्माण कार्य अवधि रहेकै समयमा निर्माण व्यवसायीको मृत्यु भएको कारण सो भवनको निर्माण कार्य पुरा भएको छैन। २०७० जेठ मसान्तसम्म अर्थात् ३ महिना भित्र कार्यसम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएकोमा उक्त निर्माण कार्य हाल २०७४ साल मंसीर महिना सम्म सो ठेक्का फरफारक गरी निर्माण कार्य सम्पन्न गर्नेतर्फ नगरपालिकाको ध्यान गएको छैन। २०७० पछिको नगरपरिषद्बाट पछिल्ला कुनै पनि वर्षहरुमा बजेट विनियोजन गरी निर्माण सम्पन्न गर्नेतर्फ पहल नहुंदा सो भवनमा भएको रु.६६,१९,५६३।- बरावरको लागनी खेर जाने अवस्था छ। नगरकार्यपालिकाले उक्त भवनको निर्माण सम्पन्न गर्ने र सो भवनको उपयोगिताको सम्बन्धमा पनि ध्यान दिनुपर्ने देखिएको छ।

२१. **कर दाखिला-** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ९(३) मा राजश्व रकम दैनिक रुपमा बैंक दाखिला गर्नुपर्ने र दैनिक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न बजेट शिर्षकको खर्चको भुक्तानीमा कर वापत कट्टा गरेको रकम राजश्व दाखिला नगरी नगरकार्यपालिकाको खातामै राखेको देखियो। अतःकट्टा गरेको कर रु.११,५८,६५६/- राजश्व (बेरुजु) दाखिला हुनुपर्दछ।

२२. **जिम्मेवारी-** नगरकार्यपालिकाले गत विगत वर्षहरुमा खर्च गरी बांकी रहेको रकम जिम्मेवारी सार्दै जानुपर्दछ। आर्थिक वर्ष २०७२।७३ को अन्त्यमा खर्च भै के कती रकम जिम्मेवारी सरेको छ, सोको यथार्थ जिम्मेवारी सारेको छैन। नगरकार्यपालिकाले यस शिर्षकमा बैंक स्टेटमेन्ट लिई बैंक हिसाव विवरण (म.ले.प.फा.नं.१५) तयार गरी हिसाव मिलान गर्नुपर्नेमा बैंक हिसाव बिबरण तयार गरेको छैन।

२३. **पेश्की-** नगरकार्यपालिकाले मिति २०७४।२।२९ मा ट्राफिक बिटदेखि बालमन्दीर चोकसम्म र क्याम्पस गेटदेखि राजमार्गसम्म सडक मर्मत गर्ने कार्यको लागि एक निर्माण व्यवसायीलाई रु.७,७१,०००।- पेश्की दिएकोमा पेश्की खाता तयार गरी सो खातामा चढाएको छैन।

२४. **भरपाई-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६ (६) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ। कार्यक्रमवाट सञ्चालित बिभिन्न तालिम, गोष्ठि खर्चको भुक्तानी दिंदा तालिम सम्बन्धी नर्मस तयार गर्नुपर्ने, नर्मसको आधारमा तालिम प्रस्ताव तयार गर्ने एवं प्रस्तावीत, खर्च र वास्तविक खर्च खुल्ने विवरण सहित विल भरपाईको पञ्जिका बनाई विल संख्या र रकम स्पष्ट हुनेगरी श्रेष्ता खडा गर्नुपर्नेमा निम्न भौचरवाट भत्ता रकम भुक्तानी खर्च लेखेकोमा भत्ता रकम बुझिलिएको नदेखिएकोले रु.३८,६७५।- खर्च लेख्नेवाट असूल गरी कोष दाखिला हुनुपर्दछ।

२५. **खरिदः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २१४ मा कार्यालयले लगत खडा गरी राखिएको मालसामान के कस्तो अवस्थामा छ अधिकार प्राप्त अधिकारीले एक बर्षमा कम्तीमा एक पटक स्वयम वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नु पर्ने र निरीक्षण प्रतिवेदन प्राप्त भएपछि

आम्दानी बाँध्न छुट भएका कुनै मालसामान भएमा मूल्य र विवरण खुलाई आम्दानी बाँध्न लगाउनु पर्ने व्यवस्था छ । कार्यालयले बिभिन्न स्टेशनरी सामानहरु खरिद गरेको भनील रु.१,७०,३००।- भुक्तानी खर्च लेखेकोमा माग फारम, खरिद आदेश, दाखिला रिपोर्ट बेगर खर्च लेखेको नियमसम्मत देखिएन ।

२६. **प्रतिवेदन-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आर्थिक बर्ष २०७२।७३ को अन्तिम लेखापरीक्षकको खर्च रु.१,४४,४५९।- लेखेकोमा सोको प्रतिवेदन लेखापरीक्षणमा प्राप्त हुन सकेन। प्रतिवेदन वेगर लेखेको खर्च सम्बन्धितवाट असूल हुनुपर्दछ ।

२७. **कार्यक्रम विपरित खर्च-** कार्यालयले कार्यक्रम संचालन गर्दा स्वीकृत बार्षिक योजना तथा प्राप्त अख्तियारीको निर्देशन अनुसार योजना संचालन गर्नुपर्दछ । नगरपालिकाको लागि नगर विकास कोषवाट लिएको ऋणको साँवा व्याज रु.३,८०,०००।- नगरपालिकाको आन्तरिक श्रोतवाट भुक्तानी दिनुपर्नेमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमवाट भुक्तानी गरेको नियमसम्मत देखिएन ।

२८. **असम्बन्धीत खर्च**-स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली २०६४ को नियम ४५ को उपनियम २(क) मा खर्च गर्नुभन्दा पहिले खर्च गर्ने रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शिर्षक नम्वरमा परेमा र खर्च गर्न वाँकी भए मात्र खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले अन्य बजेट शिर्षकवाट खर्च गर्ने गरी कार्यक्रम स्वीकृत गरेकोमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमवाट रु.२,५०,०००।-भुक्तानी खर्च लेखेको नियमसम्मत देखिंदैन ।

२९. **आर्थिक कारोवारको यथार्थता-** नगरपालीका अनुदान शिर्षकमा प्राप्त रकम खर्च गरी लेखापरीक्षणको लागि पेश गरेको श्रेस्ताको अनुगमन गर्दा देउराली चोक देखि सुल्डांडा सम्मको बाटो ढलान कार्यको लागत अनुमान रु.५५,४८,०३४।- रहेकोमा नगरपालिका अनुदानवाट रु.४६,०८,०००।- व्यहोर्ने र बांकी उपभोक्ता समितिले व्यहोर्ने गरी सम्झौता भएकोमा प्रथम विलबाट रु.१९,६३,३७०।९७ को कार्य मूल्यांकन भई पेश्की रु.१६,६४,०००।- फछ्र्यौट गरी पुन: रु.१६,६४,०००।- पेश्की दिएको, ग ४ २ खातावाट ग २ २ नगरपालिका अनुदान पूंजीगत खर्च खातामा आम्दानी गरेको रु.१,५०,७६,०००।-, बालमैत्री स्थानीय शासन अन्तर्गत भिमशेन पन्तको नाममा रहेको पेश्की फछ्र्यौट रु.१५,०००।- तथा माझि बस्ती व्यवस्थापन स्थानीय समन्वय समितिलाई दिएको पेश्की रु.२०,०००।- लगायतका आम्दानी खर्च बैंक नगदी कितावमा नगरेकाले पेश भएको बैंक नगदी किताव तथा आर्थिक विवरणले आम्दानी खर्चको यथार्थता चित्रण गर्दैन । अत: पेश भएको नगरपालिका अनुदानको आर्थिक विवरण यथार्थ र शुद्ध छ भनि आश्वस्त हुन सकिएन ।

३०. **परिषद्वाट स्वीकृत** - स्थानीय स्वायत्त शासन ऐन, २०५६ अनुसार बार्षिक बजेट योजना तथा कार्यक्रमहरु नगर परिषद्वाट पारित गर्नुपर्ने व्यवस्था छ । नगरपालिका अनुदान शिर्षकमा यसवर्ष शुरु अख्तियारी रु.४ करोड ६४ लाख ८५ हजार र थप अख्तियारी रु.४१ लाख २८ हजार समेत रु.५ करोड ६ लाख १३ हजार प्राप्त भएको छ । २१ औं नगरपरिषद्ले स्थानीय निकाय अनुदान, स्थानीय विकास शुल्क कोषबाट रु.१,८५,०९,०००।- को कार्यक्रम तयार गरेको, बाइसौं नगर परिषद्ले आ.ब. २०७३।७४ को कार्यक्रम संशोधन गरी रु.३,१८,८७,०००।- को संशोधित कार्यक्रम स्वीकृत गरेको छ । संशोधित कार्यक्रमअनुसार पूंजीगत तर्फ कार्यक्रममा यसवर्ष रु.४,९८,५९,५६०।० खर्च भएको छ । नगरपालिका अनुदानमा खर्च भएको रकम मध्ये रु.५३,८२,०००।- चालु अनुदानमा खर्च भएको र रु.१,२५,९०,५६०।० कार्यक्रमनै स्वीकृत नभएको देखिन्छ । अत: नगर परिषद्वाट कार्यक्रम स्वीकृत नगराई खर्च गरेको रु.१,२५,९०,५६०।० नियमसम्मत देखिंदैन ।

३१. **बजेट खर्च-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीमास्वीकृत बजेट खर्च गर्दा रकम स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शिर्षकमा पर्दछ र खर्च गर्न बांकी छ भने सम्बन्धीत अधिकारीको स्विकृतीमा खर्च गर्न सक्ने व्यवस्था छ । कार्यालयले आ.ब. २०७२।७३ को स्वीकृत कार्यक्रम अनुसार नगरपालिका वडा नं. २ स्थित माझकोट हल्लनचोकमा जनसहभागितमा आधारित सौर्य सडक बत्ति जडान कार्यक्रम संचालन गर्न रु.३८,६३,५१९।- को लागत अनुमान स्वीकृत भई सोही बरावर कार्यसम्पन्न भएको २०७३।८।१४ को स्वीकृत टिप्पणी आदेशवाट देखिन्छ । स्वीकृत टिप्पणी आदेश अनुसार केन्द्रिय अनुदानबाट रु.२५,०५,०००।-, न.पा.ले व्यहोर्ने रु.७,७५,०००।- र जनसहभागिता रु.५,८३,५१९।- व्यहोर्ने रहेकोमा गत वर्ष केन्द्रिय अनुदानबाट रु.२५,०५,०००।- भुक्तानी गरेकोमा बांकी रु.७,७५,०००।- नगरपालिकाको श्रोतवाट व्यहोर्नुपर्नेमा यसवर्ष केन्द्रिय अनुदानवाटै व्यहोरेको नियमसम्मत देखिएन ।

३२. **निर्देशिका विपरित खर्च-** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ मालक्षित समूह कार्यक्रम अन्तर्गत महिला, बालबालिका र जेष्ठ नागरिक, पिछडिएको वर्ग र अन्य वर्गको लागि बिभिन्न योजनामा खर्च गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नगरपालिका अनुदान वा पूंजीगत अनुदानबाट चालु प्रकृतिको कार्यमा खर्च गर्न नपाईने व्यवस्था छ । कार्यालयले लक्षित समूह कार्यक्रम, सामाजिक

परिचालन तथा नगरपालिका पूंजीगतबाट भ्रमण, पिकनिक, तीज कार्यक्रम लगायत चालु प्रकृतिको कार्यकममा रु.१,२२,०००।० खर्चलेख्ने गरेको छ । यसरी खर्च लेख्ने कार्य कार्यविधि निर्देशिका विपरित देखिंदैन ।

३३. **भाडा भुक्तानी-** फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र पुल्चोकवाट अर्गानिक वयष्ट कन्भर्टर कम्पोष्टिङ मेशिन गाडी नं.४७१६ बाट हस्तान्तरण फारम सहित बागलुङ नगरपालिकालाई हस्तान्तर गरेकोमा धौलागिरी फोहोर व्यवस्थापन संस्था लि. का कमल थापाले गाडी नं.४७१७ बाट उक्त मेशिन ल्याएको भनी ठाडो भरपाईको आधारमा भाडा वापत रु.३०,०००।- भुक्तानी गरेको देखियो । सहयोग उपलब्ध गराउने निकायले गाडीभाडा सहित सामान उपलव्ध गराएकोमा भाडा भुक्तानी गरेको र भाडा भुक्तानीमा भाडा कर वापत रु.३,०००।- कट्टा समेत नगरी भुक्तानी गरेको असूल हुनुपर्दछ ।

३४. **नर्म्सको प्रयोग-** स्थानीय निकायको निर्माण कार्यको लागि एकरुपता कायम स्थानीय पूर्वाधार विकास तथा कृषिसडक बिभाग (डोलिडार) ले निर्माण कार्यको नर्मस तयार गरेको छ । कार्यालयले एकै किसिमको निर्माण तथा मर्मत कार्यको लागि डोलिडार लगायत सडक बिभाग र कार्यालयको आफ्नै नर्मस प्रयोग गरी कार्य गरेको देखियो । कार्यालयबाट संचालित आयोजनाहरु संचालन गर्दा एउटै नर्मस प्रयोग गर्नुपर्दछ ।

३५. **कल्याण कोष:** स्थानीय निकायका कर्मचारीहरुको एक महिनाको तलव बरावर रकम कल्याणकारी कोषमा जम्मा गर्न पाउने व्यवस्था छ । बागलुङ नगरपालिकाको २२ औं नगरपरिषद्को निर्णय नं.६ अनुसार विनियोजित बजेटवाट रु.१३,००,०००।- कल्याणकारी कोषमा जम्मा गरेको देखियो । कार्यालयको असार महिनाको स्थानीय निकायका कर्मचारीहरुको तलव खर्च रु.८,७१,६८७- मात्र रहेकोले बास्तविक मासिक तलव खर्च भन्दा रु.४,२८,३१३।- कल्याणकारी कोषमा राखेको नियमसम्मत देखिएन ।

३६. **योजनाको अवस्था-** नगरपरिषदले रजिष्ट्रेशन बांडफांड बाट सञ्चालन हुने गरी लागत अनुमान रु.६,२६,९१२।- रहेको खहरे चापाकोट खोलाखेत हुँदै काप्रेको घुम्ती सम्म सडक निर्माण कार्य नगरपालिकाले रु.५,००,०००।- र बांकी उपभोक्ताले व्यहोर्ने गरी मिति २०७४।१।३ मा सम्झौता भएको देखियो । नगरपालिका अनुदान शिर्षकको ले.प. गर्दा २०७४।१।१४ को पेश्की गोश्वारा भौचर चेक नं. ९०८५६६४४ बाट रु. १५ लाख पेश्की लेखेको र कार्यालयले काटेको चेक भिडान गर्दा उक्त चेक नम्वरबाट १ लाख ५० को चेक काटेकोमा उक्त चेक नसांटिएको देखियो । कार्यालयले पेश गरेको प्रगति प्रतिवेदन अनुसार योजनाको प्रगति २० प्रतिशत देखाएको अवस्था छ । अतः उक्त योजना निर्माण, संचालन र खर्चको सम्बन्धमा यकिन गर्न सकिएन ।

३७. **योजना सन्चालन:** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा आर्थिक सामाजिक एवम् पूर्वाधार विकास कार्यक्रम अन्तर्गत विनियोजन भएको रकमवाट नगरपालिकाले ५ लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नुहने व्यवस्था छ । नगरपालिका बाट प्राप्त बार्षिक प्रगति विवरण अनुसार निर्देशिका विपरित ९४ योजनाहरुमा रु.१ करोड ६ लाख ८ हजार खर्च भएकोमा रु.५ लाख भन्दा कमका योजना परिषद्वाट तथा बोर्डवाट स्वीकृत गराई कार्यान्वयन गर्ने गरेको छ । अतः कार्यविधिले तोके अनुसार पूर्वाधार कार्यक्रममा विनियोजन हुनुपर्दछ ।

३८. **अन्य योजना-** विश्व बैंक, नेपाल सरकार र नगरपालिकाको संयुक्त लगानीमा शहरी शासकिय क्षमता तथा विकास कार्यक्रम (UGDP:ETP) अन्तर्गत संचालित नगरस्तरीय मौजुदा सडक स्तरोन्नती (नगरस्तरीय चक्रपथ) गर्ने कार्यको लागि शहरी शासकिय क्षमता तथा विकास कार्यक्रम शिर्षकवाट खर्च लेख्नुपर्नेमा विभिन्न भौचरबाट सपोर्टिङ कागजात समेत नराखि नगरपालिका अनुदान शिर्षकवाट निर्माण व्यवसायी कालिका/प्यासिफिक जे.भीलाई खर्च लेखेको रु.२३,६०,१४९।९७ नियम सम्मत देखिएन ।

३९. **योजना सम्झौता:** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को बुँदा ५१ मा प्रत्येक आर्थिक वर्षको बैसाख मसान्तपछि नयाँ आयोजना सम्झौता गर्न वा पेश्की उपलब्ध गराउन नपाइने व्यवस्था छ । कार्यालयले कार्यविधि विपरितसम्झौता बैसाख मसान्त पछि सम्झौता गरेको पाइयो।

४०. **कार्यकम विपरित खर्च:** कार्यालयले योजनामा खर्च गर्दा परिषद्बाट स्वीकृत भएको योजना सम्बन्धित बजेट शिर्षकवाट बजेटको सिमाभित्र रही खर्च गर्नुपर्दछ । नगर परिषदबाट स्वीकृत भएका योजना सम्बन्धित बजेट शिर्षकबाट खर्च लेख्नुपर्नेमा ३ योजनाको लागि रु.३,८५,५००।० नगरपालिका अनुदानबाट खर्च लेखेको देखियो ।

४१. **राजश्व बांडफांड:** नगरपरिषद्वाट संशोधित बजेट रु.७६,५०,०००।- अनुमान गरी सोही अनुसार खर्च गरेको छ । आन्तरीक लेखापरीक्षकले संशोधित बजेटवाट रु.५०,६०,६२०।३१ निकासा गरी रु.४२,२७,६०७।- खर्च गरेको प्रमाणित गरेको छ । कार्यालयले उक्त खर्च बैंक नगदी कितावमा पोष्टिङ गरेको छैन भने २०७३।१२।१० भन्दा अधिको गोश्वारा भौचर र खर्चको विल भरपाई लेखापरीक्षणमा पेश

भएन । पेश भएको कार्यालयले असार महिनाको खर्चको फांटवारी अनुसार असार महिनाको खर्च रु.७,२८,७५०।- र जेठ महिनासम्मको खर्च रु.३४,९८,८५७।- देखाएकोले बैंक नगदी किताबमा खर्च पोष्टिङ नगरेकोले उक्त खर्च र पेश भएको खर्चको फांटवारी, आर्थिक विवरण शुद्ध छ भन्ने अवस्था देखिएन । अतः २०७३।१२।१० भन्दा अघिको गोश्वारा भौचर र खर्चको विल भरपाई पेश हुनुका साथै बैंक नगदी किताबमा पोष्टिङ गर्ने र कानूनतः लेखा श्रेस्ता नराख्ने पदाधिकारीमाथि छानवीन गरी कारवाही हुनुपर्दछ ।

४२. **सडक बोर्डः-** कार्यालयको ग ४ ३ आम्दानी धरौटी खातामा नगरपालिका चालु खर्च खाताबाट लिएको सापटी रु.१५,००,०००।- सडक बोर्ड खातावाट फिर्ता गरेको देखिएको छ । सडक आयोजनाको लागि सडकबोर्डवाट प्राप्त रकम धरौटी सापटी फिर्ता गर्ने कार्य नियमसम्मत देखिँदैन ।

४३. **घटी भुक्तानीः** ऐश्वर्य चोक देखि श्रीनगर टोलमा सडक मर्मत कार्यको लागत अनुमान रु.३४,५८,६९६।- को लागि २०७२।१२।४ मा बजेट विनियोजन भएकोमा २०७३।२।६ मा सम्झौता भई सडक बोर्डवाट रु २३,००,०००।- र रु.११,५८,६९९।- नगद जनसहभागी समेत रहने गरी २०७३।२।३२ मा सम्पन्न गर्ने गरी कार्य सुरु गरेकोमा सम्झौता अवधि भित्र कार्य सम्पन्न नभएको भनी २०७३ आषाढ २० सम्म म्याद थप भएको थियो । कार्यालयले २०७३।३।१९ मा रु.३४,५८,६४१।- को कार्य सम्पन्न भएको भनी २०७३।४।२१ मा रु.३०,३५,०००।- २०७३।९।६ मा रु.१,५०,०००।- र २०७४।३।२२ मा रु.२,३९,३९५।- समेत रु.३४,२४,३९५।- भुक्तानी गरेको छ । लागत अनुमान अनुसार पुरै काम भएको र नगद जनसहभागीतामा काम भएकोमा रु.३४,३०४।- घटी भुक्तानी भएको छ । प्राविधिकले भुक्तानीको लागि पुरै रकम दिन टिप्पणी स्वीकृत गरेकोमा आर्थिक प्रशासनवाट घटी रकम भुक्तानी गर्नुको कारण जनाएको छैन ।

४४. **लाभग्राहीको विवरणः-** सामाजिक सुरक्षा कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७२ दफा (१२) अनुसार नाम दर्ता र नविकरणवाट आगामी वर्षका लागि लाभग्राहीको विवरण गा.वि.स. वा नगरपालीकाले पौष मसान्तभित्र एम आइ एस मा नाम दर्ता तथा प्रमाणिकरण र नबिकरण समेत गरी विभागमा प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले लगत अद्यावधिक गरेको देखिएन । यसरी लगत अद्यावधिक गर्दा कार्यविधि वाट निर्धारित प्रकृया अवलम्बन गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई वस्तुनिकट र प्रभावकारी वनाइनु आवश्यक देखिन्छ ।

४५. **भत्ता वितरणः-** सामाजिक सुरक्षा कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७२ को नियम १५(क) मा प्रथम चौमासिक असोज १ देखि दोस्रो हप्ताभित्र, दोस्रो चौमासिक माघ १ देखि दोस्रो हप्ताभित्र र तेस्रो चौमासिक जेठ १ देखि दोस्रो हप्ताभित्र भुक्तानी गरिसक्नुपर्ने, नियम (९०) अनुसार भत्ता भुक्तानी गर्दाको समयमा कुनै व्यक्ति उपस्थीत हुन नसकेको भए सोही आ.व.मै अर्को चौमासिकमा भत्ता बुझाउन सकिने उल्लेख भएकोमा एक चौमासिकमा प्राप्त गर्न छुट भएका लाभग्राहीहरुलाई अर्को चौमासिकमा दिएको देखिएन । साथै भुक्तानी भरपाई परीक्षण गर्दा भुक्तानी गर्न छुट भएको व्यक्तिहरु तथा लगत कट्टा गर्नुपर्ने देखिएका व्यक्तिहरु पहिचान गरी स्पष्ट रुपमा पेश्की फछ्र्यौटको लागि पेश गरेको देखिएन । तसर्थ पहिला चौमासिकमा छुट भएको लाभग्राही हरुलाई दोस्रो चौमासिकमा रकम उपलब्ध गराई सामाजिक सुरक्षाको प्रत्याभुति गरिनुपर्दछ ।

४६. **सामाजिक सुरक्षा पेश्की फछ्र्यौटः-** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ नियम १५(ङ) को (ई) अनुसार सामाजीक सुरक्षा पेश्की फछ्र्यौट गर्दा पहिलो चौमासिकको पेश्की फछ्र्यौट कार्तिक मसान्तभित्र, दोस्रो चौमासिकको फागुन मसान्तभित्र र तेस्रो चौमासिकको पेश्की आषाढ २० गतेभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । साथै कार्यालयले पे.फ. को लागी पेश गरेको १५ दिन भित्र पेश्की फछ्र्यौट गरिसक्नुपर्ने व्यवस्था छ । कार्यालयको पेश्कीको अवस्था हेर्दा पहिलो चौमासिकमा वार्ड नं. १ देखि ११ सम्मको लागि कृषि विकास बैंकसंग भएको सम्झौताबमोजिम सामाजिक सुरक्षा वापतको पेश्की पहिलो चौमासिकमा रु.९६,४२,४००।०० दोस्रो चौमासिकको रु.१,०६,९९,०००।०० र तेस्रो चौमासिकको रु.१,०७,०१,०००।०० समेत रु.३,१०,४२,४००।०० दिएको देखिन्छ । लेखापरीक्षण अवधिसम्म पनि उक्त पेश्की फछ्र्यौट गरेको छैन । कार्यविधिको पालना गरी समयमा नै पेश्की फछ्र्यौट को व्यवस्था गरि आर्थिक कारोवारलाई चुस्त दुरुस्त र पारदर्शी वनाइनुपर्ने देखिएको छ ।

४७. **विवरण सार्वजनिक –** सामाजीक सुरक्षा कार्यक्रम (संचालन कार्यविधि), २०७२ नियम ३१ मा स्थानिय निकायले सामाजिक सुरक्षा भत्ता प्रदान गर्नको लागि गरेको नयाँ नामदर्ता, चौमासिक भत्ता वित्तरण र मृत्यु तथा वसाइसराईको कट्टा र थप गरेको विवरण सवैलाई पायक पर्ने स्थानमा सुचना टाँस गरी सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट योवर्ष उक्त विवरण सार्वजनिक गरेको पाइएन । कार्याविधिको व्यवस्था पालना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई पारदर्शी गराइनुपर्दछ ।

४८. **बढी खर्च –** नगर क्षेत्र पुर्वाधार विकास कार्यकम अन्तर्गतस्थानिय निकाय ससर्त अनुदान वापत रु.१,१९,७४,०००।– निकासा भएकोमा बैंक नगदी किताबमा रु.१,३५,५७,६९३।०० खर्च भएको

देखिएकोमा बढि खर्च गरेको देखाएको रु.१५,८३,६९३।०० सम्बन्धमा स्पष्ट गरिनुपर्दछ ।

४९. **स्रेस्ता पेश नभएको–** नगरक्षेत्र पुर्वाधार विकास कार्यक्रम अन्तर्गत२०७३ श्रावण १ देखि २०७४ जेष्ठ २८ सम्ममा विभिन्न आयोजनाहरुमा गोश्वारा भौचर नं १ देखि ८ सम्म रु.७३,५०,२६४।– खर्च लेखेकोमा लेखापरीक्षणको क्रममा उक्त श्रेस्ता पेश हुन आएन ।

५०. **निर्माण कार्य–** लक्ष्मीनारायण मन्दिर निर्माण को लागि रु.५३,८०,३१२।९० लागत अनुमान रहेको निर्माण कार्यको लागि लक्ष्मीनारायण मन्दिर निर्माण उपभोक्ता समितिसंग कार्यालयले रु.२५,००,०००।०० र उपभोक्ता समितीबाट रु २८,८०,३१३।०० व्यहोर्नेगरि २०७४।२।१५ सम्म निर्माण सम्पन्न गर्ने गरी २०७३।१२।७ मा सम्झौता भएको देखिन्छ । उक्त निर्माण कार्यको फाईल परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन ।

५०.१ निर्माण कार्यको शुरु लागत अनुमान गर्दा Salwood works in temple, Pittal roofing works and Stone mesonary works गर्नका लागि रु.५३,८०,३१२।९० को सम्झौता भएकोमा निर्धारित कार्यसम्पन्न गर्नुपर्ने अवधि सकिएपश्चात २०७४।३।१६ मा ल.ई परिमार्जन गरिएको देखिन्छ । यसरी ल.ई परिमार्जन गर्दा पित्तल प्राप्त हुन नसकेको कारण देखाई ढुंगा, काठ र सिमेन्टबाट कार्य गर्ने गरि परिमार्जन गरेको छ । यसरी ल.ई. परिमार्जन गर्दा शुरु लागत अनुमानमा रु.७०२।९० मात्र कमी गरिएको छ । पित्तल कार्य र सिमेन्ट कार्यको लागत अनुमान एकै नहुने तथा निर्माण कार्यको अन्तिम विल सिफारीस मिति भन्दा पछी निर्माण कार्यको लागत अनुमान संशोधन गरी लेखेको खर्च रु..२३,६८,०८७।०० नियम सम्मत देखिएन ।

५०.२ निर्माण कार्य सम्पन्न भएकाले अन्तिम विल भुक्तानीको लागि वडा कार्यालयले २०७४।३।८ मा सिफारिस गरेको देखिन्छ भने ल.ई परिमार्जन २०७४।३।१६ मा भएको देखिन्छ । साथै सोही निर्माण कार्य सम्पन्नको सिफारिस पुन वडा कार्यालयले च.नं.३६०।२०७४।३।१८ मा गरेको देखिन्छ । यसरी २ पटक वडा कार्यालयले सिफारिस गरेको तथा ल.ई. परिमार्जन भएको २ दिनको अवधिमा उक्त निर्माण कार्य सम्पन्न भएको भन्न सक्ने आधार देखिएन ।

५१. **सडक स्तरोन्नती–** विश्व बैंक, नेपाल सरकार र नगरपालीकाको संयुक्त लगानीमा उदयीमान शहर परियोजना अर्न्तगत मौजुदा सडक स्तरोन्नती कार्यका लागि कालिका प्यासिफिक जे.भी. संग २०७१।२।२६ मा रु.११,२७,६८,९८३।७० कबोल अंकमा सम्झौता भई यो आ.ब.मा आठौ देखि तेह्रौ तथा अन्तिम रनिङ विल समेत रु.१२,८८,५२,७५१। भुक्तानी भएको फाईल परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन ।

५१.१ निर्माण कार्यको शुरु सम्झौता रु.९९७९५५६०।७९(मु.अ.कर बाहेक) रहेकोमा २०७३।०५।२१ मा १३.१२ प्रतिशतले भेरीएशन स्वीकृत गरी रु.११,२८,९६,०३९।७०(मु.अ.कर बाहेक) स्वीकृत गरेकोमा सो को कुल सम्झौतामा मु.अ.कर समेत रु.१२,७५,७२,५२४।८६ भुक्तानी गर्नुपर्नेमा कार्यालयले अन्तिम विल समेत रु.१२,८८,५२,७५१।– भुक्तानी गरेको देखिएकोले प्राविधिक पुष्ट्याई वेगर बढी भुक्तानी दिएको रु.१२,८३,६१६।०० असुल गरिनुपर्दछ ।

५१.२ निर्माण कार्यको फाईनल विल तथा कार्यसम्पन्न प्रतिबेदन तयार गर्दा ५ आईटममा रु.४४,५४,८७१। बढि भुक्तानी दिएकोमा प्राविधिक पुष्ट्याई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिन्छ ।

५२. **धरौटी हिसाव–** धरौटीतर्फ कार्यालयले गत वर्षको जिम्मेवारी सारेको छैन, गौश्वारा धरौटी खाता प्रमाणित गरेको छैन । तसर्थ धरौटीको यथार्थ हिसाब एकिन गर्न सकिएन ।

५३. **धरौटी अन्य प्रयोजनमा खर्च–** स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धि नियमावली, २०६४ को नियम १८० मा धरौटी रकम अन्य प्रयोजनको निमित्त खर्च गर्न सोधभर्ना हुने गरि सापटी लिनदिन नहुने व्यवस्था भएकोमा कार्यालयले गोश्वारा भौचर नं.२० बाट धरौटी खाताबाट नगरपालीका कोष खातामा रकम स्थानान्तरण गरेको छ । नियमको व्यवस्था विपरित धरौटी खाताबाट ट्रान्सफर गरेको रकममध्ये रु.१५,००,०००।०० सोही खातामा फिर्ता आम्दानी जनाएको छ । बांकी रकम रु.१५,००,०००।०० धरौटी खाताबाट आन्तरिक कोष तर्फ सारी चालु प्रकृतिको कार्यमा खर्च भएको छ । उपर्युक्त नियम विपरित धरौटी रकम अन्य प्रयोजनमा खर्च भएको र शोधभर्ना प्राप्त नभएकोले धरौटी रकम अन्य प्रयोजनमा खर्च गर्ने पदाधिकारीमाथि कारवाही गरी धरौटी रकम फिर्ता गर्नुपर्दछ ।

५४. **पेश्की बाकी**ः- आर्थिक बर्षको अन्तसम्म बाकी रहेको पेश्कि मध्ये सिगाना गा.वि.स.को रु.१,०९,९८२।–, तित्यांग गा.वि.स.कोरु.२,७१,५६०।–, पैयुँपाटा गा.वि.स.का.रु.१,१५,०००।– नारायणस्थान गा.वि.स. को ६,८८,२००।– समेत रु.११,८४,७४२।– नियमाअनुसार फछ्यौट गर्नु पर्दछ ।

५५. **कर कट्टीः**-साबिक तित्यांग गा.वि.स.बाटविभिन्न कार्यको लागि भुक्तानी गर्दा रु.२७३८।– अग्रिम आयकर कट्टा नगरि भुक्तानी दिएकोले सो रकम अशुलउपर गर्नुपर्दछ ।

५६. **आन्तरिक आम्दानी:** यस आर्थिक बर्षमा देखाईएको आन्तरिक आम्दानि मध्ये साबिक रायडाँडा गा.वि.स.को रु.८,०००।– र साबिक मालिका गा.वि.स.को रु.१५,९४५।– समेत रु.२३,९४५।– को म.ले.प.फा नं.१०८ र २३ नम्बर फाराममा बिबरण नराखेकोले आम्दानि एकिन गर्न नसकिएको र नगदि रसिद नियन्त्रण खाताको बिबरण समेत राखेको पाईएन ।

५७. **कर कट्टी:-** साबिक नारायणस्थान गा.वि.स.बाट विभिन्न भुक्तानी गर्दा रु.५,७५३।– अग्रिम आयकर कट्टा नगरी भुक्तानी दिएकोले सो रकम अशुलउपर गर्नुपर्ने

## बेरुजू स्थितिः

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.८ करोड ८५ लाख ५४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.८ करोड ८५ लाख ५४ हजार रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.१ करोड १३ लाख ८५ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ९३ लाख ३९ हजार, प्रमाण पेश गर्नुपर्ने रु. १ करोड ४८ लाख ३२ हजार र पेश्कि रु.३ करोड २९ लाख ९८ हजार रहेको छ ।

# गलकोट नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.८७ लाख ८४ हजार र यो वर्षको आय रु.४ करोड ३२ लाख ६४ हजार समेत रु.५ करोड २० लाख ४८ हजार आम्दानी भएकोमा रु.४ करोड ६५ लाख ४२ हजार खर्च भई रु.५५ लाख ६ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन् ।

१. **पेश्की बाँकि:** आर्थिक बर्षको अन्तमा स्टोर किपरलाई दिईएको मेशिनरी औजारको पेश्की फछ्यौट भै सम्परिक्षणको लागि पेश हुदा जिन्सि खातामा आम्दानी बाधेको म.ल.प.फा.नं.४७ पेश हुन नआएकोले रु.१,५०,०००।०० पेश्की बाकी देखिएको छ ।

२. **सिधै खरिद:-** सार्वजनिक निकायले रु.५ लाख भन्दा बढिको बस्तु तथा सेवा खरिद गर्नु परेमा सार्वजनिक खरिद नियमावलि २०६४ को परिच्छेद ७ को नियम ८४ बमोजिम शिलबन्दिको माध्यमबाट खरिद गर्नु पर्नेछ भन्ने उल्लेख भएकोमा सो प्रक्रिया नअपनाई कार्यालयले रु.२३,७३,८९१।०० को विभिन्न मेशीनरी तथा फर्निचर सिधै खरिद गरिएकोले नियमित नभएको ।

३. **सम्पत्ति हस्तान्तरण:** गाउँपालिकामा समाहित भएका साबिक गा.वि.स.को चल अचल सम्पति गाउँपालिकामा हस्तानन्तर गर्नु पर्नेमा गरेको देखिएन ।

४. **आन्तरिक आम्दानी:** यस आर्थिक बर्षमा देखाईएको आन्तरिक आम्दानि मध्ये साबिक दुदिलाभाटी गा.वि.स.को रु.१६,२००।० र साबिक नरेठाँटी गा.वि.स.को रु.७१,१०६।०, साबिक हटिया गा.वि.स.को रु.२,३०,७७८।०,साबिक रिघा गा.वि.स. को रु.१०,७३०।० समेत समेत रु.३,२८,८१४।० को म.ले.प.फा नं. १०८ र २३ नम्बर फाराममा बिबरण नराखेकोले आम्दानि एकिन गर्न नसकिएको र नगदि रसिद नियन्त्रण खाताको बिबरण समेत राखेको पाईएन ।

५. **पेश्की बाकी:-**साबिक नरेठाँटी गा.वि.स.को आर्थिक बर्षको अन्तसम्म बाकी रहेको पेश्की रु.१,३९,२००।०० नियमाअनुसार फछ्यौट गर्नु पर्ने देखिन्छ ।

६. **प्रमाण कागजात:-** साबिक हटिया गा.वि.स.बाट गा.बि.स.सचिवलाई बार्षिक सट्टा बिदाको रकम रु.१५६६६।००भुक्तानी दिएकोमा सट्टा बिदाको रकम भुक्तानी पाउने प्रमाण पेश हुन नआएको

७. **बार्षिक बजेट भन्दा बढि खर्च:-**साबिक हटिया गा.वि.स.बाट महिला स्वयम सेबिकाशिबिरको खर्च भनि रु.६५,०००।०० खर्च लेखेकोमा परिषदको निर्णय अनुसार रु.४५०००।०० मात्र बिनियोजन भएकोले बार्षिक बजेट भन्दा बढि खर्च गरेको रु.२०,०००।० रकम अनियमित देखिन्छ ।

८. **पेश्की बाकी:-**साबिक काँडेबास गा.वि.स.कोआर्थिक बर्षको अन्तसम्म बाकी रहेको पेश्की रु.९८,०००।०० नियमाअनुसार फछ्यौट गर्नु पर्ने देखिन्छ ।

९. **जिन्सि आम्दानी:-**साबिक काँडेबास गा.वि.स.बाट बिभिन्न मितिमा रु.२,७९,०००।००को खप्ने सामानहरु खरिद गरिएकोमा जिन्सि खातामा आम्दामि बाधिएको देखिएन ।

१०. **कर कट्टी:-**साबिक रिघा गा.वि.स.बाट विभिन्न कार्यको भुक्तानी गर्दा रु.४,५७१।४२ अग्रिम कर कट्टा नगरि भुक्तानी दिएकोले सो रकम अशुलउपर गर्नुपर्ने देखिन्छ ।

११. **जिन्सि आम्दानी:-**साबिक रिघा गा.वि.स.बाट रु.१,२५,०८७।०मूल्यकाखरिद गरिएका सामानहरु जिन्सि खातामा आम्दामि बाधिएको देखिएन ।

१२. **बार्षिक बजेट भन्दा बढि खर्च:-**साबिक रिघा गा.वि.स.बाट मोटरसाईकल खरिद गर्न भनि रु.२,५०,०००।०० बिनियोजन भएकोमा रु.२,६५,०००।०० खर्च लेखेकोले बार्षिक बजेट भन्दा बढि खर्च लेखेको रु १५०००।०० नियमितदेखिएन ।

१३. **प्रमाण बेगर भुक्तानी:-**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ अनुसार बिल भरपाई वेगर रु.३,९४,४१९।० भुक्तानी दिएको रकम नियमित देखिएन ।

### बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.१५ लाख ६७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.१५ लाख ६७ हजार रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.४ हजार, नियमित गर्नुपर्ने रु.११ लाख ७६ हजार र पेश्कि रु.३ लाख ८७ हजार रहेको छ ।

# जैमिनी नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.१ करोड २८ लाख ९१ हजार र यो वर्षको आय रु.१० करोड ३४ लाख ९० हजार समेत रु.११ करोड ६३ लाख ८१ हजार आम्दानी भएकोमा रु.९ करोड ६० लाख ११ हजार खर्च भई रु.२ करोड ३ लाख ७० हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्

१. **सोझै खरिदः** सार्वजनिक निकायले रु.५ लाख भन्दा बढिको बस्तु तथा सेवा खरिद गर्नु परेमा सार्वजनिक खरिद नियमावलि २०६४ को परिछेद ७ को नियम ८४ बमोजिम शिलबन्दिको माध्यमबाट खरिद गनुपर्ने व्यवस्था छ । सो प्रक्रिया नअपनाई कार्यालयले रु.१५,७७,५८७।०० विभिन्न मेशिनरी र फर्निचर मालसमानहरु सिधै खरिद गरिएकोले नियमित देखिएन ।

२. **पेश्की बाकीः-** साबिक कुश्मिसेरा गा.वि.स.को आर्थिक बर्षको अन्तसम्म बाकी रहेको पेश्की रु.१,१२,५००।०० नियमाअनुसार फछ्यौट गर्नुपर्ने देखिन्छ ।

३. **सम्पत्ति हस्तान्तरणः** गाउँपालिकामा समाहित भएका साबिक गा.वि.स.को चल अचल सम्पति गाउँपालिकामा हस्तानन्तर गर्नु पर्नेमा गरेको देखिएन ।

४. **आन्तरिक आम्दानीः** यस आर्थिक बर्षमा देखाईएको आन्तरिक आम्दानि मध्ये साबिक कुश्मीसेरा गा.वि.स.को रु.१०,५४४।०।०, साबिक सर्कुवा गा.वि.स.को रु.६,७००।०, साबिक छिस्ती गा.वि.स.को रु.७०,३५०।०, साबिक पैयूथन्थाप गा.वि.स.को रु.१५,०००।०,साबिक राङखानी गा.वि.स.को रु.२,१५०।० समेत रु.१,०४,७४४।० को म.ले.प.फा नं. १०८ र २३ नम्बर फाराममा बिबरण नराखेकोले आम्दानि एकिन गर्न नसकिएको र नगदि रसिद नियन्त्रण खाताको बिबरण समेत राखेको पाईएन ।

५. **कर कट्टीः-** साबिक कुश्मीसेरा गा.वि.स.ले विभिन्न कार्यको भुक्तानी गर्दारु.९,२९२।६५ अग्रिम कर कट्टा नगरि भुक्तानी दिएकोले सो रकम अशुलउपर गर्नुपर्ने देखिन्छ ।

६. **पेश्की बाकीः-**साबिक सर्कुवा गा.वि.स.को आर्थिक बर्षको अन्तसम्म बाकी रहेको पेश्की रु.१,२९,०००।०० नियमाअनुसार फछ्यौट गर्नु पर्ने देखिन्छ ।

७. **बिबरण नखुलेकोः-**साबिक सर्कुवा गा.वि.स.बाट बिभिन्न बिलको रु.१,२०,०००।०भुक्तानी दिएकोमा कुन कुन योजनाको रकम कुन कुन शिर्षकबाट भुक्तानी दिएको हो सो नखुलेकोले खर्च स्पष्ट हुनुपर्ने देखिन्छ।

८. **बिल भरपाईः-**साबिक सर्कुवा गा.वि.स. को आन्तरिक लेखापरक्षणबाट औंल्याईएको रु.९,००,०००।० को नपुग बिल भपाई हाल सम्म पनि प्राप्त हुन आएन ।

९. **पेश्की बाकीः-** साबिक विनामारे गा.वि.स.को आर्थिक बर्षको अन्तसम्म बाकी रहेको पेश्की रु.९,७८,०१४।०० नियमाअनुसार फछ्यौट गर्नुपर्ने देखिन्छ ।

१०. **कर दाखिलाः-**साबिक विनामारे गा.वि.स.को आन्तरिक लेखापरिक्षणबाट औल्याईएको अग्रिम आयकर दाखिला छुट भएको रु.१७३५।० हालसम्म पनि दाखिला भएको देखिएन ।

११. **पेश्की बाकीः-**साबिक अर्जेवा गा.वि.स.को आर्थिक बर्षको अन्तसम्म बाकी रहेको पेश्की रु.१,६६,४००।०० नियमाअनुसार फछ्यौट गर्नुपर्ने देखिन्छ ।

१२. **कर कट्टीः -**साबिक अर्जेवा गा.वि.स.बाट विभिन्न कार्यको भुक्तानी गर्दा रु.२६५५।० अग्रिम अकर कट्टा नगरि भुक्तानी दिएकोले सो रकम अशुलउपर गर्नुपर्ने देखिन्छ ।

१३. **कर कट्टीः -**साबिक जैदी गा.वि.स.ले विभिन्न कार्यको भुक्तानी दिदा रु.२,०२५।० अग्रिम कर कट्टा नगरि भुक्तानी दिएकोले सो रकम अशुलउपर गर्नुपर्ने देखिन्छ ।

१४. **पेश्की बाकीः-**साबिक पैयुथन्थाप गा.वि.स.को आर्थिक बर्षको अन्तसम्म बाकी रहेको पेश्की रु.३,९०,४९२।०० नियमाअनुसार फछ्यौट गर्नुपर्ने देखिन्छ ।

१५. **बिल भरपाईः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ अनुसार खर्चको विल भरपाई संलग्न राखी खर्च लेख्नुपर्नेमा साबिक राङखानी गा.वि.स.बाट दिनानाथ गौतमलाई रु.५०,०००।०० भुक्तानी खर्च लेखेकोमा रु.२०,०००।०० को बिल भर्पाई सम्लग्न नभएकोले अशुलउपर गर्नुपर्ने देखिन्छ ।

१६. **कार्य सम्पन्नः-**साबिक राङखानी गा.वि.स.बाट बिभिन्न योजनाको रु.१,२३,०००।०भुक्तानी दिईएकोमा लागत अनुमान कार्य सम्पन्न प्रतिबेदन र बिल भर्पाई समेत सम्लग्न भएको देखिएन ।

१७. **बिल भरपाई:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ अनुसार खर्चको विल भरपाई संलग्न राखी खर्च लेख्नुपर्नेमा साबिक राङखानी गा.वि.स.बाट बिल भपाई बेगर रु.१,०१,५१९।०० खर्च लेखेकोले प्रमाण कागजात पेश गर्नुपर्ने देखिन्छ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.३१ लाख ६० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.३१ लाख ६० हजार रहेको छ। सो मध्ये असुल गर्नुपर्ने रु.३५ हजार, नियमित गर्नुपर्ने रु.१३ लाख ५० हजार र पेश्कि रु.१७ लाख ७५ हजार रहेको छ।

# ढोरपाटन नगरपालिका

# लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.१ करोड १३ लाख ८२ हजार र यो वर्षको आय रु.७ करोड २१ लाख ४७ हजार समेत रु.८ करोड ३५ लाख २९ हजार आम्दानी भएकोमा रु.६ करोड ७० लाख १३ हजार खर्च भई रु. १ करोड ६५ लाख १६ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन् ।

१. **जिन्सीआम्दानीः—**विभिन्न मितिमा रु.१८,४१०।० का विभिन्न मालसामानहरु खरिद गरिएकोमा सो सामानहरु जिन्सि खातामा आम्दामि बाधिएको देखिएन ।

२. **सिधै खरिदः—**सार्वजनिक निकायले रु.५ लाख भन्दा बढिको बस्तु तथा सेवा खरिद गर्नु परेमा सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ८४ बमोजिम शिलबन्दि दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेकोमा सो प्रक्रिया नअपनाई कार्यालयलेरु.२१,६२,८२५।० मालसमानहरु सिधै खरिद गरेकोले नियमित देखिएन ।

३. **सम्पत्ति हस्तान्तरणः** गाउँपालिकामा समाहित भएका साबिक गा.वि.स.को चल अचल सम्पति गाउँपालिकामा हस्तानन्तर गर्नु पर्नेमा गरेको देखिएन

४. **आम्दानी एकिन नभएकोः-** साबिक वुर्तिवाङ गा.वि.स.बाट रु.६९,५६५।०० आन्तरिक आम्दानि गरेकोमा म.ले.प.फा नं. १०८ र २३ नम्बर फाराममा बिबरण नराखेकोले आम्दानि एकिन गर्न नसकिएको र नगदि रसिद नियन्त्रण खाताको बिबरण समेत राखेको पाईएन ।

५. **पेश्की बाकीः-**साबिक वुर्तिवाङ गा.वि.स.को आर्थिक बर्षको अन्तसम्म बाकी रहेको पेश्की रु.९६,६६३८।०० नियमाअनुसार फछ्यौट गर्नुपर्ने देखिन्छ ।

६. **कर कट्टीः-** साबिक वुर्तिवाङ गा.वि.स.बाट विभिन्न कार्यको भुक्तानी दिदा रु.१५,१२१।४८अग्रिम कर कट्टा नगरि भुक्तानी दिएकोले सो रकम अशुलउपर गर्नुपर्ने देखिन्छ ।

७. **पेश्की बाकीः-**साबिक खुङखा गा.वि.स.को आर्थिक बर्षको अन्तसम्म बाकी रहेको पेश्की रु.५,७०,०००।०० नियमाअनुसार फछ्यौट गर्नुपर्ने देखिन्छ ।

८. **बैंक मौजात फरकः—**साबिक अधिकारीचौर गा.वि.स.को २०७३।११।२७ सम्मको अन्तिम मौज्दात रु.३३,८०,२६१/- भएकोमा निकासा हुँदा रु.३३,७९,९१५।० मात्र देखिएकोले रु.२३४।०० कम भएको देखिन्छ

९. **पेश्की बाकीः-**साबिक अधिकारीचौर गा.वि.स.को आर्थिक बर्षको अन्तसम्म बाकी रहेको पेश्की रु.१५,०००।०० नियमाअनुसार फछ्यौट गर्नुपर्नेदेखिन्छ ।

१०. **कर कट्टीः-**साबिक वोवाङ गा.वि.स.बाट विभिन्न कार्यको भुक्तानी गर्दा रु.१३,१६३।० अग्रिम कर कट्टा नगरि भुक्तानी दिएकोले सो रकम अशुलउपर गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.७२ लाख २१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.७२ लाख २१ हजार रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.३८ हजार, नियमित गर्नुपर्ने रु.५६ लाख ३० हजार बाँकि रहेको छ ।

# बरेङ गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.६७ लाख ४९ हजार र यो वर्षको आय रु.५ करोड ४८ लाख १० हजार समेत रु.६ करोड १५ लाख ५९ हजार आम्दानी भएकोमा रु.५ करोड ६० लाख ५९ हजार खर्च भई रु.५५ लाख मौज्दात रहेको छ। आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्।

१. **सिधै खरिदः-** सार्वजनिक निकायले रु.५ लाख भन्दा बढिको बस्तु तथा सेवा खरिद गर्नु परेमा सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ८४ बमोजिम शिलबन्दिको माध्यमबाट खरिद गर्नु पर्ने व्यवस्था रहेकोमा सो प्रक्रिया नअपनाई कार्यालयलेरु.१८,६२,१५८।०० का मालसमानहरु सिधै खरिद गरेकोले गरिएकोले नियमित देखिएन।

२. **सम्पत्ति हस्तान्तरणः** गाउँपालिकामा समाहित भएका साबिक गा.वि.स.को चल अचल सम्पति गाउँपालिकामा हस्तानन्तर गर्नु पर्नेमा गरेको देखिएन

३. **अग्रिम कर कट्टीः-** आयकर ऐन २०५८ को दफा ८९ मा अगि्म कर कट्टी गर्ने व्यवस्था छ। साबिक धुल्लुवास्कोट गा.वि.स.ले विभिन्न कार्यको भुक्तानी दिदा रु.२१,१३९।४८ अग्रिम कर कट्टा नगरि भक्तानी दिएकोले अशुलउपर गनुपर्ने देखिन्छ।

४. **पेश्की बाकीः-** साबिक धुल्लुवास्कोट गा.वि.स.को आर्थिक बर्षको अन्तसम्म पेश्की फछ्र्यौट नभएको पेश्की रु.७०,०००।००नियमानुसार फछ्र्यौट गर्नुपर्ने देखिन्छ।

५. **अग्रिम करः-** आयकर ऐन २०५८ को दफा ८९ मा अगि्म कर कट्टी गर्ने व्यवस्था छ। साबिक हुग्दीशिर गा.वि.स.ले विभिन्न कार्यको भुक्तानी दिदा रु.३,१६१।० कर कट्टा नगरि भक्तानी दिएको रकम अशुलउपर गर्नुपर्ने देखिन्छ।

६. **पेश्की बाकीः-**साबिक बाटाकाचौर गा.वि.स.को आर्थिक बर्षको अन्तसम्म पेश्की फछ्र्यौट नभएको पेश्की रु.६,०६,४७७।००नियमानुसार फछ्र्यौट गर्नुपर्ने देखिन्छ।

### बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.७ लाख बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.७ लाख रहेको छ। सो मध्ये असुल गर्नुपर्ने रु.२४ हजार र पेश्कि रु.६ लाख ७६ हजार रहेको छ।

# काँठेखोला गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.९९ लाख २८ हजार र यो वर्षको आय रु. ५ करोड ६६ लाख ३९ हजारसमेत रु.६ करोड ६५ लाख ६७ हजारआम्दानी भएकोमा रु.६ करोड ९ लाख ६६ हजार खर्च भई रु.५६ लाख १ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्

१. **सोझै खरिद:**सार्वजनिक निकायले रु.५ लाख भन्दा बढिको बस्तु तथा सेवा खरिद गर्नु परेमा सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ८४ बमोजिम शिलबन्दिको माध्यमबाट खरिद गर्नु पर्नेउल्लेख भएकोमा सो प्रक्रिया नअपनाई कार्यालयलेरु.१६,११,८३०।०० को विभिन्न मेशिनरी र फर्निचर सिधै खरिद गरेकोले नियमित नभएको

२. **सम्पत्ति हस्तान्तरण:** गाउँपालिकामा समाहित भएका साबिक गा.वि.स.कोचल अचल सम्पति गाउँपालिकामा हस्तानन्तर गर्नु पर्नेमा गरेको देखिएन ।

३. **पेश्की बाकी:-** आर्थिक बर्षको अन्तसम्म बाकी रहेको पेश्की मध्ये साबिक पाला गा.वि.स.को रु.१०,०००।००, साबिक भिमपोखरा गा.वि.स.को रु.१०,८६,१००।०, साबिक तंग्राम गा.वि.स.को रु.१,००,०००।०, नियमाअनुसार फछ्यौट गर्नु पर्ने

४. **कर कट्टी:-** आयकर ऐन २०५८ को दफा ८८ र ८९ मा कर कट्टी सम्वन्धी व्यवस्था रहेको छ । कार्यालयले विभिन्न कार्यको लागि भुक्तानी गर्दा साबिक भिमपोखरा गा.वि.स.ले रु.८,८५०।०,साबिक तंग्राम गा.वि.स.ले रु.१,३२७।०,अग्रिम आयकर कट्टा नगरि भुक्तानी दिएकोले सो रकम अशुलउपर गर्नुपर्ने देखिन्छ ।

५. **आन्तरिक आम्दानी:** यस आर्थिक बर्षमा देखाईएको आन्तरिक आम्दानि मध्ये साबिक रेश गा.वि.स.को रु.८५,२१५।०र साबिकलेखानी गा.वि.स.को रु.७,५२०।० समेत रु.९२,७३५।० को म.ले.प.फा नं. १०८ र २३ नम्बर फाराममा बिबरण नराखेकोले आम्दानि एकिन गर्न नसकिएको र नगदि रसिद नियन्त्रण खाताको बिबरण समेत राखेको पाईएन ।

## बेरुजु स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.२७ लाख ९२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्यौट नगरेकोले रु.२७ लाख ९२ हजार फछ्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.१ हजार, नियमित गर्नुपर्ने रु.१७ लाख ५ हजार र पेश्कि रु.१० लाख ८६ हजार रहेको छ ।

# तमानखोला गाउँपालिका

## लेखापरक्षिण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु. ३९ लाख ९७ हजार र यो वर्षको आय रु.४ करोड ७१ लाख ६५ हजार समेत रु.५ करोड ११ लाख ६२ हजार आम्दानी भएकोमा रु.४करोड ८० लाख ६७ हजार खर्च भई रु.३० लाख ९५ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **बढि भुक्तानी:** कार्यकारी अधिकुत श्री खिम बहादुर बि.क.ले१ दिनको दै.भ्र.भ.बढि लिएको रु.१६००।०० अशुलउपर गर्नुपर्दछ ।

२. **सम्पत्ति हस्तान्तरण:** गाउँपालिकामा समाहित भएका साबिक गा.वि.स.को चल अचल सम्पति गाउँपालिकामा हस्तानन्तर गर्नु पर्नेमा गरेको देखिएन

३. **सिधै खरिद:** सार्वजनिक निकायले रु.५ लाख भन्दा बढिको बस्तु तथा सेवा खरिद गर्नु परेमा सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ८४ बमोजिम शिलबन्दिको माध्यमबाट खरिद गर्नु पर्ने व्यवस्था रहेकोमा सो प्रक्रिया नअपनाई कार्यालयललेरु. रु.२८०९६३८।००२ को विभिन्न मालसमानहरु सिधै खरिद गरिएकोले नियमित देदिएन ।

४. **पेश्की बाकी:** साबिक बोंगादोभान गा.वि.स.को आर्थिक बर्षको अन्तसम्म बाकी रहेको पेश्की रु.९५,०००।०० नियमाअनुसार फछ्यौट गर्नुपर्ने देखिन्छ ।

५. **पेश्की बाकी:** साबिक खुंखानी गा.वि.स.को आर्थिक बर्षको अन्तसम्म बाकी रहेको पेश्की रु.२५,०००।०० नियमाअनुसार फछ्यौट गर्नुपर्ने देखिन्छ ।

### बेरुजु स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.१६ लाख ६७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.१६ लाख ६७ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.२८ हजार, नियमित गर्नुपर्ने रु.८७ हजार र पेश्कि रु.१५ लाख ५२ हजार रहेको छ ।

# ताराखोला गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.४७ लाख ९९ हजार र यो वर्षको आय रु.४ करोड १४ लाख १५ हजार समेत रु.४ करोड ६२ लाख १४ हजार आम्दानी भएकोमा रु.४ करोड २ लाख ९० हजार खर्च भई रु.५९ लाख २४ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन् :

७. **प्रमाण कागजात:-** कार्यकारी अधिकृत श्री शान्ति पौडेलले काठमाण्डौ पोखरा हवाईजहाज प्रयोग गरेकोमा बोर्डिङ पास बेगर रु.९,४००।० भुक्तानी दिईएकोले बोर्डिङ पास पेश हुनुपर्दछ ।

८. **सोझै खरिद :** सार्वजनिक निकायले रु.५ लाखभन्दा बढीको बस्तु तथा सेवा खरिद गर्नुपरेमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बमोजिम सिलबन्दीको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेकोमा सो प्रक्रिया नअपनाई कार्यालयले रु.२३६०७५९।०० को मालसमानहरु सिधै खरिद गरिएकोले नियमित देखिएन ।

**हिल गाउँ विकास समिति**

९. **पेश्की:-** हिल गा.वि.स.को आर्थिक बर्षको अन्तसम्म बाकी रहेको पेश्की रु.१,१०,२५५।०० नियमाअनुसार फछ्यौट गर्नुपर्ने देखिन्छ ।

१०. **आन्तरिक आम्दानी**:- म.ले.प.फा.नं.२३ नराखेकोले आम्दानी एकिन गर्न नसकिएको र नगदी रसिद नियन्त्रण खाताको बिबरण समेत राखेको पाईएन ।

**तारा गाउँ विकास समिति**

११. **आन्तरिक आम्दानी:-** यस आर्थिक बर्षमा देखाईएको आन्तरिक आम्दानि रु.८४००।०० म.ले.प.फा नं. १०८ र २३ नम्बर फाराममा नराखेकोले आम्दानी एकिन गर्न नसकिएको र नगदि रसिद नियन्त्रण खाताको बिबरण समेत राखेको पाईएन

१२. **कर कट्टी:-** विभिन्न कार्यको लागि भुक्तानी दिदा रु.५,५५४।० अग्रिम कर कट्टा नगरि भुक्तानी दिएकोले अशुलउपर गर्नुपर्ने देखिन्छ ।

**अमरभुमि गाउँ विकास समिति**

१३. **आन्तरिक आम्दानी:-** यस आर्थिक बर्षमा देखाईएको आन्तरिक आम्दामि रु.१३,६५०।०० म.ले.प.फा नं. १०८ र २३ नम्बर फाराममा नराखेकोले आम्दानी एकिन गर्न नसकिएको र नगदि रसिद नियन्त्रण खाताको बिबरण समेत राखेको पाईएन ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.१ लाख ४५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.१ लाख ४५ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.५ हजार, नियमित गर्नुपर्ने रु.३० हजार र पेश्की रु.१ लाख १० हजार रहेको छ ।

# निसीखोला गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.१ करोड ५७ लाख ६४ हजार र यो वर्षको आय रु.५ करोड ४९ लाख ९६ हजार समेत रु. ७ करोड ७ लाख ६० हजार आम्दानी भएकोमा रु.५ करोड ४९ लाख ९६ हजार खर्च भई रु. १ करोड ५७ लाख ६४ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन् ।

१. **सिधै खरिदः-** सार्वजनिक निकायले रु.५ लाख भन्दा बढिको बस्तु तथा सेवा खरिद गर्नु परेमा सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ८४ बमोजिम शिलबन्दिको माध्यमबाट खरिद गर्नु पर्ने व्यवस्था रहेकोमा सो प्रक्रिया नअपनाई कार्यालयले रु.८,१२,७६२।०० को मालसमानहरु सिधै खरिद गरेकोले गरिएकोले नियमित देखिएन ।

२. **पेश्की बाकीः-**साबिक बोहोरागाउँ गा.वि.स.को आर्थिक बर्षको अन्तसम्म बाकी रहेको पेश्की रु.१,२३,०००।०० नियमाअनुसार फछ्यौट गर्नुपर्ने देखिन्छ ।

३. **पेश्की बाकीः-**साबिक निसी गा.वि.स.को आर्थिक बर्षको अन्तसम्म बाकी रहेको पेश्की रु.२,६३,०००।०० नियमाअनुसार फछ्यौट गर्नुपर्नेदेखिन्छ ।

४. **कर कट्टीः-**साबिक निसी गा.वि.स.ले विभिन्न कार्यको भुक्तानी गर्दा रु.५,६४९।०० अग्रिम कर कट्टा नगरि भुक्तानी दिएकोले सो रकम अशुलउपर गर्नुपर्ने देखिन्छ ।

५. **पेश्की बाकीः-**साबिक राजकुत गा.वि.स.को आर्थिक बर्षको अन्तसम्म बाकी रहेको पेश्की रु.५६,१४८।०० नियमाअनुसार फछ्यौट गर्नुपर्ने देखिन्छ ।

६. **जिन्सि आम्दानीः-** साबिक राजकुत गा.वि.स.बाट रु.३,९१,९००।०० को मोटरसाईकल र ल्यापटप खरिद गरेकोमा जिन्सि खातामा आम्दानि बाधिएको देखिएन ।

७. **प्रमाण बेगर भुक्तानीः-** साबिक राजकुत गा.वि.स.बाट बिभिन्न योजनाहरुको रकम भुक्तानी भनि रु.१,९२,७५०।०० खर्च लेखिकोमा रु.७२५०।०० बिल कम रहेकोले बिल बेगरको रकम अशुलउपर गर्नु पर्ने देखिन्छ ।

८. **प्रमाण सच्याईएको बारेः-** साबिक राजकुत गा.वि.स.बाट शिर्जनशिल महिला समुह र किशोरी शिक्षा तालिमको लागि रु.२,९१,४४७।०० रकम खर्च लेखेकोमा सहभागिहरुको रकम बुझिलिएको भर्पाई फोटोकपि राखिएको र सो फोटोकपि भर्पाई दस्तखतमा पनि सच्याईएको हुदा उक्त खर्च नियमित देखिएन ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.११ लाख ३७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.११ लाख ३७ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.१२ हजार, नियमित गर्नुपर्ने रु.६ लाख ८३ हजार र पेश्कि रु.४ लाख ४२ हजार रहेको छ ।

# बडीगाड गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.१ करोड ५१ लाख ३३ हजार र यो वर्षको आय रु.५ करोड ७६ लाख २८ हजार समेत रु.७ करोड २७ लाख ६१ हजार आम्दानी भएकोमा रु.६ करोड ८५ लाख ३३ हजार खर्च भई रु.४२ लाख २८ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्।

१. **फरक शिर्षकबाट खर्च:** अर्थ मत्रालयको कार्य संचालन निर्देशिका २०७० अनुसार मेशिनरी सामानहरुको भुक्तानी पुजिगतबाट खर्च लेख्नुपर्नेमा गाउ कार्यपालिकाले रु.२८,०००।०० को रेफ्रिजेरेटर खरिद गरेकोमा कार्यालय सामानबाट भुक्तानी खर्च लेखेको रकम नियमित देखिएन।

२. **फरक शिर्षकबाट खर्च:** गो.भौ.नं. २० बाट कार्यालय संचालन शिर्षकबाट खर्च लेख्नु पर्नेमा बिबिध खर्च लेखेको रु.९६,०००।०० र बिबिध बाट खर्च लेख्नु पर्नेमा कार्यालय सन्चालन शिर्षकबाट खर्च लेखेको रु.२८,७००।०० समेत रु.१,२४,७००।० नियमित देखिएन।

३. **सोझै खरिद:** सार्वजनिक निकायले रु ५ लाख भन्दा बढिको बस्तु तथा सेवा खरिद गर्नु परेमा सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ८४ बमोजिम शिलबन्दिको माध्यमबाट खरिद गर्नु पर्ने व्यवस्था रहेकोमा सो प्रक्रिया नअपनाई कार्यालयले रु.२८,४९,०५१।००को मालसमानहरु सिधै खरिद गरिएकोले नियमित देखिएन।

४. **आम्दानी एकिन नभएको:-** यस आर्थिक बर्षमा देखाईएको आन्तरिक आम्दानी रु.११,८४३।०० म.ले.प.फा नं. १०८ र २३ नम्बर फाराममा बिबरण नराखेकोले आम्दानीएकिन गर्न नसकिएको र नगदि रसिद नियन्त्रण खाताको बिबरण समेत राखेको पाईएन।

५. **सम्पत्ति हस्तान्तरण:** गाउँपालिकामा समाहित भएका साबिक गा.वि.स.को चल अचल सम्पति गाउँपालिकामा हस्तानन्तर गर्नु पर्नेमा गरेको देखिएन

६. **आम्दानी एकिन नभएको:-** साबिक दगान्तुडाँडा गा.वि.स.को यस आर्थिक बर्षमा देखाईएको आन्तरिक आम्दानी रु.२,७८,५६०।०० म.ले.प.फा नं. १०८ र २३ नम्बर फाराममा बिबरण नराखेकोले आम्दानीएकिन गर्न नसकिएको र नगदि रसिद नियन्त्रण खाताको बिबरण समेत राखेको पाईएन।

७. **भुक्तानी दिन बाकी बिबरण:-**साबिक दगान्तुडाँडा गा.वि.स.ले आ.व. २०७२।२०७३ को बाकि रकम भनि रु.६५,३०४।००भुक्तानी दिएकोमा म.ल.प.फा.नं. १८ संलग्न गरेको देखिएन

८. **कर कट्टी:-** आयकर ऐन २०५८ को दफा ८९ अनुसार कर कट्टी गर्ने व्यवस्था रहेकोमा साबिक सिसाखानी गा.वि.स.ले विभिन्न भुक्तानी गर्दा रु.११,६२२।०० अग्रिम कर कट्टा नगरि भुक्तानी दिएकोले सो रकम अशुल गर्नुपर्ने देखिन्छ।

९. **बिल भपाई:-**आर्थिक कार्यविधि नियमावली २०६४ को निय ३६ अनुसार विल भरपाई संलग्न राखी खर्च गर्नुपर्नेमा साबिक सिसाखानी गा.वि.स.ले बिल भपाई बेगर रु.५,६०,०००।०० खर्च लेखेकालेउक्त खर्चको कागजात पेश गर्नुपर्ने देखिन्छ।

१०. **पेश्की बाकी:-**साबिक ग्वालीचौर गा.वि.स.को आर्थिक बर्षको अन्तसम्म बाकी रहेको पेश्की रु.८,९५,५००।०० नियमाअनुसार फछ्यौट गर्नुपर्ने देखिन्छ।

११. **पेश्की बाकी:-** साबिक भिमगिठे गा.वि.स.को आर्थिक बर्षको अन्तसम्म बाकी रहेको पेश्की रु.९,९५,०००।०० नियमाअनुसार फछ्यौट गर्नुपर्ने देखिन्छ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.२८ लाख ७२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.२८ लाख ७२ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ। सो मध्ये असुल गर्नुपर्ने रु.१२ हजार, नियमित गर्नुपर्ने रु.९ लाख ७० हजार र पेश्कि रु.१८ लाख ९० हजार रहेको छ।

# कावासोती नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

१. **कावासोती नगरपालिका**: नगरपालिकाको गत वर्षको मौज्दात रु.१ करोड २३ लाख ५६ हजार र यो वर्षको आय रु.२४ करोड ९ लाख १६ हजार समेत रु.२५ करोड ३२ लाख ७२ हजार आम्दानी भएकोमा रु.२२ करोड ४४ लाख ३० हजार खर्च भई रु.२ करोड ८८ लाख ४२ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

२. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा नगरपालिकाले उपभोक्ता समितिसँग गरेको सम्झौतामा उक्त व्यहोरा आंशिक रुपमा मात्र समावेश गरेको देखिएको छ । साथै नियम ९७ (७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार सामाजिक लेखापरीक्षण गरेको देखिएन । उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पालना गर्नुपर्ने देखिएको छ ।

३. **आयव्यय विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा आर्थिक विवरणमा समावेश गर्नुपर्ने आम्दानी र खर्च शीर्षकहरुको व्यवस्था छ । साविक गा.वि.स.ले ती शीर्षकहरुभन्दा फरक शीर्षक राखी आय–व्यय लेखांकन गरेको देखिएको छ । नियमावलीले निर्देशित गरेअनुसार आयव्यय विवरण तयार गरी परिषद्बाट अनुमोदन गरी पारदर्शिता कायम गर्नुपर्ने देखिएको छ ।

४. **सम्पत्ति लेखांकन :** नगरपालिका र अन्तरगतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ ।

५. **स्रोत नक्सांकन :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साँकन सहितको नगरपालिका प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

६. **दरवन्दी र पदपूर्ति :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा कार्यालयको लागि स्वीकृत दरवन्दी अनुसार पदपूर्ति भएको हुनुपर्ने व्यवस्था छ । कार्यालयको स्वीकृत दरवन्दी अनुसार ३१ पद रहेकोमा १२ पद स्थायी एवं १८ पद सेवा करार र १ दैनिक ज्यालादारीद्धारा पूर्ति भएको देखिन्छ । दरबन्दी अनुसार पदपूर्ति नहुंदा उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन र सेवा प्रवाह गर्न कठिनाइ हुने देखिएको छ । रिक्त दरबन्दी पूर्ति गर्नेतर्फ ध्यान दिनुपर्ने देखिएको छ ।

७. **बेरुजु अभिलेख :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको बुँदा १७ बमोजिम नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण गर्नुपर्ने व्यवस्था छ । समाहित भएका गा.वि.स.को हकमा नगरपालिकामा बेरुजु अभिलेखका साथै पेश्की बांकी तथा फछ्र्यौटको अभिलेख नरहेकाले ती गा.वि.स.को पेश्की र बेरुजुको अवस्था यकिन हुने देखिएन ।

८. **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९ को नियम ६ मा सुविधा उपयोग गर्न इच्छुक र योग्य नागरिकले अनिवार्य रुपमा परिचयपत्र लिनुपर्ने व्यस्था छ । नगरपालिकाले यो वर्ष रु.६,९२,३५,६००।– सामाजिक सुरक्षा अनुदान खर्च लेखेको छ । सामाजिक सुरक्षा अनुदान प्राप्त गर्नेको अनलाईन डाटावेसका आधारमा खर्च लेखिएकोमा तथ्यांक अद्यावधिक देखिएन ।

९. **भवन निर्माण :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रे खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले अफिस भवन निर्माणमा यस वर्ष देहाय अनुसार ६ पटक फरक फरक कार्य गरी लागत अनुमान रु ४४,२६,७९२।– भन्दा २.३ प्रतिशत घटी हुने गरी रु ४३,२१,०५६।– भुक्तानी गरेको छ । यस मध्ये एक निर्माण सेवालाई रु.१९,९५,०६२।– बोलपत्रको माध्यमबाट कार्य गराई भुक्तानी दिएको पाइयो । बाँकी ५ प्याकेजको कार्य ५ लाखभन्दा कमको टुक्रा गरी विभिन्न निर्माण व्यवसायीबाट गराएको देखियो । एउटै प्याकेजमा संलग्न गरी एकै पटक ठेक्का लगाउन सकिने कार्य पटक पटक गर्दा प्रतिस्पर्धा सीमित हुनाका साथै निर्माण कार्यको गुणस्तरमा समेत असर पर्ने देखिएको छ । यस्तो अवस्थामा सुधार गरी नियमको व्यवस्था पालना गर्नुपर्ने देखिन्छ ।

कन्सल्टेन्सी मार्फत १ वटा पोखरी ताल निर्माणको समेत चार कामको रु १९,८८,९१०।– मा इन्जिनियरिङ सर्भिस र निर्माण व्यवसायिबाट गराएको देखिन्छ । पाँच लाख भन्दा कमको योजना स्वीकृत गरी फरक फरक व्यवसायीबाट लागत अनुमान बराबर हुनेगरी काम गराउदा प्रतिस्पर्धी लागतमा गर्न सकिने कार्यमा समेत वढि लागत ब्यहोर्नुपर्ने देखिएको छ । गुणस्तरीय र लागत प्रभावकारी हुने गरी प्रतिस्पर्धी माध्यमबाट खरिद गर्नुपर्दछ ।

१०. **परामर्श सेवा :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्वन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट काम हुन नसक्ने भएमा मात्र परामर्श सेवाबाट काम गर्न सकिने व्यवस्था छ । कार्यालयले परामर्शदाताबाट कार्य गराई परामर्श दातालाई रु १२,२९,८८०.०० भुक्तानी दिएको देखियो । कार्यालयमा उपलब्ध जनशक्ति मार्फत गर्न सकिने काममा परामर्शदाता नियुक्ति गरी काम गराउदा अन्य कार्यमा लगाउन सकिने बजेट परामर्शमा खर्च भएको छ । यस्तो अवस्थामा सुधार गरी नियमको व्यवस्था पालना हुनुपर्ने देखिएको छ ।

११. **सोलार बत्ति** : नगरपालिका सडक क्षेत्रमा बत्ति जडान गर्न प्रतिसेटको रु.१,१३,९९०।– लागत अनुमान रहेको कार्यका लागि न्यूनतम कबोल गर्ने उज्यालो उर्जा प्रा.लि.बालाजुको प्रतिसेट रु.१,१३,९७०।– को बोलपत्र स्वीकृत गरी जडान र जडान पछिको सेवा समेत ३१ सेटको रु.३३,३३,०७०।– भुक्तानी भएको छ । तीनवटा बोलपत्र परेको भएपनि प्रस्ताव लागत अनुमानकै हाराहारीमा रहनुले मूल्यमा प्रतिस्पर्धा भएको देखिएन । लागत अनुमान बराबरको सम्झौता गरी जडान गरेका बत्तिहरु एक वर्षभित्रकै अवधिमा नबल्ने अवस्थामा समेत पुगेको उपभोक्ताबाट जानकारी हुन आएको छ । बिक्री पछिको सेवा विल अफ क्वाइन्टिटिमा समावेश भएपनि उक्त सेवा कति अवधिसम्म रहने सम्बन्धमा सम्झौता मौन रहेको कारण विग्रेका बत्ति मर्मतमा सप्लायर्सको चासो देखिएको छैन ।

१२. **सहकारी संस्था :** पिठौली महिला सहकारी संस्था लिमिटेडलाई रु.२३०,०००।– भुक्तानी दिएको छ । वचत समेत परिचालन गर्ने नाफामुलक संस्थालाई संस्थाको भवन निर्माण गर्न अनुदान दिएको नियमित देखिएन ।

१३. **सिसिटिभि जडान :** नगरपालिकाको वडा नम्वर १,२,८ र १६ मा सिसि टिभि जडान गर्न रु.९,७२,९३०।– को लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत कार्य गराई रु.८,००,०००।– भुक्तानी गरेको देखियो । लागत अनुमान तयार गर्दा उपभोक्ताको योगदान रु.१,७२,९३०।– हुने गरी लागत अनुमान स्वीकृत गरेको भए पनि निर्माण सम्पन्न प्रतिवेदनमा उपभोक्ताको योगदान समावेश भएको देखिएन ।

१४. **ढल निर्माण :** प्रगतिचौकदेखि वि.पि.चोकसम्म ढल निर्माण कार्यका लागि उपभोक्ता समितिसंग रु.५,७५,०००।– को सम्झौता भई भुक्तानी भएको देखियो । बोल्डर स्वाइलिङको परिमाण ३५ घनमिटरमध्येबाट २४ घनमिटरको मात्र काम भएको छ । सोइलिङको परिमाण घटेको दरमा ढुङ्गाको पर्खाल लगाउने काम घटेको देखिएन । नापी किताव परीक्षण गर्दा लागत अनुमानमा उल्लेख भएभन्दा पर्खालको उचाई वृद्धि भएको समेत देखिएको छैन । प्रतिइकाई दर कम भएको सोएलिङको काम घटाई प्रतिइकाई दर बढी भएको ढुङ्गाको पर्खाल लगाउने कार्य बढाउदा रु.६२,२३१।– अतिरिक्त खर्च भएको देखियो । आइटममा फेरबदलको पर्याप्त पुष्ट्याई संलग्न गरी भुक्तानी फरफारक गर्नुपर्ने देखिएको छ ।

१५. **धरौटी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८ मा कार्यालय प्रमुखले कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी कारोबारको लेखा अनुसूची १० र ११ को ढाँचामा गोश्वारा र व्यक्तिगत खातामा अद्यावधिक गरी राख्नुपर्ने उल्लेख छ । आर्थिक विवरण अनुसार गत वर्षको मौज्दात रु.३,७३,४००।– यस वर्षको आम्दानी रु २,५४,०००।– फिर्ता खर्च रु.४,२४,९००।– भई रु.२,०२,५००।– बाँकी देखाएकोमा व्यक्तिगत धरौटी खातामा यो वर्षको आम्दानी र फिर्ता खर्चमात्र अभिलेख गरेको छ । धरौटी अद्यावधिक गरी धेरै पुराना र प्रयोजन समाप्त भएका धरौटीहरु सदरस्याहा गर्दै जानुपर्ने देखिन्छ ।

१६. **लेखापरीक्षण नभएको** : नगरपालिकामा गाभिइ आएको साविक कुमारवर्ती गाविसको श्रेस्ता लेखापरीक्षणको लागि पेश भएको छैन । साविक गाँउ विकास समितिको सचिवको जिम्मामा रहेको श्रेस्ता, कागजात तथा आय व्ययको अवस्था सहितको विवरण पेश नभएकोले आम्दानी, खर्च र मौज्दातको वास्तविक अवस्था यकिन भएको छैन । उक्त गाविसमा जिल्ला विकास समिति तथा नगरपालिकाबाट देहायका शिर्षकमा निकासा भई गएको रु.१,५३,७४,७२६।– को आर्थिक कारोबारका व्यहोराका सम्बन्धमा राय व्यक्त गर्ने आधार देखिएको छैन । श्रेस्ता लेखापरीक्षण गरी आम्दानी तथा खर्चमा पारदर्शिता कायम गर्नुपर्ने देखिएको छ ।

१७. **पेश्की बांकी –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९२(१) मा पेश्कीसम्बन्धी व्यवस्था छ । कार्यालयबाट निम्न १४ संस्था तथा व्यक्तिलाई दिएको पेश्कीमध्येबाट आर्थिक वर्षको अन्त्यसम्ममा फछ्र्यौट नभई बाँकी रहेको पेश्की रु.१,८३,९३,०००।– नियमानुसार फछ्र्यौट गर्नुपर्ने देखिएको छ । पेश भएको आर्थिक विवरण अनुसार विभिन्न ७४ व्यक्ति र संस्थाहरुको प्रदान गरेको गत विगतको पेश्की रु.३७,३९,८५०।– फछ्र्यौट गर्न बाँकी देखिन्छ । पुरानो पेश्की समयमै फछ्र्यौट गरी खर्च व्यवस्थापन प्रभावकारी बनाउनुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.२६ लाख ४७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.२६ लाख ४७ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.१ करोड ९५ लाख ७९ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ७ लाख ९९ हजार र पेश्कि रु.३७ लाख ४० हजार रहेको छ ।

# गैडाकोट नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन

**गैंडाकोट नगरपालिका**: नगरपालिकाको गत वर्षको मौज्दात रु.१ करोड ८१ लाख ७२ हजार र यो वर्षको आय रु.२५ करोड १६ लाख ४ हजार समेत रु.२६ करोड ९७ लाख ७६ हजार आम्दानी भएकोमा रु.२५ करोड ७७ लाख १४ हजार खर्च भई रु.१ करोड २० लाख ६२ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख तथा बेरुजूको लगत अद्यावधिक गरेको छैन । साविकका गा.वि.स.मा भएको जिन्सीको अवस्था देखिने गरी विवरण तयार नभएको साथै जिन्सी बरबुझारथको अभिलेख राखेको देखिएन । कार्यालयको स्वामित्वमा रहेका सवारी साधनको बीमा गरेको देखिएन । यसले स्थिर सम्पत्तिको संरक्षणको सम्बन्धमा जोखिम बढाएको छ ।

२. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेको छ । नियम ९७ (७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार सामाजिक लेखापरीक्षण गरेको देखिएन । उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पालना गर्नुपर्ने देखिएको छ ।

३. **योजना निर्माण** : उपभोक्ता समिति मार्फत कार्य गराउदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार कार्यको प्रकृती, व्यवस्थापन र लाग्ने खर्च खुलाई सार्वजनिक सुचना मार्फत प्रस्ताव माग गर्ने वा समिति आफैले आवश्यकता अनुसार योोजना गरी निर्माण कार्य गर्ने व्यवस्था छ । कार्यालयले केहि योजना नगर सभाबाट पारित गरेपनि केही योजना मौखिक रुपमै तयार गर्ने गरेको देखियो । आ.व. २०७३/०७४ मा स्वीकृत भएको २५३ योजनामध्ये २४२ योजना रु.५ लाखभन्दा कमका देखिएको छ । स-साना टुक्रे योजनाले प्रशासनिक खर्चमा बृद्धि भएको देखिएको छ । स-साना योजनामा भन्दा प्रभावकारी परिणाम दिने बृहत योजना सञ्चालन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

४. **योजना व्यवस्थापन :** नगरपालिका अन्तरगतका साविक गा.वि.स. कार्यालयले विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण कार्य गर्दै आएको छ । कतिपय निर्माण कार्यमा उपभोक्ता समितिले व्यहोर्ने योगदान वापतको रकम समावेश गरेको छैन । योजनाको लागत अनुमान तयार गर्दा उपभोक्ताको योगदानको अंश आँशिक रुपमा समावेश गरेको भएपनि योजना फरफारक गर्दा उक्त योगदान र त्यसबाट भएको कार्य देखिने गरी निर्माण सम्पन्न प्रतिवेदन तयार गरेको छैन । साथै सम्पन्न भई भुक्तानी भएको योजनाको कार्यसम्पन्न प्रतिवेदन, नापी किताव, आवश्यक बिल भरपाई, तथा निर्माण सम्पन्न प्रतिवेदन सहितको अन्तिम बिल समावेश गर्नुपर्नेमा आंशिक रुपमा केही कागजात मात्र समावेश गरी भुक्तानी दिएको देखियो । नियमानुसारको कागजात संलग्न गरी मात्र भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ ।

५. **आय–व्यय विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा आर्थिक विवरणमा समावेश गर्नुपर्ने आम्दानी र खर्च शीर्षकहरुको व्यवस्था छ । साविक गा.वि.स.ले ती शीर्षकहरुभन्दा फरक शीर्षक राखी आयव्यय लेखाङ्कन गरेको देखिएको छ ।

६. **सम्पत्ति लेखाङ्कन :** नगरपालिका र अन्तरगतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ ।

७. **स्रोत नक्सांकन:** स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साँकन सहितको नगरपालिका प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

८. **दरवन्दी र पदपूर्ति :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा कार्यालयको लागि स्वीकृत दरवन्दी अनुसार पदपूर्ति भएको हुनुपर्ने व्यवस्था छ । कार्यालयको स्वीकृत दरवन्दी अनुसार ३० पद रहेकोमा १२ पद स्थायी एवं १४ पद सेवा करार र ४ दैनिक ज्यालादारीद्धारा पुर्ति भएको देखिन्छ । दरबन्दी अनुसार पदपूर्ति नहुँदा उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन र सेवा प्रवाह गर्न कठिनाई हुने देखिएको छ ।

९. **जिन्सी व्यवस्थापन** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१२ र २१४ मा जिन्सी निरिक्षण सम्वन्धि व्यवस्था छ । सोही अनुसार गठित समितिले मिति २०७४/४/७ मा जिन्सी निरीक्षण प्रतिवेदन पेश गरेको छ । जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित मर्मत, लिलाम र मिन्हाका व्यहोरा कार्यान्वयन गरी जिन्सी अद्यावधीक गर्नुपर्ने देखिएको छ ।

१०. **बेरुजू अभिलेख :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा बेरुजुका साथ अभिलेख, पेश्की बांकी तथा फछर्यौटको अभिलेख नरहेकाले सामायोजित गा.वि.स. को पेश्की र बेरुजुको अवस्था यकिन हुने देखिएन ।

११. **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९ को नियम ६ मा सुविधा उपयोग गर्न इच्छुक र योग्य नागरिकले अनिवार्य रुपमा परिचयपत्र लिनुपर्ने व्यस्था छ । । गैडाकोट नगरपालिकाले यो आर्थिक वर्षमा रु ७,०६,२२,०००।- सामाजिक सुरक्षा अनुदान निकासा खर्च लेखेको छ । उक्त रकम सामाजिक सुरक्षा अनुदान प्राप्त गर्नेहरुको अनलाईन डाटावेसका आधारमा निकासा खर्च गरिएको भन्ने भनाई नगरपालिकाको रहेको छ । तर उक्त तथ्याङ्कमा कति संख्या साविकका नविकरण गरिएका हुन ? कति संख्या यो वर्ष नयाँ परिपचयपत्रवाला हुन ? कति संख्या र कुन कुन व्यक्तिहरु वसाई सराईको कारण तथा मृत्युका कारण लगत कट्टि गरिएको हो भन्ने आधार प्रमाण नगरपालिका कार्यालयमा रहेको पाइएन ।

१२. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिश्पर्धा सीमित हुनेगरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (४) मा रु.२५ हजारभन्दा माथि सोझै खरिद गर्न नसकिने व्यवस्था छ । नमूनाका आधारमा छनौट गर्दा कार्यालयले निम्न अनुसारका रु.१,६५८,७४०.४६ को कम्प्युटर समेतका सामान पटक पटक गरी खरिद गरेको देखिएको छ । आषाढको अन्तिममा निकाशा प्राप्त भएको तथा आवश्यकताका आधारमा खरिद गरिएको कार्यालयको प्रतिक्रिया छ । खरिद व्यवस्थापनका लागि समय पुग्ने गरी अख्तियारी र निकाशा दिनुपर्ने तथा खरिद ऐनको प्रक्रिया पुरा गरी खरिद गर्नुपर्ने देखिएको छ ।

१३. **धरौटी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८ मा कार्यालय प्रमुखले कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी कारोबारको लेखा अनुसूची १० र ११ को ढाँचामा गोश्वारा र व्यक्तिगत खातामा अद्यावधिक गरी राख्नु पर्ने उल्लेख छ । आर्थिक विवरण अनुसार गत वर्षको मौज्दात रु.१४,०६,२९७- यस वर्षको आम्दानी रु.७,९१,२३३.८६ फिर्ता खर्च रु.४,३१,०००।- भई रु.१७,६६,५३०।८६ बाँकी देखाएकोमा व्यक्तिगत धरौटी खातामा यो वर्षको आम्दानी र फिर्ता खर्चमात्र अभिलेख गरेको छ । धरौटी अद्याबधिक गरी धेरै पुराना र प्रयोजन समाप्त भएका धरौटीहरु सदरस्याहा गर्दै जानुपर्ने देखिन्छ ।

१४. **डिप बोरिङ :** सार्वनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा सम्झौता अनुसारको कार्य समयमा सम्पन्न गर्नुपर्ने तथा कारणबस कार्य सम्पन्न गर्न नसकेमा सार्वजनिक निकायलाई जानकारी गराउनुपर्ने व्यवस्था छ । कार्यालयले एक टोल सुधार समितिलाई डिप बोरिङ सिंचाई योजनाका लागि स्वीकृत कार्यक्रम अनुसार रु.५ लाख भुक्तानी दिएको देखियो । फिल्ड अनुगमनको क्रममा उक्त बोरिङ खन्ने शुरु हुँदै गरेको र सामानका लागि भुक्तानी भइसकेको उपभोक्ता समितिका अध्यक्षसहितको टोलिबाट जानकारी हुन आएको छ ।

१५. **दोसल्ला सम्मान :** सहकारी प्रवर्द्धन कार्यक्रममा २० जेष्ठ नागरिकलाई रु.५००।– का दरले जम्मा रु.१०,०००।– रकम नै उपलब्ध गराई सम्मान गरेको देखियो । जेष्ठ नागरिकले सम्मान बापत बुझेको रकमको भरपाई संलग्न गर्नपर्दछ ।

१६. **सामाजिक सुरक्षा भत्ता :** गैडाकोट नगरपालिका वडा नंम्वर १०-१३ का वडा सचिव श्री वेदनाथ दाहालले २०७३ साल माघ महिनाको सामाजिक सुरक्षा भत्ता वितरण गर्न लिएको रु.६२,००,०००।– पेश्कीबाट रु.६१,१०,०००।– वितरण गरेको भरपाई पेश भएको छ । वितरणपछि बाँकी हुने रु.९०,०००।– मध्येबाट रु.६४,०००।– बैङ्क दाखिला गरेको बैङ्क भौचर पेश भएको छ । खर्च जनाएकोमध्ये रु.२६,०००।– वितरणको प्रमाण नभएकोले सम्बन्धितबाट असुल गनुपर्ने देखिन्छ ।

१७. **प्रमाण पेश:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी रसिद बिल भरपाईहरूमा सिलसिलेवार नम्बर राखी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले रु.३,३७,३६६।४७ भुक्तानीमा आवश्यक कागजात समावेश गरेको छैन । कागजात संलग्न नगरी गरेको कार्यको खर्च पुष्टि हुने प्रमाण पेश हुनुपर्दछ ।

१८. **बढी भुक्तानी :** कार्यालयले दुई अ.न.मी.लाई मासिक रु.९०००।– का दरले २०७३ श्रावण देखि पौष सम्म र दशै खर्च समेत जनही रु.६३,०००।– ले रु.१,२६,०००।– खर्च लेख्नुपर्नेमा रु.१,३६,०००।– खर्च लेखेको छ । बढी खर्च लेखेको रु.१०,०००।– सम्वन्धितबाट असुल गर्नुपर्दछ ।

१९. **विल वेगर भुक्तानी :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले वैठक भत्तासहित रु.२२,२१४।– बिल भरपाई पेश नगरी भत्ता भक्तानी गरेको छ । नियमको व्यवस्था पालना नगरी भुत्तानी दिएको रकम सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

२०. **पेश्की बांकी –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९२(१) मा पेश्की सम्बन्धी व्यवस्था छ । कार्यालयबाट ४ खातामा दिएको पेश्की रु.३,५४,०००।- आर्थिक वर्षको अन्त्यसम्ममा फछ्र्यौट नभई बांकी रहेको पेश्की नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.८ लाख ९८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.८ लाख ९८ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.१ लाख ७१ हजार, नियमित गर्नुपर्ने रु.३ लाख ७३ हजार र पेश्कि रु.३ लाख ५४ हजार रहेको छ।

## देवचुली नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.१ करोड ५८ लाख ९० हजार र यो वर्षको आय रु.१८ करोड ६७ लाख ९४ हजार समेत रु.२० करोड २६ लाख ८४ हजार आम्दानी भएकोमा रु.१५ करोड ८५ लाख ६ हजार खर्च भई रु.४ करोड ४१ लाख ७८ हजार मौज्दात रहेको छ। आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आन्तरिक नियन्त्रणः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख तथा बेरुजको लगत अद्यावधिक नगरेको, सामाजिक सुरक्षा भत्ता नगदै बुझाएको भरपाइमा औंठाछाप मात्र लगाई बुझेकोमा वास्तविक वितरणको अवस्था यकिन नसकिएको, साविक गा.वि.स. मा भएको जिन्सीको अवस्था देखिने गरी बरबुझारथ गरी अभिलेख राखेको नदेखिएको अवस्था रहेको छ।

२. **उपभोक्ता समितिः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गा.वि.सहरुले उपभोक्ता समितिसँग गरेको सम्झौतामा व्यहोरा समावेश गरेको नदेखिएको, नियम ९७(७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार सामाजिक लेखापरीक्षण गरेको देखिएन। उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पालना गर्नुपर्ने देखिएको छ।

३. **योजना निर्माण** : उपभोक्ता समिति मार्फत कार्य गराउदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार कार्यको प्रकृती, व्यवस्थापन र लाग्ने खर्च खुलाई सार्वजनिक सुचना मार्फत प्रस्ताव माग गर्ने वा समिति आफैले आवश्यकता अनुसार योाजना गरी निर्माण कार्य गर्ने व्यवस्था छ। कार्यालयले केहि योजना नगर सभाबाट पारित गरेपनि केही योजना मौखिक रुपमै तयार गर्ने गरेको देखियो। आ.व. २०७३/०७४ मा स्वीकृत भएको २७३ योजना मध्ये २५२ योजना रु. ५ लाख भन्दा कमका देखिएको छ। स-साना टुक्रे योजनाले प्रशासनिक खर्चमा बृद्धि भएको देखिएको छ। स-साना योजनामा भन्दा प्रभावकारी परिणाम दिने बृहत योजना सञ्चालन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

४. **योजना व्यवस्थापनः** गाउँपालिका तथा अन्तरगतका वडा कार्यालयहरुले विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण कार्य गर्दै आएको छ। कतिपय निर्माण कार्यहरुमा उपभोक्ता समितिले व्यहोर्ने योगदान वापतको रकम समावेश गरेको छैन। योजनाको लागत अनुमान तयार गर्दा उपभोक्ताको योगदानको अंश आँशिक रुपमा समावेश गरेको भएपनि योजना फरफारक गर्दा योगदान र त्यसबाट भएको कार्य देखिने गरी निर्माण सम्पन्न प्रतिवेदन तयार गरेको छैन।

५. **आय व्यय विवरणः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा आर्थिक विवरणमा समावेश गर्नुपर्ने आम्दानी र खर्च शीर्षकहरुको व्यवस्था छ। साविक गा.वि.स.ले ती शीर्षकहरुभन्दा फरक शीर्षक राखी आयव्यय लेखांकन गरेको देखिएको छ। नियमावलीले निर्देशित गरे अनुसार आयव्यय विवरण तयार गरी परिषदबाट अनुमोदन गरी पारदर्शिता कायम गर्नुपर्ने देखिएको छ।

६. **सम्पत्ति लेखांकनः** नगरपालिका र अन्तरगतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन। कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ।

७. **स्रोत नक्सांकनः** स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ बमोजिम प्रत्येक नगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कन सहितको नगरपालिका प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन।

८. **दरवन्दी र पदपूर्तिः-** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा कार्यालयको लागि स्वीकृत दरवन्दी अनुसार पदपूर्ति भएको हुनुपर्ने व्यवस्था छ। कार्यालयको स्वीकृत दरवन्दी अनुसार २९ पद रहेकोमा १२ पद स्थायी एवं १० पद सेवा करार र ३ दैनिक ज्यालादारीद्वारा पुर्ति भएको देखिन्छ। दरवन्दी अनुसार पद पूर्ति नहुंदा उद्देश्य अनुरुप कार्यक्रम संचालन र सेवा प्रवाह गर्न कठिनाइ हुने देखिएको छ। स्थायी रुपमै रिक्त दरबन्दी पूर्ति गर्ने तर्फ ध्यान दिनुपर्ने देखिएको छ।

९. **जिन्सी व्यवस्थापन**ः स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१२ र २१४ मा जिन्सी निरिक्षण सम्वन्धि व्यवस्था छ। सोही अनुसार गठित समितिले मिति २०७४/४/७ मा जिन्सी निरीक्षण प्रतिवेदन पेश गरेको छ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित मर्मत, लिलाम र मिनाहाका व्यहोरा कार्यान्वयन गरी जिन्सी अद्यावधीक गर्नुपर्ने देखिएको छ। साथै प्रतिवेदनले सुझाव गरे अनुसार कार्यालयको स्वामित्वमा रहेको सवारी साधनहरु मर्मत संभार गरी चालु अवस्थामा राख्नुपर्ने समेत देखिएको छ।

१०. **सामाजिक सुरक्षाः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९ को नियम ६ मा सुविधा उपयोग गर्न इच्छुक र योग्य नागरिकले अनिवार्य रुपमा परिचयपत्र लिनुपर्ने, तोकिएको मितिभित्र परिचयपत्र अनिवार्य रुपमा नविकरण गराउनु पर्ने व्यवस्था छ। देवचुली नगरपालिकाले यो वर्ष अनलाईन डाटावेसका आधारमा रु.४,४२,६७,०००।- सामाजिक सुरक्षा अनुदान निकासा खर्च लेखेको छ। तर तथ्याङ्कहरुमा साविकका नविकरण संख्या, यो वर्ष थप, लगत कट्टाको आधार प्रमाण नगरपालिकामा रहेको पाइएन। सामाजिक सुरक्षा अनुदानको दुरुपयोग हुन नदिन र तथ्याङ्कलाई भरपर्दो तथा विश्वसनीय बनाउनको लागि समेत तथ्याङ्क निर्माणका आधार प्रमाणहरुको व्यवस्थित अभिलेख तयार गर्नुपर्ने देखिएको छ।

११. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिश्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ। नमूनाका आधारमा छनौट गर्दा कार्यालयले रु.२८,१४,६२०/५० का सामान पटक पटक गरी खरिद गरेको देखिएको छ। खरिद व्यवस्थापनका लागि समय पुग्ने गरी अख्तियारी र निकाशा दिनुपर्ने तथा खरिद ऐनको प्रक्रिया पुरा गरी खरिद गर्नुपर्ने देखिएको छ।

१२. **धरौटी**ः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोबारको लेखा अनुसूचि १० र ११ को ढाँचामा गोश्वारा र व्यक्तिगत खाता अद्यावधिक गरी राख्नु पर्ने उल्लेख छ। आर्थिक विवरण अनुसार गत वर्षको मौज्दात रु.७,०३,७९७।१५, यस वर्षको आम्दानी रु.१४,१८,५३५।८०, फिर्ता खर्च रु.९,८१,४४९।५७ भई रु.११,४०,८८२।३८ बाँकी देखाएकोमा व्यक्तिगत धरौटी खातामा यो वर्षको आम्दानी र फिर्ता खर्चमात्र अभिलेख गरेको छ। व्यक्तिगत धरौटी खाताले क कस्को धरौटी कुन अवधिको हो, प्रयोजन समाप्त भएका र धेरै पुराना हुन होइनन् खुल्ने व्यहोरा समावेश भएको देखिएन। प्रत्येक व्यक्तिको विगत देखि हालसम्मको धरौटी देखिने गरी धरौटी अद्यावधिक गरी धेरै पुराना र प्रयोजन समाप्त भएका धरौटीहरु सदरस्याहा गर्दै जानुपर्ने देखियो।

१३. **सोलार बत्तीः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९ मा बोलपत्र संशोधन र दफा ६२(२) च मा बोलपत्रदाताबीच अप्रतिस्पर्धि तरिकाले मुल्य कायम गर्ने वा सार्वजनिक निकायलाई प्रतिस्पर्धाको लाभबाट बञ्चित गर्ने गरी मिलेमतो गर्न नहुने व्यवस्था छ। नगरपालिकाले प्रति सेट रु.१,१२,५७४।८७ को लागत अनुमान तयार गरी आव्हान गरेको नगरपालिका क्षेत्रमा सोलार बत्ति जडान गर्ने ठेक्कामा एउटा मात्र बोलपत्रदाताको बोलपत्र, दर्ता गर्ने अन्तिम १० मिनेट अगाडि दर्ता भएको देखियो। विल अफ क्वान्टीटीको परिक्षण गर्दा बोलपत्रदाताले सोलार प्यानल, बत्ति जडान र जडान पछिको सेवा समेत ७ आईटमको गरी प्रति सेट रु.७८,८५८।३९ कवोल गरेको बोलपत्रमा बोलपत्र दर्ता गर्नु अगाडि नै पुनः सातवटै आईटमको दर केरमेट गरी थप दर राखी रु.१,०३,०००।० प्रति इकाई दर कायम गरेको देखियो। सिलवन्दि बोलपत्र खोल्दा नयाँ किरण इनर्जि सोलुसन प्रा.लि./इनर्जी ईन्टरनेशनल जे.भि. को बोलपत्र केरमेट गरेको ठाँउमा इनर्जी सोलुसन प्रा.लि. ले मात्र सहिछाप गरेको व्यहोरा मुल्याङकन पुस्तिकामा अभिलेख गरेको छ। विल अफ क्वान्टिटिको विश्लेषण गर्दा एक पटक प्रति सेट रु.७८,८५८।३९ मा दिन कवोल गरी लेखिसकेको अंकलाई सवै केरमेट गरी रु.१,०३,०००।० कायम गरेको देखिन्छ। केरमेट गरी सच्याई पेश गरेको दर रेटका आधारमा प्रति सेट रु.२४,१४१।६१ का दरले ४२ सेटको रु.१०,१३,९४७।६२ बढी हुने गरी ठेक्का सम्झौता गरी भुक्तानी गरेको छ। बोलपत्र अन्तिम समयमा पुर्नलेखन गरी दर्ता गराउने प्रक्रियामा सुधार गरी खरिद प्रणाली प्रतिष्पर्धी बनाउनुपर्ने देखिएको छ।

१४. **कार्य नभई भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा विल भरपाई सहित लेखा राखि खर्च गर्नुपर्ने व्यवस्था छ। कार्यालयले परामर्श सेवा, इन्धन सेवा, विविध खर्च र कार्यालय सम्वन्धि खर्च शिर्षकबाट रु.९१,७८१।० खर्च लेखि क्वालिटी प्रेसलाई भुक्तानी दिएको देखियो। कार्यालय सरसफाई भनि रु.४४,४००।० को ८ जनाको डोर हाजिरी र रु.२०,०००।० विल वेगर भुक्तानी गरेको समेत रु.६४,४००।० खर्च प्रयोजनसँग मेल खाएको छैन। क्वालिटी प्रेसलाई भुक्तानी गरेको अवस्थाले कार्य नै नभई भुक्तानी भएको देखिन्छ। काम नभई भुक्तानी भएको रकम भुक्तानी गर्ने जिम्मेवार व्यक्तिबाट अशुल गर्नुपर्ने देखिन्छ।

१५. **सामाजिक परीक्षण :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट काम हुन नसक्ने भएमा परार्मश सेवा खरिद गर्न सकिने व्यवस्था छ । सामाजिक परिक्षण कार्यक्रम सञ्चालन गरेको भनि प्रोग्रेसिभ ईन्जिनियरिङ्ग प्रा.लि.लाई रु.१,५०,०००।० भुक्तानी दिएको देखिन्छ । परार्मशदाताबाट आर्थिक प्रस्ताव लिएको सबैभन्दा कम कबोल अंक रु.१,४९,६१२।० को आर.डि. ईन्जिनियरिङ्गको प्रस्ताव छनौट नगरी प्रोग्रेसिभ ईन्जिनियरिङ्गको रु.१,६०,४६०.०० को प्रस्ताव स्वीकृत गरेको छ । रितपूर्वकको प्रस्ताव आव्हान गरिसकेपछि न्यून कबोल गर्नेको प्रस्ताव छनौट नगरी रु.१०,८४८।० बढि कबोल गर्नेको प्रस्ताव छनौट गरी अनियमित रुपमा परार्मश सेवा स्वीकृत गरेको देखिएको छ । साथै सामाजिक परीक्षण कार्यका लागि लिएको प्रस्ताव अनुसारको भुक्तानी गर्दा नगरपालिका सञ्चालन तथा व्यवस्थापन सम्वन्धि प्रशिक्षण कार्यक्रमको भुक्तानी दिएको छ । एउटा कार्यक्रम गर्ने गरी सम्झौता गरी अर्कै कार्यक्रम गरेको भुक्तानी दिंदा काम नभई खर्च लेख्ने प्रयोजनबाट भुक्तानी गरेको देखिएको छ । कार्य सम्पन्न  नभई भुक्तानी भएको रकम भुक्तानी दिनेबाट अशुल गर्नुपर्ने देखिएको छ ।

१६. **प्रमाण:** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६(८) मा भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी रसिद बिल भरपाईहरूमा सिलसिलेवार नम्बर राखी भुक्तानी दिने व्यवस्था रहेकोमा कार्यालयले रु.२,२७,०२२।० भुक्तानीमा आवश्यक प्रमाण कागजात संलग्न नगरेकाखर्च पष्टि हुने प्रमाण पेश हुनुपर्दछ ।

१७. **खानेपानी योजना:** नव नारायणी जल उपभोक्ता समुहलाई पम्प, पाईप, केवल, फिटिङ, तथा ढुवानी समेतको कार्यका लागि मु.अ.कर समेत रु.१७,७७,२६६।५६ भुक्तानी दिएकोमा कार्यसम्पन्न प्रतिवेदनमा लागत अनुमान अनुसारको प्रति इकाई दर रु.१५० को १००० मिटर १६ मि.मि. को फोर कोर पावर केवलको रु.१,५०,०००।०० भुक्तानी गरेको देखियो । प्रति इकाई दर रु.१४५० को पाईप जम्मा २०४ मध्ये १०४ मि. पाईप मात्र खरिद गरेको विजक बाट देखिएको छ । लागत अनुमान अनुसार बाँकी १०० मि. पाईप खरिद नगरी प्रति इकाई दर रु.१५० भएको केवललाई रु.१४५०.०० को दरले खरिद गरेको देखियो । प्रति ईकाइ दर रु. १५० दरले कवोल गरेको केवललाई  रु.१,४५०।०  तिरी खरिद गर्दा निर्माण कार्यमा रु.१,३०,०००।० बढी भुक्तानी भएकोले सम्वन्धितबाट अशुल गर्नुपर्ने देखिएको  छ ।

१८. **पेश्की बाँकी–** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९२(१) मा पेश्की सम्बन्धी व्यवस्था छ । आर्थिक वर्षको अन्त्यसम्ममा फछ्र्यौट नभई बाँकी रहेको पेश्की रु.९,२६,४६००/0 नियमानुसार फछ्र्यौट गर्नुपर्ने देखिएको छ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.१ करोड ८ लाख ५० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.१ करोड ८ लाख ५० हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.३ लाख ४४ हजार, नियमित गर्नुपर्ने रु.१२ लाख ४१ हजार र पेश्की रु.९२ लाख ६५ हजार रहेको छ ।

# मध्यविन्दु नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.१ करोड ३७ लाख ६३ हजार र यो वर्षको आय रु.१९ करोड ३९ लाख ३४ हजार समेत रु.२० करोड ७६ लाख ८७ हजार आम्दानी भएकोमा रु.१७ करोड ७५ लाख ७६ हजार खर्च भई रु.३ करोड १ लाख ११ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **सम्पत्तिको अभिलेख –** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेश, २०७४ को आदेशमा भएको व्यवस्था तथा मन्त्रालयले गरेको परिपत्र हालसम्म पनि कार्यान्वयन नहुँदा साविकका स्थानीय निकायमा रहेको सर्मत्तको संरक्षण समेत हुन नसक्ने देखिएकोले आदेशमा भएको व्यवस्था अनुसार साविकका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका/नगरपालिकाले सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाताको विवरण तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।

२. **खरिद –** प्रचलित आर्थिक ऐन तथा मूल्य अभिबृद्धी कर ऐन अनुसार प्रत्येक सरकारी कार्यालय तथा निकायहरुले सामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका बिक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले रु २०,०००।- भन्दा माथिको भुक्तानी गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट मात्र कारोबार गर्नुपर्दछ ।

३. **उपभोक्ता समिति गठन –** प्रचलित सार्बजनिक खरिद ऐन तथा नियमावली मा व्यवस्था भए अनुरुप योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराइएको छ । उपभोक्ता समितिलाई जिम्मेवारी तथा उत्तरदायित्ववहन गर्न लगाउन तथा योजनाको अपनत्व बनाउन उपभोक्ता समितिलाई संघ संस्था ऐन अनुसार दर्ता गराई संगठित संख्याको रुपमा विकसित गर्ने निर्माण कार्यको संस्थागत जिम्मेवारी बढ्ने हुँदा आधिकारिक दर्ता प्रकृया पुरा गरी समिति गठन हुनुपर्दछ ।

४. **कर कट्टी –** निर्माण कार्य गराई पेश हुन आएका डोर हाजिर फारामको ज्याला भुक्तानी गर्दा केही योजनाहरुको निमार्ण कार्यहरुमा सामाजिक सुरक्षा कर कट्टा गरेको देखिएन । नियममा व्यवस्था भए अनुसार सामाजिक सुरक्षा कर कट्टा गरी दाखिला गर्नुपर्दछ ।

५. **खरिद योजना –** बार्षिक खरिद योजना तयार पारी सो अनुसार मालसामान खरिद तथा सेवा प्राप्त गरेको पाइएन । बोलपत्र वा शिलबन्दी कोटेशनबाट हुनुपर्ने खरिद टुक्राटुक्रा पारी वा बिना कोटेशन खरिद गरेको पाईयो । आर्थिक कार्यबिधि नियमाबलीले तोके अनुसार खरिद कार्य गर्नुपर्दछ ।

६. **लगबुक –** कार्यालयमा प्रयोग हुने सवारी साधनहरुमा प्रयोग भएको ईन्धन खर्च को लगबुक नभरी ईन्धन खर्च गर्ने गरेका पाइयो । सवारी साधनहरुमा प्रयोग भएको ईन्धन लगबुक अद्याबधिक गराएर मात्र भुक्तानीको व्यवस्था हुनुपर्दछ ।

७. **आन्तरिक नियन्त्रण –** निकायको यस बर्षको आन्तरीक लेखापरिक्षण भएको देखिएन । स्रेस्तासंग संलग्न अधिकांश भौचरहरुमा सम्बन्धित कागजातहरु अपुर्ण रहेको, भरपाई बनाई भुक्तानी दिदा प्रमाणित नगरी भुक्तानी गरीएको, उपभोक्ता समिति मार्फत गरिएका योजनाहरुमा संलग्न गरिएका बिल भरपाईमा खरिदकर्ता उपभोक्ता समितिका नाम बेगर व्यक्तिको नाममा जारी भएको बिलका आधारमा खर्च भुक्तानी भएको, भ्रमण आदेशमा आदेश नं., मिति नखुलाई भ्रमण खर्च भुक्तानी भएको जस्ता क्रियाकलाप दोहोरीएकाले आन्तरिक नियन्त्रण कमजोर रहेको पाइयो । नियमको परीपालना गरी आन्तरीक नियन्त्रण सुदृढ गराउनुपर्दछ ।

८. **भवन निर्माण –** नगरपालिकाको भवन निमार्णको डिजाइन, BOQ तयार गर्न लागत अनुमान रु.९,८३,१००।– बोलपत्र मार्फत आह्वान गरी सेवा करार सम्झौता गरिएकोमा सो सार्वजनिक खरिद ऐन अन्तर्गत सुचना प्रकाशन र मूल्याङ्कन नगरी सोझै करारमा लिएर भुक्तानी भएकोले नियम बिपरितको भुक्तानी रु.९,८३,१००।- नियमित हुनुपर्दछ ।

८.१. नगरपालिका परिसरमा बन्दै गरेको भवन निमार्ण २०७४ आश्विन मसान्त सम्म ढलान गरिसक्नुपर्ने हाल सम्म ढलान भएको देखिएन । करार बमोजिम निर्माण व्यवसायीले रङ्गरोगन गरिसकेको हुनुपर्ने सम्झौतामा उल्लेख भए बमोजिम अधिकतम ठेक्का अंकको १० प्रतिशतले जरीवाना असुल गरेरमात्र ठेक्काको म्याद थप गरी समयमा भवन निर्माणको प्रगति हासिल गर्नुपर्दछ ।

९. **जनसहभागिता –**कार्यक्रम कार्यन्वयन निर्देशिका असुसार उपभोक्ता समितिसंग सम्झौता गरी कार्यान्वियन हुने योजनामा न.पा.को अनुदान जाने रकम र जनसहभागिताबाट व्यहारिने रकमको अनुपात ८५:१५ हुनुपर्नेमा  अधिकांश योजनाहरुमा सो अनुपातमा निर्माण सम्झौता भएको देदिएन । सम्झौतामा जनसहभागिताको अंश अनिबार्य तोकी योजना कार्यान्वियमा उनिहरुको लागत सहभागिता किटानीका साथ उल्लेख गरी कार्यान्वयन हुनुपर्दछ ।

१०. **जिन्सी निरीक्षण –** अधिकार प्राप्त अधिकारी कार्यालय सामानको प्रत्यक वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदनमा उल्लेखित मर्मत सम्भार हुन सक्ने सामानको मर्मत गराई सञ्चालनमा ल्याउनुपर्ने, मर्मत हुन नसक्ने सामानहरुको लिलाम व्यवस्था गर्नुपर्ने नियमको पालना हुनुपर्दछ ।

११. **कर कट्टी –** निर्माण कार्य गराई पेश हुन आएका डोर हाजिर फारामको ज्याला भुक्तानी गर्दा उपभोक्ता समिति मार्फत गरिएका पुँजीगत खर्चहरुमा सामाजिक सुरक्षा कर कट्टा गरेको देखिएन । उपभाक्ता समितिबाट सामाजिक सुरक्षा कर कट्टा नगरेकाले रु २८७१।- असुल हुनुपर्दछ ।

१२. **सोझै खरिद –** कार्यालयले स्थानीय तहहरुको शीर्षकगत खरिद योजना तयार पारी सो अनुसार मालसामान खरिद तथा सेवा प्राप्त गर्नु पर्ने सार्वजकि खरिद ऐन तथा नियमाबली २०६४ को परीपालना नगरी टुक्राटुक्रा पारी रु ६१३६८२।४७ खरिद गरेको देखियो । नियम बिपरीत खरिद अनियमीत देखिएकाले नियामक निकायबाट नियमित हुनुपर्दछ ।

१३. **बिल भरपाई –** लोकसेवा उच्च मा.वि.सिमहरनी जाने बाटो निमार्ण उपभोक्ता समितिबाट पेश भएको बिल भरपाइमा एक निर्माण व्यवसायीबाट रु.४०,०००।– को पान बिल र उक्त बिलमा मिति र भाडामा लिने कार्यालय वा व्यक्तिको नाम समेत नखुलाई रु.१,२९,२०० को डोर हाजिरी भर्पाइमा प्रमाणित नगरी भुक्तानी गरेको पाइयो यसमा नियन्त्रण हुनुपर्दछ ।

१४. **कर बीजक –** सडक बोर्ड नेपालको पुजिकत खर्च अन्तर्गत गिट्टी, बालुवा तथा अन्य सामग्री खरिद गर्दा मु.अ.कर बिजक नभई भरपाईलाई आधार मानी भुक्तानी गरिएको पाइयो । भुक्तानी भएको रु.१५,२८,२९९।- भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर बीजकका आधारमा मात्र भुक्तानी दिने व्यवस्था हुनुपर्दछ ।

१५. **पेश्की** – कार्यालयमा गत विगत बर्षकौ रु.२५,१०७,९०।– तथा चालू वर्षको रु.२३,६३,२६४। समेत रु.४८,७४,०५४।– रहेको उपलव्ध बिवरणबाट देखिन्छ । अतः पेश्की फछ्र्यौट नियमावली अनुसार पेश्की असुल फछ्र्यौट हुनुपर्दछ ।

१६. **उपभोक्ता समितिबाट निर्माण काम –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० को उपनियम (३)मा कार्यक्रम सुचारु रुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न अन्य निकायसंग लिनुपर्ने सहयोग र स्वीकृति बारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरिसक्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान रु.२०,००,६६७– रहेको कार्यालय भवनको दोस्रो तल्ला थप गर्दा ऐन नियमको प्रावधान विपरित उपभोक्ता समितिबाट निर्माण कार्य गराई २०७३।३।२८ बाट रु.१३,४०,०००।– समेत रु.२०,००,०००।– भुक्तानी गरेको देखियो । कार्यालयले खरिद तथा निर्माण कार्य गराउँदा ऐन नियमको प्रावधान अनुसार गर्नुपर्दछ ।

१७. **आन्तरिक नियन्त्रण :** आर्थिक कारोबार तथा जिन्सी व्यवस्थापन यथार्थ र पारदर्शी भएको छ भनी बिश्वस्त हुन र आन्तरिक नियन्त्रण तथा प्रभाबकारी व्यबस्थापनका लागि कार्यालयले निम्न व्यहोराका कामहरु गर्नु गराउनु पर्नेमा पालना गरेको पाइएन । नियमानुसारे पालना तथा कार्यान्वियन गर्नुपर्दछ ।

- भुक्तानी भएका सबै बिल भरपाईमा भुक्तानी भएको छाप समेत लगाई प्रमाणीत गरि राख्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।
- भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ ले भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरे पछि सम्बन्धित कार्यालयले अनुसुचि ६ को ढांचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था अनुसार सोको अभिलेख राखेको र पेश गर्ने गरेको पनि देखिएन ।
- सबारी साधनको मर्मत गर्दा म.ले.प.फा.नं.–२ अनुसारको बिवरण तयार गरी राख्नु पर्नेमा सो अनुसार राखेको पाइएन ।
- कार्यालयको कार्य सम्पादन गर्नका लागि कर्मचारीको स्वीकृत दरबन्दी व्यवस्था गरेकोमा पदपूर्ति भई पदरिक्त रहेको पाइयो । पदपूर्ति भएको पदमध्ये पद करारमा रहेको पाईयो । अस्थायी दरबन्दी स्वीकृत भई कार्यरत रहेको पाइयो ।

- उपभोक्ता समिति मार्फत् गराईएका अधिकांस खर्चमा आयकर ऐन अन्तर्गत करकट्टी गर्नुपर्ने करहरु जस्तै सामाजिक सुरक्षा कर, बिल तथा बिजकमा अग्रिम आयकर, ढुवानीमा भाडा करकट्टी गर्ने गरेको देखिएन ।
- पेश्की फर्छौट गर्दा बिल भरपाइको आधारमा मात्र गर्नुपर्ने व्यवस्था विपरित बिल भरपाई बिनानै गरिएको देखियो ।
- चालू तथा पुजिँगत खर्चहरुको बार्षिक खरिद योजना तयार पारी सो अनुसार मालसामान खरिद तथा सेवा प्राप्त गरेको पाइएन । बोलपत्र वा शिलबन्दी कोटेशनबाट हुनुपर्ने खरिद टुक्राटुक्रा पारी खरिद गरेको पाइयो ।

**मैनाघाट गाउँ विकास समिति**

१८. **कर कट्टी –** संघ संस्था वा उपभोक्ता समितिबाट २ निर्माण व्यवसायीबाट सामान तथा सेवाको खरिद गरेकोमा प्रचलित आयकर ऐन २०५८ अनुसार स्रोतमा आयकर कट्टी गरी रु १३५०। दाखिला गर्नुपर्दछ।

१९. **घर भाडा –** घर भाडाको सम्झैता पत्र समावेश नगरी वार्षिकरु रु.३०,०००।– भुक्तानी गरेकोमा रेन्ट कमिटिको घर भाडाको निर्णय तथा भाडा सम्झौताको प्रमाण पेश गरेको छैन ।

२०. **पेश्की –** एक सहकारी संस्थालाई दिइएको पेश्की रु.३,००,०००।– हाल सम्म फछ्यौट नभई बाँकी देखिएकाले नियम अनुसार फछ्र्यौट हुनुपर्दछ ।

२१. **कर दाखिला –** आयकर ऐन, २०५८ अनुसार बिभिन्न खरिद कारोबारबाट स्रोतमा अग्रिम आयकर कट्टा गरिएको नगद रु.७८,०६१।– दाखिला गर्नुपर्दछ ।

**नयाँ बेलहानी गाउँ विकास समिति**

२२. **कर कट्टी –** संघ संस्था वा उपभोक्ता समितिबाट २ निर्माण व्यवसायी बाट सामान तथा सेवाको खरिद विल प्राप्त गरी सो को भुक्तानी गरेकोमा प्रचलित आयकर ऐन, २०५८ अनुसार स्रोतमा आयकर कट्टी गरिएको रु.३,१५०।– असुल हुनुपर्दछ ।

२३. **कर दाखिला –** आयकर ऐन, २०५८ अनुसार बिभिन्न खरिद कारोबारबाट स्रोतमा अग्रिम आयकर कट्टा गरिएको नगद रु. ११०,३६३।०० दाखिला गर्नुपर्दछ ।

२४. **बिल भरपाई –** कार्यालका नाममा खर्च भएको रकमको बिल भरपाई साथ खर्चको पुष्टि हुने कागजातका आधारमा भुक्तानी दिनुपर्नेमा सो बेगर रु.७७ लाख ४० हजार बजेट खर्च लेखेकोले उक्त रकम असुल हुनुपर्दछ ।

२५. भ्रमण खर्च रु.२,०००।– भैसके पछि पुनः भुक्तानी गरेकोले दोहोरो भ्रमण भत्ता रु.२,०००।– असुल हुनुपर्दछ ।

२६. **पेश्की बाँकी** - गत आ.ब.को देहायअनुसारको पेश्की फछ्र्यौट हुन बाँकी देखिएको रु.३,१६,७६८।- नियमानुसार फछ्र्यौट हुनुपर्ने देखिन्छ ।

**प्रसौनी गाउँ विकास समिति**

२७. आ.ले.प प्रतिबेदनमा औल्याएका बिल वेगर कार्यालय भवन मर्मत समेत रु.२३८९६३।-अन्तिम लेखापरिक्षको लागी स्रेस्ता पेश हुदा समेत सुधार तथा कारबाहि नभएकाले असुल फछयौट हुनुपर्दछ ।

- दाखिला गर्नुपर्ने कर रु २,५२३।०० बाँकी नै रहेकाले यथाशिघ्र दाखिला गरी नियमित गर्नुपर्दछ ।
- कार्यलयमा खप्ने तथा नखप्ने समान खरिद गर्दा मागफाराम,खरिद आदेश,दाखिला रिपोर्ट संलग्न गर्नुपर्ने व्यवस्थाको पालना भएन ।
- फर्निचर रु.१,०४,०००।०० खरिद गर्दा मु.अ.क. बिल संलग्न गर्नुपर्दछ ।
- नेपालको शैक्षिक कार्यक्रममा रु ३०,४००।०० बिलभर्पाइ बेगर भुक्तानि भएकाले बिलभर्पाइ संलग्न गर्नुपर्ने अन्यथा सम्बन्धित बाट असुल गर्नुपर्दछ ।

२७.१. बैङ्क र स्रेस्तामा आय व्यय बिवरणमा ९९ फरक देखिएकाले हिसाब मिलान हुनुपर्दछ ।

२८. **स्रेस्ता पेश नभएको –** कार्यालयले २०७३।२०७४ को श्रेस्ता प्रमाणित गर्ने विल भरपाई बैङ्क नगदी किताब लगायतका स्रेस्ता उपलव्ध नगराएकोले सो आर्थिक वर्षमा भएको चालू तथा पूँजीगत खर्चतर्फ एकमुष्ट रु.१,०९,५४,४४६।०५ (तत्कालिन गाविस सचिवबाट प्रमाणित आय–व्यय विवरण अनुसार)

लेखापरीक्षण हुन सकेन । अतः स्रेस्ता पेश नगर्ने जिम्मेबार कर्मचारी तथा पदाधिकारीलाई यथासिघ्र आबश्यक काबारही गरी स्रेस्ता पेश गर्न लगाउनुपर्दछ ।

**राँकाचुली गाउँ विकास समिति**

२९. **कर कट्टी –** संघ संस्था वा उपभोक्ता समितिबाट विभिन्न निर्माण व्यवसायीबाट सामान तथा सेवाको खरिद विल प्राप्त गरी सोको भुक्तानी गरेकोमा प्रचलित आयकर ऐन, २०५८ अनुसार स्रोतमा कट्टा गरिएको कर रु.१७,२९२।– असुल हुनुपर्दछ ।

३०. **कर दाखिला –** आयकर ऐन, २०५८ अनुसार बिभिन्न खरिद कारोबारबाट स्रोतमा अग्रिम आयकर कट्टा गरिएको कर रु.२९०५१।८० दाखिला गर्नुपर्दछ ।

३१. **बिल भरपाई –** कार्यालय सञ्चालन खर्चको बिल भरपाई साथ खर्चको पुष्टि हुने कागजातका आधारमा भुक्तानी दिनुपर्नेमा सो बेगर रु.७,७४०।– को विल भरपाई विना भुक्तानी गरिएकाले उक्त रकम असुल हुनुपर्दछ ।

३१.१. पूँजीगत निर्माण कार्यको बिल भरपाई साथ खर्चको पुष्टि हुने कागजातका आधारमा भुक्तानी दिनुपर्नेमा सो बेगर रु.६६,०००।– विल भरपाई समावेश नगरी भुक्तानी गरिएकाले उक्त रकम असुल हुनुपर्दछ ।

३१.२. पूँजीगत निर्माण कार्यको बिल भरपाई साथ खर्चको पुष्टि हुने कागजातका आधारमा भुक्तानी दिनुपर्नेमा रु.५,९६१।– विल भरपाई समावेश नगरी भुक्तानी गरिएको उक्त रकम असुल हुनुपर्दछ ।

३१.३. कार्यालयले प्राबिधिक परामर्श सेवामा रु.७५,०००।– परामर्शदाता लाई विल भरपाई समावेश नगरी भुक्तानी गरी आयकर ऐन, २०५८ अनुसार अग्रिम कर रु.१,१२५।– कट्टा गरेको नदेखिएकाले उक्त रकम असुल हुनुपर्दछ ।

३२. **पेश्की बाँकी** - गत वर्षको अन्तमा रहेको पेश्की रु.१,७५,०००।– फर्छ्यौट भएको देखिएन यस आर्थिक वर्षको अन्त्यमा रहेको पेश्की बिवरण उपलब्ध नभएकाले पेश्की यकिन गर्न सकिएन ।

३३. कार्यालयको आन्तरिक लेखा परीक्षण गरी स्रेस्ता अद्यावधिक गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.१ करोड ६० लाख ९५ हजार बेरुजु देखिएकोमा प्रारिम्भक प्रतिवेदन उपलब्ध गराएपछि असुल गर्नुपर्ने रु.३ हजार फछ्र्यौट गरेकोले रु.१ करोड ६० लाख ९२ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.८४ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ५ लाख २० हजार र पेश्कि रु.५४ लाख ९१ हजार रहेको छ ।

# बुङ्दीकाली गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.४ लाख ९९ हजार र यो वर्षको आय रु.९ करोड ६ लाख ७२ हजार समेत रु.९ करोड ११ लाख ७१ हजार आम्दानी भएकोमा रु.८ करोड ३ लाख ८४ हजार खर्च भई रु.१ करोड ७ लाख ८७ हजार मौज्दात रहेको छ। आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख तथा बेरुजको लगत अद्यावधिक गरेको छैन। साविक गाउँविकास समितिहरुले गाउँ परिषदको निर्णय अनुसार स्वीकृत योजनामा तोकिएको बजेट सीमाभित्र रही खर्च गर्नुपर्नेमा लेखापरीक्षणका क्रममा गाउँपरिषदबाट स्वीकृत बजेट र कार्यक्रमको विवरण पेश भएको छैन । खरिद ऐनमा व्यवस्था भए अनुसारको विधिको पूर्ण पालना गरी खरिद गर्नुपर्ने देखिएको छ।

२. **सम्पत्ति लेखाङ्कन :** गाउँपालिका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन देखिने गरी अभिलेख अद्यावधिक गरेको देखिएन । मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकन सुदृढ गर्नुपर्दछ।

३. **योजना व्यवस्थापन :** गाउँपालिका तथा अन्तरगतका वडा कार्यालयहरुले विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण कार्य गर्दै आएको छ । कतिपय निर्माण कार्यहरुमा उपभोक्ता समितिले व्यहोर्ने योगदान वापतको रकम समावेश गरेको छैन । योजनाको लागत अनुमान तयार गर्दा उपभोक्ताको योगदानको अंश आँशिक रुपमा समावेश गरेको भएपनि योजना फरफारक गर्दा उक्त योगदान र त्यसबाट भएको कार्य देखिने गरी निर्माण सम्पन्न प्रतिवेदन तयार गरेको छैन । नियमानुसारको कागजात संलगन गरी भुक्तानी दिने व्यवस्था गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्नुपर्दछ।

४. **भुक्तानी व्यवस्थापन :** जिल्ला समन्वय समिति तथा गाउँपालिकाबाट साविक गा.वि.स तथा वडाहरुलाई सञ्चालन तथा पूँजीगत अनुदान र सामाजिक सुरक्षा अनुदान वापत गएको निकासा रकम वडाको बैंक खातामा प्राप्त हुने वित्तिकै वडा सचिवहरुले रकम निकाली तहविल मौज्दात कायम गरी आफैसँग नगद राख्ने गरेको देखियो । यसरी राखेको नगदबाट विभिन्न उपभोक्ता समिति, लाभग्राही तथा निर्माण व्यवसायीलाई भुक्तानी गरी लेखामा प्रविष्टी गर्ने गरेको देखियो । आर्थिक कार्यविधि नियमावली, २०६४ मा सरकारी कार्यलयले बैंक मार्फत मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकोमा खाता सञ्चालन गर्ने जिम्मेवार कर्मचारीले बैंक मार्फत कारोबार नगरी तहबिल लिई सुविधाको आधारमा भुक्तानी गर्दा नियमावलीको पालना भएको छैन । बैंक मार्फत मात्र भुक्तानी गर्ने व्यवस्था मिलाई भुक्तानी प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ।

५. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गा.वि.सहरुले उपभोक्ता समितिसँग गरेको सम्झौतामा उक्त व्होरा समावेश गरेको देखिएन । साथै नियम ९७ (७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्थाको पालना गरेका छैनन् ।

६. **आन्तरिक आय :** गा.वि.स.को कार्यालयले मालपोत असुली र सिफारिश दस्तुर लगायतको आम्दानीको लेखांकन गरेको देखिएपनि वास्तविक आम्दानी यकिन हुने गरी श्रेस्ता कायम गरेको देखिएन । नगदी रसिदका आधारमा जोड जम्मा गरी आम्दानी बाँधेको देखिएपनि रसिद नकाटी हुनसक्ने चुहावट नियन्त्रण गर्नेगरी नियन्त्रण व्यवस्था सुदृढ गर्नुपर्दछ। तसर्थ आन्तरिक आम्दानी तथा स्रोतको परिचालन व्यवस्थित गरी आय प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ।

७. **आय व्यय विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा आर्थिक विवरणमा समावेश गर्नुपर्ने आम्दानी र खर्च शीर्षकहरुको व्यवस्था छ। गा.वि.स.हरुले ती शीर्षकहरुभन्दा फरक शीर्षक राखी आयव्यय लेखांकन गरेको देखिएको छ। नियमावलीले निर्देशित गरे अनुसार आयव्यय विवरण तयार गर्नुपर्ने देखिएको छ। साथै आयव्यय विवरण अनुसारको आम्दानी तथा खर्च गाउँपरिषदबाट अनुमोदन गराएको देखिएन । गाउं बिकास समितिले नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि राखेको पाईएन ।

८. **स्रोत नक्सांकन :** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउं बिकास समितिले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अनय स्रोत, पूवौधार अनर्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साँकन वा गाउं बिकास समितिको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

९. **मालपोत :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ५५ (ख) मा मालपोत असुलीको २५ प्रतिशतले हुने रकम जि.वि.स. दाखिला गर्नुपर्ने व्यवस्था छ। पेश भएको आर्थिक विवरण अनुसार अधिकांश गा.वि.सहरुले आम्दानी देखाएका छैनन्। आम्दानी देखाएका गा.वि.सले पनि जिविस दाखिता गर्नुपर्ने रकम दाखिला गरी अभिलेख कायम गरेको देखिएन।

१०. **बेरुजू अभिलेख** : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं.२०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ। गांउ बिकास समिति, गाउंपालिका, नगरपालिकामा बेरुजु अभिलेख, पेश्की बांकीको बिबरण तथा सो को फछ्यौंटको अभिलेख रहेको पाइएन। यस्तो अवस्थामा सुधार हुनुपर्दछ।

११. **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०६९ को १९ (२) मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची १३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ। गा.वि.स. हरुले चैत्र मसान्त सम्म र वैशाख पछि गाऊंपालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा उक्त व्यवस्थाको पालना गरेको देखिएन।  साथै सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण वेभसाइटमा राख्नु पर्ने र यस सम्बन्धी सूचना एफ.एम. मा प्रचार प्रसार गर्नुपर्नेमा गरेको देखिएन। साविक गा.वि.सहरुले वितरण गरेको देहायअनुसारको रु ३,७८,२८,८००।ण सामाजिक सुरक्षा भत्ता वितरण गर्दा सो व्यवस्थाको आंशिक रुपमा मात्र पालना गरेको देखियो। सामाजिक सुरक्षा भत्ता हुनाको कारणका सम्बन्धमा सम्बन्धित गाउँपालिकाले यकिन गर्नुपर्ने देखिन्छ।

१२. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिश्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ। नमूनाका आधारमा छनौट गर्दा कार्यालयले ८ फर्मबाट रु.२५,२७१८५/- का सामान पटक पटक गरी खरिद गरेको देखिएको छ। खरिद व्यवस्थापनका लागि समय पुग्ने गरी अख्तियारी र निकाशा दिनुपर्ने तथा खरिद ऐनको प्रक्रिया पुरा गरी खरिद गर्नुपर्ने देखिएको छ।

१३. **प्रमाण बेगर भुक्तानी :** भ्रमण खर्च नियमावलीको २०६४ नियम (२) मा भ्रमण आदेश बिना भ्रमण खर्च गर्न नहुने व्यवस्था छ। डेठगाँउ गा.वि.स. सचिवले भाद्र र असोज महिनामा भ्रमण उद्देश्य तथा भ्रमण आदेश स्वीकृत नगराई मिति २०७३।०५।१० देखि २०७३।५।१६ सम्म भ्रमण गरेको भनि रु.१८,८००।– भ्रमण भत्ता बुझेको देखिएको छ। भ्रमण आदेश स्वीकृत नभई खर्च लेखेको रकम नियमित गर्नुपर्दछ। त्यसैगरी आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम (३६) मा रित पुगे नपुगेको जाँच गरि भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। एक उपभोक्ता समितिलाई बिलभरपाई तथा नापी कागजात संलग्न नगरी भुक्तानी दिएको रु.१,७१,६००।– को भौचरमा संलग्न गर्न छुटेको भनिएको प्रमाण समेट संलग्न गरी नियमित गर्नुपर्ने देखिन्छ।

१४. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ मा पेश्की तोकिएको समयमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। देहायका ४ गाविसका ६२ व्यक्ति तथा निकायलाई विभिन्न कार्यक्रम गर्न दिएको पेश्की रु ५३७५८९८।– फछ्र्यौट गरेको देखिएन। नियमाननुसार पेश्की असुल फछ्र्यौट हुनुपर्ने देखिएको छ।

उपर्युक्त पेश्कीमा गत विगतमा प्रदान भएको र फछ्र्यौट नभई बाँकी रहेको पेश्की समेत समावेश छ। केही गाविसको गत वर्षको लेखापरीक्षण प्रतिवेदन पेश नभएकोले गत विगतको पेश्की बाँकीको अवस्था एकिन गर्न सकिएन। गाँउपालिकाले पेश्की बाँकीको अद्यावधिक विवरण तयार गरी अभिलेख कायम गर्नुपर्ने देखिन्छ। धेरै पुरानो भैसकेको र काम नभएको कार्यमा गएको पेश्की छानविन गरी अशुल गर्नुपर्ने देखिएको छ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.५५ लाख ४७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.५५ लाख ४७ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ। सो मध्ये प्रमाण पेश गर्नुपर्ने रु. १ लाख ७१ हजार र पेश्कि रु.५३ लाख ७६ हजार रहेको छ।

# बुलिङटार गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.१४ लाख २ हजार र यो वर्षको आय रु.७ करोड ६० लाख २२ हजार समेत रु.७ करोड ७४ लाख २४ हजार आम्दानी भएकोमा रु.६ करोड १७ लाख ७५ हजार खर्च भई रु.१ करोड ५६ लाख ४९ हजार मौज्दात रहेको छ। आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्।

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख तथा बेरुजको लगत अद्यावधिक गरेको छैन।साविक गाउँविकास समितिहरुले गाउँ परिषदको निर्णय अनुसार स्वीकृत योजनामा तोकिएको बजेट सीमाभित्र रही खर्च गर्नुपर्नेमा लेखापरीक्षणका क्रममा गाउँपरिषदबाट स्वीकृत बजेट र कार्यक्रमको विवरण पेश भएको छैन। यसबाट योजना छनौटका आधार र बजेट व्यवस्थापनका सम्बन्धमा समेत पारदर्शिता कायम भएको देखिएन। खरिद ऐनमा व्यवस्था भए अनुसारको विधिको पूर्ण पालना गरी खरिद गर्नुपर्ने देखिएको छ।

२. **सम्पत्ति लेखाङ्कन :** गाउँपालिका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन देखिने गरी अभिलेख अद्यावधिक गरेको देखिएन। मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकन सुदृढ गर्नुपर्ने देखिएको छ।

३. **योजना व्यवस्थापन :** गाउँपालिका तथा अन्तरगतका वडा कार्यालयहरुले विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण कार्य गर्दै आएको छ। कतिपय निर्माण कार्यहरुमा उपभोक्ता समितिले व्यहोर्ने योगदान वापतको रकम समावेश गरेको छैन। योजनाको लागत अनुमान तयार गर्दा उपभोक्ताको योगदानको अंश आँशिक रुपमा समावेश गरेको भएपनि योजना फरफारक गर्दा उक्त योगदान र त्यसबाट भएको कार्य देखिने गरी निर्माण सम्पन्न प्रतिवेदन तयार गरेको छैन। नियमानुसारको कागजात संलगन गरी भुक्तानी दिने व्यवस्था गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्नुपर्दछ।

४. **भुक्तानी व्यवस्थापन :** जिल्ला समन्वय समिति तथा गाउँपालिकाबाट साविक गा.वि.स तथा वडाहरुलाई सञ्चालन तथा पूँजीगत अनुदान र सामाजिक सुरक्षा अनुदान वापत गएको निकासा रकम वडाको बैंक खातामा प्राप्त हुने वित्तिकै वडा सचिवहरुले रकम निकाली तहविल मौज्दात कायम गरी आफैसँग नगद राख्ने गरेको देखियो। यसरी राखेको नगदबाट विभिन्न उपभोक्ता समिति, लाभग्राही तथा निर्माण व्यवसायीलाई भुक्तानी गरी लेखामा प्रविष्टी गर्ने गरेको देखियो। बैंक मार्फत मात्र भुक्तानी गर्ने व्यवस्था मिलाई भुक्तानी प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ।

५. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गा.वि.सहरुले उपभोक्ता समितिसँग गरेको सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन। नियम ९७ (७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनसार सामाजिक लेखापरीक्षण गरेको देखिएन।

६. **आन्तरिक आय :** गा.वि.स.को कार्यालयले मालपोत असुली र सिफारिश दस्तुर लगायतको आम्दानीको लेखांकन गरेको देखिएपनि वास्तविक आम्दानी यकिन हुने गरी श्रेस्ता कायम गरेको देखिएन। नगदी रसिदका आधारमा जोड जम्मा गरी आम्दानी बाँधेको देखिएपनि रसिद नकाटी हुनसक्ने चुहावट नियन्त्रण गर्नेगरी नियन्त्रण व्यवस्था सुदृढ गरेको देखिएन।

७. **आयव्यय विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा आर्थिक विवरणमा समावेश गर्नुपर्ने आम्दानी र खर्च शीर्षकहरुको व्यवस्था छ। गा.वि.स.हरुले ती शीर्षकहरुभन्दा फरक शीर्षक राखी आयव्यय लेखांकन गरेको देखिएको छ। नियमावलीले निर्देशित गरे अनुसार आयव्यय विवरण तयार गर्नुपर्ने देखिएको छ। त्यस्तै गाउं बिकास समितिले नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि सो अनुसार स्रेस्ता राखेको पाईएन।

८. **स्रोत नक्सांकन:** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउं बिकास समितिले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अनय स्रोत, पूर्वाधार अनर्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङकन वा गाउं बिकास समितिको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन।

९. **मालपोत :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ५५ (ख) मा मालपोत असुलीको २५ प्रतिशतले हुने रकम जि.वि.स. दाखिला गर्नुपर्ने व्यवस्था छ। पेश भएको आर्थिक विवरण अनुसार अधिकांश गा.वि.सहरुले आम्दानी देखाएका छैनन्। आम्दानी देखाएका गा.वि.सले पनि जिविस दाखिता गर्नुपर्ने रकम दाखिला गरी अभिलेख कायम गरेको देखिएन।

१०. **बेरुजु अभिलेख :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं.२०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ। गांउ बिकास समिति, गाउंपालिका, नगरपालिकामा बेरुजु अभिलेख, पेश्की बांकीको बिबरण तथा सो को फछ्यौंटको अभिलेख रहेको पाईएन। यस्तो अवस्थामा सुधार हुनुपर्दछ।

११. **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ को १९ (२) मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची १३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ। सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण वेभसाइटमा राख्नु पर्ने र यस सम्बन्धी सूचना एफ.एम. मा प्रचार प्रसार गर्नुपर्नेमा गरेको देखिएन। साविक गा.वि.सहरुले वितरण गरेको ६ गाविसहरुलाई रु.२,७५,९८,४००/-सामाजिक सुरक्षा भत्ता वितरण गर्दा सो व्यवस्थाको आंशिक रुपमा मात्र पालना गरेको देखियो। कार्यविधिमा उल्लेखित प्रावधान पालना गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली व्यवस्थित गर्नुपर्ने देखिएको छ।

१२. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिश्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ। नमूनाका आधारमा छनौट गर्दा कार्यालयले फर्निचर सहित रु.४२,८७,२४७/- का सामानपटक पटक गरी खरिद गरेको देखिएको छ। बजार मुल्य भन्दा बढी हुनेगरी सोभै खरिद गरिएको नियमित देखिएको छैन। खरिद व्यवस्थापनका लागि समय पुग्ने गरी अख्तियारी र निकाशा दिनुपर्ने तथा खरिद ऐनको प्रक्रिया पुरा गरी खरिद गर्नुपर्ने देखिएको छ।

१३. **सहकारी संस्था :**सुनैलो वचत तथा ऋण सहकारी संस्थालाई गौ.भौ.नं. ५-०७४।०२।२८ बाट रु १,९७,४२३।– भुक्तानी दिएको छ। वचत समेत परिचालन गर्ने नाफामुलक संस्थालाई फर्निचर, सोलार प्यानल, कम्प्युटर, प्रिन्टर तथा इलेक्ट्रोनिक सामान खरिद गर्न अनुदान दिएको नियमित देखिएन। नाफामुलक संस्थालाई संस्थाकै सम्पत्ति वृद्धि हुने गरी भुक्तानी दिने प्रचलनमा सुधार गर्नुपर्छ।

१४. **प्रमाण बेगर भुक्तानी :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम (३६) मा रित पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। डाँडाभेरी रिडरोड मोटर वाटो मर्मत उपभोक्ता समितिलाई गरेको भुक्तानी रु.३ लाखमध्ये रु १,८०,८००।– बरावरको डोर हाजिरमा नाम र हस्ताक्षर फोटोकपी गरी पेश गरेको देखिएको छ। काम नगरी अघिल्लो विलबाट भुक्तानी भैसकेको ज्यालको डोर हाजिरीको फोटोकपी संलग्न गरी अतिरिक्त रकम भुक्तानी भएको छ। यसरी गरेको भुक्तानी सम्वन्धितबाट असुल गर्नु पर्दछ।

१५. **कर दाखिला :** साविक गुठी प्रसौनी गा.वि.स.को कार्यालयमा कर्मचारीको तलव भुक्तानी गर्दाकट्टी गरेको १ प्रतिशतले हुने सामाजिक सुरक्षा कर, भुक्तानीमा १.५ प्रतिशतका दरले गरेको कर कट्टी, भाडा भुक्तानी गर्दा १० प्रतिशतले हुने करकट्टी तथा बैठक भत्ता भुक्तानी गर्दा १५ प्रतिशतले हुने कर कट्टी रकम भुक्तानीको समयमा कट्टी गरेको देखिएपनि राजस्व खातामा दाखिला गरेको छैन। नमुनाका आधारमा परीक्षण गरिएको कारोवारबाट गणना गर्दा हुन आएको ५ गा.वि.स.बाट करकट्टी रकम रु.४३,०९१/–बेरुजु खातामा दाखिला गर्नुपर्ने देखिएको छ।

१६. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ मा पेश्की तोकिएको समयमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। पाँच गाविसका व्यक्ति तथा निकायलाई विभिन्न कार्यक्रम गर्न दिएको पेश्की रु.२०,५६,३१७– फछ्र्यौट गरेको देखिएन। पेश्की अशुल फछ्र्यौट हुनुपर्ने देखिएको छ।

उपर्युक्त पेश्कीमा गत विगतमा प्रदान भएको र फछ्र्यौट नभई बाँकी रहेको पेश्की समेत समावेश छ।

अर्खला गाविसको पूँजीगततर्फको कोखे कमलीकोट विद्युत सहकारी संस्था लिमिटेडलाई रु.१,७१,०००।– लघु जलविद्युत आयोजना निर्माणका लागि पेश्कि दिएको देखियो। संस्थाले पेश्कि लिएको रकम ज्योती विकास बैकको असन शाखाको क्रेडिट एकाउन्टमा धरौटी राखेको छ। निर्माण कार्य नगरि गाविससंग पेश्कि लिई धरौटीमा जम्मा गरेको रकम असुल गरी दाखिला गर्नुपर्ने देखिन्छ।

साविक भारतीपुर गाविसको आयव्याय विवरणका साथ पेश्की बाँकीको विवरण पेश भएको छैन। गाविसमा रहेको गतविगत वर्षको पेश्कीको अवस्था समेत एकिन भएन। पेश्की बाँकीका सम्वन्धमा गाँउपालिकाले एकिन गरी लगत कायम गर्नुपर्ने देखिएको छ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.२६ लाख ४७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.२६ लाख ४७ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ। सो मध्ये असुल गर्नुपर्ने रु.१ लाख ७१ हजार, नियमित गर्नुपर्ने रु.४ लाख २० हजार र पेश्कि रु.२० लाख ५६ हजार रहेको छ।

# विनयी त्रिवेणी गाउँपालिका

# लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.२५ लाख ३५ हजार र यो वर्षको आय रु.५ करोड ४७ लाख ७६ हजार समेत रु.५ करोड ७३ लाख ११ हजार आम्दानी भएकोमा रु.४ करोड ५२ लाख ४२ हजार खर्च भई रु.१ करोड २० लाख ६९ हजार मौज्दात रहेको छ। आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आन्तरिक नियन्त्रण:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख तथा बेरुजको लगत अद्यावधिक नगरेको, सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत वितरण गरेको भत्ताको भरपाइमा औंठाछाप मात्र लगाई बुझेको देखिएकोमा सम्वन्धित जिम्मेवार पदाधिकारीले वास्तविक वितरणको अवस्था यकिन गरेको नदेखिएको, साविक गा.वि.स. मा भएको जिन्सीको अवस्था देखिने गरी बरबुझारथ गरी अभिलेख राखेको नदेखिएको, लेखापरीक्षणका क्रममा गाउँपरिषदबाट स्वीकृत बजेट र कार्यक्रमको विवरण पेश नभएको अवस्था रहेको छ।

२. **सम्पत्ति लेखांकन:** गाउँपालिका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन देखिने गरी अभिलेख अद्यावधिक गरेको देखिएन।

३. **योजना व्यवस्थापन:** गाउँपालिका तथा अन्तरगतका वडा कार्यालयहरुले विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण कार्य गर्दै आएको छ। कतिपय निर्माण कार्यहरुमा उपभोक्ता समितिले व्यहोर्ने योगदान वापतको रकम समावेश गरेको छैन। योजनाको लागत अनुमान तयार गर्दा उपभोक्ताको योगदानको अंश आँशिक रुपमा समावेश गरेको भएपनि योजना फरफारक गर्दा योगदान र त्यसबाट भएको कार्य देखिने गरी निर्माण सम्पन्न प्रतिवेदन तयार गरेको छैन।

४. **भुक्तानी व्यवस्थापन:** आर्थिक कार्यविधि नियमावली, २०६४ मा सरकारी कार्यलयले बैंक मार्फत मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकोमा जिल्ला समन्वय समिति तथा गाउँपालिकाबाट साविक गा.वि.स तथा वडाहरुलाई सञ्चालन तथा पूँजीगत अनुदान र सामाजिक सुरक्षा अनुदान वापत गएको निकासा रकम वडाको बैंक खातामा प्राप्त हुने वित्तिकै वडा सचिवले रकम निकाली तहविल मौज्दात कायम गरी नगद राख्ने गरेको देखियो। यसरी राखेको नगदबाट विभिन्न उपभोक्ता समिति, लाभग्राही तथा निर्माण व्यवसायीलाई भुक्तानी गरी लेखामा प्रविष्टी गर्ने गरेको देखियो। खाता सञ्चालन गर्ने जिम्मेवार कर्मचारीले बैंक मार्फत कारोबार नगरी तहबील लिई सुविधाको आधारमा भुक्तानी गर्दा नियमावलीको पालना भएको छैन। बैंक मार्फत मात्र भुक्तानी गर्ने व्यवस्था मिलाई भुक्तानी प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ।

५. **उपभोक्ता समिति:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गा.वि.सहरुले उपभोक्ता समितिसँग गरेको सम्झौतामा व्यहोरा समावेश गरेको नदेखिएको, नियम ९७(७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार सामाजिक लेखापरीक्षण गरेको देखिएन। उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पालना गर्नुपर्ने देखिएको छ।

६. **आन्तरिक आय:** गा.वि.स.ले मालपोत असुली र सिफारिश दस्तुर लगायतको आम्दानीको लेखांकन गरेको देखिएपनि वास्तविक आम्दानी यकिन हुने गरी श्रेस्ता कायम गरेको देखिएन। नगदी रसिदका आधारमा जोड जम्मा गरी आम्दानी बांधेको देखिएपनि रसिद नकाटी हुनसक्ने चुहावट नियन्त्रण गर्ने गरी नियन्त्रण व्यवस्था सुदृढ गरेको देखिएन। तसर्थ आन्तरिक आम्दानी तथा स्रोतको परिचालन व्यवस्थित गरी आय प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ।

७. **आयव्यय विवरण:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा आर्थिक विवरणमा समावेश गर्नुपर्ने आम्दानी र खर्च शीर्षकहरुको व्यवस्था छ। गा.वि.स.हरुले ती शीर्षकहरुभन्दा फरक शीर्षक राखी आयव्यय लेखांकन गरेको देखिएको छ। नियमावलीले निर्देशित गरे अनुसार आयव्यय विवरण तयार गर्नुपर्ने देखिएको छ। साथै आयव्यय विवरण अनुसारको आम्दानी तथा खर्च गाउँपरिषदबाट अनुमोदन गराएको देखिएन। तसर्थ विवरण अनुमोदन गरी पारदर्शिता कायम गर्नुपर्ने देखिएको छ।

८. **स्रोत नक्सांकन:** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउं बिकास समितिले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कन वा गाउं बिकास समितिको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

९. **मालपोत:** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ५५ (ख) मा मालपोत असुलीको २५ प्रतिशतले हुने रकम जि.वि.स. दाखिला गर्नुपर्ने व्यवस्था छ। पेश भएको आर्थिक विवरण अनुसार अधिकांश गा.वि.सहरुले आम्दानी देखाएका छैनन् । आम्दानी देखाएका गा.वि.सले पनि जिविस दाखिता गर्नुपर्ने रकम दाखिला गरी अभिलेख कायम गरेको देखिएन । त्यसैले गा.वि.समा मालपोत उठ्तीको अवस्था र जि.वि.स दाखिला गर्नुपर्ने रकम यकिन हुन सकेन ।

१०. **सामाजिक सुरक्षा:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०६९ को १९ (२) मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची १३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गा.वि.स. हरुले चैत्र मसान्त सम्म र वैशाख पछि गाऊंपालीकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा उक्त व्यवस्थाको पालना गरेको देखिएन । साथै सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण वेभसाइटमा राख्नु पर्ने र यस सम्बन्धी सूचना एफ.एम. मा प्रचार प्रसार गर्नुपर्नेमा गरेको देखिएन । साविक गा.वि.सहरुले वितरण गरेको रु.४,४०,७४,२००/- सामाजिक सुरक्षा भत्ता वितरण गर्दा सो व्यवस्थाको आंशिक रुपमा मात्र पालना गरेको देखियो । कार्यविधिमा उल्लेखित प्रावधान पालना गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली व्यवस्थित गर्नुपर्ने देखिएको छ।

११. **खरिद व्यवस्थापन:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिशपर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ। नमूनाका आधारमा छनौट गर्दा कार्यालयले रु.२५,७४,७५५/- का सामान पटक पटक गरी खरिद गरेको देखिएको छ।

१२. **भवन निर्माण:** साविक वेणिमणिपुर गा.वि.सको कार्यालय भवन निर्माणका लागि यस बर्ष बजेट स्वीकत भएको रु.३६,००,०००।०० समेत हालसम्म रु.५२,४३,४८७।१२ को निर्माण कार्य सम्पन्न भए अनुसार भवन निर्माण उपभोक्ता समितिलाई भुक्तानी दिएको देखियो। धेरै बर्ष लगाई निर्माण सम्पन्न हुने निर्माण कार्यको लागत अनुमान पेश नभएको, बहुवर्षिय योजना स्वीकृत नगरेको, निर्माण कार्यको नापी किताव पेश हुन आएन । नापी किताब पेश नहुँदा गत वर्षको कामको परिमाणमा, यस बर्षको परीमाण र यस बर्ष विलमा चढाएको परिमाण भिडान गर्न सकिएन । यसबाट अघिल्लो वर्ष प्रयोग भइसकेको सामानको लागत अनुमान अनुसारको परीमाण पछिल्ला वर्षमा समेत बिलमा समावेश भई भुक्तानी हुन सक्ने अवस्था देखिएको छ । हालसम्मको विलमा चढेको सामानको जम्मा परिमाण लागत अनुमानमा खुलाएको परिमाण भन्दा बढी भए नभएको यकिन गरी भुक्तानी फरफारक गर्नुपर्ने देखिएको छ।

१३. **कर दाखिला:** आयकर ऐन, २०५८ मो दफा ८८ मा भुक्तानीका करकट्टीको व्यवस्था छ। गाविसहरुबाट पारिश्रमिक तथा विल विजकको भुत्तानी गर्दा रु.३२,२५०/-कर कट्टी नगरी भुत्तानी गरेको देखिएकोले असुल गर्नुपर्ने देखिएको छ।

१४. **पेश्की:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ मा पेश्की तोकिएको समयमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेकोमा रु.४,४६,८८५/-पेश्की बाँकि देखिएकोले नियमानुसार अशुल फछ्र्यौट हुनुपर्ने देखिएको छ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.४ लाख ७९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.४ लाख ७९ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ। सो मध्ये असुल गर्नुपर्ने रु.३२ हजार र पेश्की रु.४ लाख ४७ हजार रहेको छ।

# हुप्सेकोट गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.३ लाख ५३ हजार र यो वर्षको आय रु.५ करोड ४० लाख २१ हजार समेत रु.५ करोड ४३ लाख ७४ हजार आम्दानी भएकोमा रु.४ करोड ३७ लाख १५ हजार खर्च भई रु.१ करोड ६ लाख ५९ हजार मौज्दात रहेको छ । आर्थिक कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **मू.अ.कर दर्ताः** सार्वजनिक खरिद नियमावली २०६४ अनुसार रु.२०,०००।- भन्दा माथिको मालसामान खरिद तथा सेवा प्राप्त गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेता वा सेवा प्रदायकहरुबाट गर्नुपर्नेमा अधिकांश आर्थिक कारोवार मू.अ.कर दर्ता नभएका फर्मसंग खरिद गरेकोले मु.अ.कर बिजक लिएरमात्र कारोवार गर्नु पर्दछ ।

२. **उपभोक्ता समितिः** सार्बजनिक खरिद नियमावलीमा व्यवस्था भए अनुरुप योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराईएको छ । उपभोक्ता समितिलाई जिम्मेवारी तथा उत्तरदायित्व वहन गर्न लगाउन तथा योजनाको अपनत्व बढाउन उपभोक्ता समितिलाई संघ संस्था ऐन अनुसार दर्ता गराई संगठित संख्याको रुपमा विकसित गर्ने तथा बार्षिक साधारण सभाको भेलाद्वारा पदाधिकारी चयन गर्ने व्यवस्थाका थालनी गरेमा निर्माण कार्यको संस्थागत जिम्मेवारी बढने हुदा आधिकारीक दर्ता प्रकृया पुरा गरी समिति गठन हुनु पर्दछ ।

३. **डोर हाजिरः** निर्माण कार्य गराई पेश हुन आएका डोर हाजिर फारामको ज्याला भुक्तानी गर्दा केही योजनाको निमार्ण कार्यमा सामाजिक सुरक्षा कर कट्टा नगरेको पाईयो । सबै किसिमका भुक्तानीहरुलाई करको दायरामा ल्याउन जरुरी देखिन्छ । बार्षिक रुपमा डोर हाजिरबाट खर्च लेखेको रकम एकिन गरी नियममा व्यवस्था भए अनुसार सामाजिक सुरक्षा कर कट्टा गर्नु पर्दछ ।

४. **उपभोक्ताको अंशः** उपभोक्ता समितिबाट गराईएका अधिकांश योजनामा जन सहभागीताको रकम र न.पा.को अनुदान रकम ८५:१५ को अनुपातमा नभएको पाईयो । अत संझौतामा उल्लेख भए अनुसारको श्रम सहभागिता अनिवार्य हुने गरी संझौताको पालना हुनु पर्दछ ।

५. **मेशिन प्रयोगः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीमा उल्लेख भए अनुसार स्थानीय तहमा श्रममूलक प्रविधि प्रयोग गर्नुपर्ने व्यवस्था भएकोमा सो नियमलाई उलंघन गरी मेशिन प्रयोग गरी काम गराईएको पाईयो । स्थानीय निर्माण कार्यमा डोजर प्रयोग गर्नका लागि परिषद्बाट स्वीकृत लिएको पाईएन

६. **लिलाम बिकिः** सालबसाली अधिकार प्राप्त अधिकारी कार्यालय सामानको जिन्सी निरीक्षण गराई जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित मर्मत तथा संभार हुन नसकिने सामानहरुको लिलाम व्यवस्था गर्दै जानुपर्ने व्यवस्था देखिन्छ ।

७. **सार्वजनि परीक्षणः** निर्माण कार्यलाई पारदर्शी र सेवाग्राहीको जानकारीको लागि सार्वजनिक परीक्षण कार्यलाई वाध्यात्मक रुपले अनुशरण गर्नुपर्ने देखिन्छ ।

८. **विल भरपाईः** उपभोक्ता समिति मार्फत् गराइएका कतिपय निर्माण कार्यका खर्चका विलहरु भुक्तानी अवधिमा पेश नभएको पाईयो । खर्चका विल भरपाई अनिवार्य रुपमा पेश गर्न लगाउनु पर्ने देखिन्छ ।

९. **कर कट्टीः** उपभोक्ता समिति मार्फत् गराईएका धेरै योजना कर कट्टी नगरिएको पाइएकाले अनिवार्य रुपमा अग्रिम आयकर कट्टी गरेरमात्र भुक्तानी हुनु पर्दछ ।

१०. **मू.अ.कर समायोजनः** कृति इन्टरप्राइजेज लाई विल रु.१,२१,०८५।०० भुक्तानी गर्दा पेश भएको विजकमा मिति केरमेट गरेकोले उक्त विलवाट भुक्तानी भएको मु.अ.कर रु.१३९३०।०० को मु अ कर समायोजन पत्र पेश हुनु पर्ने अन्यथा असूल हुनु पर्ने देखिन्छ ।

११. **मू.अ.कर बिजकः** गिट्टी, बालुवा तथा अन्य सामग्री खरिद गर्दा मु.अ.कर बिजक नभई भरपाईलाई आधार मानी भुक्तानि गरिएको पाइयो । मु.अ.कर लाग्ने सामानको खरिदमा अनिवार्य मु.अ.कर बिजक लिएर

मात्र कारोवार गर्नु पर्दछ ।

१२. **कर दाखिलाः** विभिन्न मितिमा कर कट्टी गरिएतापनि कर दाखिला गर्न वाकी रु.२,४४,१७३।० दाखिला गर्नुपर्दछ ।

१३. **पेश्किः** आर्थिक वर्षको अन्त्यसम्म पनि फछ्र्यौट हुन वाकी देखिएको पेश्कि बाँकि रु.२,९६,०००।० आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७९ अनुसार कारवाही गरी फछ्र्यौट गर्नु पर्दछ ।

**हुप्सेकोट गाउँ विकास समिति**

१४. **कर कट्टीः** वैक नगदी किताव अनुसार कर दाखिला गर्न वाकी रु.५,५६१।०० र संघ संस्था वा उपभोक्ता समितिलाई भुक्तानी गर्दा अग्रिम कर कट्टी नगरेको रु.३८५९।० समेत रु.९,४२०।० असुल हुनु पर्दछ ।

१५. **बिल भरपाईः** कार्यालयले बील भरपाई भुक्तानी दिनु पुर्व चेक जाच गरी यथार्थ खर्चका आधारमा खर्चको भुक्तानी दिनु पर्नेमा केहि खर्चहरु बिल बिना भुक्तानि गरेको पाईयो । अतः बील बेगर भुक्तानी भएको रु.२४,४२०।० को प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने देखिन्छ ।

१६. **पेश्किः** आर्थिक वर्षको अन्त्यसम्म बाँकि रहेको गत आ.ब को पेश्की रु.२,९७,६९०।०० र चालु वर्षको रु.५६,६९३।० समेत रु.३,५४,३८३।० आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७९ अनुसार कारवाही गरी फछ्र्यौट गर्नु पर्दछ ।

**धौवादी गाउँ विकास समिति**

१७. **बढी भुक्तानीः** संचार खर्च अन्तर्गत खर्च रकम रु.३,१००।०० मध्ये विल भरपाई रु.१६००।०० को समावेश गरी रु.१५००।०० वढी भुक्तानी गरकोले बील भरपाई बेगर खर्च लेखेको रकमको प्रमाण पेश हुनुपर्ने अनयथा असुल हुनुपर्दछ ।

१८. **कर दाखिलाः** विभिन्न भुक्तानी गर्दा वजेट खर्च लेखि कर कट्टी गरेको तर कर दाखिला गर्न वाकी रकम समेत गाउपालिकामा फिर्ता गरेकोले वैक नगदि किताववाट कर दाखिला गर्न वाकी देखिएको रु ३३८५१।०० राजश्व जम्मा गर्नु पर्ने देखिन्छ ।

१९. **कर कट्टीः** विभिन्न मितिमा विभिन्न सेवा प्रदायक व्यवसायीहरुबाट विल प्राप्त गरी विल भुक्तानी गरेकोमा प्रचलित आयकर ऐन अनुसार स्रोतमा आयकर कट्टी गर्नुपर्नेमा रु.७,१०८।० अग्रिम कर कट्टी नगरेकोले असुल हुनुपर्दछ ।

२०. **पेश्कीः** गत आ.ब. को म्याद नाघेको पेश्की रु.७,४४,३६८।४२ र चालु वर्षको रु.१,४५,०००।०० समेत रु.८,८९३६८।४२ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७९ अनुसार कारवाही गरी फछ्र्यौट गर्नु पर्दछ ।

**देउराली गाउँ विकास समिति**

२१. **भत्ता भुक्तानीः** कार्यालय संचालन अन्तर्गत रु.२५,०००।०० भत्ता भुक्तानी गरेकोमा सो प्रकृतीको भत्ता जि.बि.स. वाट नियमित रुपमा उपलव्ध हुने व्यवस्था रहेकोमा परिषदबाट निर्णय गरी लिएको उक्त भत्ता रकम दोहोरो भुक्तानी नभएको प्रमाण पेश हुनु पर्दछ ।

२२. **कर दाखिलाः** विभिन्न भुक्तानी गर्दा वजेट खर्च लेखि कर कट्टी गरेको तर कर दाखिला गर्न वाकी रकम समेत गाउपालिकामा फिर्ता गरेकोले वैक नगदि किताववाट कर दाखिला गर्न वाकी देखिएको रु.१०,२९९।० र रु.५८,८८५।० हजार समेत रु.६९,१८४।० राजश्व खातामा जम्मा गर्नु पर्दछ ।

२३. **पेश्कीः** गत आ.ब को म्याद नाघेको पेश्की रु.९,४६,३४३।० र चालु वर्षको रु.२,००,०००।० समेत रु.११,४६।३४३।० पेश्कि बाँकि देखिएकोले आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७९ अनुसार कारवाही गरी फछ्र्यौट गर्नु पर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.३१ लाख १५ हजार हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.३१ लाख १५ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.१७ हजार, नियमित गर्नुपर्ने रु.४ लाख १२ हजार र पेश्की रु.२६ लाख ८६ हजार रहेको छ ।

स्थानीय तह

प्रदेश नं. ४

आय व्यय विवरण र लेखापरीक्षण रकम

अनुसूची १

रु. हजारमा

| क.सं. | जिल्ला | स्थानीय तहको नाम | गत वर्षको जिम्मेवारी | यो वर्षको आय | जम्मा | श्रावन-फाल्गुण २७ सम्मको खर्च | फल्गुण २८-असाढ मसान्तको खर्च | जम्मा खर्च | मौज्दात | जम्मा | लेखापरीक्षण अंक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | गोरखा नगरपालिका | ४०१३४ | २२९६६५ | २६९७९९ | ७५०२१ | १३८९२० | २१३९४१ | ५५८५८ | २६९७९९ | ४४३६०६ |
| २ | | पालुङटार नगरपालिका | २७०८२ | २३९३२६ | २६६४०८ | ६६०८५ | १४०६५४ | २०६७३९ | ५९६६९ | २६६४०८ | ४४६०६५ |
| ३ | | सुलीकोट गाउँपालिका | ६२५५ | ९८९६१ | १०५२१६ | ४७०७० | ४४५५६ | ९१६२६ | १३५९० | १०५२१६ | १९०५८७ |
| ४ | | सिरानचोक गाउँपालिका | ६३५६ | १०९५८१ | ११५९३७ | ५५८१७ | ४७२२१ | १०३०३८ | १२८९९ | ११५९३७ | २१२६१९ |
| ५ | | अजिरकोट गाउँपालिका | ११८३ | ७७९२५ | ७९१०८ | १८५७४ | ३४८८२ | ५३४५६ | २५६५२ | ७९१०८ | १३१३८१ |
| ६ | गोरखा | आरूघाट गाउँपालिका | ३५३ | ९१६४७ | ९२००० | ४६७४५ | ३७४१० | ८४१५५ | ७८४५ | ९२००० | १७५८०२ |
| ७ | | गण्डकी गाउँपालिका | १०४९ | ९६४७९ | ९७५२८ | ४३५८६ | ४८४७८ | ९२०६४ | ५४६४ | ९७५२८ | १८८५४३ |
| ८ | | चुमनुव्री गाउँपालिका | ३२८ | ६१७८० | ६२१०८ | १९५०७ | ३३०१८ | ५२५२५ | ९५८३ | ६२१०८ | ११४३०५ |
| ९ | | धार्चे गाउँपालिका | ५९४ | ६८६६२ | ६९२५६ | २९६१४ | ३२०५९ | ६१६७३ | ७५८३ | ६९२५६ | १३०३३५ |
| १० | | भिमसेन गाउँपालिका | ३८२ | ९१८५६ | ९२२३८ | ३८६३९ | ३९३३७ | ७७९७६ | १४२६२ | ९२२३८ | १६९८३२ |
| ११ | | शहिद लखन गाउँपालिका | १९८० | १३७७२५ | १३९७०५ | ५९५०१ | ६२१७७ | १२१६७८ | १८०२७ | १३९७०५ | २५९४०३ |
| १२ | | बेशिशहर नगरपालिका | ९७५० | २६४८८२ | २७४६३२ | ११२२० | १८०६१८ | १९१८३८ | ८२७९४ | २७४६३२ | ४५६७२० |
| १३ | | मध्यनेपाल नगरपालिका | २२०६१ | १२८०७४ | १५०१३५ | ४३२४९ | ८२७९० | १२६०३९ | २४०९६ | १५०१३५ | २५४११३ |
| १४ | | राईनास नगरपालिका | ४१०७ | १००९१३ | १०५०२० | ३७२९० | ५१९५१ | ८९२४१ | १५७७९ | १०५०२० | १९०१५४ |
| १५ | लमजुङ | सुन्दर बजार नगरपालिका | ४२०९ | १३२५४८ | १३६७५७ | ३७१४९ | ८४४६४ | १२१६१३ | १५१४४ | १३६७५७ | २५४१६१ |
| १६ | | क्व्होलासोथार गाउँपालिक | ५३५ | ३९५५४ | ४००८९ | २८७८४ | ५०३२ | ३३८१६ | ६२७३ | ४००८९ | ७३३७० |
| १७ | | दुध पोखरी गाउँपालिका | ६२८ | ३११६० | ३१७८८ | १०२३७ | १४३८९ | २४६२६ | ७१६२ | ३१७८८ | ५५७८६ |
| १८ | | दोर्दी गाउँपालिका | ७९५ | ४८८८३ | ४९६७८ | १७५६४ | २६८१४ | ४४३७८ | ५३०० | ४९६७८ | ९३२६१ |
| १९ | | मर्स्याङदी गाउँपालिका | ५१२ | ८३९३६ | ८४४४८ | ४१२८१ | ३७४५७ | ७८७३८ | ५७१० | ८४४४८ | १६२६७४ |
| २० | | भानु नगरपालिका | ३९४९ | २५०९७७ | २५४९२६ | ५७५३१ | १५३४१४ | २१०९४५ | ४३९८१ | २५४९२६ | ४६१९२२ |
| २१ | | भिमाद नगरपालिका | ३७७६ | १०३७३३ | १०७५०९ | २५५७१ | ४५६१३ | ७११८४ | ३६३२५ | १०७५०९ | १७४९१७ |
| २२ | | व्यास नगरपालिका | ८७५८५ | ४३४७३७ | ५२२३२२ | १४२९०२ | २३१७५९ | ३७४६६१ | १४७६६१ | ५२२३२२ | ८०९३९८ |
| २३ | | शुक्ला गण्डकी नगरपालिका | ३६०९५ | २७२५८२ | ३०८६७७ | ७५४२५ | १५६१८९ | २३१६१४ | ७७०६३ | ३०८६७७ | ५०४१९६ |
| २४ | तनहुँ | आँबु खैरेनी गाउँपालिका | ५२०८ | ११६५१९ | १२१७२७ | ४५९७६ | ५७०९६ | १०३०७२ | १८६५५ | १२१७२७ | २१९५९१ |
| २५ | | ऋृसिङ्ग गाउँपालिका | ५८४९ | ९०६७१ | ९६५२० | २३८७१ | ५३१६० | ७७०३१ | १९४८९ | ९६५२० | १६७७०२ |
| २६ | | घिरिङ्ग गाउँपालिका | ७२४५ | ६९३२७ | ७६५७२ | १५९१९ | ३५९३० | ५१८४९ | २४७२३ | ७६५७२ | १२११७६ |
| २७ | | देवघाट गाउँपालिका | ७५७२ | ६६९०५ | ७४४७७ | १६९५९ | ४१३१५ | ५८२७४ | १६२०३ | ७४४७७ | १२५१७९ |
| २८ | | म्याग्दे गाउँपालिका | ३९८८ | ८१२९३ | ८५२८१ | २०९८७ | ५११०३ | ७२०९० | १३१९१ | ८५२८१ | १५३३८३ |
| २९ | | बन्दिपुर गाउँपालिका | ७२६१ | १४५४१३ | १५२६७४ | १८२६७ | ६९३१८ | ८७५८५ | ६५०८९ | १५२६७४ | २३२९९८ |
| ३० | | गल्याङ नगरपालिका | ८४३३ | ५५१०१ | ६३५३४ | ९५४५ | ४०५३१ | ५००७६ | १३४५८ | ६३५३४ | १०५१७७ |
| ३१ | | चापाकोट नगरपालिका | ८०२३ | १६०३८६ | १६८४०९ | २७८७५ | ६६३२० | ९४१९५ | ७४२१४ | १६८४०९ | २५४५८१ |
| ३२ | | पुतलीबजार नगरपालिका | १५९०८ | १२५२४८ | १४११५६ | ६४९३ | १०२९६९ | १०९४६२ | ३१६९४ | १४११५६ | २३४७१० |
| ३३ | | भीरकोट नगरपालिका | २२३३ | १०५८९५ | १०८१२८ | ४३९१ | ६९०८१ | ७३४७२ | ३४६५६ | १०८१२८ | १७९३६७ |
| ३४ | | वालिङ नगरपालिका | २७४५१ | १९३७९२ | २२१२४३ | ८२८६० | ९४९८८ | १७७८४८ | ४३३९५ | २२१२४३ | ३७१६४० |
| ३५ | स्याङजा | अर्जुनचौपारी गाउँपालिका | ३४७ | ३४०१० | ३४३५७ | ३१५३ | २४४७५ | २७६२८ | ६७२९ | ३४३५७ | ६१६३८ |
| ३६ | | आँधिखोला गाउँपालिका | २९९७ | ३८८५१ | ४१८४८ | ७०२६ | २५३२२ | ३२३४८ | ९५०० | ४१८४८ | ७११९९ |
| ३७ | | कालीगण्डकी गाउँपालिका | ४३५३ | ३३५५२ | ३७९०५ | ४०२८ | २३३४२ | २७३७० | १०५३५ | ३७९०५ | ६०९२२ |
| ३८ | | फेदीखोला गाउँपालिका | १५५ | ३११८४ | ३१३३९ | ५५२९ | १८०२२ | २३५५१ | ७७८८ | ३१३३९ | ५४७३५ |
| ३९ | | बिरुवा गाउँपालिका | ८०४ | ५७४४८ | ५८२५२ | १२४६१ | २७२३२ | ३९६९३ | १८५५९ | ५८२५२ | ९७१४१ |
| ४० | | हरिनास गाउँपालिका | ३२९६ | २५९६८ | २९२६४ | २९५८ | १७८०८ | २०७६६ | ८४९८ | २९२६४ | ४६७३४ |
| ४१ | | पोखरा लेखनाथ महानगरपालिका | ५६११९५ | १५३०५५६ | २०९१७५१ | ७७५८६२ | ६८६७८० | १४६२६४२ | ६२९१०९ | २०९१७५१ | २९९३१९८ |
| ४२ | कास्की | अन्नपूर्ण गाउँपालिका | ९६३७ | ४२७३७ | ५२३७४ | ११३६१ | २७६०८ | ३८९६९ | १३४०५ | ५२३७४ | ८१७०६ |
| ४३ | | माछापुछ्रे गाउँपालिका | १७२२८ | ५४४९२ | ७१७२० | १५२१० | २७६५९ | ४२८६९ | २८८५१ | ७१७२० | ९७३६१ |
| ४४ | | मादी गाउँपालिका | १०९० | ४१८८२ | ४२९७२ | ११०२७ | १९५२७ | ३०५५४ | १२४१८ | ४२९७२ | ७२४३६ |
| ४५ | | रूपा गाउँपालिका | ८७८७ | ३२४४९ | ४१२३६ | ८३०९ | १६२२० | २४५२९ | १६७०७ | ४१२३६ | ५६९७८ |
| ४६ | | चामे गाउँपालिका | २३८९ | १४३४८ | १६७३७ | २१०६ | ९५१९ | ११६२५ | ५११२ | १६७३७ | २५९७३ |
| ४७ | मनाङ | नारफु गाउँपालिका | ० | २७०५७ | २७०५७ | ५८२५ | १६४१४ | २२२३९ | ४८१८ | २७०५७ | ४९२९६ |
| ४८ | | नाशोङ गाउँपालिका | ० | ३१८७२ | ३१८७२ | ५७९२ | २०२२३ | २६०१५ | ५८५७ | ३१८७२ | ५७८८७ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४९ | | नेश्याङ गाउँपालिका | २०८ | ५०८०३ | ५१०११ | ९२१९ | १८२४४ | २७४६३ | २३५४८ | ५१०११ | ७८२६६ |
| ५० | | घरपजोङ गाउंपालिका | ६१८ | २७१४८ | २७७६६ | २१५८ | १८३५१ | २०५०९ | ७२५७ | २७७६६ | ४७६५७ |
| ५१ | | थासाङ.गाउंपालिका | १३० | ३३६९६ | ३३८२६ | २२११ | २५७८७ | २७९९८ | ५८२८ | ३३८२६ | ६१६९४ |
| ५२ | मुस्ताङ | दालोमे गाउंपालिका | ११० | ३२८१८ | ३२९२८ | ११५० | २४६९२ | २५८४२ | ७०८६ | ३२९२८ | ५८६६० |
| ५३ | | लोमान्थाङ.गाउंपालिका | ० | ३०६१७ | ३०६१७ | ० | २३२६७ | २३२६७ | ७३५० | ३०६१७ | ५३८८४ |
| ५४ | | वाह्रगाउमुक्तिक्षेत्र गाउंपालिका | २७१ | ४१२४४ | ४१५१५ | २४८१ | ३२७७८ | ३५२५९ | ६२५६ | ४१५१५ | ७६५०३ |
| ५५ | | बेनी नगरपालिका | ३३२१९ | १२२५२३ | १५५७४२ | ४७१६८ | ६६४९९ | ११३६६७ | ४२०७५ | १५५७४२ | २३६१९० |
| ५६ | | अन्नपूर्ण गाउँपालिका | ९७८३ | ८८२१९ | ९८००२ | २८९८६ | ५१३५२ | ८०३३८ | १७६६४ | ९८००२ | १६८५५७ |
| ५७ | म्याग्दी | धवलागिरी गाउँपालिका | १४४ | ८६८४१ | ८६९८५ | १०४६५ | ५८३६७ | ६८८३२ | १८१५३ | ८६९८५ | १५५६७३ |
| ५८ | | मंगला गाउँपालिका | ७६६३ | २८३७५ | ३६०३८ | ४६४५ | १७४८८ | २२१३३ | १३९०५ | ३६०३८ | ५०५०८ |
| ५९ | | मालिका गाउँपालिका | ६५८९ | ३७२६८ | ४३८५७ | १०५०९ | २११७५ | ३१६८४ | १२१७३ | ४३८५७ | ६८९५२ |
| ६० | | रघुगंगा गाउँपालिका | ११२१५ | ७६०५९ | ८७२७४ | १३२२३ | ५६५९३ | ६९८१६ | १७४५८ | ८७२७४ | १४५८७५ |
| | | कुश्मा नगरपालिका | ५१६६ | १७८६६९ | १८३८३५ | ५३३१ | १४३७९९ | १४९१३० | ३४७०५ | १८३८३५ | ३२७७९९ |
| ६२ | | फलेवास नगरपालिका | २०८७ | ५८५१७ | ६०६०४ | ५३३३ | ४९३२९ | ५४६६२ | ५९४२ | ६०६०४ | ११३१७९ |
| ६३ | | जलजला गाउँपालिका | ९३१४ | २९३९७ | ३८७११ | १०१५१ | २२९९७ | ३३१४८ | ५५६३ | ३८७११ | ६२५४५ |
| ६४ | पर्वत | पैयु गाउँपालिका | ६४६० | २०६५७ | २७११७ | १२९७० | ७९७७ | २०९४७ | ६१७० | २७११७ | ४१६०४ |
| ६५ | | महाशिला गाउँपालिका | ११४३८ | ३१३२७ | ४२७६५ | १२४७० | २१०६२ | ३३५३२ | ९२३३ | ४२७६५ | ६४८५९ |
| ६६ | | मोदि गाउँपालिका | १४४६५ | २७०८४ | ४१५४९ | १३२७९ | १९१२९ | ३२४०८ | ९१४१ | ४१५४९ | ५९४९२ |
| ६७ | | विहादी गाउँपालिका | ६६०६ | ३६४९२ | ४३०९८ | १०७८२ | २५३७५ | ३६१५७ | ६९४१ | ४३०९८ | ७२६४९ |
| ६८ | | बाग्लुङ नगरपालिका | ९२५८ | २४५४५५ | २५४७१३ | १०८८७८ | १३१७४७ | २४०६२५ | १४०८८ | २५४७१३ | ४८६०८० |
| ६९ | | गलकोट नगरपालिका | ८७८४ | ४३२६४ | ५२०४८ | ४३७६५ | २७७७ | ४६५४२ | ५५०६ | ५२०४८ | ८९८०६ |
| ७० | | जैमिनि नगरपालिका | १२८९१ | १०३४९० | ११६३८१ | ५०१५१ | ४५८६० | ९६०११ | २०३७० | ११६३८१ | १९९५०१ |
| ७१ | | ढोरपाटन नगरपालिका | ११३८२ | ७२१४७ | ८३५२९ | ३३९३० | ३३०८३ | ६७०१३ | १६५१६ | ८३५२९ | १३९१६० |
| ७२ | बाग्लुङ | बरेङ. गाउंपालिका | ६७४९ | ५४८१० | ६१५५९ | २५३१८ | ३०७४१ | ५६०५९ | ५५०० | ६१५५९ | ११०८६९ |
| ७३ | | काठेखोला गाउंपालिका | ९९२८ | ५६६३९ | ६६५६७ | २८९११ | ३२०५५ | ६०९६६ | ५६०१ | ६६५६७ | ११७६०५ |
| ७४ | | तमानखोला गाउंपालिका | ३९९७ | ४७१६५ | ५११६२ | २४१३७ | २३९३० | ४८०६७ | ३०९५ | ५११६२ | ९५२३२ |
| ७५ | | ताराखोला गाउंपालिका | ४७९९ | ४१४१५ | ४६२१४ | १३६३३ | २६६५७ | ४०२९० | ५९२४ | ४६२१४ | ८१७०५ |
| ७६ | | निसिखोला गाउंपालिका | १५७६४ | ५४९९६ | ७०७६० | २४७७० | ३०२२६ | ५४९९६ | १५७६४ | ७०७६० | १०९९९२ |
| ७७ | | बडिगाउ गाउंपालिका | १५१३३ | ५७६२८ | ७२७६१ | ३७७६३ | ३०७७० | ६८५३३ | ४२२८ | ७२७६१ | १२६१६१ |
| ७८ | | काबासोती नगरपालिका | १२३५६ | २४०९१६ | २५३२७२ | | २२४४३० | २२४४३० | २८८४२ | २५३२७२ | ४६५३४६ |
| ७९ | | गैडाकोट नगरपालिका | १८१७२ | २५१६०४ | २६९७७६ | ७०२९ | २५०६८५ | २५७७१४ | १२०६२ | २६९७७६ | ५०९३१८ |
| ८० | | देवचुली नगरपालिका | १५८९० | १८६७९४ | २०२६८४ | ३५५०१ | १२३००५ | १५८५०६ | ४४१७८ | २०२६८४ | ३४५३०० |
| ८१ | नवलपरासी | मध्यविन्दु नगरपालिका | १३७६३ | १९३९२४ | २०७६८७ | ७७८०२ | ९९७७४ | १७७५७६ | ३०१११ | २०७६८७ | ३७१५०० |
| ८२ | | बुङ्दीकाली गाउंपालिका | ४९९ | ९०६७२ | ९११७१ | २७५८८ | ५२७९६ | ८०३८४ | १०७८७ | ९११७१ | १७१०५६ |
| ८३ | | बुलिङ्टार गाउपालिका | १४०२ | ७६०२२ | ७७४२४ | ३१४९६ | ३०२७९ | ६१७७५ | १५६४९ | ७७४२४ | १३७७९७ |
| ८४ | | बिनयीत्रिवेणी गाउपालि | २५३५ | ५४७७६ | ५७३११ | ० | ४५२४२ | ४५२४२ | १२०६९ | ५७३११ | १०००१८ |
| ८५ | | हुप्सेकोट गाउपालिका | ३५३ | ५४०२१ | ५४३७४ | १४२५५ | २९४६० | ४३७१५ | १०६५९ | ५४३७४ | ९७७३६ |
| | | जम्मा | १२६०२८८ | ९३६६०३४ | १०६२६३२२ | २९५९६१० | ५३१८९४२ | ८२७८५५२ | २३४७७७० | १०६२६३२२ | १७६४४५८६ |

# स्थानीय तह
## प्रदेश नं. ४
## बेरुजु वर्गिकरण

रु. हजारमा

| क.सं. | जिल्ला | स्थानीय तहको नाम | शुरु बेरुजु | प्रतिकियाबाट फछ्यौंट | बाँकि बेरुजु | बाँकि बेरुजु मध्ये | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | असुल गर्नुपर्ने | अनियमित | पेश्की बाँकि |
| १ | | गोरखा नगरपालिका | १७५७२ | | १७५७२ | ७२८ | १६६७२ | १७२ |
| २ | | पालुङटार नगरपालिका | १००३३ | | १००३३ | ११६५ | ७९५४ | ९१४ |
| ३ | | सुलीकोट गाउँपालिका | ११९२ | | ११९२ | १९ | १०३१ | १४२ |
| ४ | | सिरानचोक गाउँपालिका | २१९० | | २१९० | ० | ११४० | १०५० |
| ५ | | अजिरकोट गाउँपालिका | २०८०० | | २०८०० | २ | २०१२३ | ६७५ |
| ६ | गोरखा | आरूघाट गाउँपालिका | १८३२ | | १८३२ | ० | १२४९ | ५८३ |
| ७ | | गण्डकी गाउँपालिका | ३६७२८ | | ३६७२८ | ० | १९१ | ३६५३७ |
| ८ | | चुमनुव्री गाउँपालिका | १०५३ | | १०५३ | ० | १०५३ | ० |
| ९ | | धार्चे गाउँपालिका | २१५६ | | २१५६ | ० | २१२७ | २९ |
| १० | | भिमसेन गाउँपालिका | ५१४६ | | ५१४६ | ० | १५२८ | ३६१८ |
| ११ | | शहिद लखन गाउँपालिका | १६९८ | | १६९८ | ३५४ | ७८६ | ५५८ |
| १२ | | बेशिशहर नगरपालिका | ९४३ | | ९४३ | २७ | ९१६ | ० |
| १३ | | मध्यनेपाल नगरपालिका | २६९६ | | २६९६ | ६ | १३९४ | १२९६ |
| १४ | | राईनास नगरपालिका | ० | | ० | ० | ० | ० |
| १५ | लमजुङ | सुन्दर बजार नगरपालिका | १४४०८ | | १४४०८ | २ | १४४०६ | ० |
| १६ | | क्व्होलासोथार गाउँपालिका | ११ | | ११ | ११ | ० | ० |
| १७ | | दुध पोखरी गाउँपालिका | ३८७५ | | ३८७५ | ५० | २७२८ | १०९७ |
| १८ | | दोर्दी गाउँपालिका | ५९४९ | | ५९४९ | ८५ | ३६६७ | २१९७ |
| १९ | | मर्स्याङदी गाउँपालिका | १७५ | | १७५ | २१ | ० | १५४ |
| २० | | भानु नगरपालिका | २२९२ | | २२९२ | ४८ | ४८६ | १७५८ |
| २१ | | भिमाद नगरपालिका | ८९४ | | ८९४ | ३८ | ६८६ | १७० |
| २२ | | व्यास नगरपालिका | ४४६४९ | | ४४६४९ | १८८१ | २९४५३ | १३३१५ |
| २३ | | शुक्ला गण्डकी नगरपालिका | १५९६९ | १३८१२ | २१५७ | ६८३ | २६२ | १२१२ |
| २४ | तनहुँ | आँबु खैरेनी गाउँपालिका | ४६०९० | | ४६०९० | २६९६७ | १८७५० | ३७३ |
| २५ | | ऋृसिङ्ग गाउँपालिका | ५६८४ | | ५६८४ | ४७ | १२०८ | ४४२९ |
| २६ | | घिरिङ्ग गाउँपालिका | ३१०० | | ३१०० | ३५ | २७०५ | ३६० |
| २७ | | देवघाट गाउँपालिका | २०८५ | | २०८५ | १४ | १९२ | १८७९ |
| २८ | | म्याग्दे गाउँपालिका | १०३५ | १२५ | ९१० | २७ | १३६ | ७४७ |
| २९ | | बन्दिपुर गाउँपालिका | ८३४३ | | ८३४३ | २६६५ | ५६७८ | ० |
| ३० | | गल्याङ नगरपालिका | ६१८६ | १२२ | ६०६४ | ८०९ | ४३६० | ८९५ |
| ३१ | | चापाकोट नगरपालिका | २१२२९ | | २१२२९ | ९९४ | २०२३५ | ० |
| ३२ | | पुतलीबजार नगरपालिका | ३१५६ | | ३१५६ | ९३६ | ६९८ | १५२२ |
| ३३ | | भीरकोट नगरपालिका | २०५१ | ३७ | २०१४ | २ | १५४७ | ४६५ |
| ३४ | | वालिङ नगरपालिका | ११०४० | | ११०४० | १५४ | १०८८६ | ० |
| ३५ | स्याङजा | अर्जुनचौपारी गाउँपालिका | २५२५ | | २५२५ | २३१ | १२३० | १०६४ |
| ३६ | | आँधिखोला गाउँपालिका | ६२९० | | ६२९० | १२०९ | १५८१ | ३५०० |
| ३७ | | कालीगण्डकी गाउँपालिका | ० | | ० | ० | ० | ० |
| ३८ | | फेदीखोला गाउँपालिका | २६६० | | २६६० | २१४४ | १९८ | ३१८ |
| ३९ | | बिरुवा गाउँपालिका | ४८१९ | | ४८१९ | १९९ | ७७९ | ३८४१ |
| ४० | | हरिनास गाउँपालिका | ७०५ | | ७०५ | १५९ | २१२ | ३३४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४१ | कास्की | पोखरा लेखनाथ महानगरपालिका | ३८१३२८ | | ३८१३२८ | २८७९३ | १३३९०१ | २१८६३४ |
| ४२ | | अन्नपूर्ण गाउँपालिका | ७४२ | | ७४२ | ११ | १७८ | ५५३ |
| ४३ | | माछापुछ्रे गाउँपालिका | ३८२० | | ३८२० | ३५१ | १३१५ | २१५४ |
| ४४ | | मादी गाउँपालिका | ९८४ | | ९८४ | १ | ९३३ | ५० |
| ४५ | | रूपा गाउँपालिका | ९९८ | | ९९८ | २० | ९७८ | ० |
| ४६ | मनाङ | चामे गाउँपालिका | ७३ | | ७३ | ५९ | १४ | |
| ४७ | | नारफु गाउँपालिका | १६३ | | १६३ | १४० | २३ | |
| ४८ | | नाशोङ गाउँपालिका | २१६ | २०६ | १० | १० | | |
| ४९ | | नेश्याङ गाउँपालिका | ४३३ | | ४३३ | ३६९ | ६४ | |
| ५० | मुस्ताङ | घरपजोङ गाउंपालिका | ३३३ | | ३३३ | ९ | ३२४ | ० |
| ५१ | | थासाङ.गाउंपालिका | १४०४ | | १४०४ | १० | १३९४ | ० |
| ५२ | | दालोमे गाउंपालिका | ७५ | | ७५ | ९ | ६६ | ० |
| ५३ | | लोमान्थाङ.गाउंपालिका | ३३६ | | ३३६ | ९ | ३२७ | ० |
| ५४ | | बाह्रगाउमुक्तिक्षेत्र गाउंपालिका | ० | | ० | ० | ० | ० |
| ५५ | म्याग्दी | बेनी नगरपालिका | ८०३८ | | ८०३८ | ० | ३०० | ७७३८ |
| ५६ | | अन्नपूर्ण गाउँपालिका | १५५४ | | १५५४ | १७ | ९६२ | ५७५ |
| ५७ | | धवलागिरी गाउँपालिका | ८४ | | ८४ | ९ | २५ | ५० |
| ५८ | | मंगला गाउँपालिका | ४४७ | | ४४७ | १२ | २४९ | १८६ |
| ५९ | | मालिका गाउँपालिका | ९० | | ९० | २५ | १५ | ५० |
| ६० | | रघुगंगा गाउँपालिका | २९१ | | २९१ | १४ | १२७ | १५० |
| | पर्वत | कुश्मा नगरपालिका | ८८५५४ | | ८८५५४ | ११३८५ | ४४१७१ | ३२९९८ |
| ६२ | | फलेवास नगरपालिका | १५६७ | | १५६७ | ४ | ११७६ | ३८७ |
| ६३ | | जलजला गाउँपालिका | ३१६० | | ३१६० | ३५ | १३५० | १७७५ |
| ६४ | | पैयु गाउँपालिका | १६६७ | | १६६७ | २८ | ८७ | १५५२ |
| ६५ | | महाशिला गाउँपालिका | ७०० | | ७०० | २४ | ० | ६७६ |
| ६६ | | मोदि गाउँपालिका | २७९२ | | २७९२ | १ | १७०५ | १०८६ |
| ६७ | | बिहादी गाउँपालिका | ७२९ | ६०८ | १२१ | १ | ० | १२० |
| ६८ | बाग्लुङ | बाग्लुङ नगरपालिका | १४५ | | १४५ | ५ | ३० | ११० |
| ६९ | | गलकोट नगरपालिका | ११३७ | | ११३७ | १२ | ६८३ | ४४२ |
| ७० | | जैमिनि नगरपालिका | २८७२ | | २८७२ | १२ | ९७० | १८९० |
| ७१ | | ढोरपाटन नगरपालिका | ६४०४ | | ६४०४ | २५० | ५७७२ | ३८२ |
| ७२ | | बरेङ. गाउंपालिका | ४६४९ | | ४६४९ | २७ | ० | ४६२२ |
| ७३ | | काठेखोला गाउंपालिका | २४७ | | २४७ | ० | ० | २४७ |
| ७४ | | तमानखोला गाउंपालिका | २४८५ | | २४८५ | ० | ० | २४८५ |
| ७५ | | ताराखोला गाउंपालिका | ५५१ | | ५५१ | ० | ० | ५५१ |
| ७६ | | निसिखोला गाउंपालिका | ५११६ | | ५११६ | ० | ० | ५११६ |
| ७७ | | बडिगाउ गाउंपालिका | १९३७ | | १९३७ | ० | ० | १९३७ |
| ७८ | नवलपरासी | काबासोती नगरपालिका | १९५७९ | | १९५७९ | ० | १५८३९ | ३७४० |
| ७९ | | गैडाकोट नगरपालिका | ८९८ | | ८९८ | १७१ | ३७३ | ३५४ |
| ८० | | देवचुली नगरपालिका | १०८५० | | १०८५० | ३४४ | १२४१ | ९२६५ |
| ८१ | | मध्यविन्दु नगरपालिका | १६०९५ | | १६०९५ | ८४ | १०५२० | ५४९१ |
| ८२ | | बुङ्गदीकाली गाउंपालिका | ५५४७ | | ५५४७ | ० | १७१ | ५३७६ |
| ८३ | | बुलिङटार गाउपालिका | २६४७ | | २६४७ | १७१ | ४२० | २०५६ |
| ८४ | | बिनयीत्रिवेणी गाउपालिका | ४७९ | | ४७९ | ३२ | ४४७ | ० |
| ८५ | | हुप्सेकोट गाउपालिका | ३११५ | | ३११५ | १७ | ४१२ | २६८६ |
| | | **जम्मा** | ९०४५९० | १४९१० | ८८९६८० | ८४१८३ | ४०४८०९ | ४००६८८ |